संग्रह–३

बुद्धकालीन राजपरिवार

[भाग–१]

भिक्षु अमृतानन्द

संग्रह–३

बुद्धकालीन राजपरिवार

[भाग–१]

आचार्य

भिक्षु अमृतानन्द

प्रकाशक :

"आनन्दकुटी विहार गुठी"

आनन्दकुटी, स्वयम्भू,

काठमाडौं, नेपाल।

भा. रु. ८/–　　　ने. रु. १०/–

प्रकाशक :

"आनन्दकुटी विहार गुठी"

आनन्दकुटी, स्वयम्भू,

काठमाडौं, नेपाल।

बुद्धाब्द : २५१५

मुद्रक :

नेपाल प्रेस

काठमाडौं नेपाल।

फोन : ११०३२

प्रथमावृत्ति : १५००

यसमा

समर्पित

श्री ५ वीरेन्द्र वीर विक्रम

शाहदेवका जुनाफमा ।

शुभकामना

"बुद्धकालीन राजपरिवार" को परिचय दिने खालको ऐतिहासिक किताबको खाँचो सबैलाई अनुभव भइरहेको हो । यो इतिहास मात्र न भई भगवान् बुद्ध र समसामयिक राजपरिवार समेतको जानकारी पनि दिन समर्थ हुनेछ । नेपालीमा ऐतिहासिक महापुरुषका पारिवारिक र सामाजिक जीवन सम्बन्धी खोजपूर्ण रचनाको अभावमा यस पुस्तकले पूर्तिको केही मात्रा पूरा गरिदिने छ । बुद्धगत इतिहासका अङ्ग उपाङ्गमाथि यसले विपुल प्रकाश पार्ने छ ।

इतिहास विवादास्पद विषय भनिन्छ । यसमा यथार्थ तथ्यताको निक्र्योल गर्ने विविध प्रकारका लिखित कथा, वर्णन, काव्य, प्राचीन वंशावली जस्ता आदिको खोज गरिनुपर्छ । विद्वज्जनबाट यस्तै विषयमा गवेषण गरिएमा गूढ र रहस्यमय विषयको उपलब्धी अवश्य हुनेछ । यस्तो सुकार्यमा अग्रसर हुनु भएका भिक्षु अमृतानन्द धन्यवादका पात्र हुनुहुन्छ ।

मन्त्री निवास,
फुलचोक ।
२०२९।११।२६।६

ज्ञानेन्द्रबहादुर कार्की
परराष्ट्र तथा शिक्षामन्त्री

प्रकाशकीय

आनन्दकुटी विहारका पूज्य अमृतानन्द महास्थविरद्वारा आनन्दकुटी विहार स्थापना भएदेखि नै बौद्धधर्म प्रचारकोनिम्ति जेजति प्रयास गर्नु भयो र गरिरहनु भएको छ यसको व्याख्यान गरिरहनु पर्ने होइन । यसै शिलशिलामा हाल मानवोपयोगी बुद्धकालीन संग्रह ग्रन्थहरू प्रतिपादन गरी वहाँले अर्को एक चिरस्थायी कीर्ती राख्नु भएको छ ।

यो "बुद्धकालीन राजपरिवार" भाग-१, संग्रह-३ प्रकाशनार्थ नव स्थापित "आनन्दकुटी विहार गुठी" (Trust) लाई सुम्पिदिनु भई ट्रष्टको उद्देश्य पूर्तिगर्न प्रथम अवसर प्रदान गर्नु भएकोमा गुठीका सबै परिवार वहाँ प्रति ऋणीछौं ।

"आनन्दकुटी विहार गुठी (ट्रष्ट) को तरफबाट पूज्य महास्थविरको खोजपूर्ण यस अनुवादित ग्रन्थ प्रकाशित गर्न पाएकोमा हामी कृतार्थछौं र यस ग्रन्थद्वारा नेपाली पाठकवृन्दहरूलाई बुद्धकालमा घटेका ऐतिहासिक कुराहरूमध्ये केही कुराको भए पनि जानकारी प्राप्त हुन सकेमा 'आनन्दकुटी विहार गुठी' परिवारले अहोभाग्य ठान्नेछ । पूज्य अमृतानन्द महास्थविरको अविरल प्रयासद्वारा संकलन हुने अरू ग्रन्थहरू पनि प्रकाशित गरी नेपाली पाठकहरूको सेवागर्न पाउने छौं भन्ने आशा यस गुठीले लिएको छ ।

आनन्दकुटी
काठमाडौं, नेपाल ।
२०।१२।०२९

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
"आनन्दकुटी विहार गुठी"

भूमिका

धार्मिक, सामाजिक, राजनैतिक, विषयवस्तुको साथै आचार संहिता तथा शान्ति सन्देशले भरिपूर्ण मागधि (पालि) वाङ्मयमा अङ्कित त्रिरत्नरूपि मुहानबाट प्रवाहित हुँदै प्रस्तुत अनुदित "बुद्धकालीन राजपरिवार" भाग-१, संग्रह-३ (तीन) को रूप लिएर नेपाली साहित्यको उद्यानलाई रसिलो बनाएको मात्र होइन मलिलो समेत पारिदिएको छ । साथै 'बुद्धको उपदेश र आचरणले केवल बाटो मात्र देखाइदिन्छ—बाटो हिड्ने र लक्षित ठाउँमा पुग्नेकाम पथिकको हो' भन्ने सिद्धान्तमा आधारित सरल, सरस, रोचक तथा प्राय निषेधात्मक क्रिया प्रयोगद्वारा उपदेशात्मक शब्द शैलीमा राजा र प्रजाको सम्बन्ध, कर्तव्य, तत्कालीन अवस्थाको व्यवस्था, समानता, धर्म परिवर्तनका कारण, दु:खको अन्त्य र सुख प्राप्तिका उपायहरू, बुद्ध प्रति अगाध श्रद्धाको प्रदर्शन आदि जस्ता मार्मिक अनुभूतिको ढोका खोली जिज्ञासुहरूलाई भित्र्याउने अभिभारा लिएर आएको यस मोटो ग्रन्थका संकलनकर्ता तथा अनुवादक—अन्तरराष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त, क्रीयाशील, स्वकर्तव्य दृढव्रती, बहुमुखी प्रतिभा सम्पन्न, विशिष्ट विद्वान तथा भाषा-विशेषज्ञ स्कूल तथा कलेजका संस्थापक (आनन्दकुटी विद्यापीठ बौद्ध छात्रावास हाइस्कूल र आनन्द-कुटी विद्यापीठ साइन्सकलेज) आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूको यो तेश्रो उपहार नेपाली साहित्यले मात्र होइन प्रत्येक नेपालीले पाएको

छ । यति मात्र होइन यसभन्दा अघिका 'बुद्धकालीन ब्राह्मण' भाग-१ र 'बुद्धकालीन गृहस्थीहरू' भाग-१ को भूमिकामा मैले आशागरे अनुरूप पूज्य भन्तेका प्रस्तुत संग्रहको 'प्राक्कथन' ले क्रमशः अन्य... संग्रहहरू पनि चाँडै नै पाउने आशालाई वहाँका योजनाले पुरा गरेर देखाइसकेको छ र हामीले पाउने भएकाछौं । वहाँ जस्ता बौद्धिक तथा विवेकगुण सम्पन्न प्रतिभाशालीबाट अरु बौद्ध साहित्य, संस्कृति र कलाले नेपाली साहित्यरूपी मन्दिर निर्माण हुनेछ भन्ने कुरामा आशा राखी यस्ता प्रतिभाको चिरायुको कामना गर्दै—भूमिकाद्वारा प्रस्तुत संग्रहरूपी (ग्रन्थ) विभिन्न विषयका सुवासित फूलहरूमध्ये केही फूलहरूको सुवास लिने चेष्टाको तरखरतिर आफ्नो मन्द बुद्धिलाई लगाएको छु —

प्रस्तुत 'बुद्धकालीन राजपरिवार' नामक संग्रह (ग्रन्थ) ३ मा राजा बिम्बिसार, राजा शुद्धोदन, राजा प्रसेनजित कोशल, राजा महालि-लिच्छवी, महानाम लिच्छवी, ओट्ठद्ध लिच्छवी, राजा उदेन, राजा कौरव्य, राजा दण्डपाणि र राजा माधुरहरूले ७४ सूत्रीय सँगालोको वर्णनबाट देखाएका राजनैतिक, सामाजिक र धार्मिक रङ्गमञ्चबाट कटुसत्य, नैतिक तथा अनैतिकतापूर्ण क्रियाकलाप, राज्यसम्बन्धी सत्तामा तँछाड्मछाड्, धन लोलुपतता, धूर्त्याइँ, घूसखोरी, षड्यन्त्र, सङ्ग्राम, हत्याकाण्ड, जासूसी प्रवृत्ति, भेदनीति, भोगविलासको चरमसीमा, राजनैतिक षड्यन्त्ररूपी वल्छी, स्वार्थ परायणता, युद्ध विभिषिका र तत्कालीन पूर्वापरसम्बन्धमा असन्तुष्टता आदि जस्ता हृदय-ग्राही सामाजिक तथा राजनैतिक चरित्रहरू एकातिर देख्न पाइन्छ भने अर्कोतिर राजाको कर्तव्य; धार्मिक पृष्टभूमिमा सामाजिक क्रान्ति, असन्तुष्टि-

त्ताको अन्त्य, एकताको श्रोत, राजा प्रजामा अन्योन्याश्रय सम्बन्ध, राजनीतिमा नविनीकरण, शाशकहरूको सत्ता प्रति जनताको आस्था, सामाजिक सेवा र कर्तव्य, एकतामा जोड र धर्महृदयी जस्ता कुराहरूको अनुभव पनि गर्न पाइन्छन् । यस्तै महत्वपूर्ण कुराहरूको गणनाको सन्दर्भमा धार्मिक परिवेशरूपी प्राङ्गणमा बसी राजनैतिक, सामाजिक र ऐतिहासिक दृष्टिकोणले हेर्दा इहलौकिक तथा पारलौकिक सुखको मूल मन्त्र नै—'बुद्धं शरणं गच्छामि, धर्मं शरणं गच्छामि, सङ्घं शरणं गच्छामि' हुन आएको छ ।

प्रस्तुत संग्रहले राजनैतिक गहिराइतिर भन्दा धार्मिक र सामाजिक विवेचनातिर विशेष पाइला सारेको छ । यसको मतलव राजनीतिको चर्चै न भएको होइन, हो, राजनैतिक विभिन्न विधाको अध्ययन गर्न पाए पनि अन्य विषयका वर्णनको सन्दर्भमा आएका फाट्फुट घतलाग्दा तथा चुड्किला कुराहरू मात्र । हुन त गणराज्यको स्थापनाका प्रवर्तक (लिच्छवी आदि) राजाहरूको चरित्रमा राजनीतिको सम्बन्धै न भएको होइन, राजनैतिक विभिन्न विधाले सजिएको छ; तै पनि बढी प्रश्रय धार्मिक तथा सामाजिक मूल्याङ्कनले नै पाएको छ ।

नवोदित मानवसमाजको इतिहासलाई आधार मानेर हेर्दा पनि— 'मानव संस्कृति र सभ्यताले नै राजनैतिक व्यवस्थालाई परिपोषण गरेको छ न कि राजनैतिक व्यवस्थाले मात्र । यात केवल सहायक मात्र हो ।' जसरी यस कुरातिर सबैले कल्पना गर्दछन् त्यसरी नै प्रस्तुत ग्रन्थले संगालेको धार्मिकतापूर्ण उपदेशहरूको अनुशीलन तथा ज्ञानगर्न संस्कृति

र सभ्यताको केन्द्रविन्दुरूपी इतिहासको प्रारम्भमा पुग्नु पर्दछ ।

छोटकरीमा यसको अध्ययन गर्न थाल्दा निग्रो, औष्ट्रिक, द्राविड र आर्य तथा मंगोलको मिलन र संमिश्रणबाट पैदाभएको महान जाति नै आर्य हो भन्ने टुङ्गोमा पुगिन्छ । यही सभ्यतालाई हिन्दु या आर्य भनिएको हो । यसमा पनि मौलिक भिन्नता पाइन्छ । किन भने पहिले भारतमा प्रवेश गर्ने आर्यहरूको दल पूर्वी भारत (विहार) तिर प्रवेश गर्दै मगधमा पुग्यो र त्यहाँ यिनीहरूले व्रात्य सभ्यताको जन्म दिए । वेद रचना गर्ने बहुसंख्यक आर्यहरूलाई नार्डि भनिन्छ । यिनीहरू पश्चिम भारतमै बसे । त्यसैले यो दुवैको सभ्यतामा फरक परेकोले परस्परमा मेल भएन । यसको फलस्वरूप दुवैमा मतभेद भएको देखिए पनि कालान्तरमा एउटै बाटोका पथिक भएका देखिन्छन् ।

हुन त 'हिन्दु' शब्द संस्कृतमा र पालिमा पाइँदैन । तथापि यसको उल्लेख अवेस्तार डरियस (५२२-४८६ ई. पू.) को शिला लेखमा पाइएको छ । त्यसैले आर्यहरूको पर्यायवाची 'हिन्दु' शब्द पछिबाट मात्र थपेको अनुमान विभिन्न ग्रन्थहरूको आधारमा गर्न सकिन्छ ।

आर्य धर्ममा धेरै महापुरुषहरू पैदा भएका छन् । यसैको उपजमध्ये कान्छा महापुरुष आदित्य गोत्री गौतम बुद्ध नै हुन् भन्ने कुरालाई बुद्धकालीन परिशोधित सभ्यता, संस्कृति आदिले पुष्टि गरिदिएको छ । यसबाट के प्रष्ट हुन्छ भने—ईसाले ईशायिन् र मुहम्मदले जसरी इस्लाम धर्मको जन्म दिए त्यसरी नै गौतम बुद्धले बुद्ध धर्मको जन्म दिएका हुन् ।

'लहरो तान्दा पहरो गर्जिन्छ' भने जस्तै—'मा हिंस्यात् सर्वभूतानि र सर्वं मेधे सर्वं हत्यात्' भनेर भन्ने वेदको परस्पर विरोधी सिद्धान्तले गर्दा नै मानिसहरूको विचार धारामा (त्यसै समयमा) भिन्नता आइसकेको थियो। यस पछि विश्वका अन्य भागहरूमा पनि अशान्ति र विचारमा द्वन्दता सुरुभइसकेका कुरा—चिनका लाओत्जे र कनफ्युसियस, युनानका पैथोगोरस र इरानका जरथ्रुस्त जस्ता महान चिन्तकहरूको उदाहरणले पनि बुझ्ने कलामा निकै मद्दत गरेको छ।

यसबाट के अनुमान हुन्छ भने—केवल बुद्धले मात्र वेदविहित कर्म काण्ड जस्ता पशुहिंसा आदि गरिने यज्ञको विरोध गरेका होइनन्—वैदिक कालमै पनि विभिन्न विचारले परिपोषित समाजमा शान्ति न भएकोले वेदको केही मौलिक उद्देश्यमा संशोधन गर्न तम्साउने नै पहिलो ग्रन्थ उपनिषद् हो। त्यस पछि महाभारत काल आए र गीताले उपनिषद्को समर्थन मात्र गरेन, प्रचार समेत गर्‍यो। त्यस्तै जैन धर्मले पनि। समय अनुसार अज वास्तविकता र विनोद प्रिय तरिकाले व्यावहारिक ज्ञान दिलाउने दूरदर्शी महापुरुष गौतम बुद्ध यसैको हाराहारीमै प्रादुर्भाव भएका हुन्। यसरी परिवर्तन ल्याउन मद्दत गर्ने साधनहरू मध्ये सर्वश्रेष्ठ साधन तथा पृष्टभूमि नै संस्कृति र सभ्यताको छ भन्ने कुरालाई प्रस्तुत ग्रन्थमा वर्णित राजपरिवारहरूका चरित्र, यथार्थ विचार, निष्पक्षता, सहिष्णुता, दान परायणता, पूर्वापर सम्बन्धमा समन्वयवादिता तथा धर्म परिवर्तनतिर स्वतन्त्रता आदिले पनि अवबोध तथा पुनरावलोकन गर्न प्रशस्त मद्दत न गरेका होइनन्। तै पनि संस्कृति र सभ्यता नै मनुष्य

चरित्रको खास चरित्र चित्रण र सम्पत्ति समेत भएकोले बुद्धकालीन संस्कृति र सभ्यताको विश्लेषणमा यसको सिंहावलोकनबाट धेरै सहायता हुने छ ।

जुन जाति वा देश लिनमात्र जान्दछ दिन जान्दैन भने कुनै न कुनै दिन त्यस्ताको संस्कृति गुम्नेछ र परापेक्षीभइ बस्नु पर्ने छ भन्ने कुरा विश्व संस्कृति र सभ्यताले इङ्गित गरेकै छ । बरु परस्परको आदान प्रदानले संस्कृतिको श्रोत घटने होइन अझ बढी स्वच्छ हुन्छ । जसले 'मेरो गोरुको बाह्रै टक्का' भन्ने एकोहोरोपन लिन्छ त्यसले बरु आफ्नो संस्कृतिरूपी डुंगालाई सही बाटोतिर लैजान सक्तैन । यसैले त होनि कुनै एक भाषामा कुनै विशिष्ट धर्म या कलाले जन्मलियो भने मानिसहरू त्यसको नजिकको वा त्यससँग सम्बन्ध भएको भाषामा तुरुन्तै नवीन विचारको खोजी गर्न थाल्दछन्, अनि क्रमश: प्रतिद्वन्दितामा जागरुक हुन्छन् । जस्तै सुकरात, प्लेटो र (यूनानी) एक भाषामा जन्मे भने चौसर, शेली र क्रिट्स अर्कै (अंग्रजी) भाषामा । त्यस्तै एक ठाउँमा ईसामसिहको जन्म भयो भने अर्को ठाउँमा बुद्धको । भारतवर्षमा मुसलमानहरूको प्रवेश न भएको भए त्यहाँ कवीरको जन्मै हुने थिएन, न त मुसलमानी कलाले नै यहाँसम्म चिहाउने साहस गर्न सक्तथ्यो । यदि यूरोपिय देशहरूसँग नेपाल जस्ता देशहरूको सम्बन्ध न भएको भए यहाँको धार्मिक, राजनैतिक, कला, दर्शन, सभ्यता तथा अन्य विचार धाराहरूमा वैज्ञानिक छाप पार्न आवश्यकताभन्दा बढी समय पर्खनुपर्दथ्यो । भनाइको तात्पर्य यो हो कि जब दुइ देश, जाति अथवा सम्प्रदाय मिल्छन् तब उनीहरूको सम्पर्क या संघर्षबाट नयाँ विचारधारा पैदा हुन्छ, यसैको

प्रभाव दुवैलाई पर्दछ । यसको ज्वलन्त प्रमाण प्रस्तुत ग्रन्थ नै छ । यसरी गरेको आदान प्रदानको क्रियाकलापमा नै संस्कृति र सभ्यताको प्राण अडेको हुन्छ र यसैको सहायताबाट नै आफूलाई जीवित तुल्याउन सक्त-छन् । जस्तै हाम्रो वैदिक सभ्यता र संस्कृतिमा भएका धर्मको नाउँमा हिंसा, स्वार्थपरायणता र पदलोलुपता जस्ता प्रथाहरूलाई संशोधन गर्दै पूर्वी भारतमै सृष्टि भएको उपनिषद्, त्यस पछिको बुद्धकालीन पालि साहित्यको माध्यमबाट संसारको अगाडि आफ्नो अस्तित्व मात्र राख्ने होइन अन्य देशहरूलाई समेत हाम्रो सभ्यता र संस्कृतिको पाठ पढाउन हामी सक्षम भएकाछौं । जस्तै 'धर्मको आचरण शुद्धरूपले गर्नु पर्छ, अशुद्ध रूपले होइन' भन्ने कुरा स्वयं बुद्धले आफ्नो जन्मदाता शुद्धोदनलाई भनेका मात्र होइनन्—परंपरागत संस्कृतिमा अडेको धर्मलाई संशोधन गर्दै सभ्यता र संस्कृतिमै नयाँ मोड ल्याई तत्कालीन समाजलाई स्वतन्त्र चिन्तनको बाटोबाट हिडने बाटो मात्र देखाइ दिएका होइनन् — डोऱ्याएर आफ्नो अनुगामी बनाएका छन् । जसलाई कसैले पनि अतिशयोक्तिपूर्ण नजरले हेर्न सकेनन्, बरु सहानुभूति र श्रद्धाको दृष्टिकोणले हेरेको र समर्थन गरेको मात्र होइन अनुशरण समेत गरेको पाइन्छ । जुन कुराको छाप प्रस्तुत राजपरिवारहरूद्वारा पर्न आएको छ ।

तत्कालीन सभ्यता र संस्कृतिको दृष्टिकोणले हेर्दा बुद्धले जुन प्रकारको धर्मको शीलान्यास गरे त्यसले संस्कृति र सभ्यताको श्रृङ्खला-लाई चुडालेनन् बरु विशेष चहक दिएकाछन् भन्ने कुरालाई अन्यतैर्थीय परिव्राजकहरूले गरेको धार्मिक आचरणको सम्बन्धमा बुद्धसँग निवेदन गर्ने राजा बिम्बिसारलाई दिएका उपदेश तथा राजा कोशलले गर्न

लागेको जस्तो यज्ञको विरोधले पनि पुष्टिगर्दछ ।

हुन त सभ्यता र संस्कृतिको बारेमा—'सभ्यता त्यो वस्तु हो जुन हामीसँगै रहन्छ, संस्कृति त्यस्तो गुण हो जुन हामीमा व्यापकरूपले रहेको हुन्छ' भनेर अग्रेजी विद्वानहरू भन्दछन् । त्यस्तै यहाँ पनि धेरै शताब्दिसम्मको रहन सहन, खान पान, शोच विचार, राजकाज र धार्मिक प्रवृत्ति आदि नै संस्कृतिका मूल श्रोत हुन आउँछन् र यिनीहरूलाई हाम्रो जीवनबाट अलग्याउन न सकिने हुनाले नै 'जसको जस्तो संस्कार छ उसको पूर्वजन्म पनि त्यस्तै हुन्छ' भन्ने कुरालाई पनि यस ग्रन्थले पुष्टचाइ गरेको छ र देखाइ दिएको पनि छ कि—संस्कार र संस्कृति वास्तविक शरीर होइन संस्कार गुण हो भने सभ्यता हाम्रो शरीरसँगै विसर्जन हुने वस्तु हो ।

यसरी हेर्दा सभ्यता र संस्कृतिको आलोकले हामीलाई के देखाउँदछ भने—कहिलेदेखि को सभ्य भयो भन्ने विषयमा विभिन्न मत मतान्तरहरू न पाइने होइनन् तै पनि द्रावीडलाई परास्त गर्ने आर्यहरूले उनीउरूकै सभ्यता र संस्कृतिको आडमा प्रगति गर्दै आएका हुन् भन्ने कुरा अधिकांश रूपमा सत्य ठहर्दछ । जसरी रोमनले यूनानमा हमला गर्दा यूनान परास्तभए पनि त्यहाँको सभ्यताको पाठ रोमले यूनानबाटै सिक्न पर्‍यो त्यस्तै बुद्धकालीन सभ्यता र संस्कृति पनि आर्यहरूले अपनाउँदै आएको सभ्यता र संस्कृतिको संशोधित उज्ज्वल रूप हो भन्ने कुरालाई वैशाली नगरको भव्यता र सभ्यता, लिच्छवी गणतन्त्रको न्याय प्रियता आदिले दर्शाएकै छन् । तै पनि यसमा धार्मिक बार खडा गरेर अलग्याउन खोज्नु केवल जमिनमा लगाएको साँधद्वारा जमिन नै छुट्टि-

एको छ भन्ने बाहिरी धारणा गर्नु जस्तै मात्र हो। यी सबै कुराको पुष्टचाइमा प्रस्तुत ग्रन्थका सबै चरित्रहरूको आवश्यकता छैन कुनै पनि एउटै चरित्रलाई आधारमानी सूक्ष्म दृष्टिले हेर्दा देखन पाइन्छ।

यति मात्र होइन धार्मिक समन्वयको अध्ययन गर्दा पनि प्रस्तुत संग्रहले कुनै धर्ममा आक्षेप गरेको छैन, छ भने केवल धार्मिक व्यवहारमा मात्र। हो, ऋग्वेदले वर्णन गरेको कुरालाई जसरी समाजले अपनाएको थियो त्यस्तै बुद्धले दिएका उपदेशहरूले तत्कालीन परम्परामा भिन्नता देखाए जस्तो अनुभव भएता पनि आजको दृष्टिकोणले हेर्दा संस्कृति र सभ्यतालाई उल्टै परिपोषण गरेको देखिन्छ, न कि मौलिक भिन्नता।

बुद्ध पूर्ववर्ती समाजमा स्वर्गको चिन्तावाहेक अरू केही थिएन र जीवनलाई—केवल सुख र आनन्दको साधन मान्दथे भन्ने कुरामा अनुमान गर्नु पर्ने आवश्यकता छैन, प्रस्तुत संग्रहका कुनै पनि राजाको चारित्रिक विशेषता नै प्रत्यक्ष प्रमाणका दौंतरी हुन आएका छन् साथै ई. पू. छैटौं शताब्दीसम्मको बौद्धिक बेचैनी, मानसिक हलचल आदि कुराले सबैको मस्तिष्कलाई मथेलि रहेको थियो। यसै समयको बुद्धको प्रादुर्भावले मानस सरोवरमा—सृष्टि के हो ? जीवन सान्त या अनन्त, जन्म भन्दा पहिले के थियो ? मृत्यु पछि के हुन्छ ? मृत्युसँगै जीवन समाप्त हुन्छ अथवा मृत्यु पछि स्वर्ग मिलछ ? आदि जस्ता अकाटचरूपले खेलिरहेका विचारहरूलाई हुर्डलिदिई चिन्तन शक्तिको क्रमलाई फराकिलो पारिदिए र निर्वाणको बाटो देखाइ दिए। निर्वाणको परिभाषा गर्दा मृत्यु या विनाशको अवस्थालाई मात्र 'निर्वाण' मानिएको होइन। जसरी 'मोक्ष' को

निमित्त वर्णित भएको पाइन्छ। निर्वाण त्यो अवस्था हो जुन नैतिक आचरणको पूर्णताबाट मात्र प्राप्त हुन्छ। एकातिर निर्वाणलाई पवित्र जीवनको साधनाको परिणाम मानिएको छ भने अर्कोतिर वासनाहरूको छुटकाराको मुख्य मापदण्ड। पुन निर्वाणलाई त्यस्तो उज्ज्वल शान्ति मानिएको छ जो कहिल्यै पनि भङ्ग हुँदैन—यसैलाई लिएर हेर्दा प्रस्तुत ग्रन्थका उपदेशहरू यसैकोनिमित्त विशेष सक्रीय भएका देखिन्छन्।

यस सम्बन्धमा वेद भन्दा पनि बढी विवेचन गर्ने उपनिषद्ले आत्मा, परमात्मा, पुनर्जन्म र कर्म-फलवादको व्याख्या विस्तृत रूपले गरेको छ र वैराग्य तथा संन्यासी रूपीभावनाको धारा खोलि दिएको छ। त्यसैमा स्नान गर्ने स्नातकहरू नै सर्वप्रथम गृहस्था श्रम छाडी अस-मयमै वैरागी तथा सन्यासी भएर निस्कन थालेका हुन्। जुन कुराको मूर्त भावनाको मुहानको श्रोत गौतम बुद्धका उपदेशहरू हुन आएका छन् भन्ने कुरा राजा कौरव्य शीर्षक अन्तरगतको राष्ट्रपाल बाटै पनि संकेत भएकै छ। यो सन्यासको भावनाको प्रादुर्भाव व्यक्तिगत स्वार्थकोनिमित्त मात्र न भई सबैको कल्याण मार्ग प्रदर्शन गर्ने कार्यमा ठूलो साधक भएको छ। जुन कुरा बौद्ध धर्मरूपी वृक्षमा आएर फुलेफलेको छ। यहीं विभिन्न दर्शनको तुलनामा बुद्ध दर्शनको छोटकरी परिभाषा गर्दा—विचार गरेर मात्र होइन देखेरै लिएको विधालाई दर्शन हो भन्ने कुराको संकेत मिल्दछ। त्यस्तै ज्ञान प्राप्तिमा केवल तपस्या मात्र परिपूर्ण छैन बरु यसलाई प्राप्त गर्ने विभिन्न साधनहरू मध्ये सर्वश्रेष्ठ साधन हो प्रत्यक्ष ज्ञान, यसकोनिमित्त न प्रमाणको आवश्यकता रहन्छ, न त तर्कको। यसबाट जस्तोसुकै अनुभूति पनि प्राप्त गर्न सकिन्छ, यसको वास्तविक-

तालाई सबै इन्द्रियहरूले ग्रहण गर्न सक्तछन् । अर्थात् दर्शनको वास्तविक सत्यताको खोजी प्रत्यक्ष ज्ञान बाटै गर्न सकिन्छ, न कि कोरा कल्पनाले मात्र । हुन त प्रयोग र बौद्धिक छानविन विना कुनै पनि कुरालाई न स्वीकार्ने पश्चिमी दार्शनिकहरूले उक्त विचारलाई उति प्रश्रय न दिई वैज्ञानिकतालाई नै विशेष प्रश्रय दिन्छन् । तर बौद्ध दर्शनले भने प्रत्यक्ष ज्ञानलाई प्रमुखता दिएको देखिन्छ र बुद्धले दिएका विभिन्न उपदेशहरूको सारमा पनि - सभ्यताको बाहिरी उपकरणहरू बढाउनुको साटो 'आफ्नो आत्म शुद्ध गर, ज्ञान चक्षुले हेर, एकान्त समाधिको सेवन गर' आदि नै पाइन्छन् र यिनीहरू नै प्रत्यक्ष ज्ञानमा पुग्ने मार्ग हुन् भन्ने कुरामा प्रस्तुत संग्रहले समाजलाई विश्वस्त पारेको देखिन्छ । यसैको सेरोफेरो बाटै प्रादुर्भाव भएका महापुरुष गौतम बुद्धका प्रस्तुत संग्रह भित्रका 'कामविषयमा मेरोमन लाग्दैन बरु तपश्चर्यामा लाग्छ' भनी बिम्बिसार राजालाई भेट्दा दिएका उपदेश जस्ताले पनि न जनाएका होइनन् । पुनः (प्रस्तुत संग्रहको अध्ययन गर्दा) खास उद्देश्य दर्शनको रचना गर्ने न भई पृथ्वीदेखि स्वर्गसम्मको अएस आरामको कल्पनामा मस्त भई पशुहिंसा र यसलाई परमधर्म मान्ने, भोगविलासमा नै जीवनको सफलता ठान्ने, लोभ, द्वेष र मोहलाई कर्तव्य संठने, धनकोनिमित्त दाउपेच लगाउने, तत्कालीन समाजलाई धर्मको सूक्ष्म तत्वतिर लैजानु हो ।

जीवनको सच्चा सुख, भोग विलासमा होइन बरु त्यागमा छ भन्ने जुन आदर्शवाद यहां खडा भएको छ—त्यसको दृष्टान्तको लागि सान्सारिक भोग विलास आदिमा लट्ठिई स्वार्थलोलुपताले गर्दा राज्य तथा धन

सम्पत्तिकोनिमित्त लुछाचुडी गर्ने समाजमा हुर्केका अन्य वर्णित राजा तथा प्रजाहरू र बाबुले छोरो वा छोरोले बावु न भनी षड्यन्त्रमा रतहुने राजकुमार आजातशत्रु जस्ताको विचारमा परिवर्तन र अभय राज-कुमार, शीलव जस्ता राजकुमारहरू पनि बुद्धकै उपदेशले गर्दा राज्य, गृहस्थाश्रम सुखभोग आदि त्याग गरी गृहस्थाश्रम छोडेर असमयमैं सन्यास ग्रहणगर्न थालेका कुराको चर्चाको प्रतिनिधित्व गर्ने प्रस्तुत संग्रह नै पर्याप्त छ, अन्यत्र-छानविन गरिरहनु पर्दैन। अझ गौरगरेर हेर्दा बुद्धको प्रादुर्भाव नै बौद्धिक विकासकोनिमित्त भएको हो भन्ने कुराको संकेत पनि मिल्दछ। जुन कुरालाई समयोचित चेतनाको कमीले गर्दा निर्दयी वासनाजन्य कुरामा व्यस्तरहने लिच्छवी राजकुमारहरूको बौद्धिक परिवर्तनले पनि सघाउ पुऱ्याएको छ।

बुद्धलाई नास्तिक भन्नु केवल द्वेषको रूपमा मात्र हेर्नु हो, न कि मित्रताको भावनाले। जसरी सांख्य र पूर्वमिमांसा दर्शनले शृष्टिको निमित्त आवश्यकता सम्झेनन् त्यसरी नै बुद्धले ईश्वरको अस्तित्व सम्बन्धी विषयमा कतै कुनै खास मत प्रकट गरेको देखिदैंन, न त त्यस सम्बन्धको उत्तरमा कुनै उत्सुकता नै। यसले गर्दा बुद्धको विचारलाई न त ईश्वर मान्ने पक्षमा सामेल गराउन सकिन्छ, न त अन्यथा नै।

बुद्धको प्रादुर्भाव केवल घटना होइन, समय र परिस्थितिको प्रतीक हो। किन कि मनोवैज्ञानिक दृष्टिकोणले मानिसहरूलाई वास्त-विकताको बाटो देखाइदिने प्रथम पुरुष बुद्ध नै हुन आएका छन्। अन्यथा काशी, कोशल, विदेह र मगधका आर्यहरू र कुरु, पंचालका

आर्यहरूको झगडाले भिन्नैरूप लिने थियो र परस्परको खिचातानी र घमासानले गर्दा – शताब्दीदेखि सुरक्षित हुँदै आएको राजनैतिक, सामाजिक तथा व्यावहारिक परिपाटीको नामनिशानै रहन सक्तैनथ्यो भन्ने कुरा तत्कालीन सभ्यताको आधारमा परिपुष्टि गर्न सकिन्छ। जसलाई बुद्धले बुद्धिमानीपूर्वक धार्मिक, सामाजिक र राजनैतिक अध्ययनको साथै शान्तिपूर्ण तरिकाले मनोवैज्ञानिकताको आधारमा संशोधन गरी सबैलाई आफूले देखाएको सुख र शान्तिको बाटोमा सरीक हुन प्रेरणा दिनसके। यो नै त्यस शताब्दीको महत्वपूर्ण परिवर्तन हो। जसलाई राजा कौरव्यको चरित्र चित्रणले पनि केही विचार गर्नकोनिमित्त मद्दत गरेको छ।

हुन त मानिसहरूको मनोवृत्तिलाई ठीक ठाउँमा राख्नकोनिमित्त चतुरार्यसत्य र त्यस अन्तरगतको अष्टाङ्गिकमार्गको सिद्धान्त स्थापना भएको हो। यो सिद्धान्तलाई केवल विश्वास न गरी प्रत्यक्षीकरण गरेर मात्र अनुमोदन गर्नु पर्दछ भन्ने कुरालाई बुद्धका उपदेशहरूले एकदम पुष्टिगरि दिएको छ। जस्तै "राम्ररी चिन्तन गरी उपदेशहरूमा विश्वास गर, प्रत्येक उपदेशलाई यसै जीवनमा सार्थक पार, पवित्र जीवन विताऊ, नियमितरूपबाट ध्यान र समाधिको भावितागर" आदिद्वारा पनि समर्थन भएको छ। हुन पनि बुद्धले अव्यावहारिक उपदेश दिएको कुरा प्रस्तुत ग्रन्थमा कतै पनि देखिदैन, न त दुर्बोध्य नै। यसैले यस धर्मलाई व्यावहारिक धर्मको रूपमा सबै राजाहरूले अनुमोदन गरेका हुन्। न त यस धर्ममा वर्ग तथा वर्णभेदको वार खडा गरेको देखिन्छ न अन्य पक्षपात नै। त्यसैले नै – भोगविलास, लालसा, षड्यन्त्र, तेरो मेरो भन्ने भावनाले अनुप्राणित विभिन्न राजाहरू मध्ये सर्वप्रथम आश्चर्यलिने १८

कोटी जनसंख्याका अधिपति मगधराजा बिम्बिसार र कोशल आदि अन्य राजपरिवारले पनि समर्थन मात्र गरेका होइनन् सपरिवार बुद्धको शरणमा पनि गएका छन् ।

यसबाट सही कुरो के पाइन्छ भने —प्रस्तुत संग्रह राजनीतितिर भन्दा पनि परम्परावादी धर्मलाई संशोधन गरी समाजको हित र भलो चिताउनेतिर उन्मुख भएको देखिन्छ ।

प्रस्तुत सग्रहको उद्देश्य दुइपक्षमा विभाजित भएको छ—दर्शनपक्ष र आचारपक्ष। यहाँ दर्शनपक्षलाई भन्दा आचारपक्षतिर विशेष जोड दिइएको छ । यही कुराको सार प्रस्तुत ग्रन्थले देखाइ दिएको छ । त्यस्तै कर्म (काम) र ज्ञानमध्ये कर्मलाई प्रमुख स्थान दिइएको छ र अनुमान प्रमाणको आधारमा समाजलाई न अलमल्याई प्रत्यक्षप्रमाण (बुद्धिद्वारा) रूपी मूल सडकमा पुग्न सक्ने धर्म तथा उपदेशको चश्मा लगाइ दिएको छ । यिनै कुराहरूको फोटो यस संग्रहले खिचिदिएको छ। यसको साथ साथै प्रस्तुत संग्रहको सारत्वको खोजिगर्दा —दया र मैत्रीका आगार, सङ्कल्पका पक्का विचारमा अडिग, बोलि व्यवहार तथा आचरणमा कोमल र विनम्र, वादविवादमा धीर, सहनशील, तथा उदार जस्ता गुणहरूले गौतम बुद्धलाई सुभूषित पारेको देखिन्छ। पुनः लाओत्से तथा ईसामसीह जस्तै अपकारको बदला उपकार, घृणाको बदला प्रेमको उपदेश दिने बुद्धले —"कुनै पनि व्यक्ति अज्ञानतावश मेरो निन्दा गर्दछ भने म उसलाई प्रेम गर्दछु, उ जति मेरो कुभलाइकोनिमित्त अग्रसर हुन्छ त्यतिनै उसको भलाइकोनिमित्त प्रयत्न गर्दछु" यसबाट के प्रत्येक्ष हुन्छ भने - संसारका दुराग्रह नगर्ने महात्माहरू

मध्ये गौतम बुद्धलाई नै प्रमुख स्थानमा राख्न सकिन्छ र आफ्नो व्यक्तित्वको आधारमा धर्मप्रचार गर्ने कुरालाई निरर्थक मान्नेमा पनि । विनोदप्रियताको आधारमा पनि अरू महापुरुषहरूभन्दा माथि नै राख्न सकिने कुरालाई प्रस्तुत संग्रह भित्रको कथनोपकथनले पुष्ट्याइ गरेको छ । त्यसैले बुद्धलाई व्यावहारिक पहिलो गुरु मान्न सकिन्छ–किन भने–बुद्धिगम्य तथा जीवनोपयोगी न हुने कुराको फेरमा लागेको उनलाई देखिदैन । यसैलाई अर्को शब्दमा भन्ने हो भने — 'जुन शब्दमा आउँदैन उसको चर्चा छोड, जुन बुद्धिले ग्रहण गर्न सक्तैन त्यसमा लाग्नु व्यर्थ हो' भन्ने बुझिन्छ—यो नै बुद्धको दृष्टिकोणको सार हो । यसैमा बौद्ध संस्कृति, परम्परा, दर्शन, साहित्य, राजनीतिको महल खडा भएको छ । जसको झ्यालबाट चिहाउँदा धर्मका यस्ता व्यावहारिक नेता मानिसहरूले सौभाग्यले मात्र पाउन सक्छन् भन्ने कुराको प्रतिध्वनित भएको सुनिन्छ । यही कुरालाई परिक्रमा गर्दै प्रस्तुत ग्रन्थ नेपाली साहित्यको माध्यमद्वारा हाम्रो अगाडि चिनिन आएको छ ।

× × ×

प्रस्तुत संग्रह भित्रका सम्बन्धित दश राजाहरूको परिचयले नै शरल तथा रोचक शैलीमा खोजपूर्ण तरिकाले भूमिकाको काम दिइसकेको छ र उक्त परिचय, शीर्षक, उपशीर्षक, पादटिप्पणी, गाथासूची, शब्दसूची आदिले समेत विभूषित भएकोले पाठकको दुवै हातमा लड्डू मिले जस्तै अनुभव भएको छ । परिचयले मात्र पनि सम्बन्धित राजाहरूको परिचय राम्ररी गर्न पाइन्छ जुन कुरालाई मूल सूत्रले पनि न

देखाएको त होइन तर यसले विशेष प्रष्टगरि दिएको छ । त्यति मात्र होइन मोटो आकार लिएर आएको यो संग्रहलाई सरलीकृत पार्न तत्कालीन पालि (मागधि) वाङ्मयको उद्देश्यै भित्र वसी अनुवादकज्यूले आफ्नो मौलिकपन राम्ररी देखाइदिनु भएको छ । जसले गर्दा पाठकहरू तथा समालोचकहरूलाई पालि शब्द हो कि, संस्कृत शब्द हो भन्ने दोधारमा रहन परेन न त शुद्ध हो या अशुद्ध भन्ने तर्कनाको लहरमा लहरिनु पर्ने आवश्यकता । हो, अनुवादन कला सजिलो कला होइन यो त हो, फलामे च्युरा जस्तै । किन भने–प्रत्येक क्षण अर्काको भाषा, विचार तथा भावाभिव्यक्तिसँगै रेस छोडनु पर्दछ, न कि आधुनिक सरल र सरस शैलीमा । गहिरिएर विचार गर्दा आधुनिक नेपाली व्याकरण निर्देशित मार्गलाई मात्र आधुनिकताको चश्मालेहेरी केवल बोधगम्य तथा सरसताको मात्र बाटो हेर्ने हो भने–तत्कालीन भाषा, तथा भावाभिव्यक्तिको शैलीरूपी वृक्षको फेददेखे टुप्पो देखिदैंन, टुप्पोदेखे फेद देखिदैन । यही कुराको दृष्टिकोणलाई प्रश्रय दिई अनुवाद गरेको कुरा संग्रहको अध्ययनबाट परिलक्षित हुन्छ, न कि अज्ञानता वस । त्यसैले पाठकहरूले पढिदिंदा आधुनिकयुगको साहित्यको वैज्ञानिक उपकरण सज्जित महलमा बसेर होइन ई. पू. छैटौं शताब्दीतिरकै छाप्रोमा बसेर तत्कालीन भाषा-शैलीलाई विचार गर्ने आइग्लास राखेर पढिदिएमा अझ बढी रसास्वादन हुन्छ । यसबाट तत्कालीन समयको भाषा, विषय प्रस्तुतीकरणको तरिका, समाजको बौद्धिक मूल्याङ्कन तथा मनोवैज्ञानिकता आदि उपदेशात्मक कलाको अनुभूति गर्न पाइन्छ ।– आधुनिक दृष्टिले विषय वस्तुको अवबोध गर्न चाहनेलाई पनि–कथानक शैलीमा दिइएको परिचयले प्रशस्त मद्दत गरेको

छ र मौलिकपनको चिनारी पनि । उक्त परिचयमा कतै कतै आधुनिक व्याकरण अनुरूप–भाषा पछ्याउनथाल्दा पालिद्वारा भावाभिव्यक्ति गर्ने तत्कालीन भाषाको उद्देश्यमा आघात पर्ने र तत्कालीन उद्देश्यको मात्र पछि लाग्दा पनि आधुनिक नेपाली भाषाको व्याकरणमा आघात पर्ने अनुभव हुन आउँछ । यसमा कतै कतै अनुवादकज्यू अन्योलमा पर्नु भएको छ । माथि भनेझैं अनभिज्ञ भएर होइन विज्ञभएर नै त्यस बेलाको विषय वस्तु प्रस्तुत गर्ने भाषा शैलीकोरूप चिनाउन, अनि बुद्धको व्यक्तित्व र उनको शान्ति सन्देश ।

वटुकृष्ण 'भूषण' एम. ए.

२८।११।२०२९

Preface

Inspired by the idea of making available Buddhist history, literature and philosophy in Nepali language, I began to study the original Pali works on 12. 9. 1971.

The thoughts we entertain are too many to be counted. Our sophisticated dreams are innumerable, and it is not always that our dreams are materialized. Creative thoughts come very slowly, and it is with much patience, determination and insight that the fruits of these thoughts are culled.

"How many volumes will this compilation take, and under what titles ? When will your work be completed ?" are some of the questions well-wishers asked me. It was not possible for me to give them answers to satisfy their curiosity as the work I have undertaken is great in quantity.

The notes I have made from my Pali studies cover over 3,000 pages. If I am spared, if I could continue my work unimpaired and unhindered by the infiuence of adva-

ncing age, and if I could find publishers, it will be possible for me to produce, with hard work, seven volumes in five years. Namely : (1) Buddhakalina Brahmins; (2) Buddhakalina Grihasthiharu; (3) Buddhakalina Rajaparivara (These three are already printed and now available); (4) Buddhakalina Mahilaharu; (5) Buddhakalina Paribrajakas; (6) Buddhakalina Sravaka Carita and (7) Buddhakalina Sravika Carita.

If I could see the light of these volumes I have in mind, I hope to bring about more books on Buddhist thoughts. What they are, one cannot say right now.

The present volume gives an account of ten rulers of India during Buddha Gautama's time. Accounts and narratives of these rulers are scattered in Pali literature. They are not to be found in one particular book, besides Pali books are not meant for depicting reports of rulers. However, with much difficulty, I was able to collect from Pali sources accounts of these rulers, and put them coherently. The reader may find them easy to understand.

Foot notes and references in the first two volumes, give page numbers of related works. This volume gives the names of titles and discourses. This will make easy for the reader to find particular references in discourses translated in other languages, too.

This volume mentions seventy six discourses, but only seventy four are translated, because the story of **Pilindavaccha**, mentioned in Mahavaggapali (p.525) is also found exactly alike in Parajikapali (p.355), so only one of them is included here. Then accounts of Pasenajit of Kosala is found in **Piyasutta** in Samyuttanikaya I. (p.70) and in **Piyatarasutta** in Udanapali (p.118); they are identical. One of them is included.

Of the 76 discourses, one is taken from Suttanipata, twenty-nine from Samyuttanikaya, thirteen from Mahavaggapali, four from Cullavaggapali, three from Parajikapali, eight from Pacittiyapali, four from Udanapali, eight from Majjhimanikaya, four from Anguttaranikaya and two from Dighanikaya.

References concerning the rulers are as follows:

(1) There are twenty-one discourses where mention is made of **King Bimbisara**: one in Suttanipata, eleven in Mahavaggapali, two in Cullavaggapali, three in Parajikapali, two in Pacittiyapali, one in Udanapali and one in Dighanikaya.

(2) About **King Suddhodana** only one reference is found. It is in a disoourse in **Mahavaggapali.**

(3) There are forty-three discourses about **King Pasenajita of Kosala**: twenty-six in Samyuttanikaya, five in Majjhimanikaya, two in Udanapali, one in Mahavaggapali, one in Cullavaggapali, six in Pacittiyapali and two in Anguttaranikaya.

(4) There are three discourses about **Mahali Licchavi**: two in Samyuttanikaya and one in Anguttaranikaya.

(5) About **King Mahanama Licchavi** the only reference is in Anguttaranikaya.

(6) About **King Otthaddha Licchavi** mention is made only in a discourse in Dighanikaya.

(7) Three discourses speak about **King Udena** one in samyuttanikaya, one in Udanapali and one in Cullavaggapali.

(8) About **King Koravya** the only reference is in a discourse in Majjhimanikaya.

(9) About **Dandapani** mention is made only in a discourse in Majjhimanikaya.

(10) About **King Madhura** the only reference is in a discourse in Majjhimanikaya.

The following are the discourses:

(References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India, and R. refers to

the pages of the Pali Text Society, Roman Edition, London)

1. KING BIMBISARA :

		page :		page :
1.	Su.	329	Pabbajjasuttam	R. 71
2.	Mh.	35	Bimbisarasamagamakatha. Mahakhandhakam	R. 35
3.	,,	290	Baimisararajavatthu, Civarakkhandhakam	R. 272
4.	,,	105	Sannipatanujanana, Uposathakkhandhakam	R. 101
5.	,,	77	Rajabhatavatthu, Mahakhandhakam	R. 74
6.	,,	78	Karabhedakacoravatthu, Mahakhandhakam	R S.75
7.	,,	79	Likhitakacoravatthu, Mahakhandhakam	R. 75
8.	,,	79	Inaikavatthu, Mahakhandhakam	R. 76
9.	,,	80	Dasavatthu, Mahakhandhakam	R. 76
10.	,,	225	Pilindavacchavatthu, Bhesajjakkhandhakam	R. 206
	P.	353	Tevisatimanissaggiyam	R, 248

11. Mh. 254 Mendakagahapativatthu, Bhesajjakkhandhakam R. 240
12. „ 199 Sonakolivisavatthu, Cammakkhandhakam R. 179
13. Cu. 197 Ambakhadanavatthu, Khuddakavatthukkhandhakam R. 108
14. P. 51 Dhaniyabhikkhuvatthu, Dutiyaparajikam R. 41
15. U. 73 Rajasuttam R. 10
16. P. 148 Catutthaparajikam R. 108
17. Pa. 106 Battinsatimapacittiyam R. 74
18. do 159 Sattapannasamapacittiyam R. 116
19. Cu. 290 Ajatasattukumaravatthu, Sanghabhedakakkhandhakam R. 190
20. D.II. 151 Janavasabhasuttam R. 200

2. KING SUDDHODANA :

1. Mh. 86 Rahulavatthu, Mahakhandhakam R. 82

3. KING PRASENAJIT OF KOSALA :

1. S. Vol. I. 67 Daharasuttam R. Vol. I. 1
2. „ „ 69 Purisasuttam R. „ 70
3. „ „ 69 Jaramaranasuttam R. „ 71
4. „ „ 71 Attarakkhitasuttam R. „ 72

5.	„ „	78	Pancarajasuttam	R. „ 79
6.	M, I.	344	Angulimalasuttam	R. Vol, II. 97
7.	S. Vol. I.	70	Piyasuttam	R. Vol. I. 71
	U.	118	Piyatarasuttam	R. 47
8.	S. Vol. I.	74	Yannasuttam	R. Vol. I. 75
9.	„ „	73	Atthakarauasuttam	R.Vol. I. 74
10.	„ „	82	Pathamasangamasuttam	„ „ 82
11.	„ „	73	Mallikasuttam	„ „ 75
12.	„ „	80	Donapakasuttam	„ „ 81
13.	„ „	72	Appakasuttam	„ „ 73
14.	„ „	76	Sattajatilasuttam	„ „ 77
15.	„ „	85	Mallikasuttam	„ „ 86
16.	M.Vol.II.	352	Piyajatikasuttam	R. Vol.II. 106
17.	S. Vol. I.	85	Appamadasuttam	R. Vol. I. 86
18.	„ „	83	Dutiyasangamasuttam	„ „ 84
19.	„ „	88	Pathamaaputtakasutam	„ „ 89
20.	„ „	92	Puggalasuttam	„ „ 93
21.	„ „	97	Lokasuttam	„ „ 98
22.	„ „	99	Pabbatupamasuttam	„ „ 100
23.	„ „	96	Ayyikasuttam	„ „ 96
24.	Cu.	265	Sanghikavatthu, Senasanakkhandhakam	R. 169
25.	Pa.	153	Udakehasadhamme, Tepannasamapacittiyam	R. 111
26.	„	349	Lahupavuranacetapane, Barasama-	

rnissaggiyam, Bhikkhunivibhango R. 256

27. „ 407 Cittagaradassane, Ekacattarisatimapacittiyam, Bhikkhunivibhango R. 298

28. Mh. 160 Patissavadukkatapatti, Vassupanayikakkhandhakam R. 153

29. U. 77 Gabbhinisuttam R. 13

30. S. Vol. I. 90 Dutiyaputtakasuttam R Vol.I. 91

31. Pa. 144 Uyyuttasenadassane, Atthacattarisatimapacittiyam R. 104

32. „ 347 Ekadasamanissaggiyam, Garupavuranacetapane, Bhikkhunivibhango R. 255

33. „ 210 Rajantepurappavesane, Tayasitimapacittiyam R. 157

34. A. Vol.IV. 150 Dutiyakosalasuttam R Vol. V. 65

35. S. Vol. I. 97 Issattasuttam R. Vol. I. 98

36. „ „ 75. Bandhanasuattam R. „ „ 76

37. S. Vol.III. 321 Khemasuttam R. IV· 374

38. M. Vol.II. 359 Bahitikasuttam R. Vol. II. 112

39. S. Vol. I. 86 Kalyanamittasuttam R. Vol. 87

40. A. Vol. II. 321 Kosalasuttam R. Vol. III. 57

41. M. Vol. II. 373 Kannakatthalasuttam R Vol.II. 125

42. „ „ „ 365 Dhammacetiyasuttam R.Vol.II.118

4. MAHALI LICCHAVI:

1. S. Vol. I. 231 Mahalisuttam R. Vol. I. 230
2. S. Vol II. 297 Mahalisuttam R. Vol. III. 68
3. A. Vol. IV. 167 Mahalisuttam R. Vol. V. 86

5. MAHANAMA LICCHAV I :

1. A.Vol. II. 338 Licchavikumarakasuttam R. Vol. III. 75.

6. OTTHADDHA LICCHAVI:

1. D. Vol. I. 128 Mahalisuttam. R. Vol. I. 150

7. KING UDENA :

1. S. Vol. III. 102 Bharadvajasuttam R. Vol. IV. 110
2. U. 160 Udenasuttam R. 79
3. Cu. 412 Udenarajavatthu, Pancasatikakkhandhakam R. 290

8. KING KORAVYA :

1. M. Vol. II. 289 Ratthapalasuttam R. Vol. II. 65

9. KING DANDAPANI

1. M.Vol. I. 146 Madhupindikasuttam R.Vol.I. 108

10. KING MADHURA :

1. M. Vol. II. 310 Madhurasuttam R. Vol. II. 83

Ananda Kuti
Kathmandu,
Nepal.

Bhikkhu Amritananda
5. 3. 1973

List of Abbreviations:

A.=Anguttaranikaya
Cu.=Cullavaggapali
D.=Dighanikaya
M.=Majjhimanikaya
Mh= Mahavaggpali
P.=Parajikapali
Pa.=Pacittiyapali
S.=Samyuttanikaya
Su=Suttanipata
U.=Udanapali

' नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स''

प्राक्कथन

"नेपाली भाषामा पनि बौद्ध इतिहास, साहित्य तथा दर्शन विषयका पुस्तकहरू उपलब्ध हुन सकुन्" भन्ने भावनाले प्रेरित भई १३।४।०२८ सालदेखि मूल पालि ग्रन्थहरू हेर्ने काम शुरू गरी २७।५।०२८ सालदेखि नोट्स् लेख्न शुरू गरें । तदनन्तर ग्रन्थ तयार पार्न, सम्बन्धित सूत्रहरूको अनुवाद गर्ने कार्यको शिलशिलामा प्रस्तुत ग्रन्थले सङ्ग्रह-३ को स्थान प्राप्त गरेको छ ।

३,००० भन्दा बढी पृष्ठहरूका नोट्स्मध्येबाट ३६५ पृष्ठ जति नोट्स्को कार्य सम्पादन भइसकेको छ ।

मन जस्तो द्रुतगतिले दगुर्नसक्ने तत्व यो संसारमा अरू कुनै छैन । जुन गतिले हाम्रा मनहरू दगुर्छन् उही नै गति अनुरूप इच्छाहरू पनि दगुर्न थाल्छन् । इच्छा दगुरे झैं चिताएका सबै कामहरू सफल पार्न यौटै जीवन पर्याप्त छैन । शयकडौं, हजारौं तथा लाखौं इच्छाहरूमध्ये इच्छानुरूप एउटै मात्र काम सफल पार्न पनि जीवनभर लाग्नसक्छ । इच्छा गर्दैमा कुनै काम सिद्ध हुन्छ भन्न सकिन्न । बल्कि इच्छालाई नाप-

तौल गरी नियन्त्रण गर्न सक्नुपर्छ। असल-कमसल, हितकर-अहितकर तथा राम्रो-नराम्रो छान्न सक्नुपर्छ। अनि इच्छालाई नियन्त्रित गरी, संयम र धैर्यतापूर्वक—बौद्धिक र आर्थिक क्षमता तथा प्राविधिक—उपलब्ध साधन अनुसार अथवा साधन जुटाउनसके अनुसार कार्यान्वियन गर्ने लक्ष लिएमा मात्र कुनै इच्छित कार्य सिद्ध गर्न सम्भव हुन सक्छ। लक्षित, भौतिक सफलतादेखि लिएर आध्यात्मिक सफलतासम्मकालागि पनि यथार्थदृष्टि, धैर्यता, वीर्य तथा दृढ संकल्प जस्ता गुणहरू नितान्त आवश्यक हुन्छन्।

× × ×

केही हितैषी मित्रहरूले "यो सङ्ग्रहको काम कहिलेसम्म गर्नु हुनेछ? यस सङ्ग्रहको शिलशिलामा कति ग्रन्थहरू तयार पार्ने विचार गर्नु भएको छ? तथा के के नामका हुने छन्?" भन्ने कुराहरू मसंग सोधे। मैले प्रश्नकर्ताहरूलाई सन्तुष्टपारी कुनै निश्चित उत्तर दिन सकिन। किन कि माथि उल्लेख गरेझैं स्वभावतः हाम्रा चित्तहरूले धेरै धेरै इच्छा त गर्छन् नै, आकाशमा घरहरू पनि बनाउन थाल्छन्। तर कतिसम्मको इच्छा वास्तविक रूपले व्यावहारिक हुन सक्ला— यसबारे सधैं प्रश्नचिह्न नै रहिरहेको हुनसक्छ। उपर्युक्त हितैषी मित्रहरूले यो पनि सुझाउ दिनु भयो कि—"इच्छा गर्नु न भएता पनि कुनै कल्पना त तपाइमा भएको हुनुपर्छ र सोही कल्पना मात्र भए पनि त्यसको जानकारी पाठकहरूलाई दिनु भए बेश हुने थियो।"

मैले माथि संकेत गरिसकेको छु कि तीनहजार भन्दा बढी पृष्ठहरूका नोट्स् तयार छन् । हालको कल्पनानुसार–यदि स्वास्थ्य ठीक रहेमा, जीवन रहेमा, कुनै विघ्न-बाधा पनि आइ न परेमा, प्रकाशक पनि भइदिएमा तथा लेख्ने कामका दत्तचित्त पनि हुन सकेमा–पहिलो चरणको लागि पाँचवर्ष जति लाग्न सक्ला भन्ने अनुमान छ । यसै पाँच-वर्षको अवधि भित्र –(१) बुद्धकालीन ब्राह्मण, भाग-१, (२) बुद्धकालीन गृहस्थीहरू, भाग १, (३) बुद्धकालीन राजपरिवार, भाग-१, (यहाँसम्मको काम पाठकहरूका सामुन्ने प्रस्तुत भइसकेको छ) (४) बुद्धकालीन महिलाहरू, (५) बुद्धकालीन परिव्राजक, (६) बुद्धकालीन श्रावक-चरित्र, तथा (७) बुद्धकालीन श्राविका-चरित्र, सिद्धिन सक्दछ । त्यसपछि दोश्रो भागको काम दोश्रो चरणमा शुरू गरिने छ, जो भविष्यकै गर्भमा छ ।

× × ×

प्रस्तुत ग्रन्थमा बुद्धकालीन दशजना राजाहरूका कुराहरू सङ्ग्रहित भएका छन् । हुन त बौद्ध–पालिसाहित्यमा कुनै पनि राजाको चरित्र चित्रण एकै ठाउँमा समुल्लेख भएको पाइँदैन । न त पालिसाहित्य राजाहरूका चरित्र चित्रण गर्ने विषय नै हो । तै पनि यथासक्य मूल पालि र अर्थकथाहरूमा खोज गरी उपलब्ध भएका कारणहरू एकत्रित पारी, शृङ्खलाबद्ध गरी एकै सूत्रमा बाँधी "परिचय" लेख्ने प्रयास गरेको छु । त्यस त्यस पात्र सम्बन्धी भेट्टिएका सूत्रहरूलाई पनि एकाबद्ध गरी क्रमानुसार राखि दिएको छु ।

ग्रन्थ सम्बन्धी भन्नु पर्ने अरू कुराहरू अघिल्ला ग्रन्थहरूका प्राक्कथनमा उल्लेख गरिसकेको हुँनाले पाठकवृन्दहरूले सोही अनुसार अवबोध गरिदिनु हुने छ भन्ने आशा राख्दछु। पहिलेका ग्रन्थहरूमा पादटिप्पणी वा कुनै रिफरेन्स (Reference) सम्बन्धी ग्रन्थको पृष्ठ मात्र उल्लेख भएकोमा, प्रस्तुत ग्रन्थमा ग्रन्थको नाम र सूत्रको नाम समेत उल्लेख गरिदिएको छु। यसबाट पाठकहरूलाई जुनसुकै भाषामा अनुदित भएका वा जुनसुकै संस्करणको भए पनि सम्बन्धित कारणहरू पत्तो लगाउन सजिलो हुने छ।

यस ग्रन्थमा जम्मा ७६ सूत्रहरू सङ्ग्रहित भएका छन्। यस मध्ये अनुवादको संख्यामा २ सूत्रहरू कमी हुन आएका छन्। यसरी कमी हुन आउनाको खास कारण के हो भने ?—राजा बिम्बिसार सम्बन्धी महावग्गपालि(पृष्ठ २२५)मा उल्लिखित भएको 'पिलिन्दवच्छ' को कथा र पाराजिकापालि(पृष्ठ ३५३)मा उल्लिखित 'पिलिन्दवच्छ' को कथा, यी दुवै एक समान भएका हुँदा यसमध्ये एक सूत्रको मात्र अनुवाद भएको छ। त्यस्तै गरी राजा प्रसेनजित कोशल सम्बन्धी संयुत्तनिकाय (I. पृष्ठ ७०) मा उल्लिखित 'पियसुत्तं' र उदानपालि (पृष्ठ ११८)मा उल्लिखित 'पियतरसुत्तं' को कुरा एकैनास भएको हुँदा यसमध्ये पनि एकै सूत्रको अनुवाद भएको छ। यस प्रकार गिन्तीमा ७६ सूत्रहरूका नाम भएता पनि अनुवाद सूत्रहरूमा केवल ७४ मात्र हुन आएका हुन्।

उपर्युक्त ७६ सूत्रहरूमध्ये १ सूत्र सुत्तनिपातबाट, २९ सूत्रहरू संयुत्तनिकायबाट, १३ सूत्रहरू महावग्गपालिबाट, ४ सूत्रहरू चुल्ल-

वग्गपालिबाट, ३ सूत्रहरू पाराजिकापालिबाट, ८ सूत्रहरू पाचित्तियपालिबाट, ४ सूत्रहरू उदानपालिबाट, ८ सूत्रहरू मज्झिमनिकायबाट, ४ सूत्रहरू अङ्गुत्तरनिकायबाट, र २ सूत्रहरू दीघनिकायबाट, सङ्ग्रहित भएका छन् ।

दशजना राजाहरूमध्ये कुन् कुन् राजाकोबारेमा कुन् कुन् सूत्रहरूमा अथवा कति कति सूत्रहरू उपलब्ध भएका रहेछन् भन्ने विषयलाई यस प्रकार बुझ्न सकिन्छ —

(१) बिम्बिसार राजाकोबारेमा – सुत्तनिपातमा १, महावग्गपालिमा ११, चुल्लवग्गपालिमा २, पाराजिकापालिमा ३, पाचित्तियपालिमा २, उदानपालिमा १ र दीघनिकायमा १ सूत्र गरी जम्मा २१ सूत्रहरू छन् ।

(२) शुद्धोदन राजाकोबारेमा—केवल महावग्गपालिमा १ मात्र छ ।

(३) प्रसेनजित कोशल राजाकोबारेमा—संयुत्तनिकायमा २६, मज्झिमनिकायमा ५, उदानपालिमा २, महावग्गपालिमा १, चुल्लवग्गपालिमा १, पाचित्तियपालिमा ६ र अङ्गुत्तरनिकायमा २ गरी जम्मा ४३ सूत्रहरू छन् ।

(४) महालि लिच्छवीकोबारेमा – संयुत्तनिकायमा २ र अङ्गुत्तरनिकायमा १ गरी जम्मा ३ सूत्रहरू छन् ।

(५) महानाम लिच्छवीकोबारेमा—केवल अङ्गुत्तरनिकायमा १ मात्र छ ।

(६) ओट्ठद्ध लिच्छवीकोबारेमा—केवल दीघनिकायमा १ मात्र छ ।

(७) उदेन (उदयन) राजाकोबारेमा – संयुत्तनिकायमा १, उदानपालिमा १ र चुल्लवग्गपालिमा १ गरी जम्मा ३ सूत्रहरू छन् ।

(८) कौरव्य राजाकोबारेमा—केवल मज्झिमनिकायमा १ मात्र छ ।

(९) दण्डपाणी राजाकोबारेमा—केवल मज्झिमनिकायमा १ मात्र छ ।

(१०) माधुर राजाकोबारेमा – केवल मज्झिमनिकायमा १ मात्र छ ।

यी सूत्रहरू तथा ग्रन्थहरूका नाम यस प्रकार छन् —

१. राजा बिम्बिसार :

	पृष्ठः[१]		पृष्ठः[२]
१.	सुत्त. नि.	३२९: पब्बज्जासुत्तं	२९
२.	महा. व.	३५: बिम्बिसार समागमकथा, महाखन्धकं	३१
३.	ऐ ऐ	२९०: बिम्बिसार राजवत्थु, चीवरक्खन्धकं	४५

---

१. यी पृष्ठहरू नालन्दा पालि ग्रन्थका हुन् ।

२. यी पृष्ठहरू प्रस्तुत पुस्तकका हुन् ।

२. राजा शुद्धोदन :

३. राजा प्रसेनजित कोशल :

८. राजा कौरव्य :

९. राजा दण्डपाणि :

१०. राजा माधुर :

पालि (मागधी) भाषामा स्वर र व्यञ्जनहरू प्रचलित संस्कृत भाषामा जस्तै न भएको हुँदा पाठकहरूलाई कहीं कहीं 'श' को स्थानमा 'स' 'औ' को स्थानमा 'ओ' 'ऐ' को स्थानमा 'ए' भएको जस्तो लाग्न सक्छ। प्राय यस्तो स्थानमा पालि शब्द नै प्रयोग गरिएको हुँदा यसो हुन गएको हो। पालि भाषामा 'ऐ' कार, 'औ' कार तथा रेफ् छैनन्। तालव्य 'श' र मूर्द्धन्य 'ष' पनि छैनन्। पालि भाषामा स्वर तथा व्यञ्जनहरू निम्न प्रकारका हुन्छन्।

स्वर :— अ, आ, इ, ई, उ, ऊ, ए, ओ, अं।

व्यञ्जन :— क, का, कि, की, कु, कू, के, को, कं।
क, ख, ग, घ, ङ; च, छ, ज, झ, ञ;
ट, ठ, ड, ढ, ण; त, थ, द, ध, न;
प, फ, ब, भ, म; य, र, ल, व, स, ह, ळ।

× × ×

"बुद्धकालीन ब्राह्मण" भाग-१, संग्रह-१ को प्राक्कथनमा उल्लेख गरिसके झैं यस प्रकारको संकलनात्मक ग्रन्थ तयार पार्नुको एक मात्र उद्देश्य,— नेपाली पाठकवृन्दहरूले बौद्ध पालि वाङ्मयको मूल सूत्रहरूका कुराहरू सोजै थाहा पाउन सकुन् भन्ने हो। नेपालीमा पनि पालिसाहित्यका मूल सूत्रहरूका कुराहरू अनुवादको रूपमा उपलब्ध हुनसकेमा नेपाली साहित्यको महत्व अझ बढने छ र नेपाली समाजमा मात्र न भई बौद्ध जगतमा समेत ख्याति प्राप्त गर्न सक्नेछ भन्ने आशा राखेको छु। अतएव विदेशी बौद्धहरूका जानकारीकोनिमित्त यस ग्रन्थमा कुन् कुन् पालि ग्रन्थहरूबाट कुन् कुन् सूत्रहरूको संकलन भएको रहेछ भन्ने कुरो अंग्रेजीमा पनि उल्लेख गरिदिएको छु।

जति सक्यो उति विभिन्न विषयका ग्रन्थहरू आफ्नो भाषामा उपलब्ध हुन सक्नु पनि भाषा विकासको एक माध्यम हो भन्ने विश्वासले जानी न जानी भएता पनि "बुद्धकालीन गृहस्थीहरू" भाग-१ संग्रह-२ को पछि पाठकहरूका समक्ष प्रस्तुत "बुद्धकालीन राजपरिवार" भाग १ संग्रह-३ प्रस्तुत गरेको छु। यस संकलनबाट नेपाली साहित्यको विकास क्षेत्रमा यत्किञ्चित् मात्र सघाउ पुग्न सकेमा पनि तथा नेपाली समाजलाई बुद्धकालमा घटेका केही घटनाहरूको जानकारी मात्र हुनसकेता पनि आफू खुशि नै हुनेछु। हुन त यत्तिकैले मात्र नेपाली भाषाको माध्यमद्वारा बुद्धकालको इतिहास, साहित्य, राजनीति, अर्थनीति, सामाजिक जीवन तथा दर्शन सम्बन्धी कुराहरू बुझ्न पर्याप्त हुन सक्दैन। अझ यस्ता ग्रन्थहरू नेपाली भाषामा दर्जनका दर्जन उपलब्ध हुनु विकासोन्मुख नेपाली समाजकोनिम्ति नितान्त आवश्यक देख्द छु। प्राचीन सभ्यताको

ज्ञान अभिष्ट मात्रामा नेपालीमा उपलब्ध हुन नसकेकोले आधुनिक सामाजिक ज्ञानसँग कसौटीमा लगाई दाँजी हेर्न हामी वञ्चित भएका छौं।

प्रस्तुत ग्रन्थको अनुवाद कार्य ८।५।२०२९ देखि शुरू गरी १५।१०।२०२९ सम्ममा ग्रन्थ तयार पार्ने काम जम्मै पूरा भई प्रूफ हेर्ने काम समेत शुरूभइसकेको थियो। केही दिन अघि अर्थात् २०२९ फाल्गुन ८ गते देखि १० गतेसम्म मास्कोमा हुने एशियाली बौद्ध शान्ति सम्मेलनको कमीटी-बैठकमा भाग लिन फाल्गुन ६ गते काठमाडौंबाट मास्कोकालागि प्रस्थान गर्न परेको थियो र मास्कोबाट न फर्कनुजेलसम्म प्रूफ हेर्ने काम श्री वटुकृष्णजीले नै गरिदिनु भएकोमा वहाँ प्रति ज्यादै ऋणी छु। मास्कोमा जाँदा ग्रन्थको शब्दावली तयार पार्ने काम साथै लिएर गएको थिएँ र यात्राको बीचमै कार्य सम्पन्न गरी फाल्गुन १२ गते काठमाडौं फर्कें।

भाषा संशोधनको कार्य मात्र न भई प्रूफ हेर्ने काममा समेत श्री वटुकृष्ण 'भूषण' बाट पाएको हर प्रकारको सहयोगकोनिम्ति वहाँ प्रति म ज्यादै आभारी छु र विद्वतापूर्वक भूमिकाद्वारा ग्रन्थलाई सिंगारी दिनु भएकोमा पनि। अंग्रेजीमा ग्रन्थ परिचय तयार पारिदिनु भएकोमा प्राध्यापक श्री कृष्णबहादुर मानन्धरलाई, शब्दावली तयार पार्न प्रारम्भिक लेख्ने काम गरिदिनु भएकोमा आयुष्मान् कुमार काश्यपलाई तथा निरालसतापूर्वक दिनको दुइ तीन पटकसम्म पनि प्रेसमा गई प्रूफ ल्याइदिएकोमा आनन्दकुटीवासी श्री चन्द्र उपासकलाई पनि हार्दिक धन्यवाद दिएको छु। पाल्पा तान्सेनमा बसी यो ग्रन्थको

साफी लेख्ने काम गरिरहेको बेलामा पाल्पाका श्री रणबहादुर शाक्य परिवारहरूबाट पाएको भक्तिपूर्ण उपस्थान प्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र अन्तमा ग्रन्थ प्रकाशन गर्ने जस्तो गहन कार्यभार लिई ग्रन्थ प्रकाशित गरी पाठकहरूका समक्ष प्रस्तुत गरिदिएकोमा नव-स्थापित "आनन्दकुटी विहार गुठी" लाई पनि हार्दिक कृतज्ञता ज्ञापन न गरी बस्न सक्दिन ।

ग्रन्थको अन्तमा नामावली, शब्दावली तथा गाथा-सूची पनि राखिदिएको छु ।

भवतु सब्ब मङ्गलं ।

आनन्दकुटी
स्वयम्भू, काठमाडौं
नेपाल ।

भिक्षु अमृतानन्द
७।१२।२०२९

त्रि-पिटक

सुत्तपिटक

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विनयपिटक

१–पाराजिकापालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

संक्षिप्त शब्दको अर्थ :

अ. क = अट्ठकथा ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. नि. अ. क = अङ्गुत्तरनिकायअट्ठकथा ।

अं. अ. क = ऐ ऐ

अप. पा = अपदानपालि ।

अंग्रे. महावंश = महावंश अंग्रेजी अनुवाद, गाइगरद्वारा ।

अभि. प. = अभिधानप्पदीपिका ।

उदा. = उदान ।

उदा. अ. क. = उदानअट्ठकथा ।

खु. पा. अ. क. = खुद्दकपाठअट्ठकथा ।

चुल्ल. व. = चुल्लवग्गपालि ।

चुल्ल. अ. क. = चुल्लवग्गअट्ठकथा

जा. पा. = जातकपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

थेर. गा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथापालि अट्ठकथा ।

थेरी. गा. = थेरीगाथापालि ।

थेरी. गा. अ. क. = थेरीगाथाअट्ठकथा ।

थेर. अप. अ. क. = थेरअ.दानअट्ठकथा ।

थेरी. अप. = थेरीअपदान ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीर्घनिकायअट्ठकथा ।

दी. अ. क. = ऐ ऐ

धम्म. अ. क. = धम्मपदट्ठकथा ।

धम्म. अ. = ऐ

पारा. पा. = पाराजिकापालि ।

पाचि. पा. = पाचित्तियपालि ।

पेत. व. = पेतवत्थु ।

पेत. व. अ. क. = पेतवत्थुअट्ठकथा ।

बु. वं. = बुद्धवंस ।

बु. वं. अ. क. = बुद्धवंसअट्ठकथा ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा ।

म. अ. क. = ऐ

महा. व. = महावग्गपालि ।

विमा. व. = विमानवत्थु ।

विमा. व. अ. क. = विमानवत्थुअट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकायअट्ठकथा ।

सं. अ. क. = ऐ

सुत्त. नि. = सुत्तनिपात ।

सुत्त. नि. अ. क. = सुत्तनिपातअट्ठकथा ।

हि. वि. पि. = हिन्दी विनयपिटक ।

D. P. P. = Dictionary of Pali-Proper Names.

G. D. = The Geographical Dictionary of Ancient and Mediaeval India.

मूल ग्रन्थहरू :

महावग्गपालि (महावर्गपालि)
चुल्लवग्गपालि (चूलवर्गपालि)
पाराजिकापालि (पाराजिकापालि)
पाचित्तियपालि (पाचित्तियपालि)
संयुत्तनिकाय (संयुक्तनिकाय)
अंगुत्तरनिकाय (अङ्गोत्तरनिकाय)
दीघनिकाय (दीर्घनिकाय)
मज्झिमनिकाय (मध्यमनिकाय)
सुत्तनिपात (सूत्रनिपात)
उदानपालि (उदानपालि)

सहायक ग्रन्थहरू :

जातकट्ठकथा — आचार्य बुद्धघोष महास्थविर ।

धम्मपदट्ठकथा— ऐ ऐ ऐ

पपञ्चसूदनी — ऐ ऐ ऐ

परमत्थजोतिका— ऐ ऐ ऐ

मनोरथपूरणी— ऐ ऐ ऐ

समन्तपासादिका— ऐ ऐ ऐ

सारत्थप्पकासिनी—ऐ ऐ ऐ

सुमङ्गलविलासिनी—ऐ ऐ ऐ

विसुद्धजनविलासिनी—

परमत्थदीपनी—आचार्य धर्मपाल महास्थविर ।

मधुरत्थविलासिनी — आचार्य बुद्धदत्त महास्थविर ।

अभिधानप्पदीपिका—मौद्गल्यायन महास्थविर ।

अमरकोष —श्री अमरसिंह–सम्पादित–श्री मन्नालाल 'अभिमन्यु' ।

शब्दार्थ-कौस्तुभ—चतुर्वेदी द्वारकाप्रसाद शर्मा ।

नेपाली शब्दकोष—बालचन्द्र शर्मा ।

मज्झिमनिकाय—हिन्दीमा अनुदित—राहुल सांकृत्यायन ।

विनयपिटक— ऐ ऐ ऐ ऐ

दीघनिकाय— ऐ ऐ — राहुल सांकृत्यायन र जगदीश काश्यप ।

अंगुत्तरनिकाय— ऐ ऐ — भदन्त आनन्द कौसल्यायन ।
संयुत्तनिकाय— ऐ ऐ — भिक्षु जगदीश काश्यप र
भिक्षु धर्मरक्षित ।
सुत्तनिपात— ऐ ऐ — भिक्षु धर्मरत्न ।
बुद्धकालीन ब्राह्मण — लेखक
बुद्धकालीन गृहस्थीहरू—ऐ

Mahavensa – translated into English by Dr. Wilhem Geiger.

Dictionary of Pali-Proper Names—Dr. G. P. Malalasekara.

Pali English Dictionary—T. W. Rhys Davids and William Stede.

The Geographical Dictionary of Ancient and Mediaeval India – Nundo Lal Dey.

विषय-सूचि

—❀—

संग्रह–३

बुद्धकालीन राजपरिवार

[भाग-१]

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

१ राजा बिम्बिसार

परिचय

महावंश-टीकानुसार बिम्बिसार राजाको बाबुको नाम भाति र तिब्बती परम्परानुसार महापदुम तथा उनको आमाको नाम बिम्बी भनिएकोछ[१]। १५ वर्षकै उमेरमा बिम्बिसारलाई उनको बाबुले राज्याभिषेक दिएका थिए[२]। राज्याभिषेक लिएको १६ वर्ष पछि बिम्बिसार राजाले भगवान् बुद्धको दर्शन पाएका थिए[३]। सुत्तनिपातको पब्बज्जासूत्र[४] अनुसार सन्यास ग्रहण गरेका २९ वर्षीय सिद्धार्थ गौतमको भिक्षाटन सर्वप्रथम राजगृहबाट प्रारम्भ भयो। त्यसै क्रममा पाण्डव पर्वतमा २४ वर्षीय बिम्बिसारले भेटे। महावंशकै अनुसार शुद्धोदन

---

१. D. P. P. II. पृ. २८५

२. अंग्रे. महावंश पृ. १२

३. अंग्रे. महावंश पृ. १२

४. पृ. ३२९। हेर तल "सिद्धार्थसँग भेट" शीर्षकमा।

राजासँग भाति राजाको मित्रता भए जस्तै बिम्बिसार राजाको पनि सिद्धार्थ गौतमसँग मित्रता थियो भन्ने कुरा पनि समुल्लेख भएको पाइन्छ[१]। शायद यिनीहरू अदृष्टमित्र भएका हुन सक्छन्। सिद्धार्थ गौतमको प्रभावशाली सुन्दररूप देखेर प्रभावित भई राजा बिम्बिसारले वहाँलाई आधाराज्यद्वारा निमन्त्रणगर्दा[२] वहाँबाट संन्यास ग्रहणगरेको मूल लक्षनै बुद्धत्व प्राप्तद्वारा मानव-कल्याण गर्नु हो भन्ने कुरा सुनेपछि बिम्बिसार राजाले "तपाइ बुद्ध हुनुहुनेछ भन्ने कुरा मैले अघिनै सुनिसकेको छु" भन्दै सिद्धार्थ गौतमसँग बुद्धत्व प्राप्त गरी सकेपछि सर्वप्रथम मगध देशको राजधानी राजगृह आउन हुन प्रार्थना गरे[३]।

बिम्बिसार राजा त्यसबखत अत्यन्त प्रभावशाली, रणकुशल[४] तथा सेनासम्पन्न भएका हुँदा उनलाई 'सेनीय बिम्बिसार' भन्दथे[५]। यिनका ८० हजार गाउँहरू[६] सम्मिलित राज्यमा १८ कोटी जनसंख्या थिए[७]। यिनको राजकीय झण्डा सेतोवर्णको थियो[८]।

---

१. अंग्र. महावंश पृ. १२

२. हेर तल "सिद्धार्थसँग भेट" शीर्षकमा।

३. सुत्त. नि. अ. क. पृ. ३२९: पब्बज्जासुत्तं; धम्म. अ. क. पृ. ४२: अग्गसावक वत्थु।

४. हेर तल "बिम्बिसारको विजय" मा।

५ उदान. अ. क. पृ. ७२

६. हेर तल "बिम्बिसारासोण श्रेष्ठीपुत्र"।

७. धम्म. अ. क. पृ. ३००

८. थेर. गा. पृ. २४९: विमलकोण्डञ्ञथेरगाथा; अ.क.पृ. १४७

परिवारहरू

बिम्बिसार राजाको विवाह कोशलनरेश महाकोशल राजाकी छोरी, प्रसेनजित कोशलकी बहिनी कोशलदेवीसँग भएको थियो। महाकोशल राजाले आफ्नी छोरीलाई राज्यको बीचमा पर्ने, "काशी" भन्ने एकलाख आम्दानी हुने गाउँ दाइजो दिएका थिए[१]। यिनकै तरफबाट अजातशत्रु राजकुमार जन्मेका हुन्[२]। पछि अजातशत्रु राजकुमारले आफ्नो बाबुलाई हत्या गरेपछि त्यहीनै शोकले कोशलदेवी महारानीको पनि मृत्यु भयो। प्रसेनजित कोशल राजाले[३] आफ्नो बाबुले दाइजो दिएको "काशी" गाउँ, "बाबु आमा हत्यारा अजातशत्रुबाट फिर्तालिन्छु" भन्ने निश्चय गरेका थिए। यसै कारणले गर्दा दुवै राजाका बीच युद्ध भएको थियो[४]।

बिम्बिसारकी अर्को अग्रमहिषी मद्द[५] (मद्र) देशीय शागल[६]

---

१. सं. नि अ क. I पृ. १२०

२. दी. नि. अ. क. I. पृ. ९५; सं. अ क. I. पृ १२१

३. बिम्बिसारको मामा।

४. सं. अ. क. I. पृ, १२१; जा. अ क. I–II. पृ. ५३८: हरितमाता; धम्म. अ. क. पृ ४६१: कोसलरञ्ञो पराजयवत्थु।

५. मद्द (मद्र) देश पञ्जाबतिर पर्छ, हेर G. D. पृ. १६६

६. हाल पञ्जाबको लाहोर प्रान्तको स्यालकोट ठहराइएको छ।*

नगरका राजपरिवारकी खेमा[१] (क्षेमा) भन्ने कन्या थिइन् । यिनी सुवर्णवर्ण समान अत्यन्त रूपवती भएकीले, आफ्नो रूपको गर्वलेगर्दा पनि बुद्धकहाँ जान चाहन्नथिन् । पछि बिम्बिसारको उपायकौसल्यताद्वारा बुद्धकहाँ गइन् । बुद्धको उपदेश सुन्दासुन्दै रूपाभिमान नष्टभई, पछि, राजाको आज्ञालिई भिक्षुणी भइन्[२] । यिनीबाट कुनै सन्तान भएको देखिदैन ।

राज्याभिषेक भएको १६ वर्ष सम्ममा राजा बिम्बिसारले आफ्नो दरबारमा भएका शयकडौं स्त्रीहरूका अतिरिक्त तत्कालीन अत्यन्त सुन्दरी तथा गणिकाहरूसँगको संवासबाट पनि सन्तानहरू जन्माएका थिए । जस्तै :—

उज्जैन नगरवासी पद्मावती गणिकासँगको संभोगबाट अभय राजकुमारको जन्म भएको हो[३] । भनिन्छ कि उज्जैनवासी पद्मावती

---

* हेर. G. D. पृ. १७३ । महाभारतमा पनि मद्रदेश र शागल (शाकल) नगरको उल्लेख यसै शब्दकोषमा भएको छ । मिलिन्द राजाको राजधानी हो। D. P. P. II. पृ. १०८९ । थेरीगाथा अर्थकथामा शागल नगर मगधराज्यमै पर्छ भनी उल्लेख भएको छ। पृ १००

१. अं. नि. अ. क. I. पृ. १८७; थेरीगा. अ. क. पृ. १००; सं. नि. अ. क. III पृ. १०६

२. धम्म. अ. क. पृ. ५८५: खेमाथेरियावत्थु; अं. अ. क. I. पृ. १८७

३. हेर बुद्ध. गृ. पृ. ३४७

गणिकाको रूप लावण्यताको बयान सुनी राजा बिम्बिसारले आफ्नो कामतृष्णालाई रोक्न नसकी उज्जैनमा गई एकरात उसँग सहवासगरेका थिए। जब राजा बिम्बिसारलाई पद्मावती गणिकाले आफू गर्भवती भएको समाचार पठाई तब राजा बिम्बिसारले गणिकालाई पुत्र जन्मेमा पालन-पोषणगरी, पछि, आफैंकहाँ ल्याउने सन्देश पठाए। पद्मावतीले पुत्र जन्माएर ७ वर्षसम्म पालन-पोषणगरो पछि अभय राजकुमारलाई, "तिम्रो बाबु बिम्बिसार राजाहुन्" भनी त्यहाँ पठाउँदा राजाले पुत्रस्नेह उत्पन्नगरी अभय राजकुमारलाई राजदरबारमै राखी राजकीय ढंगबाटै पालन-पोषणगरे[1]। जब आफ्नो बाबु बिम्बिसारलाई अजातशत्रु राजकुमारले निर्मम हत्यागरे[2], तब यिनी विरक्त भएर भिक्षु भएका थिए[3]। यिनकी आमा पद्मावती गणिका पनि आफ्नो छोरा अभय स्थविरको उपदेश सुनी भिक्षुणी भइन्[4]। पछि यी दुवै अर्हत् भए। भिक्षु हुनुभन्दा अगाडि एकदिन अभय राजकुमारले प्रत्यन्त गाउँमा शान्ति कायमगरी आएकोमा अत्यन्त खुशीभई राजा बिम्बिसारले अभय राजकुमारलाई सुन्दरी नर्तकी स्त्रीहरूका साथ ७ दिनसम्म राज्य दिएका थिए[5]।

---

१. थेरी गा अ क पृ ३१: अभयमातुया थेरीगाथा।

२. पितृहत्या गरेको कुरा अजातशत्रुको कथामा आउने छ।

३ थेर. गा. पृ. २४०: अभयथेरगाथा; अ क. पृ. ८३

४ थेरी. गा. पृ. ४०९: अभयमातु थेरीगाथा; अ. क. पृ. ३१

५. धम्म. अ. क पृ. ४१७: अभयराजकुमारस्स वत्थु।

यस्तैगरी युवक बिम्बिसार राजाले जब वैशालीवासी अम्रपाली[1] (अम्बपाली) गणिकाको सौन्दर्यताको बयान सुने, तब कामाभिभूत भई, छद्मभेष धारणगरी, केही मानिसहरूका साथ वैशाली-मागई अम्रपाली गणिकासँग रतिक्रीडा गरेका थिए र यसैबाट अम्रपाली गणिका गर्भवती भएकी थिई। आफू गर्भवती भएको खबर राजाकहाँ पठाउँदा राजाले उसलाई खर्च पठाइदिए। पुत्र जन्मेपछि 'विमल' भनी उसको नामकरण गरियो। तन्नेरी भएपछि विमल राजकुमारले वैशालीमा आउनु भएका भगवान् बुद्धको उपदेशसुनी भिक्षुत्व ग्रहणगरे। भिक्षु भइसकेपछि, "विमल कौण्डन्य" भन्ने नामले प्रख्यात भए[2]। अम्रपाली गणिका पनि आफ्नो पुत्र विमल कौण्डन्य स्थविरको उपदेश सुनी, विरक्तभई, भिक्षुणी भएकी थिई[3]। यिनीहरू दुवैले अरहत्त्व प्राप्तगरेका थिए।

बिम्बिसार राजाको अर्को छोरा शीलव भन्ने राजकुमारको नाम पालिसाहित्यमा पाइन्छ। यिनको आमा कोहुन् भन्ने कुरा भने कतै नपाइएता पनि थेरगाथा अर्थकथामा भने[4] यिनी बिम्बिसारका छोरा हुन् भन्ने स्पष्ट शब्दमा समुल्लेख भएको पाइन्छ। यसै अर्थकथामा

---

१. हेर बुद्ध गृ. पृ २६२

२. थेर. गा पृ. २४९: विमलकोण्डञ्ञत्थेरगाथा; अ क.पृ १४६

३. थेरी गा. पृ. ४३८: अम्बपाली थेरीगाथा; अ.क.पृ. १६२; अप पा. II पृ. २९०: अम्बपाली थेरीअपदान।

४. थेर. गा. पृ. २२९: सीलवत्थेरगाथा; अ. क. पृ. ५३६

अजातशत्रु राजकुमारले शीलव राजकुमारलाई हत्यागर्ने अनेक असफल प्रयत्नगरे जस्तै शीलव राजकुमार भिक्षु भएर गइसके पछि पनि हत्या गराउन मानिसहरू पठाउँदा शीलव स्थविरको उपदेश सुनी सबै मानिसहरू भिक्षुभएर गएका कुराको वर्णन गरिएको छ। यो कुराबाट अनुमान गर्न सकिन्छ कि शीलव राजकुमार उत्तराधिकारी हुनसक्ने राजकुमार हुनुपर्छ। नत्र यिनको हत्यागर्न खोज्नुपर्ने कुनै कारण देखिदैन।

मज्झिमनिकायको दन्तभूमिसूत्रमा[1] उल्लेख भएका जयसेन राजकुमारलाई अर्थकथाचार्य बुद्धघोषले बिम्बिसार राजाको औरसपुत्र[2] हुन् भनी उल्लेख गर्नु भए जस्तै भूमिजसूत्रमा[3] उल्लिखित आयुष्मान् भूमिज जयसेन राजकुमारका मामा हुन् भन्ने कुरा अर्थकथामा समुल्लेख भएको पाइन्छ[4]। तर कतै पनि यी राजकुमारको आमा कोहुन् भन्ने कुराको किटान भएको भने पाइँदैन।

अरू पनि त्यस्ता छोरा र छोरीका नामहरू अङ्गुत्तरनिकायको चुन्दीसूत्रमा[5] पाइन्छन्। जसका आमाहरूका नाम भने उल्लेख भएको पाइन्न। यी सूत्रानुसार चुन्दी राजकुमारी आफ्ना बाबु बिम्बि-

---

१. म. नि. III. पृ. १९४

२. म. नि. अ. क. IV पृ. १३१

३. म. नि. III. पृ. २०४

४. म. नि. अ. क. IV पृ. १३३

५. अं. नि–५. पृ. ३०१

सारको अनुमतिलिई ५०० रथहरूका साथ वेणुवनस्थित कलन्दक-निवापमा बस्नु भएको बुद्धकहाँगई, आफ्नो दाइ चुन्द राजकुमारले सुनाएको कुरा सम्बन्धी विषयमा प्रश्नगर्न गएका वर्णन पाइन्छ । अर्थकथानुसार यिनीहरू दुवै दाजु बहिनी राजा बिम्बिसारकै छोरा र छोरी हुन्[१] । चुन्दी राजकुमारीको नाम अङ्गुत्तरनिकायको सामाञ्ञवर्गमा प्रमुख उपासिकाहरूका नामावलीमा पनि समुल्लेख भएको पाइन्छ[२] ।

मित्र बन्धुहरू

बिम्बिसार राजाका[३] वर्षकार (वस्सकार) ब्राह्मण र कोलिय[४] भन्ने महामन्त्रीहरू पनि थिए । कुम्भघोषक खजाञ्ची थिए[५] । विशाख उपासक भण्डागारिक थिए[६] । कौमारभृत्य राजवैद्य थिए[७] । सुमनमालाकार दिनहुँ चमेलीको फूल ल्याउने राजाको मालाकार

१. अं. नि. अ. क. पृ ५९७

२. अं. नि–८. पृ ४२८

३. हेर तल "बिम्बिसार र धनीय भिक्षु" ।

४. पे. व. अ. क. पृ. १२१: अभिज्जमान पेतवत्थु ।

५. D. P. P. II. पृ. २८९

६. पे. व. अ. क, पृ. १७: तिरोकुड्डसुत्तं ।

७. हेर बुद्ध. गृ. पृ. ३५४

थिए[1]। व्यक्तिगत हितैषी साथीहरूमध्ये सोणकोलिविश थिए[2]। तक्षशिलाका राजा पुक्कुसाति[3], उज्जैनका राजा चन्द्रप्रद्योत[4] र कोशलराजासँग पनि राम्रो मैत्री सम्बन्ध थियो।

एकदिन, कुम्भघोषकको घरमा अहिवातकरोग[5] लागेको हुँदा बाबु चाहिंले आफ्नो छोरा कुम्भघोषकलाई घर मात्र होइन देश समेत त्यागेर आफ्नो ज्यू जोगाउने अर्ति दिएपछि, उ देश छोडेर गयो। १२ वर्षपछि राजगृह नगर फर्केर आयो। गाडिराखेको ४० कोटी धन भएता पनि उ कामगरेर नै जीविका गर्दैथियो। एकदिन राजाले उसको आवाज सुनेर – "यो एक धनी पुरुषको आवाजहो" भनी जानेर पनि सो पुरुष हेर्दा गरीव जस्तै देखिएकोले राजाले अनेक सोच विचार गरे। आवाज सुन्दा राजाले अवश्यनै धनीपुरुषहो भनी ठहऱ्याएका थिए। राजा ध्वनीविद् थिए। आवाज सुनी धनी गरीब छुट्याउन सक्दथे। तर सो पुरुष गरीब जस्तैगरी बसिरहेको देखेर राजाको मनमा, "यो पुरुष धनी भइकन पनि किन गरीब जस्तैभई बसेको रहेछ?" भन्ने लागेपछि अनेक सुराक, चिवा चर्चागरी अन्तमा स्त्रीलीलाद्वारा उ

१. धम्म. अ. क. पृ. २३९: सुमनमालाकार।

२. हेर तल, "बिम्बिसार–सोण श्रेष्ठीपुत्र"।

३. म. नि. अ. क. IV पृ. १७५

४. हेर बुद्ध. गृ. पृ. ३७९

५. अहिवातक भन्ने रोग लाग्दा पशुपक्षिदेखि क्रमैसंग मानिस-हरू पनि मरेर जान्छन्। घरछोडेर जाने मात्र बाँच्छन्।

धनपति भएको पत्तोलगाई, ४० कोटी धनको मालिक उसैलाई बनाई, सम्मानगरी, श्रेष्ठीपद मात्र नभई छोरी समेत दिई उसकै बाबु बसेको खजाञ्चीपदमा राखे[१]।

राजा बिम्बिसार जनताहरूको सुख दुःख बारे विशेष विचार राख्दथे। जनताको हर्ष विष्मात्‌मा सरीक हुन्थे। कुनै दिन सर्वसाधारण जनताको भोज वा उत्सवादी हुँदा जनताको चित्त बुझाउने हेतुले शहर परिक्रमा गरिदिन्थे[२]। जनताहरू राजासँग भेटगर्नपाउँदा अति प्रसन्नहुन्थे।

बिम्बिसार राजा राजगृहको यष्टिवनमा प्रथमबार, बुद्ध भगवान्‌को दर्शनगर्न जाँदा भण्डागारिक विशाख उपासक पनि साथमा थिए। त्यस समागममा स्रोतापन्न-फल प्राप्त गर्नेहरू मध्येमा यिनी पनि एकहुन्। बुद्धको उपदेश सुनी अनागामी-फल समेत प्रतिलाभ गरेपछि, यिनले आफ्नी धर्मपत्नी धर्मदिन्नालाई आमाको स्थानमा बस्ने अनुरोध गरेको कुरा सुनी, धर्मदिन्नाले आफ्नो पतिको अनुमतिलिई भिक्षुणी बन्ने इच्छा प्रकट गरिन्। अनि भण्डागारिक विशाख उपासकले आफ्नी पत्नीको इच्छाको कुरा राजालाई बिन्तिगर्दा राजाले धर्मदिन्नालाई वेणुवन पुऱ्याउन सुवर्णमय पाल्की दिए[३]।

---

१. धम्म. अ. क. पृ. ११६: कुम्भघोसकवत्थु; D. P. P. I. पृ. ६३८

२. विमा. व. अ. क. पृ. २५: कुञ्जरविमान।

३. म. नि. अ. क. पृ. २९६

बिम्बिसार राजाको राज्यमा बिम्बिसारभन्दा महाधनी कुबेर-पति जस्तै अमृतभोगी सेठहरू ५ जना थिए । जस्तै :— (१) जोतिय सेठ[१], (२) जटिल सेठ[१], (३) मेण्डक सेठ[२], (४) पूर्णक सेठ[३], र (५) काकवलिय सेठ[४] । कोशलराजा र बिम्बिसार राजा, परस्पर बहिनीहरूका पति भएका हुनाले यी दुइ राजाहरूका बीच बडो घनिष्ट सम्बन्ध थियो[५] । कोशलराजाको राज्यमा त्यस्ता कुनै पनि धनीकुल नभएकाले बिम्बिसारसँग त्यस्ता कुनै एक धनीकुललाई कोशलराज्यमा वासगर्न पठाउने अनुरोधगरी पठाएको बेलामा, बिम्बि-सार राजाले आफ्ना मन्त्री भारदारहरूसँग सल्लाहगर्दा कुनै पनि कुललाई 'जाऊ' भन्न नसकिने भएकोले, मेण्डक श्रेष्ठीको छोरा धनञ्जय श्रेष्ठी-लाई पठाएबाट बिम्बिसार राजा र कोशल राजाका बीच गहिरो मित्रता भएको जस्तै बिम्बिसारको राज्यमा कुबेरपति जस्ता धनपतिहरू धेरै रहेछन् भन्ने कुराको अनुमान राम्रैसँग गर्न सकिन्छ[६] । विशेषगरी जोतिय श्रेष्ठी बिम्बिसार राजाभन्दा अत्यधिक धनी रहेछन् भन्ने कुरा जोतिय श्रेष्ठीको घरहेर्न बिम्बिसार राजा जाँदा, अजातशत्रु आफ्नो

---

१. धम्म. अ. क. पृ. ६५२–६५९: जोतिय-जटिलत्थेरस्सवत्थु ।

२. धम्म. अ. क. पृ. ५०७: मेण्डकसेट्ठिवत्थु ।

३. धम्म. अ. क. पृ. ४८२: उत्तरायवत्थु; अं.अ क पृ. २४०

४. अं.नि.अ.क.पृ. २२०; धम्म अ. क. पृ. १९१

५. धम्म. अ. क. पृ. १९१

६. अं. नि. अ. क. पृ. २२०; धम्म. अ. क. पृ. १९१

बाबुको औंला समाती जाँदैथिए र जोतिय सेठको घर हेरी अजातशत्रुले मनमा, "मेरो बाबु काठको घरमा बस्छन्, यी सेठ मणिमय घरमा बस्छन्; म राजा भएपछि यसलाई यस्तो घरमाबस्न दिने छैन" भन्ने विचार गरेबाट पनि स्पष्ट बुझिन्छ[१]।

बुद्धधर्ममा दिक्षित

यता ३१ वर्षको उमेरमा बिम्बिसार राजा अभिषिक्त भएको १६ वर्ष भइसकेको थियो भने उता तथागत सम्यक् सम्बुद्ध ६ वर्षको घोर तपस्यापछि बुद्धगयामा बुद्धत्व प्राप्तगरी, ३५ वर्षको उमेरमा ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई धर्मचक्र उपदेश-दिइसकेपछि पुनः ५०० जटिलहरूका नायक उरुवेलकाश्यप, ३०० जटिलहरूका नायक नदीकाश्यप र २०० जटिलहरूका नायक गया-काश्यप आदि तीन दाजुभाइहरू बुद्धका अनुयायीभई भिक्षु भइसकेपछि, बिम्बिसार राजालाई "बुद्धभइ सकेपछि राजगृह आउनेछु" भन्ने वचन पालन गर्नु हुँदै भगवान् बुद्ध राजगृहमा जानुभयो[२]।

बुद्ध भगवान् राजगृहमा पाल्नुभयो भन्ने खबर यष्टिवन

---

१. धम्म. अ. क. पृ. ६८५: जोतियत्थेरस्सवत्थु ।

२. जा. अ क VII पृ १९४ महानारदकस्सप ।

उद्यानका पालेबाट पाएपछि, १२ लाख मागधिक ब्राह्मणहरूसँग बिम्बिसार राजा त्यहाँगए । अनि भगवान्‌बाट महानारद[1]जातकको उपदेश सुनी, ११ लाख मानिसहरूले धर्मावबोध गरी स्रोतापन्नफल साक्षात्कार गरे[2] । यी कुराहरू तल "बिम्बिसार समागम" मा उल्लेख भएका छन् । त्यसपछि बुद्धप्रमुख भिक्षुहरूलाई भोलिको निम्ति निम्तो गरेर राजा फर्केर गए । भोलिपल्ट बुद्ध भगवान्, राजा बिम्बिसारको दरबारमा जानुभई भोजनपछि जल अर्पणद्वारा प्रदानगरेको वेणुवन स्वीकारगरी फर्केर जानुभयो । यस बखत अभूतपूर्व भुइचालो गएको थियो[3] । त्यसै रात राजाले बडो डरलाग्दो किसिमको प्रेतहरूको आवाज सुनी, भोलिपल्ट बिहानै बुद्धकहाँ गई बिन्तिगर्दा भगवान्‌ले "डराउनपर्ने कुनै कारण नभएको र भवान्तरमा नातादारपर्ने प्रेतहरूले दानमयपुण्य नपाएकाले सो आवाज सुनाएका हुन् र दानदिने पुण्यकार्यगरी, उनीहरूलाई पुण्य अर्पित गरिदिएमा उनीहरू सन्तुष्टभई सुखी हुनेछन्" भन्ने कुरा सुनाउनु भएपछि राजाले पुनः दान दिई उनीहरूलाई उद्देश्यगरी पुण्य अर्पित गरिदिए[4] ।

जीवक वैद्यले भगवान् बुद्धलाई कमलको फूल सुँघाई ३० पटक विरेचन गराइसकेपछि भगवान् तन्दुरुस्तभई सर्वप्रथम, बाहिरको भोजन ग्रहणगर्ने दिनमा महामौद्गल्यायन महास्थविरले सोणश्रेष्ठी पुत्रको

---

१. जा. अ. क. VII पृ. १९४

२. बु. वं. अ. क. पृ. १९

३. बु. वं. अ. क. पृ. १९

४. खु. पा. अ. क. पृ. ९: तिरोकुड्डसुत्तं; पे.व.अ.क. पृ. १७

घरबाट सुगन्ध युक्त अत्यन्त उत्तम भोजन ल्याउनु भएको थियो[१]। सो भोजन ल्याइराखेको बेलामा बिम्बिसार राजा पनि विहारमा पुगेका थिए। त्यहाँ, भोजनको मग मग बास आइरहेको थियो। राजाले केको बासना हो भनी सोध्दा भोजनको बासना हो भन्ने कुरा सुनी, सो भोजन खाने इच्छा गरेको कुरा थाहापाउनुभई भगवान् बुद्धले राजालाई एक दुइ गाँस भोजन दिनु भएको थियो र बिम्बिसार राजा सो भोजन खाई त्यसमा आकर्षित भएका थिए। पछि राजाले कहाँबाट ल्याएको भोजन रहेछ भनी सोधनीगर्दा आफ्नै देशवासी सोण श्रेष्ठीपुत्रको घरबाट[२] ल्याएको हो भन्ने कुरा थाहापाएपछि सोण श्रेष्ठी पुत्रलाई भेट्ने इच्छा गरेका थिए[३]।

श्रद्धा र भक्ति

भरखरै प्रकाशमा आएको नयाँ धर्ममा (बुद्ध धर्ममा) दिक्षित भइसकेपछि राजा बिम्बिसारले बुद्धप्रति मात्र नभई बुद्धधर्म चिरस्थायीको निमित्त समेत् महत् श्रद्धा र भक्ति राखेका थिए। राजा स्वयंले महीनाको ६ दिन[४] उपोसथव्रत[५] पालन गर्थे। यस आदर्शबाट अरू सर्वसाधारण

---

१. हेर बुद्ध. गृ. पृ. ३५७. ३८४

२. समन्त. पा. पृ. ८३०

३. हेर तल, "बिम्बिसार–सोण श्रेष्ठीपुत्र"।

४. चतुर्दशी, पूर्णिमा, चतुर्दशी, औंसी र दुइ अष्टमी।

५. प्राणीहिंसा नगर्ने, चोरी नगर्ने, ब्रह्मचर्य पालनगर्ने, मृषावाद*

जनतालाई ठूलो प्रेरणा मिल्दथ्यो[1]। बुद्धधर्मप्रति राजाको मनमा अटल श्रद्धा बसिसकेको कुरा निम्न उदाहरणबाट पनि प्रमाणित हुन्छ :—

एक समय, वैशालीमा दुर्भिक्षपर्दा वैशालीवासी लिच्छवीहरूले महालि लिच्छवी—जो बिम्बिसार समागममा स्रोतापन्न भएका थिए[2]—लाई बिम्बिसार राजाकहाँगई भगवान् बुद्धलाई वैशाली नगरमा अवतरण गराउन निम्तोगरी ल्याउन पठाएको वेला, महालि लिच्छवी अनेक उपहारका साथ राजा बिम्बिसारकहाँगई बिन्तिगर्दा, बिम्बिसारबाट, "बुद्धसँग नै प्रार्थना गर्नू" भन्ने आज्ञा सुनेपछि उनले बुद्धसँग प्रार्थनागरी बुद्ध भगवान्‌लाई वैशाली नगरमा अवतरण गराएका थिए। त्यस बखत बिम्बिसार राजाले, "भगवान्‌ले वैशाली जाने स्वीकृति दिनु भयो" भन्ने सुनी बाटो-घाटो सफा सुग्घर गराई, राजगृहदेखि गंगाको किनारसम्मको ५ योजनको मार्गमा ठाउँ-ठाउँमा वासस्थान (विहार) हरू बनाए। बडो धुमधामसँग शृङ्गार गराई, दुइ डुङ्गाजोरी बनाइराखेको स्वेतछत्र सहितको मण्डपमा बुद्ध भगवान्‌लाई बसाई, घाँटीसम्म नडुबाउञ्जेल गंगाभित्र गई बुद्धलाई पुर्‍याई विदाइ गरेका थिए। यति मात्र होइन भगवान् बुद्ध नर्फकियुञ्जेलसम्म गंगाको किनारमै बास बसेका थिए।

---

* नगर्ने, सुरापान नगर्ने, विकाल भोजन नगर्ने, नृत्यगीत नसुन्ने र उच्चाशयनादि नगर्ने शील—नियम पालन गरी व्रत बस्नेलाई 'उपोसथ व्रत' भनिन्छ।

१. पे. व. अ. क. पृ. १५०: कूटविनिच्छयिक पेतवत्थु।

२. धम्म. अ. क. पृ. ५३७: गङ्गारोहनवत्थु।

वैशालीबाट फर्केर आउनु हुँदा पनि घाँटीसम्म डुबाउन्जेल गंगाभित्र पसी बुद्धको स्वागतार्थ गएका थिए[१] ।

राजालाई दिन प्रतिदिन सुवासित जूही र चमेली आदिको फूल ल्याउने सुमन मालाकार थियो । उसले दिनहुँ आठ कार्षापण पाउँदथ्यो । एकदिन बिहानै राजालाई फूल लगिरहेको बेलामा भगवान् बुद्धलाई सडकमा देखेर उसको मनमा बलवत् श्रद्धा र भक्ति उत्पन्न भई, "राजले मलाई चाहे प्राणदण्ड दिऊन्, चाहे देश निकाला गरून् किन्तु यो फूल भगवान्लाई नै चढाउनेछु" भन्ने दृढतागरी, जम्मै फूल भगवान्लाई चढायो । यो कुरासुनी उसकी पत्नी राजदण्डबाट डराई, "यो मूर्ख पतिले राजाकहाँ पुऱ्याउनुपर्ने फूल जम्मै बुद्धलाई चढायो । अब राजाले यसलाई मात्र नभई मलाई समेत दण्डितगर्ने छन् । किन मैले राजालाई अगाडिनै यो कुरा जाहेर नगरौं ?" भनी मनमा सोची राजाकहाँगई, "महाराज ! मेरो मूर्ख पतिले महाराजलाई चढाउनपर्ने फूल जम्मै बुद्धलाई चढाइदियो, यसमा मेरो कुनै कसुर छैन । मैले त्यस्तो मूर्ख पतिलाई छाडिपनि सकें । सजाँय उसैले पाओस् !" भनी बिन्ति गरेको सुनी राजा भित्र भित्रै सुमन मालाकारप्रति अत्यन्त प्रसन्नभई, बाहिरबाट रिसाएको जस्तोगरी, "त्यसोभए तिम्रो पतिले नै त्यसको फल भोग्नेछ" भनी आज्ञादिई तुरुन्त भगवान्को पछि पछि लागी सुमन मालाकारको प्रशंसा गर्दै, उसैदिन राजाले सुमन मालाकारलाई सर्वा-

---

१. सुत्त. नि. अ. क. पृ. २०३: रतनसुत्तं; धम्म. अ. क. पृ. ५३७: गङ्गारोहनवत्थु ।

ष्टक[1] पुरष्कारले विभूषित गरे। यस पुरष्कारमा दाश, दाशी, ८ हजार कार्षापण सहित गाउँ पनि समावेस थियो[2] ।

अर्को एक दिन राजालाई असमयमा, सारै नै आँपखाने इच्छा लागी उनले उद्यानपाललाई सारै नै आँप खाने इच्छाभएको कुरा सुनाए । उद्यानपालले, आँप न फल्ने समय भएको हुँदा एक ठूलो उपाय सोची उद्यानमागई, एक आँपको रूखको जरोमा अनेक प्रकारका रसायनपदार्थ हाली, केही दिन भित्रै चारवटा आँप जरोमै फलाई, ती आँपहरू राजालाई चढाउन गइरहेको बेला बाटोमा, अत्यन्त प्रसन्न मुद्रामा महामौद्गल्यायन महास्थविर भिक्षाटनको निमित्त गइरहनु भएको देखी, "अहो भाग्य ! यी आँप यी महास्थविरलाई चढाउन पाए म गरीबको कल्याण हुने थियो" भन्ने प्रबल श्रद्धा उत्पन्नभई, "राजाले मलाई प्राणदण्डै किन न दिउन्, किन्तु यी दुर्लभ आँप महास्थविरलाई नै चढाउनेछु" भन्दै प्राणार्पित दृढ श्रद्धाले महास्थविरको भिक्षापात्रमा चारैवटा आँप राखिदिइसके पछि, राजालाई विनम्रतापूर्वक वस्तुस्थितिको व्यहोरा बिन्तिगऱ्यो । राजाले सो व्यहोरा सत्य हो कि होइन भनी बुझ्न लगाउँदा, मौद्गल्यायन महास्थविरले ती आँपहरू भगवान्‌लाई चढाउँदा, भगवान्‌ले सारिपुत्र महास्थविर, मौद्गल्यायन महास्थविर तथा महाकाश्यप महास्थविरहरूलाई समेत एक एक ओटा दिनुभई आफूले पनि यौटा

---

१. प्रत्येक वस्तुको आठ आठ थान आठ वस्तु दान दिनेलाई 'सर्वाष्टक-दान' भन्द छन् ।

२. धम्म. अ. क. पृ. २३९: सुमन मालाकार वत्थु ।

ग्रहणगर्नु भएको कुरा सुनी, मगधराजा सेनीय बिम्बिसार अत्यन्त खुशी भए । अनि राजाले सो उद्यानपालसँग दान दिएबाट प्राप्त भएको पुण्यको भाग समेत मागी, उसलाई वस्त्रालंकार सहित एक गाउँ पनि बकस दिए[1] ।

धनीय भिक्षुले विना अनुमति काठगोदामबाट काठहरू लगी आफ्नो कुटी बनाउँदा पनि, राजाले चीवर वस्त्रप्रति भक्ति प्रकटगरी सो भिक्षुलाई त्यसै छोडि दिएका थिए[2] । एक दिन तपोदामा[3] नुहाउँन जाँदा त्यहाँ भिक्षुहरू नुहाइरहेको देखेर, भिक्षुहरूले नुहाइ नसिध्याएसम्म किनारामा बसिरहेका थिए[4] ।

बिम्बिसार राजाले अनाथपिण्डिक गृहपतिले जस्तै[5] बुद्धसँग कहिले पनि कुनै प्रश्नहरू सोधेको देखिदैन । केवल एक पटक भगवान्ले प्रातिहार्य[6] देखाउने घोषणागर्नु भएको सुनी बिम्बिसार राजाले बुद्धसँग, "भन्ते ! तपाइले ऋद्धि-प्रातिहार्य देखाउन हुन्न भन्ने नियम प्रज्ञापनगर्नु

---

१ विमा. व. अ. क. पृ. २३१ः फलदायक कथा ।

२ हेर तल, "बिम्बिसार र धनीय भिक्षु' ।

३. राजगृहमा तातोपानीको कुण्ड ।

४. हेर तल, "तपोदामा स्नान" भन्ने शीर्षकमा ।

५. हेर बुद्ध. गृ. पृ २८

६. अलौकिक चमत्कार देखाउनेलाई 'प्रातिहार्य' भन्दछन् ।

भएको छ। किन्तु तपाइले 'ऋद्धि-प्रातिहार्य देखाउनेछु' भनी घोषणा गर्नु भयो भन्ने सुन्दछु। कसरो तपाइले नियमको उल्लंघनगरी प्रातिहार्य देखाउनु हुन्छ ?' भनी सोध्दा भगवान् बुद्धले राजासँग निम्न कुरा सोध्नु भयो :—

"महाराज ! तपाइको राज्यमा कुनै अनधिकारी पुरुषले बगैंचाबाट आँप टिप्यो भने उसलाई तपाइले के गर्नु हुन्छ ?"

"दण्ड, सजाँय भन्ते !"

"तपाइले नै टिपेर लिंदा तपाइलाई के दण्ड हुन्छनि ?"

"भन्ते ! मलाई कुनै दण्ड लाग्दैन। किनकि बगैंचाको मालिक नै मै हुँ।"

"महाराज ! त्यस्तैगरी जुन् नियमहरू प्रज्ञापन गरिएकाछन् ती, भिक्षुहरूका निमित्त हुन् नकि मेरा निमित्त[1]।"

अर्को एक दुइ ठाउँमा राजाले बुद्धसमक्ष एकत्रित[2] हुने जस्ता केही सुझाउहरू पेशगरेको देखिन्छ।

कहिले कहिं राजकाजमा व्यस्त भएर आफूले दिएको वचन पूरागरिदिन भुलेता पनि स्मरण भएपछि सो काम पूरागरिदिने स्वभाव हामी राजाको जीवनमा पाउँदछौं। जस्तै—एकदिन, पिलिन्दवच्छ

---

१. धम्म. अ. क. पृ. ४३५: यमक पाटिहारिय वत्थु।

२. हेर तल, "एकत्रित हुने प्रार्थना", "सैन्यलाई प्रव्रज्या निषेध" इत्यादि।

महास्थविरलाई दिएको वचन ५०० रात भुलेर पनि, पुनः स्मरण भएपछि पुऱ्याईदिएको[१] र अर्को एकपटक पावावासी[२] गोधिक, सुबाहु, वल्लिय र उत्तिय[३] भन्ने चार मल्ल राजकुमारहरू बुद्धधर्ममा भिक्षुभई अरहत्फल प्राप्तगरी विचरणगर्दै राजगृहमा पुग्दा, बिम्बिसार राजाले वहाँहरूलाई निम्तोगरी, प्रत्येकलाई कुटी बनाइदिए। किन्तु छाना हाल्न बिर्सेको थियो। तर बिर्सेको कतिपय महीना पछि वर्षाद् याममा पनि वर्षाद् नभएकोले कुटीमा छाना हाल्न बिर्सेको कुरा सम्झी छाना राखिदिएपछि वर्षाद् पनि भयो[४]।

पुत्र-प्रेम

राजाले आफ्नो पुत्र अजातशत्रु राजकुमारमाथि कति प्यार गर्दथे भन्ने कुरा निम्न कुराहरूबाट अनुमान गर्न सकिन्छ :—

कोशलराजाकी छोरी, कोशलदेवी, बिम्बिसारकी अग्रमहिषी गर्भिणी छँदा, देवीको मनमा बिम्बिसार राजाको दाँहिने तिघ्राको रगत पिऊँ भन्ने प्रबल इच्छा भयो। यस्तो राक्षसी इच्छा गर्भस्थित बालकको

१, हेर तल, "बिम्बिसार र पिलिन्दवच्छ"।

२. मल्लराज्य पावावासी।

३. थेर. गा. पृ. २४६: गोधिकत्थेर गाथा; अ. क. पृ. १२३

४. थेर. गा. अ. क. पृ. १२५

प्रभावले हुनगएको होला भन्ने विचारगरी महारानीले अनेक उपायद्वारा गर्भपातगर्ने चेष्टा गरेको कुरा थाहापाई राजाले महारानीलाई कडा चेतावनी दिई भने :—"यदि मेरो बीजबाट जन्मिने सन्तानले मलाई मार्छ भने मारोस्, तर गर्भपातगर्न पाइनेछैन; सन्तानको मुख हेरेर मात्र मर्नेछु।" यस्तो राक्षसी इच्छाको कुरा सुनी जोतिषहरूले लक्षण विचारगरी, "गर्भस्थ बालकले पितृघात गर्नेछ" भन्ने भविष्यवाँणी सुनेर पनि राजाको चित्त अलिकति पनि विचलित भएको देखिंदैन। एकदिन, ५०० भिक्षुहरूलाई भोजनगराइ सकेपछि बुद्धको उपदेश सुनीरहँदा राजाले अजातशत्रु राजकुमारलाई काखमा लिई खेलाउनमा नै मुग्धभई धर्मश्रवणमा मनदिन नसकेको कुरा बुझी बुद्धले, "अतीत कालमा राजा-हरूले आफ्ना छोरालाई कहीं गुप्तस्थानमा राखी, आफू परलोक भएपछि राज्यगर्न आउनू" भनी भनेका थिए भन्नुहुँदै थुसजातकको कुराद्वारा ध्यान आकर्षितगर्दा पनि राजा पुत्रस्नेहमा नै मोहित भएका थिए[१]। अर्को एकपटक फेरि त्यस्तै धर्मश्रवणगरिरहेका बेलामा बालकलाई काखमालिई कहीले धर्मसुन्ने र कहीले बालकप्रति प्रेम विभोरभई बसेको देखी बुद्धले, "यस बालकबाट राजालाई अनागतमा भय उत्पन्न हुनेछ" भन्ने कुरालाई संकेत गर्नुहुँदै, "अतीतकालमा राजाहरूले शंकाजनक ठाउँमा शंकागरेका थिए" भनी भन्नुहुँदै मूसिकजातकको कुरा सुनाउनु भएको थियो[२]। तैपनि राजाले पुत्रप्रेमलाई छाड्न सकेका थिएन्।

---

१. जा. अ. क. III पृ. ८४

२. जा. अ. क. III पृ. १५०

एकदिन, युवक अजातशत्रुले देवदत्त भिक्षुको कुमन्त्रण सुनी, राजहत्यागर्ने नियतराखी मध्यान्न समयमै खोपीमा आएको बेलामा राजाले पुत्रप्रतिको महत् स्नेहबाट अजातशत्रु राजकुमारलाई राज्यनै दिएको कुरा तल उल्लिखित, "राज-हत्या" भन्ने शीर्षकबाटै प्रष्ट बुझिने छ। इत्यादि कुराबाट हामी यो बुझ्न सक्छौं कि राजाको हृदयमा पुत्रप्रति कत्तिको गहिरो स्नेह रहेको रहेछ।

धर्म-सन्देश

बिम्बिसार राजा सपरिवार बुद्धको शरणमा गएका कुरा; मगधराजा सेनीय बिम्बिसारबाट विशाल धनसम्पत्ति दान पाएका चम्पावासी[1] सोणदण्ड ब्राह्मणले[2]; मगधराजाले ब्रह्मदेयगरी दिएको खाणुमतक ब्राह्मण गाउँको मालिक, ख्यातिप्राप्त कूटदन्त ब्राह्मणले[3] तथा कोशलराज्यमा ओपसाद गाउँका मालिक चङ्की[4] ब्राह्मणले पनि

---

१. अङ्गदेशको राजधानी हाल जि० भागलपुर, बिहार, भारत; हेर G. D. पृ. ४४

२. दी. नि. I. पृ. ९७: सोणदण्डसुत्तं।

३. दी. नि. I. पृ. १०९: कूटदन्तसुत्तं। यी दुइ ब्राह्मणहरू बिम्बिसार राजाका पुरोहितहरू हुनसक्छन्।

४. म. नि. II पृ. ४२७: चङ्कीसुत्तं; हेर बुद्ध. ब्रा. पृ. १८७

मुक्तकण्ठले बताएका छन् । यसप्रकार नौलो बुद्धधर्म अँगाली धर्मावबोध गरेका राजा बिम्बिसारले बुद्धधर्मको जगबसाल्न आफ्नो सारा शक्ति लगाएको मात्र नभई धर्मप्रचारको कार्यमा समेत आफू स्वयंले सक्रीय भाग लिएको कुरा मज्झिमनिकायार्थकथा[1] धातुविभङ्ग[2] सूत्रवर्णनामा सविस्तर वर्णन गरिएको पाइन्छ । ती जम्मै कुरा यहाँ उल्लेखगर्न सम्भव नभए पनि केही कुरा प्रस्तुत गरिएको छ ।

त्यस बखत मध्यजनपदको राजगृह नगरमा बिम्बिसार राजाले राज्यगरि रहेको बेलामा, प्रत्यन्त देश मानिने तक्षशिला[3] नगरमा पुक्कुसाति भन्ने राजाले राज्यगर्दै थिए । त्यस देशका व्यापारीहरू राजगृह आई बिम्बिसार राजालाई कोसेली चढाई नमस्कारगरी बसिरहेका ती व्यापारिहरूसँग प्रेमपूर्वक कुशलवार्ता गर्दै त्यस देशका राजा तथा प्रजाहरूकाबारे कुशलक्षेम कुरा सोधी, तक्षशिलाका राजाको र आफ्नो उमेरमा समानता पाई, पुक्कुसाति राजा धार्मिक तथा धर्मात्माछन् र उनका देशवासी सुखपूर्वक बसेकाछन् भन्ने कुरा सुनी राजाले, "यस्ता राजासँग मित्रता राख्नु बढिया हुनेछ" भन्ने मनमा सोची, "तात ! के तिमीहरूले तिम्रो धार्मिक राजासँग मेरो मित्रता गराइदिन सक्छौ ?" भनी सोधे । "सक्छौं" भन्ने प्रत्युत्तर सुनी राजाले उनीहरूको बसोबा-

---

१. म. नि. अ क. IV पृ. १७६

२. म. नि. III पृ. ३२२

३. वर्तमानः पश्चिम पाकिस्तानको रावलपिण्डी जिल्ला अन्तरगत 'शाहकी धेरी' हेर G D. पृ. २००

सको व्यवस्थागराई, भंसार आदि करको छूट दिई—"हुन्छ जाऊ, फर्केर जाने बेलामा मलाई भेटेर जानू" भनी सुनाए। तिनीहरू फर्केर जाने बेलामा राजासँग भेट्न आउँदा राजाले उनीहरूलाई, "तक्षशिलाका राजा पुक्कुसातिको र त्यहाँका प्रजागणका कुशलक्षेम र सुस्वास्थ्यको बारे धेरै धेरै सोधेको छ भनी राजालाई सुनाइ देऊ" भनी भने। उनीहरूले आफ्नो देशमा फर्की राजालाई सो समाचार सुनाए। राजा यो समाचार सुनी, "मध्यप्रदेशका राजासँग मित्रता राख्न पाएँ" भनी अत्यन्त प्रसन्न भए।

केही समय पछि राजगृहवासी व्यापारीहरू पनि तक्षशिलागई त्यहाँका राजालाई कोसेली चढाए। पुक्कुसाति राजाले तिनीहरू राजगृह नगरबाट आएका भन्ने सुनी, "मेरो मित्रलाई र वहाँका जनतालाई कुशलक्षेम छ कि छैन" भनी सोधी पुक्कुसाति राजाले तिनीहरूलाई राजकीय पाहुना बनाई, उनीहरूसँग कुनै भंसार महसुल नलिने घोषणा गरिदिए।

उता बिम्बिसार राजाले पनि त्यस्तै घोषणा जारीगरी पुक्कुसाति राजालाई, "प्रत्यन्त देशमा अनेक मणिमुक्तादि रत्नहरू पाइन्छन्, त्यस्तो दर्शनीय र श्रवणीय रत्नहरू पाइँदा मात्सर्य न रहनू !" भन्दै एक पत्र पठाए। प्रत्युत्तरमा पुक्कुसाति राजाले पनि, 'मध्यप्रदेश भनेको अति विशाल देशहो, त्यहाँ अनेक मणिमुक्तादि रत्नहरू पाइन्छन्, त्यस्तो बेला मेरा मित्र मात्सर्य नहुनू" भन्ने पत्र पठाए। समय बित्दै गएपछि यी दुइ देशका राजाहरूका बीच, आपसी भेट-घाट् हुन नसकेता

पनि मित्रताको गाँठो बलियो भई अत्यन्त घनिष्ट सम्बन्ध कायम भयो। यस-प्रकार पत्र-सन्धिद्वारा परस्पर मित्रता कायमगरी बसेका यी राजाहरू मध्येबाट सर्वप्रथम पुक्कुसाति राजाले बिम्बिसार राजालाई ८ वटा पञ्चरंगी बहुमूल्य कम्बलहरू उपहार पठाए। यी मध्ये राजा बिम्बिसा-रले ४ वटा बुद्धलाई चढाए ४ वटा आफूले उपभोग गरे।

यी उपहार पाई राजा बिम्बिसारले पुक्कुसाति राजालाई, 'यो भन्दा श्रेष्ठोत्तम रत्नोपहार पठाउन पर्छ" भन्ने सोची, "वस्तुरत्न, हस्तिरत्न तथा मनुष्यरत्नहरू भन्दा सर्वश्रेष्ठ रत्न बुद्धरत्न, धर्मरत्न तथा सङ्घरत्न (त्रिरत्न) नै हुन्। यी रत्नहरूको सन्देश पठाउँदा बुद्ध-धर्म-सङ्घरत्न पनि पठाएका हुन्छ" भन्ने विचारगरी न धेरै पातलो, न धेरै बाक्लो, एकबित्ता चौडाइ भएको, चारहात लामो सुवर्ण-पत्र बनाउन लगाई त्यसमा, "बुद्ध, धर्म तथा सङ्घको सन्देश लेखी पठाउने छु" भनी निश्चयगरी बिहान सबेरै नुहाई धुवाई, उपोसथशील अधिष्ठा-नगरी, प्रातःकालको भोजनोपरान्त अलङ्कार भूषणहरू छाडी, हिंगुल वर्ण अर्थात् रातो मसी लिई, तलदेखि दैलो थुन्दै माथिल्लो तलामागई सिंहपञ्जर झ्याल उघारी, पूर्वपट्टिहेरी, "यहाँ बुद्ध, धर्म तथा सङ्घरत्न उत्पन्न भएको छ" भनी सम्पूर्ण 'इतिपिसो' आदि बुद्धगुणको पाठ लेखी निम्न गाथा पनि उल्लेख गरे :–

"यङ्किञ्चि वित्तं इध वा हुरं वा,
सग्गेसु वा यं रतनं पणीतं।

ननोसमं अत्थि तथागतेन,
इदम्पि बुद्धे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु[१] ।"

अर्थ :—

"जुन रत्नहरू इहलोक, परलोक र स्वर्गलोकमा उत्तम भनिन्छन् तिनीहरू तथागत समान छैनन् । अतएव बुद्धरत्न नै सर्वश्रेष्ठ रत्न हो यसै सत्यको प्रभावले स्वस्ति होस् !"

धर्मको गुण उल्लेख गर्दै, "स्वाक्खातो" आदि धर्मको पाठ जम्मै उल्लेखगरी, चार सतिपट्ठान (स्मृतिप्रस्थान), आर्यअष्टाङ्गिक मार्गादि सप्तत्रिंस (३७) बोधिपक्षीय धर्म[२] को कुरापछि रत्नसूत्रकै धर्मगुणको गाथा (श्लोक) पनि उल्लेखगरे । यस्तैगरी सङ्घको सन्देश लेख्दै, "सु·पतिपन्नो" आदि सङ्घको पाठ जम्मै उल्लेखगरी, "यस सङ्घमा संसारका धनी-गरीब, ठूला-स्याना, राजा-प्रजा, मन्त्री-भारदार, स्त्री-पुरुष, उच्च-नीच सबै प्राणीको लागि दैलो खुलेको छ" भन्दै संक्षिप्तशील, मध्यमशील र महाशीलकोबारे समेत चर्चागर्दै आनापान समाधिको

१. खुद्दकपाठ: रतनसुत्तं ।

२. ४सतिपट्ठान, ४सम्यग्प्रधान, ४ऋद्धिपाद, ५इन्द्रिय, ५बल, ७ बोध्यङ्ग र ८ अष्टाङ्गिकमार्ग-यी ३७ गुणधर्मलाई ३७ बोधिपक्षीय धर्म भन्दछन् । पटि. अ. क. पृ. ३३१

विस्तृत कुरा उल्लेखगरी रत्नसूत्रकै सङ्घगुणको गाथा उल्लेख गरेका थिए। यी सन्देशहरू उल्लेख गरिएको सुवर्ण-पत्र रेशमको कपडामा लपेटी, मणिमाणिक्यमय बट्टामा राखी, त्यसलाई सुनको बट्टामाराखी, क्रमशः स्पटिकको र काठको बट्टामाराखी पुनः त्यसै क्रमले उल्टो र सुल्टो क्रमगरी काठको बट्टामाराखी कपडाले लपेटो राज-मुद्राको लाहाछाप लगाई; सडकहरू पूर्णकलश र केराको थामले श्रृङ्गारगरी, सो सन्देश-युक्त मञ्जूषालाई स्वेतछत्र सहित राजसिंहासनयुक्त हात्तीमाराखी, पूर्ण राजकीय सम्मानका साथ, राजकीय पोसाक युक्त ससैन्य भारदार सहित स्वयं आफू पनि आफ्नो राज्यको सिमानासम्म पुऱ्याउनगई, सन्देश पत्र युक्त मञ्जूषालाई राजदूतको हातमाराखी बिदाइ गर्दा, "प्रत्यन्त देशमा बुद्ध भगवान् जानुहुँदैछ" भन्ने भावनालिई सन्देश मञ्जूषालाई पञ्चाङ्ग प्रतिष्ठित प्रणाम गरी राजा बिम्बिसार फर्केर आए।

यसप्रकार प्रज्ञायुक्त अटल श्रद्धाले सम्पन्न भएका राजाको अन्तिमघडी दुःखदायी जस्तो देखिएता पनि उनको हृदय विषयवासना-बाट निरपेक्षी भएको हुँदा, निर्वाणकै आलम्बनगरी चित्त एकाग्र गरेको हुँदा कुनै प्रकारले पनि उनको चित्तमा अशान्ति वा पीडा भएको देखिन्न। जन्मले बुद्ध भन्दा ५ वर्ष कान्छा भएका राजा बिम्बिसारले, १५ वर्षकै उमेरमा राज्याभिषेकपाई ५२ वर्षको राज्यकाल भित्र ३७ वर्षसम्म[1] शाक्यमुनी गौतम बुद्धको शीतल छत्र-छायामा आश्रय लिएका थिए।

× × ×

---

१. अंग्रे. महा. वं. पृ. १२

बिम्बिसार-तालिका

भाति = बिम्बि (= बिम्बिसारको आमा बाबु)
|
क. बिम्बिसार = कोशलदेवी महारानी
|
अजातशत्रु राजकुमार

ख. बिम्बिसार = खेमा महारानी

ग. बिम्बिसार = पद्मावती (गणिका)
|
अभय राजकुमार

घ. बिम्बिसार = अम्बपाली (गणिका)
|
विमल कौण्डन्य

ङ. बिम्बिसार =
|
शीलवराजकुमार, जयसेनराजकुमार, चुन्दराजकुमार, चुन्दीराजकुमारी

× × ×

मूल सूत्र :–

१–सिद्धार्थसँग भेट्

आनन्द :–

(१) चक्षुमान् (बुद्ध) जुन विचारगरी प्रव्रजित हुनु भएको हो सो कुराको वर्णन गर्छु[१] ।

(२) 'धूलो उत्पन्नहुने जस्तै घरावास सम्बाधपूर्णछ, प्रव्रज्या खुला आकाश जस्तै छ' भनी (सिद्धार्थ गौतम) प्रव्रजित हुनुभयो ।

(३) प्रव्रजितभई (वहाँले) पापकर्म विवर्जित गर्नु भयो र वची दुश्चरित्र छाडी, जीविका परिशोधन गर्नु भयो ।

(४) अनेक उत्तम लक्षणले सुसम्पन्न हुनु भएका बुद्ध, राजगृह अर्थात् गिरिव्रजमा भिक्षा जानुभयो ।

(५) त्यहाँ प्रासादमा बसेका राजा बिम्बिसारले, लक्षणयुक्त बुद्ध (सिद्धार्थ) लाई देखेर यस्तो भने :–

(६) "हे पुरुष ! हेर; यी वृहत् लीलाले सम्पन्न अभिरूप, आचरण सम्पन्न तथा युगमात्र हेर्ने[२] पुरुषलाई ।

---

१. सुत्त. नि. पृ. ३२९: पब्बज्जासुत्तं ।

२. चक्षुरिन्द्रिय संयमगरी चाहिने जति मात्र हेर्ने स्वभावकालाई 'युगमात्र हेर्ने' भनिन्छ ।

(७) "चक्षुसंयमगरी (यताउता नहेरी), स्मृतिवान् भएका यी पुरुष नीचकुलका जस्ता लाग्दैनन् ; राजदूत हो ! दौड, हेर; यी भिक्षु कहाँ जाँदा रहेछन् ? ।"

(८) "कहाँजाँदा रहेछन्, कहाँ बस्दा रहेछन्" भन्दै राजाले पठाएका ती पुरुषहरू ती भिक्षुका पछि पछि लागे ।

(९) रक्षित इन्द्रिय, सुसंयमी, सम्प्रज्ञानी तथा स्मृतिवान् ती भिक्षुले भिक्षाटन् गरी क्रमशः पात्र पूरितगरे ।

(१०) पिण्डाचारगरिसके पछि, नगरबाट निस्की, ती भिक्षु 'यहाँ बास हुनेछ' भनी सोची पाण्डव पर्वतको उकालो चढे ।

(११) त्यहाँ (पाण्डव पर्वतमा) गएको देखी, ती दूतहरू पनि त्यहीँनै बसे र त्यसमध्ये एकजना मात्र फर्की राजालाई बिन्ति गऱ्यो :--

(१२) "महाराज ! ती भिक्षु, गिरि-गुफामा व्याघ्र-वृषभ अथवा सिंह बसेझैं पूर्वपट्टि हेरी पाण्डव पर्वतमा बसेकाछन् ।"

(१३) दूतको कुरा सुनी क्षत्रीयराजा भद्रयानमा बसी, हतार हतार यानलाई पाण्डवपर्वत पुऱ्याए ।

(१४) राजा यानभूमिसम्म यानमा गई, त्यसपछि यानबाट ओर्ली, पैदलनै त्यहाँ गए । त्यहाँ पुगेपछि नगिचमा बसे ।

(१५) बसेका राजाले सम्मोदन गरे । कुशलक्षेम कुराकानी गरिसकेपछि राजाले सोधे :—

(१६) "तपाइ युवा तथा तन्नेरी नै हुनुहुन्छ, प्रथम बैंशको शिशुजस्तै हुनुहुन्छ, वर्णसम्पन्न जातिले क्षत्रीय जस्तो लाग्छ ।

(१७) "म तपाइलाई अनेक सेनाले सुशोभित हस्ति समूह सहित उपभोग सम्पत्ति (राज्य) दिनेछु, उपभोग गर्नु होस्; तपाइको जाति के रहेछ ? सो पनि बताउनुहोस् ।"

सिद्धार्थ :—

(१८) "हे राजन् ! यहाँबाट सीधा त्यसतरफ[1] हिमालयको पार्श्वमा, जनपराक्रम, सुसम्पन्न, कोशल राज्यको निकेतन अर्थात् प्राचिन देशछ ।

(१९) "त्यहाँ आदित्य गोत्रका शाक्य जाति छन्; त्यसै कुलबाट प्रव्रजित भएर आएको हुँ, न कि काम विषयको खोजीगरी ?

(२०) "कामविषयको दोषलाई देखी, नैष्क्रम्यलाई 'क्षेम' संझी तपश्चर्याकोनिम्ति जाँदैछु-यसैमा मेरो मन लाग्छ (न कि कामविषयमा) ।"

× × ×

मूल पालि : –

२–बिम्बिसार-समागम

गयाशीर्ष[2] (पर्वत) मा इच्छानुसार बस्नु भइसकेपछि एक

---

१. हातले आफ्नो देशको दिशातिर देखाउनु हुँदै ।

२. गयाशीर्ष = गयाको ब्रह्मयोनि पर्वत हि वि. पि पृ. ९४

दिन भगवान् १,००० विशाल भिक्षु परिषद्का साथ–सबैं पुराना जाटिल-हरू जो भिक्षु भएका थिए–चारिकागर्दै राजगृहतिर जानु भयो[१]। चारिकाको अन्तमा भगवान्, जहाँ राजगृह हो त्यहाँ पुग्नुभयो। राज-गृहस्थित यष्टिवन[२] उद्यानको सुप्रतिष्ठित चौरमा बस्नुभयो[३]। त्यसबखत मगधराजा सेनीय बिम्बिसारले, "श्रमण गौतम शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजितभई राजगृहमा आइपुग्नुभई राजगृहस्थित यष्टिवनोद्यानको सुप्रतिष्ठित चौरमा बस्नु भएको छ" भन्ने खबर सुने–

"श्रमण गौतम शाक्यपुत्र, शाक्यकुलबाट प्रव्रजितभई राजगृहमा आइपुग्नुभई राजगृहस्थित यष्टिवनोद्यानको सुप्रतिष्ठित चौरमा बस्नु भएको छ र वहाँ भगवान् गौतमको यस्तो कल्याणकीर्ति शब्द आका-शमा गुञ्जिरहेको छ – 'वहाँ भगवान् अरहत्, सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यहरूका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ। वहाँले देव, मार, ब्रह्मा, श्रमण ब्राह्मण सहित प्रजागणलाई र देवमनुष्यहरूलाई स्वयं अभिज्ञान साक्षा-त्कारगरी धर्म प्रकाश गर्नुहुन्छ। वहाँले आदिकल्याण, मध्यकल्याण,

---

१: महा. व. पृ ३५: विम्बिसार समागम कथा, महाखन्धकं।

२. यष्टिवन अर्थात् मुलेठीको बन। लहराले सुशोभित भएको बन। यो वनोद्यान राजगृहको बाहिर दक्षिण-पश्चीम दिशामा पर्दछ–D. P. P. II. ७७२

३. समन्तपासादिका अनुसार त्यसबखत भगवान् एक ठूलो बरको रुखमनी वस्नु भएको थियो–पृ. ७२६

पर्यवशानकल्याण हुने; अर्थसहित, व्यञ्जनसहित, केवल परिपूर्ण, परिशुद्ध ब्रह्मचर्यको प्रकाश गर्नु हुन्छ। त्यस्ता अरहतको दर्शनगर्नु कल्याणर हो'।"

अनि मगधराजा सेनीय बिम्बिसार १२ नयुत (लाख) मागधिक ब्राह्मण गृहपतिहरू सहित जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। ती १२ नयुत मागधिक ब्राह्मण गृहपतिहरूमध्ये केही भगवान्लाई अभिवादनगरी एक छेउमा बसे; केही भगवान्सँग सम्मोदन तथा कुशलक्षेम कुराकानीगरी एक छेउमा बसे; केही भगवान्लाई हातजोडी नमस्कारगरी एक छेउमा बसे; केही भगवान्को अगाडि नाम र गोत्र सुनाई एक छेउमा बसे; केही चुपचापभई एक छेउमा बसे। त्यसबखत ती १२ नयुत ब्राह्मण गृहपतिहरूको मनमा यस्तो लाग्यो :—

"महाश्रमण गौतम उरुवेल काश्यपका समक्ष ब्रह्मचर्य पालन गर्दै हुनुहुन्छ कि अथवा उरुवेल काश्यप महाश्रमण गौतमका समक्ष ब्रह्मचर्य पालनगर्दै छन्; कसो रहेछ ?"

अनि भगवान्ले ती १२ नयुत मागधिक ब्राह्मण गृहपतिहरूका मनको कुरा आफ्नो मनले जानी, आयुष्मान् उरुवेल काश्यपलाई गाथाद्वारा यस्तो सोध्नु भयो :—

"किमेव दिस्वा उरुवेलवासी,
पहासि अग्गि किसको वदानो।
पुच्छामि तं, कस्सप, एतमत्थं,
कथं पहीनं तव अग्गिहुत्तं ?"

अर्थ :—

'हे उरुवेल काश्यप ! तिमीसँग म सोध्दछु कि—कृशक हुने उपदेशदिने तिमीले के देखेर अग्निहोत्र छाडेका हौ ? कसरी तिम्रो अग्निहोत्र छुट्यो :—

उरुवेल काश्यप :—

"रूपे च सद्दे च अथो रसे च,
कामित्थियो चाभिवदन्ति यञ्ञा ।
एतं मलं ति उपधीसु ञत्वा,
तस्मा न यिट्ठे न हुते अरञ्जि ति ।"

अर्थ :—

"रूप, शब्द, रस तथा नारीको कामनागर्नेहरू यज्ञको प्रशंसा गर्छन् । अतएव मैले यसै रूपादि तृष्णालाई चित्तको मल संझी, पञ्च-स्कन्धमा हुने उपधि (तृष्णा) लाई जानी (देखी) यज्ञ तथा होमगर्न छाडिदिएको हुँ ।"

भगवान् :—

"एत्थच ते मनो न रमित्थ,
रूपेसु सद्देसु अथो रसेसु ।

अथ को चरहि देवमनुस्सलोके,
रतो मनो, कस्सप, ब्रूहि मेतं ति ?"

अर्थ :—

"यदि रूप, शब्द तथा रसमा तिम्रो मन लाग्दैनभने, देवमनुष्य लोकहरूमध्ये तिम्रो मन कहाँ लाग्छ ? हे काश्यप ! भन ।"

उरुवेल काश्यप :—

"दिस्वा पदं सन्तमनूपधीकं,
अकिञ्चनं कामभवे असत्तं ।
अनञ्ञथा भाविमनञ्ञनेय्यं,
तस्मा न यिट्ठे न हुते अरञ्जिं ति ।"

अर्थ :—

"रागादि प्रपञ्चबाट सुविमुक्त, भवतृष्णामा अनासक्त, अन्यथाभाव नहुने, अर्कालें पुऱ्याइदिन नसक्ने—स्वयं पुग्नुपर्ने- उपधि (तृष्णा) रहित शान्तपद (निर्वाण) देखेकोहुँदा—यज्ञहोम त्यागी दिएको हुँ, यसैमा मेरो मन लाग्छ ।"

त्यसपछि उरुवेल काश्यप आसनबाट उठी उत्तरासङ्ग चीवर

एकांशगरी भगवान्को चरणकमलमा शीरले ढोगी भगवान्सँग यस्तो बिन्तिगरे :—

"भन्ते ! भगवान् मेरो शास्ता हुनुहुन्छ, म भगवान्को श्रावक (शिष्य) हुँ ! भन्ते ! भगवान् मेरो शास्ता हुनुहुन्छ, म भगवान्को श्रावक (शिष्य) हुँ !!"

त्यसपछि ती १२ नयुत मागधिक ब्राह्मण गृहपतिहरूका मनमा — "उरुवेल काश्यप, महाश्रमण गौतमका समक्ष ब्रह्मचर्य पालनगर्दै रहेछन्" भन्ने लाग्यो । भगवान्ले ती १२ नयुत ब्राह्मण गृहपतिहरूका मनको कुरा थाहापाई त्यसबेला वहाँले तिनीहरूलाई आनुपूर्विकथा सुनाउनु भयो :—दान कथा, शील कथा, स्वर्ग कथा, कामविषयको-दोष कथा, कामविषयको-तुच्छ कथा, कामविषयको-संक्लिष्ट कथा र नैष्क्रम्यको गुण कथा ।

जब भगवान्ले तिनीहरूको चित्त, "उपयुक्तछ, मृदुछ, नीवरण रहितछ, उत्साहपूर्णछ तथा प्रसन्नछ" भनी जान्नुभयो तब भगवान्ले, तिनीहरूलाई स्वयं खोजिगरी पाउनुभएको धर्मोपदेश गर्नु भयो—"यो दुःख हो, यो दुःखको हेतु हो, यो दुःख निरोध हो तथा यो दुःख निरोध हुने मार्ग हो ।" जस्तै न मैलेको, सफा र सुकिलो वस्त्रलाई रँगाउँदा राम्ररी रँग बस्दछ, त्यस्तैगरी बिम्बिसार प्रमुख ११ नयुत (लाख) मागधिक ब्राह्मण गृहपतिहरूलाई उसै आसनमा विरज, वीतमल, धर्मचक्षु उत्पन्न भए—"जे जति समुदय-धर्महुन् ती जम्मै निरोध-धर्म हुन् ।" ११ नयुत मानिसहरूले उपासकत्व ग्रहणगरे ।

शरणागमन

अनि मगधराजा सेनीय बिम्बिसारले धर्म देखिसकेपछि, धर्म प्राप्त गरिसकेपछि, धर्मावबोध गरिसकेपछि, धर्मको गम्भीरतामा पुगिसकेपछि—सन्देह रहित निश्चिन्तभई विशारदतामा प्रतिष्ठित भइसकेपछि तथा शास्ताको धर्मावबोध गर्नकानिमित्त कसैको भरमापर्न नपर्ने भइसकेपछि, भगवान्सँग यस्तो बिन्तिगरे :—

"भन्ते ! अघि म कुमारछँदा, मेरा, पाँच अभिलाषाहरू थिए—तीं अहिले पूरा भइसके। भन्ते ! अघि म कुमारछँदा मलाई यस्तो लाग्थ्यो—

(१) "अहो मैले राज्याभिषेक पाए बेस हुन्थ्यो।" भन्ते ! यही मेरो पहिलो अभिलाषा थियो जो अब पुरा भइसकेको छ।

(२) "मेरो राज्यमा अर्हत् सम्यक् सम्बुद्ध पाल्नु भए बेस हुन्थ्यो।" भन्ते ! यही मेरो दोश्रो अभिलाषा थियो जो अब पुरा भइसकेको छ।

(३) "वहाँ भगवान्सँग सत्संगतगर्न पाए बेसहुन्थ्यो।" भन्ते ! यही मेरो तेश्रो अभिलाषा थियो जो अब पुरा भएको छ।

(४) "वहाँ भगवान्ले मलाई धर्मोपदेश गर्नु भए बेस हुन्थ्यो।" भन्ते ! यही मेरो चौथो अभिलाषा थियो जो अब पुरा भएको छ।

(५) "भगवान्को धर्म मैले बुझ्न सके बेस हुन्थ्यो।" भन्ते ! यही मेरो पाचौं अभिलाषा थियो जो अब पुरा भएको छ।

"भन्ते ! यिनै मेरा पाँच अभिलाषाहरूहुन् जुन् अब पुरा भइसकैका छन् । अघि म कुमारछँदा जुन पाँच अभिलाषाहरू ममा थिए तीं जस्तै अहिले पुरा भइसकेका छन् ।

"धन्य भन्ते ! धन्य भन्ते !! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा, ढाकेकोलाई उघारिदिंदा, बाटो भुलेकालाई बाटो देखाईदिंदा तथा अँध्यारोमा तेलको बत्ती राखिदिंदा–आंखा हुनेहरूले रूप देखेझैं भगवान्‌ले अनेक प्रकारले धर्मप्रकाश गरिदिनु भयो । अब म भगवान्‌को शरणमा पर्दछु, धर्म र सङ्घको पनि। आजीवनसम्म भगवान्‌को शरणमा आएको उपासक हो भनी भगवान्‌ले मलाई स्वीकार गर्नुहोस् र भिक्षुसङ्घ सहित भोलिको-निम्ति मेरो भोजन पनि स्वीकार गर्नुहोस् ।"

भगवान्‌ले तूष्णिभावद्वारा स्वीकार गर्नु भयो ।

त्यसपछि मगधराजा सेनीय बिम्बिसार, भगवान्‌ले निम्तो स्वीकार गर्नु भयो भन्ने बुझी आसनबाट उठी, भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए ।

मगधराजा सेनीय बिम्बिसारले त्यस रात बितिसकेपछि प्रणीत खाद्य-भोज्य प्रतिपादनगर्न लगाई भगवान्‌लाई समयको सूचना पनि दिन पठाए—"भन्ते ! भोजनको समय भयो, भोजन तयार छ ।"

शक्रद्वारा बुद्धवर्णना

भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी,—सबै ती पुराना जटिलहरूका साथ, विशाल भिक्षु परिषद् सहित—राजगृह

नगरमा पस्नु भयो । त्यसबखत शक्रदेवेद्र, माणवक रूप धारणगरी बुद्ध प्रमुख भिक्षुसङ्घका अगाडि यी गाथाहरू गाउँदै जाँदै थिए :—

१—"दन्तो दन्तेहि सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवण्णो[१] राजगहं पाविसि भगवा ॥

२—"मुत्तो मुत्तेहि[२] सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवण्णो राजगहं पाविसि भगवा ॥

३—"तिण्णो तिण्णेहि[३] सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवण्णो राजगहं पाविसि भगवा ॥

४—"सन्तो सन्तेहि[४] सह पुराणजटिलेहि विप्पमुत्तो विप्पमुत्तेहि ।
सिङ्गीनिक्खसुवण्णो राजगहं पाविसि भगवा ॥

५—"दसवासो दसबलो दस धम्म विदू दसभि चुपेतो ।
सो दससतपरिवारो राजगहं पाविसि भगवा'ति ॥"

अर्थ :—

१—"जो स्वयं दान्त र विमुक्तभई—दान्तभएका र विमुक्तभएका पुराना जटिलहरूका साथ—कुन्दन फूलको जस्तो वर्ण हुनुभएका भगवान्

१. बर्मी, सिहलमाः 'सिङ्गिनिक्खसवण्णो' ।

२. सिहलमाः 'सन्तो सन्तेहि सह' ।

३. सिहलमाः 'मुत्तो मुत्तेहि' ।

४. सिहलमाः 'तिण्णे तिण्णेहि' ।

बुद्ध-राजगृह नगरतिर प्रवेशगर्दै हुनुहुन्छ ।

२—"जो स्वयं मुक्त र सुविमुक्तभई,-मुक्त र सुविमुक्त भएका पुराना जटिलहरूका साथ,-कुन्दन फूलको जस्तो वर्ण हुनु भएका भगवान् बुद्ध राजगृह नगरतिर प्रवेशगर्दै हुनुहुन्छ ।

३—"जो स्वयं उत्तीर्ण र विमुक्तभई-उत्तीर्ण र विमुक्त भएका पुराना जटिलहरूका साथ-कुन्दन फूलको जस्तो वर्ण हुनु भएका भगवान् बुद्ध राजगृह नगरतिर प्रवेशगर्दै हुनुहुन्छ ।

४—"जो स्वयं शान्त र विमुक्तभई-शान्त र विमुक्त भएका पुराना जटिलहरूका साथ-कुन्दन फूलको जस्तो वर्ण हुनु भएका भगवान् बुद्ध राजगृह नगरतिर प्रवेशगर्दै हुनुहुन्छ ।

५—"दश-आर्यवास[१], दशबल[२], दशधर्मविद्[३], तथा दश-अशैक्ष-धर्म[४]लेयुक्त तथागत एक हजार भिक्षुहरूले परिवृत्तभई राजगृह नगरतिर प्रवेशगर्दै हुनुहुन्छ ।"

---

१. दश-आर्यवास :— (१) पञ्चनीवरण रहित; (२) षडङ्गसम्पन्न :— चक्षुले रूप हेर्दा, श्रोतले शब्द सुन्दा, घ्राणले गन्ध सुँघ्दा, जिह्वाले रसास्वादगर्दा, कायले स्पर्श अनुभवगर्दा र मनले मनको विषय मननगर्दा न सुमन, न दुर्मन हुन्छ बलिक उपेक्षीभई स्मृतिसम्प्रजन्य ज्ञानले युक्त हुन्छ; (३) एकारक्षा—स्मृतियुक्त; (४) चतुरार्याश्रयी :—*

* अर्थात् राम्ररी जानीबुझी कुनै वस्तुको सेवन, कुनै वस्तुको स्वीकार, कुनै वस्तुको दूरिकरण र कुनै वस्तुको परित्याग; (५) भिन्नाभिन्न सत्य (दर्शन) को त्याज्य–अर्थात् जो भिन्न भिन्न श्रमण ब्राह्मणहरूले, "यही सत्यहो अरू मिथ्या" भनी भन्छन् त्यस्ता सत्य (दर्शन) को परित्याग; (६) सबै एषणा (खोज) बाट मुक्त–कामेषणा, भवेषणा रहितभई ब्रह्मचर्येषणा प्रतिप्रशब्ध भएको हुन्छ; (७) अनिर्मल सङ्कल्पबाट सुविमुक्त- कामसंकल्प, ब्यापादसंकल्प तथा विहिंसा-संकल्पबाट सुविमुक्त; (८) प्रशब्ध कायसंस्कार–सुख दुःखलाई त्यागी, पहिलेनै सौमनस्य दौर्मनस्यको अन्तगरी, सुख दुःख न भएको उपेक्षास्मृति परिशुद्ध भएको चतुर्थध्यान प्राप्त; (९) सुविमुक्त चित्त–राग, द्वेष तथा मोहचित्तबाट विमुक्त; (१०) सुविमुक्त प्रज्ञा–राग, द्वेष तथा मोहलाई छेदनगरेको, काटेको तालवृक्ष झैं पुनः उत्पन्न हुन नसक्ने । यिनै दश-धर्म-हरूलाई "**दशआर्य वास**" भनिन्छन् । दी. नि III पृ. २०७ः सङ्गीतिसुत्तं ।

२. **दशबल** :— शारीरिक दशबल र ज्ञानदशबलमध्ये यहाँ ज्ञानदशबल लिएको हो । ती हुन् :— (१) कारणाकारण ज्ञान, (२) कुशलाकुशल कर्म गर्नेहरूको कर्मफल यस्तो यस्तो हुन्छ भन्ने "विपाक ज्ञान"; (३) सुगति दुर्गति आदि सबै गतिको ज्ञान; (४) अनेक नाना धातुको

मानिसहरूले शक्रदेवेन्द्रलाई देखेर यस्तो भने :—"यो माणवक अभिरूप छ! यो माणवक दर्शनीय छ! को रहेछ यो माणवक ?" यस्तो भन्दा शक्रदेवेद्रले ती मानिसहरूलाई गाथाद्वारा भने :—

"यो धीरो सब्बधि दन्तो, सुद्धो[१] अप्पटिपुग्गलो ।
अरहं सुगतो लोके, तस्साहं परिचारको ति ॥"

ॐ ज्ञान; (५) विभिन्न विचारधारा हुने सत्वहरूको ज्ञान; (६) परसत्वका श्रद्धेन्द्रियादि विषयको ज्ञान; (७) ध्यान विमोक्ष समाधि समापत्तिहरूको हानी र अभिवृद्धिको ज्ञान; (८) पुर्वानुस्मरण ज्ञान; (९) दिव्यचक्षु ज्ञान र (१०) आस्रवक्षय ज्ञान–यिनै दशज्ञान-बललाई 'दशबल' भन्दछन् । म. नि. I. पृ. ९८: महासीहनादसुत्तं ।

३. दश-धर्मविद् :— दश कुशलाकुशल कर्मपथ जान्ने । हेर बुद्ध. ब्रा. पृ. ३५०; दी. नि. III. २०७: सङ्गीतिसुत्तं ।

४. दश–अशैक्ष–धर्म :— (१) अशैक्ष-सम्यक्दृष्टि, (२) अशैक्ष-सम्यक् संकल्प, (३) अशैक्ष-सम्यक् वाचा, (४) अशैक्ष-सम्यक् कर्म, (५) अशैक्ष-सम्यक् जीविका, (६) अशैक्ष-सम्यक् व्यायाम, (७) अशैक्ष-सम्यक स्मृति, (८) अशैक्ष-सम्यक् समाधि, (९) अशैक्ष-सम्यक् ज्ञान र (१०) अशैक्ष-सम्यक् विमुक्ति । दी नि. III पृ. २०९: सङ्गीतिसुत्तं ।

१. रोमनमा: 'बुद्धो' ।

अर्थ :—

"जो सबै प्रकारले शान्तदान्त तथा जो अद्वितीय शुद्धपुरुष हुनुहुन्छ, जो अरहत्‌भई लोकमा सर्वोत्तम मार्गमा पुग्नुभएको हुनुहुन्छ—वहाँकै म परिचारक हुँ ।"

वेणुवन-दान

भगवान् जहाँ मगधराजा सेनीय बिम्बिसारको निवासस्थानहो त्यहाँ जानुभयो र त्यहाँ गइसकेपछि भिक्षुसङ्घ सहित बिच्छ्याइ राखेको आसनमा बस्नुभयो । मगधराजा सेनीय बिम्बिसारले बुद्ध प्रमुख भिक्षुसङ्घलाई प्रणीत खाद्य-भोज्य आफ्नै हातले सन्तर्पितगरी, सन्तृप्तगराई, भोजनपछि भगवान्‌ले पात्र एक छेउमा राखिसकेपछि, राजा बिम्बिसार एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारको मनमा यस्तो लाग्यो : —

"भगवान्‌लाई कहाँ बसाउन योग्य होला ? जुन ठाउँ गाउँबाट धेरै टाढा पनि नहोस्, न धेरै नगिच नै; गमनागमनको सुविधा पनि होस्; इच्छुकहरूलाई आउन जान सजिलो पनि होस्; दिनमा अल्पभीड र रातमा अल्पशब्द र अल्पघोष पनि होस्; मनुष्यहरूको वायुमण्डलबाट दूर रहोस्; रहस्यमय कामगर्ने मनुष्यहरूलाई पाएक पर्ने जस्तो निर्जन स्थान होस् र जुन ठाउँमा बासगर्दा ध्यानगर्न समेत उपयुक्त होस् । (यस्तो ठाउँमा भगवान्‌लाई बसाउन उचित हुनेछ)"

त्यसपछि मगधराजा सेनीय बिम्बिसारले यस्तो विचार गरे :—

"यो हाम्रो वेणुवनोद्यान गाउँबाट धेरै टाढा पनि छैन, न धेरै नजिच नै छ; गमनागमनको सुविधा पनि छ; इच्छुकहरूलाई आउन जान सजिलो पनि छ; दिनमा अल्पभीड र रातमा अल्पशब्द तथा अल्पघोष पनि छ; मनुष्यहरूको वायुमण्डलबाट दूर पनि छ; रहस्यमय कामगर्ने मनुष्यहरूलाई पाएक पर्ने जस्तो निर्जनस्थान पनि छ र जुन ठाउँमा बसी ध्यानगर्न समेत उपयुक्त छ। अतएव किन मैले वेणुवनोद्यान बुद्ध प्रमुख भिक्षुसङ्घलाई प्रदान नगरूँ ?"

अनि मगधराजा सेनीय बिम्बिसारले सुवर्णमय कलश हातमा लिई जल अर्पणगरी "भन्ते ! यो वेणुवनोद्यान बुद्ध प्रमुख भिक्षुसङ्घलाई अर्पण गर्छु" भन्दै भगवान्‌लाई अर्पण गरे। भगवान्‌ले आराम स्वीकार गर्नुभयो। त्यसपछि भगवान्‌ले मगधराजा सेनीय बिम्बिसारलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आसनबाट उठी फर्केर जानुभयो। यस पछि भगवान्‌ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भई —"भिक्षुहो ! आरामोद्यान स्वीकारगर्ने अनुज्ञा दिन्छु" भनी भन्नुभयो।

× × ×

मूल पालि :—

३–चिकित्सा

त्यस समय मगधराजा सेनीय बिम्बिसारलाई अळकाई रोग थियो[१]। देवीहरूले देखेर हँस्सी उडाउँथे—"देव ! अब तपाइ ऋतुमती हुनुभयो। देवको फूल फुलेको छ[२]। अब देवले चाँडैनै जन्माउनु हुनेछ।" यस कुराले राजा चुप हुन्थे।

एक दिन मगधराजा सेनीय बिम्बिसारले राजकुमार अभयलाई भने :—

"हे भणे, अभय ! मलाई त्यस्तो रोग भएको छ जसलेगर्दा कपडामा रगत लाग्छ। देवीहरूले मलाई देखेर हँस्सी उडाउँछन् —'देव ! अब तपाइ ऋतुमती हुनुभयो। देवको फूल फुलेको छ। अब देवले चाँडैनै जन्माउनु हुनेछ।' त्यसो हुनाले, हे भणे अभय ! तिमीले त्यस्तो वैद्य खोज जसले मलाई औषधी गर्न सकोस् !"

"हे देव ! हाम्रै तरुण जीवक वैद्य राम्रो छ। देवलाई उसले औषधी गर्नेछ।"

अनि अभय राजकुमारले जीवक कौमारभृत्यलाई आज्ञा दिए:—

---

१. महा. व. पृ. २९०: बिम्बिसारराजवत्थु, चिवरक्खन्धकं।

२. पालिसाहित्यमा मासिकधर्मलाई 'फूल फुलेको' भन्दछन्।

"हे भणे जीवक ! जाऊ, राजालाई औषधी गर ।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्य, अभय राजकुमारको आज्ञा सुनी नङ्‌मा औषधी लिई, जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँगई मगधराजा सेनीय बिम्बिसारसँग बिन्तिगरे :—

"हे देव ! म तपाइको रोग हेर्न चाहन्छु ।"

अनि जीवक कौमारभृत्यले मगधराजा सेनीय बिम्बिसारको अलकाई रोगलाई एकै लेपले निकोपारिदिए । मगधराजा सेनीय बिम्बिसार निरोगीभई पाँचशय स्त्रीहरूलाई सबै अलङ्कारले विभूषित गराई, पुनः ती सबै अलङ्कार आभूषणहरू फिक्नलगाई एक पोकोपार्न लगाई राजाले जीवक कौमारभृत्यलाई भने :—

"हे भणे जीवक ! यो, पाँचशय स्त्रीहरूका आभूषणहरू जस्मै तिमीलाई भयो ।"

"देव ! त्यसै रहोस् । देवले मैले गरेको काममात्र सम्फनुहोस् ।"

"हे भणे जीवक ! त्यसोभए मलाई, स्त्रीहरू बस्ने अन्तःपुरमा र बुद्ध प्रमुख भिक्षुसङ्घलाई उपस्थानगर ।"

"हवस् देव !" भनी जीवक कौमारभृत्यले मगधराजा सेनीय बिम्बिसारलाई प्रत्युत्तर दिए ।

× × ×

मूल पालि :—

४–एकत्रितहुने प्रार्थना

त्यस समय भगवान् राजगृहस्थित गृधकूट पर्वतमा बस्नु भएको थियो[१]।

त्यस समय अन्यतैर्थीय परिव्राजकहरू चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिन एकत्रितभई धर्मोपदेश गर्ने गर्दथे। धर्मश्रवणार्थ मानिसहरू त्यहाँ जान्थे। अनि उनीहरू अन्यतैर्थीय परिव्राजकहरूप्रति प्रेमगर्थे, प्रसन्नहुन्थे। अन्यतैर्थीय परिव्राजकहरू उनीहरूको पक्ष पाउँदथे, अनुयायी पनि हुन्थे।

एकदिन मगधराजा सेनीय बिम्बिसार एकान्तमा विचारमग्न भई बसेको बेलामा राजाको मनमा यस्तो वितर्क उत्पन्न भयो :—

"आजकल अन्यतैर्थीय परिव्राजकहरू चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिन एकत्रितभई धर्मोपदेश गर्ने गर्छन्। मानिसहरू धर्म श्रवणार्थ त्यहाँ जान्छन्। अनि उनीहरू अन्यतैर्थीय परिव्राजकहरूप्रति प्रेमगर्छन्, प्रसन्न पनि हुन्छन। अन्यतैर्थीय परिव्राजकहरूले उनीहरूको पक्ष पाउंछन, अनुयायी पनि हुन्छन्। आर्यहरू पनि चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिनमा एकत्रित भए कति असल हुनेथियो।"

---

१. महा. व. पृ. १०५: सन्निपातानुजानना, उपोसथक्खन्धकं।

त्यसपछि मगधराजा सेनीय बिम्बिसार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारले भगवान्सँग प्रार्थना गरे :—

"भन्ते ! यहाँ, म एकान्तमा बसी विचारमग्न भएको बेलामा मेरो मनमा यस्तो विचार उत्पन्न भयो—'आजकल यहाँ अन्यतैर्थीय परिव्राजकहरू चतुर्दशी, पूर्णिमा र अष्टमीहरूका दिन एकत्रितभई धर्मो-पदेश गर्छन् । मानिसहरू धर्म श्रवणार्थ त्यहाँ जान्छन् । अनि उनीहरू अन्यतैर्थीय परिव्राजकहरूप्रति प्रेमगर्छन्, प्रसन्न पनि हुन्छन् । अन्यतैर्थीय परिव्राजकहरूले उनीहरूको पक्ष पाउँछन्, अनुयायी पनि हुन्छन् । आर्यहरू पनि चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिनमा एकत्रित हुनुभए कति असल हुनेथियो ।' भन्ते ! त्यसकारण आर्यहरू पनि चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिनमा एकत्रित होऊन् ।"

भगवान्ले मगधराजा सेनीय बिम्बिसारलाई धार्मिक कथाद्वारा सन्दर्शित…सम्प्रहर्षित पार्नु भयो । मगधराजा सेनीय बिम्बिसार भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित… सम्प्रहर्षितभई आसनबाट उठी भगवान्-लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए ।

त्यसपछि भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रणगरी - "भिक्षुहो ! चतुर्दशी, पूर्णिमा तथा अष्टमीहरूका दिनमा एकत्रित हुने अनुज्ञा दिन्छु" भनी भन्नुभयो ।

× × ×

मूल पालि :—

५—सैन्यलाई प्रव्रज्या निषेध

त्यस समयमा मगधराजा सेनीय बिम्बिसारको प्रत्यन्त गाउँमा उपद्रो मच्चिएको थियो[1]। अनि मगधराजा सेनीय बिम्बिसारले सेना-नायक महामात्यलाई आज्ञादिए :—

"हे भणे ! जाऊ, प्रत्यन्त गाउँमागई शान्तगर।"

"हवस्" भनी सेना-नायक महामात्यले मगधराजा सेनीय बिम्बिसारलाई प्रत्युत्तर दिए। अनि नामी नामी योद्धाहरूका मनमा यस्तो लाग्यो—"युद्ध प्रेमीभई जाँदा पापकर्महरू पनि गरिन्छन्, धेरै अपुण्य पनि कमाइन्छन्। कुन उपायद्वारा हामीले पापबाट विमुक्तभई कल्याणकारी कार्यगर्न सक्ने होउँला ?"

यसपछि ती योद्धाहरूका मनमा यस्तो लाग्यो—"यी श्रमण शाक्यपुत्रहरू धर्मचारी, समचारी र ब्रह्मचारीहुन्। यिनीहरू सत्यवादी शीलवान् तथा कल्याणधर्मी पनि हुन्।"

यति सोची ती योद्धाहरूले भिक्षुहरूकहाँ गई प्रव्रज्या मागे। भिक्षुहरूले तिनीहरूलाई प्रव्रजितगरी उपसम्पदा[2] पनि दिए। सेना-

१. महा. व. पृ. ७७: राजभटवत्थु, महाखन्धकं।

२. पूर्णभिक्षुत्व।

नायक महामात्यले राजभृत्य[१] (राजभट) सँग सोधे—"हे भणे ! फलाना फलाना योद्धाहरू देखिदैनन्, कथाहो ?"

"स्वामी ! फलाना फलाना योद्धाहरू भिक्षुहरूकहाँगई प्रव्रजित भए" भनी निवेदन गरे ।

यो कुरासुनी कराउँदै, खिन्नहुँदै, दुःखी हुँदै सेना-नायक महामात्यले भने—"कसरी श्रमण शाक्यपुत्रहरूले राजभृत्यहरूलाई प्रव्रजित गर्छन् !" सेना-नायक महामात्यले यो प्रवृत्ति मगधराजा सेनीय बिम्बिसारलाई बिन्तिगरे । मगधराजा सेनीय बिम्बिसारले प्रधान न्यायाधीशसँग सोधे :—

"हे भणे ! जसले राजभृत्यलाई प्रव्रजितगर्छ, उसले के पाउँछ ?"

"हे देव ! उपाध्याय हुनेको[२] शीर छेदन गर्नुपर्छ, अनुश्रावक[३]

---

१. महामात्य, सेनापति, हाकिम अथवा सिपाही जुनसुकै पद भएपनि राजाको सेनामा भर्ति भएका, राजाबाट तलब पाउनेलाई राजभृत्य = राजभट भनिन्छन् । सम.पा.पृ. ७४४

२. पूर्णभिक्षुत्व (= उपसम्पदा) प्रदानगर्ने कार्यको लागि मध्य-प्रदेशमा घटीमा १० जना भिक्षुहरू र प्रत्यन्त देशमा ५ जना आवश्यक हुन्छ । त्यसैमध्ये उपाध्याय र सङ्घसभालाई प्रस्ताव सुनाउने 'अनुश्रावक वा अनुशासक' चुनिन्छ । यी दुइ कर्ताहरू बाहेक अरू सङ्घसदस्यलाई 'गण' भनिन्छ ।

३. सिंहलमा: 'अनुशासक' ।

हुनेको जिब्रो काट्नुपर्छ र गण (पूरक) हरूको करङ् भाँचिदिनुपर्छ ।"

न्यायाधीशको कुरा सुनिसकेपछि मगधराजा सेनीय बिम्बिसार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारले भगवान्सँग यस्तो प्रार्थनागरे :—

"भन्ते ! यहाँ केही राजाहरू अश्रद्धालु तथा अप्रसन्नहुने खालका पनि हुनसक्छन् । उनीहरूले ससाना कारणमा पनि भिक्षुहरूलाई हैरानी र कष्ट दिन सक्छन् । भन्ते ! त्यसो हुनाले भिक्षुहरूले राजभृत्यहरूलाई प्रव्रजित नगर्नु भए बेस हुन्थ्यो कि ?"

त्यसपछि भगवान्ले मगधराजा सेनीय बिम्बिसारलाई धार्मिक कथाद्वारा सन्दर्शित···सम्प्रहर्षित पार्नु भयो। मगधराजा सेनीय बिम्बिसार भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित···सम्प्रहर्षितभई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए । त्यसपछि भगवानले धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नुहुँदै - 'भिक्षु हो ! राजभृत्यलाई प्रव्रजित नगर्नू । जसले प्रव्रजित गर्छ उसलाई दुष्कृत्य आपत्ति (दोष) लाग्नेछ' भनी भन्नुभयो ।

× × ×

मूल पालि :—

६—अपराधीलाई प्रव्रज्या निषेध

त्यस बखत मगधराजा सेनीय बिम्बिसारले यस्तो अनुज्ञा दिएका थिए—"श्रमण शाक्यपुत्रहरूकहाँ गई जो पुरुषहरू प्रव्रजित हुन्छन्, उनीहरूलाई केहीगर्न पाइँदैन; सु-आख्यात धर्ममाबसी दुःख क्षयार्थ ब्रह्मचर्य पालनगर्न सकुन् [१] ।"

त्यस समयमा एक पुरुषलाई चोरीगरेको बापतमा जेलखानामा राखेको थियो । उ जेलखाना फोरी भागी भिक्षुहरूकहाँ गई प्रव्रजित-भई बसेको थियो । मानिसहरू उसलाई देखी भन्दथे—"जेल फोरेर आएको चोर यही नै हो । यसलाई समाती लैंजाऊँ ।" अरूले भने—"हे आर्यहो ! यसो न भन्नुहोस् । मगधराजा सेनीय बिम्बिसारले यस्तो अनुज्ञा दिनुभएको छ—'श्रमण शाक्यपुत्रहरूकहाँ गई जो पुरुषहरू प्रव्रजित हुन्छन् उनीहरूलाई केहीगर्न पाइँदैन । सु-आख्यात धर्ममा दुःख क्षयार्थ ब्रह्मचर्य पालनगर्न सकुन्' ।" यो कुरा सुनी मानिसहरू कराउँदथे, खिन्न हुन्थे र दुखी हुन्थे—"यी श्रमण शाक्यपुत्रहरू अभयचारी हुन्; यिनीहरूलाई केहीगर्न पाइन्न । कसरी यी श्रमण शाक्यपुत्रहरूले जेलफोरुवा चोरलाई प्रव्रजित गर्छन् !" भिक्षुहरूले भगवान्‌लाई यो प्रवृत्ति सुनाए । भगवान्‌ले—"भिक्षुहो ! जेलफोरुवा चोरलाई प्रव्रजित नगर्नू ।

---

१. महा. व. पृ. ७८: कारभेदकचोरवत्थु, महाक्खन्धक ।

जसले प्रव्रजितगर्छं, उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ" भनी भन्नु भयो ।

× × ×

मूल पालि : –

७–चोरलाई प्रव्रज्या निषेध

त्यस समय एक पुरुष चोरीगरी भागेर भिक्षुहरूकहाँ गई प्रव्रजित भई बसेको थियो[१] । उसको नाम राज अन्तपुरमा (कोतमा, अदालतमा, पुलिसविभागमा) उल्लेख (दर्ता) भएको थियो – "जहाँ भेटिन्छ त्यहीं मार्नू ।" मानिसहरू उसलाई देखेर भन्दथे – "त्यो चोर यहीने हो; जसको नाम दर्ता (पुलिसविभागमा) भएको छ । यसलाई मारौं ।" त्यहाँ केही मानिसहरूले भने—"हे आर्यहो ! यस्तो न भन्नुहोस् । मगधराजा सेनीय बिम्बिसारले अनुज्ञा दिनुभएको छ—'जो मानिसहरू श्रमण शाक्यपुत्रहरूकहाँ गई प्रव्रजित हुन्छन्, उनीहरूलाई केहीगर्न पाइँदैन...' ।" यो कुरा सुनी मानिसहरू कराउँदथे, खिन्नहुन्थे र दुःखीहुन्थे – "यी श्रमण शाक्यपुत्रहरू अभयचारी हुन्; यिनीहरूलाई केहीगर्न पाइन्न । कसरी यी श्रमण शाक्यपुत्रहरूले नाम दर्ता भएको चोरलाई प्रव्रजित गर्छन् !" भिक्षुहरूले भगवान्‌लाई यो प्रवृत्ति सुनाए । भगवा-

---

१. महा. व. पृ. ७९: लिखितकचोरवत्थु, महाखन्धकं ।

नले—"भिक्षुहो ! नाम दर्ताभएको चोरलाई प्रव्रजित नगर्नू । जसले प्रव्रजित गर्छ, उसलाई दुष्कृत्य आपत्ति लाग्ने छ" भनी भन्नुभयो ।

× × ×

मूळ पालि :—

८–ऋणीलाई प्रव्रज्या निषेध

त्यस बखत एक ऋणी पुरुष भागेर भिक्षुहरूकहाँ गई प्रव्रजित भएको थियो[१] । धनीहरू (ऋणदिनेहरू) ले देखेर यस्तो भने—"यही हो सो पुरुष जसले हामीसँग ऋणलिएको छ । यसलाई समाती लैजाऊँ ।" त्यहाँ केही मानिसहरूले भने—'हे आर्यहो ! यसो न भन्नुहोस् । मगधराजा सेनीय बिम्बिसारले—'जो मानिसहरू श्रमण शाक्यपुत्रहरू कहाँ गई प्रव्रजित हुन्छन उनीहरूलाई केहीगर्न पाइँदैन । सु-आख्यात धर्ममा दुःख क्षयार्थ ब्रह्मचर्य पालन गर्न सकुन्' भनी अनुज्ञा दिनुभएको छ ।" यो कुरा सुनी मानिसहरू कराउँदथे, खिन्न हुन्थे र दुःखी हुन्थे—"अभयचारी हुन् यी श्रमण शाक्यपुत्रहरू; यिनीहरूलाई केही पनि गर्न पाइँदैन । कसरी यी श्रमण शाक्यपुत्रहरूले ऋणी पुरुषलाई प्रव्रजित गर्छन् !" अनि भिक्षुहरूले भगवान्‌लाई यो प्रवृत्ति सुनाए । भगवान्‌ले—"भिक्षुहो ! ऋणी पुरुषलाई प्रव्रजित नगर्नू । जसले गर्छ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ" भनी भन्नुभयो ।

× × ×

१. महा. व. पृ. ७९: इणायिकवत्थु, महाखन्धकं ।

मूल पालि :—

९—दाशलाई प्रव्रज्या निषेध

त्यस समय एक दाश-पुरुष भागेर भिक्षुहरूकहाँ गई प्रव्रजित भएको थियो[1] । मालिकले देखेर यस्तो भन्यो—"यही हो हाम्रो दाश । यसलाई समाती लैजाऊँ ।" त्यहाँ केही मानिसहरूले भने—"हे आर्य ! यसो न भन्नुहोस् । मगधराजा सेनीय बिम्बिसारले—'जो मानिसहरू श्रमण शाक्यपुत्रहरूकहाँ गई प्रव्रजित हुन्छन्, उनीहरूलाई केहीगर्न पाइँदैन । सु आख्यात धर्ममा दुःख क्षयार्थ ब्रह्मचर्य पालन गर्न सकुन्' भनी अनुज्ञा दिनुभएको छ ।" यो कुरा सुनी मानिसहरू कराउँदथे, खिन्न हुन्थे र दुःखी हुन्थे—"यी श्रमण शाक्यपुत्रहरू अभयचारी हुन्; यिनीहरूलाई केहीगर्न पाइँन्न । कसरी यी श्रमण शाक्यपुत्रहरूले ऋणीपुरुषलाई प्रव्रजित गर्छन् । अनि यो कुरा भिक्षुहरूले भगवान्‌लाई सुनाए । भगवान्‌ले—"भिक्षुहो ! दाशपुरुषलाई प्रव्रजित नगर्नू जसले प्रव्रजितगर्छ, उसलाई दुष्कृत्य आपत्ति लाग्ने छ" भनी भन्नुभयो ।

× × ×

---

१. महा. व. पृ. ८०: दासवत्थु, महाखन्धकं ।

मूल पालि :—

१०–बिम्बिसार र पिलिन्दवच्छ

त्यस समय आयुष्मान् पिलिन्दवच्छ[1] गुफा बनाउन राजगृह-स्थित एक पर्वत सफागराउँदै थिए[2]।

त्यस बखत मगधराजा सेनीय बिम्बिसार जहाँ आयुष्मान् पिलिन्दवच्छ हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् पिलिन्द-वच्छलाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारले आयुष्मान् पिलिन्दवच्छसँग सोधे :—

"भन्ते ! स्थविरले के गराउन लगाउनु भएको ?"

"महाराज ! गुफा बनाउन पर्वत सफा गराउँदैछु।"

"भन्ते ! आर्यलाई ज्यामी चाहिन्छ कि ?"

"महाराज ! भगवान्ले ज्यामीहरूकोबारे अनुमति दिनुभएको छैन।"

"भन्ते ! त्यसोभए भगवान्सँग सोधी मलाई भन्नुहोस्।"

"महाराज ! हुन्छ" भनी आयुष्मान् पिलिन्दवच्छले राजालाई प्रत्युत्तर दिनुभयो।

---

१. सिंहलमा: "पिलिन्दिवच्छ"।

२. महा. व. पृ. २२५: पिलिन्दवच्छवत्थु, भेसज्जक्खन्धकं; पारा. पा. पृ. ३५३: तेवीसतिमनिस्सग्गियं।

त्यस पछि आयुष्मान् पिलिन्दवच्छले मगधराजा सेनीय बिम्बिसारलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पार्नु भयो। मगधराजा सेनीय बिम्बिसार पनि आयुष्मान् पिलिन्दवच्छको धार्मिक कथाद्वारा सन्दर्शित,...सम्प्रहर्षितभई आसनबाट उठी आयुष्मान् पिलिन्दवच्छलाई अभिवादन तथा प्रदक्षिणागरी फर्कर गए। अनि आयुष्मान् पिलिन्दवच्छले भगवान्कहाँ[1] दूत पठाए—"भन्ते! मगधराजा सेनीय बिम्बिसार कामदार दिन चाहन्छन्। यस विषयमा मैले के कस्तो गर्नु पर्ला?" भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो--'भिक्षुहो! कामदार (आरामिक) अनुमति दिन्छु।"

दोश्रोपटक पनि मगधराजा सेनीय बिम्बिसार जहाँ आयुष्मान् पिलिन्दवच्छ हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् पिलिन्दवच्छलाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारले आयुष्मान् पिलिन्दवच्छसँग सोधे :--

"भन्ते! भगवान्ले कामदारहरूको अनुमति दिनुभयो?"

"महाराज! दिनुभएको छ।"

"भन्ते! त्यसोभए आर्यलाई मैले कामदार दिनेछु।"

---

१. त्यस वखत भगवान् श्रावस्तीमा हुनुहुन्थ्यो। पारा. पा. पृ. ३५३: तेवीसतिमनिस्सग्गियं।

आरामिक गाउँ

मगधराजा सेनीय बिम्बिसारले आयुष्मान् पिलिन्दवच्छलाई कामदार दिन्छु भनी जनाई, विस्मृतभई, धेरै समयपछि स्मरणगरी, एक सर्वार्थिक महामात्य अर्थात् सबै कामहेर्ने (प्राइभेट सेक्रेटरी) अधिकारीलाई आमन्त्रणगरे :—

"हे भणे ! जो मैले आर्यलाई कामादारदिन्छु भनी भनेको थिएँ, सो कामदारहरू पठायौकि पठाएका छैनौ ?"

"देव ! आर्यलाई अहिलेसम्म कामदारहरू पठाएको छैन ।"

"हे भणे ! मैले त्यसो भनेको कति समय भयो होलात ?"

अनि सो महामात्य (प्राइभेट सेक्रेटरी) ले रात गिन्तीगरी, मगधराजा सेनीय बिम्बिसारलाई बिन्तिगरे :—

"देव ! ५०० रात बितिसक्यो ।"

"भणे ! त्यसोभए आर्यलाई पाँचशय कामदारहरू (आरामिक-हरू) पठाइ देऊ ।"

"हवस, देव !" भनी मगधराजा सेनीय बिम्बिसारलाई प्रत्युत्तर दिई सो महामात्यले आयुष्मान् पिलिन्दवच्छलाई पाँचशय कामदारहरू पठाइदिए । यिनीहरू सबैको एक गाउँनै बस्यो । त्यसैले यस गाउँलाई आरामिकगाउँ (कामदार-गाउँ) पनि भने, पिलिन्दगाउँ पनि भने ।

त्यस समयमा आयुष्मान् पिलिन्दवच्छ त्यस गाउँको कुलूपग (सँधै भिक्षाजाने हुँदा कामदारहरूका विश्वासी) हुनुहुन्थ्यो ।

पिलिन्दवच्छको चमत्कार

एकदिन, आयुष्मान् पिलिन्दवच्छ पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी भिक्षाटन्को निमित्त पिलिन्दगाउँमा पस्नु भयो। त्यस बखत त्यस गाउँमा एक उत्सब थियो। बालकहरू अलंकृतभई माला लगाई खेल्दथे। आयुष्मान् पिलिन्दवच्छ पिलिन्दगाउँमा क्रमशः सपदान[1] पिण्डार्थं जाँदा एक आरामिकाको घरमा पुग्नुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बस्नुभयो। त्यस बेला ती आरामिकाकी एक बालिका, अरू बालकहरूले अलंकृतभई माला लगाएको देखेर "मलाई पनि माला देऊ, अलंकार देऊ" भन्दै रूँदैथिई। अनि आयुष्मान् पिलिन्दवच्छले ती आरामिकासँग सोध्नुभयो :—

"यो बालिका किन रूँदै छे ?"

"भन्ते ! यो बालिका, अरू बालकहरूले अलंकृतभई माला लगाएको देखेर, 'मलाई पनि माला देऊ, मलाई पनि अलंकार देऊ' भन्दै रुन्छे। हामी दरिद्रीहरूले कहाँबाट माला पाउनु र कहाँबाट अलंकार पाउनु !"

अनि आयुष्मान् पिलिन्दवच्छले एकमुठी घाँस (त्रिण) लिई ती आरामिकालाई दिनुभई यस्तो भन्नुभयो :—

---

१. क्रमैसँग घर घर पिच्छे भिक्षाटन जाने चर्यालाई 'सपदान' भन्दछन्।

"ल, यो एकमुठी घाँस त्यो बालिकाको शीरमा राखिदेऊ।"

आरामिकाले सो एकमुठी घाँस बालिकाको शीरमा राखिदिई। अनि त्यो घाँस अभिरुप, दर्शनीय, प्रासादिक सुवर्णमय माला आदि भए। त्यस्ता सुवर्णमय माला राजाको अन्तःपुरमा पनि पाउन दुर्लभ थियो। मानिसहरूले मगधराजा सेनीय बिम्बिसारलाई बिन्तिगरे—"देव! फलानी आरामिकाको घरमा अभिरूप, दर्शनीय तथा प्रासादिक सुवर्णमय माला आदिछन। त्यस्ता सुवर्णमय मालाहरू देवको अन्तःपुरमा पनि पाउन दुर्लभछ भने कसरी त्यस्ती दरिद्रीको घरमा त्यस्ता सुवर्णमय माला? अवश्य पनि चोरेर ल्याएकी होली।" अनि मगधराजा सेनीय बिम्बिसारले सो आरामिक कुटुम्बलाई समात्न लगाए।

दोश्रो पटक पनि आयुष्मान् पिलिन्दवच्छ पिण्डार्थ गाउँमा पस्नु भयो। पिलिन्द गाउँमा क्रमशः पिण्डार्थ जानुभई जुन् ती आरामिकाको घरहो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि छिमेकीहरूसँग सोध्नु भयो :—

"यी आरामिक कुटुम्बहरू कहाँ गए?"

"भन्ते! त्यही सुवर्णमय माला आदिको कारणले गर्दा राजाले समात्न लगाए।"

अनि आयुष्मान् पिलिन्दवच्छ जहाँ मगधराजा सेनीय बिम्बिसारको निवासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याई राखेको आसनमा बस्नुभयो। मगधराजा सेनीय बिम्बिसार जहाँ आयुष्मान् पिलिन्दवच्छ हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् पिलिन्दवच्छलाई

अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारसँग आयुष्मान् पिलिन्दवच्छले सोध्नु भयो :—

"महाराज ! आरामिक कुटुम्बलाई किन समात्न लगाउनु भएको ?"

"भन्ते ! त्यो आरामिकाको घरमा दर्शनीय, प्रासादिक तथा अभिरूप सुवर्णमय मालाहरू थिए । त्यस्ता सुवर्णमय माला हाम्रा अन्तः-पुरमा पनि छैनन् भने कहाँबाट त्यसकहाँ त्यस्ता सुवर्णमय माला ? अवश्यनै चोरेर ल्याएको हुनुपर्छ ।"

अनि आयुष्मान् पिलिन्दवच्छले मगधराजा सेनीय बिम्बिसारको प्रासाद जम्मै सुवर्णमय होस् भनी संकल्प गर्नु भयो । त्यसपछि जम्मै सुवर्णमय भए ।

"महाराज ! यत्तिका सुवर्ण तपाइले कहाँबाट पाउनु भएको नि ?"

"भन्ते ! बुझें; कुरा बुझें । तपाइकै ऋद्धिबलले भएको हो" भनी सो आरामिक कुटुम्बलाई छाडन लगाए ।

पञ्चभैषज्र्य

मानिसहरू—"आर्य पिलिन्दवच्छले राजपरिषद्लाई उत्तरीय मनुष्यधर्म, अलौकिक ऋद्धि-प्रातिहार्य देखाउनु भयो" भनी प्रसन्नभई उनिहरूले आयुष्मान् पिलिन्दवच्छलाई पञ्चभैषज्र्य वस्तुहरू जस्तै—घ्यू, नवनीत, तेल, मधु तथा गूँद (फाणित) प्रदानगरे । स्वभावतः नै आयुष्मान्

पिलिन्दवच्छ पञ्चभैषज्य वस्तुहरूको लाभी हुनुहुन्थ्यो र लाभ भएजति जम्मै परिषद्लाई दिनुहुन्थ्यो । तर वहाँका परिषद् भने लोभी स्वभावका थिए । लाभ भएको जम्मै घैंटा (कोलम्बक) मा पनि, गाग्राहरूमा पनि भरेर राखि छाड्दथे । पानी छान्ने कपडामा पनि, विरकोमा पनि राखी झ्यालमा झुन्ड्याइ राख्दथे । यताउता पोखिएर चूहिएर पनि जान्थ्यो । विहारमा मुसाहरू यताउता डौडिरहन्थे । मानिसहरू विहारमा घुम्न जाँदा, तो मुसाहरू र पञ्चमधुहरू देखेर उनीहरू कराउँदथे, खिन्नहुन्थे र दुःखी पनि हुन्थे—"यी श्रमण शाक्यपुत्रहरूका, मगधराजा सेनीय बिम्बिसारका जस्तै भित्री ढुकुटी छन् ।" भिक्षुहरूले ती मानिसहरू कराएका, खिन्न भएका र दुःखी भएका कुरा सुने । जो भिक्षुहरू अल्पेच्छी थिए, उनीहरू कराउँन थाले, खिन्नहुन थाले तथा दुःखी हुन थाले— "कसरी यी भिक्षुहरू लोभीस्वभाव लिई संग्रहगर्छन् !"

अनि भिक्षुहरूले त्यो प्रवृत्ति भगवान्लाई सुनाए । भगवान्ले यसै सन्दर्भमा भिक्षुहरू जम्मागराई तिनीहरूसँग सोध्नु भयो :—

"हे भिक्षुहो ! साँच्चैहो कि तिमीहरूले बाहुल्यता[1] हुने मनोवृत्ति लिएको ?"

"साँच्चैहो, भन्ते !" भनी तिनीहरूले प्रत्युत्तर दिएपछि भगवान्ले तिनीहरूलाई निन्दागर्दै—"मोघपुरुष ! तिमीहरूले अप्रतिकूल गर्‍यौ, अप्रतिलोमिक गर्‍यौ, नराम्रो गर्‍यौ, अश्रामणिक काम गर्‍यौ, गर्न

१. धेरै सामानहरू संग्रहगरिराख्ने मनोवृत्ति ।

नहुने काम गर्‍यौ; तिमीहरूको यस कार्यद्वारा अप्रसन्न हुनेलाई न प्रसन्न पार्न सकिन्छ, न प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सकिन्छ बल्कि यस्तो कार्यद्वारा अप्रसन्न हुनेलाई झन् अप्रसन्नपार्नु का साथै प्रसन्न हुने कुनै कुनैको प्रसन्नतालाई समेत अन्यथापार्न सकिन्छ" भनी भन्नुहुँदै धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो :—

"रोगी (गिलान) भिक्षुहरूले सेवनीय जो घ्यू, नवनीत, तेल, मधु तथा गूद इत्यादि भैषज्य वस्तुहरू हुन् ती ग्रहणगरी एक हप्तासम्म मात्र आफूकहाँ राखी परिभोग गर्नु पर्छ। त्यसभन्दा बढीदिन राखेर परिभोग गरेमा धर्मानुसार गर्नु पर्छ।"

× × ×

मूल पालि :—

११–मेण्डक गृहपतिको परीक्षा

त्यस समय भद्रीय (भद्दिय[१]) नगरमा मेण्डक गृहपति बस्दथे[२]। उनको त्यस्तो ऋद्धिको[३] प्रभाव थियो–जब उनी शीर नुहाई

---

१. अङ्गदेशको नगर। वर्तमान भारतका भागलपुर तथा मुंगेर जिल्ला (विहार) बु. च. पृ. १५२

२. महा. व. पृ. २५४: मेण्डकगहपतिवत्थु, भेसज्जक्खन्धकं।

३. ऋद्धिको अर्थ मनले चिताएको सिद्धगर्नु हो। ऋद्धि दशप्र-*

धान्यागार (धान राख्ने कोठा) बढार्न लगाई दैलो बाहिर बस्छन् तब आकाशतिरबाट धानको धारा वैरी धान्यागार भरिन्थ्यो । उनकी भार्याको त्यस्तो ऋद्धिको प्रभाव थियो कि–एकै आल्हक[1] थालीभात र एकै सूपव्यञ्जन साथमा लिई बसी, दाश कामदार पुरुषहरूलाई भात पस्कथिन् । त्यतिञ्जेलसम्म थालको भात सिद्धिदैनथ्यो जतिञ्जेलसम्म उनी त्यहाँवाट उठदैनथिन् । उनको पुत्रको त्यस्तो ऋद्धिको प्रभावथियो कि–एक हजारको थैली लिएर बसेपछि दाश कामदार पुरुषहरूलाई छ महीनको ज्याला दिन्थे । जबसम्म उनले थैली हातमा लिईराख्थे तबसम्म रुपैयाँ सकिन्नथ्यो । उनकी बुहारीको त्यस्तो ऋद्धिको प्रभाव थियो कि–एक द्रोणी[2] जति अट्ने डाली (पिटक) साथमालिई बसेपछि दाश कामदारहरूलाई छ महीनाको लागि अन्न दिन्थिन् । उनी न उठुञ्जेलसम्म डालीको अन्न सिद्धिन्नथ्यो । उनको दाशको त्यस्तो ऋद्धिको प्रभाव थियो कि–एकै हलको जोताइले सात हलले जोत्ने जति भूमि जोत्दथ्यो ।

मगधराजा सेनीय बिम्बिसारले सुने कि—"हाम्रा राज्यको

* कारका छन्—(१) अधिष्ठान-ऋद्धि, (२) विकुब्बन-ऋद्धि अर्थात् विकृति ऋद्धि, (३) मनोमय-ऋद्धि, (४) ज्ञानमय-ऋद्धि, (५) समाधिमय-ऋद्धि, (६) आर्य-ऋद्धि, (७) कर्म विपाकज-ऋद्धि, (८) पुण्यमय-ऋद्धि, (९) विद्यामय-ऋद्धि र (१०) प्रयोग प्रत्यय-ऋद्धि । पटि. स. म. पृ. ४६७

१. चार पसर, १ कुरुवाजातिलाई 'आल्ह' भनिन्छ ।

२. एक पाथी ।

भद्रीय नगरमा मेण्डक गृहपति बस्दछ। उसको यस्तो ऋद्धिछ कि—शीर नुहाई, धान्यागार बढार्न लगाई दैलो बाहिर बस्दा आकाशतिर-बाट धानको धारा बैरी धान्यागार भरिन्छ। उसकी भार्याको यस्तो ऋद्धिछ कि—एकै आल्हक थाली लिई, एकै सूपव्यञ्जन लिई बसी दाश कामदार पुरुषहरूलाई भात पस्कीन्छे। जबसम्म उ उठ्दिन तबसम्म भात सिद्धिदैन। उसको पुत्रको यस्तो ऋद्धिछ कि—एकहजारको थैली लिई, दाश कामदारहरूलाई छ महीनासम्मको ज्याला दिन्छ। जबसम्म उसले थैली हातमा लिइराख्छ तबसम्म रुपैयाँ सकिन्न। उसकी बुहारीको यस्तो ऋद्धिछ कि—द्रोणी जति अट्ने डाली साथमा लिई बसेर दाश कामदार पुरुषहरूलाई छ महीनाकोलागि अन्न दिन्छे। उ न उठुन्जेल-सम्म अन्न सकिंदैन। उसको दाशको यस्तो ऋद्धिछ कि—एवं हलको जोताइले सात हलले जोत्ने जति भूमि जोत्दछ।"

अनि मगधराजा सेनीय बिम्बिसारले एक सर्वार्थक महामात्य (प्राइभेट सेक्रेटरी) लाई बोलाई – "हे भणे! हाम्रा राज्यको भद्रीय नगरमा मेण्डक गृहपति बस्दछ। उसको यस्तो ऋद्धिबल छ…उसकी भार्याको यस्तो ऋद्धिबल छ…उसको छोराको यस्तो ऋद्धिबल छ… उसकी बुहारीको यस्तो ऋद्धिबल छ…र उसको दाशको यस्तो ऋद्धि-बल छ…। भणे! जाऊ, यो कुरा बुझ। तिमीले देखेको मैले देखेकै जस्तै हुनेछ।'

"हवस्, देव!" भनी त्यो महामात्य मगधराजा सेनीय बिम्बि-सारको कुरासुनी चतुरङ्गिनी सेनाका साथ जहाँ भद्रीय नगरछो त्यह

गए । क्रमशः भद्रीय नगर पुगी जहाँ मेण्डक गृहपति थियो त्यहाँ गए । त्यहाँ पुगेपछि मेण्डक गृहपतिलाई भने —

"हे गृहपति ! राजाले, 'हे भणे ! हाम्रा राज्यको भद्रीय नगरमा मेण्डक गृहपति बस्दछ । उसको यस्तो ऋद्धिबल छ··· । अतएव तिमी जाऊ, बुझ । तिमीले देखेको मैले नै देखे जस्तै हुनेछ' भनी मलाई आज्ञा-दिनु भएको छ । अतएव हे गृहपति तिम्रो ऋद्धिबल हेर्न चाहन्छु ।"

अनि मेण्डक गृहपति शीर नुहाई, धान्यागार बढार्न लगाई, दैलो बाहिर बस्यो । त्यस बखत आकाशतिरबाट धानको धारा वैरी धान्यागार भरियो । हे गृहपति ! तिम्रो ऋद्धिबल देखें । अब तिम्री भार्याको ऋद्धिबल हेर्न चाहन्छु । अनि मेण्डक गृहपतिले आफ्नो भार्यालाई अन्हायो—"त्यसोभए तिमीले चतुरङ्गिनी सेनालाई भात पस्क ।" त्यसपछि मेण्डककी भार्याले एकै आल्हक थाली भात र एकै सूपव्यञ्जन लिई बसी चतुरङ्गिनी सेनालाई भात पस्की । उ न उठुञ्जेलसम्म भात सिद्धिएन । गृहपति ! तिम्री भार्याको ऋद्धिबल पनि देखें । अब तिम्रो छोराको ऋद्धिबल हेर्न चाहन्छु । मेण्डक गृहपतिले आफ्नो पुत्रलाई बोलाई भन्यो—"त्यसोभए तिमीले चतुरङ्गिनी सेनालाई छ महीनाको तलब देऊ ।" अनि मेण्डक गृहपतिको छोराले एक हजारको थैली लिई चतुरङ्गिनी सेनालाई छ महीनाको तलब बाँडिदियो । उसको हातमा थैली छउञ्जेलसम्म धन सिद्धिएन । हे गृहपति ! तिम्रो छोराको पनि ऋद्धिबल देखें । अब तिम्री बुहारीको ऋद्धिबल हेर्न चाहन्छु । मेण्डक गृहपतिले आफ्नी बुहारीलाई बोलाई भन्यो—"त्यसोभए तिमीले यी

चतुरङ्गिनी सेनालाई छ महीनाको खाना (अन्न) देऊ।" मेण्डक गृहपतिकी बुहारीले द्रोणी जति अट्ने डाली लिई बसी चतुरङ्गिनी सेनालाई छ महीनाको लागि अन्न दिई। उ न उठुन्जेलसम्म डालीको अन्न सिद्धिएन। हे गृहपति! तिम्री बुहारीको पनि ऋद्धिवल देखें। अब तिम्रो दाशको ऋद्धिबल हेर्न चाहन्छु। स्वामी! मेरो दाशको ऋद्धिबल खेतमा हेर्नु पर्छ। भइहाल्यो, गृहपति! देखें तिम्रो दाशको ऋद्धिबल पनि। अनि सो महामात्य चतुरङ्गिनी सेनाका साथ पुनः राजगृह फर्केर गए। क्रमशः जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँगई मगधराजा सेनीय बिम्बिसारलाई जम्मै कुरा सुनाए।

× × ×

मूल पालि :—

१२—बिम्बिसार-श्रोण श्रेष्ठीपुत्र

त्यस बखत बुद्ध भगवान् राजगृहस्थित गृधकूटपर्वतमा बस्नु भएको थियो[१]।

त्यस समयमा मगधराजा सेनीय बिम्बिसार ८० हजार गाउँहरूका अधिपतिलाई राज्य गर्दथे। त्यस बखत चम्पा[२] नगरमा सोण

१. महा. व. पृ १९९: सोणकोलिविसवत्थु, चम्मक्खन्धकं।

२. अङ्गदेशको राजधानी चम्पानगर, चम्पानदीको किनारमा*

(श्रोण) कोलिविष (कोलिविस[१]) श्रेष्ठीपुत्र सुकुमार थिए। उनको पैंतालामा रौंहरू थिए।

एकदिन मगधराजा सेनीय बिम्बिसारले केही कारणबस ती असी हजार गाउँका मानिसहरू (मुखियाहरू) लाई जम्मागराई श्रोणकोलिविषकाछेउ दूत पठाए—"हे श्रोण, आऊ! श्रोणको आगमन चाहन्छु।"

अनि श्रोण कोलिविषको आमा बाबुले श्रोण कोलिविषलाई यसो भने—"तात! राजा तिम्रो पैंताला हेर्न चाहनुहुन्छ। तात श्रोण! तिमीले राजापट्टि खुट्टा न पसार। राजाको अगाडि पलेटिमारी बस। त्यसरी वस्दा राजाले तिम्रो पैंताला देख्नु हुनेछ।"

श्रोण कोलिविषलाई उलिकाठमा राखी ल्याए। श्रोण कोलिविष जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गए। त्यहाँ पुगिसकेपछि मगधराजा सेनीय बिम्बिसारलाई अभिवादनगरी राजाको अगाडि पले-

---

* थियो। वर्तमान भारतमा भागलपुरको करीब २४ माइल पूर्वपट्टिको चम्पानगर अथवा चम्पापुर हो। बुद्ध समयको ६ राजधानीहरू मध्येको एक राजधानी हो। D. P. P. I. पृ. ८५५; हेर बुद्ध. गृ. पृ. ३५३ को पादटिप्पणीमा।

१ सिंहल र स्याममा: 'कोलिवीस'। गोत्रको नाम हो भनी समन्तपासादिका पृ. ८०५ मा उल्लेख भएको छ। अन्यत्र २० करोडको मालिक भएकोले, 'कोटीवीस' भनी उल्लेख भएको पाइन्छ।

टीमारी बसे । अनि मगधराजा सेनीय बिम्बिसारले श्रोण कोलिविषको पैतालामा रौंहरू भएको देखे । त्यसपछि ती असीहजार ग्रामीणहरूलाई इहलौकिक आर्थिक समृद्धि हुनेबारे अनुशासन (अर्ति बुद्धि) दिई— "हे भणे ! तिमीहरूलाई मैले इहलौकिक आर्थिक अभिवृद्धिकोबारे अनुशासन गरें, अब तिमीहरू भगवान्को सत्संगतगर्न जाऊ ! भगवान्ले तिमीहरूलाई सम्परायिक हितकोबारे अनुशासन गर्नु हुनेछ" भनी अह्राए ।

त्यसपछि ती असीहजार ग्रामीणहरू जहाँ गृधकूटपर्वत हो त्यहाँ गए । त्यस बखत आयुष्मान् सागत भगवान्को उपस्थाक हुनुहुन्थ्यो । ती असीहजार ग्रामीणहरू जहाँ आयुष्मान् सागत हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् सागतलाई यस्तो निवेदनगरे—

"भन्ते सागत ! यी असीहजार ग्रामीणहरू भगवान्को दर्शनार्थ यहां आएकाहुन् । भगवान्को दर्शन गर्न पाए बेस हुने थियो ।"

आयुष्मान्हरू ! त्यसोभए भगवान्लाई निवेदन गरुन्जेलसम्म, एकछिन यहीं नै बस्नुहोस् । अनि आयुष्मान् सागत उनीहरूका अगाडि, उनीहरूले हेर्दाहेर्दै भ्याङ्को लिस्नोमा अन्तरधानभई भगवान्को अगाडि प्रकटभई भगवान्लाई बिन्तिगर्नु भयो —

"भन्ते ! यी असीहजार ग्रामीणहरू भगवान्को दर्शनार्थ यहाँ आएका छन्, भगवान् जे उचित ठान्नुहुन्छ ।"

'सागत ! त्यसोभए तिमीले विहारको छाँयामा आसन बछ्याऊ ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् सागत भगवान्को आज्ञा सुनी, पीरा लिई भगवान्को अगाडि अन्तरधानभई, ती असीहजार ग्रामीणहरूका अगाडि, उनीहरूले हेर्दाहेर्दै भऱ्याङ्को लिस्नोबाट प्रकटभई विहारको छाँयामा आयुष्मान् सागतले आसन वछ्याउनु भयो। अनि भगवान् विहारबाट निस्कनुभई विहारको छाँयामा वछ्याइराखेको आसनमा बस्नुभयो। त्यसपछि ती असीहजार ग्रामीणहरू भगवान्को छेउमा गई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। तर ती असीहजार ग्रामीणहरूले भगवान्लाईभन्दा आयुष्मान् सागतलाई हेरी रहेका थिए। भगवान्ले ती असीहजार ग्रामीणहरूका मनको कुरा थाहापाई आयुष्मान् सागतलाई आमन्त्रण गर्नु भयो—"सागत ! त्यसोभए तिमीले बढीसेबढी उत्तरीय मनुष्यधर्म, ऋद्धि प्रातिहार्य (अलौकिक चमत्कार) देखाऊ।"

"हवस्, भन्ते !" भनी आयुष्मान् सागतले भगवान्को आज्ञा शीरोधरगरी आकाशमाथि गई आकाशमा चङ्क्रमण पनि गर्नु भयो, उभिइएर पनि बस्नुभयो, पलेटी मारेर पनि बस्नुभयो, लेटेर पनि बस्नुभयो, धुँवा पनि निकाल्नुभयो, ज्वाला पनि निकाल्नुभयो र अन्तरधान पनि हुनुभयो। त्यसपछि आयुष्मान् सागतले, आकाशमा अनेक प्रकारले उत्तरीय मनुष्यधर्म ऋद्धि प्रातिहार्य देखाई, भगवान्को चरण कमलमा शीरले ढोगी, भगवान्लाई यस्तो बिन्ति गर्नु भयो--"भगवान् मेरो शास्ता हुनुहुन्छ, म श्रावक हुँ ! भगवान् मेरो शास्ता हुनुहुन्छ, म श्रावक हुँ !!"

अनि ती असीहजार ग्रामीणहरूले—"अहो आश्चर्य ! अहो

अद्‌भुत !! श्रावक नै यस्ता महान ऋद्धिवान् र महानुभाव सम्पन्न छन् भने शास्ता के न हुनु होला ! धन्य ! धन्य !!" भन्दै आयुष्मान् साग-तलाई न हेरी भगवान्‌लाई नै हेर्न थाले ।

भगवान्‌ले ती असीहजार ग्रामीणहरूका मनोभाव बुझी उनी-हरूलाई आनुपूर्विकथा सुनाउनु भयो-जस्तै-दानकथा[१]... आदि । अनि उनिहरूले भगवान्‌सँग यस्तो प्रार्थनागरे—"धन्य भन्ते ! धन्यहो भन्ते !! घोप्टेकोलाई उत्तानो पार्दिदा[२]... अँध्यारोमा तेलको बत्ती राखिदिदा आँखा हुनेहरूले रूप देखेझैं, भगवान्‌ले अनेकप्रकारले धर्मप्रकाश पारिदिनुभयो । अब हामी भगवान्‌को शरणमापर्छौं, धर्म र भिक्षुसंङ्घको पनि । आजदेखि आजीवनसम्म शरणमा आएका उपासकहरू हुन् भनी स्वीकार गर्नु होस् ।"

× × ×

मूल पालि :—

१३–आँपको बगैंचा

त्यस बखत मगधराजा सेनीय बिम्बिसारको बगैंचामा आँपहरू फलिरहेका थिए[३] । मगधराजा सेनीय बिम्बिसारले, "आर्यहरूले इच्छा

---

१. हेर पृ. ३६

२. हेर पृ. ३८

३. चुल्ल. व. पृ. १९७ः अम्बखादनवत्यु, खुद्दकवत्थुक्खन्धकं ।

पूर्णगरी आँप खाउन्" भनी आज्ञा दिएका थिए ।

छवर्गीय भिक्षुहरूले काँचै आँपहरू झार्न लगाई खाए । एक दिन मगधराजा सेनीय बिम्बिसारलाई आँपको आवश्यकता पर्‍यो । अनि राजाले मानिसहरूलाई आज्ञादिए—"हे भणे ! जाओ ! बगैंचामा गई आँप लिएर आओ ।"

"हवस्, देव !" भनी ती मानिसहरू मगधराजा सेनीय बिम्बिसारको आज्ञा सुनी, बगैंचामा गई, तिनीहरूले बगैंचेलाई भने—"हे भणे ! देवलाई आँपको आवश्यकता परेको छ, अतः आँप देओ ।"

"हे आर्य ! आँप छैन । काँचै (तरुण) आँपहरू झार्न लगाई भिक्षुहरूले खाई सिध्याए ।"

ती मानिसहरूले मगधराजा सेनीय बिम्बिसारकहाँ गई समाचार सुनाए ।

"भणे ! बेसैभयो; आर्यहरूले रात्रै सँग आँप खानुभए छ । तर भगवान्‌ले प्रमाणलाई वर्णना गर्नुभएको छ ।"

यी कुरासुनी मानिसहरू कराउन थाले, खिन्नहुन थाले र दुःखी पनि हुन थाले—"कस्ता होलान् यी श्रमण शाक्यपुत्रहरू, जो प्रमाण न जानी मगधराजा सेनीय बिम्बिसारको आँप खान्छन् !" भिक्षुहरूले मानिसहरू कराएको, खिन्नभएको तथा दुःखी भएको कुरा सुने । अनि ती भिक्षुहरूले यी कुरा भगवान्‌सँग बिन्तिगरे । भगवान्‌ले, "भिक्षुहो ? आँप न खानू । जसले खान्छ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ" भनी भन्नुभयो ।

त्यस समय कुनै एक पूग (वणिक-मण्डली) को सङ्घ भोजन (दान) थियो। सूपमा आँपका छिल्काहरू राखेका थिए। भिक्षुहरू हिचकिचाउँदै स्वीकार गर्दैनथे। "भिक्षुहरू ! स्वीकारगर, खाऊ ! भिक्षुहो, आँपका छिल्काहरू खान अनुमति दिन्छु।"

त्यस बखत कुनै एक पूग (वणिक-मण्डली) को सङ्घ भोजन थियो। उनीहरूले आँप टुक्रापार्न सकेनन् र भोजनको समयमा सिङ्गै आँप प्रदानगर्न गए। भिक्षुहरूले हिचकिचाउँदै स्वीकार गरेनन्।

"भिक्षुहो ! ग्रहण गर, खाऊ। श्रमण-योग्य[1] पाँचप्रकारका फलहरू खान अनुमति दिन्छु—आगोले पोलेको, चूपीले काटेको, नङ्ले चिमटी घाउपारेको, ब्यू नभएको तथा ब्यू झिकिएको। यिनै पाँचप्रकारका श्रमण-योग्य फल खान अनुमति दिन्छु।"

× × ×

मूल पालि :—

१४—बिम्बिसार र धनीय भिक्षु

त्यस समय बुद्ध भगवान् राजगृहस्थित गृधकूटपर्वतमा बस्नु

---

१. कुनै पनि ब्यू भएको फलहरू आफैंले काटीखानेलाई 'श्रमण अकप्पिय' अर्थात् श्रमण-अयोग्य भनिन्छ। कसैबाट कटाई खानेलाई, 'श्रमण कप्पियं' अर्थात् श्रमण-योग्य भनिन्छ। नङ्ले चिमटेर भए पनि बीज हननगराई फल खाइन्छ।

भएको थियो[१] ।

त्यस समय केही सन्दृष्ट-सम्भृत भिक्षुहरू ऋषिगिरी पर्वत-तिर तृण कुटीहरू बनाई वर्षावास बसेका थिए । आयुष्मान् धनीय कुम्भकारपुत्र पनि तृण कुटिका बनाई वर्षावास बसेका थिए । अनि ती भिक्षुहरू तीन महीना वर्षावास बसिसकेपछि तृणकुटीहरू बिगारी तृण र काठहरू सच्याइराखी जनपदचारिकार्थ गए ।

धनीय भिक्षुको तृणकुटी

आयुष्मान् धनीय कुम्भकारपुत्र मात्र त्यहींनै वर्षावास बसी, त्यहींनै हेमन्त र गृष्म समयमा पनि बसे । एकदिन आयुष्मान् धनीय कुम्भकारपुत्र पिण्डार्थ गाउँमा पसिरहेको बेलामा घाँसेहरूले, दाउरेहरूले तृणकुटिका भत्काई तृण र काठहरू झिकेर लगे । दोश्रोपटक पनि आयुष्मान् धनीय कुम्भकारपुत्रले तृण र काठहरू जम्मागरी तृणकुटिका बनाए । दोश्रोपटक पनि आयुष्मान् धनीय कुम्भकारपुत्र पिण्डार्थ गाउँमा पसिरहेको बेलामा घाँसेहरूले, दाउरेहरूले तृणकुटिका भत्काई तृण र काठहरू झिकेर लगे । तेश्रोपटक पनि आयुष्मान् धनीय कुम्भकारपुत्रले तृण र काठहरू जम्मागरी तृणकुटिका बनाए । तेश्रोपटक पनि आयुष्मान् धनीय कुम्भकारपुत्र पिण्डार्थ गाउँमा पसिरहेको बेलामा घाँसेहरूले, दाउरेहरूले तृणकुटिका भत्काई तृण र काठहरू झिकेर लगे । अनि आयुष्मान् धनीय कुम्भकारपुत्रको मनमा यस्तो लाग्यो :—

---

१. पारा. पा. पृ. ५१: धनियभिक्खुवत्थु, दुतियपाराजिकं ।

"पिण्डार्थ गाउँमा पसिरहेको बेलामा तीन तीन पटकसम्म मेरो तृणकुटिका घाँसेहरूले, दाउरेहरूले भत्काई तृण तथा काठहरू झिकेर लगि दिए। मैले आफ्नो आचार्यकहाँ कुम्भकार-कामबारे राम्ररी शिक्षा-पाएकोछु, म यस काममा सुशिक्षित छु। किन मैले स्वयं माटो मुछी, माटाकै मात्र कुटिका न बनाऊँ?" यति सोची आयुष्मान् धनीय कुम्भकारपुत्रले स्वयं माटो मुछी माटाकै मात्र कुटिका बनाई; तृण, काष्ठ र गुइँठाहरू जम्मागरी कुटिका पोले: त्यो कुटिका अभिरुप, दर्शनीय, प्रासादिक तथा गडचौला (इन्द्रगोपक) जस्तै रक्तवर्ण थियो। किङ्किणिकाको आवाज जस्तै त्यो कुटिकाबाट आवाज निस्किन्थ्यो।

माटाको कुटी

एकदिन केही भिक्षुहरूका साथ गृध्रकूटपर्वतबाट ओर्लिरहँदा भगवान्ले, त्यो अभिरुप, दर्शनीय तथा प्रासादिक रक्तवर्ण कुटिका देख्नु भयो। अनि भगवान्ले भिक्षुहरूसँग सोध्नुभयो :—

"भिक्षुहो! यो अभिरुप, दर्शनीय तथा प्रासादिक इन्द्रगोपक जस्तै रक्तवर्ण भएको के हो?"

ती भिक्षुहरूले भगवान्लाई त्यसबारे बिन्तिगरे। भगवान्ले निन्दागर्नुभयो—"भिक्षुहो! यो काम अनुरूप छैन। त्यो मोघपुरुषले अननुलोमिक, अप्रतिरूप, अश्रामणिक तथा अयोग्य कामगर्‍यो। कसरी सो मोघपुरुषले माटै माटाको कुटिका बनाउन सकेको! भिक्षुहो! यस्तो कार्यद्वारा सो मोघपुरुषले प्राणी प्रति अनुदया, अनुकम्पा तथा अविहिंसा-

भाव देखाएको हुन सक्दैन । भिक्षुहो ! जाऊ, कुटिका फोरिदेऊ ! पछिका जनताले प्राणी प्रति हिंसागर्न न पाउन् । भिक्षुहो ! माटै माटाको कुटिका बनाउन हुन्न । जसले बनाउँछ उसलाई दुष्कृत्य आपत्ति लाग्नेछ ।"

"भन्ते ! हवस्" भनी भगवान्को आज्ञालाई शीरोपरगरी जहाँ त्यो कुटिका थियो त्यहाँ गई ती भिक्षुहरूले सो कुटिका फोरिदिए । आयुष्मान् धनीय कुम्भकारले देखी ती भिक्षुहरूसँग सोधे :—

"आवुसो ! किन मेरो कुटिका फोर्नु भएको ?"

"आवुसो ! भगवान्ले फोर्न लगाउनु भएको हो ।"

"आवुसो ! यदि धर्मस्वामीले फोर्न लगाउनु भएको हो भने, फोर्नु होस् !"

काठको कुटी

अनि आयुष्मान् धनीय कुम्भकारपुत्रको मनमा यस्तो लाग्यो— "पिण्डार्थ गाउँमा पसिरहेको बेलामा तीनपटकसम्म मेरो तृणकुटिका घाँसेहरूले, दाउरेहरूले भत्काई तृण तथा काठहरू झिकेर लगिदिए । त्यसपछि मैले केवल माटाको मात्र कुटिका बनाएको थिएँ । सो पनि भगवान्ले फोर्न लगाइदिनुभयो । सरकारी काठगोदामका एकजना हाकिमलाई म चिन्दछु । किन म सरकारी काठगोदामका हाकिमकहाँ गई काठहरू मागी, काठको कुटिका न बनाऊँ !"

यति मनमा सोची आयुष्मान् धनीय कुम्भकारपुत्र जहाँ काठ-गोदामका हाकिमथियो त्यहाँ गई काठगोदामका हाकिमसँग भने —

"पिण्डार्थ गाउँमा पसिरहेको बेलामा तीनपटकसम्म मेरो तृणकुटिका घाँसेहरूले, दाउरेहरूले भत्काई तृण तथा काठहरू सबै झिकेर लगिदिए। त्यसपछि मैले केवल माटोको कुटिका बनाएको थिएँ। सो पनि भगवान्‌ले फोर्न लगाइदिनुभयो। त्यसकारण मलाई काठहरू देऊ। काठको कुटिका बनाउन चाहन्छु।"

"भन्ते! त्यस्ता काठहरू छैनन् जो मैले तपाइलाई दिन सकुँ। हो, राजगृहीत काठहरू छन् जो आपद्कालमा नगर प्रतिसंस्करण गर्नका लागि सुरक्षागरिराखेका हुन्। यदि राजाले सो काठहरू दिलाउँछन् भने लैजानुहोस्।"

"आवुसो! राजाले दिइसकेका छन्।"

यो कुरासुनी काठगोदामका हाकिमको मनमा यस्तो लाग्यो— "यी श्रमण शाक्यपुत्रहरू धर्मचारी, समचारी, ब्रह्मचारीहुन्; यिनीहरू शीलवान् तथा कल्याणधर्मी पनि हुन्। राजा पनि यिनीहरूप्रति अभिप्रसन्न छन्। 'न दिएकोलाई दिए' भन्न सक्दैनन्।" यति सोची काठगोदामका हाकिमले आयुष्मान् धनीय कुम्भकारपुत्रलाई भन्यो— "भन्ते! लैजानुहोस्।" अनि आयुष्मान् धनीय कुम्भकारपुत्रले ती काठहरू टुक्र्याउन लगाई गाडाद्वारा लगी काठको कुटिका बनाए।

एक दिन वस्सकार ब्राह्मण मगधमहामात्यले राजगृहमा गर्नुपर्ने कामकाज हेरी, काठगोदामको हाकिमकहाँ गई सोधे—"हे भणे! राज-

गृहीत, आपद्कालमा नगर प्रतिसंस्करण गर्नकानिम्ति सुरक्षितगरि राखेका ती काठहरू कहाँ छन् ?"

"स्वामी ! ती काठहरू, आर्यपुत्र धनीय कुम्भकारपुत्रलाई राजाले दिइसक्नुभयो ।"

वस्सकार ब्राह्मण मगधमहामात्य असन्तुष्टभई--"कसरी राजाले, राजगृहीत, आपद्कालमा नगर प्रतिसंस्कार गर्नकानिमित्त सुरक्षितगरिराखेका काठहरू आयुष्मान् धनीय कुम्भकारपुत्रलाई दिए होलान् ?" अनि वस्सकार ब्राह्मण मगधमहामात्य जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँगई राजासँग बिन्तिगरे--"हे देव ! के साँच्चै हो ? देवले राजगृहीत, आपद्कालमा नगर प्रतिसंस्करणार्थ सुरक्षितगरिराखेका काठहरू आयुष्मान् धनीय कुम्भकारपुत्रलाई दिनु भएको ?"

"कसले भन्यो ?"

"देव ! काठगोदामको हाकिम भन्दछ ।"

"हे ब्राह्मण ! त्यसोभए हाकिमलाई राज-आज्ञा देऊ !"

अनि वस्सकार ब्राह्मण मगधमहामात्यले काठगोदामको हाकिमलाई 'बाँधेर ल्याऊ' भन्ने राज-आज्ञा दिए । आयुष्मान् धनीय कुम्भकारपुत्रले काठगोदामको हाकिमलाई बाँधेर लगिरहेको देखेर सोधे :--

"आवुसो ! तिमीलाई किन बाँधेर लगिरहेको ?"

"भन्ते ! उहीनै काठहरूको काम हो ।"

"आवुसो ! जाऊ, म पनि आउनेछु ।"

"भन्ते ! मलाई पिट्नु भन्दा अगाडिनै आउनुहोस् ।"

अनि आयुष्मान् धनीय कुम्भकारपुत्र जहाँ मगधराजा सेनीय बिम्बिसारको निवासस्थानहो त्यहाँ गए । त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बसे । मगधराजा सेनीय बिम्बिसार पनि जहाँ आयुष्मान् धनीय कुम्भकारपुत्र थिए त्यहाँ गई आयुष्मान् धनीय कुम्भकारपुत्रलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय बिम्बिसारले आयुष्मान् धनीय कुम्भकारपुत्रसँग सोधे --

"भन्ते ! साँच्चैहो के, मैले तपाइलाई राजगृहीत, आपद्कालमा नगर प्रतिसंस्करण गर्नकालागि सुरक्षितगरिराखेका काठहरू दिएको ?"

"हो, महाराज !"

"भन्ते ! हामी राजाहरू बहुकृत्य बहुकरणीय भएका हुन्छौं । दिएर पनि बिर्सन सक्छौं, अतः भन्ते ! मलाई स्मरण दिलाइ दिनुहोस् ।"

"महाराज ! तपाइलाई ख्याल हुनुपर्छ कि तपाइ प्रथमाभिषिक्त भएको बेलामा, तपाइले 'श्रमण ब्राह्मणहरूलाई मैले तृण काष्ठहरू दिएँ' भनी भन्नु भएको ?"

"भन्ते ! ख्याल छ । भन्ते ! त्यस्ता श्रमण ब्राह्मणहरू पनि छन् जो लज्जालु, संकोची तथा शिक्षाकामी छन् । उनीहरू स्याना कुरामा पनि संकोच मान्छन् । उनीहरूकानिमित्त मैले त्यसो भनेकोहुँ, त्यो पनि जङ्गलमा कसैले न लिएकोकाठ । अतः तपाइ सोही कुराको आधारलिएर न दिएका काठहरू लिन खोज्नुहुन्छ । म जस्ताको राज्यमा बस्ने

श्रमण ब्राह्मणहरूलाई कसरी दण्ड दिऊँ, कसरी बाँध्न लगाऊँ अथवा कसरी निष्काशन गरूँ ! जानुहोस् भन्ते ! रौं रौंले[१] बच्नुभयो । आइन्दादेखि फेरि यस्तो नगर्नु होला ।"

धनीय भिक्षुको निन्दा

यो कुरासुनी मानिसहरू कराउन थाले, खिन्नहुन थाले र दुःखी पनि हुन थाले--"कस्ता निर्लज्जी, कस्ता दुश्शीली, कस्ता मृषावादी रहेछन् यी श्रमण शाक्यपुत्रहरू ! यिनीहरू के धर्मचारी हुन सक्लान् ? यिनीहरू के समचारी, के ब्रह्मचारी, के सत्यवादी र के शीलवान् हुन सक्लान् ? यिनीहरूले के कल्याण धर्म प्रतिपादन गर्न सक्लान् ? छैन यिनीहरूमा श्रमणत्व ! छैन यिनीहरूमा ब्रह्मत्व !! यिनीहरूको श्रमणत्व र ब्रह्मत्व नाश भइसक्यो ! कहाँबाट यिनीहरूमा श्रमणत्व र ब्रह्मत्व ? यिनीहरू श्रमणत्व र ब्रह्मत्वबाट टाढा पुगिसके ! राजालाई त वञ्चना गर्छन् भने अरू मानिसहरूलाई के न गर्लान् ?"

भिक्षुहरूले ती मानिसहरू कराएका, खिन्न भएका तथा दुःखी

१. एक मानिसले लामो लामो रौं भएको बाख्रा बेच्यो । अर्को एक बुद्धिमानी पुरुषले बाख्राको रौंबाट धेरै पैसा कमाउन सक्ने जानी सो पुरुषलाई रौं नभएको बाख्रादिई रौं भएको बाख्रा साटेर लियो । रौं भएको बाख्राको ज्यान आफ्नो रौंको कारणले बच्यो । यसै उक्तिलाई पालिसाहित्यमा 'रौं रौंले बच्यो' भन्ने चलन भएको हो । अ. क. पृ. २१२

भएका कुरा सुने । जो भिक्षुहरू अल्पेच्छी, सन्तुष्टी, लज्जालु, संकोची तथा शिक्षाकामीथिए ती भिक्षुहरू कराउन थाले, खिन्नहुन थाले र धिक्कार्न थाले—"यी आयुष्मान् धनीय कुम्भकारपुत्रले कसरी न दिएका काठहरू लिन सकेको ?" अनि ती भिक्षुहरूले यी कुरा भगवान्लाई सुनाए । भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा भिक्षुसङ्घ एकत्रितपारी आयुष्मान् धनीय कुम्भकारपुत्रसँग सोध्नुभयो :—

"धनीय ! साँच्चैहो के, तिमीले राजाका काठहरू न बिइकनै लिएको ?"

"साँच्चैहो, भन्ते !"

अनि भगवान्ले निन्दागर्नुभई भन्नुभयो —

"मोघपुरुष ! तिमीले अनुचित, अननुलोमिक, अप्रतिरूप, अश्रामणिक, अयोग्य तथा गर्न नहुने काम गर्‍यौ । कसरी तिमीले राजाले नदिएका काठहरू लिन सकेको ! हे मोघपुरुष ! तिम्रो यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्नपार्न सक्छ, न प्रसन्न हुनेलाई नै बढी प्रसन्नपार्न सक्छ, वल्कि अप्रसन्न हुनेलाई झन् अप्रसन्न र प्रसन्न हुने कुनै कुनैको प्रसन्नतालाई अन्यथा पार्न पनि सक्छ ।"

त्यस बखत एक पुराना न्यायाधीश भिक्षुहरूकहाँ प्रव्रजितभई भगवान्को नगिच बसिरहेका थियो । अनि भगवान्ले सो भिक्षुसँग सोध्नुभयो – "हे भिक्षु ! मगधराजा सेनीय बिम्बिसारले कतिसम्मको चोरलाई समाती पीट्छन्, बाँध्छन् अथवा निष्कासित गर्छन् ?"

"भगवान् ! पाद[1] वा पादसम्मको चोरी गर्नेलाई" । त्यस समयमा राजगृहमा पाँचमासाको पाद हुन्थ्यो ।

त्यसपछि भगवान्ले आयुष्मान् धनीय कुम्भकारपुत्रलाई— दुर्भरता, दुस्पोष्यता, महत्इच्छा, असन्तुष्टिता, सङ्गणिकता[2], आलस्यताको अनेक प्रकारले निन्दा गर्नु भई—सुभरता, सुपोष्यता, अल्पेच्छता, सन्तुष्टिता, शिक्षाकामीता, तपस्वीभाव, प्रासादिकता, असंग्रहीतता र वीर्यारम्भताको अनेक प्रकारले वर्णना गर्नु भई —भिक्षुहरूलाई तदनुरूप, तदनुकूल, तदनुलोमिक धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो— त्यसोभए भिक्षुहो ! निम्न दश गुणलाई ध्यानमा राखी भिक्षुहरूका निम्ति शिक्षापद (नियम) प्रज्ञापन गर्नेछु । (१) सङ्घलाई स्वस्थ्य राख्नको लागि, (२) सङ्घसदस्यको सुविधाको लागि, (३) दुश्शीलीहरूका निग्रहको लागि, (४) शिक्षाकामी भिक्षुहरूका सुविधाको लागि, (५) यसै जीवनको आस्रवहरू संयमगर्नको लागि, (६) सम्परायिक आस्रवहरूका हननको लागि, (७) अप्रसन्न हुनेलाई प्रसन्नपार्न, (८) प्रसन्न हुनेलाई अधिक प्रसन्नपार्न, (९) सद्धर्म स्थिरताको लागि र (१०) विनय शिक्षा सुरक्षितपार्नको लागि ।

---

१. त्यस बखत राजगृह नगरमा २० मासाको एक कार्षापण र पाँच मासाको १ पाद हुन्थ्यो । ४ भागको १ भागलाई 'पाद' भनिन्छ । समन्तपासादिका, पृ २१३

२. दुइ तीनजना मिली कुरा कानीगरी बस्ने बानी ।

"भिक्षुहो ! यी शिक्षापद (नियम) पनि सिक्नुपर्छ, उद्देशण गर्नुपर्छ —

"जो भिक्षुले चोर्ने नियतले न दिएको वस्तु लिन्छ; जस्तो वस्तु न दिइकनै लिंदा राजाले चोरलाई समाती 'यो चोरहो, मूर्खहो, मूढहो, डाँकूहो' भनी परिहास गर्छन्, पिट्छन्, बाँध्छन् अथवा निष्कासित गर्छन्—त्यस्तो वस्तु, भिक्षुले न दिइकनै (चोर्ने नियतले) लियो भने, यो कर्मद्वारा पनि पाराजिका हुन्छ[1], असंवासी[2] हुन्छ ।" (यसपछि अनुप्रज्ञप्ति भएका शिक्षापदका कुराहरू यहाँ उल्लेख गरिएको छैन ।)

× × ×

---

१. जुन अपराध हुँदा भिक्षुसङ्घमा बस्न पाइन्न, त्यस्ता अपराधलाई 'पाराजिका' भन्दछन् । पाराजिका शब्दको अर्थ चाहिं पराजित हुने काम । पाराजिका अपराध हुने भिक्षु, भिक्षु भएर बस्न पाइन्न । पाराजिका अपराध ४ छन् । (१) मैथुन, (२) अदिन्नादान, (३) मनुष्यहत्या र (४) नजानेको अलौकिक धर्मलाई जान्दछु भन्ने ।

२ सङ्घको सहवासमा राख्न अयोग्य ।

मूल सूत्र :–

१५–धार्मिक कुरा वा तूष्णीभाव

यस्तो मैले सुने[१] ।

एक समय भगवान् , श्रावस्तीस्थित अनाथपिण्डकको जेतवन विहारमा बस्नु भएको थियो । त्यस समय भिक्षाटनगरी, भोजनोपरान्त उपस्थान शालामा एकत्रितभई बसिरहेका केही भिक्षुहरूका बीच यस्तो कुरा चल्दै थियो––"आवुसो ! यी दुइ राजाहरूमध्ये को अधिकतर महा धनवान्, महा भोगवान्, महा कोषयान्, महा राज्यवान्, महा यशवान्, महा बलवान्, महा शक्तिवान् तथा महा प्रभावशाली रहेछन् ? मगधराजा सेनीय बिम्बिसार कि राजा प्रसेनजित कोशल ?" यही कुरा उनीहरूका बीच चलिरहेको थियो ।

भगवान् सन्ध्या समयमा ध्यानबाट उठी जहाँ उपस्थान शाला हो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नु भयो । अनि भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! के कुरा गर्दै यहाँ एकत्रितभई बसेका थियौ ? तिमीहरूका बीच के कुरा चलिरहेको थियो ?"

---

१. उदा. पृ. ७३ः राजसुत्तं ।

"भन्ते ! यहाँ भिक्षाटनगरी, भोजनोपरान्त उपस्थान शालामा एकत्रितभई बसेका हामीहरूका बीच यस्तो कुरा चलिरहेको थियो— 'आवुसो ! यी दुइ राजाहरूमध्ये कुन् अधिकतर महाधनवान्, महाभोगवान्, महाकोषवान्, महाराज्यवान्, महायशवान्, महाबलवान्, महाशक्तिवान् तथा महाप्रभावशाली रहेछन् ? मगधराजा सेनीय बिम्बिसार कि राजा प्रसेनजित कोशल ?' भन्ते ! यही कुरा चलिरहँदा भगवान् आइपुग्नु भयो।"

"भिक्षुहो ! तिमीहरू जस्ता श्रद्धापूर्वक घरबार छाडी अनगारिकभई प्रव्रजित भएका कुलपुत्रहरूले यस्तो कुरागरीबस्नु अनुरुप छैन। भिक्षुहो ! एकत्रित भएका तिमीहरूले दुइ कामगर्न योग्य हुन्छ–यात धार्मिककथा, यात आर्य तूष्णी[1]भाव।"

त्यसपछि यी कुरा (घटना) लाई बुझी त्यसबेला भगवान्ले यो उदान (उद्गार) प्रकट गर्नु भयो :—

"यं च कामसुखं लोके, यञ्चिदं दिवियं सुखं।
तण्हक्खयसुखस्सेते, कलं नाग्घति सोलसिं'ति ॥"

अर्थ :—

"जो लौकिक कामसुख हो, जो दिव्यमय सुख हो, तृष्णाक्षयरूपी सुखको अगाडि यी दुइ सुखहरूको मूल्य–सोह्रभागको एकभाग पनि छैन।"

× × ×

---

१. ध्यानमय तूष्णीभाव।

मूल पालि :–

१६–बिम्बिसारको विजय

त्यस समय मगधराजा सेनीय बिम्बिसार लिच्छवीहरूसँग संग्रामगर्दा भागेर आएका थिए[१] । त्यसपछि राजाले सेनालाई संगठन-गरी लिच्छवीहरूलाई पराजित गरेकाथिए । संग्राममा विजयभेरी बज्न थाले––"राजाले लिच्छवीहरूलाई भगाए ।"

अनि आयुष्मान् महामौद्गल्यायनले भिक्षुहरूलाई आमन्त्रणगरी भन्नुभयो––"आवुसो ! राजालाई लिच्छवीहरूले भगाए ।"

यो कुरा सुनी भिक्षुहरू कराउँन थाले, खिन्नहुन थाले र दुःखी-हुन थाले––"आयुष्मान् महामौद्गल्यायनले कसरी यस्तो भन्नुहुन्छ कि––'राजालाई लिच्छवीहरूले भगाए ।' संग्रामस्थलमा त विजयभेरी बज्दैछ कि––'राजाले लिच्छवीहरूलाई भगाए ।' आयुष्मान् महामौद्गल्या-यनले अलौकिक[२]धर्मको कुरा गर्नु हुन्छ ।"

भिक्षुहरूले भगवानलाई यी कुरा सुनाए । भगवान्ले भन्नुभयो––

---

१. पारा. पा पृ. १४८: चतुत्थपाराजिकं ।

२. त्यस बखत आफूमा ज्ञान नभइकन पनि अलौकिकधर्मको कुरा गर्दा 'पाराजिका' दोषलाग्ने नियम बनिसकेको थियो । त्यसैले भिक्षुहरूले उत्तरीय मनुष्यधर्मको कुरा गरेको दोषारोपण आयुष्मान् महामौद्गल्यायनलाई पनि गरेको हो ।

"पहिलो पटक राजालाई लिच्छवीहरूले भगाएका थिए[१] । पछि राजाले पुनः सेना संगठनगरी लिच्छवीहरूलाई पराजित गरे । मौद्गल्यायनले सत्यकुरा गरेकाहुन् । भिक्षुहो ! मौद्गल्यायनलाई आपत्ति छैन ।"

× × ×

मूल पालि :—

१७—गण-भोजन

त्यस समय मगधराजा सेनीय बिम्बिसारको साथैं ज्ञातिपर्ने (जातिसा लोहितो) एकजना आजीवक सम्प्रदायमा प्रव्रजित भएको थियो[२] ।

एकदिन सो आजीवक (साधु) जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गयो । त्यहाँ पुगेपछि मगधराजा सेनीय बिम्बिसारसँग बिन्तिगऱ्यो :—

"महाराज ! म सबै पाषण्डक भोजन खवाउन चाहन्छु ।"

---

१. महामौद्गल्यायन महास्थविरले ध्यानद्वारा यिनै घटनामात्र देखेका थिए ।

२. पाचि. पा. पृ. १०६: अनुपञ्ञत्ति-समणभत्ते, वार्तिसतिम-पाचित्तियं ।

"भन्ते ! यदि तपाइले प्रथमतः बुद्धप्रमुख भिक्षुसङ्घलाई भोजन गराउनु हुन्छ भने सबै पाषण्डक भोजन गराउनु होस् ।"

"यस्तै गर्नेछु ।"

अनि सो आजीवकले भिक्षुहरूकहाँ दूत पठायो—"भोलिको निम्ति भिक्षुहरूले भोजन स्वीकार गर्नु होस् ।" "भगवान्ले गणभोजन[१] प्रति-क्षेप गर्नु भएको छ" भन्दै भिक्षुहरूले हिचकिचाई भोजन (निम्तो) स्वीकार गरेनन् । अनि सो आजीवक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो । त्यहाँ पुगेपछि भगवान्लाई सम्मोदन गर्‍यो । सम्मोदनीय कुराहरू सिद्धिएपछि एक छेउमा उभिइरह्यो । एक छेउमा उभिइरहेको सो आजी-वकले भगवान्सँग यस्तो बिन्तिगर्‍यो :—

---

१. कुनै जमातले वा व्यक्तिले चारजनाभन्दा बढी जमातलाई भोजनद्वारा निम्तोगर्ने तथा कुनै जमात भिक्षुहरूले कुनै जमा-तसँग वा व्यक्तिसँग 'भोजन देऊ' भनी सूचित गरी भोजन माग्नेलाई 'गण-भोजन' भन्दछन् । त्यस समय यसप्रकार जमातले व्यक्तिलाई, व्यक्तिले जमातलाई अथवा जमातले जमातलाई निम्त्याइने भोजन स्वीकार गर्न नहुने नियम थियो । यस नियमबाट विभिन्न प्रकारका निम्तोमा जाने प्रवृत्तिलाई हतोत्साहगरी भिक्षाटनद्वारा मात्र जीविकागर्ने प्रवृत्तिलाई प्रोत्साहन दिइएको बुझिन्छ । समन्तपासादिका पृ-५९६: गणभोजने, बातिसतिमपाचित्तियं ।

"भो गौतम ! तपाइ पनि प्रव्रजित हुनुहुन्छ, म पनि प्रव्रजितहुँ । प्रव्रजितले प्रव्रजितको पिण्ड (भोजन) ग्रहणगर्नु योग्य छ । तपाइ गौतमले भिक्षुसङ्घ सहित भोलिकोनिम्ति मेरो भोजन स्वीकार गर्नुहोस् ।"

भगवान्‌ले तूष्णीभावद्वारा स्वीकार गर्नु भयो । अनि सो आजीवक भगवान्‌ले निम्तो स्वीकार गर्नु भएको बुझी फर्केर गयो । त्यसपछि भगवान्‌ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो --"भिक्षुहो ! श्रमण-भोजनको समयमा गण भोजन गर्ने अनुमति दिन्छु ।" निम्न शिक्षापद पनि सिक्नुपर्छ--"तोकिएको समय बाहेक अरू बेलामा गणभोजन गरेमा पाचित्तिय (दोष) लाग्नेछ । समय यसप्रकार छन्-रोगीसमय, चीवरदान समय, चीवर सिउने समय, यात्राको समय, नाउमाजाने समय, महासमय[1] र श्रमण भोजनको समय ।"

× × ×

---

१. जहाँ दुइ तीन जना भिक्षुहरू भिक्षाटनद्वारा जीविकागरिरहेको ठाउँमा चतुर्थ भिक्षु आइपुग्दा भोजन पुग्दैन । तर त्यस्तो बेलामा 'महासमय' भनी भोजन गर्नुपर्छ । यस प्रकारको स्थितिलाई 'महासमय' भनिन्छ ।

मूल पालि :—

१८–तपोदामा स्नान

त्यस समय बुद्ध भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नु भएको थियो[1]।

त्यस समय भिक्षुहरू तपोदा (तातो पानीको कुण्ड) मा नुहाउँदै थिए । त्यस बखत मगधराजा सेनीय बिम्बिसार 'शीर नुहाउँछु' भनी तपोदामा गई "आर्यहरूले नुहाउन नसिद्धयाएसम्म नुहाउन्न" भनी सम्मानपूर्वक एक ठाउँमा पर्खिरहे । भिक्षुहरू रातपरुञ्जेलसम्म नै नुहाइरहे । अनि मगधराजा सेनीय बिम्बिसार विकालमा (राती) शीर नुहाई, नगरद्वार बन्द भएकोले नगरबाहिरै बसी, विलेपन[2] नै नमेटिएको मुख लिई, सबेरै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा सेनीय विम्बिसारसँग भगवान्ले सोध्नुभयो :—

"महाराज ! किन यति सबेरै, विलेपननै न मेटिएको मुख लिएर आउनु भएको ?"

---

१. पाचि. पा. पृ. १५९: सत्तपञ्ञासमपाचित्तियं ।

२. त्यस बखत नुहाइधुवाइगरी मुखमा श्रीखण्डादिको लेप लगाउने चलन थियो ।

अनि मगधराजा सेनीय बिम्बिसारले बितेको घटनाको कुरा बिन्तिगरे । भगवान्‌ले मगधराजा सेनीय बिम्बिसारलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित गराउनु भयो । मगधराजा सेनीय बिम्बिसार पनि भगवान्‌को धार्मिक कथाद्वारा सन्दर्शित सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षितभई आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए ।

त्यसपछि भगवान्‌ले यसै सन्दर्भमा, यसै प्रकरणमा भिक्षुसङ्घलाई एकत्रितपारी, भिक्षुहरूसँग सोध्नुभयो --

"भिक्षुहो ! साँच्चैहो के, भिक्षुहरूले राजालाई देखेर पनि प्रमाणको ख्याल नराखी नुहाइरहेका ?"

"भगवान् ! साँच्चैहो ।"

अनि भगवान्‌ले निन्दागर्नु भयो—...कसरी ती मोघ भिक्षुहरू राजालाई देखेर पनि प्रमाणको ख्याल नराखी नुहाउन सकेका ! यस कार्यद्वारा न अप्रसन्नहुनेलाई प्रसन्नपार्न सक्छ, न प्रसन्नहुनेलाई नै बढी प्रसन्नपार्न सक्छ... । अतएव यो शिक्षापद सिक्नू —

"जो भिक्षुले दुइहप्ता भित्र नुहाउँछ उसलाई पाचित्तिय (दोष) लाग्नेछ ।"

(यो नियम बनिसकेपछि विभिन्न घटनाका हेतुले पाँचपटकसम्म अनुप्रज्ञप्ति शिक्षापद बनाइए । नियमको अन्तिमरूप खडा भएको कुरा यहाँ उल्लेख गरिएको छैन । हेर. पाचि. पा. पृ. १६० देखि ।)

× × ×

मूल पालि : –

१९–राजहत्या

एकदिन देवदत्त (भिक्षु) जहाँ अजातशत्रु[1] राजकुमार थिए त्यहाँगई अजातशत्रु राजकुमारलाई यस्तो भने[2] : –

"हे कुमार ! अघि मनुष्यहरू दीर्घायु हुन्थे, आजकल अल्पायु हुन्छन् । शायद कुमार छँदा नै तिमी मृत्युहुन पनि सक्छौ । त्यसैले, हे कुमार ! तिमीले आफ्नो पितालाई हत्या गरी राजा होऊ, म भगवान्‌लाई हत्या गरी बुद्ध हुनेछु ।"

अनि अजातशत्रु राजकुमार "आर्य देवदत्त महान् ऋद्धिवान्, महान आनुभाव सम्पन्न हुनुहुन्छ, आर्य देवदत्तले जान्दछन् होला" भनी विचार गरो तिघ्रामा शस्त्र बाँधी मध्यान्न समयमै भयभीत, उद्वेग, सशंकित, उत्रस्त भएकैंगरी अन्तःपुरमा पसे । अन्तःपुरका अङ्गरक्षक हाकिमहरूले अजातशत्रु राजकुमारलाई मध्यान्न समयमै भयभीत, उद्वेग, उत्रास भएकैंगरी एक्कासी अन्तःपुरमा पसेको देखेर समाते । खोज तलासगर्दा उनीहरूले तिघ्रामा शस्त्र बाँधी राखेको पाए र अजातशत्रु राजकुमारसँग सोधे :—

---

१. बिम्बिसार राजाको छोरा ।

२. चुल्ल.व.पृ. २९०: अजातसत्तु कुमारवत्थु, सङ्घभेदकक्खन्धकं ।

"हे कुमार ! तपाइ के गर्न चाहनु हुन्छ ?"

"बाबुलाई मार्न चाहन्छु ।"

"कसले प्रोत्साहित गऱ्यो ?"

"आर्य देवदत्तले ।"

(क) यी कुरा सुनी केही महामात्यहरूले यस्तो राय व्यक्तगरे—"कुमारलाई पनि मार्नु पर्छ, देवदत्तलाई पनि मार्नु पर्छ र सबै भिक्षुहरूलाई पनि मार्नु पर्छ ।"

(ख) केही महामात्यहरूले यस्तो राय व्यक्तगरे—"भिक्षुहरूलाई मार्न हुन्न । भिक्षुहरूले कुनै अपराध गरेका छैनन् । कुमारलाई र देवदत्तलाई मार्नु पर्छ ।"

(ग) केही महामात्यहरूले यस्तो राय व्यक्तगरे—'न कुमारलाई मार्नु हुन्छ न देवदत्तलाई मार्नु हुन्छ न त भिक्षुहरूलाई नै मार्नु हुन्छ किन्तु राजालाई बिन्ति गर्नु पर्छ । राजाबाट जस्तो आज्ञा हुनेछ त्यस्तै गर्नु पर्छ ।"

अनि ती महामात्यहरू अजातशत्रु राजकुमारलाई साथमा लिई जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गए । त्यहाँ पुगेपछि मगधराजा सेनीय बिम्बिसारलाई यो कुरा बिन्तिगरे ।

"हे भणे ! महामात्यहरूको के राय छ नि ?"

(क) "महाराज ! केही महामात्यहरूले यस्तो राय प्रकटगरे—"कुमारलाई पनि मार्नु पर्छ, देवदत्तलाई पनि मार्नु पर्छ तथा सबै भिक्षु-

हरूलाई पनि मार्नु पर्छ ।' (ख) केही माहामात्यहरूले यस्तो राय प्रकटगरे––'भिक्षुहरूलाई मार्नहुन्न । भिक्षुहरूले कुनै अपराध गरेका छैनन् । कुमारलाई र देवदत्तलाई मार्नु पर्छ ।' (ग) केही महामात्य-हरूले यस्तो राय प्रकटगरे––'न कुमारलाई मार्नु हुन्छ, न देवदत्तलाई मार्नु हुन्छ, न त भिक्षुहरूलाई नै मार्नु हुन्छ; किन्तु राजालाई बिन्ति गर्नु पर्छ, राजाबाट जस्तो आज्ञा हुनेछ त्यस्तै गर्नु पर्छ ।''

"हे भणे ! बुद्ध, धर्म तथा सङ्घले के गरेका छन् र ? के दोष छ र ? भगवान्ले राजगृहमा देवदत्तकोबारेमा पहिले नै प्रकाश गरि सक्नु भएको छ––'अघि देवदत्तको अर्कै स्वभाव (प्रवृत्ति) थियो, अहिले अर्कै स्वभाव छ । देवदत्तले काय, वचन तथा मनले जो काम गर्छन् त्यो बुद्ध, धर्म तथा सङ्घ भनी संझनुहुन्न; केवल देवदत्त नै संझनुपर्छ ।' अनि जुन् महामात्यहरूले––'कुमारलाई पनि, देवदत्तलाई पनि तथा भिक्षु-सङ्घलाई पनि मार्नु पर्छ' भनी राय प्रकटगरे त्यस्तालाई निकम्मागरि दिए । अर्थात् अपदस्थ गरिदिए । जुन महामात्यहरूले––'भिक्षुहरूलाई मार्न हुन्न, भिक्षुहरूले कुनै अपराध गरेका छैनन् किन्तु राजकुमार र देवदत्तलाई मार्नु पर्छ' भनी राय प्रकटगरे त्यस्तालाई नीचस्थानमा राखिदिए । अर्थात् श्रेणी घटाइदिए । जुन महामात्यहरूले—'न कुमार-लाई मार्नुहुन्छ, न देवदत्तलाई मार्नुहुन्छ, न त भिक्षुहरूलाई नै मार्नुहुन्छ; किन्तु राजालाई बिन्ति गर्नुपर्छ । राजाबाट जे आज्ञा हुनेछ त्यस्तै गर्नुपर्छ' भनी राय प्रकटगरे त्यस्तालाई उच्चस्थानमा राखे । अर्थात् पद बढाइ-दिए । यसपछि मगधराजा सेनीय बिम्बिसारले कुमारसँग सोधे :—

"हे कुमार ! किन तिमीले मलाई मार्न चाहेको ?''

"देव ! मलाई राज्य चाहियो ।"

"हे कुमार ! यदि तिमी राज्य चाहन्छौ भने, ल ल्यौ, यो राज्य" भनी अजातशत्रुलाई राज्य सुम्पिदिए ।

× × ×

मूल सूत्र :—

२०–जनवसभ देवपुत्र

यस्तो मैले सुने[१] ।

गति-विवरण

एकसमय भगवान् नादिका[२] गउँको गिञ्जकावसथ (विहारमा) बस्नुभएको थियो । त्यस समय भगवान्ले सबै जनपदमा बस्ने अर्थात् काशी र कोशल, बृजि र मल्ल, चेतीय र वश, कुरू र पञ्चाल, मत्स्य र सूरसेन[३] आदि सबै प्रदेशमाबस्ने, परलोक भइसकेका उपचारक

१. दी. नि. II. पृ. १५१ : जनवसभसुत्तं ।

२. स्याम र रोमनमा: 'नातिक' ।

३. १६ महाजनपदहरू मध्येका देश हुन् । १६ जनपदहरू यी हुन् :—(१) अङ्ग, (२) मगध, (३) काशी, (४) कोशल, (५) वृजि, (६) मल्ल, (७) चेतीय, (८) वङ्ग (दी. नि.*

(बुद्ध, धर्म तथा सङ्घका सेवक) हरूको उत्पत्तिबारे व्याकरण (प्रकाश) गर्नु भएको थियो—"५० भन्दाबढी नातिकाका[१] परिचारकहरू परलोक भए जो पाँच अधोगामिनी संयोजन[२] परिक्षीणगरी औपपातिक (देवलोक, ब्रह्मलोक मा उत्पन्न) भई, त्यसलोकबाट पुनः यसलोकमा नआउनेभई त्यहींनै परिनिर्वाण प्राप्तगर्ने भए। ९० भन्दा बढी नातिकाका परिचारिकाहरू परलोक भए जो तीनसंयोजनलाई[३] परिक्षीणगरी, राग, द्वेष र मोहलाई दुर्बलपारी सकृदागामी[४] भए

---

*II. पृ. १५१ मा वंश छ), (९) कुरु, (१०) पञ्चाल, (११) मत्स्य, (१२) सूरसेन, (१३) अश्वक, (१४) अवन्ती, (१५) गन्धार तथा (१६) कम्बोज। यी मध्ये पछिल्ला दुइ देश गन्धार र कम्बोज उत्तरापथमा पर्छन्। अं. नि. III. पृ. ३४९: त्रित्थतूपोसथसुत्तं; पृ. ३५३: विसाखसुत्तं; पृ. ३५७: बोज्झसुत्तं र अं. नि. I. पृ १९७ : उपोसथसुत्तं।

यही नामहरूको क्रममा केही फरकगरी जैनसम्प्रदायका भगती सूत्रानुसार १६ महाजनपदहरूका नाम यसप्रकार छन् :—अङ्ग, वङ्ग, मगध, मलय, मालव, अच्छ, वच्छ, कोच्छक, पाध, लाढ. वज्जि, मोलि, काशी, कोशल, अवहा तथा सूरसेन। D P. P. II. पृ. ४९४

१. स्याम र रोमनमा : 'नादिका'।

२. हेर बुद्ध. व्रा. पृ. १८३ को पादटिप्पणिमा अथवा बुद्ध. गृ. को पृ. ३१७ मा।

३. हेर बुद्ध. गृ. पृ २७० को पादटिप्पणि।

४. पुनः एकपटक मात्र यसलोकमा जन्मलिई परिनिर्वाण हुने सत्व।

अर्थात् एकपटकमात्र यसलोकमा उत्पन्नभई दुःखक्षय गर्न सक्ने भए। ५०० भन्दा अधिक नातिकाका परिचारकहरू परलोकभए जो तीनसंयोजन परिक्षीण गरी स्रोतापन्न, अविनिपाती, निश्चित सम्बोधिपरायण भए।"

नातिकाका परिचारकहरूले पनि सुने कि— "भगवान्ले 'काशी कोशलादी...सबै प्रदेशमा बस्ने, परलोक भइसकेका उपचारकहरू अमुक, अमुकस्थानमा; अमुक, अमुकस्थानमा उत्पन्नभए' भन्ने व्याकरण गर्नु भएकोछ। ५० भन्दा बढी,...९० भन्दा बढी,...५०० भन्दा अधिक... निश्चित सम्बोधिपरायण भए। यस कुराबाट नातिकाका परिचारकहरू खुशी, प्रफुल्लित तथा प्रीति सौमनस्यानुभवी भए।"

भगवानसँग आनन्दको प्रार्थना

यो कुरा आयुष्मान् आनन्दले पनि सुन्नुभयो कि— "भगवान्ले 'काशी कोशलादि...सबै प्रदेशमा बस्ने, परलोक भइसकेका उपाचारकहरू अमुक, अमुकस्थानमा...उत्पन्न भए' भन्ने व्याकरण गर्नु भएकोछ— ५० भन्दा बढी, ... निश्चित सम्बोधिपरायण भए। यस कुराबाट नातिकाका परिचारकहरू ... प्रीति सौमनस्यानुभवी भए'।"

त्यसपछि आयुष्मान् आनन्दको मनमा यस्तो लाग्यो—"यी मागधिक परिचारकहरू पनि दीर्घकालसम्म (बुद्ध धर्ममा) परिचित थिए; जो परलोक भइसके। ती दीर्घकालसम्म (बुद्ध धर्ममा) परिचित अङ्ग मगधका परिचारकहरू – त्यस्ता फल प्राप्तगर्नेहरू – कोही छैनन् जस्तो लाग्छ। तिनीहरू पनि बुद्ध धर्म तथा सङ्घप्रति प्रसन्नभई शील परिपूर्ण

गर्ने भएका थिए जो परलोक भइसके। यिनीहरूकोबारेमा भगवान्ले केही व्याकरण गर्नुभएको छैन। उनीहरूकोबारेमा पनि व्याकरण गर्नु भएको भए राम्रो हुनेथियो। यसबाट धेरैजना प्रसन्न हुनेथिए र उनीहरू पनि सुगतिमा जानेथिए होलान्। यी मगधराजा सेनीय बिम्बिसार पनि धार्मिक तथा धर्मराजा थिए। ब्राह्मण गृहपति, नैगमवासी र जनपदवासीहरूका हितैषी थिए। मानिसहरूले बिम्बिसार राजाको बारेमा बयान नै गरेका थिए—'हाम्रा राजा जनतालाई सुखी बनाई परलोकभए। त्यस धार्मिक धर्मराजाको राज्यमा हामीहरू कुशल तथा सुखपूर्वक बस्दथ्यौं।' सो राजा पनि बुद्ध धर्म तथा सङ्घप्रति प्रसन्नभई शील परिपूर्णकारी भए। अरु मानिसहरू भन्दछन्—'मरणकालसम्म पनि मगधराजा सेनीय बिम्बिसार भगवान्कै गुणगान गरी परलोक भए।' उनी पनि व्यतीतभई परलोक भइसके; जसको बारेमा पनि भगवान्ले कुनै व्याकरण गर्नु भएको छैन। उनको बारेमा पनि व्याकरण गर्नु भएको भए राम्रै हुनेथियो; जुनकुरा सुनी धेरै मानिसहरू प्रसन्नहुन सक्थे र त्यसैको कारणले सुगतिमा पनि पुग्नसक्थे। भगवान्को सम्बोधि पनि मगधदेशमै भएको हो। जब कि भगवान्को सम्बोधि नै मगधदेशमा भएकोथियो भने, किन भगवान्ले व्यतीत भई परलोक भएका मागधिक परिचारकहरूको उत्पत्तिबारेमा व्याकरण गर्नु भएन होला? यदि भगवान्ले व्यतीतभई परलोक भइसकेका मागधिक सेवकहरूका उत्पत्तिबारेमा व्याकरण गर्नु नभएमा मागधिक सेवकहरू दुःखी हुने छन्, दुःखी हुने मागधिक परिचारकहरूकानिमित्त भगवान्ले किन व्याकरण गर्नु भएन होला?"

एक्लै बसी यस्तो विचार गरिरहनु भएका आयुष्मान् आनन्द, रात बितिसकेपछि बिहान सबेरै उठी, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्सँग यस्तो बिन्ति गर्नुभयो:—

"भन्ते ! मैले सुने कि— भगवान्ले 'काशी, कोशल ··· आदि सबै प्रदेशमा बस्ने, ब्यतीतभई परलोक भइसकेका उपचारकहरू अमुक, अमुकस्थानमा; अमुक, अमुकस्थानमा उत्पन्न भए' भन्ने कुरा व्याकरण गर्नु भयो— ५० भन्दा बढी,···९० भन्दा बढी,···५०० भन्दा अधिक ··· निश्चित सम्बोधिपरायण भए । यसबाट नातिकाका परिचारकहरू खुशी तथा प्रफुल्लित भई प्रीति सौमनस्यानुभवी भए। भन्ते ! यी मागधिक परिचारकहरू पनि दीर्घकालसम्म बुद्ध धर्ममा) परिचित थिए जो ब्यतीतभई परलोक भइसके। ती दीर्घकालसम्म (बुद्ध धर्ममा) परिचित, अङ्ग मगधका परिचारकहरू— त्यस्ता फल प्राप्तगर्ने कोही छैनन् जस्तो लाग्छ। तिनीहरू पनि···सुगतिमा जाने थिए होलान्। यी मगधराजा सेनीय बिम्बिसार पनि धार्मिक तथा धर्मराजा थिए···। सो राजा पनि बुद्ध, धर्म तथा सङ्घप्रति प्रसन्नभई शील परिपूर्णकारी थिए। अरू मानिसहरू भन्दछन् — 'मरणकालसम्म पनि···भगवान्कै गुणगान गरी परलोक भए।' उनी पनि ब्यतीतभई परलोक भइसके; जसकोबारेमा पनि भगवान्ले कुनै व्याकरण गर्नु भएको छैन। उनको बारेमा पनि व्याकरण गर्नु भएको भए राम्रै हुनेथियो; जुनकुरा सुनी धेरै मानिसहरू···सुगतिमा पनि पुग्नसक्थे। भगवान्को सम्बोधि पनि मगधदेशमै भएको थियो। जबकि भगवान्को सम्बोधिनै

मगधदेशमा भएको थियो भने, किन भगवान्‌ले ब्यतीतभई परलोक भएका मागधिक परिचारकहरूको उत्पत्तिबारेमा ब्याकरण गर्नु नभएको ? यदि भगवान्‌ले ब्यतीतभई परलोक भइसकेका मागधिक सेवकहरूका उत्पत्तिबारेमा व्याकरण गरिदिनु भएन भने मागधिक सेवकहरू दुःखी हुनेछन् ; दुःखी हुने मागधिक परिचारकहरूकानिमित्त भगवान्‌ले किन ब्याकरण गर्नु नभएको होला ?"

मागधिक परिचारकहरूकाबारे भगवान्‌को अगाडि यति कुरा सुनाई आयुष्मान् आनन्द आसनबाट उठी, भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर जानु भयो ।

जनवसभ देवपुत्रको प्रादुर्भाव

आयुष्मान् आनन्द फर्केर जानु भइसके पछि भगवान् , केही बेर पछि पूर्वाह्‌णसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी नातिका गाउँमा पिण्डार्थ पस्नुभयो । नातिका गाउँमा पिण्डाचार गरी, पिण्डाचारबाट फर्की भोजनोपरान्त खुट्टा पखाली गिञ्जकावसथ विहारभित्र पसी, मागधिक परिचारकहरूकाबारेमा एकचित्त (मनमा) गरी, सबै चित्तलाई एकत्रित पारी, "उनीहरूको गति र सम्परायिक, उनीहरू के गति, के अभिसम्पराय भएका रहेछन् भनी जान्न" बिच्छ्याइराखेको आसनमा बस्नुभयो । मागधिक परिचारकहरू जुन गतिमा, जुन अभिसम्परायमा पुगे ती जम्मै कुरा भगवान्‌ले जान्नुभयो । त्यसपछि भगवान् सन्ध्यासमयमा ध्यानबाट उठी, गिञ्जकावसथबाट बाहिर निस्कनुभई विहारको छायांमा बिच्छ्याइराखेको आसनमा बस्नुभयो ।

त्यसबखत आयुष्मान् आनन्द पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादन गरी एक छेउमा वस्नुभयो। एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले भगवान्सँग सोध्नुभयो—

" भन्ते ! भगवान् उपशान्त देखिनुहुन्छ, भगवान्को मुखवर्णबाट आभा प्रकाश भएको जस्तो, इन्द्रियहरू प्रफुल्लित भएका देखिन्छन्। भन्ते ! भगवान् आज बडो शान्तिपूर्ण विहारमा बस्नु भएको जस्तो लाग्छ।"

"हे आनन्द ! जुन मागधिक परिचारकहरूकोबारेमा तिमीले मेरो अगाडि कुरा सुनाएर गयौ; त्यसपछि म नातिका गाउँमा पिण्डाचार गरी, भोजनपछि खुट्टा पखाली गिञ्जकावसथ विहारभित्र पसी ती मागधिक परिचारकहरूकोबारेमा मनमा एकचित्त गरी, सबै चित्तहरूलाई एकत्रित पारी, 'उनीहरूको गति र सम्परायिक जान्नेछु; जुन गति जुन अभिसम्पराय भए ती कुरा पनि जान्नेछु" भनी आसनमा बसें। आनन्द ! अनि ती मागधिक परिचारकहरू जुन गति, जुन अभिसम्पराय भए ती कुरा जम्मै मैले जानें, देखें।

'आनन्द ! त्यस समयमा एक अदृश्य यक्ष (देवता)ले शब्द सुनायो— 'भगवान् ! म जनवसभ हुँ, सुगत ! म जनवसभ हुँ।' आनन्द ! यसभन्दा अघि तिमीले यस्तो नाम सुनेका थियौ ?"

"भन्ते ! यसभन्दा अघि मैले यस्तो 'जनवसभ' भन्ने नाम कहिले पनि सुनेकोथिइन। 'जनवसभ' भन्ने नाम सुनेर मेरा रौंहरू ठाडा हुन्छन्। भन्ते ! यो नाम सुनेर मेरो मनमा यस्तो लाग्यो— 'यिनी साधारण खालका देवता होओइनन् होलान्; जसको नामै 'जनवसभ' भन्ने सुप्रज्ञप्तछ'।"

स्रोतापन्न बिम्बिसार

"आनन्द ! तदनन्तर आवाजको साथसाथै एक उदार यक्ष (देवता) मेरो सामुन्ने प्रकट भयो । दोस्रोपटक पनि आवाज सुनायो— 'भगवान् ! म बिम्बिसारहुँ, भन्ते, सुगत ! म वेस्सवण महाराजकहाँ उत्पन्न भएको यो सातौं बारहो । त्यहाँबाट च्युतभई म मनुष्यलोकमा राजा हुन सक्दछु । यहाँ सातबार, त्यहाँ सातबार— जहाँ म पहिले बसेको थिएँ— चौधवार संसार घुमेको (बसेको) कुरा म जान्दछु । भन्ते ! दीर्घकालदेखि म अविनिपाती भई, विनिपातमा नगएको कुरा पनि जान्दछु । किन्तु मेरो मनमा सकृदागामी हुने आशा रहेको छ ।'

भगवान्—" 'दीर्घकालदेखि म अविनिपातीभई, विनिपातमा नगएको कुरा जान्दछु' भनी तिमीले जुन कुरा भन्यौ, त्यो कुरा आश्चर्य र अद्‌भुत जनक छ । अरु तिमी, 'मेरो मनमा सकृदागामी हुने आशा रहेको छ' भनी भन्दछौ । हे जनवसभ देव ! त्यस्तो विशेषाधिगमन तिमीले कसरी अथवा कुन हेतुद्वारा प्राप्त गर्‍यौ ? यस विषयमा तिमी के जान्दछौ ?"

"भन्ते ! तपाइको शासन (बुद्ध, धर्म) बाहेक अरू कुनै हेतु छैन । सुगत ! तपाइको शासन बाहेक अरू कुनै पनि हेतु छैन । भन्ते ! जहाँदेखि म भगवान्प्रति एकान्तिकरूपले अभिप्रसन्नभएँ, त्यहाँदेखि म अविनिपातीभई, विनिपातमा नगएको कुरा मलाई ज्ञात छ । अब मेरो मनमा सकृदागामी हुने आशा रहेको छ ।

"भन्ते ! यहाँ, वेस्सवण (कुवेर) महाराजाले मलाई केही कामले विरूढक महाराजकहाँ पठाएका थिए। त्यसबखत भगवान् गिञ्झकावसथभित्र पस्नुभई मागधिक परिचारकहरूकोबारे...एकचित्त मनलगाई रहनु भएको मैले बीच बाटोबाट देखें। भन्ते ! यसमा कुनै आश्चर्य छैन कि— तिनीहरूको गति, तिनीहरूको अभिसम्परायबारे मैले वेस्सवण महाराजको श्रीमुखबाट सुनिसकेको छु। त्यसैले मलाई यस्तो लाग्यो— 'भगवान्को पनि दर्शन गर्नेछु, यी कुराहरू पनि सुनाउनेछु।' यिनै दुइ कारणले म भगवान्को दर्शन गर्न आएकोहुँ।"

सुधर्मा सभामा ब्रह्माको प्रादुर्भाव

"भन्ते ! अघि—व्यतीत भएको समयमा—एकदिन, वर्षावास बस्ने पूर्णिमाको रातमा, महत् दिब्यानुभावले त्रयस्त्रिंश देवताहरू एकत्रितभई चारैतिर बसेका थिए। चतुर्दशाका चार महाराजाहरू चारैदिशामा बसेका थिए। (१) पूर्वदिशामा धतरट्ठ (धृतराष्ट्र) महाराज, पश्चिमाभिमुखगरी देवताहरूको अगाडि बसेका थिए। (२) दक्षिण दिशामा विरूल्हक (विरूढक) महाराज, उत्तराभिमुखगरी देवताहरूको अगाडि बसेका थिए। (३) पश्चिमदिशामा विरूपक्ख (विरूपाक्ष) महाराज, पूर्वाभिमुखगरी देवताहरूको अगाडि बसेका थिए। (४) उत्तरदिशामा वेस्सवण (वैश्रवण) महाराज, दक्षिणाभिमुखगरी देवताहरूको अगाडि बसेका थिए। सबै त्रयस्त्रिंश देवताहरू सुधर्मा सभामा एकत्रितभई बसिसकेपछि उनीहरूलाई महत् दिव्यपरिषद्ले चारैतिर घेरेर बसे। चारै महाराजाहरू पनि चतुर्दिशामा बसे।

यस किसिमले उनीहरू बसिसकेपछि – त्यसको पछाडिपट्टि हामी बस्यौं । भगवान्का शासनमा ब्रह्मचर्य पालनगरी जुन देवताहरू भरखरै त्यहाँ उत्पन्न भएका थिए तिनीहरू त्रयस्त्रिंश देवताहरूमध्ये विशेषरूपले वर्ण तथा यशद्वारा प्रकाशमान देखिन्थे । भन्ते ! त्यसबाट त्रयस्त्रिंश देवताहरू सन्तुष्ट, प्रमुदित तथा प्रीतिसौमनस्यानुभवी भई– 'दिव्यकाय बढ्दै छन्, असुरकाय घट्दैछन्' भनी भन्दथे । अनि शक्रदेवेन्द्रले त्रयस्त्रिंश देवताहरूको प्रसन्नता देखी यी गाथाद्वारा अनुमोदन गरे–

१ – "मोदन्ति वत भो देवा, तावतिंसा सहिन्दका[१] ।
तथागतं नमस्सन्ता, धम्मस्स च सुधम्मतं ॥
२– "नवे देवे च पस्सन्ता, वण्णवन्ते यसस्सिने[२] ।
सुगतस्मिं ब्रह्मचरियं, चरित्वान इधागते ॥
३ – "ते अञ्ञे अतिरोचन्ति, वण्णेन यससायुना ।
सावका भूरिपञ्ञस्स, विसेसूपगता इध ।
४– "इदं दिस्वान नन्दन्ति, तावतिंसा सहिन्दका ।
तथागतं नमस्सन्ता, धम्मस्स च सुधम्मतं'ति ॥"

अर्थः–

१– "तथागत र धर्मको सुधर्मतालाई नमस्कारगर्दै इन्द्रसहित त्रयस्त्रिंश देवताहरू प्रमुदित हुन्छन् ।

---

१. सिंहल : 'सइन्दका' । २. स्याममा : 'यसस्सिनो' ।

२ — "सुगतकहाँ ब्रह्मचर्य पालन गरी यहाँ आएका वर्णवान्, यशवान् नयाँ देवताहरू देखेर त्रयस्त्रिंश देवताहरू प्रसन्न हुन्छन् ।

३ — "विशेष फल प्राप्तगरेका भूरिप्राज्ञ बुद्धका श्रावकहरू, अरूभन्दा विशेषरूपले वर्ण, आयु तथा यशश्रीले प्रकाशवान् छन् ।

४ — "यिनै कारणहरू देखेर इन्द्रसहित त्रयस्त्रिंश देवताहरू, तथागतमा र धर्मको सुधर्मतामा नन्दित छन् ।"

"भन्ते ! यी कारणहरू देखी त्रयस्त्रिंश देवताहरू अत्यन्त सन्तुष्ट, प्रमुदित तथा प्रीतिसौमनस्यी भई, 'दिव्यकाय बढ्दैछन्, असुर-काय घट्दैछन्' भनी भन्दछन् । ती देवताहरू जुन कामको लागि सुधर्मा सभामा एकत्रितभई भेला भएका हुन्छन्— ती कामहरू चिन्तन गरी, सल्लाह गरी आफूले पनि कुरा गरी, अर्काको पनि कुरा सुनी, सहमत भई आ-आफ्ना आसनमा बसेका हुन्छन् ।'

'ते वुत्तवाक्या राजानो, पटिग्गह्यानुसासनिं ।
विप्पसन्नमना सन्ता, अट्ठंसु सह्मि आसने'ति ॥"

अर्थः—

"ती राजाहरू, आफ्नो कुरा सुनाई अर्काको पनि कुरा सुनी, ग्रहण गरी, प्रसन्नभई शान्तपूर्वक आफ्ना आसनमा बसे ।"

"भन्ते ! अनि उत्तरदिशाबाट उदार आलोक देखापर्न थाल्यो, आभा प्रकाश हुनथाल्यो । जुन आभा देवताहरूका दिव्यानुभावभन्दा बढी

थिए। त्यसबखत शक्रदेवेन्द्रले त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे:—

'हे मारिष ! जुन लक्षण देखिन्छ, जुन उदार आलोक तथा आभा देखिन्छ— यसबाट ब्रह्मा प्रादुर्भाव हुने संकेत मिल्दछ। ब्रह्मा प्रादुर्भाव हुनुभन्दा अगाडि यस्तो लक्षण देखिन्छ।'

"यथा निमित्ता दिस्सन्ति, ब्रह्मा पातुभविस्सति ।
ब्रह्मु नो हेतं निमित्तं, ओभासो विपुलो महा'ति ।।"

अर्थ:—

"जुन लक्षण देखिदा ब्रह्मा प्रादुर्भाव हुन्छन् सोही ब्रह्माको यो उदार तथा विपुल आभा हो।"

"भन्ते ! यसपछि चातुर्महाराजिका देवताहरू र त्रयस्त्रिंश देवताहरू 'यो आभाको कारण र फल साक्षात्कार गरेर मात्र फर्किनेछौं' भन्दै आफ्नै आसनमा बसे।

"भन्ते ! जब ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूको सामुन्ने प्रकट हुन्छन् तब उनी स्थूलरूप लिएरमात्र प्रकट हुन्छन्। किनभने ब्रह्माको जुन् प्रकृतिरूप हुन्छ त्यो त्रयस्त्रिंश देवताहरूले देख्न सक्दैनन्; उनीहरूको चक्षुपथले भेटाउन सक्दैन। ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूका सामुन्ने प्रकटहुँदा उनको वर्ण तथा यशश्री अरूको भन्दा उत्कृष्ट हुन्छ। जस्तै सुवर्णको रूप मानिसको रूपभन्दा तेजिलो हुन्छ। भन्ते ! ब्रह्मा सनत्कुमार त्रयस्त्रिंश देवताहरूको सामुन्ने प्रकटहुँदा उनलाई देवपरिषद्ले अभिवादन वा आसन दिएर

निम्त्याउँदैन। सबै देवताहरू तूष्णीभई— 'जसको आसनमा बस्न चाहन्छन् उसकै आसनमा ब्रह्मा सनत्कुमार बस्नेछन्' भनी हातजोरी पलेटीमारी बसेका हुन्छन्।

"भन्ते! जुन देवताको आसनमा ब्रह्मा सनत्कुमार बस्छन्, ती देवताले बडो ठूलो आनन्द तथा सौमनस्य अनुभव गर्छन्। जस्तै कुनै क्षत्रीय राजाले अभिषेक प्राप्तगर्ने बित्तिकै ठूलो आनन्द तथा सौमनस्य लाभ गर्छन् त्यस्तै सौमनस्य लाभ गर्छन्। अनि भन्ते! ब्रह्मा सनत्कुमार स्थूल शरीर लिई कुमाररूपले पञ्चशिख त्रयस्त्रिंश देवताहरूको अगाडि प्रकटभए। उनी, आकाशमाथि गई पलेटीमारी बसे। जस्तै राम्ररी बिच्छाइ राखेको आसनमा वा सम्मभएको भूमीमा भगवान् पलेटीमारी बस्नुहुन्छ, त्यस्तैगरी ब्रह्मा सनत्कुमार आकाशमा बसे। त्यसपछि उनले त्रयस्त्रिंश देवताहरूको प्रसन्नतालाई जानी निम्न गाथाद्वारा अनुमोदन गरे—

१— "मोदन्ति वत भो देवा, तावतिंसा सहिन्दका।
तथागतं नमस्सन्ता, धम्मस्स च सुधम्मतं॥

२— "नवे देवे च पस्सन्ता, वण्णवन्ते यसस्सिने।
सुगतस्मिं ब्रह्मचरियं, चरित्वान इधागते॥

३— "ते अञ्ञे अतिरोचन्ति, वण्णेन यससायुना।
सावका भूरिपञ्ञस्स, विसेसूपगता इध॥

४— "इदं दिस्वान नन्दन्ति, तावतिंसा सहिन्दका।
तथागतं नमस्सन्ता, धम्मस्स च सुधम्मतं'ति॥"

अर्थः—

१— "इन्द्रसहित त्रयस्त्रिंश देवताहरू तथागतलाई र धर्मको सुधर्मतालाई प्रसन्नतापूर्वक नमस्कार गर्दछन् ।

२— "सुगतको शासनमा ब्रह्मचर्य पालन गरी आएका नयाँ देवताहरू देखी त्रयस्त्रिंश देवताहरू प्रसन्न छन् ।

३ — "भूरिप्राज्ञ बुद्धका श्रावक, जसले-विशिष्टफल प्राप्तगरेका छन्, तिनीहरू— अरू देवताहरूभन्दा वर्ण तथा यशश्रीले उत्कृष्ट छन् ।

४— "इन्द्रसहित त्रयस्त्रिंश देवताहरू यी कारणहरू देखेर तथागतलाई र धर्मको सुधर्मतालाई नमस्कारगर्दै नन्दित हुन्छन् ।"

"भन्ते ! ब्रह्मा सनत्कुमारले यति अर्थ प्रकाश गरे । यस्तो अर्थ प्रकाशगर्ने ब्रह्मा सनत्कुमारको स्वर अष्टाङ्ग सम्पन्न थियो— (१) स्पष्ट, (२) सुबोध्य, (३) मञ्जु, (४) श्रवणीय, (५) विन्दु, (६) अविक्षिप्त, (७) गम्भीर तथा (८) गुञ्जायमान । भन्ते ! जुन परिषद्लाई ब्रह्मा सनत्कुमारले भाषण गर्छन्, उनको स्वर परिषद्बाट बाहिर जाँदैन । भन्ते ! जसको स्वर अष्टाङ्ग सम्पन्न हुन्छ उसको स्वरलाई ब्रह्मश्वर भनिन्छ ।

ब्रह्मा सनत्कुमारको उपदेश

"भन्ते ! अनि ब्रह्मा सनत्कुमारले तेतीस आत्मभाव निर्माण-गरी त्रयस्त्रिंश देवताहरूका तेतीस आसनहरूमा पलेटीमारी बसी त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे— 'भगवान्ले बहुजनहितार्थ,

लोकवासी प्रति अनुकम्पार्थ, उनीहरूको हितसुखार्थ धर्मोपदेश गर्नु हुन्छ । जो बुद्ध, धर्म तथा सङ्घको शरणमा गई शील पालन गर्छन्, उनीहरू शरीर छोडी मृत्युपछि (१) कुनै परनिर्मित वशवर्ती देवताकहाँ, (२) कुनै निर्माणरति देवताकहाँ, (३) कुनै तुषित देवताकहाँ, (४) कुनै यामा देवताकहाँ, (५) कुनै त्रयस्त्रिंश देवताकहाँ, (६) कुनै चातुर्महाराजिका देवताकहाँ उत्पन्न हुन्छन् । जो सब्भन्दा तल्लोतहमा उत्पन्न हुन्छन्, तो (७) गन्धर्वकायमा उत्पन्न हुन्छन् । तपाइ त्रयस्त्रिंश देवताहरू यसबारे के सम्झनु हुन्छ ?'

"भन्ते ! जब ब्रह्मा सनत्कुमारले यो कुरा सुनाए, त्यसबखत देवताहरूले घोषमात्र संझिन्थे । जो मेरो आसनमा बसेकोछ उसैको यो भाषण हो ।

१ — "एकस्मि भासमानस्मिं, सब्बे भासन्ति निम्मिता[१] ।
एकस्मि तुण्हिमासीने, सब्बे तुण्ही भवन्तिते ॥

२— "तदासु देवा मञ्ञन्ति, तावतिसा सहिन्दका ।
स्वायं मम पल्लङ्कस्मिं, स्वायं एकोव भासती'ति ॥

अर्थः —

१ — "जब एउटाले भाषण गर्छ तब सबै निर्मितरूपले पनि भाषण गर्छन् । जब एउटा चुप हुन्छ तब सबै चुपलाग्छन् ।

---

१. सिंहलमा : 'निम्मीता' ।

२— "त्यसबखत इन्द्रसहित त्रयस्त्रिंश देवताहरूले यस्तो ठान्दये— जो मेरो आसनमा बसेकोछ उसैको यो भाषण हो।"

चार ऋद्धि-पाद

"भन्ते! त्यसपछि ब्रह्मा सनत्कुमारले सबै रूपलाई एकै रूपमा समावेश गरी शक्रदेवेन्द्रको आसनमा पलेटीमारी बसी त्रयस्त्रिंश देवताहरूलाई सम्बोधन गरे— 'भगवान् अरहत् सम्यक् सम्बुद्धले स्वयं जानी, स्वयं देखी चार ऋद्धि-पादको बहुलता, अभ्यस्तता तथा विविधताबारे प्रज्ञापन गर्नु भएकोछ। कुन चार भने?— भो देवहो! यहाँ भिक्षुले (१) छन्दसमाधि-प्रधान-सस्कार युक्तभई ऋद्धिपाद[1] (ऋद्धि विषय ध्यान) भाविता गर्छ, (२) वीर्यसमाधि-प्रधान-संस्कार युक्तभई ऋद्धिपाद भाविता गर्छ, (३) चित्तसमाधि-प्रधान-संस्कार युक्तभई ऋद्धिपाद भाविता गर्छ तथा (४) वीमंसा (बिमर्शन) समाधि-प्रधान-संस्कार युक्तभई ऋद्धिपाद भाविता गर्छ। यही चार ऋद्धिपादहरू हुन् जुन भगवान्ले…प्रज्ञापन गर्नु भएकोछ। भो देवहो! अतीतकालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गरे, तिनीहरूले यिनै चार ऋद्धिपादहरू बहुलतर भाविता गरे। अनागत कालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गर्नेछन्, उनीहरू सबैले पनि यिनै चार ऋद्धिपादहरूलाई बहुलतर भाविता

---

१. जुन ध्यान गर्दा अलौकिक ऋद्धिबल प्राप्तहुन्छ सो ध्यानलाई नै 'ऋद्धिपाद' भनिन्छ।

गर्नेछन् । वर्तमानकालमा जुन श्रमण वा ब्राह्मणहरूले अनेकविध ऋद्धिहरू प्रत्यनुभव गरिरहेका छन्, उनीहरू सबैले पनि यिनै चार ऋद्धि-पादहरू बहुलतर भाविता गरेका छन् । तपाइ त्रयस्त्रिंश देवताहरूले पनि मेरो यस्तो ऋद्धि आनुभाव (शक्ति) देख्दै हुनुहुन्छ । तपाइ त्रयस्त्रिंश देवताहरू यसबारे के संझनुहुन्छ ?'

'महा ब्रह्मा ! देख्दैछौं ।'

'त्यहीनै चार ऋद्धिपादहरू बहुलतर भाविता गरेको हुनाले म पनि यस्तो ऋद्धिबल सम्पन्न भएको हुँ ।'

तीन-स्थान

"भन्ते ! यति भनिसकेपछि पुनः ब्रह्मा सनत्कुमारले त्रयस्त्रिंश देवताहरूलाई यस्तो सम्बोधन गरे —

'भगवान् अरहत् सम्यक् सम्बुद्धले सुखलाभार्थ स्वयं जानी, स्वयं देखी तीन स्थान (ध्यान) अनुबोध गर्नु भएको छ । कुन तीन भने ? —

(१) 'भो देव ! यहाँ एकथरी पुरुष कामविषय र अकुशलसँग संसर्ग गरी बस्छ । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ, त्यसलाई ज्ञानपूर्वक विचार गर्छ, धर्मानुधर्म प्रतिपादन गर्छ । आर्यधर्म श्रवण गरी, ज्ञानपूर्वक विचार गरी, धर्मानुधर्म प्रतिपादन गरी उसले कामविषय र अकुशलसंग संसर्ग गर्दैन । कामविषयादिसँग असंसर्ग गर्दा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ । जस्तै प्रमोदबाट प्रामोद्य उत्पन्न हुन्छ त्यस्तै उसको मनमा झन बढी सौमनस्य

उत्पन्न हुन्छ । यही पहिलो स्थानहो वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले स्वयं जानी, स्वयं देखी अनुबोध गर्नु भएको ।

(२) 'फेरि यहाँ, कुनै पुरुषको ओलारिक (स्थूल) कायसंस्कार प्रशान्त भएको हुन्न, ओलारिक वचीसंस्कार प्रशान्त भएको हुन्न, ओलारिक चित्तसंस्कार[1] प्रशान्त भएको हुन्न । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ···। आर्यधर्म श्रवण गरी···उसले ओलारिक कायसंस्कार···, ओलारिक वचीसंस्कार···, ओलारिक चित्तसंस्कार प्रशान्त गर्छ। ओलारिक काय-वाक्-चित्तसंस्कार प्रशान्तहुँदा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ । जस्तै प्रमोदबाट प्रामोद्य··· । यही दोश्रो स्थानहो वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले··· अनुबोध गर्नु भएको ।

(३) 'फेरि यहाँ, कुनै पुरुषले यो कुशल हो भनी यथार्थतः जान्दैन, यो अकुशल हो···, यो सावद्य हो···, यो सेवनीय छ···, यो असेवनीय छ···, यो हीन छ, यो प्रणीत छ, यो कृष्ण-शुक्लप्रतिभागी छ भनी यथार्थतः जान्दैन । उसले अर्को समयमा आर्यधर्म श्रवण गर्छ···। आर्यधर्म श्रवण गरी···यो कुशल हो···भनी यथार्थतः जान्दछ । यस्तो जान्दा, देख्दा उसको अविद्या प्रहीण हुन्छ, विद्या उत्पन्न हुन्छ । अविद्या हटेर विद्या उत्पन्न हुँदा उसको मनमा सुख उत्पन्न हुन्छ र सुखबाट अझ बढी सौमनस्य उत्पन्न हुन्छ··· । यही तेश्रो स्थानहो वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले···अनुबोध गर्नु भएको । तपाइ त्रयस्त्रिंश देवताहरू यसबारे के संझनु हुन्छ ?'

---

१. हेर बुद्ध गृ. पृ. १६१

स्मृतिप्रस्थान (सतिपट्ठान)

"भन्ते ! यति कुरा भनी ब्रह्मा सनत्कुमारले पुनः त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे —

'भगवान् अरहत् सम्यक् सम्बुद्धले स्वयं जानी, स्वयं देखी कुशल (समाधि) प्राप्तिकोलागि चार स्मृतिप्रस्थान (सतिपट्ठान) सुप्रज्ञापित गर्नु भएको छ । कुन चार भने ?—भो देव ! यहाँ भिक्षु, अभिध्यादौर्मनस्य हटाउनकालागि आतप्तभई, सचेतभई, स्मृतिवान्-भई आफ्नो कायमा कायानुपश्यीभई विहारगर्छ । आफ्नो कायमा कायानुपश्यीभई बस्दा त्यहाँ सम्यक्समाधि लाभ हुन्छ, सम्यक् प्रसन्नता (निर्मलता) प्राप्तहुन्छ । उ त्यहाँ सम्यक्समाधि लाभगरी, सम्यक् प्रसन्नता लाभगरी बाहिर परकायमा पनि ज्ञानदर्शन प्राप्तगर्छ । आफ्नो वेदनामा वेदनानुपश्यीभई…बाहिर परवेदनामा पनि ज्ञानदर्शन प्राप्त गर्छ । आफ्नो चित्तमा चित्तानुपश्यीभई…बाहिर परचित्तमा पनि ज्ञान-दर्शन प्राप्तगर्छ । आफ्नो धर्म (मनमा भएको पञ्चनीवरण धर्म[1]) मा धर्मानुपश्यीभई…बाहिर परधर्म (अर्काको चित्तमा भएको पञ्चनीवरण धर्म) मा पनि ज्ञानदर्शन प्राप्तगर्छ ।

'भो देवहो ! यही हो, वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले स्वयं जानी, स्वयं देखी, कुशल (समाधि) प्राप्तिकोलागि प्रज्ञापन गर्नु भएको चार स्मृतिप्रस्थान । तपाइ त्रयस्त्रिंश देवताहरू यसबारे के ठान्नु हुन्छ ?'

---

१. हेर बु. ब्रा. पृ. २४४

सप्त समाधि-परिष्कार

"भन्ते ! ब्रह्मा सनत्कुमारले यति सुनाइसकेपछि पुनः त्रयस्त्रिंश देवताहरूलाई आमन्त्रण गरे —

'भगवान् अरहत् सम्यक् सम्बुद्धले स्वयं जानी, स्वयं देखी सम्यक्समाधिको परिभावितार्थ, परिपूरणार्थ सात समाधि परिष्कार-हरू सुप्रज्ञापन गर्नु भएको छ । कुन सात भने ? — सम्यक्दृष्टि, सम्यक् संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्आजीवन, सम्यक्वीर्य र सम्यक्-स्मृति । जब यो चित्त यी सप्ताङ्गले युक्तभई एकाग्र हुन्छ तब यसलाई आर्यसमाधि भन्दछन् । सम्यक्दृष्टि हुनेको सम्यक्सङ्कल्प हुन्छ, सम्य-क्सङ्कल्प हुनेको सम्यक्वचन हुन्छ, सम्यक्वचन हुनेको सम्यक्कर्म हुन्छ, सम्यक्कर्म हुनेको सम्यक्आजीवन हुन्छ, सम्यक्आजीवन हुनेको सम्यक्वीर्य हुन्छ, सम्यक्वीर्य हुनेको सम्यक्स्मृति हुन्छ, सम्यक्स्मृति हुनेको सम्यक्-ज्ञान हुन्छ, सम्यक्ज्ञान हुनेको सम्यक्विमुक्ति हुन्छ । साँच्चै भन्नेहो भने—भगवान्को धर्म सु आख्यात, सन्दृष्टिक, अकालिक, आऊ हेर भन्न योग्य, औपनयिक र विज्ञद्वारा प्रत्यक्षणीय छ । 'अमृतकोद्वार खुला छ' भनी यसलाई भन्न सकिन्छ । त्यसले, भो देवहो ! भगवान्को धर्म सु-आख्यात छ···, अमृतद्वार खुला छ । जो पुरुषहरू बुद्ध, धर्म तथा सङ्घमा विशिष्टरूपले प्रसन्नभई आर्यकान्त शीलले सुसम्पन्न भए; धर्ममा विनीतभई, जति औपपातिक (देवलोक) भए; तिनीहरूमध्ये २४ हजारभन्दा बढी मागधिक परिचारकहरू छन्, जसले तीन संयो-जनहरू परिक्षीण गरी, स्रोतापन्न फल प्राप्त गरी अविनिपाती, निश्चित

सम्बोधिपरायणभई परलोक भए। अरू सकृदागामी हुने पनि छन्। तपाइं त्रयस्त्रिंश देवताहरू यसबारे के संझनु हुन्छ ?"

'अत्थायं[1] इतरा पजा, पुञ्ञभागाति मे मनो।
सङ्खातुं नो पि सक्कोमि, मुसावादस्स ओत्तप्पं ति॥"

अथ :—

"मलाई थाहा छ कि यहाँ अरू पनि पुण्यभागी भएका छन् तर झूटो होला भन्ने भयले गर्दा उनीहरूको सङ्ख्या भन्न चाहँदिन।"

"भन्ते ! यति कुरा ब्रह्मा सनत्कुमारले भनेको सुनी वेस्सवण महाराजाको मनमा यस्तो तर्कना उठ्यो 'अहो आश्चर्य ! अहो अद्भुत ! यस्ता विशिष्ट महापुरुष शास्ता पनि हुँदा रहेछन् ! यस्ता उदार धर्मोपदेश पनि हुँदा रहेछन् ! यस्ता उदार विशेषाधिगम पनि देखिँदा रहेछन् !' भन्ते ! अनि ब्रह्मा सनत्कुमारले वेस्सवण महाराजाको चित्तको तर्कना थाहापाई वेस्सवण महाराजालाई यस्तो भने 'वेस्सवण महाराज ! के संझन्छौ ! अतीतकालमा पनि यस्तै रूपले विशिष्ट महापुरुष शास्ता भएका थिए, त्यस्तै विशिष्ट धर्मोपदेश र त्यस्तै उदार विशेषाधिगम पनि देखिएको थियो। अनागतकालमा पनि यस्तै रूपले विशिष्ट महापुरुष शास्ता हुने छन्, त्यस्तै विशिष्ट धर्मोपदेश र त्यस्तै विशेषाधिगम पनि।'

---

१. सिंहल र स्याममा: 'अथाय'।

"भन्ते ! यी कुराहरू ब्रह्मा सनत्कुमारले, त्रयस्त्रिंश देवता-हरूका सामुन्ने भनिरहेका थिए । यहीनैं कुरा वेस्सवण महाराजाले, ब्रह्मा सनत्कुमारको सामुन्ने सुनी, सामुन्ने ग्रहण गरी आफ्ना परिषद्लाई पनि सुनाए ।"

यही नैं कुरा स्वयं वेस्सवण महाराजाले आफ्नो परिषद्लाई भनिरहेको जनवसभ देवताले सुने, ग्रहण पनि गरे र यही नैं कुरा भगवान्लाई पनि सुनाए । यही कुरा भगवान्ले जनवसभ देवताको मुखबाटसुनी, ग्रहण गरी स्वयं आफूले पनि जानी आयुष्मान् आनन्द-लाई भन्नुभयो । आयुष्मान् आनन्दले यही कुरा भगवानको श्रीमुख-बाटसुनी, ग्रहण गरी; भिक्षु. भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई पनि सुनाउनु भयो ।

अनि सो ब्रह्मचर्य (धर्म) समृद्ध, विस्फार तथा विस्तृतभई, धेरैले थाहापाए र देवमनुष्यहरूका बीचसम्म पनि सुप्रकाशित भयो ।

-❁-

२. राजा शुद्धोदन

परिचय

शाक्यवंशोत्पत्तिबारे सुत्त नेपातार्थकथा[१], सम्मापरिब्बाजनिय सूत्रको व्याख्यामा र दीर्घनिकायार्थकथा[२] अम्बष्ठ सूत्रको व्याख्यामा यस्तो उल्लेख भएको पाइन्छ :—

शाक्यवंशोत्पत्ति

शाक्यवंशको पूर्वज पुरुष ओक्काक नामक राजाहुन्[३] । यी राजाले कुरागर्दा, उनको मुखबाट चिराक (उक्का) जस्तै रश्मि वा ज्वाला देखिन्थ्यो । त्यसैबाट उनको नाम उक्काक > ओक्काक भनिएको हो ।

प्रथम कल्पमा महासम्मत भन्ने राजाको रोज भन्ने पुत्र थियो । उसको पुत्र वररोज; वररोजको पुत्र कल्याण । कल्याणको पुत्र वर-

---

१. सु. नि. अ. क. पृ. ३०६

२. दी. नि अ. क. I पृ. १८०

३. सु. नि. पृ ४२०: पारायणवग्ग, वत्थुगाथा ।

कल्याण; वरकल्याणको पुत्र मन्धाता; मन्धाताको पुत्र चर; चरको पुत्र उपचर; उपचरको पुत्र मखादेव[1] र मखादेवको पुत्र, नाति, पनाति इत्यादि गरी ८४ हजार क्षत्रीय पुत्रादि सन्तानहरू थिए। यसपछि तीनपुस्तासम्म ओक्काकवंश रह्यो। यसमध्ये तेश्रो ओक्काक वंशीय राजाका भत्ता, चित्ता, जन्तू, जालिनी र विशाखा भन्ने पांच महिषीहरू थिए। तीमध्ये जेठी महारानीले ओक्कामुख, करकण्डु, हत्थिनीक र कासिनीपुर[2] भन्ने चार छोराहरू र प्रिया, सुप्रिया, आनन्दा, विजिता र विजितसेना भन्ने पाँच छोरीहरू समेतगरी ९ छोराछोरीहरू जन्माइन्।

पछि फेरि ओक्काक राजाले एक अर्को सुन्दरी तरुणी स्त्री विवाह गरे। उनले जन्तु भन्ने एक पुत्र जन्माइन्। त्यसबाट राजा खुशीभई रानीलाई वर माग्ने आज्ञादिए। रानीले 'पछि माग्नेछु' भनी भनिन्। एकदिन, ती कान्छीरानीले आफ्नी पुत्रलाई राज्य मागिन। राजा रिसाए। पछि रानीले राजालाई अनेक प्रेमलीलाद्वारा प्रसन्नपारिन्। अनि ओक्काकराजा बाध्यभएर, बडो दुःख तथा प्रेमपूर्वक आफ्नो वाचा हारेको कुरा चारै छोराहरूलाई संझाई बुझाई, आठ मन्त्रीहरू तथा अनेक मानिसहरू साथ दिई, आफू मरेपछि राज्य लिन आउने कुरा बताई देशबाहिर पठाए।

---

१. जा. अ. क. I. पृ. १०८: मखादेवजातकं, नं. ९; म. नि. II. पृ. ३००: मखादेवसुत्तं। D. P. P. II. पृ. ४०० मा मखादेवको बाबुको नाम सागरदेव भनी उल्लेख भएको पाइन्छ।

२. दी.नि. I. पृ, ८०: अम्बट्ठसुत्तमा 'सिनिसूर', 'सिनिपुर' छ।

ओक्कामुखादि चारै राजकुमारहरूले बाबुको वचन शीरोपर गरी "केही त्रुटीभए क्षमा गर्नुहोस्' भनी बाबुसँग क्षमा प्रार्थना गरे। जाने-बेलामा पाँच दिदी बहिनीहरू पनि बाबुसँग नसोधी, उनीहरूसँगै साथ लागेको हुँदा, तिनीहरूलाई समेत लिई देशबाट निस्के।

"यी राजकुमारहरू, राजाको मृत्युपछि राज्य लिन आउने छन्" भन्दै हजारौं मानिसहरू राजकुमारहरूका साथ लागे। यसप्रकार साथ लागी आउने परिषद्, दिनकादिन बढ्दै गयो। परिषद् बढ्दैगएको देखी राजकुमारहरूले आपसमा सल्लाह गरे—"यदि चाहेको खण्डमा हामीले अरू कसैको राज्य पनि हरण गर्न सक्छौं। तर त्यस्तो हिंसायुक्त काम गर्नु मनासिब छैन। कसैलाई पीडा दिनु ठीक होइन। जम्बुद्वीपमा त्यत्रा बनजङ्गलहरू छन्, कुनै एक जङ्गलमा बस्ती बसालौं।" यस्तो सल्लाह गरी ती राजकुमारहरू बस्ती बसाल्न उचित स्थान खोज्दै क्रमशः हिमालखण्डतिर लागे।

त्यस बखत बोधिसत्व[1] एक महाधनी ब्राह्मणकुलमा कपिल ब्राह्मण भन्ने नामले जन्मी, गृहत्याग गरी, ऋषिभेष लिई, हिमखण्डको आसपासमा एक सुरम्य पोखरीको किनारमा शाकखण्ड पर्णशाला बनाई बसेका थिए। उनी अनेक भूगर्भ-विद्या, भू-लक्षण विद्या जान्दथे। त्यस

---

१. बुद्धहुने प्रवल इच्छाहुने सत्वले, कुनै बुद्धबाट पनि 'यिनी भविष्यमा बुद्ध हुने छन्' भन्ने भविष्यवाणी समेत प्राप्तगरी, तदनुसार बुद्ध हुनसक्ने दशपारमी धर्मपालन गर्दै संसारमा विचरण गर्ने सत्वलाई 'बोधिसत्व' भन्दछन्।

ठाउँको जङ्गल दक्षिणतिरबाट पूर्वतिर फैलिएर गएको थियो। सिंह-व्याघ्रादि अनेक जीव-जन्तुहरूको भयले गर्दा त्यस ठाउँमा कोही पनि बास गर्न सक्दैनथे।

ती राजकुमारहरू नगर बसाल्ने ठाउँ खोज्दै कपिल ऋृषिकहाँ आइपुगे। उनीहरूले ऋषिसँग सल्लाहमागे। ऋषिले उनीहरूप्रति अनुकम्पाराखी आफ्नै कुटी भएको ठाउँमा बस्ती बसाल्ने सल्लाह दिए। यस्तो सल्लाह दिएको कारण के थियो भने?—सो भूमिभाग बडो गुणसम्पन्न भई लक्षणयुक्त थियो। त्यस ठाउँमा बास गर्ने जस्तै दरिद्री पनि श्रीसम्पत्तियुक्त भई, शक्तिसम्पन्न हुनसक्थ्यो। यो कुरासुनी ती राजकुमारहरूले भने—"भन्ते! यहाँ त तपाइ बस्नु भएको छ!" राजकुमारहरूको कुरा सुनी कपिल ब्राह्मण ऋृषिले, "मलाई कतै एक छेउमा एक कुटी बनाई, तिमीहरू यसै ठाउँमा नगर बसाली 'कपिलवस्तु' अर्थात् कपिलको ठाउँहो भन्ने नामकरण गरी बस" भनी भने। राजकुमारहरूले त्यस्तै गरे। यहाँदेखि नै "कपिलवस्तु" भन्ने नगरको स्थापना भएको हो। यहींबाट "कपिलवस्तु" भन्ने नामको भृजना भएको हो।

समय बित्दै गएपछि एकदिन ती राजकुमारहरूका साथ आएका मन्त्रीहरूले यस्तो विचार गरे :—

"यदि यी राजकुमारहरू आफ्ना बाबु आमाका छेउमा भएका भए, यिनीहरूका कस्तो ऐश्वर्यताका साथ विवाह मङ्गल हुन्थ्यो होला। अब यो काम हामीले पूरा गर्न सक्नुपर्छ।"

यति कुरा आपसमा विचार विमर्श गरी मन्त्रीहरूले राजकुमारहरूसँग सल्लाह गरे । अनि राजकुमारहरूले भने —

"हामीलाई यहाँ को कस्ताहुन् भन्ने कुरा थाहा छैन । को कुन जातिकाहुन् भन्ने कुरा पनि थाहा छैन । अतएव जातिसम्भेद गरी सन्तान पाउनुभन्दा आफ्नै बहिनीहरूसँग विवाह गर्नु वेशहुने छ र हामी यस्तै गर्न चाहन्छौं ।"

अनि उनीहरूले आफ्ना जेठी बहिनी प्रिया भन्नेलाई मातृस्थानमा राखी अरू चारओटी बहिनीहरूलाई आ-आफ्ना पत्नी बनाए । यो कुरा राजा ओक्काकले सुनी "सक्या वत भो ! कुमाराति' अर्थात् "भो राजकुमार हो ! अवश्य नै सक्छौ" भन्ने उद्‌गार वचन प्रकट गरेबाट सक्का > सक्या > शाक्य भन्ने नाम पर्न गएको हो । यहाँ देखिनै शाक्यवंशको श्रीगणेश भएको हो[1] ।

कोलियवंशोत्पत्ति

चारै राजकुमारहरूका छोरा छोरीहरू क्रमशः बढ्दै गए । प्रिया भन्ने जेठी राजकुमारीलाई भने पछि कुष्टरोग भयो र उनको शरीर कोलिय (=कोविदार) पुष्प जस्तै देखिन थाल्यो । अनि राजकुमारहरूले सोचे—"यदि यी कुष्टरोगीका साथ एकै ठाउँमा खान-पान तथा बसोबास गरेमा अरू परिवारहरूलाई पनि यो रोग सर्न सक्छ ।"

१. हेर बु. ब्रा. पृ. २९०: शाक्यजातिको उत्पत्ति ।

यस्तो विचारगरी, उद्यान क्रीडामा जाने बहानाले, एक दिन, ती राजकुमारहरूले उनलाई पनि रथमा राखी एक जङ्गलभित्र गए । अनि त्यहीं जमिनमनी ठूलो गुफा बनाई, त्यहाँ खाने पिउने सरसामानहरू राखी, उनलाई पनि त्यसै गुफामा राखी, माथिबाट माटाले छोपि दिए ।

त्यसै समयमा वाराणशीका राम भन्ने राजालाई कुष्टरोग भएको थियो । त्यसैले उनलाई तल्लो श्रेणीका नर्तकीहरूले समेत घृणा गरेको बुझी, विरक्तभई जेठा छोरालाई राज्य दिई आफू जङ्गलतिर लागे । जङ्गलमा स्वयं पाकेका फल-फूल तथा कन्दमूलहरू खाँदा खाँदै राम राजाको कुष्टरोग निको भयो र उनको वर्ण पहिलेभन्दा पनि धेरै सुन्दर हृष्ट-पुष्ट देखियो । जङ्गलमा यताउता घुम्दा घुम्दै एक ठाउँमा १६ हात जति मोटो एक खोक्रो रुख देखे । अनि सो खोक्रो रुख सफागरी, रुखमा ढोका, झ्याल तथा भऱ्यांग राखी त्यसै रुखभित्रै राजा बास गर्न थाले । रातभरी आगोबली बस्दथे र रातमा जताबाट बाघ मृगहरूको आवाज आउँदथ्यो, भोलिपल्ट उतैतिर गई सिकार गरी, त्यसैको मासुले आफ्नो जीविका गरेर बसेका थिए ।

एक दिन, भोरहुने बेलामा कुष्टरोगी प्रिया राजकुमारीको शरीरको गन्धपाई बाघ आई, भुँई खोस्री गुफा छोपिराखेको फल्याक समेत उधिन्न थाले पछि राजकुमारी बाघदेखि भयभीत भइन् र बेस्करी चिच्याइन् । उता रुखमा बसेका राजा रामले यो आवाज सुनी, "यो त स्त्रीको आवाज जस्तो लाग्दछ" भन्ने विचार गरी विहानै त्यस ठाउँमा गई, "यहाँ भित्र को छ ?" भनी सोधे --

भित्रबाट, "स्त्री हुँ" भन्ने जवाफ आयो ।

"कुन जातकी हौ" भनी राजाले सोधे ।

"ओक्काक राजाकी छोरी हुँ" भन्ने जवाफ पाए ।

"त्यसो भए बाहिर निस्क" भनी राजाले भने ।

"सक्दिन" भन्ने उत्तर पाए ।

"किन नि ?" भनी सोधेपछि राजकुमारीले आफूमा चर्मरोगादि भएका कुरा सुनाइन् । अनि राजाले, क्षत्रित्वाभिमानले न निस्की बसेकी राजकुमारीलाई आफू पनि क्षत्रीय वंशोत्पन्न राजा भएको कुरा बताए । त्यसपछि भन्याङ्‌द्वारा राजाले राजकुमारीलाई बाहिर निकाली आफू बस्ने ठाउँमा लगी, आफूले खाएको फल-फूल तथा कन्दमूल औषधी खवाई रोग निको पारिदिए । त्यसपछि वाराणशीका राम राजाले ओक्काक राजाकी छोरी प्रिया राजकुमारीलाई आफ्नी रानी बनाए । उनले १६ पटकसम्म जम्ल्याहा छोराहरू जन्माइन् । ती ३२ राजकुमारहरूलाई राजाले राम्रोसँग शिक्षा-दिक्षा दिई पालनपोषण गरे ।

एकदिन, राम राजाको देशबाट आएको एक वनचर पुरुषले टाढैबाट राजालाई देखी, चिन्यो । अनि सो पुरुष राजाकहाँ गई 'महाराज ! म तपाइलाई चिन्दछु' भनी निवेदन गरेको कुरा सुनी राजाले आफ्नो देशको हालखबर सोध्न थाले । त्यसै समयमा ३२ राजकुमारहरू पनि जङ्गलबाट आइपुगे । अनि वनचर पुरुषले ती कुमारहरूको बारे राजाद्वारा जानकारी लियो । त्यसपछि बहुत खुशीभई, "अब म फर्केर राजालाई राम्रो समाचार सुनाउने छु" भनी नगरमा गई खबर सुनाए-

पछि राम राजाका पुत्र चतुरंगिनी सेनाहरूका साथ त्यहाँ आई आफ्ना बाबुलाई ढोगी, "पिताज्यू, तपाइको राज्य लिनुहोस्" भनी प्रार्थना गर्दा राम राजाले, "भो पुत्र ! भइहाल्यो, मलाई यहीं नै ठीक छ। यदि तिमी चाहन्छौ भने मलाई यही रुख फाटी, यहाँ नगर बसाई देऊ !" भने। अनि राजकुमारले राजाको इच्छा पुरा गरिदिए।

कोल वृक्ष (=कोविदार वृक्ष) काटी नगर बसाएको हुँदा कोल नगर र ब्याघ्रपथ पनि भएको हुँदा व्यागघपज्ज > व्याघ्रपथ > व्याघ्रपद्य भन्ने सो नगरको दुइवटा नाम रहनगयो। यसैबाट कोलियवंशका शुरुवात भएको बुझिन्छ।

एकदिन, प्रिया रानीले आफ्ना छोराहरूलाई कपिलवस्तुवासी शाक्यहरू मामापर्ने कुरा बताइन्। साथै शाक्यवंशका कन्याहरू नुहाइरहेको बेलामा आ-आफ्ना इच्छानुसार उनीहरूलाई ल्याए पनि हुन्छ भन्ने कुरा पनि सुनाइन्। आमाको कुरा सुनी ती राजकुमारहरू त्यसै अनुसार आ-आफ्नो इच्छानुसार शाक्यराजकुमारीहरू ल्याए। शाक्य र कोलियवंशका बीच आवाह-विवाहगर्ने परम्परा त्यसैबेलादेखी बुद्धकाल-सम्म अविच्छिन्न रूपले चलिआएको देखिन्छ[१]।

शाक्य-गणराज्य

बुद्धकालीन भारतको १६ महा जनपदहरूमा[२] तथा ६ प्रमुख

---

१. दी. नि. अ. क. I. पृ. १८३: अम्बट्ठसुत्तं; सु. नि. अ. क.- पृ. ३०९: सम्मापरिब्बाजनियसुत्त।

२. हेर माथि पृ. ९५: पाद टिप्पणीमा।

महा नगरहरूमा[1] कपिलवस्तु नगरको नाम पालि त्रिपिटकको कुनै मूल सूत्रहरूमा नपाइएता पनि खासगरी कपिलवस्तु नगर शाक्यहरूको प्रमुख नगर तथा शाक्य जनपदको राजधानी भएको कुरा भने हामी थाहापाउँछौं। कपिलवस्तु नगर पराक्रम सम्पन्न कोशल जनपद अन्तरगत रहेको कुरा पनि मूल सूत्रहरूले प्रष्ट गरेकै छन्[2]। शाक्यराज्यमा, वैशालीका वज्जि (= वृजि), लिच्छवी र कुशीनगर तथा पावाका मल्लहरूको जस्तै प्रजातन्त्र गणराज्य थियो[3]। जनताबाट चुनिएको प्रमुख व्यक्ति नै राजा कहलाइन्थ्यो।

शाक्य जनपदमा भएका नगर, गाउँ तथा निगमहरूमध्ये केही नगर वा गाउँ यसप्रकार छन्।

चातुम[4], खोमदुस्स[5], सामगाम[6], देवदह[7], सक्कर वा

---

१. (१) चम्पा, (२) राजगृह, (३) श्रावस्ती, (४) साकेत (५) कौशम्बी र (६) वाराणसी। दी. नि. II पृ. ११३: महापरिनिब्बानसुत्तं।

२. बु. ब्रा. पृ. ३५२; सु नि. पृ. ३३०: पब्बज्जासुत्तं; म. नि. II. पृ. ३७१: धम्मचेतियसुत्तं र हेर माथि 'सिद्धार्थसँग भेट्' पृ. ३१

३. सं. नि. अ. क. III. पृ. ६२; हेर G. D. पृ. ९१

४. म. नि. II. १४१: चातुमसुत्तं।

५. सं. नि. I. पृ. १८३: खोमदुस्ससुत्तं।

६. म. नि. III. पृ. ३७: सामगामसुत्तं।

७. म. नि. III. पृ. ३: देवदहसुत्तं।

नगरक[1], मेदलुम्प[2], शीलावती[3], र उलुम्प[4] ।

शाक्यहरूको राजधानी कपिलवस्तु[5] नगरमा घनाबस्ती थियो । शहरमा यातायात तथा मानिसहरूको भीड निक्कै हुन्थ्यो[6] । कपिलवस्तु र कोलिय राज्यको सिमाना रोहिणी नदीले छुट्याइराखेको थियो[7] । यो नदीमा बाँध बाँधिएको थियो । यही नदीको पानीको बारेमा एक दिन, शाक्य र कोलियहरूका बीच झगडापरी युद्ध हुन लागेको थियो र बुद्धको उपस्थितिले गर्दा आपसमा युद्ध हुन सकेन[8] । रोहिणी नदी उत्तरबाट दक्षिणतिर बगिरहेको र यस नदीको पूर्वदक्षिण दिशातिर

---

१. म. नि. II. पृ. ३६५: धम्मचेतियसुत्तं; सं. नि. IV पृ. ४: उपड्ढसुत्तं ।

२. म. नि. II. पृ. ३६६: धम्मचेतियसुत्तं ।

३. सं. नि. I. पृ. ११६: सम्बहुलसुत्तं ।

४. धम्म. अ. क. पृ १७६: विडूडभवत्थु ।

५. कहीं कहीं 'कपिलपुर' भन्ने उल्लेख भएको छ ।

६. हेर बु. गृ. पृ. २६१:

७. धम्म. अ. क पृ. ४५९: ञातकानं कलहकथा ।

८. हेर धम्म. अ. क. पृ. ४५९: ञातकानं कलहकथा; सु नि अ क. पृ. ३०९: सम्मापरिब्बाजनियसुत्तं; सु.नि.अ.क. पृ. ४५३: अत्तदण्डसुत्तं; जा. अ. क–४, पृ. ११६: फन्दनजातक, नं. ४७५; जा. अ. क–६, पृ. २८८: कुणालजातकं, नं ५३६

राजगृह नगर पर्दथ्यो[१]। कपिलवस्तु नगर नजिकै एक ठूलो घना जङ्गल थियो। यहाँ भगवान् तथा भिक्षुसङ्घहरू समय समयमा एकान्त बासकोलागि जानुहुन्थ्यो। यो जङ्गल प्राकृतिक थियो; न कि वैशालीको महावन जस्तो[२]। कपिलवस्तु नगरमा न्यग्रोधाराम जस्तै कालखेमकाराम र घटाय शाक्यले बनाएको विहारहरू पनि थिए[३]।

राज्य व्यवस्थाको कार्यालयलाई सन्थाघर (=संस्थागार) भनिन्थ्यो। यी संस्थागारहरू तह तहका हुन्थे। सर्वोच्च संस्थागार, पार्लियामेन्ट भवन अथवा राष्ट्रीय पञ्चायत भवन जस्तै हुन्थ्यो[४]। अरू पनि विभिन्न तहका सन्थागारहरू थिए। यसै भवनमा राज्यको सम्पूर्ण व्यवस्थाको कार्य-प्रणालीबारे छलफल हुन्थ्यो। यही भवनबाट आदेश निर्देशहरू जारीगरिन्थ्यो। त्यस बखतको राज्यहरू कृषीप्रधान भएको हुँदा, यसै भवनमा बसी, "कस्तो बिऊ रोप्ने, कहिले रोप्ने" भन्ने इत्यादि कुराको समेत निर्णय गरिन्थ्यो। गणतन्त्र प्रणालीको राज्य भएको हुँदा जुनसुकै कुरा पनि संस्थागारमै छलफल गरेरमात्र निर्णय गरिन्थ्यो[५]। त्यस बखतका राजाले संस्थागारमा निर्णय भएको कुरालाई

---

१. थेर गा. अ. क. पृ ५०१: कालुद यि थेरगाथा।

२. म. नि. अ. क. II पृ. ६०: मधुपिण्डिकसुत्तं।

३ म. नि III. पृ १७४: महासुञ्ञतसुत्तं।

४. दी नि. I. पृ ७९: अम्बट्ठसुत्तं।

५. सबै राज्य व्यवस्थाको कुराकानीबारे विस्तृतरूपले सं नि. अ.. क. III. पृ ६२ मा उल्लेख भएको पाइन्छ।

मात्र कार्यान्वयन गराउंदथे। अतएव उनीहरू अति जनप्रिय थिए। कोशल राजाले शाक्य कन्या माग्न पठाउँदा पनि शाक्यहरूजम्मै संस्थागारमा भेलाभई, छलफलगरी निर्णय गरिएबाट जुनसुकै प्रश्न पनि संस्थागारमै छलफल गरिकन मात्र कार्यान्वयन गर्ने कुरा प्रष्ट बुझिन्छ[1]। भगवान् बुद्ध, बुद्ध हुनु भइसकेपछि कपिलवस्तुमा दुइवटा नयाँ सन्थागार (सन्थागार, Council Hall) हरू[2] बनाइएको कुरा सूत्रहरूमा समुल्लेख भएको पाइन्छ। चातुम गाउँमा पनि एक संस्थागार थियो[3]। उपरोक्त प्रकार अनेक संस्थागारहरूले सुसम्पन्न तथा बहुजनाकीर्ण कपिलवस्तु[4] नगरमा राजा शुद्धोदनले राज्य चलाउँदथे।

---

१. धम्म अ. क. पृ. १७२: विडूडभ कथा।

२. हेर बु गृ. पृ. २४९ मा। यस सभागृहमा भगवान् बुद्धले आयुष्मान् आनन्दलाई उपदेश गर्ने आज्ञा दिनु भएको थियो र अर्को नयाँ संस्थागारको कुरा स. नि. III. पृ. १६४: अवस्सुतपरियायसुत्तमा समुल्लेख भएको पाइन्छ। यो संस्थागारमा भगवान्ले महामौद्गल्यायन महास्थविरलाई उपदेश गर्ने आज्ञादिनु भएको छ। हेर सं. नि. अ. क. III. पृ. ६८ मा पनि।

३. म. नि. II. पृ. १४१: चातुमसुत्तं।

४. कपिलवस्तु नगर नेपाल अधिराज्यको लुम्बिनी अञ्चलको तौलिहवा शहरबाट उत्तरपट्टि वर्तमान समयको तिलौराकोट

राज-परिवार

शुद्धोदन राजा क्षत्री कुलोत्पन्न शाक्यवंशी र गौतमगोत्रका थिए। राजाका चार भाइ र दुइ बहिनीहरू थिए। राजकीय अग्रमहिषी

हो भनी ठहऱ्याएको छ।

"कपिलवस्तुबारे पी.सी. मुखर्जी (P.C. Mukharji) ले पत्ता लगाउनुभन्दा अगाडि विभिन्न अनुमान लगाइएका कुराहरू यसप्रकार छन् :— श्री कार्ले (Carlleyle) ले भारतको बस्ती जिल्लाको उत्तर-पश्चिमतिर भुइला भन्ने ठाउँ र जेनेरल कनिंघाम (Cunningham) ले चन्दो तालको पूर्वी किनारको नगरखास र बुद्धको जन्मस्थान लुम्बिनीलाई मोक्सान होला भन्ने अनुमान गरेका थिए। तर डा. फोहरर् (Fuhrer) ले डा. वाडेल (Waddell) को सुझाऊ मुताबिक—कपिलवस्तु नगर, गोरखपुर सन्निकट, नेपालको तराइमा, उस्का स्टेशनबाट ३८ माइल उत्तर-पश्चिमतिर निग्लि हवा भन्ने ठाउँ लक्षित गरेको थियो र बुद्धको जन्मस्थान लुम्बिनीलाई पदेरिआ, जो कि भगवान्पुरबाट २ माइल टाढाछ भनी पत्तो लगाएका थिए।

"पी. सी. मुखर्जीले 'कपिलवस्तु नगर हालको तिलौराकोट हो भनी प्रमाणित गरेकाछन। जो तौलिहवाबाट २ माइल उत्तरपट्टि र निग्लिहवाबाट ३॥ माइल दक्षिणस्थित छ। वर्तमान समयको चित्रादेइ (Chitradei),

महामायादेवी र दोश्री महिषी प्रजापति गौतमी थिइन् । महामायाको तरफबाट सिद्धार्थ गौतम र प्रजापति गौतमीको तरफबाट

• रामघाट, सन्दवा (Sandawa) र तिलौराकोट भन्ने प्रदेशहरू नै कपिलवस्तु हो । तिलौराकोटमा त राजदरबारको गढ र दरबारको भग्नावशेष पनि छ । यो गाउँ बान गङ्गाको पूर्वीतटमा स्थित छ। लुम्बिनीलाई रुम्मनिदेइ नामले प्रमाणित गरेको छ । जो कपिलवस्तुबाट करीव १० माइल पूर्व, भगवानपुरबाट २ माइल उत्तर र पर्दौरआबाट १ माइल उत्तर पर्दछ । जब लुम्बिनीस्थित सम्राट् अशोकको शिलास्तम्भमा उल्लेख गरिएको स्तम्भ-लिपि भेटियो, तब विश्वले लुम्बिनीकोबारे विभिन्न अटकल लगाउन परेन । यही शिलास्तम्भ लेखबाट बुद्धको जन्मस्थान लुम्बिनी (रुम्मनी, रुपन्देइ) हो भन्ने प्रमाणित भयो ।'

"मुखर्जीले, "सरकूप' पिप्रावा (Piprava) हो भनेका छन् र यसै ठाउँमा कपिलवस्तु वासी शाक्यहरूले भगवान्को आठ भागमध्ये एक भाग धातुहरू निधान गरिराखेका स्तूपको पनि पत्तो लगाएका थिए ।

"मुखर्जीले, 'कनकमुनि बुद्ध (पालिसाहित्य अनुसार 'कोनागमन' बुद्ध हो । वहाँ २६ औं बुद्ध हुनुहुन्छ र भद्रकल्पको दोश्रो बुद्ध हुनुहुन्छ । दी. नि. अ. क. I. पृ. २७२: महापदान सूत्र ।—लेखक) को जन्मभूमि शोभावती नगर-•

नन्दा कुमारी र नन्द कुमार जन्मेका थिए[१] । नन्दा कुमारी भिक्षुणी भइसकेपछि आफैंले शुद्धोदनको छोरी हुँ भनी भनेको कुरा थेरीअपदानमा उल्लेख भएको छ[२] । यिनको जन्म सिद्धार्थ गौतमको जन्म हुनु भन्दा अघि नै भएको थियो[३] । नन्द कुमारको जन्म चाहिं महामाया

● लाई हाल अगौरा भन्ने ठाउँ जो तिलौराकोटबाट १ योजन छ र ककुछन्द (पालिसाहित्य अनुसार 'ककुसन्ध' २५ औं बुद्ध र भद्रकल्पको पहिलो बुद्ध हुनुहुन्छ । दी नि. अ. क. I. पृ. २७२ः महापदान सूत्र । - लेखक) बुद्धको जन्मभूमि खेमवती नगरलाई, 'गोटिहवा' भनेको छ । जो तिलौराकोटबाट ४ माइल छ।'

''सुखर्जीले पुन:, 'लोरिकुण्डको दक्षिणपट्टिको ठूलो थूरलाई न्यग्रोधाराम (विहार) हो भनी उल्लेख गरेका छन् जो गोटीहवाबाट १।। माइल पश्चिमपर्छ । त्यस्तैगरी विडूडभन्ने शाक्यहरूलाई सामुहिक हत्या गरेको ठाउँलाई सगर्वा भन्ने निर्धारण गरेका छन् र जो तिलौराकोटबाट २ माइल उत्तर पर्दछ। G. D. पृ. ९०-९१

हाल श्री ५ को सरकार पुरातत्व विभागले पनि उत्खननगरी विभिन्न ऐतिहासिक वस्तुहरू प्राप्त गरेको छ ।

१. हेर बु. गृ. पृ. २१५

२. थेरी. अप. पृ. २४९ः नन्दाथेरी अपदान ।

३. अं. नि. अ. क. I. पृ. १९८ः नन्दाथेरी ।

देवी स्वर्गवास भएपछि प्रजापति गौतमीलाई अग्रमहिषी पदमा राखेको समयमै भएको हो[१] ।

यी शाक्यवंशीहरू प्रचण्ड स्वभावका थिए[२] । यिनीहरू धनुर्विद्यामा निपुण हुन्थे[३] । शाक्यहरू क्षत्रीय जातीय[४] हुन् भन्ने कुराको पुष्टि अनेक सूत्रहरूमा उल्लेख भएको पाइन्छ । गौतम गोत्रका हुन् भन्ने कुरा पनि सूत्र[५] तथा अर्थकथाहरूमा[६] उल्लेख भएको पाइन्छ । संयुत्तनिकायको अवस्सुतसूत्रमा[७] भगवान्‌ले शाक्यहरूलाई "गौतम" भनी आमन्त्रण गर्नु भएको कुरामा पनि गौतम गोत्रकै नाम हो । त्यस्तै गरी तल उल्लिखित मूल पालिमा पनि भगवान्‌ले शुद्धोदन राजालाई "गौमत" गोत्रले आमन्त्रण गर्नु भएको छ। किन्तु सुत्तनिपातको पब्बज्जासूत्रमा[८] भने आयुष्मान् आनन्दले आदित्यगोत्र शब्द प्रयोग गर्नु भएको छ ।

---

१. अं. नि अ. क. I. पृ. १८६: प्रजापतिगौतमी ।

२. चुल्ल. व. पृ. २८१: सङ्घभेदक्खन्धकं ।

३. दी. नि. III. पृ. ९१: पासादिकसुत्तं ।

४. दी. नि. II. पृ. १२६: महापरिनिब्बानसुत्तं; म. नि. II. पृ. ३७१: धम्मचेतियसुत्त ।

५. दी. नि. II पृ ५: महापदानसुत्तं ।

६. सु. नि. अ. क पृ. १५०: हेमवतसुत्तं; पृ. २१७: रतनसुत्तं; म. नि. अ. क. II. पृ. २७३: सालेय्यसुत्तं ।

७. सं. नि. III. पृ. १६५: अवस्सुतपरियायसुत्तं ।

८. पृ. ३३०, हेर माथि, 'सिद्धार्थसँग भेट्' पृ ३१

बुद्धसँग भेट्

सिद्धार्थ राजकुमार पाइसकेपछि शुद्धोदन राजाले उनलाई ९,७,५ तले तीन प्रासादहरू बनाई ४० शौं हजार स्त्रीहरूका बीच राखी, पालन-पोषण गरे। बुद्धका माताहुने, बालक जन्माएको सातौं दिनमा स्वर्गवास हुने नियमानुसार[१] महामाया देवीको स्वर्गवास भएपछि सिद्धार्थ राजकुमारलाई, कान्छी आमा जो महामायादेवीकी साख्यै बहिनी थिइन्-प्रजापति गौतमीले भरण-पोषण गरिन्[२]। सिद्धार्थ जन्मेको पाँचौं दिन, छैटौं गरी नामकरण गर्ने दिनमा त्रिवेदपारङ्गत १०८ ब्राह्मणहरूमध्ये राम, धज (ध्वज), लक्षण, मत्ति मैत्री), कौण्डन्य, भोज, सुयाम र सुदत्त भन्ने आठ विशिष्ट ब्राह्मणहरूमध्ये सात जनाले दुइ अङ्गुली देखाई, "घरमा बसे चक्रवर्तीराजा र घरछाडी प्रव्रजित भएमा जगतगुरु अरहत् सम्यक् सम्बुद्ध हुने छन्" भनी भविष्यवाणी गरे। कौण्डन्य भन्ने एकै मात्र ब्राह्मणले भने एउटै अङ्गुली ठाडो पारी, "यी राजकुमार अवश्य नै बुद्ध नै हुने छन्" भनी भविष्यवाणी गरे[३]। अनि "अर्थ सिद्ध गर्ने" भन्ने अर्थले सिद्ध+अर्थ=सिद्धार्थ अथवा "सबै अर्थ सिद्ध गर्ने" भन्ने अर्थले सर्व+अर्थ+सिद्ध=सर्वार्थसिद्ध भन्ने नामकरण गरे। राजकुलमा सिद्धार्थ कुमारको जन्म भएको कुरा सुनी, राज दरबारका विशिष्ट गुरुपुरोहित, अष्टसमापत्ति ध्यान-

---

१. दी. नि. II पृ १३: महापदानसुत्तं।

२ म. नि. III. पृ ३३९: दक्खिणाविभङ्गसुत्तं।

३. जा. अ. क. I. पृ ४७: अविदूरेकथा।

लाभी, ४० कल्प अतीत कालको र ४० कल्प अनागत कालको कुरा ध्यानद्वारा थाहापाउन सक्ने कालदेवल भन्ने ऋषि राजदरबारमा गई, बालक राजकुमारको पैतलामा चक्रचिन्ह देखी, आफ्नो भविष्यज्ञानले, "यी राजकुमार भविष्यमा अवश्य नै बुद्ध हुने छन्" भन्ने जानी, उनले बालक राजकुमारको पाउमा शीरले ढोगे[1]। यो आश्चर्यजनक घटना देखी "यस्ता वयोवृद्ध महानुभाव सम्पन्न महाऋषिले समेत ढोगेको यो मेरो पुत्र अवश्य नै महापुरुष रहेछ" भन्ने धारणा लिई शुद्धोदन राजाले पनि आफ्नो छोरा सिद्धार्थ राजकुमारको पाउमा पहिलो पटक ढोगे। अर्को एकदिन, रोपाइको मङ्गलोत्सब भइरहेको वेलामा; सजाइराखेको ७९९ हलामध्ये आफूले पनि एक हलो लिई खेत जोतीरहेको बेलामा, राजकुमारलाई एक जम्बुवृक्ष मनी पर्दा भित्र राखेका थिए। अपराण्ह समय भएर पनि सो जम्बुवृक्षको छाया न हटेको अद्भुत कारण देखी, बालक पनि पलेटीमारी ध्यानावस्थामा बसिरहेका देखी, दोश्रोबार शुद्धोदन राजाले सिद्धार्थ राजकुमारलाई ढोगे[2]। यसपछि भगवान् बुद्ध, बुद्धत्व प्राप्तगरी सर्वप्रथम जन्मभूमि कपिलवस्तुमा पाल्नु हुँदा, बुद्धले न्यग्रोधाराममा देखाउनु भएको यमक प्रातिहार्य ऋद्धि चमत्कार देखी तेश्रो पटक शुद्धोदन राजाले आफ्नो पुत्र बुद्धलाई ढोगे। शुद्धोदन महाराजाले ढोग्ने बित्तिकै भेला भएका सबै शाक्यपरिषद्ले पनि बुद्धलाई ढोगे[3]। यसै समयमा बुद्ध भगवान्ले शाक्यपरिषद्लाई वेस्सन्तर

---

१. जा. अ क. I. ४६: अविदूरेकथा।

२ म. नि. अ. क. II पृ. २४२: महासच्चकसुत्त।

३. जा. अ. क. I. पृ ४९: अविदूरेकथा। अरू विस्तृत कुराको

(विश्वन्तर) राजाको[1] पूर्वकथा सुनाउनु भएको थियो[2] ।

भगवान् बुद्ध, बुद्धत्व प्राप्ति गर्नु भइसकेपछि पहिलो वर्षावास सारनाथ, ऋषिपतन मृगदावनमा बिताउनु भई, वर्षावास पछि क्रमशः १००० भिक्षुहरूका साथ राजगृह नगरमा पौषपूर्णिमाको दिनमा पुग्नु भएको थियो । त्यहाँ दुइ महीना बस्नु भई[3]; शुद्धोदन महाराजाले, "सिद्धार्थ गौतम, बुद्धत्वप्राप्त गरी राजगृह नगरमा आएका छन्" भन्ने खबर सुनी ९ पल्टसम्म एक एक हजार मानिसहरूका साथ दूत पठाउँदा पनि उनीहरू कसैले पनि राजालाई केही समाचार न ल्याएपछि, सिद्धार्थ राजकुमारको बालकदेखिको साथी कालुदायी अमात्यलाई पनि एकै हजार मानिसहरूका साथ "बुद्ध भगवान्लाई कपिलवस्तुमा लिएर आऊ" भनी पठाए । उनी पनि राजगृहमा बुद्धकहाँ गई १ हजार मानिसहरूका साथ भिक्षु नै भएर गए । यसप्रकार राजाले पठाएका १० हजार मानिसहरू जम्मै भिक्षु नै भए । कालुदायी अमात्य

---

* लागि लेखककै संक्षिप्त बुद्ध जीवनीको पृ. ७९ देखि ९७ सम्म हेर्नू ।

१. जा. अ. क. VII. पृ. ४२०; नं. ५४७

२. यसबेला पावावासी गोधिक, सुबाहु, वल्लिय र उत्तिय भन्ने चार मल्ल कुमारहरूले प्रव्रज्या ग्रहण गरेका थिए । यिनीहरू केही कामले कपिलवस्तु आएका थिए । थेर. गा. अ. क. पृ. १२३: गोधिकत्थेरगाथा ।

३. जा. अ. क. I. पृ. ७१: सन्तिकेनिदान ।

भिक्षु भई चाँडै नै अरहत् पनि भए । केही समय पछि कालुदायी भिक्षुले भगवान्सँग, "राजा शुद्धोदन निकै वृद्धावस्थामा पुगिसक्नु भएको र 'मेरो मरण हुनुभन्दा अगाडि बुद्धको दर्शन गराऊ' भनी मलाई पठाएको हो" भनी बिन्तिगर्दा भगवान् बुद्ध फागुणपूर्णिमाको दिन[1] कपिलवस्तु जानकानिम्ति राजगृहबाट निस्कनु भयो । ६० योजनको बाटोमा दुइ महीना बिताई भगवान् बुद्ध वैशाखपूर्णिमाको दिनमा कपिलवस्तु आइपुग्नु भयो । वहाँलाई वास गराउनकोनिम्ति उपयुक्त स्थान खोज्दा न्यग्रोध शाक्यको उद्यान सुन्दर तथा अनुकूल भएको हुँदा सोही उद्यानमा बस्ने बन्दोबस्त मिलाइएको थियो[2] । त्यस बखत भगवान् बुद्धको साथमा २० हजार भिक्षुहरू थिए[3] । कपिलवस्तु पुग्नु भएको भोलिपल्ट भगवान् बुद्ध भिक्षुहरूका साथ—जुन शहरमा, जुन सडकमा सिद्धार्थ कुमार छँदा रथारूढ भई, अनेक भारदारहरूले परिवृत्त भई, स्वेत छत्र लगाई, महान राजसी ठाँटले शहरघुम्नु हुन्थ्यो; उही शहरमा सोही सडकमा, घरछोडेको ६ वर्षपछि,—हातमा माटाको भिक्षापात्र लिई[4] क्रमैसँग घर-घरपिच्छे भिक्षाटन जानु भयो । यो दृश्य देखेर कपिलवस्तुका नागरिकहरू रुन्चेहाँसो लिई अजीवढंगको अनुभव गर्दै भगवान् बुद्धलाई हेर्न क्यालमा मात्र बसेका होइनन् परन्तु

---

१. जा. अ. क. I. पृ. ७१: सन्तिकेनिदान ।

२. जा. अ. क. I. पृ ७१: सन्तिकेनिदान ।

३. सम. पा. पृ. ७५१

४. सु. नि. अ. क. पृ. २२५: पब्बज्जासुत्तं ।

सारा शहरै उल्टचो[1] ।

धर्मविबोध

यो खबर सुनी यशोधरा देवी (शुद्धोदन महाराजाकी बुहारी) को छाती फुट्ला जस्तो भई शुद्धोदन राजाकहाँ गई "महाराज ! तपाइका छोरा, जो एक दिन रथमा बसी छत्र ओढी अनेक राजलीलाले शहर घुम्दथे, आज उहीं तपाइका छोरा बुद्ध भई, कुनै सहारा न भएका जस्तै गरी, उही नै शहर र सडकमा माटाको भिक्षापात्र ग्रहण गरी घर-घरपिच्छे, भिक्षाटन गर्दै आउनु भएको छ" भनी बिन्तिगरे पछि राजा हतासखाई, हडबडाई, हतारो हतारो गरी, लत्रिएको धोती सह्माल्दै दरबारबाट बाहिर निस्की जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँपुगे । सन्मुख भए पछि राजाले भगवान्सँग बिन्तिगरे —

"भन्ते ! के हामीलाई लजाउन लाग्नु भएको ? किन भिक्षाटन गर्नु भएको ? के हामीले तपाइका यी भिक्षुहरूलाई भोजन उपलब्ध गराउन सक्दैनौ भनी ठान्नु भएको ?"

"महाराज ! यो हाम्रो चारित्र हो ।"

"भन्ते ! के हामीहरू क्षत्रीयवंशी महासम्मत राजाकै वंशज होइनौ ? त्यसमध्ये कसैले पनि भिक्षाटन गरेको छैन ।"

"महाराज ! यो तपाइको राजवंश हो । तर हामी बुद्धवंशी

---

१ जा. अ. क. I. पृ. ७३: सन्तिकेनिदान ।

ह्वौं । सबै बुद्धहरूले भिक्षाटन नै गरे[१]" भन्नुहुँदै भगवान्‌ले शुद्धोदन महाराजालाई बीचबाटैमा उभिई उभिई धर्मोपदेश गर्नु हुँदै निम्न गाथा सुनाउनु भयो —

"उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परह्मि च[२] ॥"

अर्थ :–

"उत्तिष्ट भई अप्रमादी ह्वौ, राम्रोसँग धर्माचरण गर; धर्मचारी नै यसलोक र परलोकमा सुखपूर्वक शयनगर्छ । अर्थात् सुखपूर्वक जीवन बिताउँछ ।"

यति उपदेश सुनी राजाले स्रोतापन्न-फल साक्षात्कार गरी, भगवान्‌को हातबाट भिक्षापात्र लिई आफ्नो राजदरबारमा लगे[३] । राजदरबारमा पुगी भोजनोपरान्त धर्मोपदेश गर्नु हुँदै भगवान्‌ले राजालाई निम्न गाथा सुनाउनु भयो —

"धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परह्मि च[४] ॥"

---

१. सम. पा. पृ. ७५२

२. धम्म. गाथा नं. १६८

३. धम्म. अ. क. पृ. ४१५: शुद्धोदनकथा; सम. पा. पृ ७५२; जा. अ. क. I. पृ: ७४

४. धम्म. गाथा नं. १६९

अर्थ :—

"धर्मको आचरण शुद्धरूपले गर्नुपर्छ, अशुद्धरूपले गर्नु हुन्न; धर्मचारी नै यसलोकमा र परलोकमा सुखपूर्वक शयनगर्छ अर्थात् सुखपूर्वक जीवन बिताउँछ।"

यी उपदेश सुनी शुद्धोदन महाराजा सकृदागामी फलमा प्रतिष्ठित भए, प्रजापति गौतमी स्रोतापन्न फलमा प्रतिष्ठित भइन्[1]। यसपछि भगवान् बुद्ध, शुद्धोदन महाराजालाई भिक्षापात्र समात्नलगाई, दुइ अग्रश्रावकहरूका साथ यशोधरादेवीका खोपीमा जानु भयो। त्यहाँ राजाले यशोधरादेवीको प्रशंसा गरी कुरा सुनाउँदा भगवान् बुद्धले चन्दकिन्नर[2] जातकको कुरा सुनाई न्यग्रोधाराममा फर्केर जानु भयो। भोलिपल्ट राजदरबारमा एक ठूलो मङ्गलमय उत्सव थियो। भगवान् बुद्ध कपिलवस्तु बसुन्जेलसम्म राजदरबारमै भोजनार्थ जानु भएको थियो। सो दिनमा भोजनोपरान्त नन्द कुमारलाई भिक्षापात्र समात्नलगाई न्यग्रोधारामसम्म लैजानु भयो र न्यग्रोधाराममा पुगेपछि नन्द कुमारलाई प्रव्रजितगराइ दिनु भयो[3]। भगवान् बुद्ध कपिलवस्तु पुग्नु

१. उदा. अ. क. पृ. ११७: नन्दसुत्तं।

२. जा. अ. क. V. पृ ५, नं. ४८५

३. सम. पा. पृ. ७५३; जा. अ. क. I. पृ. ३५; उदा. अ. क. पृ. ११७: नन्दसुत्त। भगवान् कपिलवस्तु पुग्नु भएको तेश्रो दिनमा नन्दकुमारको प्रव्रज्या भयो। धम्म. अ. क. पृ. ५७: नन्दत्थेरकथा।

भएको सातौं दिनमा[1] राजदबारमा पाल्नु हुँदा, राहुलमाताले पुत्र राहुल कुमारलाई बुद्धकहाँ गई दायाद माग्ने कुरासिकाई पठाइन् र भगवान्ले ७ वर्षीय राहुल कुमारलाई न्यग्रोधाराममा लगी, सोही दिनमै" प्रव्रजित गराउनु भएको कुरा तल सूत्रमै समुल्लेख भएको छ। राहुलको प्रव्रज्या सारिपुत्र महास्थविरको उपाध्यायत्वमा सम्पन्न भएको थियो। आचार्यत्वमा बस्नु भएको महामौद्गल्यायन महास्थविरले राहुलको शीर मुढी, चीवर पहिराइ दिनु भयो र महाकाश्यप महास्थविर अववादाचार्यको रूपमा बस्नु भएको थियो। जो उपाध्याय हुन्छ उसकै शिष्य मानिने नियमानुसार राहुल कुमार सारिपुत्र महास्थविरको शिष्य हुनु भयो[2]। राहुल कुमारलाई प्रव्रज्या गरेको भोलिपल्ट अर्थात् कपिलवस्तुमा पुगेको आठौं दिनमा[3] भगवान् राजदरबारमा भोजनार्थ जानु हुँदा शुद्धोदन महाराजाले भगवान्सँग सुख दुःख कुशलक्षेम कुरा सुनाउँदै भगवान्लाई "भन्ते ! तपाइले घोर तपस्या गरिरहनु भएको बेलामा, मकहाँ एक देवता आई निराहारताको कारणले तपाइको मृत्यु भयो भनी सुनाउन आएको थियो।'

"महाराज ! के त, विश्वास गर्नु भएन ?"

"भन्ते ! किन विश्वास गर्दथें ! बुद्ध न भइकन मेरो छोराको

१. सम. पा. दि. पृ. ७५३; उदा. अ. क. पृ. ११७; जा. अ. क. I. पृ. ७५

२. सम. पा. पृ. ७५४

३. जा. अ. क. I. पृ. ७५: सन्तिकेनिदान।

मृत्यु हुने छैन' भनी मैले उसको कुरालाई विश्वास गरिन" भनी आफ्नो दृढता व्यक्तगरे पछि भगवान्‌ले राजालाई "महाराज ! अहिले मात्र होइन, अघि अघि पनि तपाइले त्यस्ता कुरामा विश्वास गर्नु हुन्नथ्यो" भन्नु हुँदै महाधम्मपाल[1] को अतीत कुरा सुनाउनु भयो । यो कुरा सुनिसकेपछि शुद्धोदन महाराज अनागामी-फलमा प्रतिष्ठित भए[1]।

यसरी भगवान् बुद्ध कपिलवस्तु छउञ्जेलसम्म शुद्धोदन महाराजा सहित अनेक शाक्यहरूलाई संग्रह गरी पुनः राजगृहमै फर्कनु भई शीतवनमा बस्नु भयो । श्रावस्तीका अनाथपिण्डिक महाजनले सर्वप्रथम भगवान्‌सँग यसै वनमा भेट् गरेका थिए[2] ।

अरहत्‌फल प्राप्ति

शुद्धोदन महाराजाले कठोर तपस्या विना नै, राजदरबारमै बसी, गृहस्थभावमै अरहत्व[3] अर्थात् जन्ममरणबाट मुक्त भई परम-

---

१. जा. अ. क-४, पृ ८०, नं. ४४७

२. जा. अ. क. I. पृ. ७५: सन्तिकेनिदान ।

३. जन्ममरणको आवागमनबाट विमुक्त भई परमशान्ति मोक्षपद प्राप्त हुनेलाई अरहत् भन्दछन् । कुनै पनि गृहस्थीले गृहस्थीभावमै अरहत्व साक्षात्कार गर्न सकिन्छ । यसप्रकार अरहत् हुने पुरुष, यात एक साताभित्र गृहीलिङ्ग छाडी प्रव्रजित हुन्छ यात देहत्याग गरी परिनिर्वाण हुन्छ ।

शान्ति निर्वाणपद साक्षात्कार गरी परिनिर्वाण भएका थिए[१] । यस बेला भगवान् बुद्ध वैशालीको कूटागार शालामा क्रमशः पाँचौ वर्षावास बस्दै हुनुहुन्थ्यो[२] । बर्मी जिनत्थपकासिनी[३] अनुसार शुद्धोदन महाराज विसञ्च भइरहेको बेलामा भगवान् बुद्ध ५०० भिक्षुहरूका साथ वैशालीबाट कपिलवस्तु आउनु भई राजालाई उपदेश गरी अरहत्फलमा प्रतिष्ठित गराउनु भएको कुरा उल्लेख भएको छ ।

भगवान्‌ले आफ्नै श्रीमुखबाट शुद्धोदन महाराज पिता, महामायादेवी माता र कपिलवस्तु नगर राजधानी हो भनी भन्नु भएको कुरा महापदान सूत्रमा समुल्लेख भएको छ[४] ।

शुद्धोदन महाराजाको परिनिर्वाण पछि प्रजापति गौतमी[५], यशोधरादेवी[६] र सुन्दरीनन्दा[७] पनि भिक्षुणी नै भएर गए । यस

---

१. थेरी गा. अ. क. पृ. १११: महापजापतीथेरी; जा. अ. क. I. पृ. ७४: सन्तिकेनिदान ।

२. थेरी. गा. अ. क. पृ. ६४: सुन्दरीनन्दाथेरी । हेर तल कोशल परिचय ।

३. पृ ३०१

४. दी नि. II. पृ. ८

५. थेरी. गा. अ. क. पृ. १११

६. अं. नि. अ. क. पृ २०४: भद्दकच्चान ।

७. थेरी. गा. अ. क. पृ. ६४ ।

प्रकार बुद्ध भगवान्‌का सबै परिवारहरू भिक्षु-भिक्षुणी भई उनीहरू सबै अर्हत भई निर्वाणपद साक्षात्कार गरी जन्ममरणबाट विमुक्त भए ।

× × ×

मूल पालि :—

१—बुद्धको कपिलवस्तु-यात्रा

भगवान् राजगृहमा इच्छानुसार विहार गर्नु भइसके पछि एक दिन जहाँ कपिलवस्तु[1] हो त्यहाँ चारिकार्थ जानु भयो[2] । चारिका गर्नु हुँदै क्रमशः भगवान् कपिलवस्तु पुग्नु भयो ।

अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ शुद्धोदन शाक्यको निवासस्थान हो त्यहाँ जानु भयो । त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बस्नु भयो । त्यहाँ राहुलमाता देवीले राहुल कुमारलाई यसो भनिन्—

"राहुल ! यी तिम्रा पिता हुन् । जाऊ दायाद माग !"

---

१. भगवान् बुद्ध, सर्वप्रथम धर्मचक्र देशना गरी सारनाथबाट राजगृहमा आउनु भई बिम्बिसार राजालाई बुद्ध धर्ममा प्रवेश गराई दोश्रो वर्षावास राजगृहमै बिताई त्यसपछि कपिलवस्तु जानु भएको हो ।

२. महा. व. पृ. ८६ः राहुलवत्थु, महाखन्धकं ।

राहुल-प्रव्रज्या

अनि राहुल कुमार भगवान्कहाँ गई "श्रमण ! तपाइको छाँया सुखद छ" भन्दै भगवान्को अगाडि उभिइरहे । त्यसपछि भगवान् आसनबाट उठी जानु भयो । राहुल कुमार पनि, "श्रमण ! दायाद दिनुहोस्; श्रमण ! दायाद दिनुहोस् !" भन्दै भगवान्को पछाडि पछाडि लागे । अनि भगवान्ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रण गर्नु भई—"सारिपुत्र ! त्यसोभए राहुल कुमारलाई तिमीले प्रव्रज्या गर !" भनी आज्ञा दिनु भयो ।

"भन्ते ! कसरी मैले राहुल कुमारलाई प्रव्रजित गरौं ?"

भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! तीन शरणद्वारा श्रामणेर प्रव्रज्या गर्ने अनुज्ञा दिन्छु ।" भिक्षुहो यसरी प्रव्रजित गर्नुपर्छ —

'पहिले केश–दाह्री काटन लगाई, काषायवस्त्र लगाउन लगाई, उत्तरासङ्ग एकांश गराई, भिक्षुहरूको पाउमा वन्दना गराई, टुक्रुक्क बसाली हात जोडन लगाई, यस्तो भन्न लगाउन पर्छ—'बुद्धको शरणमा जान्छु, धर्मको शरणमा जान्छु र सङ्घको शरणमा जान्छु । दोश्रो पटक पनि बुद्धको शरणमा जान्छु, दोश्रो पटक पनि धर्मको शरणमा जान्छु, दोश्रो पटक पनि सङ्घको शरणमा जान्छु, तेश्रो पटक पनि बुद्धको शरणमा जान्छु । तेश्रो पटक पनि धर्मको शरणमा जान्छु, तेश्रो पटक पनि सङ्घको

शरणमा जान्छु ।' भिक्षुहो ! यिनै तीन शरणद्वारा श्रामणेर प्रव्रज्या गर्ने अनुज्ञा दिन्छु ।"

शुद्धोदनको प्रार्थना

अनि आयुष्मान् सारिपुत्रले राहुल कुमारलाई प्रव्रजित गराउनु भयो । यसपछि शुद्धोदन शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका शुद्धोदन शाक्यले भगवान्सँग विन्तिगरे —

"भन्ते ! म भगवान्सँग एक वर माग्न चाहन्छु ।"

"गौतम ! तथागत वरबाट मुक्तछ ।"

'भन्ते ! जुन् उचित र जुन दोषरहित छ (त्यस्तो वर माग्न चाहन्छु) ।"

"गौतम ! भन ।"

"भन्ते ! भगवान्ले प्रव्रज्या ग्रहण गर्नु भएको बेलामा मलाई सारै दुःख लागेको थियो । त्यस्तै नन्दलाई प्रव्रज्या गर्दा पनि । राहुलको प्रव्रज्याले त मलाई झन् दुःख लागिरहेको छ । भन्ते ! पुत्र-प्रेमको कारणले छवि काट्छ; छवि पछि छाला काट्छ; छाला पछि मासु काट्छ; मासु पछि नसाहरू काट्छ; नसाहरू पछि हाड काट्छ; हाड पछि हाडभित्रको मज्जा (मासी)मा टाँसिएर प्रेम बस्छ । भन्ते ! अतएव आर्यले आमा बाबुको अनुमति न पाएको पुत्रलाई प्रव्रजित न गर्नुं भए बेश हुने थियो ।"

त्यस पछि भगवान्‌ले शुद्धोदन शाक्यलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्शित पार्नु भयो । अनि शुद्धोदन शाक्य भगवान्‌को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित भई आसनबाट उठी भगवान्‌लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए । भगवान्‌ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो –

"भिक्षुहो ! आमा बाबुको अनुमति न पाउने पुत्रलाई प्रव्रज्या न गर्नू । जसले प्रव्रजित गर्छ उसलाई दुष्कृत्य-आपत्ति लाग्ने छ ।"

त्यस पछि भगवान् कपिलवस्तुमा इच्छानुसार विहार गर्नु भई त्यहाँबाट चारिका गर्नु हुँदै जहाँ श्रावस्ती हो[1] त्यहाँ जानु भयो ।

–◡०◡–

१ भगवान् कपिलवस्तुबाट राजगृह गई त्यहाँबाट श्रावस्ती जानु भयो ।

३. राजा प्रसेनजित कोशल

परिचय

कोशल राज्य

भगवान् बुद्धको जीवन कालमा–कोशल राज्य, मगध राज्यको उत्तर-पश्चिम दिशामा पर्दथ्यो। बौद्ध इतिहासमा कोशल राज्यको निक्कै महत्व छ। भगवान् बुद्धले आफ्नो धेरै समय यसै राज्यमा बिताउनु भएको थियो। बोधिसत्व युगमा वाराणशीको महत्व जति थियो त्यति नै महत्व बुद्ध युगमा कोशल राज्यको थियो। भगवान् बुद्धले, बुद्धत्वज्ञान साक्षात्कार गरिसकेपछि पञ्चभद्रवर्गीयलाई वाराणशी निकट ऋषिपतन मृगदावनमा सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नु भयो। त्यसले गर्दा पनि वाराणशीको महत्व पछि बढ्न गएको हो।

मगध राज्य र कोशल राज्यको बीचमा पर्ने काशी प्रदेशको कारणले गर्दा जातक युगमा मात्र नभई बुद्ध युगमा पनि समय समयमा झगडा भएको कुरा तल आउने सूत्रहरूबाट हामी थाहा पाउन सक्छौं। त्यस बखतका भारतमा ख्याति प्राप्त १६ जनपदहरू[१] मध्ये कोशल-

१. हेर माथि पृ. ९५ को पादटिप्पणीमा।

जनपद पनि एक शक्तिसम्पन्न प्रभावशाली राज्य थियो । सरयू नदीको उत्तरतिर पर्नेलाई उत्तर कोशल र दक्षिणतिर पर्नेलाई दक्षिण कोशल भनिन्थ्यो[१] । यस कुराको पुष्टचाई–प्रसेनजित कोशल राजाका पिता, महाकोशलका गुरु पुरोहित बावरिय ब्राह्मण उत्तर-कोशलबाट दक्षिण-कोशलमा बस्न गएबाट हुन्छ[२] ।

कोशल राज्य अन्तर्गत अचिरवतीनदी[३] र सुन्दरीकानदीको[४] नाम उल्लेख भएको पाएकै निम्न प्रदेशहरूको नाम पनि उल्लेख भएको पाइन्छ । जस्तै —इच्छानङ्गल[५], उक्कट्ठा[६], एकसाल[७], ओपसाद[८],

---

१. D. P. P. I. पृ. ६९६

२. सु. नि पृ. ४१९ पारायनवग्गो; अ. क. पृ. ४६४

३ दी. नि. I. पृ. १९९: तेविज्जसुत्तं; हेर बु. ग्रा पृ. ३२९; म. नि. I. पृ. ३६०: बाहितिसुत्तं । यो सूत्रको कुरा तल उल्लेख भएको छ ।

४. सं.नि.I.पृ. १६६: सुन्दरिकसुत्तं; सु.नि.पृ. ३३४: सुन्दरिक भारद्वाजसुत्तं; तर म.नि.I. पृ ५२: वत्थसुत्तंमा 'बाहुकनदी' भनी उल्लेख भएको छ ।

५. अं. नि–८, पृ. ४२१: यससुत्त; अं. नि–५, पृ. २९७: नागितसुत्तं ।

६. दी. नि. I. पृ. ७६: अम्बट्ठसुत्तं; हेर बु. ग्रा. पृ. २८५

७. सं. नि. I. पृ. १११: पतिरूपसुत्तं ।

८. म. नि. II. पृ. ४२७: चङ्कीसुत्तं; हेर बु. ग्रा. पृ. १८७

कालाम केशपुत्त[१], चण्डलकप्प[२], तोरणवत्थु[३], दण्डकप्प[४], नगरविन्द[५], नलकपान[६], नालन्दा[७], सङ्कवा[८] (सङ्घधा), वेनागपुर[९], वलुद्वार[१०], साला[११] (साल), सालावतिक[१२], सेतव्य[१३], हुन् । १०० योजन लँमाई, ८० हजार स्याना ठूला गरी गाउँ बस्तिहरू भएको राज्यमा १८ कोटी जनसंख्या थिए[१४] । कपिलवस्तु

१. अं. नि–३ पृ. १७४: केसपुत्तियसुत्तं ।

२. म. नि. II. पृ. ४८२: सङ्गारवसुत्तं; हेर बु. ब्रा पृ. ८१

३. सं. नि. III. पृ. ३२१: खेमसुत्तं; हेर तल 'क्षेमा भिक्षुणीसँग' ।

४. अं. नि–६ पृ. १०८: पुरिसिन्द्रियञाणसुत्तं ।

५. म. नि. III. पृ. ३९४: नगरविन्देय्यसुत्तं ।

६. म. नि. II. पृ. १४८: नलकपानसुत्तं; अं. नि–१० पृ. १९७: पठमनलकपानसुत्तं ।

७. सं. नि. III. पृ. २८५: कुलसुत्तं ।

८. अं. नि–३ पृ. २१९: सङ्कवासुत्तं ।

९. अं. नि–३ पृ. १६७: वेनागपुरसुत्तं ।

१०. सं. नि. IV. पृ. ३००: वेलुद्वारेय्यसुत्तं ।

११. सं. नि. IV. पृ. १९७: सालसुत्तं; म. नि. I. पृ. ३४९: सालेय्यकसुत्तं ।

१२. दी. नि. I. पृ. १९१: लोहिच्चसुत्तं ।

१३. दी. नि. II. पृ. २३६: पायासिराजञ्ञसुत्तं ।

१४. D. P. P. II. पृ. ११२७; सम. पा. पृ. ४४३

पनि कोशल राज्यकै अन्तरगत भएको कुरा सूत्रमै प्रष्ट छ[१] ।

१ लाख ५७ हजार[२] पारिवारिक घरहरू भएको श्रावस्ती महा नगर कोशलको राजधानी थियो । त्यस ताकाका भारतमा ६ प्रमुख नगरहरू[३] मध्ये श्रावस्तो नगर पनि एक थियो । यो शहर राप्ती (अचिरवती वा ऐरावती) नदीको किनारमा बसेको थियो । वर्तमान भारतमा गोण्डा जिल्लाको बलरामपुरबाट १० माइल टाढा सहेत-महेत भन्ने ठाउँमा पर्छ[४] । श्रावस्ती नगर साकेतबाट ६ योजन[५], राजगृहबाट ४५ योजन[६], तक्षशिलाबाट १४७ योजन[७], संकस्सबाट ३० योजन[८],

---

१. सु. नि. पृ ३३०: गाथा १८; बु. श्रा. पृ. ३५२; बु. गृ पृ. २४५; हेर तल 'धर्मचैत्य' शीर्षकमा।

२. अ. नि. अ. क. I. पृ ३१५

३. (१) चम्पा, (२) राजगृह, (३) श्रावस्ती, (४ साकेत, (५) कौशम्वी र (६) वाराणसी—दी. नि. II. ११३: महापरिनिब्बानसुत्तं ।

४. G. D. पृ. १८९

५. महा. व. पृ. २६६: कठिनक्खन्धकं; धम्म. अ. क. पृ. १९२: विशाखा—कथामा ७ योजन टाढा भनी उल्लेख भएको छ ।

६. सं. नि. अ. क. I. पृ. २४३

७. म. नि. अ. क. IV पृ. १८३

८. धम्म. अ. क. पृ ४४४: यमकपाटिहारियकथा ।

सुप्पारकबाट १२० योजन[१], आलवीबाट ३० योजन[२], मच्छिका-सण्डबाट ३० योजन[३], कुक्कुटवतीबाट १२० योजन[४], उग्गपुरबाट १२० योजन[५], र कुररघरबाट १२० योजन[६] टाढा पर्छ । श्राव-स्तीबाट १ गाउत[७] जतिको दूरिमा अति प्रसिद्ध अन्धवन भन्ने जङ्गल थियो। यस जङ्गलमा भगवान् सहित भिक्षुहरू समय समयमा विहार गर्न जानुहुथ्यो । यस्तै गरी जेतवन विहार पछाडिपट्टि एकान्त वासगरी ध्यान गर्ने ध्यानागार[८] तथा साकेत र श्रावस्तीको बीचमा तोरणवत्थु[९] भन्ने गाउँ थियो ।

श्रावस्ती नगर, अनाथपिण्डिक महाजनले बनाएको जेतवन

---

१. उदा. अ. क. पृ ५९: बाहियदारुचिरिय ।

२. सु. नि. अ. क. पृ. १६३: आलवकसुत्तं ।

३. अ. अ. क. २१०; धम्म. अ. क. पृ. २५६: सुधम्मथेरकथा ।

४. धम्म. अ. क. पृ. २७७: महाकप्पिनकथा ।

५. धम्म. अ क. पृ. ५५२: चूलसुभद्दाकथा ।

६. धम्म. अ. क. पृ. ६०८: सम्बहुलाभिक्खुवत्थु ।

७. ७ हातको १ यष्ठी, २० यष्ठीको १ ऋषभ, १८० ऋषभको १ गाउत हुन्छ । अभि. प. पृ. १९६

८. म. नि. अ. क. II. पृ. १०२: वम्मीकसुत्तं ।

९. सं. नि. III. पृ. ३२१: खेमासुत्तं; हेर तल, 'क्षेमा भिक्षुणी सँग' शीर्षकमा ।

महाविहार[1]; विशाखा महाउपासिकाले बनाएको सुरम्य पूर्वाराम[2], र स्वयं प्रसेनजित कोशल राजाले, नगरको दक्षिणतिर बनाएको राजकारामले[3] सुशोभित थियो । जेतवनाराम भित्र पनि प्रसेनजित कोशल राजाले सललघर वा सललागार भन्ने घर बनाई दिएका थिए[4] ।

भगवान् बुद्धले, बुद्धत्व प्राप्त गर्नु भएको २० वर्षसम्म यत्रतत्र वर्षाकाल बिताउनु भई अन्तमा लगातार २५ वर्षसम्म श्रावस्तीमै बस्नु भएको थियो[5] । भगवान् बुद्ध परिनिर्वाण भइसके पछि भगवान्को 'ऊर्णा-

---

१. बु. गृ. पृ. २८,४१

२. बु. ब्रा. पृ. ३४७

३. म. नि. III. पृ. ३६१: नन्दकोवादसुत्तं; अ. क. २१५.

४. दी. नि. अ. क. I. पृ. २६९: महापदानसुत्तं ।

५. २० वर्षावास बिताउनु भएका स्थानहरू क्रमशः यसप्रकार छन् — (१) ऋषिपतन मृगदावन, (२) राजगृह वेणुवनाराम, (३ र ४) वेणुवनाराममै, (५) वैशाली, महावन कूटागार शाला, (६) मङ्कुल पर्वत, (७) त्रयस्त्रिश भवन, (८) भग्गदेश, सुंसुमारगिरी भेसकलावन, (९) कौशम्बी, (१०) पारिलेय्यवनखण्ड, (११) नालक ब्राह्मण गाउँ, (१२) वेरञ्जा, (१३) चालिय पर्वत, (१४) जेतवन विहार, (१५) कपिलवस्तु, (१६) आलवी, (१७) राजगृह, (१८) चालिय पर्वत, (१९) चालिय पर्वत, (२०) राजगृह र २१ देखि ४५ सम्म

लोम' धातु कोशल राज्यमा ल्याई निधान गरेको पनि थियो[1] ।

परिवारहरू

कोशलाधिपति महाकोशल महाराजाको छोरा प्रसेनजित कोशल[2] नामक राजकुमार, छोरी कोशलदेवी नामक राजकुमारी थिइन् । कोशलदेवीको विवाह राजा बिम्बिसारसँग भएको थियो[3] । महाकोशल महाराजाको बावरीय[4] भन्ने ब्राह्मण र अग्गिदत्त[5] (=अग्निदत्त) भन्ने ब्राह्मण पुरोहित थिए ।

प्रसेनजित कोशलराजाले आपनो शिक्षा तक्षशिलाका एक प्रमुख आचार्यद्वारा पाएका थिए । तक्षशिलामा जाँदा नगर बाहिर एक

● श्रावस्तीमै । यसमध्ये १९ वर्षसम्म जेतवन विहारमा र ६ वर्ष पूर्वाराम विहारमा । अं. नि. अ. क. I. पृ. ३१४; बु वं. अ. क. पृ. ३; दी. नि. II. पृ ७९: वेलुवगामवस्सूपगमनं, महापरिनिब्बानसूत्र र सं. नि. IV. पृ. १३०: गिलान सूत्रानुसार भगवान्ले अन्तिम वर्षावास वेलुव ग्राममा बस्नु भएको कुरा मूल सूत्रहरू प्रष्ट देखिन्छ ।

१. बु. वं. पृ. ३८४: धातुभाजनकथा ।

२. धम्म. अ. क. पृ. १६८: विडूडभकथा ।

३. हेर माथि पृ. ३: विम्बिसारको परिचयमा ।

४. सु. नि. अ. क पृ. ४६३

५. D. P. P. II. पृ. ४८७

सत्तलमा बास बस्दा त्यहाँ, वैशालीबाट आएका महालि लिच्छवी राजकुमार र मल्लराज्यको कुशीनगरबाट आएका बन्धुल भन्ने राजकुमारहरूसँग भेट् भई तीनै जनाको एक राय भई तक्षशिलामा एक प्रमुख आचार्यकहाँ शिल्पशास्त्र अध्ययन गरी आ-आफ्नो देशमा फर्के[1]। राज्यमा फर्केर प्रसेनजित कोशलले आफ्नो पिता महाकोशल महाराजालाई देखाएको शिल्प प्रदर्शनीबाट प्रभावित भई महाकोशल महाराजाले आफ्नो छोरा प्रसेनजितलाई राज्याभिषेक दिए[2]। सुत्तनिपात-अर्थकथामा चाहिं महाकोशल राजाको मृत्यु भएपछि राज्याभिषेक पाएको कुरा उल्लेख भएको छ। महाकोशलको देहान्तपछि बावरीय पुरोहितसँग पनि प्रसेनजित कोशलले शिक्षा पाएको कुरा स्पष्ट छ[3]। प्रसेनजित कोशल राजाले मगधराजा सेनीय बिम्बिसारकी बहिनीसँग विवाह गरेका थिए[4]। जब अजातशत्रु राजकुमारले आफ्नो धार्मिक पिता बिम्बिसारको निर्दयतापूर्वक हत्या गरे अनि त्यसैको सूर्तले कोशलदेवीको पनि मृत्यु भयो। आफ्नी बहिनी कोशलदेवीलाई बाबु महाकोशल राजाले दाइजो दिइराखेको 'काशी' गाउँ, "त्यस्ता मातृ-पितृ हत्यारालाई दिन्न" भनी प्रसेनजितले मुद्दा चलाए। अजातशत्रु

---

१. धम्म. अ. क. पृ. १६८: विडूडभ (विडूडब) कथा।

२. धम्म. अ. क. पृ १६८

३. सु. नि अ. क. पृ ४६३

४ धम्म.अ.क.पृ. १९१: विशाखाकथा; हेर बिम्बिसार परिचय पृ. ३

राजाले त्यस गाउँको बारेमा युद्ध छेडे[१]। एकदिन, प्रसेनजित कोशलराजा युद्धमा पराजित भई भागेर एकलै आफ्नो देशतिर फर्की रहेको बेलामा, एक पुष्पउद्यानमा एक सुन्दरी केटी देखी, उसको आचरण तथा रूपलावण्यतामा मुग्ध भई मल्लिका[२] मालिनीलाई महिषी बनाए[३]।

भगवान् बुद्ध श्रावस्तीमा पाल्नु भई जेतवन विहारमा स्थायीरूपले बस्नु भइसके पछि एक दिन कोशलराजाले, शयकडौं भिक्षुहरू अनाथपिण्डिक तथा विशाखा महाउपासिकाको घरमा गइरहेको देखी राजाले पनि बुद्ध प्रमुख ५०० भिक्षुसङ्घलाई निम्त्याए। बुद्धसँग विशेषरूपले घनिष्ट नाताजोर्ने इच्छाले प्रसेनजित कोशलले कपिलवस्तुका शाक्यहरूकहाँ एक शाक्य कन्या माग्न पठाए। शाक्यहरू आफ्नो वंशका कट्टर पक्षपाती भएको हुँदा, आपसमा अनेक छलफल तथा विचारविमर्श गरिसके पछि, भगवान् बुद्धका काकाको छोरा महानाम शाक्यका नागमुण्डा[४] भन्ने दाशीकी पुत्री वासभखत्तिया[५] लाई दिने निणय शाक्यसंघले गरे। भगवान्को काकाको छोरा महानाम-

---

१. सं. नि. अ. क. I. पृ. १२०,; अ. अ. क. II पृ. ८३३; जा. अ. क. V. पृ. २३८: सम्बुलाजातकं।

२. हेर तल 'मल्लिकासँग' शीर्षकमा।

३. सं. नि. अ. क. I. पृ. ११०, जा. अ. क. III पृ. २८७: कुम्मासपिण्डजातकं।

४. हेर बु गृ. पृ. २१२; जा. अ. क. I. पृ. १०६: कट्ठहारि जातकं, न. ७

५. हेर तल 'प्रेमबाट शोक उत्पन्न हुन्छ' शीर्षकमा।

शाक्यकी छोरी पाएँ भनी अति प्रसन्न भई प्रसेनजित कोशल राजाले उनलाई विवाह् गरी महिषी बनाए[१]। तल उल्लिखित, 'बुद्धसँग विविध प्रश्न' भन्ने शीर्षकको कण्णकत्थल[२] सूत्रमा उल्लेख भए अनुसार सोमा र सकुला नामक दुइ दिदी बहिनीहरू पनि राजाका पत्नी थिए। थेरीगाथा अर्थकथानुसार[३] श्रावस्तीका एक धनाढ्य कुलकी छोरी उब्बिरी भन्ने पनि पत्नी थिइन्।

प्रसेनजित कोशल राजाको वासभखत्तिया (—वासभ क्षत्रीया) को तरफबाट जन्मेको विडूडभ[४] राजकुमारलाई,—बुद्धलाई प्रभावित पार्ने विचारले राजाले—तन्नेरीमा नै सेनापति पदमा राखि दिए[५]। १६ वर्षको उमेरमा राजकुमारले आफ्नी आमा दाशीपुत्री भन्ने थाहापाई, शाक्यहरूसँग प्रतिसोधलिने भावनाले,—कारायण अमात्यको राजनैतिक चालबाजीमा परी, आफ्नो बाबुलाई धोकादिई[६] स्वेतछत्र धारण गरी राजा भए पछि—कपिलवस्तुवासी धेरै शाक्यहरूलाई हत्या गरेका थिए[७]। प्रसेनजित कोशलका ब्रह्मदत्त भन्ने छोरा पनि

---

१. धम्म. अ. क. पृ. १७२: विडूडभकथा।

२. म. नि. II. पृ. ३७३

३. पृ. ४३

४. बर्मीमा: 'विटटभ', कहीं कहीं 'विडूडब्र' भन्ने उल्लेख छ।

५. धम्म. अ. क. पृ. १७३: विडूडभकथा।

६. म. नि. अ. क. III. पृ. २४२

७. धम्म. अ. क. पृ. १७८: विडूडभकथा।

थिए। जो पछि भिक्षु भई अरहत् भए[1]। जेत राजकुमार[2] पनि प्रसेनजित कोशलकै छोरा हुन् भनी तिब्बती, 'डुल्वा' भन्ने ग्रन्थमा उल्लेख भएको पाइन्छ[3]। पेतवत्थुअर्थकथामा अर्का दुइ छोराहरू भएको कुरा पनि समुल्लेख भएको पाइन्छ[4]। छोरीहरू मध्ये वजिरी[5] र सुमना[6] राजकुमारीको नाम सूत्रहरूमा उल्लेख भएको पाइन्छ। यस मध्ये सुमना राजकुमारी पछि भिक्षुणी भई अरहत् पनि भइन्[7]। जेतवनाराम विहारहरू बनाउन सिद्धिए पछि, बुद्धलाई बाटो हेर्नजान सुमना राजकुमारीलाई पनि पठाउनुहुन प्रसेनजित कोशलसंग अनाथपिण्डिक गृहपतिले बिन्ति गर्दा, राजा अत्यन्त प्रसन्न भई सातवर्षीया सुमना राजकुमारीलाई, ५०० कुमारीहरू साथ दिई पूर्णकलशहरू, फूल मालाहरू हातमा समातन लगाई, बुद्धको स्वागतार्थ पठाएका थिए भन्ने कुरा अङ्गुत्तरनिकायार्थकथामा[8] समुल्लेख भएको पाइन्छ। भगवान् बुद्धको उपदेश सुनी सुमना राजकुमारी उसैबेला स्रोतापन्न पनि भएकी थिइन्। उब्बिरी रानीको तरफबाट जन्मेकी जीवन्ती भन्ने छोरीको

---

१. थेर. गा. अ. क. पृ. ४६०

२. हेर बु. गृ. पृ ३९: अनाथपिण्डिक।

३. D P. P. II. पृ. १७१ को पादटिप्पणीमा।

४ पेत. व. अ. क. पृ. १८६: कुमारपेतवत्थु।

५. हेर तल, 'प्रेमबाट शोक उत्पन्न हुन्छ' शीर्षकमा।

६ अं. नि–५ पृ. २९९: सुमनसुत्तं, अ. क. पृ. ५९४

७. थेरी. गा. अ. क. पृ. १६

८. पृ ५९४

मृत्यु चाँडै नै भएको बुझिन्छ[1] ।

प्रसेनजित कोशल राजाका उग्गो (= उग्र वा उद्ग) भन्ने महामन्त्री[2] र सिरिवड्ढ (= श्रीवर्ध) भन्ने महामन्त्री थिए[3] । तक्षशिलामा शिल्पशास्त्र अध्ययन गर्दाका साथी, कुशीनगरको बन्धुल मल्लराजकुमार–जो मल्लदेश छाडी पछि बन्धुल मल्लिकादेवीका साथ श्रावस्तीमा आएका थिए, यिनी सच्चा राजभक्त थिए–लाई सेनापतिको पदमा राखे[4] । बन्धुल सेनापति प्रति अरू उच्चस्थ राजकर्मचारीहरू निक्कै ईर्ष्या गर्दथे र राजा र सेनापतिका बीच भेदनीति खेल्दथे । जब सेनापति आफ्ना ३२ छोराहरूका साथ राजदरबारमा आउँदथे तब उनको साथमा–जनप्रियताको हेतुले–सयकडौं मानिसहरू पछि पछि हुन्थे । यही मौका छोपी भेदनीति खेल्ने ईर्ष्यालु उच्चस्थ राजकर्मचारीहरूले राजाको मनमा बन्धुल सेनापति प्रति ठूलो आशंकाको बिउ रोपि दिए र यिनीहरूलाई मार्नलगाउने षडयन्त्र समेत गराउन सफल भए । भेदनीतिको बाग्जालमापरी, आफ्नो बुद्धि पुऱ्याउन नसकी, दुर्बुद्धिको आधार लिई, एकदिन प्रसेनजित कोशल राजाले निरपराधी, कर्तव्यपरायणी, परमराजभक्त, बुद्धिमानी तथा न्यायप्रेमी बन्धुल सेनापतिलाई उनको ३२ जना छोराहरूका साथ प्रत्यन्त देशमा झगडा समाधान गरी आउनू

१. थेरी, गा. अ. क. पृ. ४३

२. अं. नि–७ पृ. १५५: उग्गसुत्त, अ. क. पृ. ६९७

३. म. नि II. पृ ३५९: बाहितिकसुत्त (बाहितियसुत्तं) ।

४. धम्म अ क पृ. १६९: विडूडभकथा ।

भनी आज्ञा दिई; त्यहाँबाट फर्केर आएको बेलामा निर्दयतापूर्वक सबैलाई हत्या गराए[1] । पछि यिनीहरूमा कुनै नि दोष न भएको बुझी, अत्यन्त पश्चाताप गरी राजाले उनकै भान्जा दीर्घकारायणलाई सेनापति-स्थानमा राखे । यस निहीत कार्यपछि राजाको मनमा कहिले पनि शान्ति भएन[2] ।

राजाका काल भन्ने र शुक्ल भन्ने दुइ अर्को मन्त्रीहरू पनि थिए । यी मध्ये, एक दिन राजाले अशदृशदान दिएकोमा बेखुशी भएको कारण र बुद्धको श्रीमुखबाट उपदेश पनि सुन्न नपाएको जस्ता कारणहरूले गर्दा, काळ मन्त्रीलाई देशबाट निर्वासितगरे । तथा त्यसै कार्यमा प्रसन्न भएको कारणले गर्दा शुक्ल मन्त्रीलाई १ हप्तासम्म आफ्नै राज्य दिई दानपुण्य गर्न लगाए[3] । सात दिनसम्म दिएको यो अशदृश-दान-कार्यद्वारा अनाथपिण्डिकादि जस्ता धेरै मानिसहरूलाई प्रभावित पारेको थियो[4] ।

---

१. धम्म. अ. क. पृ. १७६: विडूडभकथा; म नि. अ. क. III. पृ. २३९

२. म नि. अ. क. III. पृ २४०

३. धम्म. अ. क. पृ. ४२७; जा. अ. क. III. पृ ३३३: आदित्त जातकं; जा अ. क. V. पृ. ६४: दसब्राह्मणजातकं; जा. अ. क. V. पृ. ९४: सिविजातकं ।

४. विमा व अ. क पृ ४: पीटविमान ।

राजासँग निकटसम्पर्क राख्नेहरूमा राजाकै भान्जा सुदर्शन[१], सञ्जय ब्राह्मण[२], तथा मल्लिका देवीसँग निकट सम्पर्क राख्ने नालिजङ्घ ब्राह्मण थिए[३]। राजाको निकटतम सेवकहरूमध्ये ऋषिदत्त र पुराण स्थपित रहेको कुरा धम्मचेतिय (=धर्मचैत्य) सूत्रबाट प्रष्ट देखिन्छ[४]।

हात्तीहरू मध्येमा बद्धेरक[५], एकपुण्डरिक[६] र श्वेत[७] भन्ने हात्तीहरू राजालाई प्यारो लाग्दथ्यो। राजाका सन्देश-पत्र वाहक एक कन्याङ्कुरुङ्ग चरा र एक पाल्तु बाघको बच्चा पनि थियो[८]।

जासूसी काम गर्नको लागि अनेक जटिल, निगण्ठादि भेषधारी साधुहरू पालिराखेको कुरा तल उल्लिखित सूत्रबाट प्रष्ट हुन्छ[९]।

---

१ हेर तल, 'एकपाथी भात'; सं. नि. अ. क. I. पृ. १२०

२. हेर तल, 'बुद्धसँग विविध प्रश्न' शीर्षकमा।

३. हेर तल, 'प्रेमबाट शोक उत्पन्न हुन्छ' शीर्षकमा।

४. म. नि. II. पृ. ३७१; हेर तल, 'धर्मचैत्य' शीर्षकमा।

५. धम्म. अ. क. पृ. ५७२:

६. म. नि. II. पृ. ३५७: बाहितिकसुत्तं; हेर तल, 'आयुष्मान् आनन्दसँग'; धम्म. अ. क. पृ. २२०: कुमुदुप्पलकथा।

७. अं. नि–६ पृ. ५९: नागसुत्तं।

८. जा. अ. क. III. पृ. ९३: कुन्तिनीजातकं।

९. हेर तल, 'सप्तजटिल' शीर्षकमा; सं.नि.अ.क. I. पृ. ११६; उदा. पृ. १४०: सत्तजटिलसुत्तं, अ. क. पृ. २३२

सुन्दरीनन्दालाई मार्न लगाएको कुरा पनि पत्तो पायो । हल्लागुल्ला त्यसै सामसुम्म भएर गएको मात्र नभई उल्टो अन्यतैर्थीय परिव्राजकहरूले नै ठूलो सामाजिक अपमान र अवहेलना सहनपर्‍यो र राजदण्ड पनि[१] । यस्तो उपहास, अपवाद, निन्दा तथा विरोधको प्रचार भएर पनि भगवान्ले राजासँग कुनै प्रकारको मद्दत वा दमनकोलागि एक शब्द पनि भन्नु न भएकोले राजा अत्यन्त आश्चर्यचकित भई; केही दिन पछि भगवान्कहाँ गई, "भन्ते ! यस्तो बिघ्न अयश तथा निन्दाफैलिएर पनि तपाइले हामीलाई केही भन्नु भएन; केही त भन्नु पर्ने थियो!" भनी विन्ति गर्ने प्रसेनजित कोशल राजाको कुरा सुनी बुद्ध भगवान्ले,— "महाराज ! यो लोकमा कसैले क्रोधचित्तले, कसैले मैत्रीचित्तले कुरा सुनाउँछ । म शीलवान् हुँ, म गुणवान् हुँ भनी प्रचार गर्ने काम आर्यहरूकोलागि अनुरूप छैन" भन्नु हुँदै दुट्ठकसूत्रको[२] उपदेश गर्नु हुँदै राजालाई प्रफुल्लित पार्नु भयो ।

प्रसेनजित कोशल राजा दिनको तीन पटकसम्म पनि[३] बुद्धको हेरचाह गर्न विहारमा जाने गर्थे । तर एकताका राजकाजमा प्रमत्त भई[४]

---

१. उदा. पृ. ११३: सुन्दरीसुत्तं, अ. क. पृ. १८०; धम्म. अ. क. पृ. ५५४: सुन्दरी परिव्राजककथा ।

२. सु. नि. पृ. ३९०

३. सं. नि. अ. क. I. पृ. १३१

४. जा. अ. क. IV. पृ. १७४: जनसन्धजातकं, नं. ४६८

विषय प्रपञ्चमा व्यस्तभई विहारमा जानु पर्ने कुरा संझन सकेका थिएनन्। र एक दिन भोजन गरीरहेको बेलामा बुद्धको संझना आई भाग्द्यासिद्धिने साथ, हातपुछ्दै विहारमा गए। स्वयं स्थूल शरीर, त्यसमाथि १ पाथी भात खानेबित्तिकै मध्यान्ह समयमा हतारो गरी आएका इत्यादि कारणले गर्दा, सांसलिन नसकी उकुस मुकुस गरी भगवान्को अगाडि मुश्किलसँग बसिरहेको देखी भगवान्ले राजालाई, "आरोग्यपूर्वक बस्नको निम्ति अल्पाहारी हुनु बेश हुन्छ" भन्नु हुँदै उपदेश गाथा पढेर सुनाउनु भयो। राजा प्रभावित भई सो गाथा (=श्लोक) आफ्नै भान्जा सुदर्शनलाई पढन लगाई पछि सोही गाथा सुन्दै क्रमशः १ कुरुवासम्मको भात खाएर बस्न सक्ने भए[1]। यसबाट राजाको स्वास्थ्य अघिभन्दा राम्रो तथा तन्दुरुस्ती भयो[2]। राजा न केवल पारलौकिक मात्र उपदेश सुनी बुद्ध प्रति प्रभावित भएका थिए बल्कि अनेकविध इहलौकिक हित-सुखको अर्ति-बुद्धि समेत सुनी बुद्ध प्रति अति प्रभावित भएका हुन्।

एक दिन राजाले, बुद्ध भगवानले आफूलाई इहलौकिक अर्ति-बुद्धिद्वारा संग्रह गर्नु भएको गुणसंझी, कृतज्ञताको रूपमा भगवान्को श्रीचरण चुम्बन गरे[3]। अर्को पनि एक पटक राजाले, बुद्धप्रति गहिरो भक्तिभाव प्रकट गर्दै बुद्धको श्रीपाद चुम्बन गरेको कुरा तल सूत्रमा

१. हेर तल, "एकपाथी भात"।

२. अ. नि. अ. क. II. पृ. ८३४; सं. नि. अ. क I. पृ ११९; धम्म. अ. क. पृ. ४६४: प्रसेनजित कोशलकथा।

३. हेर तल, "परमभक्ति"।

पाउँनेछौं[१] । बुद्धसँग राजाको यो अन्तिम दर्शन पनि थियो ।

प्रसेनजित राजा र मल्लिकादेवी प्रति बुद्धको त्यत्तिनै सहानुभूति थियो जति श्रद्धा र भक्ति उनीहरूले बुद्ध प्रति राख्दथे । एक दिन राजा र मल्लिकादेवीका बीच शयनागारबारे झगडा परेको थियो । यत्तिसम्म पनि भयो कि राजाले "मल्लिकादेवी छन् वा छैनन्" भन्नेसम्म पनि वास्ता राखेनन् । मल्लिकाको मनमा, "शायद भगवान्ले यो कुरा थाहापाउनु भएको छैन होला" भन्ने विचार भएको थियो । अनि एक दिन, भगवान् राजदरबारमा पाल्नुभई दुवै जनाको झगडा समाधान गराई मेलमिलाप गराई दिनुभयो[२] ।

एक दिन, राजदरबारमा परम्परादेखि रहिआएको एक अमूल्य मणि-रत्न हरायो । राजाले दरबारभित्र आवत-जावत गर्ने सबैलाई बाँधन लगाए । पछि राजदरबारमा उपदेश गर्न आउनुहुने आयुष्मान् आनन्दले बताउनु भएको उपायद्वारा मणि-रत्न प्राप्त भयो[३] । यसै कारणले भगवान्ले पछि तल उल्लिखित, "राज-बन्धन" शीर्षकको उपदेश गर्नु भयो ।

---

१. हेर तल, "धमचैत्य" ।

२. जा अ. क. III. पृ. १४: सुजाताजातकं, नं. ३०६

ऐ ऐ ऐ V. पृ. १२१: भल्लाटकजातकं, नं. ५०४

३ सं. नि. अ. क. I. पृ. ११५; जा. अ. क. I-II पृ. २८१: महासारजातकं, नं. ९२

सङ्घ सेवा

राजाले सङ्घोपस्थानकोनिमित्त राजकाराम भन्ने एक विहार बनाई दिए। जेतवनाराम भित्र सललागार भन्ने एक घर बनाइदिए[१]। अङ्गुलिमाल महास्थविरलाई चीवरद्वारा निम्त्याए[२]।

राजगृहका एक प्रतिष्ठित कुलकी कन्याले आफ्ना बाबु-आमासँग भिक्षुणी हुन धेरै पटक अनुमति माग्दा पनि अनुमति पाउन सकिनन्। पछि आमाबाबुले राजगृहकै एक प्रतिष्ठित कुलका पुरुषसँग विवाह गरिदिए। विवाह भएपछि उनले आफ्नो स्वामीलाई पतिभक्ति आदि गुणले रिझाई, भिक्षुणी हुने अनुमति प्राप्त गरी ठूलो सम्मानका साथ देवदत्त भिक्षुकहाँ भिक्षुणी भइन्। केही दिन पछि उनको गर्भ भएको थाहा हुने बित्तिकै उनलाई देवदत्तले चीवर छोडाउने कुरा गरे। अनि सो भिक्षुणी श्रावस्तीस्थित जेतवन विहारमा बुद्धकहाँ जाने इच्छा गरी भगवान्‌कहाँ गइन्। भगवान्‌ले उनको परिस्थितिलाई बुझ्नु भएता पनि लोकापवादबाट मुक्त गराउन, गर्भसम्बन्धी जाँच-बूझ गर्न अनाथ-पिण्डिक, विशाखा महाउपासिका तथा प्रसेनजित राजा समेतको एक कमिशन-मण्डल गठन गरी सो कमिशनद्वारा गरेको निर्णय बमोजिम काम गर्न महास्थविर उपालिलाई सुम्पिदिनु भयो। त्यस कमिशन-मण्डलले सो भिक्षुणीसँग सोधपुछ गर्दै हात खुट्टा तथा पेट समेत हेरी, गर्भवास रहेको महीना र दिन समेत पत्तो लगाई, भिक्षुणी हुनुभन्दा

१. हेर माथि पृ १५२

२. हेर तल "आयुष्मान् अङ्गुलिमाल" मा।

अगावं गर्भाधान भएको कुरा घोषणा गरे पछि उनलाई भिक्षुणी आराममा बस्न दिए।

एक दिन, प्रसेनजित कोशल राजा भिक्षुणी आराममा जाँदा त्यहाँ बालक रोइरहेको आवाज सुनी "यो के हो ?" भनी सोध्दा बालक रोएको कुरा सुनी "भिक्षुणीहरू बस्ने ठाउँमा वालक रुवाइ राख्नु राम्रो होइन" भनी वालकलाई राजदरबारमा लगी पालन-पोषण गराए। "कुमार-कश्यप" भन्ने नामले सो वालक प्रसिद्ध भए। पछि सो कश्यप भिक्षुशासनमा प्रव्रजित भए[1]। कुण्डधान[2] भन्ने भिक्षु भिक्षाटन जाँदा जहिले पनि एक स्त्री उनको पछाडि पछाडि लागिरहेकी सबैले देख्थे। यसले गर्दा कुण्डधान भिक्षुलाई सारै लाज लाग्थ्यो। यस घटनालाई जानी राजाले कुण्डधान भिक्षुलाई सधैं भोजन प्रदान गरे[3]।

एक दिन, एकवस्त्रधारी ब्राह्मणले धर्मसभामा आफू निर्वस्त्र भएता पनि आफ्नो एकमात्र वस्त्र भगवान्‌लाई चढाएको देखेर राजा प्रसेनजितले उसलाई अनेक कपडा दिए[4]। यस्तै गरी एक अर्को समयमा

---

१. दी. अ. क. II. पृ. ५८५; धम्म. अ. क. पृ. ४०६ : कुमारकश्यप माताको कथा।

२. म. नि. II. पृ. १४८ : नलकपानसुत्तं।

३. अ. नि. अ. क. I. पृ. १४६; थेर गा. अ. क. पृ ६२; धम्म. अ. क. पृ. ३६३ : कुण्डधानकथा।

४ धम्म अ. क. पृ. ३४७a : चूलेकसाटक ब्राह्मणकथा।

भगवान्‌को अगाडि धर्मश्रवण गरिरहँदा चन्दनङ्गलिक उपासकले बुद्धको गुण गाएको देखी प्रसन्न भई उसलाई वस्त्रहरू दिए[१]।

जीवनको आखिरी समयमा बुद्ध प्रति राजाको भक्ति निकै गम्भीर भएको देखिन्छ। यहाँसम्म कि एक दिन आफ्नै नोकर ऋषिदत्त र पुराण स्थपितहरूले आफूतिर खुट्टा पारेर सुत्दा पनि राजा रिसाउनुकोसट्टा प्रसन्न भई बुद्धकहाँ गई यस सम्बन्धी कुरा मुक्त कण्ठले सुनाएका थिए[२]। यस्तै प्रकार राजाले आफ्नो जीवनको अन्तिम कालमा भगवान् प्रति महत् प्रेमभाव प्रकट गर्दै भगवान्‌को पाउमा चुम्बन गरी अनेक प्रकारले गुणगान गरेवाट ८० वर्षीय राजाको गहिरो भक्तिको वारे हामी अनुमान लगाउन सक्छौं।

मज्झिमनिकायार्थकथानुसार[३] राजाको अन्तिम मुहूर्त वडो संवेगनीय ढगले घटेको कुरा समुल्लेख भएको छ। जब राजाले निरपराधी परमराजभक्त बन्धुल सेनापति र उनको ३२ जना पुत्रहरू सहित सबैलाई हत्या गरे, त्यहाँदेखि राजाले मनमा शान्ति पाउन सकेका थिएनन्; मानसिक दौर्मनस्यताले पीडित थिए। एक दिन बुद्धको संझना गरी, मेदलुम्प नामक शाक्यहरूको निगममा गई राजाले भगवान्‌को दर्शन गर्न गए। भगवान्‌को छत्रछायामा पुग्ने बित्तिकै राजाको मनमा अपार धर्मप्रीति उत्पन्न भयो र अनेक प्रकारले आफ्नो भित्री मनोभावको

१ सं नि. अ. क. I पृ. ११९; हेर तल "पञ्चकाम विषय' मा।

२. हेर तल "धर्मचैत्य" मा।

३. III. पृ. २४२।

कुरालाई अभिव्यक्त गरे । जब गन्धकुटी भित्र राजा भगवान्सँग आत्मीय कुराकानी गर्दै थिए, तब यसै मौका छोपी दीर्घकारायण सेनापतिले आफ्नो मामा बन्धुललाई मारेको ईख फेर्दै एक घोडा र एक परिचारिका स्त्रीलाई मात्र सेनास्थलमा राखी, बाँकी जम्मै सैन्यहरूका साथ श्रावस्तीमा फर्की, विडूडभ राजकुमारलाई स्वेतछत्र दिई "सिंहासनमा बस्ने भए बस नत्र म स्वयं बस्नेछु" भनी विडूडभलाई सिंहासनमा राखे[१]। उता राजा विहारबाट बाहिर निस्किदा कोही पनि देखेनन्, न सेनास्थलमा नै कोही देखे । घोडाका साथ बसिरहेकी सो परिचारिकाले राजालाई दीर्घकारायणले चेतावनिका साथ "राजालाई प्राणको माया छ भने श्रावस्ती फर्केर नआउनू" भनी सुनाएर गएको कुरा बिंति गरी । यसपछि राजा बडो विकट स्थितिमा परी आफ्नो भाञ्जा अजातशत्रुको सहायता लिई पुनः राज्य लिने आशा गरी राजगृहतिर लागे ।

हरेक प्रकारबाट पीडित भएका राजाले बाटोमा कनिकाको भात पनि खान पऱ्यो, जस्तो पायो त्यस्तो पानी पनि पिउन पऱ्यो । राजगृह पुग्दापुग्दै रात परी नगरद्वार पनि बन्द भइसकेको हुँदा, नगर बाहिरको एक सत्तलमै बास बसे । रातभर झाडा लागी असक्त भई अन्त्यमा अत्यन्त कष्ट पूर्वक सोहि परिचारिकाको काखमा निदाए । भोर हुँदाहुँदै नःश्वर देह छाडी परमअनाथ तालले बुद्धले भविष्यवाणी गर्नु भए जस्तै राजाको मृत्यु भयो[२]। यो विपत्ति सहन नसकी सो परिचारिका "हरे !

१. म. नि. अ. क. III. पृ. २४२
२. सं. नि. अ. क. III. पृ. २१९

कस्तो राजा कस्तो भई मर्नु पर्‍यो !" भन्दै चिच्याउँदै विलाप गरिरहेको कुरा मगधराजा अजातशत्रुले सुनी महान् सम्मानका साथ कोशल राजाको दाह संस्कार गरे[१]।

"जातस्स मरणं धुवं" भने झैं जन्मेको प्राणीको मरण ध्रुव-सत्य छ। अतएव जिउँदो छँदै अप्रमादी भई धर्माधर्म विचार गर्न सक्नु पर्दछ। राजाको अन्तिम घडी जे जसो भएता पनि अनागतवंशमा उल्लेख भए अनुसार प्रसेनजित कोशलराजा भविष्यमा बुद्ध हुने सत्व हुन्[२]।

प्रसेनजित–परिवार

महाकोशलराजा
|
१. प्रसेनजितकोशल = बिम्बिसार राजाकी बहिनी
२. ऐ = मल्लिकादेवी
|
एक छोरी
३. ऐ = वासभखत्तिया
|
विडूडभ
४. ऐ = उब्बिरी
|
जीवन्ती
५. प्रसेनजित कोशल = ०
|

सुधीरा | ब्रह्मदत्त | जेतकुमार | पायासिराजञ्ञ | सुमना | वजिरी

१. म. नि. अ. क. III. पृ. २४४
२. D. P. P. II. पृ. १७४

मन्त्री भारदारहरू: —

(१) उग्ग महामन्त्री
(२) सिरिवड्ढ महामन्त्री
(३) काल मन्त्री
(४) शुक्ल मन्त्री
(५) बन्धुल सेनापति
(६) दीर्घकारायण सेनापति

गुरु पुरोहितहरू:—

(१) वावरिय ब्राह्मण
(२) अग्गिदत्त ब्राह्मण
(३) चङ्की ब्राह्मण
(४) तारुक्ष ब्राह्मण
(५) पुष्करसाति ब्राह्मण
(६) जाणुश्रोणी ब्राह्मण
(७) तोदेय्य ब्राह्मण
(८) लोहिच्च ब्राह्मण

अन्य गणहरू :—

(१) सुदर्शन
(२) सञ्जय ब्राह्मण
(३) नालिजङ्घ ब्राह्मण
(४) ऋषिदत्त
(५) पुराण स्थपित

हात्तीहरू :—

(१) बद्धेरक
(२) एक पुण्डरिक
(३) स्वेत

× × ×

मूल सूत्रः—

१– स्यानो न संझ

यस्तो मैले सुने[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नु भएको थियो। त्यस समय प्रसेनजित कोशलराजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय, सारणीय कुराकानी गरिसकेपछि एक छेउमा बसे।

एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्सँग यो कुरा सोधे—

"भो गौतम! तपाइले पनि 'अनुत्तर सम्यक्सम्बोधि अभिसम्बोध गरेको छु' भन्नुहुन्छ?"

"महाराज! यदि साँच्चै 'अनुत्तर सम्यक्सम्बोधि अभिसम्बुद्ध' भन्ने हो भने मलाई नै त्यसो भन्न सुहाउँछ। किनभने मैले अनुत्तर सम्यक्सम्बोधि अभिसम्बोध गरेको छु।"

"भो गौतम! जो ती सङ्घी, गणी, गणाचार्य, नामी, यशस्वी, धेरै मानिसहरूबाट साधुसम्मत भएका श्रमण ब्राह्मण तीर्थङ्करादि जस्तै—पूरण (पूर्ण), काश्यप, निगण्ठनाथपुत्र,[२] मक्खलिगोशाल, सञ्जयवेलट्ठपुत्र,[३] पकुध[४]कच्चायन, (कात्यायन) र अजितकेश-

१. सं. नि. I. पृ. ६७: दहरसुत्तं।
२. 'नाटपुत्तो' नालन्दा पालि।
३. सिंहलमा: 'वेलट्ठिपुत्र'।
४. रोमनमा: 'ककुध'।

कम्बलादि— हुन तिनीहरूसँग 'अनुत्तर सम्यकसम्बोधि अभिसम्बोध गरेका छौ कि ?' भनी सोध्दा तिनीहरूले पनि 'अनुत्तर सम्यक्सम्बोधि अभिसम्बोध गरेका छौं' भनी भन्दैनन् भने तपाइ गौतमको त के कुरा ! जो कि तपाइ उमेरले पनि तन्नेरी हुनुहुन्छ र प्रव्रज्यात्वले पनि नौलै हुनुहुन्छ !"

"महाराज ! चार व्यक्तिलाई तन्नेरी संझी अवज्ञा (हेप्नु) र परिभाष गर्नु हुन्न । कुन चार भने ?— (१) क्षत्री राजकुमारलाई, (२) सर्पलाई, (३) आगोलाई र (४) भिक्षुलाई स्यानो संझी अवज्ञा र परिभाष गर्नु हुन्न ।

"महाराज ! यिनै चार व्यक्तिलाई स्यानो (तन्नेरी) संझी अवज्ञा र परिभाष गर्नु हुन्न ।"

यति भन्नु भई सुगत शास्ताले पुनः यस्तो भन्नुभयो—

१– "खत्तियं जातिसम्पन्नं, अभिजतं यसस्सिनं ।
दहरोति नावजानेय्य, न नं परिभवे नरो ॥

२– "ठानं हि सो मनुजिन्दो,[१] रज्जं लद्धान खत्तियो ।
सो कुद्धो राजदण्डेन, तस्मि पक्कमते भुसं ।
तस्मा तं परिवज्जेय, रक्खं जीवितमत्तनो ॥

३– "गामे वा यदि वा रञ्ञे यत्थ पस्से भुजङ्गमं ।
दहरो ति नावजानेय्य, न नं परिभवे नरो ॥

---

१. सिंहल र स्याममा: 'मनुस्सिन्दो' ।

४– "उच्चावचेहि वण्णेहि, उरगो चरति तेजसी[1] ।
सो आसज्ज डंसे[2] बालं, नरं नारिं च एकदा ।
तस्मा तं परिवज्जेय, रक्खं जीवितमत्तनो ॥

५– "पहूतभक्खं जालितं, पावकं कण्हवत्तनिं ।
दहरो ति नावजानेय्य, न नं परिभवे नरो ॥

६– "लद्धा हि सो उपादानं, महा हुत्वान पावको ।
सो आसज्ज डहे बालं, नरं नारिं च एकदा ।
तस्मा तं परिवज्जेय्य, रक्खं जीवितमत्तनो ॥

७– "नवं यदग्गि डहति, पावको कण्हवत्तनी ।
जायन्ति तत्थ पारोहा, अहोरत्तानमच्चये ॥

८– "यञ्च खो सीलसम्पन्नो, भिक्खु डहति[3] तेजसा ।
न तस्स पुत्ता पसवो, दायादा विन्दरे धनं ।
अनपच्चा अदायादा, तालावत्थू[4] भवन्ति ते ॥

९– "तस्मा हि पण्डितो पोसो सम्पस्सं अत्थमत्तनो[5] ।
भुजङ्गमं पावकं च खत्तियं च यसस्सिनं ।
भिक्खुं च सीलसम्पन्नं सम्मदेव समाचरे"ति ॥"

१. सिहलमा: 'तेजसा'; रोमनमा: 'तेजसि' ।

२ सिहल र स्याममा: 'डसे' ।

३. सिहलमा: 'दहति' ।

४. सिहलमा: 'तालावत्थु'; रोमनमा: 'तालवत्थु' ।

५. स्याममा: 'भयमत्तनो' ।

अर्थ :—

१– "विशिष्ट क्षत्री कुलमा जन्मेका क्षत्रीलाई स्यानो छ भनी अवज्ञा (हेप्नु) र परिभाष नगर्नू ।

२– "मनुष्यका राजा बन्न सक्ने क्षत्रीले सम्भवतः राज्य पाएर (आफूलाई अवज्ञा गर्ने पुरुषलाई) अनेक प्रकारले तहसनहस पार्न सक्छ; अतएव आफ्नो जीवन रक्षा गरी त्यस्ता कारणबाट बच्नू ।

३– "गाउँमा वा जङ्गलमा जहाँ देखेता पनि सर्पलाई स्यानो छ भनी अवज्ञा र परिभाष नगर्नू ।

४–"तेजवान सर्प विभिन्न प्रकारको रूप लिई विचरण गर्छ, कहिले काहिं उसले बालमूर्ख नरनारी आफ्नो अगाडि आउँदा टोक्छ; अतएव आफ्नो जीवन रक्षा गरी त्यस्ता कारणबाट बच्नू ।

५– "धेरै वस्तुलाई भष्म पार्न सक्ने, गएको बाटो कालो पार्ने अग्निज्वालालाई स्यानो छ भनी अवज्ञा र परिभाष नगर्नू ।

६– "कुनै वस्तुद्वारा सघाउ पुग्नासाथ आगो ठूलो हुन्छ, उसले अगाडि आउने बालमूर्ख नरनारीलाई समेत पोलिदिन्छ, अतएव आफ्नो जीवन रक्षा गरी त्यस्ता कारणबाट बच्नू ।

७– "गएको बाटो कालो पार्ने अग्निले वनजङ्गल भष्म पार्छ, त्यस्तो ठाउँमा पुनः पलाउन सक्ने जरा, ठूटा, त्रिणहरू मात्र बाँकी रहन्छन् ।

८– "तर, जो शीलसम्पन्न भिक्षुले क्लेशरूपी जङ्गललाई शान्त-रूपी अग्निले भष्म पार्छ, त्यहाँ उसको सम्पत्ति परिभोग गर्ने कुनै अंश-भागी पुत्रादि रहँदैन, छेदन गरेको तालवृक्ष झैं उसले भोग्नुपर्ने कुनै शेष बाँकी रहँदैन ।

९– "त्यसैले पण्डित पुरुषले आफ्नो हितलाई ध्यानमा राखी, सर्प, अग्नि, यशस्वी क्षत्री र शीलसम्पन्न भिक्षुलाई राम्रोसँग व्यवहार गर्नु पर्छ ।"

यति कुरा सुनी प्रसन्न भएका कोशलराजाले भगवान्सँग बिन्ति गरे—

"धन्य भन्ते ! धन्य भन्ते !! जस्तो कि घोप्टेकोलाई उत्तानो पारिदिएझैं, ढाकेकोलाई उघारिदिएझैं, बाटो भुलेकोलाई बाटो देखाइदिएझैं र अँध्यारोमा तेलको बत्ती राखिदिंदा आँखा हुनेले रूपदेखेझैं — भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो । अब म भगवान्को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! आजदेखि आजीवनसम्म शरणमा आएको उपासक हो भनी मलाई स्वीकार गर्नुहोस् ।"

× × ×

मूल सूत्र :–

२– तीन अहितकर-धर्म

श्रावस्तीमे[१]

एक दिन प्रसेनजित कोशलराजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। अनि प्रसेनजित कोशलराजाले भगवान्सँग निम्न प्रश्न सोधे—

"भन्ते! कति कुरा मनमा उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ?"

"महाराज! तीन कुरा मनमा उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ। कुन तीन भने?— महाराज! चित्तमा लोभ उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ, चित्तमा द्वेष उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ, चित्तमा मोह उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ।

"महाराज! यिनै तीन कुरा चित्तमा उत्पन्न हुँदा पुरुषलाई अहितकर, दुःखदायी तथा कष्टजनक हुन्छ।"

यति भन्नुभई सुगत शास्ताले पुनः यसो भन्नुभयो—

---

१. सं. नि. I. पृ ६९ : पुरिससुत्त।

"लोभो दोसो च मोहो च, पुरिसं पापचेतसं।
हिंसन्ति अत्तसम्भूता, तचसारं व सम्फलं[1]"ति ॥"

अर्थ :—

"पुरुषको चित्तमा लोभ, द्वेष, मोह र पापचित्त उत्पन्न हुँदा तामाको फलले बाँसको नाश गरे झैं आफैलाई विनाश पार्छ।"

× × ×

मूल सूत्र :—

३– जरामरण

श्रावस्तीमै[2]।

एक दिन प्रसेनजित कोशलराजा भगवान्कहाँ गई अभिवादन गरी एक छेउमा बसे। अनि राजाले भगवान्सँग निम्न कुरा सोधे—

"भन्ते ! जन्मेका प्राणीहरू जरामरणबाट बच्न सक्छन् कि ?"

"महाराज ! जन्मेका प्राणीहरू जरामरणबाट बच्न सक्दैनन्। चाहे ती क्षत्रीय महाशाल[3] कुलका किन नहुन्, चाहे आढ्य, महाधनी, महाभोगी किन नहुन्; प्रसस्त सुनचाँदी, रुपैयाँ, धनधान्य भएका किन नहुन्,— तिनीहरू पनि जरामरणबाट बच्न सक्दैनन्। ब्राह्मणमहाशाल[4]

१. स्याममा: "सप्फलं"।

२. सं. नि. I. पृ. ६९ : जरामरणसुत्तं; स्याम र रोमनमामः 'राजसुत्तं'।

३. कमसेकम शयकोटी धन निधान गरिराख्नसक्नेलाई 'क्षत्रीयमहाशाल' भन्दछन्।

४. ८० कोटी धन निधान गरिराख्नेलाई 'ब्राह्मणमहाशाल' भन्दछन्।

गुरु पुरोहितहरू निम्न प्रकार भएका कुरा पनि सूत्रहरूबाट थाहा पाइन्छ । जस्तै — चङ्की ब्राह्मण, तारुक्ष ब्राह्मण, पुष्करसाति ब्राह्मण, जानुश्रोणी ब्राह्मण र तोदेय्य ब्राह्मण[1] । यिनीहरूका अलावा लोहिच्च ब्राह्मणलाई पनि कोशल राजाले गाउँ, खेत र धनसम्पत्ति दिइराखेको कुरा लोहिच्च सूत्रबाट प्रष्ट हुन्छ[2] । कोशल राजा सपरिवार बुद्धको शरणमा गएको कुरा पनि यिनीहरू जम्मैले मुक्तकण्ठले बताएका छन् ।

पायासिराजञ्ञ (पायासि राजन्य) लाई पनि राजाले धन-धान्य भोगसम्पत्ति दिइराखेको कुरा पायासिराजञ्ञसूत्रबाट बुझिन्छ[3] । अतएव यो पनि राजाकै छोरा हुन सक्छन् ।

प्रसेनजित कोशलको राज्यमा महाधनीकुलका कोही पनि नभएकोले बिम्बिसार राजासँग धनञ्जय सेठलाई मागी आफ्नो देशमा ल्याई साकेतनगरमा बसोबास गराए[4] ।

घूस कपट

प्रसेनजित कोशलराजाको राज्यमा उच्चस्तरीय राजकर्मचारीहरूको घूसलिने मनोवृत्ति पराकाष्ठा पुगेको कुरा स्वयं राजाले, "आफ्नै

---

१. यसबारे बु. श्रा. पृ. १८५, २२०, २८५ र ३१३ मा हेर्नू ।

२. दी. नि. I. पृ. १९१

३. दी. नि. II. पृ. २३६; अ. क. पृ. ५८४

४. धम्म. अ. क. पृ. १९१ः विशाखाकथा ।

अगाडि झूटो बोल्ने" भन्ने कुरा व्यक्त गरेबाट प्रष्ट हुन्छ[1]। त्यस बखत राजकर्मचारीहरू, खास गरी न्यायालयका कर्मचारीहरूले आफ्नै सामुन्ने घूसखाई, 'मालिकलाई अमालिक र अमालिकलाई मालिक' गरेको निसाफ देखी दिक्कमानी बुद्धकहाँ गई दिक्कलागेका कुरा सुनाउंदा, बुद्धले अत्थकरणसूत्र अर्थात् 'न्यायालय' भन्ने उपदेश दिनु भएको थियो। शुरु शुरुमा प्रसेनजित कोशलराजालेसमेत १ लाख धन घूस खाएको कुरा जातकअर्थकथामा उल्लेख भएको पाइन्छ।

त्यस बखत जब अन्य तैर्थीय साधुहरूको लाभसत्कार कमहुन थाल्यो तब उनीहरूले जेतवन विहारको ठीक पछाडिपट्टि आफ्नो पनि आराम बनाए। लाभसत्कार पाउन सक्ने विचारले त्यसो गर्ने निर्णयगरे। अनि उनीहरूले सो कार्य सफलिभूत तुलाउनकोलागि सर्वप्रथम राजालाई हातमा लिने विचार गरे। राजालाई आफ्नो पक्षमा नलिइकन सो काम सफलपार्न नसक्ने र धनको प्रलोभनद्वारा पक्षमा लिन नसक्ने कोही पनि छैन भन्ने विचार गरी सर्वप्रथम राजालाई १ लाख धन घूस ख्वाई— "कसैले केही भन्न आएमा केही न बोलिदिनुहोला अथवा बोल्नै परेमा हाम्रै समर्थमा बोलिदिनुहोला" भनी राजासँग बिन्तिगरे। चुपलागी राजाले सो घूसखाएको कुरा भरुजातक[2]बाट प्रष्ट हुन्छ। यसै सन्दर्भमा बुद्धले राजालाई, 'पुराना राजाहरूले घूसखाई शीलवान् श्रमणहरूलाई परस्पर झगडा गराउन लगाए झैं झगडा हुने अशान्ति वातावरण खडा

---

१. हेर तल, 'न्यायालय' मा।

२. जा.अ.क.I-II पृ ४९२, नं. २१३; सं.नि.अ.क.III पृ. २१८

गराउन दिन हुन्न' भनी उपदेश गर्नु भएको सुनिसकेपछि राजाले त्यस ठाउँमा आराम बनाउन दिएनन् र आफैंले राजकारामविहार बनाइदिए[१]। यस्तै गरी भगवान्‌ले विभिन्न समयमा राजाहरूलाई अति बुद्धि र जनताको भलाइकोनिमित्त उपदेश गर्नु हुँदै—सर्वप्रथम ठुल-ठूला ओह्‌दामा बस्नेहरूले आचार सम्पन्नभई, शुद्धजीवन बिताई, घूसखाने प्रवृत्ति मनबाट हटाई, आफ्नो शुद्ध चरित्रबाट अरूलाई पनि प्रेरणा दिलाउन सक्ने भई, अरूको पीरमर्कालाई बुझी, पक्षपात रहित न्यायदिन सक्ने हुनुपर्छ भनी भन्नु भएको छ। जस्तै :—

१—"गवं चे तरमानानं, जिह्मं गच्छति पुङ्गवो।
सब्बा ता[२] जिह्मं गच्छन्ति[३], नेत्ते जिह्मं गते सति ॥

२—"एवमेव मनुस्सेसु, यो होति सेट्ठसम्मतो।
सो चे अधम्मं चरति पगेव इतरा पजा।
सब्बं रट्ठं दुखं सेति, राजा चे होति अधम्मिको ॥

३-"गवं चे तरमानानं, उजुं गच्छति पुङ्गवो।
सब्बा[४] गावी उजुं यन्ति[४], नेत्ते उजुं[५] गते सति ॥

---

१. स. नि. अ. क. III पृ. २२०: सहस्सभिक्खुनिसङ्घसुत्तं।

२. स्याममा: 'गावी'।

३. स्याममा: 'यन्ति'।

४. सिहल र रोमनमा: 'सब्बा ता उजुं गच्छन्ति'।

५. सिहलमा: 'उजु'।

४—"एवमेव मनुस्सेसु, यो होति सेट्ठसम्मतो ।
सो सचे[1] धम्मं चरति, पगेव इतरा पजा ।
सब्बं रट्ठं सुखं सेति, राजा चे होति धम्मिको'ति ।।"

अर्थ :—

१—"तरिरहेका गाईहरूमध्ये अगुवा हुने साँढे बाङ्गो गयो भने, सबै गाईहरू बाङ्गै जान्छन्; किन भने ?— नेतृत्व गर्ने साँढे बाङ्गो गएको हुँदा ।

२—"यस्तै गरी मनुष्यहरूमा जो श्रेष्ठसम्मत भएको छ, यदि उसले अधर्माचरण गर्छ भने अरू प्रजागणलाई के भन्ने ? अतएव राजा अधर्मी भयो भने सबै राष्ट्रवासीहरू दुःखपूर्वक शयन गर्छन् ।

३—"तरिरहेका गाईहरूमध्ये अगुवा हुने साँढे सोजो जान्छ भने, सबै गाईहरू सोजै जान्छन्; किन भने ?— नेतृत्व गर्ने साँढे सोजो गएको हुँदा ।

४—"यस्तै गरी मनुष्यहरूमा जो श्रेष्ठसम्मत छ, यदि उसले धर्माचरण गर्छ भने अरू प्रजागणलाई भन्नै पर्दैन; अतएव राजा धार्मिक भयो भने सबै राष्ट्रवासीहरू सुखपूर्वक शयन गर्छन्[2] ।"

यस्तै गरी राजाहरूलाई भगवान्ले आफू अप्रमादी भएर बस्दा

---

१. सिहल, स्याम, रोमनमा: 'चेपि' ।

२. जा. पालि. I. पृ. १०२: राजोवादजातकं, नं. ३३४

अरू कर्मचारीहरू पनि अप्रमादी हुन्छन् भन्ने कुरा पनि तल लेखिएको, 'अप्रमादको विशेषता' भन्ने शीर्षकमा समुल्लेख भएको छ ।

बुद्धसँग सम्पर्क

बुद्ध भगवान् लोकमा प्रादुर्भाव हुनु अगाडि भारतमा विभिन्न मतमतान्तरका धर्मावलम्बीहरू थिए[१] । यिनीहरूमध्ये पूरण. कश्यपादि ६ जना तापस सन्यासीहरू प्रसिद्ध थिए[२] । बुद्ध प्रादुर्भाव भएको थाहा-पाई यिनीहरूले चिन्तामणि-विद्या[३] सिक्नथाले र यसै विद्याको प्रभावले अर्काको मनको कुरा पनि बताउन सक्ने भई, "हामी बुद्ध हौं" भन्दै विचरण गर्न थाले । यसै चारिकाको शिलशिलामा यिनीहरू श्रावस्तीमा पुगे । पूरण, कश्यप. अजित र केसकम्बल यी चारजना तापस-सन्यासीहरू श्रावस्ती नगरमा पुगी आफ्ना भक्तजनहरूलाई कोशलराजासँग "वहाँहरू बुद्ध हुनुहुन्छन्; वहाँहरूलाई निम्त्याउनुहोस्" भनी प्रार्थना गर्न लगाउँदा कोशलराजाले "त्यसो भए तिमीहरूले नै निम्त्याई ल्याऊ"

---

१ दी नि. I. पृ. १२: ब्रह्मजालसुत्तं ।

२. दी. नि I पृ. ४५: सामञ्ञफलसुत्तं ।

३. चिन्तामणि-बिद्याद्वारा अर्काको मनको कुरा पनि थाहा पाउन सक्छन् । दी. नि. I. पृ १८५: केवट्टसूत्रमा यो विद्यालाई 'मणिका' विद्या र अर्थकथामा 'चिन्तामणि विद्या' भनिएको छ । अ. क. I पृ. २५६; सं. नि अ. क. I. पृ. १०३

भनी आज्ञा दिएपछि पूरण तथा कश्यपहरू राजदरबारमा गए। राजाले "उचित आसनमा बस्नुहोस्" भनी भन्दा तिनीहरू राजाको अगाडि राम्रो र उच्च आसनमा बस्ने हिम्मत गर्न न सकेको हुँदा आफ्नै स्वभावानुसार, केही नीच आसनमा, केही भुईंमा बसेको देखेर राजाले, "यस्ता डरपोक अपरिशुद्धिहरू कहाँबाट बुद्धहुन सक्लान् ?" भन्ने विचार गरी त्यसै फर्काइदिए[1]। यी तापसहरूको स्वभाव देखी राजाको मनमा निराश अथवा बुद्ध भन्ने शब्दप्रति नै अनास्था जस्तो भएको थियो। यसै बीच श्रावस्ती नगरमा भगवान् बुद्ध आइपुग्नु भई जेतवन विहारमा बस्नु भएको खबर सुनी राजाको मनमा बुद्धप्रति केही श्रद्धा, केही भक्ति तथा "बुद्धको दर्शन गर्न जाऊँ" भन्ने लागेको हुँदा, एक दिन राजा जेतवन विहारमा गए। भगवान्कहाँ पुगेपछि भगवान्लाई न नमस्कार गरे, न त अभिवादन नै। केवल शिष्टाचार अनुसार कुशलक्षेम इत्यादि कुराकानी गरी, अघि अघि बुद्ध भन्ने तापस सन्यासीहरूको भेट्बाट मनमा परिरहेको कुप्रभावले गर्दा बुद्धलाई देखेर, "त्यत्रा त्यत्रा वयोवृद्ध तापसहरू बुद्धहुन सकेनन् भने यी तन्नेरी, रूपसौन्दर्य भएका कहाँबाट बुद्धहुन सक्लान् ?" भन्ने मनमा लागी बुद्धसंग, "के तपाइले पनि 'म बुद्धहुँ' भनी भन्नुहुन्छ र ?" भनी सर्वप्रथम प्रश्न सोधे। अनि भगवान्ले शान्तपूर्वक तर दृढताका साथ, गम्भीर तथा करुणाभरित मधुर स्वरले, 'महाराज ! साँच्चै भन्ने हो भने मलाई नै बुद्ध भन्नुपर्छ" भन्नु हुँदै तर्कसंगत तथा विचारणीय कुराहरूका साथ व्यावहारिक तथा सरल-

---

१. सं. नि. अ. क. I पृ. १०३

तरिकाले संझाई बुझाई उपदेश गर्नु भयो। यसबाट राजा अत्यन्त प्रभावित भई घ्यू पग्ले झैं पग्ली, गद्गद् भई त्यहीं नै उद्गार प्रीतिवाक्य प्रकटगर्दै बुद्धको शरणमा गए। यही नै प्रसेनजित कोशलराजाको बुद्धसँग सर्वप्रथम दर्शन-भेट थियो । जुन कुरा तल सूत्रमा उल्लेख भएको छ[१] ।

राजकाजको-काम

कोशलराजा राजकाजको काममा निक्कै व्यस्त रहन्थे[२] । राज-कर्मचारी तथा उच्च ओहदामा बस्ने भारदार हाकिमहरूले समय समयमा राजदरबारमा बिघ्न बाधा पुऱ्याउँथे । कुनै कुनैले त राजदरबारका स्त्रीहरूसँग अनाचार पनि गर्थे । यो भिन्ना भिन्नै थरीका कुराहरू बुझ्नकोलागि जातक साहित्यका कुराहरू हेर्नु उचित हुनेछ[३] । यसै

१. हेर तल, 'स्यानो नसँक' मा।

२. जा. अ. क. IV पृ. १७४: जनसन्धजातकं, नं ४६८

३ जा. अ. क. I. II. पृ. ३८१: राजोवादजातकं, नं. १५१
ऐ ऐ ऐ पृ. ४६३: पब्बतूपत्थरजातकं, नं. १९५
ऐ ऐ ऐ पृ. ५१७: खन्तिवण्णनजातकं, नं. २२५
ऐ ऐ ऐ पृ. ६४३: सेय्यंसजातकं, नं. २८२
ऐ ऐ ऐ III. पृ. ११६: घनजातकं, नं. ३५५
ऐ ऐ ऐ पृ. ९: एकराजजातकं, नं. ३०३
ऐ ऐ ऐ पृ ३१: लोहकुम्भिजातकं, नं. ३१४
ऐ ऐ ऐ पृ. १०६: मणिकुण्डलजातकं, नं. ३५१ *

बीच काशी गाउँकोबारेमा हमला पर्दा[1] तीन पटकसम्म अजातशत्रु राजाले पराजित गरेपछि[2] सबैको तरफबाट राजाले उपहास सुन्नुपरेको थियो । एकदिन, राजाका जासूसीहरूले धनुग्गह[3] भन्ने एक बुढा भिक्षुले 'रथव्यूह, चक्रव्यूह र पद्मव्यूहको' कुरा गरिरहेको सुनी, सो कुरा राजालाई सुनाएपछि राजाले पुनः अजातशत्रु राजासँग युद्ध गरी अन्तमा अजातशत्रुलाई पराजित गरी, राजा सहित सबै सैन्यहरूलाई ज्यूँदै समाते। अनि राजाले "आफ्नै बहिनीको छोरा हो" भन्ने विचारले अजातशत्रुलाई मार्नुको सट्टा आफ्नी छोरी वजिरी[4] कुमारीसँग विवाह गरिदिए[5] । यस पछि दुवै राज्यामा शान्ति कायम भयो ।

एक दिन, डाँकाहरूको एक समुह, राजालाई हत्या गर्ने विचारले एक जङ्गलमा लुकेर बसेको थियो र सोही समुहमध्येबाट एक जनाले राजालाई सो समाचार सुनाए पछि राजाले उनीहरू सबैलाई समात्न

---

* जा. अ. क. III. पृ. २८३: धूमकारिजातकं, नं. ४१३
ऐ ऐ ऐ V. पृ. २४६: गन्धतिन्दुकजातकं, नं. ५२०
ऐ ऐ ऐ IV. पृ. १८८: मित्तामित्तजातकं, नं. ४७३

१. ऐ ऐ ऐ I-II. पृ. ५३८: हरितमातुजातकं, नं. २३९

२. धम्म. अ. क पृ. ४६१: कोसलराजा पराजितकथा ।

३. जा. अ. क. I-II. पृ ६४५: वड्ढकिसूकरजातकं, नं २८३
ऐ ऐ ऐ V. पृ. ५०: तच्छसूकरजातकं, नं. ४९२

४. कहीं कहीं, 'वजिर', 'वजिरा' भन्ने पनि उल्लेख भएको पाइन्छ ।

५. जा. अ. क. V. पृ. ५१: तच्छसूकरजातकं, नं. ४९२

लगाई बडो कठोर सजाँय दिए, शूलीमा पनि चढाए। यसबाट राजाको जासूसी विभाग निक्कै बलियो रहेछ भन्ने कुरा बुझ्न सकिन्छ। यस कार्य सिध्याई राजा विहारमा गई भगवान्लाई आफूले गरेर आएको कामको बयान सुनाउँदा भगवान्ले अप्रत्यक्ष रूपले त्यस दरुण कामको निन्दा गर्नु भई पब्बतूपमसूत्रको उपदेश सुनाउनु भयो[1]।

एक समय राजा हात्तीमा चढी शहर घुम्नगएको बेला, झ्यालमा बसिरहेकी एक सुन्दरी स्त्री देखेर उसमाथि आसक्त भई. दरबारमा फर्केर आएपछि सो स्त्रीको पुरुष छ कि छंन भन्ने कुरो बुझ्न लगाउँदा; पुरुष भएको कुरा सुनी, स्त्री प्रतिको कामतृष्णाले गर्दा सो पुरुषलाई कतै शहरबाट बाहिर पठाई, सो स्त्रीसँग रतिक्रुडा गर्ने नियतले, सो पुरुषलाई योजनौं टाढास्थित एक पोखरीबाट गेरुवामाटो र रक्तकमलको फूल आजै ल्याउनपर्छ नत्र तिमीलाई राजदण्ड लाग्ने छ भनी पठाए। राजाले त्यस दिन नगरद्वार पनि चाँडै नै बन्दगर्न लगाएका मात्र होइन र बलिक जोसुकै आए ता पनि द्वार खोली नदिने समेत आज्ञाजारी गरे। सो पुरुष मरणको त्रासले अरू केही विचार नगरी केवल समयमै फूल ल्याउने एक मात्र ध्याउन्ना गरी, त्यहाँ गई रातपर्नु अगाडि नै फर्केर आए ता पनि नगरद्वार बन्द भएको देखी, अरू कुनै बच्ने उपाय नदेखी जेतवन विहारमा गई भगवान्कहाँ शरणपर्न गयो[2]। राजा रागाग्निको डाहाले रात

१. सं. नि. अ. क. I. पृ. १३१; हेर तल, 'जरामरणबाट कुनै पनि मुक्तछैन'।

२. सं. नि. अ. क. I. पृ. १११; धम्म. अ. क. पृ. २२०:

भर सुत्न सकेनन् । कराहीमा माछा छट्पटाए झैं छट्पटाई रहँदा बाँदरको नोद झैं केहीछिन नीद आएको बेलामा अत्यन्त डरलाग्दो आवाज सुनेको स्वप्न देखेर त्रसंग भई बिम्झे । स्वप्नमा सुनेको डरलाग्दो आवाजबारे कल्पना गर्दागर्दै उज्यालो भयो । ज्योतिषीहरूसँग स्वप्नको फलबारे कुरा सोधे । तिनीहरूले केही अर्थ पत्तोलगाउन नसकेर दक्षिणा पाउँने जुक्ति निकाली "राजाको ज्यू-धनमा खतरा छ, महान यज्ञ गर्नु पर्छ[१]" भनी बिन्ति गरेको आधारमा मृत्यु भयबाट तर्सिई राजाले शीघ्रातिशीघ्र यज्ञकोलागि अनेक प्राणीहरू तयार पार्न लगाए । मल्लिकादेवीले राजदरबारमा अस्वाभाविक रूपले हो हल्ला मच्चिएको सुनी राजासँग सोध्दा राजाले वास्तविक कुरा सुनाए पछि मल्लिकादेवीले, "स्वप्नको फल बताउन सक्ने बुद्ध भगवान् बाहेक अरू को हुन सक्ला ?" भनी प्रेमपूर्वक राजालाई भगवान्कहाँ गई प्रश्न सोध्ने सल्लाह दिइन् । राजा मल्लिकामाथि ठूलो प्रेम र विश्वास राख्दथे । अतः राजा मल्लिकाको कुरा सुनी तुरन्तै बुद्धकहाँ गई प्रश्न सोध्दा बुद्धले राजाको मन हलुँगोपारी स्वप्नबाट कुनै हानी हुने छैन, केवल शारीरिक तत्वको विषमताले गर्दा र पूर्व प्रेतहरूको कारणले त्यस्तो आवाज सुनिएको हो भनी भन्नुभई धर्मोपदेश गर्नु हुँदै यज्ञसूत्रको[२] उपदेश सुनाउनु भयो ।

कुमुदुप्पलकथा; पेत. व. अ. क. पृ. २००: सेट्ठिपुत्तपेतवत्थु; जा. अ. क. III. पृ. ३१: लोहकुम्भियजातक, नं. ३१४

१. सं. नि. अ. क. I. पृ ११२

२. हेर तल, "महायज्ञ" मा ।

-उता, राजालाई दिनु भएको उपदेश सुन्दासुन्दै एक छेउमा बसिरहेको सो पुरुषले स्रोतापन्नलफ साक्षात्कार गऱ्यो[1] ।

अर्को एक दिन पनि यस्तै गरी स्वप्नको बारेमा प्रश्न सोध्दा राजालाई महास्वप्नजातकको[2] कुरा सुनाउनु भएको थियो । यस्तै गरी राजाको जीवनमा घटेका विभिन्न घटनाहरूबारेमा पाठकहरू स्वयंले तल लेखिएका सूत्रहरू अध्ययन गरी अवबोध गर्नु हुने नै छ भन्ने आशा राखिन्छ ।

मल्लिकासँग

जुन रूपले राजाले मल्लिकादेवीलाई आफ्नी पटरानी बनाए सो कुरा माथि उल्लेख भइनै सकेको छ । राजाले मल्लिकादेवीलाई अति प्यार गर्दथे । तर कहिले कहिले राजालाई आफूले गरेको आशाको विपरीत कुरा सुन्नपर्दा मनमा दुःख लाग्थ्यो । अनि राजा अशरण-शरण महाकारुणिक बुद्धकहाँ गई मन शान्त गर्थे भन्ने कुराहरू तलका विभिन्न सूत्रहरू पढदा हामीलाई अवबोध हुन्छ ।

जस्तै–एक दिन, राजा-रानी दुवै, प्रासादमा बसी परस्पर आलाप-सन्लाप गरिरहेको बेलामा राजाको मनमा, "यी मल्लिकालाई मैले कस्तो ठाउँबाट कस्तो ठाउँमा ल्याईपुऱ्याएँ । अतएव यिनले मलाईभन्दा

---

१. सं. नि अ. क. I पृ ११३

२. जा अ. क. I-II. पृ २४५; नं. ७७

बढता प्यार अरू कसलाई गर्लिन् र" भन्ने लागी उनकै मुखबाट त्यस्तो कुरा सुन्न पाए हुन्थ्यो भन्ने–प्रेमीले प्रेमिकाबाट आशागरिने झैं–मनमा आशाराखी प्रश्न सोधे । मल्लिकाले कुनै छक्कापञ्जा नगरी सत्य कुरा भन्दै – "आफूभन्दा प्यारो अरू कोही पनि हुन्न" भन्ने कुराको उत्तर सुन्नुपर्दा राजाको मन खल्लो भएकोले तुरुन्तै भगवान्कहाँ शान्त्वना लिन गएका थिए[1] ।

मल्लिकादेवी गर्भवती भइरहेको बेलामा पनि राजाले निक्कै दिवास्वप्न देख्ने गर्थे "मल्लिकाले छोरा जन्माउलिन् अनि यस्तो गरौंला, उस्तो गरौंला !" मल्लिकादेवीको प्रसव हुने समय आज भोलि जस्तै भइरहेको बेलामा; एक दिन राजा विहारमा उपदेश सुन्दैथिए, त्यहाँ एक पुरुष आई छोरी जन्मेको कुरा कानमा सुनाउँदा राजाको मन खुल्लुक्क भएको थियो[2] । जुन कुरा तल सूत्रमै उल्लेख भएको छ[3] । छोरी जन्मेको कुरा विहारमा बस्दा बस्दै सुन्नु परेको जस्तै मल्लिकादेवीको मृत्यु भएको दुःखद समाचार पनि विहारमै सुन्नु परेको थियो[4] । मल्लिकादेवी परलोक भइसके पछि राजालाई उनको सम्परायिक गतिबारे जान्ने उत्सुकता भएको हुँदा, सो बारे 'प्रश्न सोध्छु' भन्ने विचारले राजा विहारमा जान्थे । तर प्रश्न सोध्न बिर्सन्थे ।

---

१. हेर तल, "मल्लिकासँग" ।

२. सं. नि अ. क. I. पृ. १२२

३. हेर तल, "नारी पनि पुरुषभन्दा श्रेष्ठ हुन सक्छे" ।

४ हेर तल, "मल्लिकादेवीको मृत्यु" ।

धर्मपदार्थकथानुसार[1] मल्लिकाको जीवन कालमा यस्तो एक घटना घटेकोथियो कि मल्लिकादेवीले एक दिन दरबारमै पालि राखेको सुन्दर तथा एक ठूलो कुकुरसँग क्षणिक रतिक्रडाको स्वाद लिएकी थिइन् । सोही दुराचारको फलस्वरूप उनी केही दिन दुर्गतिमापरी पछि स्वर्गलोक पुगिन् । कतिपय दिन पछि भगवान् स्वयंले मल्लिकादेवी तुषितलोकमा उत्पन्न भएको कुरा राजालाई बताउनु भयो । मल्लिकादेवीलाई राजाले भौतिक सम्पत्तिद्वारा प्यार देखाउँथे भने राजालाई मल्लिकाले पारलौकिक प्यार गरी अनेक अति बुद्धि तथा धार्मिक उपदेशद्वारा संग्रह गर्थिन् ।

प्रसेनजित कोशल राजाको आमा परलोक भए पछि राजाले आफ्नी वृद्ध बज्यैलाई आमाको स्थानमा राखी, आमालाईभन्दा पनि अधिक स्नेह गरी अत्यन्त सम्मानका साथ भक्तिपूर्वक हेरचाह गरेका थिए[2] । जब यिनको पनि देहान्त भयो तब राजालाई अत्यन्त गहिरो चोटलाग्यो । राजा भगवान्कहाँ गई, "भन्ते ! यदि कुनै सम्पत्ति दिएर मेरी बज्यैलाई बचाउन सक्ने भए बचाउँने थिएँ" भनी दुःखको कुरा पोखाएबाट आफ्नो १२० वर्षीया बज्यै प्रति उनको कत्तिको स्नेहरहेछ भन्ने कुराको प्रमाणित हुन्छ[3] । यसै भावनाको प्रतिक्रया स्वरूप आफ्नी बज्यैले परिभोग गरिराखेका धेरै जसो वस्तुहरू भिक्षुसङ्घलाई प्रदान गरे । जुन कुरा तल मूल सूत्रमा उल्लेख भएकै छ[4] ।

---

१. पृ. ३९४: मल्लिकादेविकथा ।

२. सं. नि. अ. क. I. पृ. १२८

३. हेर तल "बज्यैको मृत्यु" मा ।

४ हेर तल "सङ्घलाभ" मा ।

बुद्धको उपासना

जुन दिनदेखि भगवान् बुद्धको सम्पर्कमा आई वहाँको शरणमा भई बुद्धभक्त भए, त्यस दिनदेखि प्रसेनजित कोशल राजाले जीवन पर्यन्त बुद्धको उपासना छाडेनन् । यद्यपि शुरु शुरुमा, जबसम्म–बुद्धलाई राम्ररी चिनेका थिएनन्–तबसम्म राजाले बुद्धका अनन्य भक्तिनी मल्लिकादेवीलाई बुद्धकोबारे केही ब्यङ्ग कुराहरू पनि सुनाउँथे[१], तर पछि यस्ता स्वभावहरू बिल्कुलै हटेर गए । अनि बुद्ध, धर्म तथा सङ्घको कुनै अपवाद सुन्नुपर्दा प्रसेनजित सारै दुःखी हुन्थे । जस्तै —

एक दिन, अन्यतैर्थीयहरू, जब लाभसत्कारबाट परिहानी हुँदैगए तब उनीहरूले, "श्रमण गौतमले केवल आफ्ना श्रावकहरूलाई मात्र दान देऊ, अरूलाई नदेऊ; आफ्ना श्रावकहरूलाई मात्र दिएकोफल महान हुन्छ, अरूलाई दिएकोफल तुच्छ हुन्छ । स्वयं भिक्षाटनद्वारा जीवन बिताउने श्रमण गौतमले अरू भिक्षाटन गरी जीवन बिताउनेहरूको जीवन वृत्तिमा बाधा पुऱ्याउँछ । के यस्तो गर्नु उचित हुन्छ ?" भन्ने प्रचार गर्नथाले । यो हल्ला राजदरबारमा समेतपुगी राजाको कानमा समेत पऱ्यो । राजाले यस कुरालाई विश्वास गरेनन् । अनि राजाले जनतालाई कसरी सम्झाउने र कसरी अन्यतैर्थीय परिव्राजकहरूको झूटो आरोपलाई खण्डन गर्ने भन्ने विचार गरी एक महोत्सबको दिनमा, सबै नागरिकहरूलाई जेतवन विहारमा भेला गराउन लगाए । त्यसै बेला राजाले भगवान्-

१. हेर तल, 'प्रेमबाट शोक उत्पन्न हुन्छ' ।

सँग, "भन्ते ! के तपाइले अरूलाई दान न देऊ' भनी उपदेश गर्नु भएको छ कि भनी सोध्नु उचित हुने छैन भन्ने विचार गरी धर्म सम्बन्धी प्रश्न सोध्ने निश्चय गरी भगवान्सँग, "भन्ते ! कहाँ दान दिनु उचित हुनेछ ?" भन्दै प्रश्न सोधे पछि[१] भगवान्ले उत्तर दिनुभयो[२] । भगवान्को उत्तर सुनी उपस्थित सबै सन्तुष्ट भए । सत्यासत्यको कुरा पनि प्रकट भयो, अन्यतैर्थीयहरूको झूटो आरोप पनि स्वतः शान्त भएर गयो ।

फेरि एक पटक अन्यतैर्थीयहरूले, आफ्नो लाभसत्कार तथा आदरसम्मान घटदै, बुद्धको लाभसत्कार तथा आदरसम्मान बढदै गएको हेर्न नसकेर उनीहरूले एक भयानक षडयन्त्र रचाई बुद्धको उपहास मात्र नभई हुनसम्म बेइज्जत समेत गर्न खोजेका थिए । उनीहरूले आफ्नी एक भक्तिनी सुन्दरीनन्दा परिव्राजिकालाई दिनहुँ जेतवन विहारमा पठाई, धेरै मानिसहरू विहारमा आउने बेलामा विहारबाट निस्कँदा; मानिसहरूले, "कहाँबाट आएको ?" भनी सोध्दा, "भगवान् बुद्धको गन्धकुटीमा[३] एक साथ बसी आएकोहुँ" भनी भन्ने समेत सिकाए । दिन बित्दै गएपछि केही धूर्तहरूलाई घूसख्वाई सुन्दरीनन्दालाई मार्नलगाई जेतवन विहारमा भगवान् बुद्ध बस्ने गन्धकुटी नजिक एक फूलहरू फ्याक्ने खाडलमा गाड्न लगाए । केही दिन पछि

---

१. सं. नि. अ. क I. पृ. १२९

२. हेर तल, "कहाँ दान दिनुपर्छ ?" मा

३. भगवान् बुद्ध बस्ने जुनसुकै कोठा, कुटी अथवा घरलाई 'गन्धकुटी' भन्दछन् ।

अन्य तैर्थीय परिव्राजकहरूले, "दिनहुँ जेतवन विहारमा जाने सुन्दरीनन्दाको लापता छ" भन्ने हो हल्ला मचाई राजाकहाँ समेत उजुर गर्दा राजाले "तिमीहरूको कहाँ शंका लाग्छ त ?" भनी सोधनी गर्दा, "जेतवन विहारमा" भनी बिन्तिगरे। त्यस पछि राजाको स्वीकृति लिई सोही खाडलबाट मृतशरीर निकाली सारा नगरमा घुमाई, हुनसम्म हो होल्ला मचाई, बुद्धको विरोधमा प्रचार गरे। सर्वसाधारण जनताले यसबारे बुद्धका भिक्षुसङ्घबाट अथवा बुद्धबाट कुनै पनि प्रत्याक्रोश वा द्वेषभावको प्रतिक्रिया देखेनन्। अपवाद वा निन्दागर्न आउनेहरूलाई भिक्षुहरूले केवल निम्न गाथा सुनाउँदथे :—

"अभूतवादी निरयं उपेति,
यो वा[1] पि कत्वा न करोमि चाह।
उभो पि ते पेच्च समा भवन्ति,
निहीनकम्मा मनुजा परत्था'ति[2] ॥"

अर्थ :—

"असत्यवादी नर्कमा जानेछ, जो गरेर पनि गरेको छैन भन्छ उ पनि नर्कमा जानेछ। नीच काम गर्ने यी दुवै थरी पुरुषहरूले परलोकमा समान फल भोग्ने छन्।"

अन्तमा राजाको जासूसी विभागले, तीनै तैर्थीय परिव्राजकहरूले

१. सिंहल र रोमनमा: 'चा'।
२. उदा. पृ. ११३: सुन्दरीसुत्तं।

कुलका ... भएता पनि, ... गृहपतिमहाशाल[1] कुलका आढ्य, महाधनी, महाभोगी भए पनि; प्रसस्त सुनचाँदी, रुपैयाँ, धनधान्य भएता पनि — तिनीहरू पनि जरामरणबाट बच्न सक्दैनन् । महाराज ! अर्हत् क्षीणास्रव, ब्रह्मचर्यवास पूरा गरेका, गर्नुपर्ने गरिसकेका, भारमुक्त[2] भएका, स्व-अर्थ प्राप्तगरिसकेका, भवसंयोजन क्षीण भइसकेका, सम्यक् प्रकारले विमुक्त भएका जो ती भिक्षुहरू हुन्— तिनीहरूको शरीर पनि भेद भिन्न भई निक्षेपणीय हुन्छ ।"

यसपछि भगवान्ले पुनः निम्न गाथा भन्नुभयो—

"जीरन्ति वे राजरथा सुचित्ता,
अथो सरीरं पि जरं उपेति ।
सतं च धम्मो न जरं उपेति,
सन्तो ह्वे सब्भि पवेदयन्ती'ति ॥"

अर्थ:—

"विचित्र रूपले सजाइराखेको राजरथ पनि जराजीर्ण हुन्छ, यो शरीर पनि जराजीर्ण हुन्छ; तर सत्धर्म (निर्वाण) मात्र जराजीर्ण हुन्न भनी सन्त सत्पुरुषहरू भन्दछन् ।"

× × ×

---

१. ४० कोटी धन निधान गरिराख्नेलाई 'गृहपतिमहाशाल' भन्दछन् । सं. अ. क. I. पृ. १०७

२. स्कन्धभार, क्लेशभार, संस्कारभार, कामगुणभार । अ. क. पृ. १०८

मूल सूत्र :–

४–आफ्नो रक्षा

श्रावस्तीमै[1] ।

एक छेउमा बसेका प्रसेनजित कोशल राजाले भगवानलाई निम्न कुरा सुनाए –

"भन्ते ! म एक्लै एकान्तमा बसिरहँदा मेरो मनमा यस्तो विचार उत्पन्न भयो –'कस्ताको आत्मरक्षित हुन्छ, कस्ताको हुँदैन ?' अनि मलाई यस्तो लाग्यो –(क) 'जुन मानिसहरू काय-वचन-मनद्वारा दुराचार गर्छन् उनीहरूको आत्मरक्षा हुन्न । यद्यपि उनीहरू हस्तिकाय, अश्वकाय, रथकाय र सैन्यकाय आदिद्वारा रक्षित भएर किन नबसुन् तर उनीहरूको आत्म रक्षित हुन सक्दैन । किन भने ?– जुन यी रक्षा-हरू हुन् ती जम्मै बाहिरी रक्षा हुन्, भित्री रक्षा होइनन् । त्यसैले उनीहरू अरक्षित नै हुन्छन् । (ख) जुन मानिसहरू काय-वचन-मनद्वारा सदाचार गर्छन् उनीउरूकै आत्मरक्षा हुन्छ । यद्यपि उनीहरू हस्तिकाय अश्वकाय, रथकाय र सैन्यकाय आदिद्वारा रक्षित हुन्नन् तैपनि उनीहरूको

---

१. सं. नि. I. पृ. ७१: अत्तरक्खितसुत्तं ।

आत्म रक्षित नै हुन्छ । किन भने ?—जुन यी रक्षाहरू हुन् ती जम्मै भित्री रक्षा हुन्, बाहिरी होइनन् । त्यसैले उनीहरू रक्षित नै हुन्छन् ।"

"महाराज ! त्यसैहो, महाराज ! त्यसैहो । (क) जुन मानिसहरू काय-वचन-मनले दुराचार गर्छन् उनीहरूको आत्म रक्षित हुन्न··· (ख) जुन मानिसहरू काय-वचन-मनले सदाचार गर्छन् उनीहरूको आत्म रक्षित नै हुन्छ ··· ।"

पुनश्च भगवान् भन्नु हुन्छ —

"कायेन संवरो साधु, साधु वाचाय संवरो ।
मनसा संवरो साधु, साधु सब्बत्थ संवरो ।
सब्बत्थ संवुतो लज्जी, रक्खितो ति पवुच्चती'ति ॥"

अर्थ : –

"कायले संयम गर्नु राम्रो हो, वचनले संयम गर्नु राम्रो हो, मनले संयम गर्नु राम्रो हो र सर्बतिरबाट संयमी हुनु राम्रै हो । सबैतिर-बाट संयमी हुने लज्जावान्लाई आरक्षित नै भनिन्छ ।"

× × ×

मूल सूत्र :–

५–पञ्चकाम-विषय

श्रावस्तीमै[1] ।

त्यस समय पञ्चकाम विषयमा अर्पित भएका, पञ्चकाम[2] विषय परिभोग गरी बसेका प्रसेनजित प्रमुख पाँच राजाहरूका बीच यस्तो कुरा उठ्यो —

"रूपादि पञ्चकाम विषयहरू मध्ये कुन श्रेष्ठ छ?"

ती मध्ये कसैले – 'रूप श्रेष्ठ छ' भने; कसैले, 'शब्द श्रेष्ठ छ' भने; कसैले, 'गन्ध श्रेष्ठ छ' भने; कसैले, 'रस श्रेष्ठ छ' भने र कसैले, 'स्पर्श श्रेष्ठ छ' भने । जब कसैले कसैलाई संझाउन सकेनन्, निष्कर्षमा पुग्न सकेनन् तब प्रसेनजित राजाले भने —

"मारिषहो ! हामी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔं र भगवान्सँग यसबारे प्रश्न सोधौं । अनि भगवान्ले जे भन्नुहुने छ उही हामी स्वीकार गरौं ।"

---

१. सं. नि. I. पृ. ७८: पञ्चराजसुत्तं ।

२. रूप, शब्द, गन्ध, रस, स्पर्श ।

"मारिष ! ठीक छ" भनी ती राजाहरूले प्रसेनजित कोशल राजालाई प्रत्युत्तर दिए । यस पछि प्रसेनजित प्रमुख ती पाँच राजाहरू भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशल राजाले भगवान्लाई निम्न कुरा सुनाए —

"भन्ते ! यहाँ हामी पञ्चकाम विषयमा अर्पित भएका, पञ्चकाम विषय परिभोग गरी बसेका पाँच राजाहरूका बीच यस्तो कुरा उठ्यो कि — रूपादि पञ्चकाम विषयहरू मध्ये कुन श्रेष्ठ छ । त्यस बेला कसैले, 'रूप श्रेष्ठ छ' भने; कसैले, 'शब्द श्रेष्ठ छ' भने; कसैले, 'गन्ध श्रेष्ठ छ' भने; कसैले, 'रस श्रेष्ठ छ' भने र कसैले. 'स्पर्श श्रेष्ठ छ' भने । भन्ते यसमध्ये कुन श्रेष्ठ रहेछ ?"

"महाराज ! मनपर्ने वस्तुलाई सिमाना राखी पञ्चकाम विषयहरू मध्ये जेमा आफ्नो मन लाग्छ उही विषय नै श्रेष्ठ छ भनी भन्दछु ।

(१) "महाराज ! उही नै रूप कसैलाई मनपर्छ भने उही नै रूप कसैलाई मन पर्दैन । जो जुन रूपमा सन्तुष्ट हुन्छ वा जसको जुन रूपमा इच्छा परिपूर्ण हुन्छ, उ त्यो रूपभन्दा बढी उत्तरोत्तर, प्रणीततर रूपको कामना (खोजी) गर्दैन । त्यही रूप नै उसकोलागि पर्याप्त हुन्छ, सर्वोत्तम हुन्छ ।

(२) "महाराज ! उही नै शब्द कसैलाई मनपर्छ भने उही नै शब्द कसैलाई मन पर्दैन । जो जुन शब्दमा सन्तुष्ट वा जसको जुन

शब्दमा इच्छा परिपूर्ण हुन्छ, उ त्यो शब्दभन्दा बढी उत्तरोत्तर, प्रणीततर शब्दको कामना (खोजी) गर्दैन । त्यही शब्द नै उसको लागि पर्याप्त हुन्छ, सर्वोत्तम हुन्छ ।

(३) "महाराज ! उही नै गन्ध कसैलाई मनपर्छ भने उही नै गन्ध कसैलाई मन पर्दैन । जो जुन गन्धमा सन्तुष्ट वा जसको जुन गन्धमा इच्छा परिपूर्ण हुन्छ, उ त्यो गन्धभन्दा बढी उत्तरोत्तर, प्रणीततर गन्धको कामना (खोजि) गर्दैन । त्यही गन्ध नै उसको लागि पर्याप्त हुन्छ, सर्वोत्तम हुन्छ ।

(४) "महाराज ! उही नै रस कसैलाई मनपर्छ भने उही नै रस कसैलाई मन पर्दैन । जो जुन रसमा सन्तुष्ट वा जसको जुन रसमा इच्छापूर्ण हुन्छ, उ त्यो रसभन्दा बढी उत्तरोत्तर, प्रणीततर रसको कामना (खोजि) गर्दैन । त्यही रस नै उसको लागि पर्याप्त हुन्छ, सर्वोत्तम हुन्छ ।

(५) "महाराज ! उही नै स्पर्श कसैलाई मनपर्छ भने उही नै स्पर्श कसैलाई मन पर्दैन । जो जुन स्पर्शमा सन्तुष्ट वा जसको जुन स्पर्शमा इच्छा परिपूर्ण हुन्छ, उ त्यो स्पर्शभन्दा बढी उत्तरोत्तर, प्रणीततर स्पर्शको कामना (खोजि) गर्दैन । त्यही स्पर्श नै उसको लागि पर्याप्त हुन्छ, सर्वोत्तम हुन्छ ।"

त्यस समय चन्दनङ्गलिक उपासक त्यस परिषद्मा बसेका थिए । अनि ती उपासक आसनबाट उठी पछ्यौरा (उत्तरासङ्ग)

एकांश गरी जता भगवान् हुनुहुन्थ्यो त्यतैतिर हातजोरी नमस्कार गरी भगवान्सँग यस्तो बिन्ति गरे —

'भगवान् ! म केही कुरा भन्न चाहन्छु । सुगत ! म केही कुरा भन्न चाहन्छु ।"

"चन्दनङ्गलिक ! भन । के कुरा भन्न चाहन्छौ ?" भनी भगवान्ले भन्नु भयो ।

अनि चन्दनङ्गलिक उपासकले भगवान्को अगाडि तदनुरूप गाथाद्वारा स्तुति गरे —

'पदुमं यथा कोकनदं सुगन्धं,
पातो सिया फुल्ल मवीत गन्धं ।
अङ्गीरसं पस्स विरोचमानं,
तपन्तमादिच्चमिवन्तलिक्खे ति ॥"

अर्थ :—

"जस्तै सुवासित पद्मकमल प्रातः कालमा प्रस्फुटित भई मगमग बास आउँछ, जस्तै आकाशमा सूर्य चम्किन्छ उस्तै चम्किरहेका अङ्गिरसं (तेजवान्) भगवान् बुद्धलाई हेर !"

यो स्तुति सुनी प्रसन्न भएका ती पाँच राजाहरूले चन्दनङ्गलिक उपासकलाई पाँच वटा पछ्यौराहरू (उत्तरासङ्ग) ओढाइ दिए । चन्द-

नङ्गलिक उपासकले पनि ती पाँचै वटा पछ्यौराहरू भगवान्‌लाई ओढाइ दिए ।

× × ×

मूल सूत्र :—

६–आयुष्मान् अङ्गुलिमाल

त्यस समय भगवान् आयुष्मान् अङ्गुलिमाल सहित श्रमण-हरू पछाडि राखी श्रावस्तीकोलागि चारिकार्थ जानुभयो[1] । चारिका गर्दै क्रमशः श्रावस्तीमा पुग्नु भयो । अनि भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो ।

त्यस बखत प्रसेनजित कोशल राजाको दरबारमा ढोकाभित्र महाजनहरू एकत्रितभई उच्चशब्द महाशब्द गर्दै थिए—"देव ! तपाइको राज्यमा रौद्र, लोहितपाणि, काट्मारमालाग्ने, प्राणीप्रति निर्दयी अङ्गुलिमाल भन्ने चोर छ ! उसले गाउँ पनि तहस नहस पाऱ्यो, निगम पनि तहस नहस पाऱ्यो, जनपद पनि तहस नहस पाऱ्यो । उसले मानिसहरू हत्या गरी अङ्गुलिहरूको मालालगाउँछ । देव ! उसलाई रोक्नु होस् !"

१. म. नि. II. पृ. ३४६: अङ्गुलिमाल सूत्रबाट ।

अनि प्रसेनजित कोशल राजा पाँचशय जति घोडाहरू लिई श्रावस्तीबाट मध्यान्ह समयमा निस्केर जहाँ जेतवनाराम हो त्यहाँ गए । जहाँसम्म यानबाट जानहुने हो त्यहाँसम्म यानमा गई त्यसपछि यानबाट ओर्ली पैदल नै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँपुगे पछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशल राजासँग भगवान्ले सोध्नु भयो —

"महाराज ! मगधराजा सेनीय विम्बिसार रिसाएकि, वैशालीका लिच्छवीहरू रिसाएकि अथवा अरू कुनै विरोधी राजाहरू रिसाएकि क्या हो ?"

"भन्ते ! मगधराजा सेनीय विम्बिसार पनि रिसाएका छैनन्, वैशालीका लिच्छवीहरू पनि रिसाएका छैनन्, न त कुनै विरोधी राजाहरू नै रिसाएकाछन् । भन्ते ! मेरो राज्यमा रौद्र, लोहितपाणि, काट् मारमा लाग्ने, प्राणीप्रति निर्दयी अङ्गुलिमाल भन्ने चोर छ । उसले गाउँ पनि तहस नहस पाऱ्यो, निगम पनि तहस नहस पाऱ्यो, जनपद पनि तहस नहस पाऱ्यो । उसले मानिसहरू हत्या गरी अङ्गुलिहरूको माला लगाउँछ । भन्ते ! म उसलाई रोक्न चाहन्छु ।"

"महाराज ! यदि तपाइले अङ्गुलिमाललाई, केशदाह्री काटी, कषायवस्त्रहरू लगाई, घरबार छाडी अनगारिक भई, प्रव्रजित भई प्राणीहिंसाबाट विरत भई, अदिन्नादानबाट विरत भई, मृषावादबाट विरत भई; एकछाके ब्रह्मचारी शीलवान् तथा कल्याणधर्मी भएको देखेमा उसलाई के गर्नु हुन्छ ?"

'भन्ते ! अभिवादन गर्नेछु; आसनबाट उठनेछु; आसनद्वारा निमन्त्रणा गर्नेछु; घरमा निम्त्याउनेछु तथा चीवर, पिण्डपात्र, शयनासन, गिलानप्रत्यय भैषज्य परिष्कारद्वारा उपस्थान गर्नेछु। धर्मतापूर्वक वहाँको रक्षावरणगुप्तिकालागि पनि संविधान गर्नेछु। भन्ते ! कसरी त्यस्तो दुःशील पापी, यस्तो शीलसंयमी हुन सक्ला ?''

त्यसबेला आयुष्मान् अङ्गुलिमाल भगवान्को अविदूरमै बसिरहनु भएको थियो। अनि भगवान्ले प्रसेनजित कोशल राजाको दक्षिणबाहु समाती यसो भन्नुभयो --

"महाराज ! यो हो अङ्गुलिमाल।"

त्यसबेला प्रसेनजित कोशल राजा भयभीत भए, स्तब्ध भए, र जिरिङ्गिए। भगवान्ले प्रसेनजित कोशल राजा भयभीत, स्तब्ध तथा जिरिङ्गिएको जानी राजालाई यस्तो भन्नुभयो —

"महाराज ! डराउन पर्दैन, यिनीबाट अब कुनै भय छैन।"

अनि प्रसेनजित कोशल राजाको मनमा जुन भय, स्तब्ध, तथा जिरिङ्ग भएको थियो सो दूरभई शान्त भएर गयो। त्यस पछि प्रसेनजित कोशल राजा जहाँ अङ्गुलिमाल हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान अङ्गुलिमालसँग सोधे —

"भन्ते अङ्गुलिमाल ! आर्य हुनुहुन्छ कि ?"

"हो, महाराज !"

"आर्य ! तपाइको पिताको के गोत्र ? माताको के गोत्र ?"

"महाराज ! पिताको गोत्र गार्ग्य हो, माताको गोत्र मैत्रायणी हो।"

"भन्ते आर्य गार्ग्य मैत्रायणीपुत्र ! अभिरमण हुनुहोस् । आर्य गार्ग्यमैत्रायणी पुत्रलाई म चीवर, पिण्डपात्र, शयनासन, गिलानप्रत्यय भैषज्य परिष्कारद्वारा उत्सुकतापूर्वक सेवा गर्नेछु ।"

त्यस बखत आयुष्मान् अङ्गुलिमाल आरण्यक[1], पिण्डपातिक[2], पांसुकूलिक[3], त्रैचीवरिक[4] हुनुहुन्थ्यो । त्यसैले आयुष्मान् अङ्गुलिमालले प्रसेनजित कोशल राजालाई निम्न उत्तर दिनु भयो –

"महाराज ! भइहाल्यो, मलाई परिपूर्ण चीवरहरू छन् ।"

त्यस पछि प्रसेनजित कोशल राजा भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका कोशल राजाले भगवान्संग बिन्ति गरे –

---

१. जङ्गलमा मात्र बस्ने चर्या अधिष्ठान गर्नेलाई 'आरण्यक' भन्दछन् ।

२. पिण्डाचारद्वारा मात्र भोजन गर्ने विशेष अधिष्ठान गर्नेलाई 'पिण्डपातिक' भन्दछन् ।

३. फ्याकेको कपडादि मात्र बटुली चीवर सिई लगाउने विशेष अधिष्ठान गर्नेलाई 'पांसुकूलिक' भन्दछन् ।

४. तीनवटा चीवर मात्र पहिरने विशेष अधिष्ठान गर्नेलाई 'त्रैचीवरिक' भन्दछन् ।

"आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते ! धन्य भगवान् !! — अदान्तलाई पनि दमन गर्न सक्नु हुन्छ, अशान्तलाई पनि शान्त पार्न सक्नु हुन्छ, अपरिनिवृत्तलाई पनि परिनिवृत्तपार्न सक्नु हुन्छ, धन्य हो भगवान् !! हामीले दण्डले, शस्त्रले दमन गर्न न सक्नेलाई पनि भगवान्ले अदण्ड र अशस्त्रले दमन गर्नु भयो। हवस् त भन्ते ! अब हामी जान्छौं। हामीहरूको धेरै काम छ, धेरै गर्नु पर्ने छ।"

"महाराज जे उचित सम्झनु हुन्छ।

अनि प्रसेनजित कोशल राजा आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए।

× × ×

मूल सूत्र :–

७–कसले आत्म-प्रेम गर्छ ?

श्रावस्तीमै[१]।

एक छेउमा बसेका प्रसेनजित कोशल राजाले भगवान्लाई निम्न कुरा सुनाए —

---

१. सं. नि. I. पृ. ७०: पियसुत्त।

"भन्ते ! म एकलै एकान्तमा बसीरहँदा मेरो मनमा यस्तो विचार उत्पन्न भयो—'कसले आत्म (आफू) लाई प्यार गर्दो रहेछ ?' कसले आत्मालाई प्यार गर्दो रहेनछ ?' अनि त्यस बखत मेरो मनमा यस्तो लाग्यो - (क) 'जुन मानिसहरू कायद्वारा दुराचार गर्छन् , वचनद्वारा दुराचार गर्छन् र मनद्वारा पनि दुराचार गर्छन्—उनीहरूले आत्म (आफू) लाई प्यार गर्दैनन् ; यद्यपि उनीहरू, 'म आत्म-प्यार गर्छु' भनी किन न भनुन् तर उनीहरूले आत्म-प्यार गरेको ठहरिन्न । किन भने ? - जस्तै कुनै मानिसले मन नपरेको मानिसलाई व्यवहार गर्छ त्यस्तै उनीहरूले पनि आफूले आफैलाई व्यवहार गर्छन् । अतएव उनीहरूले आत्म-प्यार गरेको ठहरिन्न । (ख) जुन मानिसहरू कायद्वारा सदाचार गर्छन् , वचनद्वारा सदाचार गर्छन् र मनद्वारा पनि सदाचार गर्छन्—उनीहरूले आत्म-प्यार गर्छन् ; चाहे उनीहरूले, 'म आत्म-प्यार गर्दिन' भनी किन न भनुन् तर उनीहरूले आत्मप्यार गरेको ठहरिन्छ । जस्तै कुनै मानिसले कुनै मन परेको मानिसलाई व्यवहार गर्छ त्यस्तै उनीहरूले पनि आफूले आफैलाई व्यवहार गर्छन् । अतएव उनीहरूले आत्म-प्यार गरेको ठहरिन्छ' ।"

"महाराज ! त्यस्तै हो, महाराज ! त्यस्तै हो । (क) जुन मानिसहरू कायले दुराचार ... वचनले दुराचार ... तथा मनले दुराचार गर्छन् , उनीहरूले आफूलाई प्यार गर्दैनन् । यद्यपि उनीहरूले, 'मेरो आत्म प्यारो छ' भनी भन्छन् तथापि उनीहरूले आफूलाई प्यार गरेको ठहरिन्न । किन भने ?—महाराज ! जस्तै कुनै अमित्रले अमित्रलाई व्यवहार गर्छ त्यस्तै उनीहरूले पनि आफूले आफैलाई

व्यवहार गर्छन् । अतएव उनीहरूले आफूलाई प्यार गरेको ठहरिन्न ।

(ख) जुन मानिसहरू कायले सदाचार ... वचनले सदाचार ... र मनले सदाचार गर्छन्, उनीहरूले आफूलाई प्यार गर्छन् । यद्यपि उनीहरूले, 'मेरो आत्म प्यारो छैन' भनी किन न भनुन् तर उनीहरूले आत्म-प्यार गरेको ठहरिन्छ । किन भने ?—जस्तै कुनै मित्रले मित्रलाई व्यवहार गर्छ त्यस्तै उनीहरूले पनि आफूले आफैलाई व्यवहार गर्छन् । अतएव उनीहरूले आफूलाई प्यार गरेको ठहरिन्छ ।"

पुनश्च भगवान् भन्नु हुन्छ —

(१)—"अत्तानं चे पियं जञ्ञा, न नं पापेन संयुजे ।
न हि तं सुलभं होति, सुखं दुक्कट कारिना ॥

(२)—"अन्तकेनाधिपन्नस्स, जहतो मानुसं भवं ।
किं हि तस्स सकं होति, किञ्च आदाय गच्छति ।
किञ्चस्स अनुगं होति, छाया व अनपायिनी[1] ॥

(३)—"उभो पुञ्ञं च पापं च, यं मच्चो कुरुते इध ।
तं हि तस्स सकं होति, तं[2] व आदाय गच्छति ।
तं वस्स अनुगं होति, छाया व अनपायिनी ॥

(४)—'तस्मा करेय्य कल्याणं, निचयं सम्परायिकं ।
पुञ्ञानि परलोकस्मिं, पतिट्ठा होन्ति पाणिनं'ति ।"

१, स्याममा: 'अनुपायिनी' ।

२. स्याम, सिंहल, रोमनमा: 'तञ्च' ।

अर्थ :—

१—"यदि आफू प्रति प्यार छ भने, आफूलाई पापमा न लगाउनू; दुष्कृत्य कामद्वारा सुख सुलभ हुन सक्दैन ।

२ – "मरणासन्नमा पुगेको मानिसले मनुष्यलोक छाड्दा उसको आफ्नो भन्ने के हुन्छ ? के लिएर जान्छ ? छाँयासमान अनुगमन गर्ने के हुन्छ ?

३ -- "जो मानिसले यसलोकमा पुण्य-पाप दुवै गर्छ, उही नै उसको आफ्नो हुन्छ, उही नै लिएर जान्छ, उही नै उसको छाँयासमान अनुगमन गर्ने हुन्छ ।

४ – "त्यसैले कल्याण गर, सम्परायिकको लागि पुण्य सञ्चयगर, पुण्यले नै परलोकमा प्राणीहरूको प्रतिष्ठा हुन्छ ।"

× × ×

मूल सूत्र : –

८—महायज्ञ

श्रावस्तीमै[1] ।

त्यस समय प्रसेनजित कोशल राजाको महायज्ञ हुन लागेको

---

१ सं. नि. I. पृ. ७४: यञ्ञसुत्तं ।

थियो। पाँचशय ऋषभहरू, पाँचशय वहरहरू, पाँचशय बाछीहरू, पाँचशय बोकाहरू र पाँचशय भेडाहरू यज्ञकोलागि स्थूण (मौलो) मा बाँधिराखेका थिए। जो ती दाशहरू, प्रेष्यहरू, कामदारहरू थिए तिनीहरू दण्डको भयले, तर्जनको भयले गहभरी आँसुपारी, रुँदै आवश्यक काम गरिरहेका थिए।

केही भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन गरी, भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग बिन्ति गरे —

"भन्ते ! यहाँ प्रसेनजित कोशल राजाले महायज्ञ गर्न लागिरहेकाछन्। पाँचशय ऋषभहरू, पाँचशय वहरहरू, पाँचशय बाछीहरू, पाँचशय बोकाहरू र पाँचशय भेडाहरू यज्ञकोनिमित्त स्थूण (मौलो) मा बाँधिराखेका छन्। जो ती दाशहरू, प्रेष्यहरू, कामदारहरू हुन् तिनीहरू दण्डको भयले, तर्जनको भयले गहभरी आँसुपारी, रुँदै आवश्यक काम गरिरहेका छन्।"

यो कुरा सुनी भगवान्ले त्यस बेला यी गाथाहरू भन्नुभयो —

(१)—"अस्समेधं पुरिसमेधं, सम्मापासं वाजपेय्यं।
निरग्गलं महारम्भा[1], न ते होन्ति महप्फला॥

(२) —"अजेलका च गावो च, विविधा यत्थ हञ्ञरे।
न तं सम्मग्गता यञ्ञं उपयन्ति महेसिनो॥

---

१. सिंहल र स्याममा: 'महायञ्ञा महारम्भा'।

(३) – "ये च यञ्ञा निरारम्भा, यजन्ति[1] अनुकुलं सदा ।
अजेलका च गावो च, विविधा नेत्थ हञ्ञरे ।
एतं सम्मग्गता यञ्ञं, उपयन्ति महेसिनो ॥

(४)—"एतं यजेथ मेधावी, एसो यञ्ञो महप्फलो ।
एतं हि यजमानस्स, सेय्यो होति न पापियो ।
यञ्ञो च विपुलो होति, पसीदन्ति च देवता'ति ॥"

अर्थ :–

१—"अश्वमेध, पुरुषमेध, सम्मापास (=पासोमापरेका प्राणीहरू, भाला आदिले रोपेर मार्ने यज्ञ), वाजपेय (= सोमरस पिउनु पर्ने यज्ञ), निरर्गल (विविध प्राणीहिंसा), महत् हिंसा हुने कार्य (यज्ञ) महत्फलदायी हुँदैनन् ।

२—"जहाँ बोका, गाई आदि विविध प्राणीहरूको हिंसा गरिन्छ, त्यस्ता यज्ञस्थलमा सुमार्गगामी महर्षिहरू उपस्थित हुँदैनन् ।

३—"जुन यज्ञमा हिंसा हुँदैन, प्राणीहरूलाई भय लाग्दैन, जहाँ अनुकूल (परम्परागत) दानमय पुण्यकार्य हुन्छ, जहाँ बोका, गाई इत्यादि प्राणीहरू मारिन्नन् त्यस्ता समग्र यज्ञहरूमा सुमार्गगामी महर्षिहरू उपस्थित हुन्छन् ।

४—"मेधावीहरूले यस्तो यज्ञ गर्नुपर्छ । यस्तो यज्ञको फल

१. स्याममा: 'यजन्ता' ।

महान हुन्छ । यस्तो यज्ञ गर्नाले कल्याणकर हुन्छ र पाप लाग्दैन । यस्तो यज्ञ विपुलफलदायी पनि हुन्छ र देवताहरू पनि प्रसन्न हुन्छन् ।"

× × ×

मूल सूत्र :—

९—न्यायालय

श्रावस्तीमै[1] ।

एक छेउमा बसेका प्रसेनजित कोशल राजाले भगवान्लाई निम्न कुरा सुनाए —

"भन्ते ! एक दिन म न्यायालयमा बसेको थिएँ । त्यस बखत मैले क्षत्रीय महाशाल, ब्राह्मण महाशाल, गृहपति महाशाल कुलका आढ्य, महाधनी, महाभोगी, प्रसस्त सुनचाँदी हुने, प्रसस्त रुपैयाँ हुने, प्रसस्त धनधान्य हुनेहरूले पनि कामभोगको कारण, कामभोगैको पर्यायले गर्दा झूटो बोलिरहेको देख्दा मलाई यस्तो लाग्यो—'अब यी न्यायाधीशहरूसँग पुग्यो; देख्ने छन् यी भद्रमुखी न्यायाधीशहरूले !' (आफ्नो कर्तुको फल)"

"यस्तै हो महाराज ! यस्तै हो । जो ती क्षत्रीय महाशाल प्रसस्त

1. सं. नि. I. पृ. ७३: अत्थकरणसुत्तं ।

धनधान्य हुनेहरूले पनि कामभोगको कारणले ... जानी जानी झूटो बोल्छन्; उनीहरूकोनिमित्त तो कार्य दीर्घकालसम्म अहिताय, दुःखाय हुनेछ।"

यस पछि पुनः भगवान्‌ले भन्नुभयो —

"सारत्ता कामभोगेसु, गिद्धा कामेसु मुच्छिता।
अतिसारं न बुज्झन्ति, मच्छा खिप्पं व ओड्डितं।
पच्छासं कटुकं होति, विपाको हिस्स पापको ति॥"

अर्थ :—

"कामविषयमा सासक्त भई, मूर्छिई, महालोभी भई माछाहरू चाँडै नै जालमा फसेझैं प्रमाणातिक्रमण गरिसके पछि विउँझिने छन् र पछि मात्र उनीहरूले पापको कटुफल भोग्ने छन्।"

× × ×

सूल सूत्र :—

१०—प्रथम-सङ्ग्राम

श्रावस्तीमै[१]।

एक दिन, मगधराजा अजातशत्रु वैदेही पुत्रले चतुरङ्गिणी[२]

---

१. सं नि. I. पृ. ८२: पठमसङ्गामसुत्तं।

२. हस्तिसैन्य, अश्वसैन्य, रथसैन्य र पैदलसैन्य। सं. नि. अ. क. पृ. १२०

सेना तयार गरी काशी गाउँमा[१] हमलागरे । "मगधराजा अजातशत्रु वैदेही पुत्रले चतुरङ्गिणी सेना तयार गरी काशी गाउँमा हमलागरे" भन्ने सुनी प्रसेनजित कोशल राजाले पनि चतुरङ्गिणी सेना तयारपारी मगधराजा आजातशत्रु वैदेही पुत्रमाथि प्रति संग्रामगरे । दुवै राजाहरू पनि आपसमा काशी गाउँमै लडे । यस सङ्ग्राममा मगधराजा अजातशत्रुले प्रसेनजित कोशल राजालाई पराजित गरे । पराजित प्रसेनजित कोशलराजा आफ्नै राजधानी श्रावस्तीमै फर्के ।

केही भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनकोनिम्ति गए । श्रावस्तीमा भिक्षाटन गरिसके पछि भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यस्तो बिन्ति गरे —

"भन्ते ! यहाँ, मगधराजा अजातशत्रु वैदेही पुत्रले चतुरङ्गिणी सेना तयार गरी काशी गाउँमा हमला गरे । "मगधराजा अजातशत्रु वैदेहो पुत्रले काशी गाउँमा हमला गरे" भन्ने सुनी प्रसेनजित कोशलराजाले पनि चतुरङ्गिणी सेना तयारपारी प्रतिसंग्राम गरे । त्यस सङ्ग्राममा मगधराजा अजातशत्रुले प्रसेनजित कोशललाई पराजित गरे । पराजित भएका प्रसेनजित कोशलराजा आफ्नै राजधानी श्रावस्तीमै फर्केर आए ।"

---

१. हेरमाथि पृ. ३

"भिक्षुहो ! मगधराजा अजातशत्रु वैदेही पुत्र पापमित्र, पाप-सहाय र पापमा मन लगाउँछन् । प्रसेनजित कोशलराजा कल्याणमित्र, कल्याण सहाय र कल्याणमा मन लगाउँछन् । भिक्षुहो ! प्रसेनजित कोशलराजा पराजितको कारणले आज राति दुःखी भई सुत्ने छन् ।"

यति कुरा भन्नु भई पुनः यस्तो भन्नुभयो —

"जयं वेरं पसवति, दुक्खं सेति पराजितो ।
उपसन्तो सुखं सेति, हित्वा जयपराजयं ॥"

अर्थ :—

"विजयले वैरभाव उत्पन्नगर्छ, पराजित पुरुष दुःखपूर्वक सुत्छ; जय-पराजय त्यागी शान्त पुरुष सुखपूर्वक निदाउँछ ।"

× × ×

मूल सूत्र : -

११–मल्लिकासँग

श्रावस्तीमै[1] ।

त्यस समय प्रसेनजित कोशलराजा मल्लिकादेवीसँग प्रासादको

१. सं. नि. १. पृ. ७६: मल्लिकासुत्तं; उदा. पृ. ११८: पियतरसुत्तं ।

माथिल्लो तलामा बसेका थिए । अनि प्रसेनजित कोशलराजाले मल्लिका-देवीसँग सोधे —

"हे मल्लिके ! तिमीलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ कि ?"

"महाराज ! छैन । आफूभन्दा प्यारो लाग्ने मलाई अरू कोही पनि छैन । महाराज ! तपाइलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ कि ?"

"मल्लिके ! मलाई पनि आफूभन्दा प्यारो लाग्ने अरू कोही छैन ।"

यस पछि प्रसेनजित कोशलराजा प्रासादबाट तल ओर्ली जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशल राजाले भगवान्लाई सुनाए —

"भन्ते ! यहाँ म प्रासादको माथिल्लो तलामा मल्लिकादेवीसँग बसिरहेको बेलामा मैले मल्लिकासँग सोधें —'हे मल्लिके ! तिमीलाई आफूभन्दा प्यरो लाग्ने अरू कोही छ कि ?' भनी सोध्दा मल्लिकाले मलाई यस्तो जवाफ दिइन् —'महाराज ! छैन । आफूभन्दा प्यारो लाग्ने मलाई अरू कोही पनि छैन । महाराज ! तपाइलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ कि ?' भन्ते ! यस्तो सोध्दा मैले मल्लिकालाई यस्तो भने-- मल्लिके ! मलाई पनि आफूभन्दा प्यारो लाग्ने अरू कोही छैन' ।"

अनि भगवान्‌ले राजाको कुरा सुनी उनको मनसाय पनि बुझी निम्न गाथा भन्नु भयो —

"सब्बा दिसा अनुपरिगम्म चेतसा,
नेवज्झगा पियतरमत्तना क्वचि ।
एवं पियो पुथु अत्ता परेसं,
तस्मा न हिंसे परमत्तकामो'ति ॥"

अर्थ :—

"सबै दिशातिर चित्त फैलाई हेरे ता पनि आफूभन्दा प्रियतर कोही पाइने छैन; जस्तै एकको आफू प्यारो छ, उस्तै अरूको पनि आफू प्यारो छ भनी बुझी आपनो हित चाहनेले अर्कालाई पनि आफू संझी हिंसा पीडा नगर्दिनू ।"

× × ×

मूल सूत्र :—

१२–एकपाथी-भात

श्रावस्तीमै[१] ।

त्यस समय प्रसेनजित कोशलराजा एकपाथी भोजन गर्थे । एक

१. सं. नि. I. पृ. ८०: दोणपाकसुत्तं ।

दिन, प्रसेनजित कोशलराजा भोजनोपरान्त स्वाँ स्वाँ गर्दै जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे ।

त्यस बखत भगवान्ले प्रसेनजित कोशल राजालाई भोजनोपरान्त स्वाँ स्वाँ गर्दै आएको देखेर निम्न गाथा भन्नु भयो —

"मनुजस्स सदा सतीमतो[1],
मत्तं जानतो लद्ध भोजने ।
तनुकस्स[2] भवन्ति वेदना,
सणिकं जीरति आयुपालयं ति ।।"

अर्थ :—

"सँधै स्मृतिराखी बस्ने, प्राप्त भोजनमा मात्रज्ञता जान्ने मानिसको वेदना कम हुन्छ, खाएको चाँडै पच्छ र आयु पनि पालन हुन्छ ।"

त्यस बखत सुदर्शन माणवक प्रसेनजित कोशलराजाको पछाडि उभिइरहेका थिए। राजाले सुदर्शन माणवकलाई आमन्त्रण गरी भने —

"तात सुदर्शन ! तिमी आऊ, भगवान्कहाँ गई यो गाथा (श्लोक) पढी भातखाने वेलामा मलाई सुनाऊ । यसबारे म तिमीलाई प्रतिदिन शय कार्षापण दिनेछु ।"

---

१. स्याममा: 'सतिमतो' ।

२. रोमनमा: 'तनुतस्स'; सिहलमा: 'तनुतस' ।

"हवस् देव !" भनी सुदर्शन माणवक राजाको आज्ञा सुनी भगवान्‌कहाँ गई गाथा पढी भोजन गर्ने समयमा राजालाई सो गाथा सुनाउन थाले। त्यस पछि प्रसेनजित कोशलराजाले क्रमशः आहार घटाउँदै एक कुरुवाको भोजन गर्न थाले। केही दिन पछि प्रसेनजित कोशलराजाले, — मांसपेसी कसिएर सुडौल हुँदै आएको आफ्नो शरीर परिमार्जन गर्दै निम्न उदान[1] प्रकट गरे —

"वहाँ भगवान् बुद्धले मलाई उभयार्थ सुखकोनिमित्त अनुकम्पा राख्नुहुन्छ—इहलौकिक हित सुख र पारलौकिक हित सुखकोबारे।"

× × ×

मूल सूत्र : —

१३—निर्लोभी कमैछन्

श्रावस्तीमै[2]।

एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्‌लाई निम्न कुरा सुनाए —

"भन्ते ! एकान्तमा एकलै बसिरहँदा मेरो मनमा यस्तो विचार उत्पन्न भयो—'ये लोकमा त्यस्ता प्राणीहरू कमै छन् जो ठूल ठूला

---

१. प्रफुल्लित भई मुखबाट निस्किने प्रीतिमय वाक्यहरू। उद्‌गार।

२. सं. नि. I. पृ. ७२: अप्पकसुत्तं।

भोगसम्पत्ति पाएर मत्त-प्रमत्त न भई, कामविषयमा प्रलोभन नगरी प्राणी प्रति दुर्व्यवहारनगर्ने । बरु त्यस्ता प्राणीहरू नै यो लोकमा धेरै छन् जो ठुल-ठूला भोगसम्पत्ति पाएर मत्त-प्रमत्त भई, कामविषयमा प्रलोभन गरी प्राणी प्रति दुर्व्यवहारगर्ने ।"

"यस्तै हो, महाराज ! यस्तै हो महाराज ! यो लोकमा ठुल-ठूला भोगसम्पत्तिपाई त्यसमा मत्त-प्रमत्त नभई, कामविषयमा प्रलोभन नगरी, प्राणी प्रति दुर्व्यवहारनगर्ने सत्वहरू कमै छन् । बरु यो लोकमा ठुल-ठूला भोगसम्पत्तिपाई त्यसमा मत्त-प्रमत्त भई, कामविषयमा प्रलोभन गरी प्राणी प्रति दुर्व्यवहारगर्ने सत्वहरू नै धेरै छन् ।"

पुनश्च भन्नु भयो —

"सारत्ता कामभोगेसु, गिद्धा कामेसु मुच्छिता।
अतिसारं न बुज्झन्ति, मिगा कूटं व ओड्डितं ।
पच्छासं कटुकं होति, विपाको हिस्स पापको'ति ॥"

अर्थ :—

"काम भोगमा सासक्त भई, मूर्छिई, महालोभी भई मृगहरू-खोरमा परेझैं प्रमाणातिक्रमण गरिसके पछि मात्र बिउँझिने छन् र पछि मात्र उनीहरूले पापको कटुफल भोग्ने छन् ।"

× × ×

मूल सूत्र -

१४– सप्त जटिल

एक समय भगवान् श्रावस्तीमा मृगारमाताको पूर्वाराम प्रासादमा वस्नु भएको थियो[१]। अनि भगवान् ध्यानबाट उठी संध्या समयमा ढोकाबाहिर वस्नु भएको थियो। त्यस बखत प्रसेनजित कोशलराजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे।

त्यस समय सात जटिलहरू, सात निगण्ठहरू, सात अचेलक (=नंगा साधु)हरू, सात एकवस्त्रधारी साधुहरू, सात परिव्राजकहरू— काखीमा लामा लामा रौं भएका, लामा लामा नङ् भएका, विभिन्न परिष्कारहरूका साथ-- भगवान्को अगाडिबाट जाँदै थिए। अनि प्रसेनजित कोशल राजाले, आसनबाट उठी पछ्यौरा एकांश गरी, दायाँ घुँडाले पृथ्वीमा टेकी तो सात जटिलहरू, सात निगण्ठहरू··· सात परिव्राजकहरू भएतिर हात जोरी तीन पटक नमस्कार गरी– "भन्ते! म प्रसेनजित कोशलराजा हुँ" भनी सुनाए।

अनि प्रसेनजित कोशलराजा ती सात जटिलहरू गएका केही छिन पछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई, भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्लाई यस्तो बिन्ति गरे—

१. सं. नि. I. पृ. ७६ : सत्तजटिलसुत्तं।

"भन्ते ! यो लोकमा जो ती अरहन्त वा अरहन्तमार्गमा लाग्ने हुन्— तिनीहरूमध्ये यिनीहरू पनि एक हुन् ।"

शीलवान् चिन्न समय लाग्छ

"महाराज ! तपाइहरू जस्ता गृहीकामभोगी, स्त्री-पुत्रहरूका घेरामा शयन गरी घरमा बस्ने, काशीको चन्दन लगाई माला-गन्ध धारण गर्ने, सुन-चाँदी संग्रहगर्नेहरूले – 'यिनीहरू अरहन्त हुन् अथवा अरहन्तमार्गमा लाग्ने हुन्' भनी जान्न कठिन छ ।

"(१) महाराज ! एकसाथ बसेर मात्र शीलवान् कस्ता हुन्छन् भनी चिन्न सकिन्छ । त्यो पनि धेरै दिनपछि, न कि थोरै दिनले; विवेचन गरेर मात्र, न कि विवेचनविना; बुद्धिमानीतापूर्वक मात्र, न कि निर्बुद्धिताले । (२) महाराज ! व्यवहारद्वारा मात्र (उसको) परिशुद्धता (सत्यता) बुझ्न सकिन्छ । त्यो पनि धेरै दिनपछि, न कि थोरै दिनले; विवेचन गरेर मात्र, न कि विवेचनविना; बुद्धिमानीतापूर्वक मात्र, न कि निर्बुद्धिताले । (३) महाराज ! आपद्कालमा मात्र (उसको) शक्ति (= ज्ञानशक्ति) तौलन सकिन्छ । त्यो पनि धेरै दिनपछि, न कि थोरै दिनले; विवेचन गरेर मात्र, न कि विवेचनविना; बुद्धिमानीतापूर्वक, न कि निर्बुद्धिताले । (४) महाराज ! छलफलद्वारा मात्र (उसको) प्रज्ञा बुझ्न सकिन्छ । त्यो पनि धेरै दिनपछि, न कि थोरै दिनले; विवेचन गरेर मात्र, न कि विवेचनविना; बुद्धिमानीतापूर्वक, न कि निर्बुद्धिताले ।"

"आश्चर्य भन्ते ! अद्‌भुत भन्ते !! जुन कुरा भगवान्‌ले—'...गृहीकामभोगी...सुनचाँदी संग्रहगर्नेहरूले — यिनीहरू अरहन्त हुन् अथवा अरहन्तमार्गमा लाग्ने हुन् भनी जान्न कठिन छ' भनी भन्नुभयो सो कुरा साँच्चै नै सत्य हो, साँच्चैनै सुभाषित हो। त्यस्तै गरी जुन कुरा भगवान्‌ले — 'एकसाथ बसेरमात्र शीलवान् चिन्न सकिन्छ......' भनी बताउनु भयो सो पनि साँच्चै नै सत्य हो, साँच्चैनै सुभाषित हो।

"भन्ते ! तिनीहरू मेरा चरपुरुषहरू हुन्। तिनीहरू जनपद चारिका गरी अनेक रहस्यमय कुराहरू थाहापाई आउँछन्। तिनीहरूले परीक्षण गरी, निश्चित गरी बताएका कुराहरूलाई मैले कार्यान्वयन गर्छु। अब यिनीहरू ती खरानो-भष्महरू पखाली, केशदाह्री काटी, राम्ररी स्नान गरी, चन्दन लेप लगाई, सेतो वस्त्र पहिरी, पञ्चकाम भोग गरी एकत्रित भई बस्नेछन्।"

यी कुरा बुझी त्यसवेला भगवान्‌ले निम्न गाथाहरू प्रकट गर्नु भयो—

(१) "न वण्णरूपेन नरो सुजानो[1],
न विस्ससे इत्तरदस्सनेन।
सुसञ्ञतानं हि वियञ्जनेन.
असञ्ञता लोकमिमं चरन्ति।

1. स्याममा: 'सुजातो'।

(२) "पतिरूपको मत्तिकाकुण्डलो[१] व,
लोहड्ढमासो[२] व सुवण्णछन्नो।
चरन्ति लोके[३] परिवारछन्ना,
अन्तो असुद्धा बहि सोभमाना ति॥"

अर्थ :—

१— "रूपवर्णले मानिस चिन्न गाह्रो छ; केही छिनको भेट-घाटले विश्वास गर्न कठिन छ; असंयमीहरू पनि संयमीको ढाँचाकाँचा लिई यो लोकमा विचरण गर्छन्।

२— "माटोको अथवा फलामको कुण्डलमा, सुनको जस्तो टलकदार जलप राखेझैं यस लोकमा सपरिवारिक भई, अभ्यन्तरमा मलीन भएर पनि बाहिरबाट सुनझैं टलक देखाएर विचरणगर्नेहरू पनि छन्।"

× × ×

१. स्याम र रोमनमा: 'मत्तिककुण्डलो'।
२. स्याममा: 'लोहढ्ढमासो च'।
३. सिहल र रोमनमा : 'एके'।

मूल सूत्रः—

१५– नारी पनि पुरुषभन्दा श्रेष्ठ हुनसक्छे

श्रावस्तीमै[1]।

त्यस समय प्रसेनजित कोशलराजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। अनि एक पुरुष जहाँ प्रसेनजित कोशलराजा थिए त्यहाँ आई उनको कानमा, "मल्लिकादेवीले छोरी जन्माइन्" भनी सुटुक्क भने। यो कुरा सुनी प्रसेनजित कोशलराजाको मन खुस्रुक्क भयो।

प्रसेनजित कोशलराजाको मन खुस्रुक्क भएको बुझी त्यसबेला भगवान्ले निम्न गाथा सुनाउनु भयो—

(१) "इत्थी पि हि एकच्चिया, सेय्या पोस जनाधिप।
मेधावी सीलवती, सस्सुदेवा पतिब्बता॥

(२) "तस्सा यो जायति पोसो, सूरो होति दिसम्पति।
तादिसा सुभगिया[2] पुत्तो, रज्जं पि अनुसासती'ति॥"

अर्थ—

१— "जनाधिप ! यहाँ कुनै कुनै स्त्री बुद्धिमती, शीलवती, सासु ससुरालाई देवसमान मान्ने तथा पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे।

---

१. सं. नि. I. पृ. ८५ : मल्लिकासुत्तं; रोमन र सिंहलमा: 'धीतुसुत्तं'।
२. स्याम र रोमनमा : 'सुभरिया'।

२— 'त्यस्ती स्त्रीबाट जुन सन्तान जन्मिन्छ उ सूर-वीर र दिशाप्रमुख पनि हुन सक्छ; त्यस्ती सौभाग्यवतीको वालकले राज्य-अनुशासन पनि गर्न सक्छ।"

× × ×

मूल सूत्रः—

१६– प्रेमबाट शोक उत्पन्न हुन्छ

यस्तो मैले सुने[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामया वस्नुभएको थियो।

त्यस बखत एक गृहपतिको एकलौटे प्रियमनाप छोराको मृत्यु भएको थियो। उसको मरणले गर्दा उसलाई न कामगर्न मनलाग्थ्यो, न खान नै। उ चिहानमा गई, "कहाँ छ मेरो एकलौटे छोरा! कहाँ छ मेरो एकलौटे छोरा!" भन्दै रुन्थ्यो।

एकदिन, सो गृहपति भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको सो गृहपतिसँग भगवान्ले सोध्नुभयो—

१. म. नि. II. पृ. ३५२ : पियजातिकसुत्तं।

"हे गृहपति ! तिम्रा इन्द्रियहरू आआफ्ना ठाउँमा राम्रोसँग बसेका छैनन् जस्तो लाग्छ; तिम्रा इन्द्रियहरू अन्यथा (=अस्वाभाविक) छन् कि क्या हो ?"

"भन्ते ! के भन्ने ? मेरा इन्द्रियहरू किन अस्वाभाविक (=अन्यथा) नहुन् त; जब कि मेरो एकलौटे प्रियमनाप छोराको मरण भइसक्यो । उसको मरणले गर्दा मलाई न काम गर्न मन लाग्छ, न खानन‍ै । त्यसैले म चिहानमा गई 'कहाँ छ मेरो एकलौटे छोरा, कहाँ छ मेरो एकलौटे छोरा !' भन्दै रुन्छु ।"

"गृहपति ! यस्तै हुन्छ, गृहपति ! यस्तै हुन्छ । यो शोक, सन्ताप, दुःख दौर्मनस्य प्रेमबाटै उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ ।"

जुवाडेको सहमति

"भन्ते ! कसलाई यस्तो हुन्छ ? कसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य प्रेमबाट उत्पन्न हुन्छ र कसलाई प्रेमको कारणले त्यस्तो हुन्छ ? प्रेमबाट र प्रेमको कारणले त आनन्द र सुख सौमनस्य नै उत्पन्न हुन्छ ।"

अनि सो गृहपति, भगवान्‌को कुरालाई अभिनन्दन नगरी उल्टो भगवान्‌लाई गालि गर्दै आसनबाट उठी फर्केर गयो ।

त्यसबखत केही जुवाडेहरू भगवान्को अविदूरमा जुवा खेल्दै थिए। सो गृहपतिले तो जुवाडेहरूकहाँ गई यसो भन्यो—

"साथी हो ! म श्रमण गौतमकहाँ गई अभिवादन गरी एक छेउमा बसें। एक छेउमा बसेको मलाई श्रमण गौतमले सोध्नु भयो— 'गृहपति ! तिम्रा इन्द्रियहरू आआफ्ना ठाउँमा राम्रोसँग बसेका छैनन् जस्तो लाग्छ ...?' साथी हो ! अनि मैले श्रमण गौतमलाई यसो भने— "के भन्ने, भन्ते ! मेरा इन्द्रियहरू किन अस्वाभाविक नहुन् त; ...कहाँ छ मेरो एकलोटे छोरा भन्दै रुन्छु।' अनि भगवान्ले— 'यस्तै हुन्छ गृहपति ! यस्तै हुन्छ गृहपति ! यो शोक सन्ताप...... प्रेमबाटै उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ' भन्नुभयो। अनि मैले कसलाई यस्तो हुन्छ ?... प्रेमबाट र प्रेमको कारणले त आनन्द र सुख सौमनस्य नै उत्पन्न हुन्छ भनी श्रमण गौतमको कुरालाई अभिनन्दन नगरी उल्टो श्रमण गौतमलाई नै गालि गरी आसनबाट उठी फर्केर आएँ।"

यो कुरा सुनी जुवाडेहरूले भने— "गृहपति ! त्यस्तै हो, गृहपति ! त्यस्तै हो। प्रेमबाट र प्रेमको कारणले त आनन्द तथा सुखसौमनस्य नै उत्पन्न हुन्छ।"

अनि सो गृहपतिले, "जुवाडेहरूसंग मेरो कुरा मिल्छ" भन्दै फर्केर गयो। त्यसपछि यो प्रवृत्ति क्रमशः राजान्तःपुरसम्म पनि पुग्यो।

मल्लिकासँग प्रश्न

एक दिन, प्रसेनजित कोशलराजाले मल्लिका देवीलाई आमन्त्रण गरे—

"मल्लिके ! यो कुरा तिम्रा श्रमण गौतमले भनेका हुन्—'प्रेमबाटै शोक सन्ताप···उत्पन्न हुन्छ । प्रेमकै कारणले त्यसो हुन्छ' ।"

"महाराज ! यदि भगवान्ले भन्नुभएको हो भने सो कुरा त्यसँनै हो ।"

"यी कस्ती मल्लिका रहिछन् ! श्रमण गौतमले जे कुरा भन्छन् सो कुरा त्यसै हो भनी भन्छिन् तथा अनुमोदन पनि गर्छिन् ।"

"महाराज ! जस्तै कुनै गुरुले शिष्यलाई कुनै कुरा भन्दा शिष्यले सोही कुरा, 'साँच्चै हो आचार्य ! साँच्चै हो आचार्य !' भन्दै अनुमोदन गर्छ, त्यस्तै यदि भगवान्ले भन्नुभएको हो भने सो कुरा त्यसै हो ।"

"यस्तै ह्वौ मल्लिके, तिमी ! श्रमण गौतमले जे कुरा भन्छन् उही कुरा तिमी स्वीकार गर्छ्यौं ।"

"महाराज ! यदि भगवान्ले भन्नुभएको हो भने सो कुरा त्यसै हो ।"

"अरे मल्लिके ! हट जाऊ, यहाँ नबस ! नाश होऊ !"

अनि मल्लिका देवीले नालिजङ्घ ब्राह्मणलाई आमन्त्रण गरिन्—

"हे ब्राह्मण ! यता आऊ, जहाँ भगवान् हुनुहुन्छ त्यहाँ गई भगवान्लाई मेरो वचनले चरणकमलमा वन्दना गर, सुस्वास्थ्य र कुशलक्षेम पनि सोध— 'भन्ते! मल्लिका देवी, भगवान्को चरणकमलमा वन्दना गर्छे तथा सुस्वास्थ्य र कुशलक्षेम पनि सोध्छे'। पुनः यस्तो सोध— 'भन्ते ! भगवान्ले यस्तो कुरा भन्नुभएको छ कि— प्रेमबाट शोकसन्ताप ··· उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ ?' अनि भगवान्ले जे आज्ञा दिनुहुनेछ त्यो राम्ररी ग्रहण गरी मलाई भन्न आऊ। भगवान्ले निरर्थक कुरा भन्नुहुने छैन।"

"हवस्" भनी नालिजङ्घ ब्राह्मण मल्लिका देवीको कुरा सुनी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदनीय कुराकानी गरी एक छेउमा वस्यो। एक छेउमा बसेको नालिजङ्घ ब्राह्मणले भगवान्लाई बिन्ति गर्‍यो—

"भन्ते ! मल्लिका देवीले भगवान्को चरणकमलमा वन्दना गर्छे। तपाइँको सुस्वास्थ्य र कुशलक्षेम पनि सोध्छे। यसो पनि भन्छे कि— के भगवान्ले यस्तो कुरा भन्नुभएको छ कि— प्रेमबाट शोक-सन्ताप ··· उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ ?"

'हे ब्राह्मण ! त्यस्तै हो, ब्राह्मण ! त्यस्तै हो। 'प्रेमबाटै शोक-सन्ताप ··· उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ।' निम्न उदाहरणबाट पनि यो कुरा बुझनुपर्छ कि किन प्रेमबाट शोकसन्ताप··· उत्पन्न हुन्छ र किन प्रेमकै कारणले त्यसो हुन्छ—

'हे ब्राह्मण ! यही श्रावस्तीमा अघि एक स्त्रीकी आमा खसेकी थिई । उ उसको मरणले गर्दा बहुलाई, विक्षिप्तचित्त भई एक सडकबाट अर्को सडकमा; एक दोबाटोबाट अर्को दोबाटोमा गई यस्तो भन्थी— 'मेरो आमालाई देख्यौ कि ? मेरी आमालाई देख्यौ कि ?' ब्राह्मण ! यस कुराबाट पनि बुझनुपर्छ कि प्रेमबाटै ... त्यसो हुन्छ ।'

'हे ब्राह्मण ! यही श्रावस्तीमा अघि एक स्त्रीको बाबु खसेको थियो ..., भाइ खसेको थियो , बहिनी खसेकी थिई..., छोरा खसेको थियो..., छोरी खसेकी थिई..., लोग्ने खसेको थियो । उ उसको मरणले गर्दा बहुलाई... यस्तो भन्थी— 'मेरो लोग्ने देख्यौ कि ?' ब्राह्मण ! यस कुराबाट पनि बुझनुपर्छ कि प्रेमबाटै त्यसो हुन्छ ।'

'हे ब्राह्मण ! यही श्रावस्तीमा अघि एक पुरुषको आमा खसेकी थिई... बाबु खसेको थियो... भाइ खसेको थियो... बहिनी खसेकी थिई... छोरा खसेको थियो... छोरी खसेकी थिई... स्वास्नी खसेकी थिई । उ उसको मरणले गर्दा बहुलाई... यस्तो भन्थ्यो — 'मेरो स्वास्नी देख्यौ कि ?' ब्राह्मण ! यस कुराबाट पनि बुझनुपर्छ कि प्रेमबाटै... त्यसो हुन्छ ।'

'हे ब्राह्मण ! यही श्रावस्तीमा अघि एक स्त्री ज्ञातिकुलमा जाँदा उसका ज्ञातिहरू, उसलाई उसको पतिबाट हरण गरी अन्य पुरुषलाई दिन चाहन्थे । उ अन्य पुरुषसँग जान चाहन्नथी । अनि सो स्त्रीले यो कुरा आफ्नो पतिलाई सुनाई — 'आर्यपुत्र ! यिनीहरू, मलाई तपाइबाट

हरण गरी अन्य पुरुषलाई दिन चाहन्छन् । म त्यो चाहन्न।' यसपछि सो पुरुषले, 'परलोकमा दुवै साथमा बस्नेछौं' भन्दै सो स्त्रीलाई दुइ टुक्रा पारी, आफ्नो पनि पेट चिरी हत्या गऱ्यो । ब्राह्मण ! यस कुराबाट पनि बुझ्नुपर्छ कि प्रेमबाट··· त्यसो हुन्छ' ।''

यसपछि नालिजङ्घ ब्राह्मण भगवान्को भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी जहाँ मल्लिका देवी थिइन् त्यहाँ गई जे जति भगवान्सँग कुरा भएको थियो ती जम्मै कुरा उसले मल्लिका देवीलाई सुनायो ।

मल्लिकाको धार्मिक कथा

अनि जहाँ प्रसेनजित कोशलराजा थिए त्यहाँ गई मल्लिका देवीले प्रसेनजित कोशलराजासँग निम्न कुरा सोधिन्—

(क) ''महाराज ! के भन्नुहुन्छ नि ? के तपाइलाई वजिरी[१] कुमारी प्यारी लाग्छे ?''

''प्यारी लाग्छे मल्लिके ! वजिरी कुमारी मलाई प्यारी लाग्छे ।''

''महाराज ! के भन्नुहुन्छ नि ? यदि वजिरी कुमारीको मृत्यु भई, उसबाट तपाइ वियोग हुन परेमा, के तपाइलाई शोक सन्ताप··· दुःख दौर्मनस्य उत्पन्न हुन्छ त ?''

१. राजाकी एक छोरी । म. नि. अ. क. III. पृ. २३७

"मल्लिके ! यदि वजिरी कुमारीको मरण भई, म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोकसन्ताप... नहोला भन्ने कुरै छैन ।"

"महाराज ! यही कारणलाई जानी बुझी भगवान् अरहत् सम्यक् सम्बुद्धले यसो भन्नुभएको हो— प्रेमबाटै शोकसन्ताप...उत्पन्न हुन्छ ।

(ख) "महाराज ! के भन्नुहुन्छ नि ? के तपाइलाई वासभक्षत्रिया प्यारी लाग्छे ?"

"मल्लिके ! प्यारी लाग्छे । वासभक्षत्रिया मलाई प्यारी लाग्छे ।"

"महाराज ! के भन्नुहुन्छ नि ? यदि वासभक्षत्रियाको मरण भई, उसबाट तपाइ विछोड हुनु परेमा, के तपाइलाई शोकसन्ताप... उत्पन्न हुन्छ त ?"

"मल्लिके ! यदि वासभक्षत्रियाको मृत्यु भई, म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोकसन्ताप ... नहोला भन्ने कुरै छैन ।"

"महाराज ! यही कारणलाई जानी बुझी भगवान् अरहत् सम्यक् सम्बुद्धले यसो भन्नुभएको हो— प्रेमबाटै शोकसन्ताप...उत्पन्न हुन्छ ।

(ग) "महाराज ! के भन्नुहुन्छ नि ? के तपाइलाई विडूडभ[१] सेनापति प्यारो लाग्छ ?"

१. वासभक्षत्रियाको तरफबाट जन्मेको कोशलराजाको छोरा ।
म. नि. अ. क. III. पृ. २३८

"मल्लिके ! प्यारो लाग्छ । विडूडभ सेनापति मलाई प्यारो लाग्छ ।"

"महाराज ! के भन्नुहुन्छ नि ? यदि विडूडभ सेनापतिको मरण भई, उसबाट तपाइ बिछोड हुन परेमा, के तपाइलाई शोकसन्ताप··· उत्पन्न हुन्छ त ?

"मल्लिके ! यदि विडूडभ सेनापतिको मृत्यु भई, म उसबाट बिछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोकसन्ताप··· नहोला भन्ने कुरै छैन ।"

"महाराज ! यही कारणलाई जानी बुझी भगवान् अरहत् सम्यक् सम्बुद्धले यसो भन्नुभएको हो— प्रेमबाटै शोकसन्ताप··· उत्पन्न हुन्छ ।

(घ) "महाराज ! के भन्नुहुन्छ नि ? के तपाइलाई म प्यारो लाग्छु ?"

"मल्लिके ! प्यारो लाग्छयौ । तिमी मलाई प्यारो लाग्छयौ ।"

"महाराज ! के भन्नुहुन्छ नि ? यदि मेरो मरण भई, तपाइ मबाट बिछोड हुनुपर्‍यो भने के तपाइलाई शोकसन्ताप··· उत्पन्न हुन्छ त ?"

"मल्लिके ! यदि तिम्रो मरण भई, तिमीबाट म बिछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोकसन्ताप··· नहोला भन्ने कुरै छैन ।"

"महाराज ! यही कारणलाई जानी बुझी भगवान् अरहत्

सम्यक् सम्बुद्धले यसो भन्नुभएको हो— प्रेमबाटै शोकसन्ताप··· उत्पन्न हुन्छ ।

(ङ) "महाराज ! के भन्नुहुन्छ नि ? के तपाइलाई काशी-कोशलनिवासीहरू प्यारा लाग्छन् ?"

"मल्लिके ! प्यारा लाग्छन् । काशी-कोशलनिवासीहरू मलाई प्यारा लाग्छन् । काशी-कोशलहरूको प्रभावले नै हामीले काशीचन्दन प्रत्यनुभव गरिरहेका छौं, माला, गन्ध, विलेपनादि धारण गरिरहेका छौं ।"

"महाराज ! यदि काशी-कोशलनिवासीहरूको मरण भई तपाइ उनीहरूबाट बिछोड हुन परेमा, के तपाइलाई शोकसन्ताप··· उत्पन्न हुन्छ त ?"

"मल्लिके ! यदि काशी-कोशलनिवासीहरूको मृत्यु भई, म उनीहरूबाट बिछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोकसन्ताप··· नहोला भन्ने कुरै छैन ।"

"महाराज ! यही कारणलाई जानी बुझी भगवान् अरहत् सम्यक् सम्बुद्धले यसो भन्नुभएको हो— प्रेमबाटै शोकसन्ताप··· उत्पन्न हुन्छ ।"

"आश्चर्य हो मल्लिके ! अद्भुत हो मल्लिके !! लाग्छ कि वहाँ भगवान्ले प्रज्ञाद्वारा खोतलेर हेर्नु हुन्छ । मल्लिके आऊ ! हात खुट्टा धुनलाई पानी देऊ । (भगवान्लाई नमस्कार गर्न चाहन्छु ,"

अनि प्रसेनजित कोशलराजाले आसनबाट उठी, उत्तरासङ्ग एकांश गरी, भगवान् भएको दिशातिर हेरी, हातजोरी तीनवार उदान

प्रकट गर्दै नमस्कार गरे—

"वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार !! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार !!!"

× × ×

मूल सूत्र :–

१७– एकै धर्मको दुइ अर्थ

श्रावस्तीमै[१]।

प्रसेनजित कोशलराजा भगवान्कहाँ गई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्सँग यस्तो प्रश्न सोधे—

"भन्ते ! त्यस्तो कुनै एक धर्म (कारण) छ कि जसले दुवै अर्थ अँगालेको हुन्छ ?"

"महाराज ! छ। त्यस्तो एक धर्म (कारण) छ जसले— इहलौकिक र पारलौकिक – दुवै अर्थ अँगालिराखेको हुन्छ।"

"भन्ते ! त्यो कुन एक धर्म रहेछ जसले— इहलौकिक र पारलौकिक – दुवै अर्थ अँगालिराखेको छ ?"

१. सं. नि. I. पृ. ८५ : अप्पमादसुत्तं।

"महाराज ! अप्रमाद नै एक त्यस्तो धर्म हो जसले— इहलौकिक र पारलौकिक— दुवै अर्थ अँगालिराखेको हुन्छ। जस्तै कुनै पनि जङ्गम प्राणीहरूको पैताला हस्तिकै पैतालाभित्र पर्छ— जहाँसम्म स्यानो र ठूलोको सवाल छ – हस्तिको पैतालानै सबभन्दा ठूलो देखिन्छ। महाराज ! यस्तै गरी अप्रमाद एकै धर्मले इहलौकिक र पारलौकिक दुवै अर्थ अँगालिराखेको हुन्छ।"

यसपछि भगवान्ले निम्न गाथा भन्नुभयो —

१– "आयुं अरोगियं वण्णं सग्गं उच्चाकुलीनतं।
रतियो पत्थयन्तेन उळारा अपरापरा॥

२– "अप्पमादं पसंसन्ति, पुञ्ञकिरियासु पण्डिता।
अप्पमत्तो उभो अत्थे, अधिग्गण्हाति पण्डितो॥

३– "दिट्ठे धम्मे च यो अत्थो, यो चत्थो सम्परायिको।
अत्थाभिसमया धीरो, पण्डितो ति पवुच्चती'ति।"

अर्थ :—

१, २– "आयु, आरोग्य, वर्ण, स्वर्ग, उच्च कुलीनता र अधिकाधिक सुख प्रार्थना गर्ने पुण्यकार्यमा अप्रमादलाई नै पण्डितहरू प्रशंसा गर्छन्। अप्रमादले दुवै अर्थ अँगालिराखेको हुन्छ।

३– "जसले इहलौकिक र पारलौकिक अर्थ प्राप्त गर्छ उसलाई पण्डित भनी भन्दछन्।"

× × ×

मूल सूत्रः—

१८– द्वितीय-सङ्ग्राम

एक दिन, मगधराजा अजातशत्रु वैदेहीपुत्रले चतुरङ्गिणी सेना तयार गरी काशीगाउँमा हमला गरे[1]।

प्रसेनजित कोशलराजाले पनि, "मगधराजा अजातशत्रु वैदेहीपुत्रले... काशीगाउँमा हमला गरे" भन्ने सुनी... प्रतिहमला गरे। त्यस सङ्ग्राममा प्रसेनजित कोशलराजाले मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई पराजित गरी जिउँदै समाते। त्यस समय प्रसेनजित कोशलराजाको मनमा यस्तो लाग्यो — "यद्यपि यी मगधराजा अजातशत्रु वैदेहीपुत्र विरोध नगर्नेसँग विरोध गर्छन् तथापि यिनी मेरै भानिज नै हुन्। अतः यिनका सबै हस्तिसैन्य, अश्वसैन्य, रथसैन्य र पैदलसैन्य हरण गरी किन यिनलाई जिउँदै छाडि नदिऊँ ?"

यति सोची प्रसेनजित कोशलराजाले, मगधराजा अजातशत्रु वैदेहीपुत्रको सबै हस्तिसैन्य, हरण गरी मगधराजा अजातशत्रुलाई जिउँदै छाडिदिए।

त्यस समय केही भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ श्रावस्तीमा गए। श्रावस्तीमा भिक्षाटन गरिसकेपछि भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्-

---

१. सं. नि. I पृ. ८३ : दुतियसङ्गामसुत्तं।

-लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षु-हरूले भगवान्‌लाई निम्न कुरा बिन्ति गरे—

"भन्ते ! यहाँ मगधराजा अजातशत्रु वैदेहीपुत्रले चतुरङ्गिणी सेना तयार गरी काशीगाउँमा हमला गरे। प्रसेनजित कोशलराजाले पनि, 'मगधराजा अजातशत्रुले हमला गरे' भन्ने सुनी प्रतिहमला गरे। भन्ते ! अनि त्यस सङ्ग्राममा प्रसेनजित कोशलराजाले मगध-राजालाई पराजित गरी जिउँदै समाते। तर त्यसबखत प्रसेनजित कोशलराजाको मनमा, 'यद्यपि यी मगधराजा अजातशत्रु वैदेहीपुत्रले विरोध नगर्नेसँग विरोध गरे, तैपनि यिनी आफ्नै भान्जा हुन्। अतः यिनका सबै सैन्यहरू··· हरण गरी किन यिनलाई जिउँदै छाडि नदिऊँ" भन्ने लागेपछि प्रसेनजित कोशलराजाले··· मगधराजा अजातशत्रुलाई जिउँदै छाडिदिए।"

यी कुरा सुनी त्यसबेला भगवान्‌ले निम्न गाथा भन्नुभयो—

(१) "विलुम्पतेव पुरिसो, यावस्स उपकप्पति।
यदा चञ्ञे विलुम्पन्ति, सो विलुत्तो विलुम्पति[1]॥

(२) "ठानं हि मञ्ञति बालो, याव पापं न पच्चति।
यदा च पच्चति पापं, अथ[2] दुक्खं निगच्छति॥

---

१. बर्मीमा : 'विलुप्पति'।
२. सिंहल र रोमनमा : 'अथ बालो'।

(३) 'हन्ता[१] लभति[१] हन्तारं, जेतारं लभते[२] जयं।
अक्कोसको च अक्कोसं, रोसेतारं च रोसको।
अथ कम्मविवट्टेन, सो विलुत्तो विलुम्पतींति ॥"

अर्थ :—

१– "आफ्नो सामर्थ्य छउन्जेलसम्म पुरुषले अर्काको लुट्छ; जब अरूले पनि लुट्नथाल्छन् तब उसले, लुटीराखेको पनि लुट्छन् ।

२– "जबसम्म पापको फल पाउँदैन तबसम्म मूर्ख ठान्दछ कि 'मैले खूब गरें'; जब पापको फल भोग्ने बेला आउँछ तब अति दुःखी भई बस्छ ।

३– "मार्नेलाई मार्ने भेटिन्छ; विजेतालाई विजेता भेटिन्छ; गालि गर्नेलाई गालि गर्ने भेटिन्छ; क्रोधीलाई क्रोधी नै भेटिन्छ र आफूले गरेको कर्तुको फल भोग्नुपर्दा लुटीराखेको समेत लुटाइन्छ ।"

+ + +

---

१. सिहल र स्याममा : 'लभति हन्ता'।

२. रोमनमा : 'लभति'।

मूल सूत्र :—

१९– कन्जूशको धन राजाले लिन्छ

श्रावस्तीमै[1]।

एक दिन, प्रसेनजित कोशलराजा मध्यान्ह समयमा भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजासँग भगवान्ले सोध्नुभयो—

"महाराज ! कहाँबाट आज यस्तो मध्यान्ह समयमा आउनु भएको ?"

"भन्ते ! यही श्रावस्तीको एक श्रेष्ठी गृहपति परलोक भयो। त्यो निस्सन्तान श्रेष्ठीको सम्पत्ति जम्मै राजान्तःपुरमा भित्र्याइ आउँदैछु। भन्ते ! उसको ८० लाख असर्फी (=हिरण्य) त चोखै थियो। रुपैयाँको त कुरै छैन। (तर भन्ते ! आश्चर्यको कुरा त यो हो कि) त्यो श्रेष्ठी गृहपतिले अलिकता अमिलो खोलेको साथ कनिकाको भात खान्थ्यो। यही नै उसको आहार थियो। उ तीन टुक्रो गाँसेको सन-कपडाको लुगा लगाउँथ्यो। यही नै उसको लुगा थियो। उ पातको छतरी भएको थोत्रो रथमा जान्थ्यो। यही नै उसको रथ थियो।"

"यस्तै हो महाराज ! यस्तै हो ! अभागी मूर्ख पुरुष (=असत्पुरुष) ले ठूलो भोगसम्पत्ति पाएर पनि आफूलाई सुखी र

---

1. सं. नि. I. पृ. ८८ : पठमअपुत्तकसुत्तं।

आनन्दित पार्न सक्दैन; न आमाबाबुलाई सुखी र आनन्दित पार्न सक्छ; न स्त्री-पुरुषहरूलाई सुखी र आनन्दित पार्न सक्छ; न दाश-दाशी कामदारहरूलाई सुखी र आनन्दित पार्न सक्छ; न इष्टमित्रहरूलाई सुखी र आनन्दित पार्न सक्छ; न त श्रमण ब्राह्मणहरूलाई— उर्धगामी स्वर्गीय सुखविपाकी, सुगति पुन्याउने— दान-दक्षिणा नै दिन्छ। राम्रा-सँग सम्पत्तिको उपभोग नगर्नाले उसको धन-सम्पत्ति राजाले पनि हरण गर्छ, चोरले पनि हरण गर्छ, आगोले पनि भष्म पार्दछ, पानीले पनि बगाई लैजान्छ अथवा अप्रिय अनधिकारी पुरुषको हातमा पनि पर्न जान्छ; त्यसै विनाश पनि भएर जान्छ। महाराज ! राम्ररी धनको उपभोग नगर्नाले उसको भोगसम्पत्ति, परिभोग विना नै त्यसै विनाश भएर जान्छ।

"महाराज ! जस्तै कुनै मनुष्य नभएको सुप्रतिष्ठित रमणीय भूमिमा निर्मल शीतल, स्वादिष्ट तथा शुद्ध पानीको पोखरी हुन्छ। तर सो पोखरीबाट कसैले पनि पानी लिदैन, न नुहाउँछ, न कुनै काममा नै प्रयोग गर्दछ। कसैले पनि कुनै काममा पानीको प्रयोग नगरेको हुँदा सो पोखरीको पानी त्यसै खेर जान्छ, सुकेर जान्छ। महाराज ! त्यस्तै अभागी मूर्ख पुरुष (=असत्पुरुष) ले पनि ठूलो भोगसम्पत्ति पाएर पनि आफूलाई सुखी र आनन्दित पार्न सक्दैन, न आमाबाबुलाई नै सुखी र आनन्दित पार्न सक्छ… न त श्रमण ब्राह्मणहरूलाई… दान-दक्षिणा नै दिन्छ। यसरी उसको धनसम्पत्ति परिभोग विना नै राजाले पनि हरण गर्छ… अथवा अप्रिय अनधिकारी पुरुषको हातमा पनि पर्न-

जान्छ; त्यसै विनाश पनि भएर जान्छ ।

"महाराज ! भाग्यवानी पण्डित पुरुष (=सत्पुरुष) ले नै ठूलो भोगसम्पत्ति पाएर आफूलाई पनि सुखी र आनन्दित पार्छ, आमा-बाबुलाई पनि सुखी र आनन्दित पार्छ, स्त्री-पुत्रहरूलाई पनि सुखी र आनन्दित पार्छ, दाश-दाशी कामदारहरूलाई पनि सुखी र आनन्दित पार्छ, इष्टमित्रहरूलाई पनि सुखी र आनन्दित पार्छ र श्रमण ब्राह्मण-हरूलाई पनि — उर्धगामी, स्वर्गीय, सुखविपाकी, सुगतिमा पुऱ्याउने— दान दक्षिणा दिन्छ । राम्रोसँग सम्पत्तिको परिभोग गरेको हुँदा उसको धन न राजाले हरण गर्छ, न चोरले हरण गर्छ, न आगोले डढाउँछ, न पानीले बगाई लैजान्छ, न त अप्रिय अनधिकारी पुरुषहरूका हातमै पर्छ । महाराज ! यसरी धनको परिभोग राम्ररी गर्नाले धनको सदुपयोग गरेको हुन जान्छ, त्यसै विनाश हुन पाउन्न, खेर जान्न ।

"महाराज ! जस्तै कुनै गाउँ वा निगमको नजिक सुप्रतिष्ठित रमणीय भूमिमा निर्मल, शीतल, स्वादिष्ट र स्वच्छ पानी भएको पोखरी हुन्छ । त्यस पोखरीबाट मानिसहरूले पानी लिन्छन्, पिउँछन्, नुहाउँछन् र आवश्यक काममा पनि लगाउँछन् । यसरी पानीको सदुपयोग राम्रो हुन्छ । महाराज ! त्यस्तै गरी यहाँ भाग्यवानी पण्डित पुरुष (=सत्पुरुष) ले ठूलो भोगसम्पत्ति पाएर आफूलाई पनि सुखी र आनन्दित पार्छ, ···र श्रमण ब्राह्मणलाई पनि— उर्धगामी, सुख-विपाकी··· दान दक्षिणा दिन्छ । राम्रोसँग सम्पत्तिको परिभोग गरेको हुँदा उसको धन न राजाले हरण गर्छ··· न अप्रिय अनधिकारी पुरुष-

हरूको हातमै पर्छ । महाराज ! यसरी धनको परिभोग राम्ररी गर्नाले धनको सदुपयोग गरेको हुन जान्छ, त्यसै विनाश हुन पाउन्न, खेर जान्न ।"

यसपछि भगवान्ले निम्न गाथा सुनाउनु भयो—

(१) "अमनुस्सट्ठाने उदकं व सीतं,
तदपेय्यमानं परिसोसमेति ।
एवं धनं कापुरिसो लभित्वा,
नेवत्तना भुञ्जति नो ददाति ॥

(२) "धीरो च विञ्ञू अधिगम्म भोगे,
सो भुञ्जति[1] किच्चकरो च होति ।
सो ञातिसङ्घं निसभो भरित्वा,
अनिन्दितो सग्गमुपेति ठानं'ति ।"

अर्थ—

१– "जस्तै मनुष्य नभएको स्थानमा शीतल पानी कसैले प्युँदै नपिइकन सुक्छ, त्यस्तै अभागी मूर्खले धनसम्पत्ति पाएर पनि, न आफूले भोग गर्छ, न अर्कालाई दिन्छ ।

२– "धीर, विज्ञजन भाग्यवानीले धनसम्पत्ति पाएर आफूले पनि भोग गर्छ, ज्ञातिगणादिलाई पनि पोषण गर्छ; कामकाजमा पनि लगाउँछ र लौकिक निन्दा उपहास विना स्वर्ग पनि पुग्छ ।"

× × ×

१. सिंहलमा : 'भुञ्जती' ।

मूल सूत्र :–

२०– अन्धकारबाट अन्धकारमै

श्रावस्तीमै[1] ।

अनि प्रसेनजित कोशलराजा भगवान्‌कहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशलराजालाई भगवान्‌ले यसो भन्नुभयो—

"महाराज ! यो लोकमा चार प्रकारका मानिसहरू पाइन्छन् । कुन चार भने ?— (१) तमोतमपरायण (=अंध्यारोबाट अँध्यारोमै जाने), (२) तमोज्योतिपरायण (=अँध्यारोबाट उज्यालोमा जाने), (३) ज्योतितमपरायण (=उज्यालोबाट अँध्यारोमा जाने) र (४) ज्योतिज्योतिपरायण (=उज्यालोबाट उज्यालोमै जाने) ।

(१) तमोतमपरायण

"महाराज ! कसरी पुरुष तमोतमपरायण हुन्छ भने ?— यहाँ कुनै पुरुष नीचकुलमा जन्मेको हुन्छ । जस्तै— चण्डालकुलमा, वेणुकुलमा (=वेत तथा बाँसको काम गर्ने), गाँइनेकुलमा, निषादकुलमा, रथकारकुलमा, पुक्कुसकुलमा (ओइलिएको फूल फ्याक्ने काम गर्ने), अथवा कुनै अन्नपान भोजनको दुर्लभ भई केही खोले मात्र खाने

---

१. सं. नि. I. पृ. ९२ : पुग्गलसुत्तं ।

दरिद्रकुलमा । सो पुरुष दुर्वर्ण, नराम्रो, पुड्के, रोगी, कानो, डुंडे, लङ्गडो, लूलो हुन्छ; अन्नपान, वस्त्र, यानवाहन, मालागन्धविलेपन, सुत्ने बस्ने ठाउँ र प्रदीपादि वस्तुहरू अलाभी हुन्छ । उ कायले दुराचरण गर्छ, वचनले दुराचरण गर्छ, मनले दुराचरण गर्छ । उ कायले, वचनले, मनले दुराचरण गरी शरीर छोडी मृत्युपछि अपाय, दुर्गति, विनिपात, नर्कमा उत्पन्न हुन्छ ।

"महाराज ! जस्तै कुनै पुरुष अन्धकारबाट अन्धकारमै लम्किन्छ; तमबाट तममै लम्किन्छ; रगतको मलबाट रगतकै मलमा लम्किन्छ— त्यस्तै सो पुरुषलाई भन्दछु । महाराज ! यसरी पुरुष तमोतमपरायण हुन्छ ।

(२) तमोज्योतिपरायण

"महाराज ! कसरी पुरुष तमोज्योतिपरायण हुन्छ भने ?— यहाँ कुनै पुरुष नीचकुलमा जन्मेको हुन्छ । जस्तै चण्डालकुलमा, ...अथवा कुनै अन्नपान भोजनको दुर्लभ भई केही खोलेमात्र खाने दरिद्रकुलमा । सो पुरुष दुर्वर्ण, ...लूलो हुन्छ; अन्नपान,... सुत्ने बस्ने ठाउँ र प्रदीपादि वस्तुहरू अलाभी हुन्छ । उ कायले सदाचरण गर्छ, वचनले सदाचरण गर्छ, मनले सदाचरण गर्छ । उ काय, वचन, मनले सदाचरण गरी शरीर छोडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ ।

"महाराज ! जस्तै कुनै पुरुष भुइँबाट पलङ्गमा, पलङ्गबाट घोडामा, घोडाबाट हात्तीमा, हात्तीबाट प्रासादमा चढ्दछ— त्यस्तै सो पुरुषलाई भन्दछु । महाराज ! यसरी पुरुष तमोज्योतिपरायण हुन्छ ।

(३) ज्योतितमपरायण

"महाराज ! कसरी पुरुष ज्योतितमपरायण हुन्छ भने ?— यहाँ कुनै पुरुष उच्चकुलमा जन्मेको हुन्छ । जस्तै — क्षत्रीय महाशाल[1] कुलमा, ब्राह्मण महाशाल[1] कुलमा, गृहपति महाशाल[2] कुलमा; धनी महाधनी, महाभोगी, सुनचाँदी रुपैयाँ प्रसस्त हुने, धनको उपकरणहरू परिपूर्ण हुने र प्रसस्त धनधान्य हुने कुलमा । सो पुरुष अभिरूप, दर्शनीय, प्रासादिक (= देख्दा प्रसन्न हुने), परम वर्ण सुन्दरताले युक्त भएको हुन्छ । अन्नपान, वस्त्र, यानवाहन, मालागन्ध-विलेपन, सुत्ने-बस्ने ठाउँ र प्रदीपादि वस्तुहरू लाभी हुन्छ । उ कायले दुराचरण गर्छ, वचनले दुराचरण गर्छ, मनले दुराचरण गर्छ । उ काय, वचन, मनले दुराचरण गरी, शरीर छोडी मृत्युपछि, अपाय, दुर्गति, विनिपात, नर्कमा उत्पन्न हुन्छ ।

"महाराज ! जस्तै कुनै पुरुष प्रासादबाट हात्तीमा, हात्तीबाट घोडामा, घोडाबाट पलङ्गमा र पलङ्गबाट भुइँमा ओर्ली, भुइँबाट अन्धकारतिर लम्किन्छ । त्यस्तै सो पुरुषलाई भन्दछु । महाराज ! यसरी पुरुष ज्योतितमपरायण हुन्छ ।

---

१. हेर माथि पृ. १९२ को पादटिप्पणीमा ।

२. हेर माथि पृ. १९३ को पादटिप्पणीमा ।

(४) ज्योतिज्योतिपरायण

"महाराज ! कसरी पुरुष ज्योतिज्योतिपरायण हुन्छ भने ?— यहाँ कुनै पुरुष उच्चकुलमा जन्मेको हुन्छ । जस्तै — क्षत्रीय महाशाल कुलमा,··· । सो पुरुष अभिरूप,··· सुन्दरताले युक्त भएको हुन्छ। अन्नपान, ···प्रदीपादि वस्तुहरू लाभी हुन्छ । उ कायले सदाचरण गर्छ, वचनले सदाचरण गर्छ, मनले सदाचरण गर्छ । उ काय, वचन, मनले सदाचरण गरी शरीर छोडी, मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ ।

"महाराज ! जस्तै कुनै पुरुष पलङ्गबाट पलङ्गमै जान्छ, घोडाबाट घोडामै जान्छ, हात्तीबाट हात्तीमै जान्छ, अथवा प्रासादबाट प्रासादमै जान्छ; त्यस्तै सो पुरुषलाई भन्दछु । महाराज ! यसरी पुरुष ज्योतिज्योतिपरायण हुन्छ ।

"महाराज ! यिनै चार प्रकारका मानिसहरू यो लोकमा पाइन्छन् ।"

यसपछि भगवान्‌ले पुनः गाथा सुनाउनु भयो—

(१) "दलिद्दो पुरिसो राज, अस्सद्धो होति मच्छरी ।
कदरियो पापसङ्कप्पो, मिच्छादिट्ठि अनादरो ॥

(२) "समणे ब्राह्मणे वा पि, अञ्ञे वा पि वनिब्बके।
अक्कोसति परिभासति, नत्थिको होति रोसको ॥

(३) "ददमानं निवारेति, याचमानन भोजनं।
तादिसो पुरिसो राज, मीयमानो जनाधिप।
उपेति निरयं घोरं, तमोतमपरायनो ॥

(४) "दलिद्दो पुरिसो राज, सद्धो होति अमच्छरी।
ददाति सेट्ठसङ्कप्पो, अब्यग्गमनसो नरो ॥

(५) "समणे ब्राह्मणे वा पि, अञ्ञे वा पि वनिब्बके।
उट्ठाय अभिवादेति, समचरियाय सिक्खति ॥

(६) "ददमानं न वारेति[1], याचमानान भोजनं।
तादिसो पुरिसो राज, मीयमानो जनाधिप।
उपेति तिदिवं ठानं, तमोजोतिपरायनो ॥

(७) "अड्ढो चे[2] पुरिसो राज, अस्सद्धो होति मच्छरी।
कदरियो पापसङ्कप्पो, मिच्छादिट्ठि अनादरो ॥

(८) "समणे ब्राह्मणे वा पि, अञ्ञे वा पि वनिब्बके।
अक्कोसति परिभासति, नत्थिको होति रोसको ॥

---

१. सिंहल मा : 'निवारेति।

२. रोमनमा : 'वे'; सिंहलमा : 'च'।

(९) "ददमानं निवारेति, याचमानान भोजनं।
तादिसो पुरिसो राज, मीयमानो जनाधिप।
उपेति निरयं घोरं, जोतितमोपरायनो॥

(१०) "अद्धो चे पुरिसो राज, सद्धो होति अमच्छरी।
ददाति सेट्ठसङ्कपो, अब्यग्गमनसो नरो॥

(११) "समणे ब्राह्मणे वा पि, अञ्ञे वा पि वनिब्बके।
उट्ठाय अभिवादेति, समचरियाय सिक्खति॥

(१२) "ददमानं न वारेति, याचमानान भोजनं।
तादिसो पुरिसो राज, मीयमानो जनाधिप।
उपेति तिदिवं ठानं, जोतिजोतिपरायनो'ति।"

अर्थ :—

१, २– "महाराज! यहाँ दरिद्र पुरुष अश्रद्धालु, कञ्जूस, महालोभी, पापसङ्कल्पी, मिथ्यादृष्टिक भई श्रमण ब्राह्मणलाई अथवा अन्य याचकलाई अनादर गर्छ, गालि गर्छ, परिभाष गर्छ, नास्तिक भई, क्रोधी हुन्छ।

३– "महाराज! जुन पुरुषले मागनेलाई भिक्षा भोजन दानदिनबाट रोक्छ, त्यस्तो पुरुष मृत्युपछि घोर नरकमा जान्छ र तमोतम-परायण हुन्छ।

४– "महाराज ! यहाँ कुनै पुरुष दरिद्र हुन्छ तर श्रद्धालु, निर्लोभी, व्याकुल नभई श्रेष्ठ संकल्प लिई दान दिन्छ ।

५– "श्रमण ब्राह्मण अथवा याचकलाई पनि आसनबाट उठी अभिवादन गरी सदाचार देखाउँछ ।

६– "महाराज ! जुन पुरुषले माग्नेलाई भिक्षा भोजन र दान-दिनबाट रोक्दैन, त्यस्तो पुरुष सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ र तमो-ज्योतिपरायण हुन्छ ।

७, ८– "महाराज ! धनी महाधनी भएता पनि अश्रद्धालु, महाकञ्जूस, महालोभी, पापसङ्कल्पी, मिथ्यादृष्टिक भई श्रमण ब्राह्मण-लाई अथवा अन्य याचकलाई अनादर गर्छ, गालि गर्छ, परिभाष गर्छ, नास्तिक भई क्रोधी हुन्छ ।

९– " महाराज ! जुन पुरुषले माग्नेलाई भिक्षा भोजन दान-दिनबाट रोक्छ त्यस्तो पुरुष मृत्युपछि घोर नरकमा जान्छ र ज्योति-तमपरायण हुन्छ ।

१०– "महाराज ! धनी महाधनी, श्रद्धालु, निर्लोभी पुरुषले व्याकुल नभई श्रेष्ठ संकल्पी भई दान दिन्छ ।

११– "श्रमण ब्राह्मण अथवा अरू कुनै याचकलाई पनि आसन-बाट उठी अभिवादन गरी सदाचार देखाउँछ ।

१२– "महाराज ! जुन पुरुषले माग्नेलाई दानदिनबाट रोक्दैन त्यस्तो पुरुष सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ र ज्योतिज्योतिपरायण हुन्छ ।"

× × ×

मूल सूत्र :–

२१–दुःखदायी तीन धर्म

श्रावस्तीमै[1] ।

एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवानसंग यस्तो प्रश्न सोधे –

"भन्ते ! यो लोकमा कतिधर्म उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छ ?"

"महाराज ! यो लोकमा तीनधर्म उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छ । कुन तीन भने ?—महाराज ! लोभधर्म उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छ । द्वेषधर्म उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छ । मोहधर्म उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छ ।

"महाराज ! यिनै तीन धर्महरू लोकमा उत्पन्न हुँदा अहित, दुःख र कष्ट हुन्छन् ।"

पुनः निम्न गाथा भन्नु भयो –

"लोभो दोसो च मोहो च, पुरिसं पापचेतसं ।
हिंसन्ति अत्तसम्भूता, तचसारं व सम्फलं'ति ॥

---

१. सं. नि. I. पृ. ९७: लोकसुत्तं ।

अर्थ :—

"केराको बोटले केरा फलाए पछि आफै नष्ट हुने जस्तै लोभ, द्वेष, मोह र पुरुषको जो पापचेतना आफूमा उत्पन्न हुन्छ, उसले आफैलाई नष्ट पार्छ।"

× × ×

मूल सूत्र :—

२२–जरामरणबाट कोही पनि मुक्तछन

श्रावस्तीमै[1]।

एक छेउमा बसेका प्रसेनजित कोशलराजासँग भगवान्‌ले सोध्नु भयो —

"महाराज कहाँबाट आज मध्याह्न समयमा आउनु भएको?"

"भन्ते! ऐश्वर्यद्वारा मदमत्त भएका, कामविषयमा प्रलोभित भएका, जनपदरक्षा गर्ने काममा लागेका मूर्धाभिशिक्त क्षत्रीराजाहरू ठूलो पृथ्वीभाग विजय गरी जुन काममा फसेका हुन्छन्, त्यस्तै काममा म पनि फसेको थिएँ।"

१. सं. नि. I. पृ. ९९: पब्बतूपमसुत्तं।

"महाराज ! भनौंकि यहाँ तपाइको कुनै विश्वासी, विश्वासपात्र पुरुष पूर्वदिशाबाट तपाइकहाँ आई यसो भन्दछ—'महाराज! तपाइलाई थाहाछ कि म पूर्वदिशाबाट आउँदैछु । मैले त्यहाँ देखें कि मेघसमान विशालपर्वत सबैप्राणीहरूलाई पिस्दै आइरहेको । अब जे उचित सम्झनु हुन्छ, गर्नु होस् ।' अनि दोश्रो पुरुष पश्चिमदिशाबाट आउँछ..., तेश्रो पुरुष उत्तरदिशाबाट आउँछ...,चौथो पुरुष दक्षिणदिशाबाट आउँछ । उ तपाइकहाँ आई भन्दछ—'महाराज! तपाइलाई थाहा छ कि म दक्षिण-दिशाबाट आउँदैछु । मैले त्यहाँ देखें कि मेघसमान विशालपर्वत सबै प्राणीहरूलाई पिस्दै आइरहेको । अब जे उचित सम्झनु हुन्छ, गर्नु होस् ।' महाराज ! यस्तो दुर्लभ मनुष्यत्व विनाश हुने दारुण्य महाभय आइपर्दा के गर्नु उचित होला ?"

"भन्ते ! यस्तो दुर्लभ मनुष्यत्व विनाश हुने दारुण्य महाभय आइपर्दा धर्मचर्या, समचर्या, तथा कुशलचर्या गर्नु बाहेक अरू के गर्नु उचित होला र !"

"यदि यसो हो भने, महाराज ! म तपाइलाई भन्दछु. संझाउँछु कि तपाइलाई जरामरणले छोपिरहेछ। महाराज ! जरामरणले छोपि-रहेको बेलामा के गर्नु उचित होला ?"

"भन्ते ! यदि जरामरणले छोपिरहेछ भने धर्मचर्या, समचर्या, तथा कुशलचर्या बाहेक अरू के गरौं । भन्ते ! ऐश्वर्यद्वारा मदमत्त भएका कामविषयमा प्रलोभित भएका जनपदरक्षा गर्ने काममा लागेका मूर्धा-

भिशिक्त क्षत्रीराजाहरू ठूलो पृथ्वीभाग विजय गरी जुन काममा फसेका हुन्छन् उनीहरू हस्तियुद्ध···अश्वयुद्ध···रथयुद्ध···र पैदल सेनायुद्ध पनि गर्न सक्ने हुन्छन् । तैं पनि उनीहरूले जरामरणबाट मुक्त हुने कुनै त्राण पाउन सक्दैनन्, कुनै बच्ने ठाउँ पनि पाउन सक्दैनन् ।

"भन्ते ! यो राजकुलमा त्यस्ता मन्त्रजान्ने महामात्यहरू पनि छन् जसले आएका शत्रुहरूलाई मन्त्रबलले भगाई पठाउन सक्छन् । ती मन्त्रयुद्ध गर्न सामर्थ्य हुनेले पनि जरामरणबाट मुक्त हुने कुनै त्राण पाउन सक्दैनन्, कुनै बच्ने ठाउँ पनि पाउँन सक्दैनन् ।

"भन्ते ! यो राजकुलमा त्यस्ता महामात्यहरू पनि छन् जसले प्रसस्त मात्रामा हिरण्य सुवर्णहरू भूमीमा राखेका हुन्छन्, आकाशादि वृक्षमा राखेका हुन्छन् ।'आएका शत्रुलाई पनि हामीहरूले, धनको बलले फर्काएर पठाउन सक्छौं' भनी भन्ने ती धनयुद्ध गर्न सामर्थ्य हुनेले पनि जरामरणबाट मुक्त हुने कुनै त्राण पाउन सक्दैनन्, कुनै बच्ने ठाउँ पनि पाउँन सक्दैनन् ।

"भन्ते ! त्यसो हुनाले जरामरणले छोपेर ल्याउँदा धर्मचर्या, समचर्या तथा कुशलचर्या बाहेक अरू गर्ने नै के छ र !"

"यस्तै हो महाराज ! यस्तै हो । जरामरणले छोपेर ल्याउँदा धर्मचर्या, समचर्या तथा कुशलचर्या बाहेक अरू के गर्ने नै छ र ।"

यस पछि भगवान्ले निम्न गाथा भन्नु भयो ·

(१)—"यथा पि सेला[1] विपुला, नभं[2] आहच्च[2] पब्बता।
समन्तानुपरियायेय्युं[3], निप्पोथेन्तो[4] चतुद्दिसा॥

(२)—"एवं जरा च मच्चु च, अधिवत्तन्ति पाणिनो[5]।
खत्तिये ब्राह्मणे वेस्से, सुद्दे चण्डालपुक्कुसे॥
न किञ्चि परिवज्जेति, सब्बमेवाभिमद्दति।
न तत्थ हत्थीनं[6] भूमि, न रथानं न पत्तिया॥

(३)—"न चा पि मन्तयुद्धेन, सक्का जेतुं धनेन वा।
तस्मा हि पण्डितो पोसो, सम्पस्सं अत्थमत्तनो॥

(४)—"बुद्धे धम्मे च सङ्घे च, धीरो सद्धं निवेसये।
यो धम्मं[7] चरि[7] कायेन, वाचाय उद चेतसा।
इधेव[8] नं पसंसन्ति, पेच्च[9] सग्गे पमोदती'ति॥

---

१. स्याममा: 'सेसा'।

२. रोमनमा: 'नभमाहच्च'।

३. सिंहल, स्याम रोमनमा: '... परियेय्यु'।

४. स्याममा: 'निप्पोथेन्ता'; रोमनमा: 'निप्फोटेन्तो'; सिंहलमा: 'निप्फोठेन्ता'।

५. बर्मीमा: 'पाणिने'।

६. सिंहलमा: 'हत्थिन'।

७. सिंहल, स्याम, रोमनमा: 'धम्मचारी'।

८. सिंहलमा: 'इधचेव'।

९. रोमनमा: 'पच्च'।

अर्थ :—

१,२—"जस्तै ठुल-ठूला ढुंगाको चट्टान, गगनचुम्बि पर्वत चारैंतिरबाट चारैदिशालाई पिस्दै आउँछ, त्यस्तै जरामरणले प्राणीहरूलाई पिस्दछ। क्षत्री, ब्राह्मण, वैश्य, शूद्र, चण्डाल तथा पुक्कुसादि कसैलाई पनि छाडदैन, यसले सबैलाई मर्दन गर्छ। न यसलाई हात्तीले रोक्न सकिन्छ, न रथले, न त पैदल सेनाले नै;

३,४—"न त मन्त्र-युद्धले, न धनले नै जित्न सकिन्छ। त्यसैले पण्डितहरूले, आफ्नो हितको कुरालाई ध्यानमाराखी बुद्ध, धर्म तथा सङ्घमाथि बुद्धिमानितापूर्वक श्रद्धा राख्नुपर्छ। जसले काय-वाक्-चित्तले धर्माचरण गर्छ, उ यहाँ पनि प्रशंसित हुन्छ, पछि स्वर्गमा पनि प्रमुदित हुन्छ।"

× × ×

मूल सूत्र :—

२३–बज्यैको मृत्यु

श्रावस्तीमै[१]।

एक छेउमा बसेका प्रसेनजित कोशलराजासँग भगवान्‌ले सोध्नु भयो —

---

१. सं. नि. I. पृ. ९६: अय्यिकासुत्तं।

"महाराज ! कहाँबाट आज दिनको मध्यान्ह समयमै आउनु भएको ?"

"भन्ते ! वैंसबितिसकेकी, उमेर पुगिसकेकी अर्थात् एकशय-बीसवर्ष पुगेकी मेरी बुढी भइसकेकी बज्यैको मृत्यु भयो। मेरी बज्यैलाई म सारै प्यारो गर्दथिएँ। सारै माया गर्दथें। भन्ते ! यदि हस्तिरत्न दिदा मेरी बज्यैको मृत्यु नहुने भए हस्तिरत्न पनि दिने थिएँ। यदि अश्वरत्न दिदा मेरी बज्यैको मृत्यु नहुने भए अश्वरत्न पनि दिने थिएँ। यदि गाउँ-वर दिदा मेरी बज्यैको मृत्यु नहुने भए गाउँ-वर पनि दिने थिएँ। यदि जनपद-वर दिदा मेरी बज्यैको मृत्यु नहुने भए जनपद-वर पनि दिने थिएँ।"

"महाराज ! सबै सत्वहरू मरणस्वभावका हुन्, मरणबाटै अन्त हुन्छन्, मरणबाट कोही पनि बच्न सक्तैनन्।"

"आश्चर्य भन्ते ! अद्‌भुत भन्ते !! कति सत्य कुरा भन्नु भएको, जो कि–सबै सत्वहरू मरणस्वभावका हुन्, मरणबाटै अन्त हुन्छन्, मरणबाट कोही पनि बच्न सक्तैनन् !"

"यस्तै हो महाराज ! यस्तै हो। सबै सत्वहरू मरणस्वभावका हुन्, मरणबाटै अन्त हुन्छन्, मरणबाट कोही पनि बच्न सक्तैनन् ! महाराज ! जस्तै कुनै कुमालेको माटाका काँचो वा पाकेका भाँडाहरू सबै फुटने स्वभावका हुन्छन्; फुटाइबाट अन्त्य हुन्छ; फुट्‌नुबाट कुनै पनि बच्न सक्तैन। महाराज ! त्यस्तै गरी सबै सत्वहरू मरणस्वभावका हुन्, मरणबाटै अन्त्य हुन्छन् र मरणबाट कोही पनि बच्न सक्तैनन्।"

अनि भगवान्‌ले गाथा भन्नु भयो —

(१)– "सब्बे सत्ता मरिस्सन्ति, मरणन्तं हि जीवितं ।
यथाकम्मं गमिस्सन्ति, पुञ्ञपापफलूपगा ॥

(२)—"निरयं पापकम्मन्ता, पुञ्ञकम्मा च सुग्गतिं ।
तस्मा करेय्य कल्याणं, निचयं सम्परायिकं ।
पुञ्ञानि परलोकस्मिं, पतिट्ठा होन्ति पाणिनं'ति ॥"

अर्थ :—

१—"सबै सत्वहरू मर्ने छन्, जीवनको अन्त्य नै मरण हो । मरण पछि पुण्यपापको फल अनुरूप आफ्नो कर्मानुसार जाने छन् ।

२—"पापीहरू नरकमा र पुण्यात्माहरू स्वर्गमा जाने छन् । त्यसैले सम्परायिक सम्पत्ति कमाउँदै पुण्यकार्य गर । परलोकको निमित्त प्राणीहरूको प्रतिष्ठा नै पुण्य हो ।"

× × ×

मूल पालि :—

२४–सङ्घलाभ

त्यस समय विशाखा मृगारमाताले सङ्घको निम्ति आलिन्द (=दलान, पेटी, बरेन्डा) सहितको हस्तिनख प्रासाद अर्थात्

हात्तीको खुट्टा जस्तै लट्ठा भएको घर बनाउन चाहेकी थिइन्[१]। अनि भिक्षुहरूको मनमा यस्तो लाग्यो—"भगवान्ले प्रासाद परिभोग गर्ने अनुमति दिनु भएको छ कि छैन ?" यो कुरा भगवान्लाई सुनाए। त्यसपछि भगवान्ले आज्ञा दिनु भयो—

"भिक्षुहो ! सबै प्रकारका प्रासादहरू परिभोग गर्ने अनुमति दिन्छु।"

त्यस बखत प्रसेनजित कोशलराजाको बज्यै (अय्यका, अय्यिका) परलोक भएकी थिइन्। उनको मरण पछि सङ्घलाई धेरै अकप्पिय (=अभोग्य, अयोग्य) वस्तुहरू प्राप्त भएका थिए। जस्तै—आसन्दि (=ठूलो मेच), पलङ्ग, गोनक (=लोमसहितको ऊनको कपडा), चित्तक (=बुट्टा भएको कपडा), पटिक (=सेतो कपडा), पटलिका (=बाक्लो ऊनको रक्तवर्णको कपडा), तूलिक (=कपासको डसना), विकतिक (=सिंह ब्याघ्रादिहरूको चित्र भएको ऊनको कपडा), उद्दलोम (=रौंको झल्लर भएको कपडा), एकन्तलोमिक (=एकातिर मात्र झल्लर भएको ऊनीको ओढने कपडा), कटिस्स (=कार्चोप भरिएको रेशमको कपडा), कोसेय्य (=जरि भरिएको रेशमको कपडा), कुत्तक (=दरी), हत्थत्थर (=हात्तीमा बछ्याउने कपडा), अस्सत्थर (=घोडामा बछ्याउने कपडा) रथत्थर (=रथमा बछ्याउने कपडा), अजिनप्पवेणि (=बोकाको छालाको कपडा), कदलिमृग-प्रवर-प्रस्तरण (=मृगचर्मादिको

१. चुल्ल. व. पृ. २६५: सङ्घिकवत्थु, सेनासनवखन्धकं।

बछ्याउन Bed Sheet), उत्तरच्छद (=माथि छोप्ने कपडा, Bed Cover), खाटको दुवैपट्टि राख्ने रक्तवर्ण तकिया ।

भिक्षुहरूले यी वस्तुहरू परिभोग गर्न हुन्छ कि हुँदैन भन्नेबारे भगवान्सँग सोधे । अनि भगवान्ले यसो भन्नु भयो —

"भिक्षुहो ! मेचको खुट्टाकाटी परिभोग गर्ने; पलङ्गको बार भाँची परिभोग गर्ने; डसनाको जटा छुटयाई तकिया बनाउने र बाँकी कपडाहरू भुईंमा बछ्याउने गरी परिभोग गर्ने अनुमति दिन्छु ।"

× × ×

मूल पालि : —

२५–सत्रवर्गीय भिक्षुहरू

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो[१] ।

त्यस बखत सत्रवर्गीय[२] भिक्षुहरू अचिरवती नदीमा पौडी खेलिरहेका थिए । त्यस बखत प्रसेनजित कोशलराजा प्रासादको माथिल्लो तलामा मल्लिकादेवीसँग बसेका थिए । अनि प्रसेनजित कोशल

---

१. पाचि. पृ. १५३: उदकेहसधम्मे, तेपञ्ञासमपाचित्तियं ।

२. सत्रजनाको समुहभई एकसाथ प्रव्रजित भएका हुँदा यिनीहरू सबैलाई वा केहीलाई 'सत्रवर्गीय' भनिएको हो । महा. व.पृ. ८०: उपालिदारकवत्थु ।

राजाले सत्रवर्गीय भिक्षुहरू अचिरवती नदीमा पौडी खेलिरहेका देखेर मल्लिका देवीलाई भने—

"हेर मल्लिके ! यी अरहत् भिक्षुहरू पानीमा खेलिरहेका !"

"महाराज ! अवश्य नै भगवान्ले शिक्षापद (नियम) बनाउनु भएको छैन होला। यी भिक्षुहरू पनि अल्पज्ञ (अज्ञानी) हुन सक्छन्।"

अनि प्रसेनजित कोशलराजाको मनमा त्यसबेला यस्तो लाग्यो—

"कुन उपायद्वारा भगवान्ले यी भिक्षुहरू पौडी खेलिरहेका कुरा थाहा पाउन् र ? मैले पनि भगवान्लाई भन्नु न परोस्।"

यति मनमा सोची प्रसेनजित कोशलराजाले ती सत्रवर्गीय भिक्षुहरूलाई बोलाउन पठाई एक ठूलो मधुपिण्ड (= लड्डू) दिएर—"भन्ते ! यो मधुपिण्ड भगवान्लाई चढाइदिनुहोस्" भनी भने।

सत्रवर्गीय भिक्षुहरूले, सो मधुपिण्ड लिएर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई, भगवान्लाई बिन्ति गरे—"भन्ते ! यो मधुपिण्ड प्रसेनजित कोशलराजाले भगवान्लाई चढाइ पठाएको हो।"

"भिक्षुहो ! तिमीहरूलाई राजाले यो मधुपिण्ड कहाँ दिए ?"

"भन्ते ! अचिरवती नदीमा पौडी खेलिरहँदा।"

यति कुरा सुनी भगवान्ले तिनीहरूलाई धिक्कार्दै—"मोघपुरुष ! तिमीहरूले प्रतिकूल काम गऱ्यौ...कसरी तिमीहरू पानीमा खेलिरहेका ? तिमीहरूका यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्नपार्न सक्छ, न प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सक्छ बल्कि...कुनै कुनै प्रसन्न हुनेको

प्रसन्नतालाई समेत अन्यथा पार्न सक्छ" भन्नु भयो···। अनि भगवान्ले, त्यसोभए भिक्षुहो ! तिमीहरूले यस्तो शिक्षापद (नियम) सिक्नुपर्छ—

"पानीमा खेलवाड गर्दा पाचित्तिय दोष लाग्नेछ ।"

× × ×

मूल पालि :–

२६–थुल्लनन्दा भिक्षुणीसँग (क)

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो[1] ।

त्यस बखत थुल्लनन्दा भिक्षुणी बहुश्रुत, व्यक्त कथिका, विशारद तथा धर्मकथा भन्नमा पटु थिइन् । एक दिन, प्रसेनजित कोशलराजा गर्मीको समयमा बहुमूल्य रेशमको कपडा ओढी जहाँ थुल्लनन्दा भिक्षुणी थिइन् त्यहाँ गए । त्यहाँ पुगेपछि थुल्लनन्दा भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशलराजालाई थुल्लनन्दा भिक्षुणीले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पारिन् । प्रसेनजित कोशलराजा पनि थुल्लनन्दा भिक्षुणीको धार्मिक कथाद्वारा सन्दर्शित ··· सम्प्रहर्षित भई थुल्लनन्दा भिक्षुणीलाई भने –"आर्या ! के चाहनुहुन्छ भन्नुहोस् ।"

१. पाचि. पृ. ३४९: लहुपावुरणचेतापने, बारसमनिस्सग्गियं, भिक्खुनीविभङ्गो ।

रेशमको कपडा मागिन्

"महाराज ! यदि दिनचाहनु हुन्छ भने (तपाइको) यो रेशमको कपडा दिनुहोस् ।"

अनि प्रसेनजित कोशलराजा, थुल्लनन्दा भिक्षुणीलाई रेशमको ओढने कपडा दिई आसनबाट उठी अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

यो कुरा सुनी मानिसहरू कराउन थाले, खिन्न हुन थाले, र धिक्कार्न थाले—"यी भिक्षुणीहरू कति महाभिलाषिनी, कति असन्तुष्टिनी हुन् ! कसरी राजासँग रेशमको ओढने कपडा मागेर लिनसकिन् !" मानिसहरू कराएका ... भिक्षुणीहरूले सुने । जो भिक्षुणीहरू अल्पेच्छी थिए ... तिनीहरू पनि कराउन थाले ... धिक्कार्न थाले—"कसरी थुल्लनन्दा भिक्षुणीले राजासँग रेशमको ओढने कपडा मागेर लिनसकिन् !" अनि यो प्रवृत्ति तिनीहरूले भिक्षुहरूलाई सुनाए । भिक्षुहरूले भगवान्-लाई सुनाए । अनि भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा भिक्षुसङ्घ एकत्रित गरी धार्मिककथा सुनाई भिक्षुहरूसँग सोध्नु भयो —

"भिक्षुहो ! के थुल्लनन्दा भिक्षुणीले राजासँग रेशमको ओढने कपडा मागेर लिएकी साँच्चै हो ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्ले धिक्कार्दै – "थुल्लनन्दा भिक्षुणीले प्रतिकूल काम गरिन्...गर्नु नहुने काम गरिन्; कसरी थुल्लनन्दा भिक्षुणीले राजासँग

रेशमको ओढने कपडा मागेर लिनसकिन् ? यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सकिन्छ,…बल्कि यस कार्यद्वारा…कुनै कुनै प्रसन्न हुनेको प्रसन्नतालाई समेत अन्यथा पार्न सकिन्छ" भन्नु भयो ।

यसपछि भगवान्‌ले… दुर्भरताको… निन्दा गर्नु भई; अनेक प्रकारले सुभरताको… प्रशंसा गर्नु भई,… भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! त्यसो भए भिक्षुणीहरूले यस्तो शिक्षापद सिक्नुपर्छ— 'गर्मीमा ओढ्ने कपडा विज्ञापनगर्नेले[1] साढेदुइ कस[2]सम्मको कपडा विज्ञापन गर्नु पर्छ । त्यसभन्दा बढी जाने विज्ञापन गरेमा (मागेमा) निस्सग्गिय[3] (=नैसर्गीय) पाचित्तिय दोष लाग्नेछ' ।"

× × ×

---

१. आफ्नो निमित्त कुनै खान-पान तथा अरू कुनै वस्तुहरू माग्नु, वनाईदेऊ भन्नु, वचन प्रकट गर्ने इत्यादिलाई 'विज्ञापन' भन्दछन् । भिक्षु भिक्षुणीहरूले वचन प्रकट गरी माग्न हुन्न ।

२. सोह्र कर्षापणको चतुर्कंस हुने नियमानुसार २॥ कंसको दश कर्षापण हुन्छ ।

३. कुनै कपडा नियम प्रतिकूल भएमा कुनै भिक्षुले वा भिक्षुणीले कुनै भिक्षु वा भिक्षुणीलाई विधिवत् छाडी दिनुपर्छ । यसप्रकारको क्रियालाई 'नैसर्गीय' भन्दछन् ।

मूल पालिः—

२७– चित्र-प्रदर्शनी

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[१] ।

त्यसबखत प्रसेनजित कोशलराजाको उद्यान-क्रीडाघरमा खूब राम्रा राम्रा चित्रहरू लेखिएका थिए । धेरै मानिसहरू चित्रागार हेर्न जान्थे । छ वर्गीय भिक्षुणीहरू पनि चित्रागार हेर्न गए । मानिसहरू कराउन थाले,… "कसरी यी भिक्षुणीहरू पनि गृहस्थीनी कामभोगीहरू झैं चित्रागार हेर्न जान्छन् !" ती मानिसहरू कराएका भिक्षुणीहरूले सुने । जो भिक्षुणीहरू अल्पेच्छी थिए… तिनीहरू पनि कराउन थाले… धिक्कार्न थाले— "कसरी छ वर्गीय भिक्षुणीहरू चित्रागार हेर्न जान्छन् !" अनि यो प्रवृत्ति तिनीहरूले भिक्षुहरूलाई सुनाए । भिक्षुहरूले भगवान्लाई सुनाए । अनि भगवान्ले… भिक्षुहरूसँग सोध्नुभयो—

---

१. पाचि. पृ. ४०७ : चित्तागारदस्सने, एकचत्तारीसमपाचित्तियं, भिक्खुनीविभङ्गो ।

"भिक्षु हो ! के छ वर्गीय भिक्षुणीहरू चित्रागार हेर्न गएका साँच्चै हो ?"

"साँच्चै हो, भगवान् !"

भगवान्ले धिक्कार्दै — "छ वर्गीय भिक्षुणीहरूले प्रतिकूल काम गरे··· गर्न नहुने काम गरे; कसरी छ वर्गीय भिक्षुणीहरू चित्र प्रदर्शनी हेर्न गए ? यस कार्यद्वारा··· कुनै कुनै प्रसन्न हुनेको प्रसन्नता-लाई समेत अन्यथा पार्नसक्छ" भन्नुभयो ।

यसपछि भगवान्ले··· दुर्भरताको··· निन्दा गर्नु भई;··· भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षु हो ! त्यसो भए भिक्षुणीहरूले यस्तो शिक्षापद सिक्नु-पर्छ — 'जुन भिक्षुणीहरू राजागारमा, चित्रागारमा, आराम (=क्रीडा-स्थल) मा, उद्यानमा अथवा पोखरीमा (प्रदर्शनी आदि) हेर्न जान्छन् उनीहरूलाई पाचित्तिय दोष लाग्नेछ ।"

× × ×

मूल पालि –

२८– आयुष्मान् उपनन्द

यस समय आयुष्मान् उपनन्द शाक्यपुत्रले प्रसेनजित कोशलराजालाई पहिलो वर्षावास[1] बस्ने वचन दिनुभएको थियो[2]। उपनन्द शाक्यपुत्र वर्षावास गर्नकोलागि आवास[3]मा जाँदा बीच बाटोमा दुइ आवासहरू देख्नुभयो, जहाँ चीवरहरू धेरै थिए । अनि उनको मनमा यस्तो लाग्यो — "यी दुवै आवासहरूमा किन वर्षावास नगरौं ? यस-प्रकार मलाई धेरै चीवरहरू मिल्नेछन् ।" अनि उनले ती दुवै आवास-हरूमा वर्षावास गरे ।

---

१. पूरा तीन महिना वर्षाद समय भिक्षुहरू एक ठाउँमा बस्नुपर्छ । यस्तो बसाइलाई 'वर्षावास' भन्दछन् । यी दुइ प्रकारका छन्— (१) पहिलो वर्षावास र (२) दोस्रो वर्षावास । पहिलो वर्षा-वासको शुरूवात आषाढ पूर्णिमाको भोलिपल्टदेखि अर्थात् श्रावणकृष्ण प्रतिपदाको दिनदेखि र दोस्रो वर्षावासको शुरूवात श्रावण पूर्णिमाको भोलिपल्टदेखि अर्थात् भाद्रकृष्ण प्रतिपदाको दिनदेखि हुन्छ । पहिलो वर्षावास आश्विन पूर्णिमाको दिन र दोस्रो वर्षावास कार्तिक पूर्णिमाको दिन पूरा हुन्छ ।

२. महा.व. पृ. १६०: पटिस्सवदुक्कटापत्ति, वस्सूपनायिकक्खन्धकं ।

३. भिक्षुहरू बस्ने स्याना स्याना खालका घरलाई 'आवास' भन्दछन् । स्याना स्याना घरहरू भएका स्थानलाई पनि 'आवास' भन्दछन् ।

यी कुरा प्रसेनजित कोशलराजाले सुनेर कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न थाले— "कस्ता यी आर्य उपनन्द शाक्यपुत्र होलान् ! हामीलाई वर्षावास बस्छु भनी वचन दिएर मृषा बोल्दा-रहेछन् । भगवान्ले त अनेक प्रकारले मृषावादको निन्दा गरी सत्यवाद-को प्रशंसा गर्नु भएको छ ।"

भिक्षुहरूले राजा कराएको··· सुने । जो भिक्षुहरू अल्पेच्छी थिए तिनीहरू कराउन थाले··· "कस्ता यी आयुष्मान् उपनन्द शाक्यपुत्र रहेछन् ! प्रसेनजित कोशलराजालाई वर्षावास गर्छु भनी वचन दिई मृषावाद बोल्दा रहेछन् !···" अनि ती भिक्षुहरूले यी कुरा भगवान्लाई सुनाए । भगवान्ले यसै सन्दर्भमा··· भिक्षु सङ्घलाई भेला गराई आयुष्मान् उपनन्द शाक्यपुत्रसँग सोध्नुभयो —

"उपनन्द ! के तिमीले प्रसेनजित कोशलराजालाई वर्षावास गर्छु भनी वचन दिई मृषावाद बोलेको साँच्चै हो ?"

"साँच्चै हो, भगवान् !"

बुद्ध भगवान्ले हप्काउँदै··· "तिमी कस्ता मोघपुरुष ह्वौ ! प्रसेनजित कोशलराजालाई वर्षावास गर्छु भनी वचन दिई मृषावाद बोल्छौ । मैले अनेक प्रकारले मृषावादको निन्दा र मृषावादबाट अलग हुनेको प्रशंसा गरेको छु; होइन त ? मोघपुरुष ! यो तिम्रो कार्यद्वारा

न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सकिन्छ···" भन्नुभयो । यसपछि धार्मिक कथा सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

सदोष-निर्दोष वर्षावास

a. (१) "भिक्षु हो ! यहाँ भिक्षुले पहिलो वर्षावास बस्छु भनी वचन दिएको हुन्छ । उ त्यस आवासमा जाँदा बीच बाटोमा धेरै चीवर-हरू भएका दुइ आवासहरू देख्छ । अनि उसको मनमा यस्तो लाग्छ – "किन म यी दुवै आवासहरूमा वर्षावास नगरौं ? यसप्रकार मलाई धेरै चीवरहरू मिल्नेछन् ।" त्यसपछि उ ती दुवै आवासहरूमा वर्षा-वास बस्छ । भिक्षु हो ! उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ ।

b. (२) "भिक्षु हो ! यहाँ भिक्षुले पहिलो वर्षावास बस्छु भनी वचन दिएको हुन्छ । उ त्यस आवासमा जाँदा बाहिर उपोसथ[१] गर्छ ।

१. प्रत्येक महीनाको अमावास्य र पूर्णिमाको दिन घटीमा ४ जना भिक्षुहरू भेला भई प्रातिमोक्ष शिक्षापदहरू जम्मै सज्झायना गर्नु पर्छ। यस कार्यक्रमलाई 'उपोसथ' भन्छन् । ४ जना वा सो भन्दा बढी भिक्षुहरू भेला भई प्रातिमोक्ष शिक्षापदहरू पढ्नेलाई 'सङ्घ-उपोसथ'; सो भन्दा कम भएमा 'गण-उपोसथ'; दुइजना भएमा 'पारिशुद्धि-उपोसथ' र एक्लै भएमा 'अधिष्ठान-उपोसथ' भन्दछन् । यो भेला हुने कार्यक्रम प्रत्येक महीनाको दुइपटक अनिवार्यरूपले हुन्छ ।

प्रतिपदाको दिनमा विहारमा जान्छ, शयनाशन लगाउँछ, हातखुट्टा धुने र पिउने पानी राख्छ र परिवेण (आँगन) पनि बढार्छ। किन्तु सो उही दिनमै कुनै कामविना विहारबाट जान्छ। उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ।

(३) "भिक्षु हो! यहाँ भिक्षुले पहिलो वर्षावास बस्छु भनी वचन दिएको हुन्छ। उ त्यस आवासमा जाँदा बाहिर उपोसथ गर्छ… परिवेण पनि बढार्छ। किन्तु सो उही दिनमै कुनै कामले विहारबाट जान्छ। उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ।

(४) "भिक्षु हो! यहाँ भिक्षुले… बाहिर उपोसथ गर्छ,… परिवेण पनि बढार्छ। किन्तु सो दुइ तीन दिन बसी कुनै काम विना विहारबाट जान्छ। उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ।

(५) "भिक्षु हो! यहाँ भिक्षुले… बाहिर उपोसथ गर्छ,… परिवेण पनि बढार्छ। किन्तु सो दुइ तीन दिन बसी कुनै कामले विहारबाट जान्छ। उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ।

(६) "भिक्षु हो! यहाँ भिक्षुले… बाहिर उपोसथ गर्छ,… परिवेण पनि बढार्छ। किन्तु सो दुइ तीन दिन बसी कुनै कामले

विहारबाट जान्छ । उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्छ ।

c. (७) "भिक्षुहो ! यहाँ भिक्षुले··· बाहिर उपोसथ गर्छ,··· परिवेण पनि बढार्छ । किन्तु सो दुइ तीन दिन बसी सप्ताहकरणीय[१] गरी विहारबाट जान्छ । उ एकसाता बाहिरै बिताउँछ । उसको पहिलो वर्षावास पनि रहन्न, वचन दिएकोमा दुष्कृत्य आपत्ति पनि लाग्छ ।

d. (८) "भिक्षुहो ! यहाँ भिक्षुले··· बाहिर उपोसथ गर्छ,··· परिवेण पनि बढार्छ । किन्तु सो दुइ तीन दिन बसी सप्ताहकरणीय गरी विहारबाट जान्छ । उ एकसाता भित्रै फर्किन्छ । उसको पहिलो वर्षावास पनि रहन्छ, वचन दिएकोमा पनि दुष्कृत्य आपत्ति लाग्दैन ।

e. (९) "भिक्षुहो ! यहाँ भिक्षुले···बाहिर उपोसथ गर्छ,···परि-

---

१. भिक्षुले, 'म यस विहारमा वा स्थानमा वर्षावास तीन महीना वस्छु' भनी अधिष्ठान (= प्रतिज्ञा) गरिसकेपछि अन्त कुनै ठाउँमा रात बिताउनु हुन्न । कुनै कारणले नगईनहुने कारण परेमा, 'सप्ताह भित्र फर्किनेछु' भनी संकल्प गरी, काममा गई एक साता भित्रै आफू बसेको ठाउँमा फर्कनु पर्छ । यसप्रकार संकल्प गरी जानेलाई 'सप्ताहकरणीय' भन्दछन् । एक साता भित्र आफु बसेको ठाउँमा फर्केर आएन भने वर्षावास खण्डित हुन्छ अर्थात् वर्षावास बसेको ठहरिँदैन । वर्षावास नबस्दा वा वर्षावास खण्डित हुँदा दुष्कृत्य आपत्ति लाग्छ ।

वेण पनि बढाछ । किन्तु सो सप्ताहभित्र नआइकनै पवारणा[1] गरी कुनै कामले जान्छ । सो त्यस आवासमा आए पनि नआए पनि उसको पहिलो वर्षावास रहन्छ, वचन दिएकोमा दुष्कृत्य आपत्ति पनि लाग्दैन ।

(यस्तै गरी आवास बाहिर उपोसथ गरेको ठाउँमा आवासभित्रै उपोसथ गर्ने गरी, सदोष निर्दोष हुने कुराको क्रम र त्यसै दिन जाने इत्यादि क्रममा पनि माथि उल्लिखित क्रमानुसार दोहऱ्याई बुझ्नु पर्छ ।)

× × ×

मूल सूत्र :—

२९– गर्भिणी परिव्राजिका

यस्तो मैले सुने[2]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामसा बस्नुभएको थियो ।

त्यसबखत एक परिव्राजकको तरूणी माणविका प्रजापति गर्भिणी थिई, प्रसव बेला भएको थियो । अनि परिव्राजिकाले सो परिव्राजकलाई भनी —

---

१. वर्षावास सिद्धिएको दिनलाई 'पवारणा' भन्दछन् । अथवा वर्षावास सिद्धिएको दिनमा गर्ने संघकार्यलाई 'पवारणा' भनिन्छ । अतएव कुनै भिक्षु पवारणाको एकसाताभित्र सम्म अर्थात् शुक्लपक्षको नवमीको दिनदेखि बसेको ठाउँ छाडी फर्केर नआए पनि वर्षावास खण्डित हुन्न, कुनै आपत्ति पनि लाग्दैन ।

२. उदा. पृ. ७७ : गब्भिनीसुत्तं ।

"हे ब्राह्मण ! तिमी गएर तेल ल्याऊ, जो प्रसवपछि मेरोलागि काममा आउनेछ ।"

यसो भन्दा सो परिव्राजकले परिव्राजिकालाई भन्यो—

"भो ! कहाँबाट मैले तेल ल्याउने हो ?"

दोस्रो पटक पनि परिव्राजिकाले सो परिव्राजकलाई भनी—

"हे ब्राह्मण ! जाऊ, तिमीले तेल ल्याऊ, जो मेरोलागि प्रसवपछि काममा आउनेछ ।"

दोस्रो पटक पनि सो परिव्राजकले परिव्राजिकालाई भन्यो—

"भो ! कहाँबाट मैले तेल ल्याउने हो ?"

तेस्रो पटक पनि ती परिव्राजिकाले सो परिव्राजकलाई भनी—

"हे ब्राह्मण ! जाऊ, जहाँबाट भएपनि तेल ल्याऊ ! जो मेरोलागि प्रसवपछि काममा आउनेछ ।"

त्यस समय प्रसेनजित कोशलराजाको कोष्ठागारमा श्रमण वा ब्राह्मणहरूलाई जति चाहे पनि घ्यू, तेल पिउन दिइन्थ्यो तर लैजान दिइन्नथ्यो ।

अनि सो परिव्राजकको मनमा यस्तो लाग्यो— "प्रसेनजित कोशलराजाको कोष्ठागारमा श्रमण वा ब्राह्मणहरूलाई जति चाहे पनि घ्यू, तेल पिउन दिइन्छ, किन्तु लैजान दिइन्न । किन मैले प्रसेनजित

कोशलराजाको कोष्ठागारमा गई पेट भरी तेल पिई घरमा आएर छादेर नदिऊँ । जो प्रसवपछि यसलाई काममा आउनेछ ।"

यति सोची सो परिव्राजक प्रसेनजित कोशलराजाको कोष्ठागारमा गई पेटभरी तेल पिई घरमा फर्केर न माथिबाट छाद्न सक्यो, न तलबाट नै निकाल्न सक्यो, उ तीव्र सास्ती खाई खरो, कटु, दुःखवेदना सहँदै, छट्पटाउँदै लडीवडी गरी बसेको थियो ।

भगवान् पूर्वाण्ह समय चीवर पहरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनकोलागि जानु भयो । भगवान्ले सो परिव्राजकलाई —तीव्र सासना खाँदै, खरो, कटु, दुःख सही छट्पटाई लडीवडीगरी बसेको— देख्नुभयो । अनि भगवान्ले सो कारण बुझी त्यसबेला यो उदान प्रकट गर्नु भयो —

"सुखिनो वत ये अकिञ्चना,
वेदगुनो हि जना अकिञ्चना ।
सकिञ्चनं पस्स विहञ्ञमानं,
जनो[1] जनस्मि पटिबन्धचित्तो[2] ॥"

अर्थ—

"अकिञ्चन (=राग, द्वेष, मोहबाट मुक्त) हरू नै सुखी छन्, निर्वाण ज्ञाता नै अकिञ्चन हुन् । हेर ! सकिञ्चन मानव,

---

१. स्याम र रोमनमा : 'जनह्मि' ।

२. स्याममा : 'पटिबद्धचित्तो' ।

मानवप्रति आशातृष्णाले प्रतिबद्ध भई सकिञ्चन पुरुषले दुःख कष्ट भोगिरहेछ।"

× × ×

मूल सूत्रः—

३०– अपूताको धन प्यारो

श्रावस्तीमै[१]।

एक दिन प्रसेनजित कोशलराजा दिनको मध्यान्ह समयमा भगवान्‌कहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजासँग भगवान्‌ले सोध्नुभयो—

"महाराज ! कहाँबाट यस्तो मध्यान्ह समयमा आउनु भएको ?"

"भन्ते ! यहाँ श्रावस्तीमा श्रेष्ठी गृहपति परलोक भयो। निस्सन्तान त्यो श्रेष्ठी गृहपतिको धनसम्पत्ति जम्मै राजदरबारमा भित्र्याई आएको हुँ। सो सेठको एक करोड त असर्फी मात्रै थियो; रुपैयाँ पैसाको त कुरै छैन। तर सो श्रेष्ठी गृहपतिले अलिकति अमिलो खोलेको साथ कनिकाको भात खान्थ्यो— यस्तो उसको आहार थियो। उ तीन टुक्रा गाँसेको सन कपडाको लुगा लगाउँथ्यो— यस्तो उसको

१. सं. नि. I. पृ. ९० : दुतियअपुत्तकसुत्तं।

लुगा थियो। उ पातको छतरी भएको थोत्रो रथमा जान्थ्यो— यस्तो उसको रथबाहन थियो।"

"महाराज! यस्तै हो। महाराज! यस्तै हो। अतीत समयमा सो श्रेष्ठी गृहपतिले तगरसिखि भन्ने प्रत्येक बुद्धलाई, 'श्रमणलाई भिक्षा देऊ' भनी भिक्षादान दिन लगाई आसनबाट उठेर गयो। भोजन दान दिइसकेपछि सो पछुताएको थियो। 'नाहक भोजन दिएको। बरु यो भोजन दाशदाशी कामदारहरूलाई ख्वाउन पाएको भए कस्तो राम्रो हुन्थ्यो' भनी मन पनि बिगारेको थियो। फेरि उसले धनको कारणले आफ्नै भाइको, एकलौटे टुहुरा छोरालाई हत्या गरेको थियो।

"महाराज! त्यो श्रेष्ठी गृहपतिले तगरसिखि प्रत्येक बुद्धलाई जो भिक्षा दान दिएको थियो, त्यस कर्मको प्रभावले सातपटकसम्म सुगति स्वर्गलोकमा उत्पन्न भएको थियो। सोही कर्मको अवशेष कर्म-विपाकको प्रभावले यही श्रावस्तीमा सातपटकसम्म श्रेष्ठीत्व प्राप्त गर्‍यो। महाराज! जो भोजन दान दिइसकेपछि उसले, 'यो भोजन दाशदाशी कामदारहरूलाई ख्वाउन पाएको भए कस्तो राम्रो हुन्थ्यो' भनी चित्त बिगारी पश्चाताप गर्‍यो त्यसैको प्रभावले उसको मन– मीठो-मीठो खानामा, राम्रा राम्रा लुगाहरू लगाउनमा, राम्रा राम्रा रथवाहनहरू चढ्नमा र उत्तमात्तिउत्तम पञ्च विषय भोग गर्नमा— न लागेको हो। महाराज! सो श्रेष्ठी गृहपतिले धनको कारणले जो आफ्नै भाइको एकलौटे टुहुरा छोराको हत्या गर्‍यो— त्यसै कर्मको प्रभावले शयकडौं,

हजारौं, लाखौं वर्षसम्म नर्कभोग गर्‍यो । सोही कर्मको अवशेष विपाकको कारणले सातवाँ बार निस्सन्तान भई सम्पत्ति जम्मै राजाको कोषमा पुग्यो । महाराज ! सो श्रेष्ठी गृहपतिको पुरानो पुण्यकर्म सकियो, नयाँ पुण्यकर्म केही पनि गरेन र आज उ महारौरव नर्कमा पाक्दैछ ।"

"भन्ते ! के त अब सो श्रेष्ठी गृहपति महारौरव नर्कमा उत्पन्न भयो त ?"

"हो, महाराज !"

यसपछि भगवान्ले निम्न गाथा भन्नुभयो—

(१) "धञ्ञं धनं रजतं जातरूपं, परिग्गहं वा[1] पि यदत्थि किञ्चि ।
दासा कम्मकरा पेस्सा, ये चस्स[2] अनुजीविनो ।
सब्बं नादाय गन्तब्बं, सब्बं निक्खिप्पगामिनं[3] ॥

(२) "यं च करोति कायेन, वाचाय उद चेतसा ।
तं हि तस्स सकं होति, तं व आदाय गच्छति ।
तं वस्स अनुगं होति, छाया व अनपायिनी ॥

(३) "तस्मा करेय्य कल्याणं, निचयं सम्परायिकं ।
पुञ्ञानि परलोकस्मिं, पतिट्ठा होन्ति पाणिनं'ति ॥"

---

१. सिहलमा : 'चा' ।
२. सिहलमा : 'चस्सु' ।
३. स्याममा : 'निक्खीपगामिनं' ।

अर्थ :—

१– "धन-धान्य, सुन-चाँदी जे जति वस्तुहरू छन्, जे जति दाश, कामदार, प्रेष्य अथवा आफूगछि जीविका गर्नेछन्— ती सबै साथमा लगिंदैन, ती सबै छाडेर नै जानुपर्छ ।

२– "जो काय, वचन तथा मनले कर्म गर्छ, उही नै उसको आफ्नो हुन्छ; उही नै साथमा लिई जान्छ; उही नै छायासमान उसको अनुगमन गर्छ ।

३– "त्यसैले कल्याणकार्य गर; सम्परायिक कर्मको सँग्रह गर; प्राणीहरूको पुण्यकर्म नै परलोकमा प्रतिष्ठा हुन्छ ।"

× × ×

मूल पालि:—

३१– छ वर्गीय भिक्षुहरू रणसंग्राममा

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1]।

त्यस बखत प्रसेनजित कोशलराजा सेनासहित युद्धमा गएका थिए । छ वर्गीय भिक्षुहरू पनि रणक्षेत्रमा गएका सेनाहरू हेर्नकोनिम्ति त्यहाँ गए । प्रसेनजित कोशलराजाले टाढैबाट छ वर्गीय भिक्षुहरू आइरहेका देखेर बोलाउन पठाई उनीहरूसँग सोधे —

१. पाचि. पृ. १४४ : उय्युत्तसेनादस्सने, अट्ठचत्तारीसतिमपाचित्तियं ।

"भन्ते ! तपाइहरू किन आउनु भएको ?"

"महाराज ! हामी राजालाई हेर्न चाहन्छौं ।"

"भन्ते ! युद्धकार्यमा रत भएको मलाई हेरेर के गर्नु हुन्छ ?"

यो कुरा सुनी मानिसहरू कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न थाले— "कसरी यी श्रमण शाक्यपुत्रहरू, रणक्षेत्रमा गएका सेनाहरू हेर्न आउँछन् । हाम्रो निम्ति पनि यो अलाभ हो, हाम्रो निम्ति यो अभागको कुरा हो जो हामीहरू जीविकाको हेतु, स्त्री पुत्रहरूको हेतु सेनामा आउन पर्‍यो ।"

यसरी कराइरहेको, खिन्न भइरहेको तथा धिक्कारिरहेको कुरा भिक्षुहरूले पनि सुने । जो भिक्षुहरू अल्पेच्छी थिए ती भिक्षुहरू कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न थाले—"कसरी छ वर्गीय भिक्षुहरू, रणक्षेत्रमा गएका सेनाहरू हेर्न त्यहाँ गएका !" अनि यो प्रवृत्ति उनीहरूले भगवान्‌लाई सुनाए । भगवान्‌ले यसै सन्दर्भमा भिक्षुहरू जम्मा गराई छ वर्गीय भिक्षुहरूसँग सोध्नु भयो —

"भिक्षुहो ! के तिमीहरू, रणक्षेत्रमा गएका सेनाहरू हेर्न गएका साँच्चै हो ?"

"साँच्चै हो, भन्ते !"

अनि भगवान्‌ले तिनीहरूलाई हप्काउँदै— "मोघपुरुष ! तिमीहरूले प्रतिकूल काम गर्‍यौ, प्रतिलोमिक काम गर्‍यौ, नराम्रो गर्‍यौ,

अश्रामणिक गऱ्यौ, गर्न नहुने काम गऱ्यौ । कसरी मोघपुरुष ! तिमीहरू, रणक्षेत्रमा गएका सेनाहरू हेर्न जान सकेका ! तिमीहरूको यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सकिन्छ, न प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सकिन्छ, बलिक यस कार्यद्वारा अप्रसन्न हुनेको अप्रसन्नतालाई झन् बढाउन सक्छ र कुनै कुनै प्रसन्न हुनेको प्रसन्नतालाई पनि अन्यथा पार्न सक्छ" भन्नुभयो ।

यसपछि ती भिक्षुहरूलाई अनेक प्रकारले निन्दा गर्नु भई—दुर्भरता, दुःपोष्यता, महेच्छता, असन्तुष्टिता, सङ्गणिकता, आलस्यताको निन्दा गर्नु भई अनेक प्रकारले सुभरताको, सुपोष्यताको, अल्पेच्छताको, सन्तुष्टिताको, शिक्षाकामीताको, तपस्वी भावको, प्रासादिकताको, असंग्रहीतताको र वीर्यारम्भताको प्रशंसा गर्नु भई— तदनुरूप, तदनुकूल, तदनुलोमिक धार्मिक कुरा सुनाई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो—

"भिक्षुहो ! त्यसो भए तिमीहरूले यो शिक्षापद सिक्नुपर्छ—'जो भिक्षु, रणक्षेत्रमा गएका सेनाहरू हेर्न जान्छ, उसलाई पाचित्तिय[1] दोष लाग्नेछ' ।"

---

१. शिक्षापद (नियम) बिगार्दा थरी थरीका दोष लाग्छन् । त्यसमध्ये 'पाचित्तिय' भन्ने एकथरी हो ।

यसरी भगवान्ले भिक्षुहरूकोनिमित्त नियम बनाई दिनुभएको थियो ।

त्यस बखत कुनै एक भिक्षुको मामा पर्ने सेनास्थलमा बिरामी भएको थियो । उसले ती भिक्षुलाई खबर पठायो— "म सेनास्थलमा बिरामी छु । तपाइ एकपल्ट आउनु भए बेश हुने थियो । तपाइको आगमन चाहन्छु ।" अनि सो भिक्षुको मनमा यस्तो लाग्यो—"भगवान्ले भिक्षुहरूलाई, रणक्षेत्रमा पठाएका सेनाहरू हेर्नजान हुन्न भन्ने शिक्षापद (नियम) बनाई दिनुभएको छ । यी मेरा मामा सेनास्थलमा बिरामी छन् । मैले यस विषयमा कस्तो व्यवहार गर्नु पर्ला ?" यति सोची उनले यो कुरा भगवान्सँग बिन्ति गरे । भगवान्ले यसै सन्दर्भमा, यसै प्रकरणमा धार्मिक कुरा सुनाई भिक्षुहरूलाई सम्बोधन गर्नु भयो –

"भिक्षुहो ! त्यस्तै कारण परेमा सेनास्थलमा जाने अनुमति दिन्छु । भिक्षुहो ! अतएव यस्तो शिक्षापद सिक्नुपर्छ — 'जो भिक्षु, त्यस्तै कारण परेमा बाहेक, रणक्षेत्रमा पठाएका सेनाहरू हेर्न जान्छ भने उसलाई पाचित्तिय दोष लाग्नेछ' ।"

× × ×

मूल पालि –

३२– थुल्लनन्दा भिक्षुणीसँग (ख)

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बस्नुभएको थियो[1]।

त्यस बखत थुल्लनन्दा भिक्षुणी बहुश्रुत, व्यक्तकथिका, विशारद तथा धर्मकथा भन्नमा पटु थिइन्। एक दिन, प्रसेनजित कोशलराजा, जाडो समयमा मूल्यवान् कम्बल ओढी जहाँ थुल्लनन्दा भिक्षुणी थिइन् त्यहाँ गए। त्यहाँ पुगेपछि थुल्लनन्दा भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजालाई थुल्लनन्दा भिक्षुणीले धार्मिक कथाद्वारा सन्दर्शित, प्रम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पारिन्! प्रसेनजित कोशलराजा पनि थुल्लनन्दा भिक्षुणीको धार्मिक कथाद्वारा सन्दर्शित,... भई थुल्लनन्दा भिक्षुणीलाई भने –

"आर्या! जे चाहनु हुन्छ भन्नुहोस्।"

कम्बल मागिन्

"महाराज! यदि दिन चाहनु हुन्छ भने यो कम्बल दिनुहोस्।"

---

१. पाचि. पृ. ३४७ : गरुपावुरणचेतापने, एकादसमनिस्सग्गियं, भिक्खुनीविभङ्गो।

अनि प्रसेनजित कोशलराजाले, थुल्लनन्दा भिक्षुणीलाई कम्बल दिई आसनबाट उठी, अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

यो कुरा सुनी मानिसहरू कराउन थाले,... "यी भिक्षुणीहरू कति महाभिलाषिनी, कति असन्तुष्टिनी हुन् ! कसरी राजासँग कम्बल मागेर लिन सकिन् !" मानिसहरू कराएका... भिक्षुणीहरूले सुने । जो भिक्षुणीहरू अल्पेच्छी थिए... तिनीहरू पनि कराउन थाले...धिक्कार्न थाले — "कसरी थुल्लनन्दा भिक्षुणीले राजासँग कम्बल मागेर लिन सकिन् !" अनि यो प्रवृत्ति तिनीहरूले भिक्षुहरूलाई सुनाए । भिक्षुहरूले भगवान्‌लाई सुनाए । अनि भगवान्‌ले यसै सन्दर्भमा,... भिक्षुहरूसँग सोध्नुभयो—

"भिक्षुहो ! के थुल्लनन्दा भिक्षुणीले राजासँग कम्बल मागेर लिएको साँच्चैंहो ?"

"साँच्चैंहो, भन्ते !"

अनि भगवान्‌ले धिक्कार्दै— "थुल्लनन्दा भिक्षुणीले प्रतिकूल काम गरिन्... यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सकिन्छ... बल्कि यस कार्यद्वारा... कुनै कुनै प्रसन्न हुनेको प्रसन्नतालाई समेत अन्यथा पार्न सकिन्छ" भन्नुभयो ।

यसपछि भगवान्‌ले... दुर्भरताको... निन्दा गर्नु भई; अनेक प्रकारले सुभरताको... प्रशंसा गर्नु भई... भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! त्यसो भए भिक्षुणीहरूले यस्तो शिक्षापद (नियम) सिक्नुपर्छ— "जाडोमा ओढ्ने कपडा विज्ञापन गर्नेले चतुकंससम्म पर्ने कपडा विज्ञापन गर्नु पर्छ । त्यसभन्दा बढी जाने विज्ञापन गरेमा (माँगेमा) निस्सग्गिय (=नैसर्गीय) पाचित्तिय दोष लाग्नेछ' ।"

× × ×

मूल पालिः—

३३– अन्तःपुरमा जान मनाही

त्यस समय बुद्ध भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[१]।

त्यसबखत प्रसेनजित कोशलराजाले उद्यानपाललाई आज्ञा दिए— "भणे ! तिमी गएर उद्यान सफा गर । उद्यानमा जानेछु ।"

"हवस्, देव" भनी सो उद्यानपाल राजाको आज्ञा सुनी उद्यान सफा गरिरहेको बेलामा उसले भगवान्लाई एक रुखमनी बसिरहनु भएको देख्यो । अनि उसले प्रसेनजित कोशलराजाकहाँ गई बिन्ति गऱ्यो—

१. पाचि. पृ. २१० : राजन्तेपुरप्पवेसने, तयासीतिमपाचित्तियं, पाचित्तियकण्डं ।

"देव ! उद्यान सफागरिसकें। तर त्यहाँ एक रुखमनी भगवान् बस्नुभएको छ।"

"भणे ! हुनदेऊ। हामी भगवान्को सत्संगत गर्नेछौं।"

अनि प्रसेनजित कोशलराजा उद्यानमा गई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यसबेला एक उपासक भगवान्सँग सत्संगत गरी बसेका थिए। प्रसेनजित कोशलराजाले ती उपासकलाई भगवान्सँग सत्संगत गरी बसिरहेको देखे। यो देखेर राजा भयभीत भई उभिइरहे। त्यसबेला प्रसेनजित कोशलराजाको मनमा यस्तो लाग्यो—

"जुन रूपले भगवान्सँग सत्संगत गरिरहेको छ यो हेर्दा यो पुरुष कमसल खालको होओइन जस्तो लाग्छ।"

यति मनमा सोची भगवान्कहाँ गएर भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। ती उपासकले, भगवान्प्रतिको गौरवले गर्दा प्रसेनजित राजालाई देखेर न अभिवादन गरे, न आसनबाट नै उठे। उनको यस प्रक्रियाद्वारा प्रसेनजित राजा असन्तुष्ट भए— "म आएको देखेर पनि न मलाई अभिवादन गर्छ, न त आसनबाट उठ्छ। यो कस्तो मानिस होला।" भगवान्ले, प्रसेनजित कोशलराजा असन्तुष्ट भएको बुझी, राजालाई यो कुरा सुनाउनु भयो—

"महाराज ! यी उपासक बहुश्रुत छन्, धर्म जान्दछन्, कामविषयबाट पराङ्मुख छन्।"

यो कुरा सुनी प्रसेनजित कोशलराजाको मनमा यस्तो लाग्यो—

"यी उपासक मामुली हुन सक्दैनन्; भगवान्ले पनि यिनको प्रशंसा गर्नु हुन्छ।"

त्यसपछि राजाले ती उपासकलाई— "उपासक! जे चाहिन्छ भन।" भनी भने।

"हवस् देव!" भनी उपासकले उत्तर दिए।

त्यसपछि भगवान्ले प्रसेनजित कोशलराजालाई धार्मिक कुराद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित र सम्प्रहर्षित पार्नु भयो। प्रसेनजित कोशलराजा पनि भगवान्को धार्मिक कुराद्वारा सन्दर्शित,…र सम्प्रहर्षित भई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए।

एक दिन, प्रसेनजित कोशलराजा प्रासादको माथिल्लो तलामा बसेका थिए। त्यसबेला ती उपासकलाई हातमा छाता र लौरो लिई मार्गमा गइरहेको राजाले देखेर बोलाउन पठाई भने--

"उपासक! तिमी बहुश्रुत छौ, धर्म जान्दछौ, हाम्रो नारीगृहमा धर्मोपदेश गर।"

"देव! जे म जान्दछु, ती जम्मै आर्य भिक्षुहरूकै आश्रयबाट जानेको हुँ। अतएव देवको नारीगृहमा आर्य भिक्षुद्वारा धर्मोपदेश गराउन बेश होला।"

'यी उपासकले ठीकै भने" भनी प्रसेनजित कोशलराजा भगवान्कहाँ गई, भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्सँग प्रार्थना गरे —

"भन्ते ! भगवान्‌ले एक भिक्षुलाई आज्ञा दिनुहोस् जसले हाम्रा नारीगृहमा धर्मोपदेश गर्नेछन् ।"

"भगवान्‌ले, राजालाई धार्मिक कथाद्वारा··· सम्प्रहर्षित पार्नु भएपछि··· राजा भगवान्‌लाई··· प्रदक्षिणा गरी फर्केर गए । त्यसपछि भगवान्‌ले आयुष्मान् आनन्दलाई बोलाई भन्नुभयो—

"आनन्द ! त्यसो भए तिमी राजाको नारीगृहमा गई धर्मोपदेश गर्न जाऊ ।"

"हवस्, भन्ते !" भनी भगवान्‌को आज्ञा शिरोपर गरी आयुष्मान् आनन्द समय समयमा राजाको नारीगृहमा धर्मोपदेश गर्न जानुभयो ।

एक दिन, आयुष्मान् आनन्द पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी, प्रसेनजित कोशलराजा बस्ने ठाउँमा जानुभयो । त्यस समय प्रसेनजित कोशलराजा मल्लिका देवीसँग शयन गरिराखेका थिए । मल्लिका देवीले टाढैबाट आयुष्मान् आनन्द आइरहनु भएको देखिन् । अनि हत्तरपत्त उठिन् । पँहेलो कपडा तल खस्यो । आयुष्मान् आनन्द त्यहींबाटै फर्केर आराममा गई भिक्षुहरूलाई त्यो प्रवृत्ति सुनाउनु भयो । जो भिक्षुहरू अल्पेच्छी थिए तिनीहरू कराउन थाले, खिन्न हुन थाले, धिक्कार्न थाले —"कसरी आयुष्मान् आनन्द पूर्व सूचना विनानै राजाको अन्तःपुरमा प्रवेश गर्नु हुन्छ ।" भिक्षुहरूले यो प्रवृत्ति भगवान्‌लाई सुनाए । भगवान्‌ले यसै सन्दर्भमा भिक्षुहरूलाई जम्मा गराउन लगाई आयुष्मान् आनन्दसँग सोध्नुभयो—

"आनन्द ! के तिमीले पूर्व सूचना विना नै राजाको अन्तःपुरमा प्रवेश गरेको साँच्चै हो ?"

"साँच्चै हो, भगवान् !"

अनि भगवान्‌ले आयुष्मान् आनन्दलाई निन्दा गर्नुहुँदै— "आनन्द ! तिमीले प्रतिकूल काम गर्‍यौ··· कसरी पूर्व सूचना विना नै राजाको अन्तःपुरमा प्रवेश गरेको ! आनन्द ! यस कार्यद्वारा न अप्रसन्न हुनेलाई प्रसन्न पार्न सकिन्छ, न प्रसन्न हुनेको प्रसन्नतालाई नै बढाउन सकिन्छ, बल्कि··· कुनै कुनै प्रसन्न हुनेको प्रसन्नतालाई पनि अन्यथा पार्न सक्छ" भन्नुभयो । अनि भिक्षुहरूलाई धार्मिक कुरा सुनाई आमन्त्रण गर्नुभयो—

राजान्तःपुर जानुमा दोष

"भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा निम्न दश अवगुण (=दोष) हरू छन् । कुन दश भने ?—

१– "भिक्षुहो ! यहाँ, राजा महिषीसँग बसेको हुन्छ । त्यहाँ भिक्षु प्रवेश गर्छ । भिक्षुलाई देखेर महिषी फिसिक्क हाँस्छे वा महिषीलाई देखेर भिक्षु फिसिक्क हाँस्छ । त्यसबेला राजाको मनमा यस्तो लाग्छ— "अवश्यमेव यिनीहरूले केही गरेका होलान् अथवा गर्लान् ।" भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो पहिलो दोष हो (अवगुण हो) ।

२– "भिक्षुहो ! फेरि राजा बहुकृत्य बहुकरणीय भएको हुँदा कुनै स्त्रीकहाँ गएको कुरा बिर्सिन्छ । त्यसबाट उ गर्भवती हुन्छे । त्यस-बेला राजाको मनमा यस्तो लाग्छ—'यस अन्तःपुरमा यो प्रव्रजित बाहेक अरू कोही आउँदैन । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो दोस्रो दोष हो ।

३– "भिक्षुहो ! फेरि राजान्तःपुरमा कुनै रत्न हराएको हुन्छ । त्यसबेला राजाको मनमा यस्तो लाग्छ— 'यहाँ यो प्रव्रजित बाहेक अरू कोही आउँदैन । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो तेस्रो दोष हो ।

४– "भिक्षुहो ! फेरि राजान्तःपुरमा आभ्यन्तरिक तथा गोपनीय कुराहरू बाहिर प्रकट हुन्छन् । त्यसबेला राजाको मनमा यस्तो लाग्छ— 'यहाँ यो प्रव्रजित बाहेक अरू कोही आउँदैन । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो चौथो दोषहो ।

५– "भिक्षुहो ! फेरि राजान्तःपुरमा छोराले बाबुलाई हत्या गर्न खोजेको हुन्छ, बाबुले छोरालाई हत्या गर्न खोजेको हुन्छ । तिनी-हरूका मनमा यस्तो लाग्छ— "यहाँ यो प्रव्रजित बाहेक अरू कोही आउँदैन । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तः-पुर प्रवेश गर्नुमा यो पाँचौं दोष हो ।

६– "भिक्षुहो ! फेरि राजाले तल्लो श्रेणीमा बसेकालाई माथिल्लो श्रेणीमा राख्छ । जसलाई यो मनपर्दैन उसको मनमा यस्तो लाग्छ— 'यो प्रव्रजितसँग राजाको घनिष्टता छ । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो छैटौं दोष हो ।

७– "भिक्षुहो ! फेरि राजाले माथिल्लो श्रेणीमा बसेकालाई तल्लो श्रेणीमा राख्छ । जसलाई यो मनपर्दैन उसको मनमा यस्तो लाग्छ— 'यो प्रव्रजितसँग राजाको घनिष्टता छ । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो सातौं दोष हो ।

८– "भिक्षुहो ! फेरि राजाले असमयमै सेनालाई पठाउँछ । जसलाई यो मनपर्दैन उसको मनमा यस्तो लाग्छ— 'यो प्रव्रजितसँग राजाको घनिष्टता छ । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो आठौं दोष हो ।

९– "भिक्षुहो ! फेरि राजाले समयमै सेनालाई पठाई बीचबाटैबाट फर्काउँछ । जसलाई यो मनपर्दैन उसको मनमा यस्तो लाग्छ— 'यो प्रव्रजितसँग राजाको घनिष्टता छ । शायद यही प्रव्रजितको काम त होइन ?' भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो नवौं दोष हो ।

१०– "भिक्षुहो ! फेरि राजाको अन्तःपुरमा हात्तीको प्रपञ्च, घोडाको प्रपञ्च, रथका प्रपञ्चहरू हुन्छन्; रूप, शब्द, गन्ध, रस, स्पर्शादि

अनेक रञ्जित गर्ने विषयहरू हुन्छन् जो प्रव्रजितकानिम्ति अनुरूप हुँदैन ।
भिक्षुहो ! राजान्तःपुर प्रवेश गर्नुमा यो दशौं दोष हो ।

यसपछि भगवान्ले आयुष्मान् आनन्दलाई अनेक प्रकारले निन्दा गर्नु भई— दुर्भरताको··· निन्दा र सुभरताको···प्रशंसा गर्नु भई भिक्षुहरूलाई तदनुरूप··· धार्मिक कुरा सुनाई यसो भन्नुभयो—

'भिक्षुहो ! त्यसो भए यो शिक्षापद तिमीहरूले सिक्नुपर्छ— "जो भिक्षु, मूर्धाभिशिक्त क्षत्री राजाको अन्तःपुरबाट राजा वा रानी बाहिर न निस्कदै अथवा पूर्व सूचना विना अन्तःपुरको दैलो नाघेर जान्छ उसलाई पाचित्तिय दोष लाग्नेछ ।"

× × ×

मूल सूत्र :—

३४– परमभक्ति

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो[1] ।

त्यस बखत प्रसेनजित कोशलराजा संग्राममा विजय प्राप्त गरी, अभिप्राय पूर्ण गरी फर्कंदै थिए । अनि प्रसेनजित कोशलराजा (सीधा)

१. अं. नि. १०. पृ. १५० : दुतियकोसलसुत्तं ।

जहाँ जेतवन विहार हो त्यहाँ गए। यानबाट जान हुने बाटोसम्म यानमा गई त्यसपछि यानबाट ओर्ली पैदल नै आराममा गए। त्यस बखत केही भिक्षुहरू खुला ठाउँमा टहलिँदै थिए। अनि प्रसेनजित कोशलराजाले, ती भिक्षुहरूकहाँ गई सोधे—

"भन्ते ! अहिले भगवान् अरहत् सम्यक् सम्बुद्ध कहाँ बस्नुभएको छ ? वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्न चाहन्छु।"

"महाराज ! ऊ, त्यो दैलो बन्द गरिराखेको विहार (घर) मा बस्नुभएको छ। निःशब्द भई त्यहाँ गई, बिस्तारै वरेन्डाभित्र गई खोकीको आवाज दिई खापाको प्वालनिर 'टक टक्' गरी आवाज दिनु होस्।"

"भगवान्ले दैलो उघारिदिनु हुनेछ।"

अनि प्रसेनजित कोशलराजा निःशब्द भई बिस्तारै त्यस विहारको वरेन्डाभित्र गई खोकीको आवाज दिई प्वालनिर सुस्तरी 'टक् टक्' गरी आवाज दिए। भगवान्ले दैलो उघारिदिनु भयो। प्रसेनजित कोशलराजाले विहारभित्र गई भगवान्को चरण कमलमा शीरले ढोगी भगवान्को चरण कमललाई मुखले चुम्बन गरी, हातले पनि परिमार्जन गर्दै आफ्नो नाम पनि सुनाए— "भन्ते ! म प्रसेनजित कोशलराजा हुँ; भन्ते ! म प्रसेनजित कोशल राजा हुँ।"

"महाराज ! के देखेर तपाइले यो शरीरलाई यस्तो परमभक्ति भाव देखाउनु भएको ? के देखेर तपाइले यस्तो परम मैत्रीपूर्ण स्नेह देखाउनु भएको ?"

बुद्धको गुण

१– "भन्ते ! कृतज्ञता र कृतवेदितालाई देखेर मैले भगवान्-प्रति यस्तो परमभक्ति भाव तथा परम मैत्रीपूर्ण स्नेह देखाएको हुँ। भन्ते ! भगवान्ले बहुजन हिताय, बहुजन सुखाय, धेरै जनतालाई कल्याणार्थ तथा कुशल धर्मार्थ आर्यज्ञानमा प्रतिष्ठित गराउनु भएको छ। भन्ते ! भगवान्ले, जुन बहुजन हिताय, बहुजन सुखाय धेरै जनतालाई कल्याणार्थ तथा कुशल धर्मार्थ आर्यज्ञानमा प्रतिष्ठित गराउनु भएको छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

२– "भन्ते ! फेरि भगवान्, समृद्ध शीलवान् हुनुहुन्छ. आर्य-शीलवान् हुनुहुन्छ, निरवद्य शीलवान् पनि हुनुहुन्छ। भन्ते ! भगवान् जुन समृद्ध शीलवान् हुनुहुन्छ, आर्य-शीलवान् हुनुहुन्छ, निरवद्य शीलवान् हुनुहुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्ति-भाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

३– "भन्ते ! फेरि भगवान्, दीर्घकालसम्म आरण्यक भई वनजङ्गलमै बस्नु हुन्छ। भन्ते ! भगवान् जो दीर्घकालसम्म वनजङ्गलमै बस्नु भई आरण्यक हुनुहुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

४– "भन्ते ! फेरि भगवान् जुनसुकै चीवर, भिक्षा भोजन, शयनाशन तथा गिलानप्रत्यय भैषज्य परिष्कार लाभ भए पनि सन्तुष्ट

हुनुहुन्छ। भन्ते! भगवान्, जो जुनसुकै चीवर··· भैषज्य परिष्कार लाभ भए पनि सन्तुष्ट हुनुहुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

५– "भन्ते! फेरि भगवान् लोकवासीकानिम्ति निम्त्याउन, पाहुना बनाउन, दक्षिणा दिन, नमस्कार गर्न योग्य हुनुहुन्छ र सर्वोत्तम पुण्यक्षेत्र समान हुनुहुन्छ। भन्ते! भगवान् जो लोकवासीकानिम्ति निम्त्याउन··· नमस्कार गर्न योग्य हुनुहुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तया मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

६– "भन्ते! फेरि तपस्या तथा विपश्यनादि भावनाद्वारा चित्त उद्घाटनकोनिम्ति जुन सहायक हुने कारणहरू हुन्; जस्तै— अल्पेच्छतागुण, सन्तुष्टितागुण, प्रविवेकतागुण, असंसर्गतागुण, वीर्यारम्भतागुण, शीलगुण, समाधिगुण, प्रज्ञागुण, विमुक्तिगुण, विमुक्तिज्ञानदर्शनगुण— यी गुणहरू भगवान्ले विनाप्रयास, विनामेहनत तथा विनाकष्ट लाभ गर्नु भएको छ। जुन अल्पेच्छतादि उपरोक्त गुणहरू भगवान्मा विद्यमान छन्; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

७– "भन्ते! फेरि भगवान्ले चारै मानसिक ध्यानहरू यसै जीवनमा सुखपूर्वक विहार गर्नकोनिमित्त विनाप्रयास, विनामेहनत तथा विनाकष्ट लाभ गर्नु भएको छ। भगवान्ले जुन मानसिक

चारै ध्यानहरू यसै जीवनमा सुखपूर्वक विहार गर्नकोनिम्ति विनाप्रयास, …लाभ गर्नु भएको छ; यिनै कारणहरू देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ ।

८– "भन्ते ! फेरि भगवान्ले अनेक बितेका कुराहरू अनुस्मरण गर्नसक्नु हुन्छ । जस्तै— एक जन्म, दुइ जन्म, तीन जन्म, चार जन्म, पाँच जन्म, दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, पचास जन्म, शय जन्म, हजार जन्म, लाख जन्म अनेक संवर्तकल्प (=प्रलयकल्प), अनेक विवर्तकल्प (=श्रृष्टिकल्प), अनेक संवर्त-विवर्तकल्पको कुरा पनि अनुस्मरण गर्नसक्नु हुन्छ— 'फलाना ठाउँमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख दुःख तथा यति आयु थियो । उ त्यहाँबाट च्युत भई फलाना ठाउँमा उत्पन्न भयो । त्यहाँ पनि यस्तो नाउँ… यस्तो आयु थियो । उ त्यहाँ-बाट च्युत भई यहाँ उत्पन्न भयो । यसरी साकार, सउद्देश्य, अनेक प्रकारले बितेका पूर्वजन्मका कुरालाई अनुस्मरण गर्न सक्नु हुन्छ । भन्ते ! भगवान्ले, जुन उपरोक्त प्रकारले अनेक प्रकार पूर्वजन्मका कुरा-हरू अनुस्मरण गर्न सक्नु हुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ ।

९– "भन्ते ! फेरि भगवान्ले, मनुष्य-आँखाभन्दा विशुद्ध भएका दिव्यचक्षुले च्युत भएका, उत्पन्न भएका, हीनतामा, श्रेष्ठतामा, सुवर्णतामा, दुर्वर्णतामा, सुगतिदुर्गतिमा अथवा आ-आफ्ना कर्मगति अनुसार उत्पन्न भएका,— सत्वहरूलाई जान्न सक्नु हुन्छ— 'यी सत्वहरू

कायिक, वाचिक तथा मानसिक दुश्चरित्रले युक्त भई; आर्यहरूको अपवाद गर्ने, मिथ्यादृष्टिक, मिथ्यादृष्टियुक्त काम गर्ने भई शरीर छाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात, नर्कमा उत्पन्न भए। यी सत्वहरू जो कायिक, वाचिक तथा मानसिक सुचरित्रले युक्त भई, आर्यहरूको अपवाद नगर्ने, सम्यक् दृष्टिक, सम्यक् दृष्टियुक्त काम गर्ने भई शरीर छाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए' भनी मनुष्यको आँखाभन्दा विशुद्ध भएका दिव्यचक्षुले··· आ-आफ्ना कर्मगति अनुसार उत्पन्न भएका सत्वहरूलाई जान्न सक्नु हुन्छ। भन्ते ! भगवान्ले जुन उपरोक्त प्रकारले यथाकर्मानुसार उत्पन्न हुने सत्वहरूलाई जान्न सक्नु हुन्छ; यिनै कारणहरूलाई देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

१०– "भन्ते ! फेरि भगवान्, यसै जीवनमा आस्रवक्षय गरी अनास्रव भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं अभिज्ञान साक्षात्कार गरी बस्नु भएको छ। भन्ते ! भगवान्, जुन यसै जीवनमा आस्रवक्षय गरी,··· स्वयं अभिज्ञान साक्षात्कार गरी बस्नु भएको छ; यिनै कारणहरूलाई समेत देखेर मैले भगवान् प्रति यस्तो परमभक्तिभाव तथा मैत्रीपूर्ण स्नेह देखाएको हुँ।

"भन्ते ! हामीहरूको धेरै काम छ, धेरै गर्नु पर्ने छ; अतएव अब हामी जान्छौं।"

"महाराज ! जे उचित सम्झनु हुन्छ।"

अनि प्रसेनजित कोशलराजा आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

× × ×

मूल सूत्र :—

३५–कहाँ दान दिनुपर्छ ?

श्रावस्तीमै[1] ।

एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्सँग यस्तो प्रश्न सोधे —

"भन्ते ! कहाँ (कसलाई) दान दिनुपर्छ ?"
"महाराज ! जहाँ (जसप्रति) चित्त प्रसन्न हुन्छ ।"

"भन्ते ! कहाँ (कसलाई) दान दिंदा महत्फल हुन्छ नि ?"

"महाराज ? कहाँ दान दिनुपर्छ भन्ने प्रश्न अर्कै हो; कहाँ दान दिंदा महत्फल हुन्छ भन्ने प्रश्न अर्कै हो । दुश्शीललाई दिने दान-भन्दा शीलवान्लाई दिने दान महत्फल हुन्छ । यस बारेमा तपाइसँगै प्रश्न सोध्छु । तपाइलाई जस्तो लाग्छ त्यस्तो भन्नुहोस् । भनौ कि, यहाँ

1. सं. नि. I. पृ. ९७: इस्सत्तसुत्तं ।

तपाइको कसैसँग युद्ध भयो, रणभूमिमा सेना पठाउन पर्‍यो । अनि कुनै अशिक्षित, हस्तशिल्प न जान्ने, लक्षनिर्धारण गर्न न जान्ने, राजपुरुषहरूले तीर हानेको न देख्ने, डरपोक, थर थर काँप्ने, तर्सिने तथा भागेर जाने क्षत्रीयकुमार आयो भने; के तपाइले उसलाई सेनामा भरना गर्नु हुन्छ ? के तपाइलाई त्यस्ता पुरुषको जरुरत पर्छ ?"

"भन्ते ! त्यस्ता पुरुषलाई कहिले पनि सेनामा भरना गर्दिन; न त त्यस्ता पुरुषको जरुरत नै पर्छ ।"

"महाराज ! अनि त्यस्तै अशिक्षित, ··· भागेरजाने ब्राह्मणकुमार, ··· वैश्यकुमार, ··· वा शूद्रकुमार आयो भने; के तपाइले उसलाई सेनामा भरना गर्नु हुन्छ ? के तपाइलाई त्यस्ता पुरुषको जरुरत पर्छ ?"

"भन्ते ! त्यस्ता पुरुषलाई कहिले पनि सेनामा भरना गर्दिन; न त त्यस्ता पुरुषको जरुरत नै पर्छ ।"

"महाराज ! भनौकि यहाँ तपाइको कसैसँग युद्ध भयो ··· अनि कुनै सुशिक्षित, हस्तशिल्प जान्ने, लक्ष निर्धारण गर्नसक्ने, राजपुरुषहरूले तीर हानेको देख्नसक्ने, निर्भीक, थर थर न काँप्ने, न तर्सिने, तथा भागेर न जाने क्षत्रीयकुमार आयो भने; के तपाइले उसलाई सेनामा भरना गर्नु हुन्छ ? के तपाइलाई त्यस्ता पुरुषको जरुरत पर्छ ?"

"भन्ते ! अवश्यमेव त्यस्ता पुरुषलाई सेनामा भरना गर्नेछु र त्यस्ता पुरुषको जरुरत पनि पर्छ ।"

"महाराज ! अनि त्यस्तै सुशिक्षित ··· न तर्सिने तथा भागेर न जाने ब्राह्मणकुमार, ··· वैश्यकुमार, ··· वा शूद्रकुमार आयो भने; के तपाइले उसलाई सेनामा भरना गर्नु हुन्छ ? के तपाइलाई त्यस्ता पुरुषको जरुरत पर्छ ?"

"भन्ते ! अवश्यमेव त्यस्ता पुरुषलाई सेनामा भरना गर्नेछु र त्यस्ता पुरुषको जरुरत पनि पर्छ ।"

"महाराज ! त्यस्तै गरी जुनसुकै कुलबाट घरबार छाडी अनगारिक भई प्रव्रजित भई, जो पञ्चाङ्ग विप्रहीण, पञ्चाङ्ग सुसम्पन्न हुन्छ भने-त्यस्तालाई दिएको दान महत्फल हुन्छ । (क) कुन पञ्चाङ्ग विप्रहीण भएको हुन्छ भने ?—(१) कामच्छन्द, (२) व्यापाद, (३) थीनमिद्ध (=शारीरिक र मानसिक आलस्यपन), (४) उद्धच्चकुक्कुच्च (=शारीरिक र मानसिक अशान्तिपन, अस्थिरपन), र (५) विचिकित्सा (=शंका उपशंका) विप्रहीण भएको हुन्छ । यिनै पञ्चाङ्गहरूले विप्रहीण भएको हुन्छ । (ख) कुन पञ्चाङ्गले सुसम्पन्न हुन्छ भने ? —(१) अशैक्ष[1] शीलस्कन्धले, (२) अशैक्ष-

---

१. कुनै पनि कुरा शिक्न बाँकी नरहेको हुँदा 'अरहत्' लाई 'अशैक्ष' भन्दछन् । अरहत् नहुञ्जेल स्रोतापन्नादि तीन मार्गफल लाभीलाई 'शैक्ष' भन्दछन् । स्रोतापन्नादि फल प्राप्त न हुनेलाई 'पृथक्जन' भन्दछन् । अतएव यहाँ 'अशैक्ष-शील' भन्नाले क्षीणास्रवहरूका शील भनिएको हो ।

समाधिस्कन्धले, (३) अशैक्ष-प्रज्ञास्कन्धले, (४) अशैक्ष-विमुक्ति-स्कन्धले र (५) अशैक्ष-विमुक्तिज्ञानदर्शनस्कन्धले सुसम्पन्न भएको हुन्छ । यिनै पञ्चाङ्गहरूले सुसम्पन्न भएको हुन्छ ।

"महाराज ! यिनै पञ्चाङ्गहरूले विप्रहीण र यिनै पञ्चाङ्गहरूले सुसम्पन्न भएकालाई दिने दान महत्फल हुन्छ ।"

यस पछि भगवान्‌ले पुनः गाथा भन्नुभयो —

(१)—"इस्सत्तं[1] बलविरियं[2] च यस्मिं विज्जेथ माणवे ।
तं युद्धत्थो भरे राजा नासूरं जातिपच्चया ॥

(२)—"तथेव खन्तिसोरच्चं धम्मा यस्मिं पतिट्ठिता ।
अरियवुत्ति[3] मेधाविं[4], हीनजच्चं पि पूजये ॥

(३)—"कारये अस्समे रम्मे, वासयेत्थ बहुस्सुते ।
पपञ्चविवने कयिरा, दुग्गे सङ्कमनानि च ॥

(४)—"अन्नं पानं खादनीयं[5], वत्थसेनासनानि च ।
ददेय्य उजुभूतेसु, विप्पसन्नेन चेतसा ॥

---

१. सिंहल र स्याममा 'इस्सत्थ' ।

२. बर्मीमा: 'बलवीरियं' ।

३. सिंहल र रोमनमा: 'तमरियवुत्ति'; स्याममा: 'तमरियवुत्ति' ।

४. रोमनमा: 'मेधावि' ।

५. रोमनमा: 'खादनियं' ।

(५)—"यथा हि मेघो थनयं, विज्जुमाली सतक्ककु[१] ।
थलं निन्नं च पूरेति[२], अभिवस्सं वसुन्धरं ॥

(६)—"तथेव सद्धो सुतवा, अभिसङ्खच्च भोजनं ।
वनिब्बके तप्पयति, अन्नपानेन पण्डितो ॥

(७)—"आमोदमानो[३] पकिरेति, देथ देथा ति भासति ।
तं हिस्स गज्जितं होति, देवस्सेव पवस्सतो ।
सा पुञ्ञधारा विपुला, दातारं अभिवस्सती'ति ॥

अर्थ :—

१—"जस्तै राजाले जातिको कारणलेविना डरपोक नहुने धनुर्विद्या र बलवीर्य हुने जुनसुकै युवकलाई पनि सेनामा भरनागर्छ —

२—"त्यस्तै जसमा क्षान्ति र आर्यशील–यी दुइ गुण युक्त; आर्यप्रवृत्ति हुने मेधावी हुन्–त्यस्ता पुरुष जातिले हीन भएता पनि पूज्य छन् ।

३ —"प्रपञ्च नभएका त्यस्ता बहुश्रुतलाई–एकान्त वनमा, दुर्गम स्थानलाई सम्मपारी, रम्य आश्रम बनाई–बसाल्नू ।

---

१. स्याममा: 'सतक्कुकु', रोमनमा: 'सतक्कतु' ।

२. रोमनमा: 'पुरेति' ।

३. स्याममा: 'अनुमोदमानो' ।

४—"त्यस्ता ऋजु भएकालाई–अन्न-पान, खाद्यवस्त्र, शयनासनादि–प्रसन्न चित्तले दिनू।

५—"जस्तै—मेघगर्जिंदै, शयकडौं बिजुलिचम्किदैं पानीवर्षा-खाडलमा र वसुन्धरामा भरिन्छ—

६—"त्यस्तै श्रद्धालु, श्रुतवान्, पण्डितले–दानद्रव्यको रासपारी-याचकहरूलाई अन्नपानले सन्तर्पित गर्छ।

७—"आमोद प्रमोद भई, 'देऊ, देऊ' भन्दै दानद्रव्य दिनु नै उसको 'गर्जन' हो। मुसलधारा पानी वर्षिने झैं पुण्यचेतनाको धारा-वर्षाई दान दिनेको पुण्यचेतना विपुल हुन्छ।"

× × ×

मूल सूत्र :—

३६–राज-बन्धन

श्रावस्तीमै[1]।

त्यस समय प्रसेनजित कोशलराजाले महाजनहरूलाई,—कसैलाई डोरीले बाँधी, कसैलाई सिक्रीले बाँधी, कसैलाई हतकडी लगाई—समात्न लगाएका थिए।

---

१. सं. नि I. पृ. ७५: बन्धनसुत्तं।

अनि केही भिक्षुहरू पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनकोलागि पसे। श्रावस्तीमा भिक्षाटन गरिसकेपछि, भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई, भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यस्तो सुनाए —

"भन्ते ! यहाँ, प्रसेनजित कोशलराजाले महाजनहरूलाई समात्न लगाई–कसैलाई डोरीले बाँधे, कसैलाई सिक्रीले बाँधे र कसैलाई हतकडी लगाए।"

यो कुरा सुनी त्यसबेला भगवान्ले निम्न गाथा भन्नुभयो —

(१)—"न तं दल्हं बन्धनमाहु धीरा,
यदायसं दारुजं पब्बजं च।
सारत्तरत्ता मणिकुण्डलेसु,
पुत्तेसु दारेसु च या अपेक्खा[1] ॥

(२)—"एतं दल्हं बन्धनमाहु धीरा,
ओहारिनं[2] सिथिलं दुप्पमुञ्चं।
एतं पि छेत्वान परिब्बजन्ति,
अनपेक्खिनो कामसुखं पहाया'ति ॥"

---

१. सिंहलमाः 'अपेखा'।

२. सिंहलमाः 'ओहारिना'।

अर्थ :–

१–"फलामको, काठको र डोरीको बन्धनलाई धीरपुरुषले बलियो बन्धन भन्दैनन् । धनसम्पत्ति, मणिकुण्डल, स्त्री-पुत्रहरूमा हुने अनुरागलाई नै दृढ बन्धन भन्दछन् ।

२–"यही बन्धनलाई धीरपुरुषले अपायमा लैंजाने सूक्ष्म र दुस्त्यज्य बन्धन भन्दछन् र यस्तो बन्धनलाई पनि तोडी, काम सुखको इच्छा नगरी धीरपुरुष प्रव्रजित हुन्छ ।"

× × ×

मूल सूत्र :–

३७–क्षेमा भिक्षुणीसँग

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामम‍ा बस्नु भएको थियो[1] ।

त्यस बखत क्षेमा भिक्षुणी कोशल प्रदेशमा चारिकागर्दै श्रावस्ती र साकेतको बीच तोरणवस्तु भन्ने ठाउँमा बास बसेकी थिइन् ।

एक दिन, प्रसेनजित कोशलराजा साकेतबाट श्रावस्ती गइरहेको बेलामा साकेत र श्रावस्तीको बीचको तोरणवस्तु भन्ने ठाउँमा एकरात

१. सं. नि. III. पृ. ३२१ः खेमासुत्तं ।

बास बसे । त्यसबेला प्रसेनजित कोशलराजाले एक पुरुषलाई आमन्त्रण गरी भने —

"अम्भो पुरुष ! यता आऊ । तिमी तोरणवस्तुमा घुमी त्यस्ता श्रमण वा ब्राह्मण छन् कि भनी बुझ, जोसँग आज म सत्संगत गर्न सकुँ ।"

"हवस्, देव !" भनी सो पुरुष प्रसेनजित कोशलराजाको आज्ञाअनुसार तोरणवस्तुमा, चारैतिर घुम्दा कुनै पनि त्यस्ता श्रमण वा ब्राह्मणलाई देखेन, जोसँग राजाले सत्संग गर्न योग्यहोस् । उसले क्षेमा भिक्षुणीलाई तोरणवस्तुमा बास बसिरहेकी देख्यो । अनि उसले राजाकहाँ गई निम्न कुरा बिन्तिगर्‍यो —

"देव ! तोरणवस्तुमा त्यस्ता श्रमण वा ब्राह्मण छैनन् जोसँग राजाको सत्संगत गर्न योग्यहोस् । तर एक क्षेमा भन्ने भिक्षुणी छन् । जो भगवान् अरहत् सम्यक् सम्बुद्धको श्राविका हुन् । ती आर्य श्राविकाको यस्तो कल्याणकीर्ति शब्द फैलिएको छ-पण्डितनी, व्यक्ता, मेधाविनी, बहुश्रुता, चित्रकथिका तथा कल्याण भाषिणी इत्यादि ।"

अनि प्रसेनजित कोशलराजा जहाँ क्षेमा भिक्षुणी थिइन् त्यहाँ गए । त्यहाँ पुगेपछि क्षेमा भिक्षुणीलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका प्रसेनजित कोशलराजाले क्षेमा भिक्षुणीसँग यी प्रश्नहरू सोधे —

मरणपछि के हुन्छ ?

(अ) "आर्या ! तथागत मरण पछि के हुन्छ ?"

"महाराज ! भगवान्ले, 'तथागत मरण पछि के हुन्छ ?" भनी भन्नु भएको छैन ।"

(आ) "आर्या ! के त तथागत मरण पछि (केही) हुन्न त ?"

"महाराज ! भगवान्ले, 'तथागत मरण पछि (केही) हुन्न' भन्ने कुरा पनि भन्नु भएको छैन ।"

(इ) "आर्या ! के त तथागत मरण पछि हुन्छ पनि हुन्न पनि ?"

"महाराज ! भगवान्ले, 'तथागत मरण पछि हुन्छ पनि, हुन्न पनि' भन्नु भएको छैन ।"

(ई) "आर्या ! के त तथागत मरण पछि न त हुन्छ, न त हुन्न ?"

"महाराज ! यो पनि भगवान्ले भन्नु भएको छैन कि—'तथागत मरण पछि न त हुन्छ, न त हुन्न ।"

"आर्या ! तथागत 'मरण पछि के हुन्छ ?' भनी सोध्दा, महाराज ! भगवान्ले, 'तथागत मरण पछि के हुन्छ" भनी भन्नु भएको छैन' भनी भन्नुहुन्छ । 'आर्या ! के त तथागत मरण पछि हुन्न त ?' भनी सोध्दा, 'महाराज ! भगवान्ले, 'तथागत मरण पछि हुन्न' भन्ने कुरा पनि भन्नु भएको छैन' भनी भन्नुहुन्छ । 'आर्या ! के त तथागत मरण-पछि हुन्छ पनि, हुन्न पनि ?' भनी सोध्दा, 'महाराज ! भगवान्ले, 'तथागत मरण पछि हुन्छ पनि, हुन्न पनि' भन्नु भएको छैन' भनी भन्नु-

हुन्छ। 'आर्या ! के त तथागत मरण पछि न त हुन्छ न त हुन्न ?' भनी सोध्दा, महाराज ! यो पनि भगवान्‌ले भन्नु भएको छैन कि—'तथागत मरण पछि न त हुन्छ, न त हुन्न' भनी भन्नुहुन्छ। आर्या ! त्यसोभए भगवान्‌ले न भन्नाको हेतु र प्रत्यय के हो त ?"

"महाराज ! त्यसोभए म तपाइसँगै सोध्नेछु। जस्तो तपाइलाई लाग्नेछ त्यस्तो भन्नुहोस्। महाराज ! तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ (=हातले गिन्ति गर्न जान्ने) अथवा संख्याज्ञ छ के ? जसले गङ्गाको बालुवा यति छ, यति शय छ, यति हजार छ अथवा यति लाख छ भनी गिन्ति गर्न सकोस् ?"

"आर्या ! छैन।"

"महाराज ! तपाइको कुनै गणितज्ञ (=नाप्न जान्ने), मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले महासमुद्रको पानी यति पाथी, यति शय पाथी, यति हजार पाथी अथवा यति लाख पाथी छ भनी नाप्न सकोस् ?"

"आर्या ! छैन।"

"त्यसो किन नि ?"

"आर्या ! समुद्र महान छ, गम्भीर छ, अप्रमेय छ तथा दुष्परिग्राह्य छ।"

(१) "महाराज ! जुन रूपद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो रूप तथागतको प्रहीण भई जरो उखलिइसकेको वृक्ष झैं; छेदन—

गरेको तालवृक्ष झैं असम्भाव्य, पुनः अनुत्पादधर्म भइसक्यो। महाराज! तथागत, रूपसंख्याबाट विनिर्मुक्त हुनुहुन्छ। महासमुद्र झैं गम्भीर, अप्रमेय तथा दुष्परिग्राह्य हुनुहुन्छ। अतएव तथागत 'मरण पछि हुन्छ' भन्न पनि सकिंदैन; 'हुँदैन' भन्न पनि सकिंदैन; 'हुन्छ पनि, हुन्न पनि' भन्न पनि सकिंदैन; 'न त हुन्छ, न त हुन्न' भन्न पनि सकिंदैन।

(२) "महाराज! जुन वेदनाद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो वेदना तथागतको प्रहीण भई...पुनः अनुत्पादधर्म भइसक्यो। महाराज! तथागत, वेदनासंख्याबाट विनिर्मुक्त हुनुहुन्छ। महासमुद्र झैं गम्भीर,...हुनुहुन्छ। अतएव तथागत 'मरण पछि हुन्छ' भन्न पनि सकिंदैन;...'न त हुन्छ, न त हुन्न' भन्न पनि सकिंदैन।

(३) "महाराज! जुन संज्ञाद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो संज्ञा तथागतको प्रहीण भई...पुनः अनुत्पादधर्म भइसक्यो। महाराज! तथागत, संज्ञासंख्याबाट विनिर्मुक्त हुनुहुन्छ। महासमुद्र झैं गम्भीर,...हुनुहुन्छ। अतएव तथागत 'मरण पछि हुन्छ' भन्न पनि सकिंदैन;...'न त हुन्छ, न त हुन्न' भन्न पनि सकिंदैन।

(४) "महाराज! जुन संस्कारद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो संस्कार तथागतको प्रहीण भई...पुनः अनुत्पादधर्म भइसक्यो। महाराज! तथागत, संस्कार संख्याबाट विनिर्मुक्त हुनुहुन्छ। महासमुद्र झैं गम्भीर,...हुनुहुन्छ। अतएव तथागत 'मरण पछि हुन्छ' भन्न पनि सकिंदैन;...'न त हुन्छ, न त हुन्न' भन्न पनि सकिंदैन।

(५) "महाराज ! जुन विज्ञानद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो विज्ञान तथागतको प्रहीण भई···पुनः अनुत्पादधर्म भइसक्यो। महाराज ! तथागत, विज्ञानसंख्याबाट विनिर्मुक्त हुनुहुन्छ। महासमुद्र झैं गम्भीर,···हुनुहुन्छ। अतएव तथागत 'मरण पछि हुन्छ' भन्न पनि सकिंदैन; ···'न त हुन्छ, न त हुन्न' भन्न पनि सकिंदैन।"

अनि प्रसेनजित कोशलराजा क्षेमा भिक्षुणीले भन्नु भएको कुरालाई अभिनन्दन गरी, अनुमोदन गरी आसनबाट उठी क्षेमा भिक्षुणीलाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए।

त्यस पछि एक दिन, प्रसेनजित कोशलराजा जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्सँग सोधे —

(अ) "भन्ते ! तथागत मरण पछि के हुन्छ ?"

"महाराज ! 'तथागत मरण पछि के हुन्छ' भन्ने कुरा मैले बताएको छैन।"

(आ) "भन्ते ! के त तथागत मरण पछि (केही हुन्न त ?"

"महाराज ! यो पनि मैले बताएको छैन कि—'तथागत मरण-पछि (केही) हुन्न'।"

(इ) "भन्ते ! के त तथागत मरण पछि हुन्छ पनि हुन्न पनि ?"

"महाराज ! मैले यो पनि बताएको छैन कि – 'तथागत मरण-पछि हुन्छ पनि, हुन्न पनि' ।"

(ई) "भन्ते ! के त तथागत मरण पछि न त हुन्न, न त हुन्छ ?"

"महाराज ! यो पनि मैले बताएको छैन कि—'तथागत मरण पछि न त हुन्छ, न त हुन्न' ।"

"भन्ते ! 'तथागत मरण पछि के हुन्छ' भनी सोध्दा, 'महाराज ! 'तथागत मरण पछि के हुन्छ' भन्ने कुरा मैले बताएको छैन' भनी भन्नुहुन्छ···। भन्ते ! त्यसो भए भगवान्‌ले न बताउनाको के हेतु, के प्रत्यय होला ?"

"महाराज ! त्यसो भए तपाइसँगै म सोध्नेछु । जस्तो तपाइ-लाई लाग्ने छ त्यस्तो भन्नुहोस् । महाराज ! तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले गङ्गाको बालुवा यति छ, यति शय छ, यति हजार छ अथवा यति लाख छ भनी गिन्ति गर्न सकोस् ?"

"भन्ते ! छैन ।"

"महाराज ! तपाइको कुनै गणितज्ञ, मुद्राज्ञ अथवा संख्याज्ञ छ के ? जसले महासमुद्रको पानी यति पाथी छ, यति शय पाथी छ, यति हजार पाथी अथवा यति लाख पाथी छ भनी नाप्न सकोस् ?"

"भन्ते ! छैन ।"

"त्यसो किन नि ?"

"भन्ते ! समुद्र महान छ, गम्भीर छ, अप्रमेय छ तथा दुष्परिग्राह्य छ ।"

"महाराज ! त्यस्तै जुन रूपद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो रूप तथागतको प्रहीण भई…पुनः अनुत्पादधर्म भइसक्यो । महाराज ! तथागत, रूपसंख्याबाट विनिर्मुक्त छन् । महासमुद्र जस्तै गम्भीर…छन् । त्यसो हुनाले 'तथागत मरण पछि हुन्छ' भन्न पनि मिल्दैन,…'न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन । जुन वेदनाद्वारा…जुन संज्ञाद्वारा,… जुन संस्कारद्वारा,…जुन विज्ञानद्वारा प्रज्ञापन गर्दा प्रज्ञापित हुने हो, सो…विज्ञान तथागतको प्रहीण भई…पुनः अनुत्पादधर्म भइसक्यो । महाराज ! तथागत, विज्ञान संख्याबाट विनिर्मुक्त छन् । महासमुद्र जस्तै गम्भीर…छन् । त्यसोहुनाले, 'तथागत मरण पछि हुन्छ' भन्न पनि मिल्दैन,…'तथागत न त हुन्छ, न त हुन्न' भन्न पनि मिल्दैन ।"

"आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते !! जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्रपदमा–अर्थमा अर्थ, ब्यञ्जनमा ब्यञ्जन मेलखान्छ, समान छ, परस्पर विरोध छैन ।

"भन्ते ! एक समय, म क्षेमा भिक्षुणीकहाँ गई यही नै कुरा सोधेको थिएँ । ती आर्यालि पनि यिनै पदहरूद्वारा, यिनै ब्यञ्जनहरूद्वारा, यिनै अर्थ प्रकाश गर्नु भएको थियो । जस्तो अहिले भगवान्‌ले प्रकाश गर्नु भयो । आश्चर्य हो भन्ते ! अद्भुत हो भन्ते !! जहाँ कि शास्ताको पनि श्राविकाको पनि अग्रपदमा–अर्थमा अर्थ, व्यञ्जनमा ब्यञ्जन मेलखान्छ,

समान छ, परस्पर विरोध छैन । हवस् त भन्ते ! अब हामी जान्छौं । हामीहरूको धेरै काम छ, धेरै गर्नु पर्ने छ ।"

"महाराज ! जस्तो उचित सम्झनु हुन्छ ।"

अनि प्रसेनजित कोशलराजा भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

× × ×

मूल सूत्र :–

३८–आयुष्मान् आनन्दसँग

यस्तो मैले सुने[1] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामामा बस्नु भएको थियो ।

एक दिन, आयुष्मान् आनन्द पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा पिण्डाचारार्थ जानुभयो । श्रावस्तीमा पिण्डाचारगरी फर्की भोजनोपरान्त दिवा विहारकोलागि पूर्वाराम

१. म. नि. II. पृ. ३५९: बाहितिकसुत्तं ।

मृगार प्रासादमा[1] जानुभयो ।

त्यस समय प्रसेनजित कोशलराजा एकपुण्डरिक भन्ने हात्तीमा चढी मध्याह्न समयमा श्रावस्तीबाट बाहिर जाँदै थिए । प्रसेनजित कोशलराजाले टाढैबाट आयुष्मान् आनन्दलाई–आइरहनु भएको देखे । अनि सिरिवड्ढ (श्रीवर्द्ध) महामात्यलाई आमन्त्रण गरे —

"सिरिवड्ढ ! यी आइरहनु भएका आयुष्मान् आनन्द हुनुहुन्छ कि क्याहो ?"

"हो, महाराज ! आयुष्मान् आनन्द हुनुहुन्छ ।"

अनि प्रसेनजित कोशलराजाले एक पुरुषलाई आमन्त्रण गरे—

"हे पुरुष ! यता आऊ । तिमी आयुष्मान् आनन्दकहाँ गई मेरो वचनले आयुष्मान् आनन्दको चरण कमलमा शीरले वन्दनागर— 'भन्ते ! प्रसेनजित कोशलराजा आयुष्मान् आनन्दको चरण कमलमा शीरले वन्दना गर्छ ।' यो पनि भन—'भन्ते ! यदि आयुष्मान् आनन्दको कुनै अत्यन्त जरूरी गर्नुपर्ने काम छैन भने अनुकम्पाराखी आयुष्मान् आनन्द केहीछिन् पर्खनुहोस् ' ।"

"हवस्, देव !" भनी सो पुरुष प्रसेनजित कोशलराजाको आज्ञासुनी आयुष्मान् आनन्दकहाँ गई आयुष्मान् आनन्दलाई अभिवादन

१. जेतवन विहारको पूर्वपट्टि विशाखा उपासिकाले बनाइराखेको विहारलाई 'पूर्वाराम' भन्दछन् । 'मृगार प्रासाद' पनि भन्दछन् ।

गरी एक छेउमा उभियो । एक छेउमा उभिइरहेको सो पुरुषले आयुष्मान् आनन्दलाई विन्ति गऱ्यो —

"भन्ते ! प्रसेनजित कोशलराजा आयुष्मान् आनन्दको चरण कमलमा शीरले वन्दना गर्नु हुन्छ र यो पनि निवेदन गर्नु हुन्छ—'यदि भन्ते ! आयुष्मान् आनन्दको कुनै अत्यन्त जरूरी गर्नु पर्ने काम छैन भने, अनुकम्पाराखी आयुष्मान् आनन्द केहीछिन पर्खनुहोस्' ।"

आयुष्मान् आनन्दले तूष्णिभावले स्वीकार गर्नु भयो ।

अनि प्रसेनजित कोशलराजा जहाँसम्म हात्तीबाट जाने बाटो छ त्यहाँसम्म हात्तीमा गई, त्यसपछि हात्तीबाट ओर्ह्लेर पैदल नै आयुष्मान् आनन्दकहाँ गए । त्यसपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिइरहेका प्रसेनजित कोशलराजाले आयुष्मान् आनन्दसँग प्रार्थना गरे —

"भन्ते ! यदि आयुष्मान् आनन्दलाई कुनै अत्यन्त जरूरी गर्नु-पर्ने काम छैन भने, अनुकम्पाराखी आयुष्मान् आनन्द अचिरवती नदीको तीरमा पाल्नुभए बेश हुने थियो ।"

आयुष्मान् आनन्दले तूष्णिभावले स्वीकार गर्नु भयो ।

अनि आयुष्मान् आनन्द अचिरवती नदीको तीरमा जानु भई एक रुखमनि बिचछ्याइराखेको आसनमा बस्नुभयो । प्रसेनजित कोशल-राजा पनि हात्तीबाट जानु हुने बाटोसम्म हात्तीमा गई त्यसपछि हात्ती-बाट ओर्ह्लेर पैदल नै आयुष्मान् आनन्दकहाँ गई, आयुष्मान् आनन्दलाई

अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिइरहेका प्रसेनजित कोशलराजाले आयुष्मान् आनन्दसँग बिन्ति गरे —

"भन्ते ! आयुष्मान् आनन्द यहाँ हस्ति स्तरणमा बस्नुहोस् ।"

"महाराज ! भइहाल्यो । तपाइ बस्नुहोस् । म मेरो आसनमा बसिसकेको छु ।"

अनि राजा बिच्छ्याइराखेको आसनमा बसे । त्यसपछि प्रसेनजित कोशलराजाले आयुष्मान् आनन्दसँग यी प्रश्नहरू सोधे —

सदोष-आचरण

a (१) "भन्ते आनन्द ! के यहाँ भगवान्ले त्यस्तो कायिक आचरण गर्नु हुन्छ ? जसलाई श्रमण ब्राह्मणहरूद्वारा दोष लगाइन्छ ?"

"महाराज ! यहाँ भगवान्ले त्यस्तो कायिक आचरण गर्नु हुन्न जसलाई श्रमण ब्राह्मणहरूद्वारा दोष लगाइन्छ ।"

"भन्ते आनन्द ! के यहाँ भगवान्ले त्यस्तो वाचिक आचरण,... मानसिक आचरण गर्नु हुन्छ ? जसलाई श्रमण ब्राह्मणहरूद्वारा दोष-लगाइन्छ ?"

"महाराज ! यहाँ भगवान्ले त्यस्तो वाचिक आचरण...मानसिक आचरण गर्नु हुन्न जसलाई श्रमण ब्राह्मणहरूद्वारा दोष लगाइन्छ ।"

"आश्चर्य हो भन्ते ! अद्‌भुत हो भन्ते ! हामीले जो अरू श्रमणहरूसँग सोधी पूरागर्न (जान्न) सकेनौं सो प्रश्नको उत्तर आयुष्मान् आनन्दबाट सुनेर पूर्णगर्न (जान्न) सक्यौं । भन्ते ! जुन बालमूर्ख, अव्यक्त, अपरीक्षकारी, अपरीक्ष ग्राहीहरूले अर्काको वर्णन वा अवर्णन गर्छन्, तिनीहरूका कथनलाई हामीहरू सार (सत्य) संझेर ग्रहण गर्दैनौं । भन्ते ! जुन पण्डित, व्यक्त, मेधावी, परीक्षकारी, परीक्ष ग्राहीहरूले अर्काको वणन वा अवर्णन गर्छन्, तिनीहरूका कथनलाई हामीहरू सार (सत्य) संझेर ग्रहण गर्दछौं ।

a (२) "भन्ते आनन्द ! कुनचाँहि कायिक आचरण श्रमण ब्राह्मणहरूद्वारा निन्दित हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण अकुशल हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण अकुशल हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण सावद्य हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण सावद्य हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण सब्यापद्य (हिंसा युक्त) हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण सब्यापद्य हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण दुःख विपाकी हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण दुःख विपाकी हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण आफ्नो पीडाकोलागि परपीडाकोलागि र दुवैको पीडाकोलागि हुन्छ; जसबाट अकुशल धर्म

अभिवृद्धि हुन्छ र कुशलधर्म परिहानी हुन्छ। महाराज ! त्यस्तो कायिक आचरण श्रमण ब्राह्मणहरूद्वारा निन्दित हुन्छ।"

"भन्ते आनन्द ! कुनचाँहि वाचिक आचरण···कुनचाँहि मानसिक आचरण श्रमण ब्राह्मणहरूद्वारा निन्दित हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण···जुन मानसिक आचरण अकुशल हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण···कुनचाँहि मानसिक आचरण अकुशलहुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण···जुन मानसिक आचरण सावद्य हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण···कुनचाँहि मानसिक आचरण सावद्य हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण···जुन मानसिक आचरण सव्यापद्य (हिंसायुक्त) हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण···कुनचाँहि मानसिक आचरण सव्यापद्य हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण···जुन मानसिक आचरण दुःखदायी हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण···कुनचाँहि मानसिक आचरण दुःखदायी हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण···जुन मानसिक आचरण आफ्नो पीडाको लागि···दुवैको पीडाको लागि हुन्छ, जसबाट अकुशल

धर्म अभिवृद्धि हुन्छ र कुशलधर्म परिहानी हुन्छ–महाराज ! त्यस्तो वाचिक आचरण…त्यस्तो मानसिक आचरण श्रमण ब्राह्मणहरूद्वारा निन्दित हुन्छ ।"

a (३) "भन्ते आनन्द ! के भगवान्‌ले, सबै अकुशलधर्महरू-लाई प्रहाण गर्ने वर्णना गर्नु हुन्छ ?"

"महाराज ! सबै अकुशलधर्महरूलाई प्रहाण गरी, तथागत सबै कुशलधर्महरूले सम्पन्न हुनुहुन्छ ।"

निर्दोष-आचरण

b (४) "भन्ते आनन्द ! कुनचाँहि कायिक आचरण श्रमण ब्राह्मण तथा विज्ञहरूद्वारा अनिन्दित हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण कुशल हुन्छ ?"

"भन्ते ! कुनचाँहि कायिक आचरण कुशल हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण निरवद्य हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण निरवद्य हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण अव्यापद्य (अहिंसा युक्त) हुन्छ ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण अव्यापद्य (अहिंसा युक्त) हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण सुखविपाकी हुन्छ।"

"भन्ते ! कुनचाँहि कायिक आचरण सुखविपाकी हुन्छ ?"

"महाराज ! जुन कायिक आचरण न आफ्नो पीडाकोलागि हुन्छ, न परपीडाकोलागि हुन्छ, न दुवैको पीडाकोलागि हुन्छ; जसबाट अकुशलधर्म परिहानी हुन्छ, कुशलधर्म अभिवृद्धि हुन्छ। महाराज ! त्यस्तो कायिक आचरण श्रमण ब्राह्मण तथा विज्ञहरूद्वारा अनिन्दित हुन्छ।'

"भन्ते आनन्द ! कुनचाँहि वाचिक आचरण…कुनचाँहि मानसिक आचरण श्रमण ब्राह्मण तथा विज्ञहरूद्वारा अनिन्दित हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण…जुन मानसिक आचरण कुशल हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण…कुनचाँहि मानसिक आचरण कुशल हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण…जुन मानसिक आचरण निरवद्य हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण…कुनचाँहि मानसिक आचरण निरवद्य हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण…जुन मानसिक आचरण अव्यापद्य (अहिंसायुक्त) हुन्छ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण...कुनचाँहि मानसिक आचरण अब्यापद्य (अहिंसायुक्त) हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण...जुन मानसिक आचरण सुखविपाकी हुन्छ ।"

"भन्ते ! कुनचाँहि वाचिक आचरण...कुनचाँहि मानसिक आचरण सुखविपाकी हुन्छ ?"

"महाराज ! जुन वाचिक आचरण...जुन मानसिक आचरण न आफ्नो पीडाकोलागि हुन्छ,...न दुवैको पीडाकोलागि हुन्छ; जसबाट अकुशलधर्म परिहानी हुन्छ, कुशलधर्म अभिवृद्धि हुन्छ । महाराज ! त्यस्तो वाचिक आचरण...त्यस्तो मानसिक आचरण श्रमण ब्राह्मण तथा विज्ञहरूद्वारा अनिन्दित हुन्छ ।"

b (५) "भन्ते आनन्द ! के भगवान्‌ले सबै कुशलधर्म-प्राप्तिको वर्णना गर्नु हुन्छ ?"

"महाराज ! सबै अकुशलधर्महरूलाई प्रहीण गरी, तथागत सबै कुशलधर्महरूले सुसम्पन्न हुनुहुन्छ ।"

आनन्द प्रति प्रभावित

"आश्चर्य भन्ते ! अद्‌भुत् भन्ते !! कस्तो सुन्दरकथन (सुभाषित) आयुष्मान् आनन्दले गर्नु भयो ! आयुष्मान् आनन्दको यस सुभाषितद्वारा हामी अत्यन्त प्रभावितछौं । आयुष्मान् आनन्दको सुभाषित द्वारा हामी यति प्रसन्न छौं कि —

"भन्ते ! यदि आयुष्मान् आनन्दलाई हस्तिरत्न ग्राह्य हुने भए हामी हस्तिरत्न पनि दिन तयारछौं । यदि आयुष्मान् आनन्दलाई अश्वरत्न ग्राह्य हुने भए हामी अश्वरत्न पनि दिन तयारछौं । यदि आयुष्मान् आनन्दलाई ग्राम-वर ग्राह्यहुने भए हामी ग्राम-वर पनि दिन तयारछौं । किन्तु हामीलाई पनि थाहा छ कि यिनीहरू आयुष्मान् आनन्दलाई योग्य छैनन्, ग्राह्य छैनन् । त्यसो हुनाले भन्ते ! यो मेरो कपडा जुन बाहितिक[1] अर्थात् बाहित देशमा उत्पादन भएको मगधराजा अजातशत्रु वैदेहीपुत्रले, कपडाको थैलीमाराखी पठाएको सोह्र हात लामो, आठ हात चौडाई भएको (कपडा) अनुकम्पाराखी आयुष्मान् आनन्दले स्वीकार गर्नुहोस् ।"

"महाराज ! भइहाल्यो, मसँग तीन चीवरहरू पूराछन् ।"

"भन्ते ! यो अचिरवती नदी आयुष्मान् आनन्दले पनि देख्नु भएको छ, हामीले पनि देखेकाछौं । जब पर्वत माथि महामेघ बर्सिन्छ तब यो अचिरवती नदीका दुवै तटहरू भरिएर आउँछन् । यस्तै गरी, भन्ते ! आयुष्मान् आनन्दले यी बाहितिक (कपडा) द्वारा आफ्नो चीवर

---

१. बाहित भन्ने देशको नाम हो । त्यहाँ उत्पादन हुने कपडा 'बाहितिक' । म. नि. अ. क. III. पृ. २३९ बाहित वा वाहित भन्ने देश सतलज र व्यासको बीचमा पर्छ । महाभारत, कर्णपर्वमा पनि यसको चर्चा आउँछ । यस देशलाई अर्जुनले जितेका थिए । बाल्हिक पनि भनिन्छ । हेर G. D. पृ. १५ र १९ मा ।

बनाउनु होस् । आयुष्मान् आनन्दको जुन पुराना तीन चीवरहरू हुन्, तिनीहरू सब्रह्मचारीहरूलाई बाँडि दिनुहोस् । यस प्रकार हाम्रो दान, नदीमा पानी भरिएर आए झैं हुनेछ । भन्ते ! तपाइ आयुष्मान् आनन्दले बाहितिक (कपडा) स्वीकार गर्नुहोस् !"

आयुष्मान् आनन्दले बाहितिक (कपडा) स्वीकार गर्नुभयो ।

त्यस पछि प्रसेनजित कोशलराजाले आयुष्मान् आनन्दसँग निवेदन गरे—"हवस् त भन्ते आनन्द ! अब हामी जान्छौं । हामीहरूको धेरै काम छ, धेरै गर्नुपर्ने छ ।"

"महाराज ! जस्तो उचित सम्झनु हुन्छ ।"

अनि प्रसेनजित कोशलराजा आयुष्मान् आनन्दको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी आयुष्मान् आनन्दलाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

आयुष्मान् आनन्द पनि प्रसेनजित कोशलराजा गएको केही छिन पछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नु भएका आयुष्मान् आनन्दले–जे जति कुराकानी प्रसेनजित कोशलराजासँग भएको थियो ती जम्मै–भगवानलाई बिन्ति गर्नुभयो । त्यो बाहितिक (कपडा) पनि भगवान्लाई चढाउनु भयो । अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो —

"भिक्षुहो ! प्रसेनजित कोशलराजाको लाभहो ! भिक्षुहो प्रसेनजित कोशलराजाको सुलाभहो ! जो कि राजा प्रसेनजितले आनन्दको दर्शन पनि पाउँछन् र सत्संगत पनि गर्न पाउँछन् ।"

भगवान्‌ले यति भन्नुभए पछि भगवान्‌को भाषणलाई भिक्षुहरूले अभिनन्दन गरे ।

× × ×

मूल सूत्रः—

३९– अप्रमादको विशेषता

श्रावस्तीमे[1] ।

एक दिन, एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्‌लाई निम्न कुरा सुनाए—

"भन्ते ! यहाँ म, एकान्तमा एक्लै बसिरहँदा मेरो मनमा यस्तो तर्कना उत्पन्न भयो—'भगवान्‌ले राम्ररी धर्म बताउनु भएको छ । किन्तु त्यो (=धर्म) कल्याणमित्र, असल साथी र असल विचारमा लाग्नेहरूकानिम्ति सिवाय पापमित्र (=खराब मित्र), खराब साथी र खराब विचारमा लाग्नेहरूकानिम्ति होइन' ।"

"त्यसै हो महाराज ! त्यसै हो महाराज ! महाराज ! मैले राम्ररी धर्म बताएको छु किन्तु त्यो कल्याणमित्र, असल साथी र असल विचारमा लाग्नेहरूकानिम्ति सिवाय खराब मित्र, खराब साथी र खराब विचारमा लाग्नेहरूकानिम्ति होइन ।

---

१. स. नि. I. पृ. ८६ : कल्याणमित्तसुत्तं, रोमनमा : 'अप्पमाद' र स्याममा : 'दुतियअप्पमादसुत्तं' उल्लेख भएको छ ।

"महाराज ! एक समय म शाक्यजनपदको नागरक[1] भन्ने शाक्यहरूको निगम (स्यानो गाउँ) मा बसेको थिएँ । त्यसबेला आनन्द भिक्षु मकहाँ आई, मलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका आनन्द भिक्षुले मलाई यस्तो सुनाए— 'भन्ते ! यो ब्रह्मचर्य (=मार्ग ब्रह्मचर्य) आधाजति मात्र कल्याणमित्र, कल्याण-साथी र कल्याणविचारमा लाग्नेहरूका आश्रय गर्नाले उपलब्ध गर्न सकिन्छ जस्तो लाग्छ[2]।'

"महाराज ! आनन्दले यस्तो सोध्दा मैले उनलाई यसो भने— 'आनन्द ! यसो नभन, आनन्द ! यसो नभन । सबै ब्रह्मचर्य (=मार्ग ब्रह्मचर्य) कल्याणमित्र, कल्याण साथी र कल्याण विचारमा लाग्ने-हरूको आश्रयबाटै उपलब्ध गर्न सकिन्छ । आनन्द ! असल मित्र, असल साथी र असल विचारमा लाग्नेहरूको आश्रयबाटै भिक्षुले आर्य अष्टाङ्गिक मार्गको भाविता गर्छ, बहुलतर भाविता गर्छ भन्ने आशा गरिन्छ ।

---

१. नालन्दा पालिमा : 'नगरक' ।

२. आयुष्मान् आनन्दको मनमा, "आधाजति ब्रह्मचर्यको फल कल्याणमित्रहरूका आश्रयबाट र आधाजति आफ्नै प्रयासबाट सफल हुने होला" भन्ने तर्कना लागेको थियो । अनि आयुष्मान् आनन्दले, "जुन तर्कना मेरो मनमा हुँदैछ, सो मेरो विषय होइन । अतः भगवान्कहाँ गई यसबारे कुनै निर्णयात्मक कुरा सोध्नु राम्रो हुनेछ" भन्ने विचार गरी भगवान्कहाँ गई प्रश्न सोधेका थिए ।

आनन्द ! कसरी, कल्याणमित्र कल्याण साथी र कल्याण विचारमा लाग्नेको आश्रयबाटै भिक्षुले आर्य अष्टाङ्गिक मार्गको भाविता गर्छ, बहुलतर भाविता गर्छ भन्ने आशा गरिन्छ भने ?—यहाँ भिक्षुले, विवेक निश्रित भई, वैराग्य निश्रित भई, निरोध निश्रित भई, उत्सर्ग निश्रित भई– सम्यक्दृष्टि, सम्यक्सङ्कल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक्जीवन, सम्यक्वीर्य, सम्यक्स्मृति र सम्यक्समाधिको भाविता गर्छ, बहुलतर भाविता गर्छ। यसरी, आनन्द ! कल्याणमित्रको··· आश्रयबाट भिक्षुले आर्य अष्टाङ्गिक मार्गको भाविता गर्छ··· । आनन्द ! यस पर्यायले पनि बुझनुपर्छ कि सबै ब्रह्मचर्य असल मित्रको··· आश्रयबाटै उपलब्ध गर्न सकिन्छ। आनन्द ! म जस्तो असल मित्रकहाँ आएर नै जन्मिने सत्वहरू जन्मबाट परिमुक्त हुन्छन्, जराजीर्ण हुने सत्वहरू जरा-जीर्णताबाट परिमुक्त हुन्छन्, व्याधि हुने सत्वहरू व्याधिबाट परिमुक्त हुन्छन्, शोक परिदेव दुःख दौर्मनस्य हुने सत्वहरू, शोक परिदेव दुःख दौर्मनस्यबाट परिमुक्त हुन्छन् । आनन्द ! यस पर्यायले पनि बुझनुपर्छ कि सबै ब्रह्मचर्य असल मित्रको··· आश्रयबाट नै उपलब्ध गर्न सकिन्छ ।'

"महाराज ! त्यसो हुनाले तपाइले यस्तो सिक्न सक्नुपर्छ— 'कल्याणमित्रकै आश्रय गरौं, कल्याण साथीकै आश्रय लेऊँ र कल्याण विचारमा लाग्नेकै आश्रयमा बस्न सकौं ।'

"महाराज ! असल मित्रको आश्रय गर्नेले, असल साथीको आश्रय लिनेले, असल विचारमा लाग्नेको आश्रयमा बस्नेले यही एक धर्ममा आश्रित भई बस्नु पर्छ— कुशलधर्म र अप्रमादमा (Present of mind)।

१- "महाराज ! अप्रमादी भई बस्दा, अप्रमादको आश्रय लिई अन्तःपुर नारीगृहमा जाँदा, अन्तःपुर वासीका मनमा यस्तो लाग्न सक्छ— 'राजा अप्रमादी भई, अप्रमादको आश्रय लिई बस्नु भएको छ। अतः हामीहरू पनि अप्रमत्त भई बसौं, हामीहरू पनि अप्रमादको आश्रय लिई बसौं ।'

२- "महाराज ! अप्रमादी भई बस्दा, अप्रमादको आश्रय लिई क्षत्रीयहरूकहाँ जाँदा. उनीहरूको मनमा पनि यस्तो लाग्न सक्छ. 'राजा अप्रमादी भई, अप्रमादको आश्रय लिई बस्नु भएको छ। अतः हामीहरू पनि अप्रमत्त भई बसौं, हामीहरू पनि अप्रमादको आश्रय लिई बसौं ।'

३- "महाराज ! अप्रमादी भई बस्दा, अप्रमादको आश्रय लिई सेनाहरूकहाँ जाँदा, उनीहरूको मनमा पनि यस्तो लाग्न सक्छ-- 'राजा अप्रमादी भई, अप्रमादको आश्रय लिई बस्नु भएको छ। अतः हामीहरू पनि अप्रमत्त भई बसौं, हामीहरू पनि अप्रमादको आश्रय लिई बसौं ।'

४- "महाराज ! अप्रमादी भई बस्दा, अप्रमादको आश्रय लिई निगम जनपदहरूमा जाँदा, त्यहाँका मनिसहरूका मनमा पनि यस्तो लाग्न सक्छ — 'राजा अप्रमादी भई, अप्रमादको आश्रय लिई बस्नु भएको छ। अतः हामीहरू पनि अप्रमत्त भई बसौं, हामीहरू पनि अप्रमादको आश्रय लिई बसौं ।'

५- "महाराज ! अप्रमादी भई बस्दा, अप्रमादको आश्रय लिई बस्दा आफू पनि गोप्य (= सुरक्षित) हुनेछ, अन्तःपुर पनि

गोप्य (सुरक्षित) हुनेछ र कोष-कोष्ठागारहरू पनि गोप्य (=सुरक्षित) हुनेछन् ।"

यसपछि भगवान्ले पुनः गाथा भन्नुभयो—

(१) "भोगे पत्थयमानेन, उळारे अपरापरे ।
अप्पमादं पसंसन्ति, पुञ्ञकिरियासु पण्डिता ॥

(२) "अप्पमत्तो उभो अत्थे, अधिग्गण्हाति[1] पण्डितो ।
दिट्ठे धम्मे च यो अत्थो, यो चत्थो सम्परायिको ।
अत्थाभिसमया धीरो, पण्डितो ति पवुच्चती'ति ॥"

अर्थ—

१– "ठूल-ठूला भोगसम्पत्ति प्रार्थना (सम्पादन) गर्नेहरूले र पुण्यकार्य गर्ने पण्डितहरूले अप्रमादलाई नै प्रशंसा गर्छन् ।

२– "अप्रमादले— इहलौकिक र पारलौकिक— दुवै अर्थ सिद्ध गरि दिन्छ; अर्थ प्राप्त गर्ने धीर पुरुषलाई पण्डित भन्दछन् ।"

× × ×

---

१. सिंहल र रोमनमा : 'अधिगण्हाति' ।

मूल सूत्र :–

४०– मल्लिका देवीको मृत्यु

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनारामा बस्नु भएको थियो[1]।

अनि प्रसेनजित कोशलराजा जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। अनि त्यस समय मल्लिका देवीको मृत्यु भयो। एक पुरुष जहाँ प्रसेनजित कोशलराजा थिए त्यहाँ गई राजाको कानमा— "मल्लिका देवी परलोक हुनुभयो" भनी सुनायो। यति कुरा सुन्ने वित्तिकै प्रसेनजित कोशलराजा दुःखी दुर्मन भई शीर झुकाई, अधोमुख गरी, शोक गर्दै केही नबोली चुपलागेर बसे।

भगवान्ले प्रसेनजित कोशलराजा दुःखी दुर्मन भई शीर झुकाई, अधोमुख गरी, शोक गर्दै केही नबोली चुप लागि बसेको देखी यसो भन्नुभयो –

"महाराज! यो लोकमा यी पाँच कुराहरू कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्माले पनि पाउन सक्दैनन्। कुन पाँच भने ?–

---

१. अं. नि. ५. पृ. ३२१ : कोसलसुत्तं।

(१) जरा स्वभावको प्राणीले 'मलाई जरा नहोस्' भनी इच्छा गरेता पनि पाउन सक्तैन, (२) व्याधि स्वभावको प्राणीले 'मलाई व्याधि नहोस्' भनी इच्छा गरेता पनि पाउन सक्तैन, (३) मरण स्वभावको प्राणीले 'मेरो मरण नहोस्' भनी इच्छा गरेता पनि पाउन सक्तैन, (४) क्षय हुने स्वभावको प्राणीले 'मेरो क्षय नहोस्' भनी इच्छा गरेता पनि पाउन सक्तैन र (५) नाश हुने स्वभावको प्राणीले 'मेरो नाश नहोस्' भनी इच्छा गरेता पनि पाउन सक्तैन।

a. १– "महाराज ! अश्रुतवान् पृथक्जनलाई जराले जर्जरित पार्छ। जराले जर्जरित भई उसले, 'न यो मलाई मात्र जराले जर्जरित पारेको हो, अपितु जति सत्वहरू आउने, जाने, च्युत हुने र उत्पन्न हुने छन् ती सबै सत्वहरूलाई नै जराले जर्जरित पार्छ। यदि मैले जराधर्मले जर्जरित पार्दा शोक गरें, सन्ताप गरें, विलाप गरें, टाउकोमा हात राखी विरह गरें, सम्मोहित भएँ भने म खान-पिउन सक्ने पनि हुनेछैन, स्वास्थ्य पनि खराब हुनेछ, काम पनि चल्न सक्तैन; शत्रुहरू पनि हाँस्नेछन्, मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्दैन बल्कि उ जराले जर्जरित भएर शोक गर्छ, सन्ताप गर्छ, विलाप गर्छ, टाउकोमा हात राखी विरह गर्छ, सम्मोहित हुन्छ। महाराज ! यस्तालाई भन्दछन्—'अश्रुतवान् पृथक्जन – विषैली शोकरूपी वाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने।'

a. २-५– "महाराज ! फेरि अश्रुतवान् पृथक्जन रोगले रोगग्रस्त हुन्छ,… मृत्युद्वारा मरण हुन्छ,…क्षय धर्मद्वारा क्षय हुन्छ,…

...नाशधर्मद्वारा नाश हुन्छ, । नाशधर्मद्वारा नाश हुँदा उसले, 'न यो मेरोलागि मात्र नाशधर्म नाश भएको हो अपितु जति सत्वहरू आउने, जाने, च्युत हुने र उत्पन्न हुनेछन् ती सबै सत्वहरू नाशधर्मद्वारा नाश नै हुन्छन् । यदि मैले नाशधर्म नाश हुँदा शोक गरें,... सम्मोहित भएँ भने म खान-पिउन सक्ने पनि हुने छैन,... मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्दैन बल्कि उ नाशधर्म नाश हुँदा शोक गर्छ... सम्मोहित हुन्छ । महाराज ! यस्तालाई भन्दछन् — 'अश्रुतवान् पृथक्जन, विषैली शोकरूपी वाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने ।'

b. १– "महाराज ! श्रुतवान् आर्यश्रावकलाई जराले जर्जरित पार्छ । जराले जर्जरित भई उसले 'न यो मलाई मात्र जराले जर्जरित पारेको हो, अपितु जति सत्वहरू आउने, जाने... उत्पन्न हुने छन् ती सबै सत्वहरूलाई नै जराले जर्जरित पार्छ । यदि मैले जराधर्मले जर्जरित पार्दा शोक गरें,... सम्मोहित भएँ भने म खान-पिउन सक्ने पनि हुने छैन,... मित्रहरू पनि दुःखी हुने छन्' भनी मनमा सोच्छ । अतएव उ जराले जर्जरित भएता पनि शोक गर्दैन, सन्ताप गर्दैन, विलाप गर्दैन, टाउकोमा हात राखी विरह गर्दैन, सम्मोहित पनि हुँदैन । महाराज ! यस्तालाई भन्दछन्—'श्रुतवान् आर्यश्रावक, विषैली शोकरूपी वाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने अश्रुतवान् पृथक्जन झैं नभई — विषैली शोकरूपी वाँणलाई हटाउन सक्ने ।'

b. २·५– "महाराज ! फेरि श्रुतवान् आर्यश्रावक रोगले रोगग्रस्त हुन्छ,… मृत्युद्वारा मरण हुन्छ,… क्षयधर्मद्वारा क्षय हुन्छ- नाशधर्मद्वारा नाश हुन्छ । नाशधर्मद्वारा नाश हुँदा उसले 'न यो मेरो-लागि मात्र नाशधर्म नाश भएको हो अपितु जति सत्वहरू आउने, जाने, उत्पन्न हुनेछन् ती सबै सत्वहरू नाशधर्मद्वारा नाश नै हुन्छन् । यदि मैले नाशधर्म नाश भएकोमा शोक गरें,… सम्मोहित भएँ भने म खान-पिउन सक्ने पनि छैन,… मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्छ । अतएव उ नाशत्व नाश भएता पनि शोक गर्दैन,…न सम्मो-हित नै हुन्छ । महाराज ! यस्तालाई भन्दछन्— 'श्रुतवान् आर्य-श्रावक— विषैली शोकरूपी वाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने अश्रुतवान् पृथक्जन झैं नभई— विषैली शोकरूपी वाँणलाई हटाउन सक्ने ।'

"महाराज ! यिनै पाँच कुराहरू यो लोकमा कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्माले पनि पाउन सक्दैन ।"

पुनश्च भगवान्ले गाथा भन्नुभयो –

(१) "न सोचनाय परिदेवनाय[१],
अत्थोध[२] लब्भा[२] अपि अप्पको पि ।

---

१. स्याम र रोमनमा : 'न परिदेवनाय' ।

२. स्याममा : 'अत्थो इध लब्भति; रोमनमा : 'अत्थो इध लब्भा'।

सोचन्तमनं दुखितं विदित्वा,
पच्चत्थिका अत्तमना भवन्ति ॥

(२) "यतो च खो पण्डितो आपदासु,
न वेधती अत्थविनिच्छयञ्ञू ।
पच्चत्थिकास्स दुखिता भवन्ति,
दिस्वा मुखं अविकारं पुराणं ।

(३) "जप्पेन मन्तेन सुभासितेन,
अनुप्पदानेन पवेणिया वा ।
यथा यथा यत्थ लभेथ अत्थं,
तथा तथा तत्थ परक्कमेय्य ॥

(४) "सचे पजानेय्य[1] अलब्भनेय्यो,
मया व[2] अञ्ञेन वा एस अत्थो ।
असोचमानो अधिवासयेय्य,
कम्मं दल्हं किन्ति करोमि दानी'ति ॥"

---

१. रोमनमा : 'व जानेय्य' ।

२. स्याम र रोमनमा : 'वा' ।

अर्थ –

१–"शोक गरी, रोदन गरी, कुनै मात्रामा पनि अर्थसिद्ध हुन सक्दैन। शोक गरी दुःखी भएको देखी बरु शत्रुहरू मात्रै खुशी हुन थाल्छन्।

२– "जब पण्डित पुरुष आपद्कालमा पनि कारणाकारण बुझी अकम्पित भई बस्दछ तब कुनै मुखाकृति बिग्रेको नदेखी शत्रुको मन दुःखी हुन्छ।

३– "परम्परानुसार जप गर्नाले, मन्त्र पढ्नाले, शुभ-वचन बोल्नाले अथवा अनुदान दिनाले जराधर्मबाट बच्न सक्दैन बरु जरा भएर आउँदा; जुन जुन ठाउँमा जस्तो जस्तो पर्न आउँछ त्यस्तो त्यस्तो ठाउँमा बुद्धि पुऱ्याई सम्यक् प्रयत्न गर्नुपर्छ।

४– "यदि कुनै उपायबाट पनि बच्न सक्दैन भनी जानेमा, 'म मात्र जरा जर्जरित भएको होइन, अरू पनि जर्जरित भएकै छन्' भनी संज्ञा गरी 'जीवनको कर्म नै यस्तो दृढ (= बलियो) रहेछ, के गर्न सकुँलार !' भनी शोक सन्ताप नगरी धैर्य राख्न सक्नुपर्छ।"

× × ×

मूल सूत्र :—

४१– बुद्धसँग विविध प्रश्न

यस्तो मैले सुने[१]।

एक समय भगवान् उरुञ्ञ[२] स्थित कण्णकत्थल मृगदावनमा बस्नु भएको थियो ।

त्यस समय राजा प्रसेनजित कोशल केही कामले उरुञ्ञमा आइपुगेका थिए । अनि राजा कोशलले एक पुरुषलाई आमन्त्रण गरे—

"हे पुरुष ! यता आऊ । तिमी भगवान्कहाँ गई मेरो वचनले भगवान्को चरणकमलमा शीरले वन्दना गरी सुस्वास्थ्य र कुशलक्षेम सोध— 'भन्ते ! प्रसेनजित कोशलराजा भगवान्को चरणकमलमा शीरले वन्दना गर्छ, सुस्वास्थ्य र कुशलक्षेम पनि सोध्छ ।' यसो पनि निवेदन गर— 'भन्ते ! प्रसेनजित कोशलराजा आज भोजनोपरान्त, बिहानको भोजनपछि भगवान्को दर्शनार्थ आउनेछ' ।"

---

१. म. नि. II. पृ. ३७३ : कण्णकत्थलसुत्तं ।

२. सिहलमा: 'उजुका', स्याममा: 'उदञ्ञा', रोमनमा : 'उजुञ्ञा'। उरुञ्ञ भन्ने देश र नगरको एकै नाम हो । म. नि. अ. क. III. पृ. २४४

"हवस्, देव !" भनी सो पुरुष प्रसेनजित कोशलराजाको आज्ञा सुनी भगवान्कहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बस्यो। अनि सो पुरुषले भगवान्लाई बिन्ति गर्‍यो— "भन्ते ! प्रसेनजित कोशलराजाले भगवान्को चरणकमलमा शीरले वन्दना गर्छन्, सुस्वास्थ्य र कुशलक्षेम पनि सोध्छन्। यसो पनि भन्छन्— 'भन्ते ! आज भोजनोपरान्त, विहानको भोजनपछि भगवान्को दर्शनार्थ आउनेछु'।"

सोमा र सकुला[1] (दुवै) बहिनीहरूले, "आज प्रसेनजित कोशलराजा भगवान्को दर्शनार्थ जाँदैछन्" भन्ने सुनी सोमा र सकुला (दुवै) बहिनीहरू प्रसेनजित कोशलराजाको भान्छाघरमा गई निवेदन गरे— "महाराज ! त्यसो भए, हाम्रो वचनले पनि भगवान्को चरणकमलमा शीरले वन्दना गरि दिनु होस्, सुस्वास्थ्य र कुशलक्षेमको कुरा पनि सोधि दिनु होस्।"

सर्वज्ञताबारे प्रश्न

प्रसेनजित कोशलराजा भोजनोपरान्त, विहानको भोजनपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा वसे। एक छेउमा बसेका प्रसेनजित कोशलराजाले भगवान्संग बिन्ति गरे—

1. सोमा र सकुला भन्ने दुइ दिदी बहिनीहरू हुन्। यिनीहरू दुवै राजाका प्रजापति थिए। म. नि अ. क. III पृ. २४५

"भन्ते ! सोमा र सकुला (दुवै) बहिनीहरूले भगवान्को चरणकमलमा शीरले वन्दना गर्छन्, भगवान्को सुस्वास्थ्य र कुशलक्षेम पनि सोध्छन् ।"

"महाराज ! के, सोमा र सकुला (दुवै) बहिनीहरूले अरू कुनै दूत पाएनन् ?"

"भन्ते ! सोमा र सकुला (दुवै) बहिनीहरूले—'आज प्रसेनजित कोशलराजा भोजनोपरान्त, बिहानको भोजनपछि भगवान्को दर्शनार्थ जाँदैछन्' भन्ने सुनी ती दुवैले भान्छाघरमा आई यसो भने—'त्यसो भए महाराज ! हामीहरूको वचनले पनि भगवान्को चरणकमलमा शीरले वन्दना गरि दिनु होस्...।' भन्ते ! सोमा र सकुला (दुइ) बहिनीहरू भगवान्को चरणकमलमा शीरले वन्दना गर्छन् ।"

"महाराज ! सुखिनी रहुन्, ती सोमा र सकुला बहिनीहरू ।"

त्यसपछि प्रसेनजित कोशलले यी प्रश्नहरू सोधे—

"भन्ते ! श्रमण गौतमले यसो भन्नुभएको छ भन्ने मैले सुने—'त्यस्तो (कुनै) श्रमण वा ब्राह्मण यहाँ छैन जो सर्वज्ञ, सर्वदर्शी (छ), (जसले) अपरिशेष ज्ञानदर्शन जान्न सक्छ. यो सम्भव छैन ।' भन्ते जो यसो भन्छन्—'श्रमण गौतमले त्यस्तो श्रमण वा ब्राह्मण छैन जो सर्वज्ञ, सर्वदर्शी (छ), (जसले) अपरिशेष ज्ञानदर्शन जान्न सक्छ; यो सम्भव छैन ।' भन्ते ! के, उनीहरूले भगवान्ले (=तपाइले) भन्नुभएको जस्तै

भन्छन् ? के, उनीहरूले भगवान्लाई झूटो आरोप त लगाउन्नन् ? के, उनीहरूले धर्मको अनुरूप (सत्यमा आधारित कुरा) भन्छन् ? के, उनीहरूद्वारा कारणसहितको कुरा (धर्मानुसार भनेको कुरा) को वादारोपण अथवा निन्दा त हुन आएन ?"

"महाराज ! जसले, श्रमण गौतमले — 'त्यस्तो (कुनै) श्रमण वा ब्राह्मण छैन जो सर्वज्ञ, सर्वदर्शी (छ), (जसले) अपरिशेष ज्ञानदर्शन जान्न सक्छ; यो सम्भव छैन' भनी भन्छन् उनीहरूले न मैले भनेको जस्तै भन्छन् बल्कि उनीहरूले ममाथि झूटो आरोप, असत्य आरोप लगाउँछन् ।"

यति कुरा सुनी प्रसेनजित कोशलराजाले विडूडभ[1] सेनापतिलाई आमन्त्रण गरे— "सेनापति ! यो कुरा राजान्तःपुरमा कसले सुनायो ?"

"महाराज ! आकाश गोत्रीय सञ्जय ब्राह्मणले ।"

अनि प्रसेनजित कोशलराजाले एक पुरुषलाई आमन्त्रण गरे— "हे पुरुष ! यता आऊ, तिमीले मेरो वचनले आकाश गोत्रीय सञ्जय ब्राह्मणलाई बोलाऊ— 'प्रसेनजित कोशलराजाले तिमीलाई बोलाएको छ' ।"

---

१. 'विडूडभ सेनापति' प्रसेनजित राजाको वासभदत्ता भन्ने महारानीको तरफबाट जन्मेको पुत्र हो । वासभदत्ता, महानाम शाक्यकी दाशीपुत्री थिइन् । हेर. बु. गृ. पृ. २१२; धम्म. अ. क. पृ. १७२ विडूडभ वत्थु ।

"हवस्, देव !" भनी सो पुरुष प्रसेनजित कोशलराजाको आज्ञा सुनी आकाश गोत्रीय सञ्जय ब्राह्मणकहाँ गयो र "प्रसेनजित कोशलराजाले तिमीलाई बोलाउनु भएको छ' भनी भन्यो ।

फेरि प्रसेनजित कोशलराजाले भगवान्सँग सोधे—

"भन्ते ! शायद भगवान्ले अरुनै अभिप्रायले, यस्तै केही कुरा भन्नुभएको छ कि ? जुन कुरालाई मानिसहरूले अर्कै ढंगले (गलत तरिकाले) सम्झे । भगवान्लाई थाहाछ कि कुनै त्यस्तो कुरा (वाक्य) भन्नुभएको ?"

"महाराज ! यस प्रकार भनेको मलाई थाहाछ— 'त्यस्तो श्रमण वा ब्राह्मण छैन जसले एकै पटक[1] (सकिएव = सकिदेव >सकृदेव) सबै (कुरा) जान्न सकोस्, देख्न सकोस्; यो सम्भव छैन' ।"

"भन्ते ! भगवान्ले (जुन कुरा) — 'त्यस्तो श्रमण वा ब्राह्मण छैन जसले एकै पटक (एकै चित्त क्षणमा) सबै (कुरा) जान्न सकोस्, देख्न सकोस्; यो सम्भव छैन' भनी भन्नुभयो सो कुरा हेतुरूप

---

१. एकै पटक, एकै चित्तको क्षणले सबै कुरा जान्न सकिन्न । भिन्ना भिन्न चित्त क्षणको स्रोतले मात्र कुनै कुरा थाहापाउन सकिन्छ । अतएव एकै मात्र चित्त-क्षणले सबै कुरा जान्न सकिन्न भनी भनेको हो ।

(=हेतुसहित) नै भन्नुभयो, कारणसहित (=न्याय संगत) नै भन्नुभयो ।"

चातुर्वर्ण्य–शुद्धिबारे

"भन्ते ! यी चार वर्णहरू हुन्— क्षत्री, ब्राह्मण, वैश्य र शूद्र । यी चार वर्णहरूमध्येमा केही विशेषता वा केही भिन्नता छ के ?"

महाराज ! ... जहाँसम्म अभिवादन, प्रत्युपस्थान, अञ्जलिकर्म, सम्मानकर्मको सवाल छ त्यहाँसम्म यी चार वर्णहरूमध्येमा क्षत्री र ब्राह्मण श्रेष्ठ देखिन्छन् ।"

"भन्ते ! मैले इहलौकिकबारे प्रश्न सोधेको होइन अपितु पारलौकिक सम्बन्धी प्रश्न सोधेको हुँ ।"

"महाराज ! यहाँ, पाँच प्रधानीय (=साधन, उद्योग, व्यायाम) अङ्गहरू छन् । कुन पाँच भने ?— (१) महाराज ! यहाँ, भिक्षु श्रद्धालु हुन्छ, तथागतको बोधिज्ञानप्रति श्रद्धा राख्छ— 'वहाँ भगवान् अरहत्, सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्यसारथी, देवमनुष्यका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ ।' (२) निरोगी, निदुःखी, पाचनशक्तियुक्त, समशीतोष्ण, समानता, मध्यमसाधक हुन्छ, (३) असठ, अमायावी (जालझेल नगर्ने, निष्कपटी), हुन्छ, आफूलाई— आफ्नो दोष=कशूरलाई शास्ताको छेउमा

वा विज्ञजनको छेउमा अथवा सब्रह्मचारीहरूका छेउमा— प्रकट गर्छ, (४) आरब्धवीर्य (=उद्यमी) हुन्छ— अकुशल धर्म प्रहाणार्थ, कुशलधर्म सम्पादनार्थ, कुशलधर्ममा बलियो दृढ पराक्रमी र लगनसम्पन्न हुन्छ, (५) प्रज्ञावान् हुन्छ— उदयास्तागामिनी प्रज्ञाले युक्त, सम्यक् दुःखक्षयगामिनी, आर्य निर्वेधिक ज्ञानले युक्त हुन्छ। महाराज! यिनै पाँच प्रधानीय अङ्गहरू हुन।

"महाराज! यी चार वर्णहरू हुन— क्षत्री, ब्राह्मण, वैश्य र शूद्र। यी चार वर्णहरू यिनै पाँच प्रधानीय अङ्गहरूले सुसम्पन्न हुन्छन्, यसबाट उनीहरूको दीर्घकालकोलागि हित र सुख हुन्छ।"

"भन्ते यी चातुवर्ण्य क्षत्रियादिहरूमा यी पाँच प्रधानीय अङ्गहरूमा पनि केही भिन्नता छ के?"

"महाराज! यसमा कुनै भिन्नता छैन। जस्तै - दमनीय दुइ हात्ती, घोडा, साँढे, सुदान्त, सुविनीत हुन्छन्। दमनीय दुइ हात्ती, घोडा, साँढे अदान्त, अविनीत हुन्छन्। महाराज! के त, जुन दमनीय हात्ती, घोडा, साँढेहरू दमन भई, सुविनीत भई जो दान्तहरू जाने भूमि हो अथवा जुन दान्त भइकन, पुग्नुपर्ने भूमि हो त्यहाँ तिनीहरू पुग्न सक्छन् कि सक्दैनन्?"

"पुग्न सक्छन्, भन्ते!"

"महाराज! जो ती दमनीय हात्ती, घोडा, साँढेहरू अदान्त,

अविनीत हुन्, तिनीहरू··· दान्त सुविनीत भएका पुग्ने भूमिमा पुग्न सक्छन् कि सक्तैनन् ?"

"सक्तैनन्, भन्ते !"

"महाराज ! त्यस्तै गरी जुन त्यो श्रद्धालु, निरोगी,··· प्रज्ञा-ज्ञानले पुग्नुपर्ने हो त्यो अश्रद्धालु, रोगी··· मूर्खले पुग्न सक्छ भन्नु सम्भव हुन्न ।"

"भन्ते ! भगवान्‌ले हेतुरूप नै भन्नुभयो, कारणसहित नै भन्नुभयो । भन्ते !··· ती चातुर्वर्ण्य क्षत्रीयादिहरू यी पाँच प्रधानीय अङ्गले सम्पन्न भई, सम्यक् प्रधानले पनि सम्पन्न भएमा यहाँ उनीहरूका बीचमा के कुनै विशेषता वा भिन्नता हुन सक्छ ?"

"महाराज ! यहाँ तिनीहरूका बीच-- विमुक्तिले विमुक्तिमा — कुनै विशेषता वा भिन्नता हुन सक्दैन । जस्तै— कुनै पुरुषले सुकेको शाकको काठद्वारा आगो बाल्छ, तेज उत्पन्न गर्छ; अर्को पुरुषले पनि सुकेको शालको काठ लिई आगो बाल्छ, तेज उत्पन्न गर्छ; फेरि अर्को पुरुषले सुकेको आँपको काठद्वारा आगो बाल्छ, तेज उत्पन्न गर्छ; फेरि अर्को पुरुषले डुम्रीको काठद्वारा आगो बाल्छ, तेज उत्पन्न गर्छ । महाराज ! ती विभिन्न प्रकारका काठहरूबाट निकालिएका आगाहरूमा कुनै नानाकरण छ के ? जस्तै— र्अचिको र्अचिमा, वर्णको वर्णमा अथवा आभाको आभामा कुनै फरक पर्छ के ?"

"पर्दैन, भन्ते !"

"महाराज यस्तै गरी जुन त्यो वीर्यले मन्थन गरी प्रधानीय अङ्गद्वारा निस्केको तेज हो त्यसमा— विमुक्तिको विमुक्तिमा— कुनै भिन्नता छ भनी भनिदैन।"

"भन्ते ! भगवान्ले हेतुरूप नै भन्नुभयो, कारणसहित नै भन्नुभयो। भन्ते ! के, देवताहरू छन् ?"

देवताबारे प्रश्न

"महाराज ! के तपाइ पनि यस्तो भन्नुहुन्छ ? — "भन्ते ! के, देवताहरू छन ?"

"भन्ते ! बुझें। के ती देवताहरू यस आत्मभावमा आउने हुन्छन् कि अथवा यस आत्मभावमा नआउने हुन्छन् ?"

"महाराज ! जो देवताहरू सब्यापद्य (=लोभ सहित) हुन्छन् ती देवताहरू यस आत्मभावमा आउने हुन्छन्। जो देवताहरू अब्यापद्य (=लोभ रहित) हुन्छन् ती देवताहरू यस आत्मभावमा नआउने हुन्छन्।"

भगवान्ले यस्तो भन्नुहुँदा, विडूडभ सेनापतिले भगवान्संग सोधे— "भन्ते ! जो देवताहरू सब्यापद्य हुन्छन् र यस आत्मभावमा आउने हुन्छन्; जो देवताहरू अब्यापद्य हुन्छन् र यस आत्मभावमा

नआउने हुन्छन्; के, ती (सब्यापद्य) देवताहरूले यी (अब्यापद्य) देवताहरूलाई त्यस ठाउँबाट हटाउँछन् वा निष्काशित गर्छन् कि क्या हो?"

यस बेला आयुष्मान् आनन्दको मनमा यस्तो लाग्यो—

"यो विड्डभ सेनापति, प्रसेनजित कोशलराजाका छोरा हुन्, म भगवान्को छोरा[1] हुँ। छोराले छोरालाई आमन्त्रण गर्ने यही मौका हो।" यति सोची आयुष्मान् आनन्दले विड्डभ सेनापतिलाई आमन्त्रण गर्नु भयो—

"हे सेनापति! त्यसो भए म तिमीसँग प्रश्न सोध्नेछु, तिमीलाई जस्तो लाग्छ त्यस्तो जवाफ देऊ। सेनापति! के भन्छौ त? जतिसम्म प्रसेनजित कोशलराजाको राज्य छ, जहाँसम्म प्रसेनजित कोशलराजा ऐश्वर्याधिपत्य भई राज्य गर्छन्; के प्रसेनजित कोशलराजाले त्यहाँ बस्ने श्रमण वा ब्राह्मणलाई, पुण्यवान् वा अपुण्यवान्लाई अथवा ब्रह्मचारी वा अब्रह्मचारीलाई त्यस ठाउँबाट हटाउन वा निष्कासित गर्न सक्छन् वा सक्दैनन्?"

"भो! सक्छन्।"

"हे सेनापति! के भन्छौ त? जहाँ प्रसेनजित कोशलराजाको राज्य छैन, जहाँ प्रसेनजित कोशलराजाको ऐश्वर्याधिपत्य छैन त्यहाँ

---

१ भगवान्का शिष्यहरू जति सबै भगवान्का पुत्र हुन्।

बस्ने श्रमण वा ब्राह्मणलाई, पुण्यवान् वा अपुण्यवान्लाई अथवा ब्रह्मचारी वा अब्रह्मचारीलाई प्रसेनजित कोशलराजाले त्यस ठाउँबाट हटाउन वा निष्कासित गर्न सक्छन् त ?"

"भो! सक्तैनन् ।"

"हे सेनापति ! तिमीले त्रयस्त्रिंश देवताहरूको नाम सुनेका छौ कि छैनौ ?"

"भो ! सुनेको छु । मैले त्रयस्त्रिंश देवताहरूका नाम सुनेको छु । प्रसेनजित कोशलराजाले पनि त्रयस्त्रिंश देवताहरूका नाम सुन्नुभएको छ ।"

"हे सेनापति ! त्यसो भए के, राजा प्रसेनजित कोशलले त्रयस्त्रिंश देवताहरूलाई त्यहाँबाट हटाउन वा निष्कासित गर्न सक्छन् त ?"

"भो ! राजा प्रसेनजित कोशलले त्रयस्त्रिंश देवताहरूलाई देख्न त सक्नुहुन्न भने कहाँबाट हटाउने वा निष्कासित गर्ने ?"

"सेनापति ! यस्तै, जो देवताहरू सब्यापद्य तथा यस आत्मभावमा आउने हुन्; जो देवताहरू अब्यापद्य तथा यस आत्मभावमा नआउने हुन् – यिनीहरूलाई (=अब्यापद्य देवताहरूलाई) तिनीहरूले (=सब्यापद्य देवताहरूले) देख्नसम्म पनि सक्तैनन् भने कसरी त्यहाँबाट हटाउने वा निष्कासित गर्ने ?"

राजा प्रसेनजित कोशलले भगवान्‌सँग सोधे—

"भन्ते ! यहाँ भिक्षुको नाम के रहेछ ?"

"महाराज ! यी भिक्षुको नाम आनन्द हो।"

"धन्य धन्य आनन्द ! आनन्द रूप हो धन्य !! भन्ते ! आयुष्मान् आनन्दले भन्नुभएको कुरा हेतुरूप नै हो, सहेतुरूप (=कारणसहित) नै हो। भन्ते ! के त ब्रह्मा छन् ?"

ब्रह्माबारे प्रश्न

"महाराज ! के, तपाइले पनि यस्तो भन्नुहुन्छ ?— 'भन्ते ! के ब्रह्मा छन् ?"

"भन्ते ! बुझें। के ती ब्रह्मा यस आत्मभावमा आउने हुन्छन् वा नआउने हुन्छन् ?"

"महाराज ! जो ब्रह्मा सव्यापद्य हुन्, ती ब्रह्मा यस आत्मभावमा आउने हुन्छन्; जो ब्रह्मा अव्यापद्य हुन्छन्, ती ब्रह्मा यस आत्मभावमा नआउने हुन्छन्।"

यसै बीच एक पुरुष आई प्रसेनजित कोशल राजालाई बिन्ति गर्‍यो— "महाराज ! आकाश गोत्रीय सञ्जय ब्राह्मण आइपुग्यो।" अनि प्रसेनजित कोशलराजाले आकाश गोत्रीय सञ्जय ब्राह्मणसँग सोधे—

"हे ब्राह्मण ! कसले यो कुरा राजान्तःपुरमा सुनायो ?"

"महाराज ! विडूडभ सेनापतिले।"

विडूडभ सेनापतिले— "महाराज ! आकाश गोत्रीय सञ्जय ब्राह्मणले भनेको हो" भनी भने । यस समयमा एक पुरुषले प्रसेनजित कोशलराजालाई— "महाराज ! जानेबेला भयो" भनी बिन्ति गऱ्यो ।

त्यसपछि प्रसेनजित कोशलराजाले भगवान्सँग बिन्ति गरे—

"भन्ते ! हामीले भगवान्सँग सर्वज्ञताबारे प्रश्न सोध्यौं, भगवान्ले पनि सर्वज्ञताबारे उत्तर दिनुभयो । हामी त्यो कुरा रुचाउँछौं, र स्वीकार पनि गर्छौं । त्यसबाट हामी सन्तुष्ट पनि छौं । चातुर्वर्ण्यबारे हामीले भगवान्सँग प्रश्न सोध्यौं, भगवान्ले चातुर्वर्ण्यबारे उत्तर दिनुभयो,...। हामीले अधिदेवताबारे भगवान्सँग प्रश्न सोध्यौं, भगवान्ले अधिदेवताबारे उत्तर पनि दिनुभयो,... । हामीले अधिब्रह्माबारे भगवान्सँग प्रश्न सोध्यौं, भगवान्ले अधिब्रह्माबारे उत्तर दिनुभयो । हामी त्यो कुरा रुचाउँछौं र स्वीकार पनि गर्छौं । त्यसबाट हामी सन्तुष्ट पनि छौं । हामीले जे जे प्रश्न सोध्यौं, भगवान्ले त्यो त्यो उत्तर दिनुभयो । हामी त्यो कुरा रुचाउँछौं र स्वीकार पनि गर्छौं । त्यसबाट हामी सन्तुष्ट पनि छौं । हवस् त, भन्ते ! अव हामी जान्छौं । हामी-हरूको धेरै काम छ, धेरै गर्नु पर्नेछ ।"

"महाराज ! जे उचित सम्झनुहुन्छ ।"

अनि प्रसेनजित कोशलराजा भगवान्को भाषणलाई अभि-नन्दन गरी, अनुमोदन गरी, आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए ।

× × ×

मूल सूत्र :—

४२–धर्मचैत्य

यस्तो मैले सुने[1] ।

एक समय भगवान् शाक्य देशको मेदलुम्प[2] नामक शाक्यहरूको निगममा बस्नु भएको थियो ।

त्यस बखत प्रसेनजित कोशलराजा नगरक भन्ने शाक्यहरूको निगममा केही कामले आएका थिए । अनि प्रसेनजित कोशलराजाले दीर्घकारायणलाई आमन्त्रण गरे —

"सौम्य कारायण ! राम्रा राम्रा यानहरू तयार पार । सुभूमि हेर्नकोलागि उद्यान भूमिमा जानेछौं ।

"हवस्, देव !" भनी प्रसेनजित कोशलराजाको आज्ञा सुनी दीर्घकारायणले राम्रा राम्रा यानहरू तयारपारी प्रसेनजित कोशलराजासँग निवेदन गरे—"देव ! राम्रा राम्रा यानहरू तयारपारीसकें । अब जे उचित सम्झनु हुन्छ ।"

अनि प्रसेनजित कोशलराजा राम्रो यानमा चढी राम्रा राम्रा

१. म. नि. II. पृ. ३६५: धम्मचेतियसुत्तं ।

२. बर्मीमा: 'मेदालपु', सिंहलमा: 'मेतलूपं', स्याममा: 'मेदलुपं' ।

यानहरूसहित, महान राजसी ठाँटबाँटका साथ नगरकबाट निस्केर जहाँ आराम (उद्यान) हो त्यहाँ गए । जहाँसम्म यानबाट जाने बाटो थियो त्यहाँसम्म यानमा गए । त्यस पछि यानबाट ओर्ह्ली पैदल नै आराम (उद्यान) मा गए । उद्यानमा पैदल घुम्दैजाँदा मनोहर, रम्य, अल्प शब्द, अल्पघोष तथा एकान्त, निर्जन, ध्यानयोग्य वृक्षमूलहरू देखे त्यसबेला राजाको मनमा भगवान्‌को बारेको स्मृति उत्पन्न भयो--"यी रुखहरू उही रुखहरू झैं मनोहर, सुरम्य...ध्यानयोग्य छन् जहाँ हामी वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धसँग सत्संगत गर्दथ्यौं !"

यस्तो सम्झना आए पछि प्रसेनजित कोशलराजाले दीर्घकारायणलाई आमन्त्रण गरे —

"सौम्य कारायण ! यी मनोहर, सुरम्य...ध्यानयोग्य वृक्षमूलहरू उही नै वृक्षमूलहरू झैं छन् जहाँ हामी भगवान्...सँग सत्संगत गर्दथ्यौं। सौम्य कारायण ! आजकल भगवान्...कहाँ विहार गर्नु भएको छ ?"

"महाराज ! मेदलुम्प भन्ने शाक्यहरूको निगममा, त्यहाँ भगवान्...विहार गर्नु भएको छ।"

"सौम्य कारायण ! मेदलुम्प भन्ने निगम नगरबाट कति टाढा पर्दछ ?"

"महाराज ! धेरै टाढा छैन। केवल तीन योजन मात्र छ। बाँकीरहेको दिन भित्रै पुग्न सकिन्छ।"

"सौम्य कारायण ! त्यसो भए राम्रा राम्रा यानहरू तयारपार । भगवान्...को दर्शनार्थ हामी जानेछौं ।"

"हवस्, देव !" भनी दीर्घकारायणले राजाको आज्ञा सुनी, राम्रा राम्रा यानहरू तयारपारी प्रसेनजित कोशलराजासँग निवेदन गरे—"देव ! राम्रा राम्रा यानहरू तयारपारिसकें । अब जे उचित सम्झनु हुन्छ ।"

अनि प्रसेनजित कोशलराजा राम्रो यानमा चढी राम्रा राम्रा यानहरूसहित नगरकबाट जहाँ भेदलुम्प भन्ने शाक्यहरूको निगम हो त्यहाँ गए । उही दिन, बाँकी दिन छँदानै भेदलुम्पमा पुगी जहाँ आराम (=विहार) हो त्यहाँ गए । यानबाट जान हुने बाटोसम्म यानमा गए । पछि...पैदल नै आराम भित्र पुगे ।

त्यसवेला केही भिक्षुहरू खुला ठाउँमा टहलिदै थिए । जहाँ ती भिक्षुहरू थिए त्यहाँ गई प्रसेनजित कोशलराजाले ती भिक्षुहरूसँग सोधे—

"भन्ते ! भगवान्...अहिले कहाँ विहार गर्दै हुनुहुन्छ ? हामी भगवान्को दर्शन गर्न चाहन्छौं ।"

"महाराज ! ऊ त्यो दैलो थुनि राखेको विहारमा बस्नु भएको छ । निःशब्दसँग त्यहाँ गई...खोकी हाली विस्तारै खापामा ठक्ठक्याउनुहोस् । भगवान्ले दैलो उघारिदिनु हुनेछ ।"

अनि प्रसेनजित कोशलराजाले त्यहीं नै आफ्नो खड्ग र पगरी दीर्घकारायणलाई दिए । दीर्घकारायणले सोचे—"राजा एकान्त

चाहनुहुन्छ होला; म यहीं नै बसिरहनु पर्‍यो।" प्रसेनजित कोशल-राजा जहाँ त्यो दैलो थुनिराखेको विहार (घर) हो त्यहाँ निःशब्द-संग गई···खोकी हाली विस्तारै खापा ठक्ठक्याए। भगवान्ले दैलो उघारिदिनुभयो। राजा विहार भित्र पसे। भगवान्को चरण कमलमा शीरले ढोगेर भगवान्को चरण कमलमा मुखले पनि म्वाई खाए; हातले पनि परामर्श गर्दै नाम पनि सुनाए—"भन्ते ! म राजा प्रसेनजित हुँ; भन्ते ! म राजा प्रसेनजित कोशल हुँ !"

"महाराज ! तपाइले के देखेर यो शरीरलाई यस्तो परमसत्कार गर्नु भएको ? के देखेर यस्तो मित्रोपहार प्रदर्शन गर्नु भएको ?"

धर्मन्वय

१- "भन्ते ! 'भगवान्, सम्यक् सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ' भन्ने-भगवान् प्रति धर्मसम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो। यहाँ, केही श्रमणहरूले सीमित समयतक— दशवर्ष, बीसवर्ष, तीसवर्ष, चालीसवर्षसम्म-ब्रह्मचर्य पालनगरेको देख्दछु। त्यस पछि उनीहरू राम्ररी स्नान गरी, राम्ररी लेपलगाई, केश दाह्री काटी, पञ्चकाम विषयले समर्पित भई, सम-अङ्गी भई विचरणगर्छन्। यहाँ, भिक्षुहरूले जीवनभर, प्राण छउँजेल-सम्म परिपूर्ण, परिशुद्ध ब्रह्मचर्य पालनगरेको देख्दछु। भन्ते ! यहाँ (बुद्ध शासनमा) भन्दा बाहिर अरूले यसरी परिपूर्ण, परिशुद्ध रूपले ब्रह्मचर्य पालनगरेको म देखिदन। 'भगवान्, सम्यक् सम्बुद्ध हुनुहुन्छ···' भन्ने-भगवानप्रति धर्म सम्बन्धी यही मेरो धर्मन्वय हो, धारणा हो।

२—"भन्ते ! फेरि राजाहरू पनि राजाहरूसँग विवाद गर्छन्, क्षत्रीहरू पनी क्षत्रीहरूसँग विवाद गर्छन्, ब्राह्मणहरू पनि ब्राह्मणहरूसँग विवाद गर्छन्, गृहपतिहरू पनि गृहपतिहरूसँग विवाद गर्छन्; आमा पनि छोरासँग···, छोरा पनि आमासँग···, बाबु पनि छोरासँग···, छोरा पनि बाबुसँग···; दाजु पनि बहिनीसँग···, बहिनी पनि दाजुसँग···, र साथी पनि साथीसँग विवाद गर्छन्। भन्ते ! यहाँ म समगि (=मेलमिलाप) भई, सम्मोदन गर्दै विवाद नगरी, दूधमा पानी झैं परस्पर प्रिय चक्षुले हेर्दै विहार गर्दै, भिक्षुहरू देख्दछु। भन्ते यहाँ भन्दा बाहिर यस प्रकार मेलमिलाप भएका अरू परिषद् म देख्दिन। भन्ते ! यो पनि, 'भगवान्, सम्यक् सम्बुद्ध हुनुहुन्छ···' भन्ने-भगवान्प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो।

३—"भन्ते ! फेरि म आरामबाट आराममा, उद्यानबाट उद्यानमा टहलिन्छु, विचरणगर्छु। त्यहाँ, केही श्रमण ब्राह्मणहरू देख्दछु—जो दुब्ला, रूक्ष, विरुप, पहेंला शरीर, हाडछाला मात्र भएका—जसलाई देख्ने बित्तिकै देख्नेले आँखा बन्द गर्नुपर्ने जस्तो हुन्छ। तिनीहरूलाई देखेर मलाई यस्तो लाग्यो— अवश्य नै यी आयुष्मान्हरू मन नलगाई ब्रह्मचर्य पालन गरिरहेकाछन् होलान् अथवा कुनै पापकर्म गरी त्यसलाई यिनीहरू छोप्दै छन् होलान्; त्यसैले यी आयुष्मान्हरू दुब्ला,··· हाड छाला मात्र भएका···देख्नेले आँखा बन्द गर्नुपर्ने जस्ता छन्।' अनि तिमीहरूकहाँ गई मैले सोधें—"आयुष्मान्हरू ! किन तपाइहरू दुब्ला,···जस्तो हुनुहुन्छ ?' तिनीहरूले भने—'महाराज ! हामीहरूको यो बन्धुकरोग हो अर्थात् कुल परम्परादेखि आएको रोग हो।' तर यहाँ,

हर्षित-प्रहर्षित, अभिरत, प्रफुल्लित इन्द्रिय, अल्पोत्सुक, पतितलोम भै शान्त, परदत्तवृत्ति, आशारहितचित्तलिई विहार गर्ने भिक्षुहरू देख्दछु। यिनीहरूलाई देखेर मलाई यस्तो लाग्यो—'अवश्य नै यी आयुष्मानहरू वहाँ भगवान्‌को शासन (=धर्म) उदारतापूर्वक पूर्वापर विशेषता जान्दछन्; त्यसैले यी आयुष्मान्‌हरू हर्षित-प्रहर्षित…छन्।' भन्ते! यो पनि, 'भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ…' भन्ने—भगवान्‌प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो।

४—"भन्ते! फेरि म मूर्धाभिषिक्त क्षत्री राजा हुँ। मार्नु पर्नेलाई मार्न सक्छु, धनीलाई गरीब बनाउन सक्छु, निष्कासित गर्नु पर्ने लाई निष्कासित गर्न सक्छु। यस्तो समर्थ भएर पनि न्याय निसापको काममा बसिरहँदा मानिसहरूले बीच बीचमा मेरो कुरा काट्छन्। 'न्याय निसापको काममा बसिरहँदा तपाइहरूले बीच बीचमा मेरो कुरा न काट्नुहोस्, मेरो कुरा नटुङ्गिएसम्म पर्खेर बस्नुहोस्' भन्दा पनि मलाई सुख छैन। बीच बीचमा मेरो कुरा काट्छन् नै। यहाँ म भिक्षुहरू देख्दछु—जुन समयमा भगवान्‌ले शयकडौंको संख्या भएको परिषद्‌लाई धर्म देशना गर्नु हुन्छ, त्यस समयमा भगवान्‌का कुनै पनि श्रावकले न हाछिउँ गरेको, न खोकेको शब्द सुन्दछु। बितेको एक दिन, भगवान्‌ले शयकडौ भएको परिषद्‌लाई धर्मदेशना गर्दै हुनुहुन्थ्यो। त्यहाँ एकजना भगवान्‌का श्रावकले खोके। त्यस बेला उसलाई अर्का सब्रह्मचारीले—'आयुष्मान् निःशब्द हुनुहोस्, शब्द न गर्नुहोस्; हामीलाई शास्ताले धर्मोपदेश गर्दै हुनुहुन्छ' भन्दै घुडाले घँचेटे। त्यो देखेर मलाई यस्तो लाग्यो—'अहो आश्चर्य! अहो अद्‌भूत!! अदण्ड र अशस्त्रद्वारा नै यो

परिषद् कस्तो सुविनीत छ !' भन्ते ! यस्तो शान्तमय सुविनीत परिषद् यहाँ भन्दा बाहिर मैले अरू परिषद् देखेको छैन । भन्ते ! यो पनि, 'भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ' भन्ने-भगवान्प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो ।

५—"भन्ते ! फेरि यहाँ म कुनै कुनै निपुण परप्रवादी, वाल-वेधी अर्थात् घोडाको पुच्छरको रौंको टुप्पोमा ताक लगाउन सक्ने जस्ता क्षत्रिय पण्डितहरू देख्दछु । उनीहरूले मानो आफ्नो प्रज्ञा-गदाद्वारा अर्काको दृष्टि (=मत विषय) लाई छिया छियाण्गरिदिन्छन् । उनी-हरूले सुन्दछन् कि – 'श्रमण गौतम अमुक गाउँमा, अमुक निगममा आउनेछन् ।' अनि उनीहरूले प्रश्न तयार गर्छन्—'यो प्रश्न हामी श्रमण गौतमकहाँ गई सोध्नेछौं । यस्तो सोध्दा यस्तो जवाफ दिनेछ र यस प्रकार हामीले वादारोपण गर्नेछौं । यस्तो सोध्दा यस्तो भनेमा हामीले यस प्रकार वादारोपण गर्नेछौं ।' उनीहरूले सुन्दछन् कि— 'श्रमण गौतम अमुक गाउँमा, अमुक निगममा आइपुगें ।' तिनीहरू भगवान्कहाँ जान्छन् । उनीहरूलाई भगवान्ले धार्मिक कथाद्वारा सन्द-र्शित, सम्प्रतिष्ठित, समुत्साहित र सम्प्रहर्षित पार्नु हुन्छ । उनीहरू भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित…र सम्प्रहर्षित भई भगवान्सँग प्रश्न नै सोध्दैनन् । झन् उल्टो उनीहरू भगवान्को श्रावकशिष्य भएर जान्छन्। भन्ते ! यो पनि, 'भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ' भन्ने भगवान्प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो ।

६ –"भन्ते ! फेरि यहाँ म कुनै कुनै निपुण, परप्रवादी… ब्राह्मण पण्डितहरू देख्दछु…गृहपति पण्डितहरू देख्दछु,…श्रमण

पण्डितहरू देख्दछु। उनीहरूले मानो...अर्काको दृष्टिलाई छिया छियापारि दिन्छन्। उनीहरूले सुन्दछन्—'श्रमण गौतम अमुक...निगममा आइपुगे।' तिनीहरू भगवान्कहाँ जान्छन्। उनीहरूलाई भगवान्ले धार्मिक कथाद्वारा...सम्प्रहर्षित पार्नु हुन्छ। उनीहरू भगवान्को धार्मिक कथाद्वारा...सम्प्रहर्षित भई...फन् उल्टो उनीहरू घरवार छाडी अनगारिक भई प्रव्रज्या हुनकोलागि भगवान्सँग अवकाश माग्छन्। प्रव्रजित भई एकान्तमा बसी, अप्रमादी, आतप्तयुक्त भई विहार गरी बसिरहँदा उनीहरू—जसकोलागि कुलपुत्रहरू घरवार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—ती अनुत्तर ब्रह्मचर्य परिपूर्ण गरी यसै जीवनमा अभिज्ञान साक्षात्कार गरी बस्छन्। अनि उनीहरू भन्छन्—'हामीहरू नष्ट थियौं, हामीहरू भ्रष्ट थियौं। जो कि हामीहरू अघि अश्रमण भएर पनि श्रमण भन्दथ्यौं; अब्राह्मण भएर पनि ब्राह्मण भन्दथ्यौं; अरहन्त न भएर पनि अरहन्त भन्दथ्यौं। अहिले मात्र हामीहरू श्रमण, ब्राह्मण, तथा अरहन्त भयौं।' भन्ते! यो पनि 'भगवान् सम्यक सम्बुद्ध हुनुहुन्छ' भन्ने—भगवान्प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो।

स्थपितको श्रद्धा

७—"भन्ते! फेरि यी ऋषिदत्त[१] र पुराण स्थपितहरू मकहाँ खाने (नोकर), मेरो यानमा जाने, म उनीहरूको जीवन दाताहुँ, यश-

१. स्याममा: 'ऋषिदन्त', रोमनमा: 'ऋषीदत्त'।

दाताहुँ; तैं पनि उनीहरूले जति भगवान्लाई परम सम्मान् गर्छन् उति सम्मान मलाई गर्दैनन् । भन्ते ! अघि एक दिन, म चढाइकोलागि गएको थिएँ । त्यस बखत ऋृषिदत्त र पुराण स्थपितले बहुत मुश्किलले खोजी गरी पाएको एक साँगुरो वासस्थानमा बास बस्नु परेको थियो । अनि यी ऋषिदत्त र पुराण स्थपित दुवैले धार्मिक कथाद्वारा धेरै रात बितिसके पछि जुन दिशातिर भगवान् हुनुहुन्थ्यो त्यस दिशातिर सिह्रान गरी मतिर खुट्टा पसारी सुते । अनि मलाई यस्तो लाग्यो—'अहो आश्चर्य ! अहो अद्‌भुत !! यी ऋृषिदत्त र पुराण स्थपित मकहाँ खाने मेरो यानमा जाने, म उनीहरूको जीवन दाताहुँ, यश दाताहुँ, तैं पनि यिनीहरूले जति बुद्धलाई परम सम्मान गर्छन् उति मलाई गर्दैनन् । अवश्य नै यी आयुष्मान्[1]हरूले भगवान्को शासन (धर्म) को पूर्वापर विशेषज्ञान जान्दछन् होलान् ।' भन्ते ! यो पनि 'भगवान् सम्यक् सम्बुद्ध हुनुहुन्छ' भन्ने-भगवान्प्रति धर्म सम्बन्धी मेरो धर्मन्वय हो, धारणा हो ।

भगवान् पनि क्षत्री हुनुहुन्छ

८—"भन्ते ! फेरि भगवान् पनि क्षत्री हुनुहुन्छ, म पनि क्षत्री हुँ । भगवान् पनि कोशलीय हुनुहुन्छ, म पनि कोशलीय नै हुँ ।

---

१ यद्यपि आयुष्मान् शब्द धेरै जसो त्यागीहरूका बीच मात्र प्रयोग हुन्छ तर कहीं कहीं गृहस्थीहरूका बीचमा पनि प्रयोग गरिएको पाइन्छ । आदरको रूपमा पनि प्रयोग गरिन्छ । यहाँ पनि आदरकै रूपमा प्रयोग गरिएको छ ।

भगवान् पनि असी वर्षको हुनुहुन्छ, म पनि असी वर्षको छु। भन्ते ! जो भगवान् पनि क्षत्री हुनुहुन्छ म पनि क्षत्री, भगवान् पनि कोशलीय हुनुहुन्छ म पनि कोशलीय, भगवान् पनि असी वर्षीय हुनुहुन्छ र म पनि असी वर्षीय छु—इत्यादि कारणले पनि भगवान्प्रति परम सम्मान, भक्ति तथा परम मित्रोपहार दर्शाउन म योग्यछु। हवस् त भन्ते ! अब हामी जान्छौं; हामीहरूको धेरै कामछ, धेरै गर्नु पर्ने छ।"

"महाराज ! जे उचित सम्झनु हुन्छ।"

अनि प्रसेनजित कोशलराजा आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए। राजा प्रसेनजित कोशल गएको केहीछिन पछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! राजा प्रसेनजित कोशल, धर्मचैत्य (= धर्म-पूजा) को कुरागरी फर्केर गए। भिक्षुहो ! धर्मचैत्यको कुरा सिक। भिक्षुहो धर्मचैत्यको कुरा अध्ययनगर। भिक्षुहो ! धर्मचैत्यको कुरालाई धारण-गर। भिक्षुहो ! आदि ब्रह्मचर्य अर्थात् मार्ग ब्रह्मचर्यको प्रारम्भकोलागि धर्मचैत्यको कुरा सार्थक छ।'

भगवानले यति भन्नुभए पछि सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्को भाषणलाई अभिवादन गरे।

४. महालि लिच्छवी

परिचय

सिद्धार्थ गौतमको जन्महुनु भन्दा अगाडि नै जम्बुद्वीप (भारत) मा गणतन्त्र प्रणालि भएका राज्यहरू मध्ये लिच्छवीहरूको वज्जी (वृजी) राज्य शक्तिसम्पन्न थियो । पालिसाहित्य अनुसार लिच्छवी र वज्जी भन्नाले एकै वर्गलाई जनाउँछ ।

महालि लिच्छवीको व्यक्तिगत परिचय दिनुभन्दा अगाडि लिच्छवी र वज्जी (वृजी) को विषयमा केही प्रारम्भिक कुराको जानकारी दिनु अप्रासंगिक होओइन जस्तो लाग्छ । अतएव सर्वप्रथम लिच्छवी र वज्जी भन्ने नामकरण कसरी भयो भन्नेबारे पालिसाहित्यमा पाइएका कारण-हरूको आधारमा उल्लेख गरेको छु ।

लिच्छवीको उत्पत्ति

परापूर्वकालमा वनारसी राजाकी अग्रमहिषी गर्भवती भइन् । त्यसको केही समय पछि आफूले गर्भ धारण गरेको कुरा राजालाई सुनाइन् । राजाले गर्भवती महिषीको पूर्णरूपेण हेरचाह गराए । अनि

गर्भ-मास पुरा भए पछि महारानीलाई प्रसूतीगृहमा लगियो । "पुण्यात्मा-हरू प्रत्यूष समयमा जन्मिछन्" भन्ने त्यस बखतका मानिसहरूका धारणानुसार महारानीले प्रत्यूष समयमै बन्धुजीवक फूल जस्तै एक मांसपिण्ड जन्माइन् । मासुको डल्लो जन्मेको देखेर महारानी अत्यन्त दुःखी तथा लज्जित भइन् । "अरूले थाहा पाए भने उपहास गर्लान्" भन्ने डरले मांसपिण्ड एउटा बट्टामाराखी सुवर्णपत्रमा रातोमसीले "वनारसी राजाकी अग्रमहिषीबाट जन्मेको सन्तान हो" भन्ने उल्लेख गरी लालमोहर (छाप) लगाई, एक दासीद्वारा गङ्गामा बगाउन लगाइन् ।

त्यस समय एक तापस एक गोठलाको आश्रयलिई गङ्गाको किनारमा बसेको थियो । उ बिहानै नुहाउन भनी गङ्गामा जाँदा बगाई-ल्याएको एउटा पोको उसले फेलापाऱ्यो, पोको खोलेर हेर्दा सुवर्ण-पत्रमा उल्लिखित कारण बुझी बट्टासमेत खोलेर हेऱ्यो । बट्टा भित्रको मांस-पिण्ड जस्ताको तस्तै थियो । सढे गलेको थिएन ।

अनि तापसले "शायद यसमा प्राण हुनसक्छ" भन्ने विचार गरी मांस-पिण्ड आश्रममालगी शुद्ध तथा स्वच्छ ठाउँमा जतन गरी राख्यो । दुइ हप्ता पछि सो मांस पिण्ड दुइ टुक्रा भयो । तापसले दुवै टुक्रालाई रामरी जतन गरी राख्यो । अर्को दुइ हप्ता पछि प्रत्येक मांस-पिण्डमा चुस्स चुस्स परेका पाँचओटा चिह्नहरू देखापर्नथाले । फेरि अर्को दुइ हप्ता पछि एक मांस-पिण्डले इन्द्रिय सम्पन्न, अत्यन्त सुन्दर, सुवर्णरूप जस्तै बालक र अर्को पिण्डले पनि त्यस्तै सुन्दरी बालिकाको रूप धारण गऱ्यो ।

इन्द्रिय सम्पन्न सुन्दर अनुहार देखेर तापसको हृदयमा पुत्रस्नेह उत्पन्न भयो। तापसले ती दुवै बालक बालिकाहरूको लालन-पालन गर्‍यो । बालक बालिकाहरूले खाएका पदार्थहरू मणीमय भाजनमा राखेका वस्तु झैं सबै बाहिरबाटै देखिन्थे । उनीहरूका शरीरमा छाला (छवी) थिएन । निच्छवी अहेसुं)। सिई राखेको जस्तो वा टाँसिएको जस्तो न खुम्चिने छाला (छवी) भएको भन्ने अर्को मत छ ।

अतएव लीनच्छवी (=टाँसिएको छाला) वा निच्छवी (=छाला न भएको) भएकाले लिच्छवी भन्ने नाम रहन गएको हो[१] । (एवं ते निच्छवीताय वा लीनच्छबीताय वा लिच्छवी'ति पञ्ञापिंसु)।

वज्जी (वृजी) को उत्पत्ति

बालकहरूको लालन-पालन गर्दागर्दै विहानको समय वितिसक्थ्यो र तापस मध्याह्न समयमा मात्र भिक्षाटनकोलागि नगरमा जान्थ्यो । मध्याह्न समयमा मात्र भिक्षाटनकोनिमित्त निस्कनुपर्ने हुँदा, फर्केर आउँदा अबेर हुन्थ्यो, साँझपर्थ्यो । यी कारण बुझी गोठलाहरूले तापससँग निवेदन गरे —

"भन्ते ! तापसहरूलाई बालकहरू पालनगर्ने काम प्रपञ्च सहित हुन्छ । अतएव ती दुइ बालकहरू हामीलाई दिनुहोस् । हामीले

---

१. म. नि. अ क. II. पृ. १६: महासीहनादसुत्तं; सु. नि. अ. क. पृ २०२: रतनसुत्तं।

ती बालकहरूको पालन गर्नेछौं र तपाईले आफ्नो तपश्चर्या पालन गर्नुहोस् ।"

तापसले 'हुन्छ" भने पछि गोठलाहरूले फूलको माला र भीत-लिई बालकहरू लैजान आश्रममा अउँदा "यी बालकहरू भाग्यवानी तथा पुण्यात्मा हुन् । यिनीहरूलाई राम्ररी अप्रमादका साथ पालन-पोषण गर । पञ्च गोरसद्वारा राजालाई खुशी तुल्याई एक भूमिभाग मागी त्यहाँ नगर बसाली यिनीहरूलाई राजा बनाऊ' भन्दै तापसले बालकहरू गोठ-लाहरूका हातमा सुम्पिदियो ।

बालकहरू क्रमशः ठूला हुँदै आए । कहिलेकाहिं गोठलाहरूका छोरा छोरीहरूसँग झगडा पर्दा यिनीहरूले तिनीहरूलाई बेसकरी पिट्दथे, लातले पनि हान्थे । अनि गोठलाका छोरा छोरीहरू रुँदै गई आमा बाबु-सँग "यी तापस पोषित, विना आमा बाबुका सन्तानहरूले हामीलाई बेसकरी पिट्छन् र लातले पनि हान्छन्" भनी गुनासो गरे । अनि ती केटाकेटीहरूका आमा बाबुहरूले 'यी केटाहरूले हाम्रा केटाहरूलाई सारै दुःख दिन्छन्, सताउँछन्, पिट्छन् र हैरान गर्छन् । यस्ता केटाहरूलाई पालन-पोषण गर्नु लायक छैन । यस्तालाई छाडि दिनुपर्छ (वज्जे तब्बा)" भनी भने । यसै कारणले यिनीहरूको "वज्जी" भन्ने नाम रहन गएको हो र यिनीहरू वस्ने खेल्ने ठाउँको पनि "वज्जी (=वृजी)" भन्ने नाउँ रहन गएको हो[१] ।

---

१ म. नि. अ. क. II. पृ. १७; सु. नि. अ. क. पृ. २०२

वैशालीको उत्पत्ति

गोठलाहरूले तापसको अर्ति अनुसार पञ्चगोरसद्वारा राजालाई खुशी पारी १०० योजन[१] जति भूमिभाग प्राप्त गरी, त्यहाँ नगर बसाई १६ वर्षीय कुमारलाई अभिषेकदिई राजा बनाए र कुमारीलाई पनि रानी बनाइदिए। उनीहरूलाई यस्तो पनि वाचः कराल गराए— "आफ्नो छोरीहरू पनि अर्कालाई न दिने र अर्काका छोरीहरू पनि आफूले न ल्याउने।" (वारेय्यंकत्वा कतिकं अकंसु)।

त्यस पछि प्रथम सहवासबाट नै रानी गर्भवती भइन्। जुमल्याहा छोरा र छोरी जन्माइन्। यसै गरी १६ पटकसम्म जुमल्याहा छोरा र छोरीहरू जन्माइन्। उनीहरूको तरफबाट पनि सन्तान दरसन्तानहरू बढदै गए। बसोबास तथा खेती आदि गर्न ठाउँ नपुगी एक एक गाउत[२]को प्रमाणले तीन पटकसम्म प्राकार घेर्दै ठाउँ बढाउँदै विशाल गर्दै लगेको हुँदा सो नगरको नाम वेसाली[३] (=वैशाली) भन्ने रहन गएको हो। (पुनप्पुनं विसालीकतत्ता वेसालीत्वेव नामं जातं)।

१. सु. नि. अ. क. पृ., २०२ मा ३०० योजन भनी उल्लेख भएको छ।

२. २० यष्टिको १ गाउत।

३ म नि अ. क. II पृ. १७; सु. नि. अ. क. पृ २०३.

वैशाली नगर

भगवान् बुद्धको समयमा लिच्छवीहरूका वज्जी (वृजी) जनपदको राजधानी वैशाली[1] नगर अत्यन्त समृद्धशाली तथा विपुल थियो। बढदो जनसंख्याको कारणले तीन पटकसम्म यस वैशाली नगरको विस्तार गरेको हुँदा नगरमा तीन घेरा प्राकारहरू थिए। प्रत्येक प्राकारको नगरद्वारमा अग्ला अग्ला बूर्जा भएका सुन्दर घरहरू पनि थिए[2]। बुद्धकालीन वैशाली नगरमा ७७०७ प्रासादहरू, ७७०७ कूटागारहरू (पँगोडा ढाँचाका घरहरू), ७७०७ उद्यानहरू र ७७०७ पोखरीहरू समेत भएको कुरा मूल पालिमै[3] उल्लेख भएको छ। ७७०७ राजाहरू[4], ७७०७ युवराजाहरू, सेनापतिहरू र भण्डागारिकहरू[5] पनि भएका कुरा

---

१. हाल भारतमा विहार प्रान्तको मुजफ्फरपुर जिल्लाको बसाढ भन्ने गाउँपर्छ। यस ठाउँलाई पुरातत्व विभागले प्रमाणित गरिसकेको छ।

२. जा अ. क. I. पृ. ३७४: एकपण्णजातकं, नं. १४९

३. हेर बु. गृ. पृ. ३६२; सु. नि. अ. क. पृ. २०३

४. देशका प्रशासकीय कामकाज गर्ने प्रमुखहरूलाई अथवा सबै संसद (सङ्घ) का सदस्यहरूलाई राजा भन्ने चलन थियो। D.P.P.II.पृ. ७८१ को पादटिप्पणी अनुसार ६८,००० राजाहरूछन् भनी महावस्तु संस्कृत बौद्धग्रन्थमा उल्लेख भएको छ।

अर्थकथाहरूमा समुल्लेख भएको पाइन्छ[1] ।

वैशाली नगर कति सुन्दर तथा रमणीय थियो भन्ने कुरा मूल पालिमै उल्लेख भएबाट पनि प्रष्ट बुझ्न सकिन्छ । यस नगरीमा रूपवती अम्बपालि गणिकालाई देखेर मगध देशका मानिसहरूले "गणिका भएकोले नगरको शोभा झन् बढाएको छ" भन्ने ठानी राजगृहमा पनि गणिका राख्नकोनिम्ति मगध राजासँग अनुरोध गरे[2] । तर वैशालीमा एक सुन्दरी अम्बपालिको कारणले गर्दा लिच्छवी कुमारका बीच आपसमा झगडा परेको हुँदा न्यायाधीशले, "सबैकोलागि होस्" भन्ने हेतुले गणिका बनाएका थिए भन्ने कुरा थेरीगाथा अर्थकथामा समुल्लेख भएको छ[3] । सोही अर्थकथाको अर्को कथानुसार विमला भन्ने एक अर्की सुन्दरी थिई, जसले आफ्नो रूपसौन्दर्यता वेची जीविका गर्थी । यसबाट वैशालीमा अर्की एक गणिका भएको कुरा प्रष्टहुन्छ । एक दिन महामौद्गल्यायन महास्थविरप्रति आसक्त भई वहाँको कुटीमा गई विमलाले स्त्री-लीला देखाउँन थाल्दा, महास्थविरले दिनु भएका उपदेशहरू सुनी उ विरक्त भई भिक्षुणी भई[4] ।

---

१. सु. नि. अ. क. पृ. २०३; धम्म. अ. क पृ. ५३७: गङ्गा-रोहनवत्थु; जा. अ. क. I, पृ. ३७४: एकपण्णजातकं ।

२. हेर बु. गृ. पृ. ३६२; महा. व. पृ. २८६: जीवकवत्थु, चीवरक्खन्धकं ।

३. पृ. १६३: अम्बपालिथेरी ।

४. थेरी. गा. अ. क. पृ. ६१: विमलाथेरी ।

लिच्छवीहरूको राज्यलाई वज्जी (= वृजी) जनपद भन्दथे भन्ने कुरा माथि उल्लेख भइसकेकै छ । वज्जी भन्नाले वज्जी देशवासी र लिच्छवी भन्नाले वंशवाचक अर्थ बोध हुन्छ । अतएव वज्जी र लिच्छवी दुवै एउटै हो । लिच्छवीहरू वा वज्जीहरू जातियताले क्षत्री हुन् भन्ने कुरा महापरिनिर्वाण सूत्रानुसार[१] लिच्छवीहरूले पनि भगवान् बुद्धको अस्थिधातु माग गरेको कुराबाट प्रष्ट बुझिन्छ र महा-वस्तु ग्रन्थानुसार यिनीहरू वाशिष्ठ गोत्रका[२] हुन् ।

वैशालीमा अनावृष्टिको कारणले दुर्भिक्ष भएकोले भगवान् बुद्धलाई लिच्छवीहरूले सर्वप्रथम राजगृहबाट निम्त्याएका थिए । गङ्गा-वारीबाट पारी आइपुग्नु हुँदा लिच्छवीहरूले बुद्ध भगवान्लाई बिम्बि-सार राजाले भन्दा पनि ठूलो स्वागत सम्मान गरेका थिए । गङ्गाको तटबाट वैशाली नगर पुऱ्याउन तीन दिन लगाएका थिए[३] । भगवान् बुद्ध गङ्गाको तटमा पुग्ने बेलामै वैशालीमा घनघोर वर्षा भएको कारणले गर्दा प्रथमतः लिच्छवीहरू बुद्धप्रति अत्यन्त प्रभावित भए । त्यस समय लिच्छवीहरूले भगवान्लाई सम्मानपूर्वक संस्थागारमा[४] (सभागृहमा) राखेका थिए । भगवान्ले लिच्छवीहरूलाई रत्नसूत्रको[५]

---

१. दी. नि. II. पृ. १२६

२. D. P. P. II. पृ. ७७९ पादटिप्पणी ।

३. धम्म. अ क. पृ. ५३८: गङ्गारोहनवत्थु ।

४. सु. नि. अ. क. पृ. २०५

५. सु नि. पृ. ३०१

उपदेश दिनु भई १५ दिन पछि[१] पुनः राजगृह फर्कनु भएको थियो । यस बेला वैशालीका ८४ हजार मानिसहरूले धर्मावबोध गरे ।

पछि गएर लिच्छवीहरूले वैशालीका थेरै जसो देव मन्दिरहरूलाई विहारको रूपमा परिणत गरे । जस्तै –उदेन चेतिय[२], गोतम चेतिय[३], सत्तम्ब चेतिय[२], बहुपुत्त चेतिय[२], सारदन्दद चेतिय[४], र चापाल चेतिय[५] । यी रमणीय विहार मन्दिरहरूले सुशोभित भएको वैशाली नगर अत्यन्त रमणीय थियो भन्ने कुरा स्वयं भगवान् बुद्धले महापरिनिर्वाण सूत्रमा वताउनु भएको छ[६] । वैशाली नगर अम्रपाली गणिकाको आम्रवन[७], गोसिङ्ग शालवन[८], तथा हिमालय पहाडको

---

१. सु नि. अ. क पृ २०५; धम्म. अ. क पृ ५३९ मा एक साता वस्नु भएको कुरा समुल्लेख भएको छ ।

२. सं नि. IV. पृ. २२१: चेतियसुत्तं ।

३. अं. नि. I. पृ. २५७: गोतमकचेतियसुत्तं; महा. व. पृ. ३०४: तिचीवरानुजानना ।

४. अं. नि. II. पृ. ४१९; III. पृ. १६३: सारन्ददसुत्तं ।

५. उदा. अ. क. पृ २२७: आयुसंखारोस्सज्जनसुत्तं ।

६. दी. नि. II. पृ. ८१; अं. नि. III. पृ. ३९६: भूमिचालसुत्तं; सं. नि IV. पृ. २२१: चेतियसुत्तं; उदा. पृ. १३६: आयुसंखारोस्सज्जनसुत्त ।

७. सं. नि. IV. पृ. १२२: अम्बपालिसुत्तं । यो आम्रवन नगर भित्रै थियो ।

८. म. नि. I. पृ. २५६: चूलगोसिङ्गसुत्तं । गाईको सिङको आकार जस्तो परेको हुँदा गोसिङ्गवन भन्ने नाम रहेको हो ।

छेउसम्म पुगेको प्राकृतिक महावनहरूले[1] झन् शोभायमान थियो ।

लिच्छवी-गणतन्त्र

गङ्गाको वारीपट्टि मगधराजा सेनीय बिम्बिसारको राजतन्त्रात्मक राज्य थियो भने गङ्गा पारीपट्टि लिच्छवीहरूको गणतन्त्रात्मक वज्जी (वृजी) राज्य थियो । भगवान् बुद्धले लिच्छवीहरूको गणतन्त्रात्मक राज्यको निक्कै बयान गर्नु भएको छ। बयान मात्र नभई लिच्छवीहरूको अभिवृद्धिकानिम्ति दिनु भएको सात सूत्रीय सप्त अपरिहानीय धर्मको उपदेश आफ्नो भिक्षुसङ्घलाई पनि दिनु भएको छ[2] । लिच्छवी वर्गको रंग विरंगी[3] पोसाकका सुन्दरतालाई देखी, "त्रयस्त्रिंश देवगणहरू न देख्ने भिक्षुहरूले लिच्छवीगणहरू हेर" भनी भगवान् बुद्धले भन्नु भएको छ[4] ।

लिच्छवीहरूको शक्ति एकाबन्ध संगठनमा आधारित थियो, मेलमिलाप र नैतिकतामा उनीहरूको यशकीर्ति आश्रित थियो । भगवान् बुद्धले सारन्दद चैत्यमा दिनु भएको सातसूत्रीय अपरिहानीय नियम-

---

१. बु. गृ. पृ. ३१३; अं. नि-७. पृ. २१३: सीहसेनापतिसुत्तं ।

२. दी. नि. II. पृ. ६१: महापरिनिब्बानसुत्तं ।

३. दी. नि. II. पृ. ७७; अं. नि-५. पृ. ४७९: पिङ्गियानीसुत्तं; हेर बु. ब्रा. पृ. ११०

४. महा. व. पृ. २४७: लिच्छवीवत्थु, भेसज्जक्खन्धकं ।

हरूलाई उनीहरू अखण्डित रूपले पालन गर्दथे । त्यसैले नै उनीहरूको शक्ति तथा यश फैलिएको हो । ती सात-सूत्रीय नियमहरू यस प्रकार छन् —

(१) प्रत्येक दिन भेलाहुने, बहुलतर भेलाहुने ।

(२) समगि (=मेल-मिलाप) पूर्वक भेलाहुने, समगिपूर्वक सभाबाट उठ्ने, समगिपूर्वक निर्णय अनुसार कार्यान्वयन गर्ने ।

(३) अप्रज्ञापितलाई प्रज्ञापन नगर्ने, प्रज्ञापितलाई न हटाउने, पुराना वज्जीहरूले बनाइराखेका नियम-धर्महरूलाई मर्यादाराखी पालन गर्ने ।

(४) वयोवृद्ध, जेठा-पाका वज्जीहरूको सत्कार, सम्मान, गौरव, पूजागर्ने र उनीहरूको अर्ति-बुद्धिलाई शीरोपर गर्ने ।

(५) कुनै कुलस्त्री वा कुल-कुमारीहरूप्रति कुनै जबर्जस्ती, बलात्कार गरी दुर्व्यवहार नगर्ने ।

(६) वज्जीहरूका भित्री-बाहिरी जुन पूज्यस्थान वा पूजा गर्नु पर्ने स्थान हो उसको सत्कार, सम्मान, पूजागर्ने र पहिलेदेखि गरिआएको धार्मिक पूजाहरू हरण नगर्ने ।

(७) वर्तमान अरहत्हरूका धार्मिक रक्षा र आवरणको संविधान गर्ने र भविष्यमा आउने अरहत्हरूकानिमित्त कुनै विघ्नबाधा आउन नपाउने व्यवस्था गर्ने ।

"जबसम्म यी सात-सूत्रीय अपरिहानीय नियम-धर्महरूको पालन राम्रोसंग गर्ने छन्, तबसम्म वज्जीहरूको अभिवृद्धि नै भइरहने छ,

परिहानी हुने छैन" भनी भगवान् बुद्ध भन्नुहुन्छ[1]। बुद्धको जीवन कालसम्म लिच्छवीहरूले यी नियमहरू राम्रैसँग पालनगरेको देखिन्छ। वज्जी गण-राज्यको प्रतिष्ठा देखेर त्यस बखतका विदेह राज्य[2] र पावावासी मल्लहरू[3] पनि वज्जीगणराज्यमै सम्मिलित भएका थिए।

न्याय-निसाप-दण्ड

लिच्छवी गणराज्यमा प्रशासकहरूले न्याय-निसाप आफ्नो हातमा लिइराखेको देखिंदैन। न्याय-निसापको काम जम्मै क्रमानुकूल न्यायाधीशहरूकै हातमा थियो। प्रशासकहरूको तरफबाट कुनै हस्तक्षेप वा राजनैतिक दबाउ भएको कुरा पनि थाहा पाइन्न। न्याय-निसापबारे नियमानुसार तह तहबाट निर्णय भएको आधारमा प्रमुख राजाले सो बमोजिम दण्ड आदि दिने चलनको कुरा अर्थकथाहरूमा प्रष्ट उल्लेख भएको पाइन्छ।

जस्तै— कुनै चोरलाई समाती ल्यायो भने—उसलाई विना छानबिन-कुनै दण्ड वा जरिवाना गरिन्नथ्यो। न त कुनै सरकारी कर्मचारी हाकिमहरूद्वारा नै दण्ड दिइथ्यो। बल्कि चोर भनी समाती ल्याएको व्यक्तिबारे छानविन गर्न सर्वप्रथम (१) विनिश्चय महामात्यको[4] हात-

१. अ. नि-७. पृ. १६३: सारन्ददसुत्तं।

२. D. P. P. II. पृ. ८१४

३. म नि. I. पृ. २८४: चूलसच्चकसुत्तं।

४. पालि साहित्यमा 'महामात्य' शब्दले मुख्यमन्त्री भन्ने जनाउँछ।

मा सुम्पिदिइन्थ्यो । विनिश्चय महामात्यद्वारा छानबिन गर्दा चोर नठहरिएमा उसलाई छाडिदिइन्थ्यो, चोर ठहरिएमा आफूले केही नभनी, केही दण्ड नदिई (२) वोहारिकहरू (Majistrate, Law-courts) को हातमा दिइन्थ्यो । उनीहरूले पनि छानबिन गरी चोर नठहरिएमा उसलाई छाडिदिन्थे र चोर ठहरिएमा आभ्यन्तरिक काम-गर्ने (३) सूत्रधर अर्थात् कानून विशेषज्ञहरूका हातमा सुम्पिदिइन्थ्यो । उनीहरूले पनि छानबिन गर्दा चोर नठहरिएमा निजलाई छाडिदिन्थे । चोर ठहरिन गएमा (४) अष्टकुलिकहरू[1] (अट्ठकुलिकानं) अर्थात् आठ-जनाको विधायक मण्डल (Judicial Body) लाई सुम्पिदिन्थे । उनीहरूले पनि छानबिन गरी (५) सेनापति (=प्रधानमन्त्री) लाई र प्रधानमन्त्रीले (६) उपराजालाई अनि उपराजाले (७) राजालाई सुम्पिदिन्थे। राजाले पनि छानबिन गरी चोर नठहरिएमा निजलाई छाडि दिन्थे । चोर ठहरिएमा निजलाई ऐन सवालको पुस्तक पढी (पवेणि पोत्थकं वाचापेति) सुनाएपछि मात्र नियम बमोजिम "कुन अपराधलाई

---

१. अष्टकुलिक भन्नाले विभिन्न वज्जीवर्गका आठ जना भएको एक विधायक-मण्डल (Executive Body वा Judicial Body) भन्न सकिन्छ । शब्दार्थको रूपले भन्ने हो भने आठ कुलका भनिएको हो । अङ्गुत्तरअर्थकथा पृ. ७०३ मा 'अट्टकुलिक' भन्ने उल्लेख भएको छ । यस अनुसार 'अट्टकुलिक' भन्नाले जजहरूको मण्डल बुझिन्छ ।

कुन दण्ड दिने" भन्ने तोकिएको छ त्यही अनुसार राजाबाट दण्ड दिने घोषणा हुन्थ्यो[1]।

कठोर जीवन, सामाजिक सेवा र कर्तव्य

साधारणतः हेर्दा लिच्छवीहरू निकै ऐस आरामी होलान् भन्ने लागेता पनि वास्तविकरूपमा उनीहरू वडो कठोर तपस्वी र कर्तव्यपरायण थिए। काठको सिरान राखी सुत्ने जस्ता कुराले उनीहरू कठोर जीवन बिताउँदथे भन्ने कुरा सूत्रबाट नै बुझिन्छ र साधारण जीवन बिताएर पनि अप्रमादी भई लिच्छवीहरू देशप्रति कर्तव्य-परायण भई त्याग र तपस्या गर्दथे भन्ने कुरा कलिङ्गर सूत्रबाट[2] प्रष्ट बुझिन्छ। यसै सूत्रमा भगवान् बुद्धले "जब लिच्छवीहरू सुकुमार हुन थाल्नेछन्, भोग विलासमा प्रमत्त हुन थाल्नेछन्, ऐस आराममा भुल्न थाल्नेछन् र नरम शय्यामा सुत्न थाल्नेछन्, तब उनीहरूमाथि शत्रुले विजय प्राप्त गर्नेछ" भन्ने कुराको पनि संकेत दिनुभएको छ। यसै सूत्रको अर्थकथामा लिच्छवी कुमारहरूले विद्यार्थी जीवनमा कस्तो मेहनत र कस्तो कठोर जीवन बिताउँदा रहेछन् भन्ने कुरा पनि वर्णन भएको पाइन्छ। यी विद्यार्थीहरू बिहान सबेरै आचार्यहरूको सेवा सुश्रुषा गरी शिलपशालामा गई पढ्नुपर्ने पाठको अभ्यास गरी, मुख धोई

---

१. दी. नि. अ. क. I. पृ. ३५६ : महापरिनिब्बानसुत्तं; अं. नि. अ. क. II. पृ. ७०३ : सारन्ददसुत्तं।

२. सं. नि. II. पृ. २२२

यागु (=खोले) पिउन जान्थे। यागु पिइसकेपछि पुनः शिल्पशालामा गई आफ्नो पढाइ गर्थे। त्यसपछि बिहानको खाना खाइसकेपछि पुनः शिल्पशालामा गई अध्ययन गर्थे। मस्तसँग निदाइएला भन्ने डरले काठको सिरान गरी एकछिन आराम गर्थे। फेरि शालामा गई पढ्न जान्थे। बेलुका घर फर्किसकेपछि पनि रातको खाना खाई रातको प्रथम प्रहरभरी अध्ययनमा नै समय बिताएर सुत्दा काठकै सिरान हाली सुत्थे। शिल्प अध्ययनमा अत्यन्त लग्नशील तथा अप्रमादी भएको हुँदा लिच्छवी कुमारहरू धनुर्विद्यामा निपुण थिए। उनीहरू घोडाको पुच्छरको रौंको टुप्पोमा समेत ताक लगाउन दक्ष थिए[1]।

माथि उल्लिखित दोश्रो नियम पालन गर्दै सङ्घका सदस्य लिच्छवी गणहरू कुनै पनि समयमा भेला हुने बिगुल लागेको सुनेपछि, "आज अबेर भइसक्यो, आज मेरो केही काम छ, अथवा विसञ्चो जस्तो छ अथवा खान-पान सिद्धिएको छैन" भन्दैनथे। बिगुलको आवाज सुन्ने-बित्तिकै जस्तोसुकै काम भए पनि छोडेर सभागृहमा स्वयं हाजिर हुन जान्थे। कुनै प्रान्तमा अशान्ति भयो वा आतङ्क फैलियो भने शान्ति गर्नका लागि एकसे एक सदस्यहरू, "म जानेछु, म जानेछु" भनेर तम्सिन्थे। कुनै कारणवश कुनै सदस्यहरूले कामकाजमा अल्सी सुस्ती गरेका वा उनीहरू प्रमादी भएका चाल पाउनासाथ प्रमुख राजाले राज-कुमार लिच्छवीहरूलाई पठाई उत्साहित पार्दथे। त्यस्तै कुनै गर्नुपर्ने काम छ भने पनि सबै सदस्यहरू मिली काममा सघाउ पुऱ्याउन सहयोग र

---

१. सं. नि. अ. क. II. पृ. १६८ : कलिङ्गसुत्तं।

मद्दत दिन जाने चलन थियो। यसप्रकार परस्पर सहयोगात्मक रूपले कामकाज समेत गरिदिने भएको हुँदा जनताको समेत सहयोग पाई सङ्घीय गणराज्यको बल सुदृढ हुन गएको हो। कुनै अतिथी राजाहरू आउँदा पनि, "तिमी जाऊ, तिमी जाऊ" नभनी सबै मिली एकसाथ अतिथीको स्वागत गर्न जान्थे। यस्तै गरी कसैको मङ्गल वा अमङ्गल कार्यमा पनि सरीक भई, सुख दुःखमा सहायता र सहानुभूति राख्न जान्थे। रोग-व्याधि हुने बेलामा पनि सबै सदस्यहरू एकत्रित भई हेर-चाह गर्न जान्थे। कुनै पनि सुख दुःख पर्ने बेलामा सबै वज्जीगण भेला भई गर्नुपर्ने सहयोग, सहायता सङ्घीय वज्जीगणको तरफबाट गरिन्थ्यो।

तेश्रो नियमको सिद्धान्त बमोजिम जनतालाई पीरमर्का वा बोझ पर्ने गरी कुनै पनि नयाँ कर व्यवस्था लागू गर्दैनथे। वयोवृद्ध जेठापाका अनुभवीहरूबाट बितेका घटनाहरूका कुरा, रणसङ्ग्राममा कसरी जाने, कसरी आउने र नसुनेका कुराहरू सुन्नमा लालायित हुन्थे। सुनेका कुरा-हरूलाई पुनः पुनः मनन गर्ने प्रवृत्ति कायम गरी चौथो नियम पालन गर्थे[1]।

पाँचौं नियम अनुसार नगरका कुनै पनि स्त्री वा कुमारीप्रति कुदृष्टि राख्ने बानी नभएको मात्र होइन अपितु कुनै नागरिककी पत्नीले व्यभिचार गरेमा सङ्घलाई सूचित गरी, सङ्घको आज्ञा लिई दुराचारी स्त्रीलाई प्राणदण्ड समेत दिन सक्थे भन्ने कुरा— एक नागरिक

१. दी. नि. अ. क. I. पृ. ३५५; अ. नि. अ. क. II. पृ. ७०२

लिच्छवीकी पत्नीले दुराचार गरेको थाहापाई, पतिले बार बार सम्झाउँदा पनि दुराचार गर्ने बानी नहटेको हुँदा सङ्घलाई निवेदन गर्दा प्राणदण्ड दिने समेत आज्ञादिएको कुरा पाचित्तियपालिद्वारा प्रष्ट बुझिन्छ[१]।

लिच्छवी-स्वभाव

लिच्छवीहरू मध्ये कुनै भगवान् बुद्धप्रति श्रद्धाभक्ति देखाउने छन् भने कुनै श्रद्धा भक्ति नदेखाउने पनि नभएका होइनन् । तर साधारणतया हेर्दा सबै लिच्छवीहरू भगवान् देख्नेबित्तिकै नतमस्तक नै हुन्थे । उदाहरणस्वरूप— एक समय धेरै लिच्छवी कुमारहरू धनुषवाण र कुक्कुरहरू साथमा लिई वैशालीको महावनमा शिकार खेल्न जाँदा, एक रुखमनि भगवान् बुद्ध देखेर सबैले धनुषवाण राखी भगवान्‌को अगाडि गई, हात जोरी बसेका कुरा तल "लिच्छवीकुमार" शीर्षकमा उल्लेख भएको छ । महानाम लिच्छवीको कथनानुसार यी लिच्छवीहरू बडो चण्ड स्वभावका देखिन्छन् ।

जातक अर्थकथानुसार एक त्यस्तो उच्छृङ्खल तथा दुष्ट रिसाहालु लिच्छवीको कुरा पनि समुल्लेख भएको पाइन्छ । जसलाई केही भन्ने बित्तिकै रिसाउँथ्यो । अनि उसलाई एक दिन भगवान्‌कहाँ लैजाँदा भगवान्‌ले उसलाई एकै उपदेशद्वारा विनीत गर्नु भएको थियो[२]।

१ पाचि पा. पृ ३०१ : दुतियसङ्घादिसेसो ।

२. जा. अ क. I. पृ. ३४७ : एकपण्णजातकं, नं. १९४

केही त्यस्ता लिच्छवीहरू पनि थिए जसले कि भगवान्को प्रशसा गरिरहेको सुनी खुशी भई उसलाई वस्त्रहरू प्रदान गरे[1]। केही त्यस्ता अधंङ्गीतालका लिच्छवीहरूका कुराहरू पनि उल्लेख भएको पाइन्छ कि— एक दिन केही लिच्छवी कुमारहरूले एक भिक्षुलाई समाती भिक्षुणीसँग मैथुन गराउन लगाए र केहो लिच्छवीहरूले एक भिक्षुलाई समाती वेश्यासँग सहवास गराए। फेरि केही लिच्छवोहरूले भिक्षु र भिक्षुणीलाई व्यभिचार गर्न लगाए[2]।

एक मूढ श्रद्धालु वड्ढ (वर्ध) भन्ने लिच्छवी उपासक थियो। जो विपक्षी दलका मेत्तेय्य भुम्मज्जक भन्ने भिक्षुको परमभक्त थियो। एक दिन मेत्तेय्य भुम्मज्जक भिक्षुको कुरा सुनी उसले एक शीलवान् अरहत् दब्बमल्लपुत्त भिक्षुको विरोधमा बुद्ध भगवान्सम्मलाई पनि कुरा सुनाउने साहस गर्‍यो[3] भने दुम्मुख (दुर्मुख) भन्ने जस्तो लिच्छवीले, भगवान्सँग वादविवादमा पराजित भई चुप लागेर बसेका सच्चक निगण्ठलाई हँस्सी उडाउने जस्तो गरी बुद्धको तारिफ पनि गर्‍यो[4]।

सुनक्खत्त लिच्छवी जस्तै आफ्नो इच्छानुसार ध्यान लाभ गर्न

---

१. अं. नि. ५. पृ ४७९ : पिङ्गियानिसुत्तं; हेर बु. ब्रा. पृ ११०

२. पारा. पा. पृ. ५० : पठमपाराजिकं।

३. चुल्ल. व. पृ २१३ : वड्ढलिच्छवी, खुद्दकवत्थुक्खन्धकं।

४ म. नि. I. पृ. २८७ : चुल्लसच्चकसुत्तं।

नसक्नाको कारणले चीवर छाडी व्यर्थमा बुद्धको निन्दा उपहास गरी हिड्ने लिच्छवीहरू पनि थिए[१]।

एक दिन ५०० लिच्छवीहरू भगवान्संग धर्मसाकच्छा गर्ने अभिलाषा लिई आफूहरूमा भइरहेको छलफल सम्बन्धी भगवान्को राय जान्न लालायित भई, "भगवान् बुद्ध पाल्नुभएमा बोलाइ ल्याऊ" भनी बाटामा पाले राख्ने जस्ता धर्म पिपाशु लिच्छवीहरूको कुरा सारन्दद-सूत्रमा[२] उल्लेख भएको पाइन्छ।

विभिन्न प्रमुख लिच्छवीहरू बुद्धका अनुयायी भएका कुरा सुनी एक दिन सच्चक निगण्ठ बुद्धसंग वाद गर्न गए। त्यस बखत उनको साथमा शयकडौं लिच्छवी कुमारहरू गएका थिए[३]।

भगवान् बुद्धको दर्शनार्थ एक दिन, राम्रा राम्रा रथहरूमा बसी नामी नामी लिच्छवी कुमारहरू वैशालीकोमहावनमा गए। उनीहरू-को समूह आउंदाको होहल्लाको आवाजले गर्दा, महावनमा ध्यान गर्न बसेका आयुष्मान् उपचाल, आयुष्मान् कक्कटादि भिक्षुहरू महा-वनको नजिकको गोसिङ्ग शालवनमा गई ध्यान गर्न गएबाट[४] लिच्छवी राजकुमारहरू जहाँ गए पनि जमातका जमात भई जाँदा रहेछन् भन्ने कुरा अवबोध हुन्छ।

---

१. तल ओट्ठद्ध लिच्छवीको कुरामा उल्लेख भएको छ।

२. अं. नि. ५. पृ ४१९ : सारन्ददसुत्तं।

३. म. नि. I. पृ. २८१ : चुल्लसच्चकसुत्तं।

४. अं. नि. १०. पृ. २०६ : कण्टकसुत्तं।

वशाली नगर निगण्ठनाटपुत्रको केन्द्रस्थान रहेको कुरा बुझिन्छ। बुद्ध धर्मको प्रचार हुनुभन्दा अगाडि वैशालीका धेरैं लिच्छवीहरू निगण्ठ (जैन) सम्प्रदायका उपासक थिए। तर ब्राह्मणवादका थिएनन्।

भगवान् बुद्धको समयमा वज्जीहरूका सातौं राजाको राज्यपछि वैशालीमा ठूलो दुर्भिक्ष पर्‍यो। अनि सबै लिच्छवी राजाहरूको सल्लाह हुँदा, "भगवान् बुद्धलाई निम्त्याउने" निर्णय भए अनुसार भगवान् बुद्धलाई निम्त्याए। प्रथमवार भगवान् बुद्ध वैशालीमा आउनु भई दुइ हप्तासम्मको बसाइमा वैशालीवासी चौरासीऔं हज्जार प्राणीहरूले[१] धर्मावबोध गरेको कुरा माथि पनि उल्लेख भइसकेकै छ। भगवान् बुद्धको उपदेश सुनी धेरैंजसो प्रमुख लिच्छवी राजाहरू बुद्धको अनुयायी बने। यतिसम्म कि संस्थागार (सभागृह) मा भेला भइरहने बेलामा समेत लिच्छवी राजाहरू बुद्धको गुणगान गर्दथे।

एक दिन, लिच्छवी राजकुमारहरूले संस्थागारमा (सभागृहमा) बसी बुद्धको बयान गरिरहेको कुरा सुनी, निगण्ठनाटपुत्रका प्रमुख भक्त सिंहसेनापति बुद्धकहाँ गए। बुद्धको उपदेश सुनी अत्यन्त प्रभावित भई उनी त्यहीं नै बुद्धको शरणमा गए[२]।

ओट्ठद्ध जस्ता आत्मवादी लिच्छवी राजा पनि बुद्धको उपदेशबाट प्रभावित नै भएका थिए[३]।

---

१. सु. नि. अ. क. पृ. २२५ : रतनसुत्त; धम्म. अ. क पृ. ५३९

२. महा. व. पृ. २४८ : सीहसेनापति, भेसज्जक्खन्धकं।

३. तल ओट्ठद्ध लिच्छवीको कुरामा उल्लेख भएको छ।

बुद्धका अनुयायीहरू

विभिन्न सूत्रहरूको अनुसन्धानबाट थाहापाइएका बुद्धका अनुयायी भएका लिच्छवीहरूका निम्न नामहरू उल्लेखनीय छन् —

महालि लिच्छवी[१], महानाम लिच्छवी[२], भद्दिय लिच्छवी[३], साल्ह लिच्छवी[४], अभय लिच्छवी[५], पण्डितकुमार लिच्छवी[६], दुर्मुख लिच्छवी[७], नन्दक महामात्य[८] र सिह (सीह) सेनापति[९] ।

---

१. सं. नि. I. पृ. २३१ : महालिसुत्तं ।

२. अं. नि–५. पृ. ३३८ : लिच्छवीकुमारकसुत्तं ।

३. अं. नि–४. पृ. २०३ : भद्दियसुत्तं ।

४. अं. नि–४. पृ. २१३ : साल्हसुत्तं ।

५. अं. नि–३. पृ. २०४ : निगण्ठसुत्तं ।

६. चुल्ल. व. पृ. २१३ : वड्ढलिच्छवी, खुद्दकवत्थुक्खन्धकं ।

७. म. नि. I. पृ. २८७ : चुल्लसच्चकसुत्तं ।

८. सं. नि. IV. पृ ३३३ : नन्दकलिच्छवीसुत्तं ।

९. महा. व. पृ. २४८ : भेसज्जक्खन्धकं, सीहसेनापतिवत्थु ।

वज्जीवासी र वैशालीवासी भिक्षु तथा भिक्षुणीहरूमध्ये निम्न नामहरू उल्लेखनीय छन्—

वज्जिपुत्तक भिक्षुहरू[1], अञ्जनवनिय थेर[2], सुयाम थेर[3], पियञ्जह थेर[4], वसभ थेर[5], वल्लिय थेर[6], र वज्जिपुत्तक थेर[7]।

भिक्षुणीहरूमध्ये—

जेन्ता थेरी[8], सीहा (सिंहा) थेरी[9], वासेट्ठी थेरी[10], रोहिणी थेरी[11], अम्बपालि थेरी[12] र विमला थेरी[13]।

---

१. चुल्ल. व. पृ. ३०० : सङ्घभेदकथा।

२. थेर. गा. पृ २४७; अ. क. पृ. १२७; पहिलोवार बुद्ध भगवान् वैशाली जानु हुँदा प्रव्रजित भएका राजकुमार।

३. थेर. गा. पृ. २५१; अ. क. पृ. १६५

४. थेर. गा. पृ. २५२; अ. क. पृ. २६८

५ थेर. गा. पृ. २६५; अ. क. पृ. २५७

६. थेर. गा. पृ. २६३; अ. क. पृ. २९२

७. थेर. गा. पृ. २६१; अ. क. पृ. २३६

८. थेरी. गा. पृ. ४०७; अ. क. पृ. २२

९. थेरी. गा. पृ. ४१६; अ. क. पृ. ६२ सीहसेनापतिकी बहिनीकी छोरी।

१०. थेरी. गा. पृ. ४२२; अ. क. पृ ९८

११. थेरी. गा. पृ. ४४०; अ. क. पृ. १६८

१२. थेरी. गा. पृ. ४३८; अ. क. पृ. १६२ पहिले गणिका थिइ।

१३. थेरी. गा. पृ. ४१५; अ. क. पृ. ६१ पहिले गणिका थिइ।

वज्जी-गणराज्यको भेद

बुद्धकालमा भएका सोह्र राज्यहरूमध्ये वज्जी-गणराज्य पनि एक हो। यस राज्यका केही शहर तथा गाउँहरू यस प्रकार छन् —

उक्काचेल[१], कोटिगाम[२], नादिक[३], वेलुवगाम[४], भण्डगाम[५], भोगगाम[६], कलन्दकगाम[७], हत्थिगाम[८], अम्बगाम[९], जम्बुगाम[९], भोगनगर[१०], पुब्बजिर=पुब्बाविज्झन[११], (पुब्बविचिर पनि भनिन्छ) पुब्बविज्जन[१२], र वग्गुमुदानदी[१३]।

१. म. नि. I. पृ. २७७ : चूलगोपालकसुत्तं।

२. सं. नि. IV. पृ. ३६९ : पठमकोटिगामसुत्तं।

३. म. नि. I. पृ. २५६ : चूलगोसिङ्गसुत्तं।

४. स. नि. IV. पृ. १३० : गिलानसुत्तं।

५. अं. नि–४. पृ. ३ : अनुबद्धसुत्तं; दी. नि. II. पृ. ९५ : महापरिनिब्बानसुत्तं।

६. दी. नि. II. पृ. ९६ : महापरिनिब्बानसुत्तं।

७. पारा. पा. पृ. १५ : पठमपाराजिकं।

८. अं. नि. ८. पृ. ३१८ : दुतियउग्गसुत्तं; बु. गृ. ३३२

९. दी. नि. II. पृ. ९६ : महापरिनिब्बानसुत्तं।

१०. अं. नि–४. पृ. १७८ : महापदेससुत्तं।

११. म. नि. III. पृ. ३५६ : छन्नोवादसुत्तं।

१२. सं. नि. III. पृ. ५६ : छन्नसुत्तं।

१३. उदा. पृ. ९१ : यसोजसुत्तं।

वज्जी राज्यमा कहिले सुभिक्ष[1] र कहिले दुर्भिक्ष[2] भएको कुरा मूल पालिमै उल्लेख भएको पाइन्छ। जस्तोसुकै दुर्भिक्ष वा सुभिक्ष भएता पनि लिच्छवी-गणराज्य मजबुत तथा समृद्ध नै थियो। आस-पासका राज्यहरूसँग कहिले कहिले झगडा वा युद्ध पनि हुन्थ्यो। विशेष गरी वैशालीको गङ्गापारीको राजतन्त्रात्मक मगध राज्यसँग युद्ध वा झगडा भएको कुरा 'बिम्बिसारको विजय" भन्ने शीर्षकको कुराबाट प्रष्ट हुन्छ[3]।

अर्थकथाचार्य बुद्धघोषको कथनानुसार त्यस बखत गङ्गाको तटमा एक पट्टनगाउँ (बन्दरगाह) थियो। यसको आधा भाग–आधा-योजन–मा वज्जी-गणराज्यको र अर्को आधा भाग–आधा योजन–मा मगधराज्यको आज्ञा चल्दथ्यो। यस पट्टनगाउँ (बन्दरगाह) मा पहाडबाट पैठारी हुने मसलाका सरसामानहरू ल्याइ पुऱ्याउँदा जहिले पनि लिच्छवीहरूले नै पहिले हात पारिसकेका हुन्थे। मगधराज्य सँधै पछि नै पर्दथ्यो। यसै कारणले गर्दा वज्जी-गणराज्य र मगध-राज्यका बीच झगडा पर्ने गर्थ्यो[4]।

मगधराजा सेनीय बिम्बिसारको देहान्तपछि राजा अजात-

---

१. पाचि. पा. पृ. १२७ : एकचत्तारिसमपाचित्तियं; महा. व. पृ. २५३ : भेसज्जक्खन्धकं, कप्पियभूमिअनुजानना।

२. पारा, पा. पृ. १०९ : चतुत्थपाराजिकं।

३. हेर माथि पृ. ८६

४. दी. नि. अ. क. I. पृ. ३५४; अं. नि, अ. क. II. पृ. ७०५

शत्रुले पनि वज्जीमाथि हमलागर्ने विचार छाडेका थिएनन् । तर राजाले यो पनि महसूस गरेका थिए कि सङ्घीयगणहरूसँग युद्ध गर्नु सजिलो कुरा होइन । (गणेन सद्धिं युद्धं नाम भारियं) । युद्धमा कुन तरिकाले विजय पाउन सकिएला भन्ने चिन्तन गरी, "शायद भगवान्बाट कुनै उपाय जान्न सकौँला कि ?" भन्ने विचार गरी; एक दिन, भगवान् बुद्ध राजगृहको अन्तिम चरणको यात्रामा आइरहनु भएको बेलामा राजाले "वज्जीहरूमाथि हमलागर्नेबारे बुद्धले के भन्नुहुँदो रहेछ ?" भन्ने कुरा बुझ्न मगधमहामात्य (प्रधानमन्त्री) वर्षकार (वस्सकार) ब्राह्मणलाई बुद्धकहाँ पठाए । वर्षकार गई प्रश्न सोध्दा, भगवान् बुद्धले वर्षकार ब्राह्मणलाई, "वज्जीहरूको शक्ति, संगठनात्मक एकतामा निर्भर छ र मेलमिलाप हुने नियमलाई पालन गरुन्जेलसम्म उनीहरूलाई कसैले पनि छुन सक्ने छैन" भन्ने कुरा सुनाउनु हुँदै भगवान्को निकटमा बसीरहनु भएका आनन्द महास्थविरसँग, "आनन्द ! लिच्छवीहरूले, सारन्दद चेतियमा दिइएका सप्त अपरिहानीय नियम धर्महरू परिपालन गर्छन् कि गर्दैनन् ?" भनी सोध्नु हुँदा आनन्द महास्थविरले भगवान्लाई, ' भन्ते ! सो सात अपरिहानीय नियम-धर्महरू लिच्छवीहरूले आजसम्म राम्रैसँग परिपालन गरी आउँदैछन्" भन्ने जवाफ दिएको कुरा सुनी, भगवान्को कुरालाई अनुमोदन गरी, अभिवादन गरी मगध महामात्य वर्षकार ब्राह्मण फर्केर गए[१] ।

---

१. दी. नि. II. पृ. ५८ : महापरिनिब्बानसुत्त ; अं. नि-७. पृ. १६४ : वस्सकारसुत्त ।

अनि वर्षकार ब्राह्मणले सर्वप्रथम लिच्छवीहरूको संगठनमा फुटपार्ने उपाय सोची— अजातशत्रु राजालाई, "आफूलाई एक अपराधको अभियोग लगाई, शीर मुण्डन गराई देशबाट निष्कासित गर्ने सल्लाह दिए" । राजाले सोही बमोजिम गरे। वर्षकार ब्राह्मणले लिच्छवीहरूकहाँ गई अजातशत्रु राजाले आफूलाई दण्डदिएको कारण सुनाए। लिच्छवीहरूको अगाडि अजातशत्रु राजाको विरोधमा कुरा बताउँदा केही लिच्छवीहरूले, "यी वर्षकार ब्राह्मण धूर्त तथा छली हुन सक्छन्। यिनको कुरामा विश्वास गर्नु ठीक छैन" भनी भनेता पनि पछि वर्षकार ब्राह्मणले लिच्छवीहरूकहाँ विनिश्चय महामात्यको पद प्राप्त गरे। वर्षकार ब्राह्मणले जब लिच्छवीहरूले आफूमा विश्वास गर्न थालेको कुरा चाल पाए अनि उनले कुनै राजनैतिक चालबाजी नखेली केवल सामाजिक रूपले लिच्छवीहरूलाई, कसैलाई के भनी, कसैलाई के भनी तीन वर्षबाद लिच्छवीहरूका संगठनलाई यसरी चकनाचूर पार्न सफल भए कि कुनै आपदकालीन सभा बोलाउने बिगुलको आवाज सुन्दा पनि लिच्छवीहरूले "हामी अराष्ट्रियवादी लिच्छवी किन चाहियो ! हामी कायर र भिखमङ्गा लिच्छवीहरूले के गर्न सकौला र ! उही राष्ट्रवादी, वीर पुरुष कहलाउने लिच्छवीहरूले नै गर्नेछन्" भन्दै बिगुलको वास्तासम्म पनि राखेनन्। यस्तो वातावरण तयार पारिसकेपछि वर्षकार ब्राह्मणले अजातशत्रु राजालाई उपयुक्त समय भएको सूचना पठाए[1]।

---

१. दी. नि. अ. क. I. पृ. ३५९; अं. नि. अ. क. II. पृ. ७०६

महालि लिच्छवी

महालि लिच्छवीको नाम पालि अर्थकथाहरूमा सर्वप्रथम "गङ्गारोहन" कथामा समुल्लेख भएको पाइन्छ। यिनी वैशालीवासी लिच्छवी थिए। तक्षशिलामा विद्याध्ययनार्थ जाँदा यिनको साथमा कोशल नरेश प्रसेनजित र कुशीनगरका मल्ल राजकुमार बन्धुल पनि थिए[१]। यिनी धनुर्विद्यामा खूब सिपालु थिए। यिनले ५०० भन्दा बढी लिच्छवी कुमारहरूलाई धनुर्विद्या सिकाउँदथे[२]। एक दिन यिनले लिच्छवी परिषद्‌लाई आफूले सिकेर आएको धनुर्विद्याको चमत्कार देखाउँदा यिनको दुवै आँखा फुटेको थियो। लिच्छवी कुमारहरूले यिनको विद्याको चमत्कार हेरी अत्यन्त प्रभावित भई, अन्धा भएका यिनलाई गुरु दक्षिणाको रूपमा, सम्मानपूर्वक वैशाली नगरद्वार नजिकैको एकलाख आम्दानी हुने एउटा गाउँ प्रदान गरे। यही द्वारबाट नै श्रावस्ती नगर जानपर्थ्यो वा यही द्वारबाट वैशाली नगर भित्र पस्नु पर्थ्यो[३]। यसै द्वार निर महालिको बस्ने घर थियो[४] र यहीं नै लिच्छवी कुमारहरूलाई उनले पढाउँदथे।

भगवान् बुद्धको सम्पर्कमा आउनु अगाडि यिनी पनि सर्वसाधारण लिच्छवीहरू झैं अन्य तैर्थीयहरूका अनुयायी थिए भन्ने कुरा स्वतः सिद्ध

१. धम्म. अ. क. पृ. १६८ : विडूडभवत्थु।

२. ऐ ऐ पृ. १६९ : ऐ।

३. धम्म. अ. क. पृ. १६९

४. धम्म. अ. क. पृ. १७४

छ। वैशाली नगरमा दुर्विक्षपर्दा "कुन महापुरुषलाई निम्त्याउने" भन्ने कुरा हुँदा लिच्छवीहरूले आ-आफ्ना विचार व्यक्त गरेपछि अन्तमा "भगवान् बुद्ध नै महानुभाव सम्पन्न भएकोले वहाँलाई नै निम्त्याउने" भन्ने निर्णय भएपछि आफ्ना आचार्य महालि लिच्छवी, राजा बिम्बिसारसँग राम्ररी परिचित भएका हुँदा, उनलाई नै पठाउने निर्णय गरे। महालिकासाथ अरू पनि लिच्छवी कुमारहरू पठाई, बिम्बिसार राजाकोनिमित्त अनेक बहुमूल्य उपहारहरू दिई, राजाको आज्ञा प्राप्त गरी बुद्धलाई निम्त्याई ल्याउन गङ्गापारी राजगृहमा पठाए।

भनिन्छ कि महालि लिच्छवी, बिम्बिसार-समागम समयमा यष्टिवनमा उपस्थित थिए र त्यसैवेला यिनले स्रोतापन्न फल साक्षात्कार गरेका थिए[1]।

धम्मपदार्थकथाको "महालिपञ्ह" भन्ने कथानुसार भगवान् बुद्ध वैशालीमा बस्नुभएको वेलामा, महालि लिच्छवीले अघि आफूले राजगृहमा शक्रदेवेन्द्रको कारणले, "सक्कपञ्ह[2]" भन्ने सूत्रको कुरा सुनिराखेको बारे, "के भगवान्ले शक्रलाई देखनु भएको छ कि ?" भनी सोध्दा, "देखेको मात्र नभई शक्र हुन सक्ने धर्महरू समेत जान्दछु" भनी भन्नु हुँदै भगवान्ले, "अप्पमादेन मघवा" भन्ने श्लोक सुनाउनु भए-

१. सु. नि. अ. क. पृ. २०३ : रतनसुत्तं; धम्म. अ. क: पृ. ५३७ : गङ्गारोहन।

२. दी. नि. II. पृ. १९७

पछि स्रोतापन्न फल साक्षात्कार गरेका थिए[१] भन्ने कुरा पनि समुल्लेख भएको पाइन्छ ।

महालि लिच्छवी, लिच्छवी परिवारका अत्यन्त हितैषी थिए । एक दिन बन्धुल सेनापतिकी गर्भिणी पत्नीको इच्छा पूरा गर्न श्रावस्ती नगरबाट वैशाली आई, लिच्छवी गणहरूको अभिषेक गर्ने मङ्गल पोखरीमा नुहाउन ल्याउँदा, बन्धुल सेनापतिको धनुषको आवाज सुनी, "बन्धुलको कारणले लिच्छवीहरूलाई भय उत्पन्न हुनेछ" भन्ने बुझी महालि लिच्छवीले लिच्छवी कुमारहरूलाई, "नुहाई धुवाई फर्केर गएका बन्धुल सेनापतिको पीछा नगर" भनी भन्दा पनि पीछा गर्ने लिच्छवी कुमारहरूको विनाश भएको थियो[२]।

अपदानपालि[३] अनुसार कोलिय राजकन्या सुप्पवासा[४] र

---

१. धम्म. अ. क. पृ. १४० : महालिपञ्हवत्थु । हाललाई लेखकको लक्ष केवल मूलपालि तथा अर्थकथाहरूमा भेट्टाउन सकेका कारणहरू जम्मै एकत्रित पारिदिने र कुनै पनि विरोधाभास देखिने कुरा पनि संग्रह गरिदिनु हो । पालि वाङ्मयका अधिकांश कुराहरू अध्ययन भइसकेपछि मात्र कुनै विवेचन गर्न सकिनेछ ।

२. धम्म. अ. क. पृ. १७४ : विडूडभवत्थु ।

३. पृ. १४४ : सीवलित्थेर अपदानं, भाग २

४. अं. नि. अ. क. पृ. २४४ अनुसार सुप्पवासा कोलिय राजकन्या एक शाक्यकुलमा गइन् भन्ने समुल्लेख भएको छ । हेर उदा. पा. पृ. ७९ : सुप्पवाससुत्तं ।

सीवलि[1] थेर महालि लिच्छवीकी क्रमशः पत्नी र छोरा हुन् । अरू कुराहरू तल सूत्रमै उल्लेख भएका छन् !

× × ×

मूल सूत्रः—

१–महालि लिच्छवीको प्रश्न

यस्तो मैले सुने[2] ।

एक समय भगवान् वैशालीस्थित महावनको कूटागार शालामा विहार गर्नु भएको थियो ।

अनि महालि लिच्छवी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका महालि लिच्छवीले भगवान्सँग निम्न प्रश्न सोधे —

---

१. "पच्छिमे च भवेदानि, जातोहं कोलियेपुरे ।
सुप्पवासा च मे माता, महालि लिच्छवी पिता ।।" भनी
अपदानपालिमा उल्लेख भएको छ । पृ. १४४

२. सं.नि.I. पृ २३१: महालिसुत्तं; स्याममाः 'ततियदेवसुत्तं'।

शक्रलाई देख्नु भएको छ ?

"भन्ते ! भगवान्‌ले शक्रदेवेन्द्रलाई देख्नु भएको छ ?"

"महालि ! मैले शक्रदेवेन्द्रलाई देखेको छु ।"

"भन्ते ! तपाइले जुन शक्रलाई देख्नु भयो शायद त्यो शक्रको जस्तै रूप होला; किन कि शक्रलाई देख्नु गाह्रो छ ।"

"महालि ! मैले शक्रलाई पनि जान्दछु, शक्र बनाउने धर्म पनि । जुन धर्म पालन गर्नाले शक्रदेवेन्द्र, शक्रत्वमा प्राप्त भए त्यो पनि जान्दछु ।

(१) "महालि ! शक्रदेवेन्द्र अघि मनुष्यछँदा उनी 'मघ' भन्ने माणवक थिए । त्यसैले उनलाई 'मघवा' भनिएको हो ।

(२) "महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले सत्कारपूर्वक दान दिए । त्यसैले उनलाई 'शक्र' भनिएको हो ।

(३) "महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले अघि-अघि सरी दान दिन्थे । त्यसैले उनलाई 'पुरिन्ददो' (=पहिले दान दिने) भनिएको हो ।

(४) "महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले आवास (=बस्ने ठाउँ) दान दिए । त्यसैले उनलाई 'वासव' भनिएको हो ।

(५) "महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले मुहूर्तभरमा सहस्रौं कारणहरू पनि चिन्तन गर्नसक्थे । त्यसैले उनलाई 'सहस्राक्ष' (=हजार आंखा हुने) भनिएको हो ।

(६) "महालि ! शक्रदेवेन्द्रको 'सुजा' भन्ने असुरकन्या प्रजापति थिइन् । त्यसैले उनलाई 'सुजम्पति' भनिएको हो ।

(७) "महालि ! त्रयस्त्रिंश देवताहरूको ऐश्वर्यमा शक्रदेवेन्द्र राज्य गर्छन् । त्यसैले उनलाई 'देवेन्द्र' भनिएको हो ।

(८) "महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले सात व्रतहरू परिपालन गरेका थिए । जुन व्रतहरू पालन गर्नाले उनी शक्रत्वमा पुगेकाहुन् । कुन सात भने ? —

'(१) जीवनभर आमा-बाबुको भरण पोषण गर्नु, (२) जीवनभर घरका जेठा-पाकालाई सम्मान राख्नु, (३) जीवनभर मधुर-भाषी हुनु, (४) जीवनभर पैशून्यभाषी न हुनु, (५) जीवनभर विशुद्धत्यागी भई, दानद्वारा हातशुद्ध गरी, दिने कार्यमा अग्रसर भई, माग्नेको इच्छापूर्ण गरी, दान संविभाजन कार्यमा तत्पर भई, मात्सर्यमल रहित चित्तलिई घरमा बस्नु, (६) जीवनभर सत्यवादी हुनु र (७) जीवनभर क्रोध नगर्नु । कारणवश क्रोध पैदा भएमा तुरुन्त क्रोधलाई दूरगनु ।'

"महालि ! अघि मनुष्यछँदा शक्रदेवेन्द्रले यिनै सात व्रतहरू परिपालन गरेका थिए र जुन व्रतहरू पालन गर्नाले नै उनी शक्रत्वमा पुगेका हुन् ।"

पुनः भगवान्ले निम्न गाथा भन्नुभयो —

(१) "'मातापेत्तिभरं जन्तुं, कुले जेट्ठापचायिनं ।
सण्हं सखिल सम्भासं, पेसुणेय्यप्पहायिनं ॥

(२) "मच्छेरविनये युत्तं, सच्चं कोधाभिभुं नरं ।
तं वे देवा तावतिंसा, आहु सप्पुरिसो इती'ति ॥"

अर्थ :—

१,२—"जसले आमा-बाबुलाई भरण-पोषणगर्छ, कुलगृहका जेठा-पाकालाई सम्मानगर्छ, मधुरभाषी भई पैशून्य कुराहरू छाडछ, मात्सर्यमल त्याग्छ र सत्यवादी भई अक्रोधी पनि हुन्छ—त्यस्तालाई त्रयस्त्रिंश लोकका देवताहरूले सत्पुरुष भन्छन् ।"

× × ×

मूल सूत्र :—

२—शुद्धि र अशुद्धिको हेतु के हो ?

यस्तो मैले सुने[१] ।

एक समय भगवान् वैशालीस्थित महावनको कूटागार शालामा बस्नु भएको थियो ।

१. सं. नि. II. पृ. २९७: महालिसुत्तं ।

अनि महालि लिच्छवी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका महालि लिच्छवीले भगवान्सँग यस्तो सोधे—

"भन्ते ! पूरण कश्यपले यस्तो भन्दछन्—'प्राणीहरू संक्लिष्ट हुनाको कुनै पनि हेतु छैन, कुनै पनि प्रत्यय छैन। विना हेतु, विना प्रत्ययले नै प्राणीहरू संक्लिष्ट हुन्छन्। त्यस्तै प्राणीहरू विशुद्ध हुनाको पनि कुनै हेतु छैन, कुनै प्रत्यय पनि छैन। विना हेतु, विना प्रत्ययले नै प्राणीहरू विशुद्ध हुन्छन्।' भन्ते ! यसबारे भगवान् के भन्नु हुन्छ ?"

"महालि ! प्राणीहरू संक्लिष्ट हुनाको हेतु पनि छ, प्रत्यय पनि छ। सहेतु, सप्रत्ययले नै प्राणीहरू संक्लिष्ट हुन्छन्। महालि ! त्यस्तै प्राणीहरू विशुद्ध हुनाको हेतु पनि छ, प्रत्यय पनि छ। सहेतु सप्रत्यय-द्वारा नै प्राणीहरू विशुद्ध हुन्छन्।"

संक्लिष्ट हुनाको हेतु

"भन्ते ! प्राणीहरू संक्लिष्ट हुनाको हेतु के हो ? प्रत्यय के हो ? कसरी प्राणीहरू सहेतु, सप्रत्ययद्वारा संक्लिष्ट हुन्छन् ?"

a (०) "महालि ! यदि रूप एकान्त दुःखदायी भएको भए, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको भए—प्राणीहरू रूपमा सारक्त हुने थिएनन्। किन्तु रूप सुख-दायी छ, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने

भएको हुँदा–प्राणीहरू रूपमा सारक्त हुन्छन् । महालि ! प्राणीहरू संक्लिष्ट हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू संक्लिष्ट हुन्छन् ।

a (२) "महालि ! यदि वेदना एकान्त दुःखदायी भएको भए, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको भए–प्राणीहरू वेदनामा सारक्त हुने थिएनन् । किन्तु वेदना सुखदायी छ, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको हुँदा–प्राणीहरू वेदनामा सारक्त हुन्छन् । महालि ! प्राणीहरू संक्लिष्ट हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू संक्लिष्ट हुन्छन् ।

a (३) "महालि ! यदि संज्ञा एकान्त दुःखदायी भएको भए, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको भए–प्राणीहरू संज्ञामा सारक्त हुने थिएनन् । किन्तु संज्ञा सुखदायी छ, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको हुँदा–प्राणीहरू संज्ञामा सारक्त हुन्छन् । महालि ! प्राणीहरू संक्लिष्ट हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू संक्लिष्ट हुन्छन् ।

a (४) "महालि ! यदि संस्कार एकान्त दुःखदायी भएको भए, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको भए–प्राणीहरू संस्कारमा सारक्त हुने थिएनन् । किन्तु संस्कार

सुखदायी छ, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको हुँदा–प्राणीहरू संस्कारमा सारक्त हुन्छन्। महालि! प्राणीहरू संक्लिष्ट हुनाको यही हेतु, यही प्रत्यय हो। यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू संक्लिष्ट हुन्छन्।

a (५) "महालि! यदि विज्ञान एकान्त दुःखदायी भएको भए, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको भए–प्राणीहरू विज्ञानमा सारक्त हुने थिएनन्। किन्तु विज्ञान सुखदायी छ, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको हुँदा–प्राणीहरू विज्ञानमा सारक्त हुन्छन्। महालि! प्राणीहरू संक्लिष्ट हुनाको यही हेतु, यही प्रत्यय हो। यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू संक्लिष्ट हुन्छन्।"

विशुद्ध हुनाको हेतु

"भन्ते! प्राणीहरू विशुद्ध हुनाको हेतु के हो? प्रत्यय के हो? कसरी प्राणीहरू सहेतु, सप्रत्ययद्वारा विशुद्ध हुन्छन्?"

b (१) "महालि! यदि रूप एकान्त सुखदायी भएको भए, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको भए–प्राणीहरू रूपबाट विरक्त हुने थिएनन्। किन्तु रूप दुःखदायी छ, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको हुँदा–प्राणीहरू रूपबाट विरक्त हुन्छन्, विरक्त भएर त्याग्छन्; त्याग-

बाट विशुद्ध हुन्छन् । महालि ! प्राणीहरू विशुद्ध हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू विशुद्ध हुन्छन् ।

b (२) "महालि ! यदि वेदना एकान्त सुखदायी भएको भए, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको भए–प्राणीहरू वेदनाबाट विरक्त हुने थिएनन् । किन्तु वेदना दुःखदायी छ, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको हुँदा–प्राणीहरू वेदनाबाट विरक्त हुन्छन् ; विरक्त भएर त्याग्छन् ; त्यागबाट विशुद्ध हुन्छन् । महालि ! प्राणीहरू विशुद्ध हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू विशुद्ध हुन्छन् ।

b (३) "महालि ! यदि संज्ञा एकान्त सुखदायी भएको भए, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको भए–प्राणीहरू संज्ञाबाट विरक्त हुने थिएनन् । किन्तु संज्ञा दुःखदायी छ, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको हुँदा–प्राणीहरू संज्ञाबाट विरक्त हुन्छन् ; विरक्त भएर त्याग्छन् ; त्यागबाट विशुद्ध हुन्छन् । महालि ! प्राणीहरू विशुद्ध हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू विशुद्ध हुन्छन् ।

b (४) "महालि ! यदि संस्कार एकान्त सुखदायी भएको भए, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको भए–प्राणीहरू संस्कारबाट विरक्त हुने थिएनन् । किन्तु संस्का दुःख-

दायी छ, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको हुँदा–प्राणीहरू संस्कारबाट विरक्त हुन्छन्; विरक्त भएर त्याग्छन्; त्यागबाट विशुद्ध हुन्छन् । महालि ! प्राणीहरू विशुद्ध हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू विशुद्ध हुन्छन् ।

b (५) "महालि ! यदि विज्ञान एकान्त सुखदायी भएको भए, सुखबाट सुख आउने र सुखले भरिएको तथा दुःख न आउने भएको भए–प्राणीहरू विज्ञानबाट विरक्त हुने थिएनन् । किन्तु विज्ञान दुःख–दायी छ, दुःखबाट दुःख आउने र दुःखले भरिएको तथा सुख न आउने भएको हुँदा–प्राणीहरू विज्ञानबाट विरक्त हुन्छन्; विरक्त भएर त्याग्छन्; त्यागबाट विशुद्ध हुन्छन् । महालि ! प्राणीहरू विशुद्ध हुनाको यही हेतु, यही प्रत्यय हो । यसरी सहेतु, सप्रत्ययद्वारा प्राणीहरू विशुद्ध हुन्छन् ।

× × ×

मूल सूत्र :—

३–पापकर्मको हेतु के हो ?

एक समय भगवान् वैशालीस्थित महावनको कूटागार शालामा बस्नु भएको थियो[1] ।

---

१ अं. नि-१० पृ. १६७: महालिसुत्तं ।

अनि महालि लिच्छवी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका महालि लिच्छवीले भगवान्सँग यस्तो प्रश्न सोधे —

(अ) "भन्ते! पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय के हो ?"

"महालि! (१) लोभ नै पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो। (२) द्वेष नै पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो। (३) मोह (मूढता) नै पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो। (४) अयोनिसो मनसिकार नै (=सम्यक् ज्ञान न पुर्‍याई विचार गर्नु नै) पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो। (५) मिथ्यात्वमा लाग्नु नै पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो।

"महालि! यही नै पापकर्म गर्नु र पापकर्म गरिनाको हेतु र प्रत्यय हो।"

(आ) "भन्ते! कल्याणकम गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय के हो ?"

"महालि! (१) अलोभ नै कल्याणकर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो। (२) अद्वेष नै कल्याणकर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो। (३) अमोह नै कल्याणकर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो। (४) योनिसो मनसिकार नै (= सम्यक् ज्ञान पुर्‍याई विचार गर्नु नै) कल्याण-

कर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो। (५) सम्यक्त्वमा लाग्नु नै कल्याणकर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो।

"महालि ! यही नै कल्याणकर्म गर्नु र कल्याणकर्म गरिनाको हेतु र प्रत्यय हो।

"महालि ! यदि यी दशधर्म (= दश कारण) हरू यो लोकमा न भएका भए, न अधर्मचर्या, न विषमचर्या (=अकुशलसँग मेल खाने), न धर्मचर्या, न समचर्या (=कुशलसँग मेल खाने) भन्ने देखिन्थे। किन्तु महालि ! यी दशधर्महरू यो लोकमा भएका हुनाले नै अधर्मचर्या, विषमचर्या; धर्मचर्या, समचर्या भन्ने देखिएको हो।"

५. महानाम लिच्छवी

परिचय

महानाम लिच्छवी विशिष्ट स्वभावका एक लिच्छवी थिए । उनी फुर्सतको समयमा जङ्गलमा डुल्न अति रुचाउँथे । एक दिन महानाम लिच्छवी, वैशालीको महावनमा एक्लै डुलिरहेको बेलामा केही नवयुवक लिच्छवी कुमारहरू भक्तिपूर्वक हात जोरी भगवान्को अगाडि बसिरहेका देखी अतिप्रसन्न भए । त्यस बखत महानामले सोचे कि—अब भने यी कुमारहरूको भलो नै हुनेछ । यस्ता तन्नेरी, यौवनमत्त, रौद्रस्वभावका राजकुमारहरू पनि भगवान्को सत्संगत गर्न थाले भने अवश्य नै वज्जी-हरूको अभिवृद्धि भइनै रहने छ । यी कुमारहरू पनि अवश्य नै सुध्रने छन् ।

साधारण युवा लिच्छवीहरूको स्वभावको विषयमा तलको सूत्रले राम्ररी चित्रण गरेको पाइन्छ

× × ×

मूल सूत्र :–

१–लिच्छवी कुमार

एक समय भगवान् वैशालीस्थित महावनको कूटागारशालामा बस्नु भएको थियो[१] ।

एक दिन, भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी वैशालीमा पिण्डार्थ जानुभयो । वैशालीमा पिण्डार्थ चारिका गर्नु भई, पिण्डचारिकाबाट फर्की भोजनोपरान्त दिवाविहारकोनिम्ति महावनमा जानु भई एक रुखमनी बस्नुभयो ।

त्यस बखत केही लिच्छवी कुमारहरू धनुषवाँणले सुसज्जित भई, कुकुरहरूको बथान लिई महावनको यताउता डुलिरहेको बेलामा, हिंडिरहेको बेलामा एक रुखमनी बसिरहनु भएको भगवान्लाई देखे । अनि सुसज्जित धनुषवाँणहरू एक ठाउँमा राखी, कुकुरहरूको बथानलाई पनि राखी, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ उनीहरू गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी चुपचाप भई हात जोरी भगवान्को छेउमा बसे ।

---

१. अं. नि-५. पृ. ३३८: लिच्छवीकुमारकसुत्तं; सिंहलमा:– 'कुमारसुत्तं' ।

लिच्छवीहरू चण्ड छन्

त्यस वेला महानाम लिच्छवी महावनमा घुम्दैथिए, डुल्दैथिए । अनि महानाम लिच्छवीले ती लिच्छवी राजकुमारहरूलाई चुपचाप भई हात जोरी भगवान्को छेउमा बसिरहेको देखेर भगवान्का छेउमा गए । भगवान्को छेउमा पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम लिच्छवीले यस्तो उद्गार वाक्य प्रकट गरे :—

"हुनेछन्[1] वृजीहरू ! हुनेछन् वृजीहरू !!"

"महानाम ! किन तिमीले 'हुनेछन् वृजीहरू ! हुनेछन् वृजीहरू !' भनी भनेको ?"

"भन्ते ! यी लिच्छवी कुमारहरू चण्डछन्, निष्ठुरछन्, असिद्धि छन् । एक कुलबाट अर्को कुलमा पठाइने जुन पाहुर हो-चाहे उखुहोस्, चाहे बयर होस्, चाहे रोटी होस्, चाहे गुलियो होस्, चाहे लड्डू होस्–ती वस्तुहरू उनीहरूले लुटेर खान्छन्; कुलस्त्रीहरूलाई पनि पछाडिबाट धक्कादिई लडाइ दिन्छन् । अब यिनीहरू भगवान्को अगाडि चुपचाप भई हात जोरी बसिरहेका छन् ।"

पञ्च-कुल-वृद्धि-धर्म

"महानाम ! जुनसुकै कुलपुत्र पनि–चाहे त्यो मूर्धाभिषिक्त क्षत्री राजा होस्, चाहे त्यो पैत्रिक राष्ट्र परिभोग गर्ने होस्, चाहे त्यो सेनाको

---

१. वृजिहरूको अभिवृद्धि हुनेछ भन्ने अर्थहो ।

सेनापति होस्, चाहे त्यो गाउँको ग्रामाधिपति होस्, चाहे त्यो गणनायक होस्-यी पाँच गुणहरूले युक्त हुन्छ भने तथा प्रत्येक कुलका अधिपति-लाई मान गर्छ भने–उसको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन। कुन पाँच भने ?—

(१) "महानाम ! यहाँ, कुनै कुलपुत्रले,-उत्थान बलवीर्यद्वारा कमाएको, बाहुबलद्वारा कमाएको, पसिना बगाई कमाएको, धर्मता-पूर्वक कमाएको–धनसम्पत्तिद्वारा आमा-बाबुलाई सत्कार-गौरव-मान-पूजा गर्छ। अनि सत्कार-गौरव-मान-पूजा प्राप्त हुने ती आमा-बाबुले उस-लाई, 'चिरञ्जीवी होऊ, दिर्घायु होऊ' भनी कल्याणचित्तले अनुकम्पा राख्छन्, आशिर्वाद दिन्छन्। महानाम ! आमा-बाबुद्वारा अनुकम्पित कुलपुत्रको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन।

(२) "महानाम ! फेरि यहाँ, कुनै कुलपुत्रले,-- उत्थानबल-वीर्यद्वारा कमाएको,…धर्मतापूर्वक कमाएको–धनसम्पत्तिद्वारा पुत्र-दार, दाश-कामदार पुरुषहरूलाई सत्कार-गौरव-मान-पूजा गर्छ। अनि सत्कार…पूजा प्राप्त हुने ती पुत्र-दार, दाश कामदार पुरुषहरूले उसलाई, 'चिरञ्जीवी होऊ, दिर्घायु होऊ' भनी कल्याणचित्तले अनुकम्पा राख्छन्, आशिर्वाद दिन्छन्। महानाम ! पुत्र-दार, दाश कामदार पुरुष-हरूद्वारा अनुकम्पित कुलपुत्रको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन।

(३) "महानाम ! फेरि यहाँ, कुनै कुलपुत्रले,—उत्थानबल वीर्यद्वारा कमाएको,…धर्मतापूर्वक कमाएको–धनसम्पत्तिद्वारा खेत

जोताहालाई, सँधियारलाई, खेत नाप्नेलाई सत्कार, गौरव, मान, पूजा गर्छ । अनि सत्कार-गौरव-मान-पूजा प्राप्त हुने ती खेत जोताहाले, सँधियारले, खेत नाप्नेले उसलाई, 'चिरञ्जीवी होऊ, दिर्घायु होऊ' भनी कल्याणचित्तले अनुकम्पा राख्छन्, आशिर्वाद दिन्छन् । महानाम ! खेत जोताहा, सँधियार, खेत नाप्नेहरूद्वारा अनुकम्पित कुलपुत्रको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन ।

(४) "महानाम ! फेरि यहाँ, कुनै कुलपुत्रले,—उत्थानबल वीर्यद्वारा कमाएको,…धर्मतापूर्वक कमाएको—धनसम्पत्तिद्वारा जति बलि[1] प्रतिग्राहक देवताहरू छन्, उनीहरूलाई सत्कार-गौरव-मान-पूजा गर्छ । अनि सत्कार-गौरव-मान पूजा प्राप्त हुने ती बलि प्रतिग्राहक देवताहरूले उसलाई, 'चिरञ्जीवी होऊ, दीर्घायु होऊ' भनी कल्याण-चित्तले अनुकम्पा राख्छन्, आशिर्वाद दिन्छन् । महानाम ! देवताहरूद्वारा अनुकम्पित कुलपुत्रको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन ।

(५) "महानाम ! फेरि यहाँ, कुनै कुलपुत्रले,—उत्थानबल वीर्यद्वारा कमाएको,…धर्मतापूर्वक कमाएको—धनसम्पत्तिद्वारा श्रमण ब्राह्मणहरूलाई सत्कार-गौरव मान-पूजा गर्छ । अनि सत्कार-गौरव-मान-पूजा प्राप्त हुने ती श्रमण ब्राह्मणहरूले उसलाई, 'चिरञ्जीवी होऊ, दिर्घायु होऊ' भनी कल्याणचित्तले अनुकम्पा राख्छन्, आशिर्वाद दिन्छन् । महानाम ! श्रमण ब्राह्मणहरूद्वारा अनुकम्पित कुलपुत्रको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन ।

---

१. बलीको अर्थ अहिंसायुक्त पूजा हो ।

"महानाम ! जुनसुकै कुलपुत्र पनि–चाहे त्यो मूर्धाभिषिक्त क्षत्री-राजा होस्,...चाहे त्यो गणनायक होस्–यी पाँच गुणहरूले युक्त हुन्छ भने तथा प्रत्येक कुलका अधिपतिलाई मान गर्छ भने–उसको अभिवृद्धि नै आशा गरिन्छ, परिहानी होइन ।"

पुनः भगवान्ले निम्न गाथा भन्नु भयो —

(१) "मातापितु किच्चकरो, पुत्तदारहितो सदा ।
अन्तोजनस्स अत्थाय, ये चस्स अनुजीविनो ॥

(२) "उभिन्नं चेव अत्थाय, वदञ्ञू होति सीलवा ।
ञातीनं पुब्बपेतानं, दिट्ठे धम्मे च जीवतं[1] ॥

(३) "समणानं ब्राह्मणानं देवतानं च पण्डितो ।
वित्तिसञ्जननो होति, धम्मेन घरमावसं ॥

(४) "सो करित्वान कल्याणं, पुज्जो होति पसंसियो ।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती'ति ॥"

अर्थ :—

१—"बुद्धिमानी पुरुषले आमा-बाबुको काम गर्छ, पुत्र-दारहरूको सधैं हितकार्य गर्छ, आफ्नो घरमा बस्नेहरूको र आफ्नो आधारमा जीवन निर्वाह गर्नेहरूको भलो गर्छ ।

---

१. सिहलमा: 'जीविनं'; स्याम र रोमनमा: 'जीवितं' ।

२—"कुरा बुझ्न सक्ने शीलवान पण्डिले उपरोक्त ज्ञातिहरूका-निमित्त र परलोक भएका ज्ञातीहरू समेत दुवै थरिकानिम्ति—इहलोक-परलोक—दुवैतिरको हितको काम गर्छ ।

३—"धर्मपूर्वक घरमाबस्ने पण्डितले श्रमण ब्राम्हण र देवताका-निम्त पनि सन्तुष्टजनक काम गर्छ ।

४—"कल्याणकारी काम गर्ने मानिस यहाँ पनि पूज्य तथा प्रशं-सित हुन्छ र परलोकभएपछि स्वर्गमा पनि उ प्रमुदित हुन्छ ।"

६. ओट्ठद्ध लिच्छवी

परिचय

ओट्ठद्ध (=ओष्ठार्ध) लिच्छवी राजा बुद्धभक्त थिए । उनी समय समयमा अष्टाङ्गिक[1] उपोसथशील पालन गर्थे । आधा मात्र ओठ भएको हुँदा उनलाई ओष्ठार्ध (ओट्ठद्ध) भनिएको हो ।

एक दिन बिहान ओट्ठद्ध लिच्छवी राजा वैशालीस्थित महावनको कूटागार विहारमा गई भगवान्कहाँ अष्टशील समादान गरी भिक्षुसङ्घलाई भोजन दान दिई घर फर्केर पुनः दिउँसो विहारजाने बेलामा, नीलो, पहेंलो र रातो वस्त्र लगाएका धेरै लिच्छवीहरू एकत्रितपारी उनीहरूसँगै विहारमा गए[2] । "भगवान् बुद्ध ध्यानमा बस्नु भएको

---

१. प्राणीहिंसा न गर्ने, चोरी न गर्ने, ब्रह्मचर्य पालन गर्ने, मृषा न बोल्ने, सुरापान न गर्ने, अपराण्ह समयमा न खाने, नृत्यगीतादि न हेर्ने र उच्चासनमहासनमा न सुत्ने । यी आठ नियमहरू अष्टमी, औंसी र पूर्णिमाको दिन पालन गर्नेलाई अष्टाङ्गिक उपोसथ-शील भन्दछ ।

२. दी. नि. अ. क. I. पृ. २१९: महालिसुत्तं ।

छ" भन्ने कुरा सुनेपछि रुखको छहारीमा बसी लिच्छवी परिषद्संग बुद्ध, धर्म र सङ्घ सम्बन्धी चर्चा प्रारम्भ गरे। जब सिंह श्रमणुद्देशको कृपाले भगवान् बुद्ध बाहिर पाल्नुभयो अनि ओष्ठार्द्ध लिच्छवी राजाले "सुनक्खत्त लिच्छवी पुत्रले यस्तो यस्तो भन्छ, किन होला ?" भनी सोध्दा भगवान्ले स्पष्टिकरण दिनु भएको कुरा तल सूत्रमै प्रष्टछ। यी ओष्ठार्द्ध लिच्छवी राजा "रूप नै आत्मा हो" भन्ने विचारका भएकाले भगवान्ले यिनलाई सूत्रको अन्तमा "त्यसो भन्नु उचित छैन" भन्ने कुराको सूचित पनि गर्नु भएको थियो। यी उपदेश सुनी उनी प्रसन्न भए।

सुनक्खत्त लिच्छवी पुत्र बुद्ध-शासनमा तीन वर्षसम्म भिक्षु भई, बुद्धको उपस्थाक पनि भई बसेका थिए[1]। किन्तु आफूले चिताए जैं ध्यान लाभ गर्न नसक्नाको कारणले गर्दा "बुद्धले मलाई ध्यान लाभ गराउन चाहनु भएन" भन्दै बुद्धप्रति आघात चित्तलिई चीवर छाडी पुनः गृहस्थी भई लिच्छवी राजाहरूकहाँ गई बुद्धको वखथ्वाई गर्न थाले। यसै क्रममा यिनले ओष्ठार्ध राजालाई पनि कुरा सुनाएका थिए। राजाले, सुनक्खत्तले सुनाएको कुरामा कति सत्य रहेछ भन्ने कुरा बुझ्ने अभिप्रायले बुद्धसंग प्रश्न सोधेका हुन्। विशेष कुरा तल सूत्रमै उल्लेख भएको छ।

× × ×

---

१. दी. नि. अ. क. I. पृ. २२०

मूल सूत्र :—

१—भगवान्‌कहाँ ओट्ठद्ध लिच्छवी

यस्तो मैले सुने[1] ।

एक समय भगवान् वैशालीस्थित महावनको कूटागारशालामा बस्नुभएको थियो ।

त्यस बखत कोशलका केही ब्राह्मणदूतहरू र मगधका केही ब्राह्मणदूतहरू केही कामले वैशालीमा बसेका थिए । ती कोशलका र मगधका ब्राह्मणदूतहरूले "श्रमण गौतम शाक्यपुत्र, शाक्य कुलबाट प्रव्रजित भई वैशालीस्थित महावनको कूटागार शालामा बस्नु भएको छ । वहाँ गौतमको यस्तो काल्याणकीर्ति शब्द फैलिरहेको छ भन्ने खबर सुने—'वहाँ भगवान् अहरत्, सम्यक् सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध भगवान् हुनुहुन्छ ।' वहाँले यो लोकका देव-मार-ब्रह्मासहित श्रमण ब्राह्मण-प्रजाहरूलाई, देवसहित मनुष्यहरूलाई, स्वयं अभिज्ञान तथा साक्षात्कार गरी उपदेश गर्नु हुन्छ । वहाँले आदि कल्याण, मध्य कल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नु हुन्छ । वहाँले अर्थयुक्त, व्यञ्जनयुक्त,

---

१. दी. नि. I. पृ १२८ः महालिसुत्तं ।

केवल परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य (धर्म) को पनि प्रकाश गर्नु हुन्छ । त्यस्ता अरहत्‌को दर्शन गर्नु कल्याणकर हो ।"

अनि ती कोशल र मगधका ब्राह्मण दूतहरू जहाँ महावनको कूटागार शाला हो त्यहाँ गए । त्यस बखत आयुष्मान् नागित भगवान्‌को उपस्थाक[1] हुनुहुन्थ्यो । त्यसैले ती कोशल र मगधका ब्राह्मण दूतहरू जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् नागितसँग सोधे —

"भो नागित ! अहिले वहाँ भगवान् गौतम कहाँ बस्नु भएको छ ? हामीहरू वहाँ भगवान् गौतमको दर्शन गर्न चाहन्छौं ।"

"आवुसो ! अहिले भगवान्‌को दर्शन गर्ने समय होइन । भगवान् अहिले ध्यानमा हुनुहुन्छ ।"

अनि ती कोशल र मगधका ब्राह्मण दूतहरू, "वहाँ भगवान् गौतमको दर्शन गरेर नै जानेछौं" भनी एक छेउमा बसे ।

---

१ आनन्द महास्थविर, भगवान्‌को नित्य उपस्थाक (सेवक) हुनु अगाडि (१) नागसमाल, (२) नागित, (३) उपवान, (४) सुनक्खत्त, (५) चुन्दसमणुद्देस, (६) सागत र (७) मेघीय स्थविरहरू समय समयमा उपस्थाक भएका थिए । दी. नि. अ. क. I. पृ. २७८ः महापदानसुत्तं ।

त्यस बेला ओट्ठद्ध[1] (अर्धोष्ठ) लिच्छवी महत्‌लिच्छवी परिषद्सँग महावनको कूटागार शालामा गई जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् नागितसँग सोधे —

"भन्ते नागित ! अहिले वहाँ भगवान् अरहत सम्यक् सम्बुद्ध कहाँ बस्नु भएको छ ? हामी वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्न चाहन्छौं ।"

"महालि ! (ओट्ठद्ध) अहिले भगवान्‌को दर्शन गर्ने समय होइन । भगवान् अहिले ध्यानमा हुनुहुन्छ ।"

ओट्ठद्ध लिच्छवी पनि "वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गरेर नै जाने छु" भन्दै त्यहीं नै एक छेउमा बसे ।

त्यस समय सीह समणुद्देस[2] जहाँ आयुष्मान् नागित हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान् नागितलाई अभिवादन गरी एक छेउमा उभिइरहे । एक छेउमा उभिइरहेका सीह समणुद्देसले आयुष्मान् नागितसँग निवेदन गरे —

---

१. आधा ओठ भएको हुनाले 'ओट्ठद्ध' 'ओष्ठार्ध' भनिएको हो । अ. क. पृ. २१९

२. सीह समणुद्देस (=श्रामणेर) नागित भिक्षुकै उपाध्यायत्वमा ७ वर्षको उमेरमै प्रव्रजित भएका नागित भिक्षुकै भान्जा हुन् । अ. क. I. पृ. २१९

"भन्ते कश्यप[1] ! यी कोशलका र मगधका ब्राह्मण दूतहरू भगवान्को दर्शनार्थ यहाँ आएका छन् । ओट्ठद्ध लिच्छवी पनि महत् लिच्छवी परिषद्का साथ भगवान्को दर्शनार्थ यहाँ आएका छन् । भन्ते कश्यप ! यिनीहरूले भगवान्को दर्शन पाए बेश हुन्थ्यो ।"

"सीह ! त्यसोभए तिमीले नै भगवान्सँग प्रार्थना गर ।"

"हवस्, भन्ते !" भनी सीह समग्गुद्देस आयुष्मान् नागितको कुरा सुनी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा उभिए । एक छेउमा उभिइएका सीह समणुद्देसले भगवान्सँग बिन्ति गरे —

"भन्ते ! यी कोशलका र मगधका केही ब्राह्मण दूतहरू भगवान्को दर्शनार्थ यहाँ आएका छन् । ओट्ठद्ध लिच्छवी पनि भगवान्को दर्शनार्थ महत् लिच्छवी परिषद्का साथ यहाँ आएका छन् । भन्ते ! यिनीहरूले भगवान्को दर्शन पाए बढिया हुन्थ्यो ।"

"सीह ! त्यसो भए विहारको छायामा आसन बिच्छ्याऊ ।"

"हवस्, भन्ते !" भनी सीह श्रमणुद्देसले भगवान्को आज्ञा सुनी विहारको छायामा आसन बिच्छ्याए ।

अनि भगवान् विहारबाट निस्कनु भई बिच्छ्याइराखेको आसनमा बस्नु भयो । ती कोशलका र मगधका ब्राह्मण दूतहरू पनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुराकानी

१. कश्यप गोत्र । अ. क. पृ. २१९

गरिसकेपछि एक छेउमा बसे । ओट्ठद्ध लीच्छवी पनि महत् लिच्वछी परिषद्का साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे ।

दिव्य रूप र शब्द

एक छेउमा बसेका ओट्ठद्ध लिच्छवीले भगवान्सँग यस्तो बिन्ति गरे —

"भन्ते ! केही दिन अघि सुनक्खत्त लिच्छवी मकहाँ आई मलाई यसो भने – 'हे महाली ! जुन दिनदेखि म भगवान्को आश्रयमा बसें–करीब तीन वर्षसम्म–मैले केवल प्रियंकर, कामूपसंहित, रजनीय दिव्यरूपहरू मात्र देखें; परन्तु प्रियंकर, कामूपसंहित, रजनीय दिव्य-शब्दहरू सुनिन ।' भन्ते ! सुनक्खत्त लिच्छवीले प्रियंकर, कामूपसंहित, रजनीय दिव्य-शब्दहरू भएर पनि सुन्न न सकेका हुन् कि अथवा न भएर सुन्न न सकेका हुन् ?"

"महालि ! सुनक्खत्त[1] (सुनक्षत्र) लिच्छवीले प्रियंकर, कामूपसंहित, रजनीय दिव्य-शब्दहरू भएर पनि सुन्न न सकेको हो; न भएर होइन ।"

"भन्ते ! के हेतु, के प्रत्यय हो त जो कि सुनक्खत्त लिच्छ-

---

१. सुनक्खत्त लिच्छवी भिक्षुछँदा दिव्य-रूप हेर्ने ध्यान गरेका थिए र दिव्य-रूप हेर्न सक्ने पनि भएका थिए । उनले

चीले…दिव्य-शब्दहरू भएर पनि सुन्न न सकेका ?"

a (क) "महालि ! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्यहरू हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर पूर्व दिशाको दिव्य-शब्दहरू सुन्न सक्ने समाधि भाविता भने गरेको हुन्न। उसले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने एकाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-रूपहरू हेर्छ तर पूर्व दिशाको दिव्य-शब्दहरू सुन्न सक्दैन। सो किन भने ? – महालि त्यो त्यस्तै हुन्छ। सो भिक्षुले पूर्व दिशाको दिव्य-रूपहरू मात्र हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुँदा, उसले पूर्व दिशाको दिव्य-रूपहरू मात्र हेर्न सक्छ तर पूर्व दिशाको दिव्य-शब्दहरू सुन्न सक्दैन।

a (ख) "महालि ! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा…पश्चिम दिशा…उर्ध्व दिशा…अधो दिशा…र अनुदिशाको दिव्यरूपहरू हेर्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर दक्षिण–पश्चिम–उत्तर–उर्ध–अधो र अनुदिशाको दिव्य-शब्दहरू सुन्न सक्ने समाधि भाविता गरेको हुन्न। उसले दक्षिण दिशा…अनुदिशाको दिव्य रूपहरू हेर्ने एकाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा…अनुदिशाको दिव्य-रूपहरू हेर्छ तर दक्षिण दिशा…अनुदिशाको दिव्य शब्दहरू सुन्न सक्दैन।

b (क) "महालि ! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्य-

● दिव्य-शब्द सुन्ने इच्छा गरे तर सुन्न न सकेको हुँदा बुद्धप्रति द्वेषभावराखी चीवर छाडी ओट्ठद्ध लिच्छवीकहाँ गई उपरोक्त कुरा सुनाएका हुन्। अ. क. पृ. २२०

शब्द सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर पूर्व दिशाको दिव्य-रूपहरू हेर्न सक्ने समाधि भाविता गरेको हुन्न। उसले पूर्व दिशाको दिव्य-शब्द सुन्ने एकाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-शब्दहरू सुन्छ तर पूर्व दिशाको दिव्य रूपहरू हेर्न सक्दैन। सो किन भने?— महालि! त्यो त्यस्तै हुन्छ। सो भिक्षुले पूर्व दिशाको दिव्य शब्दहरू मात्र सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुँदा, उसले पूर्व दिशाको दिव्य-शब्दहरू मात्र सुन्न सक्छ, तर पूर्व दिशाको दिव्य-रूपहरू हेर्न सक्दैन।

b "(ख) महालि! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा... पश्चिम दिशा...उत्तर दिशा...उर्ध दिशा...अधो दिशा...र अनुदिशाको दिव्य-शब्द सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुन्छ तर दक्षिण–पश्चिम उत्तर–उर्ध–अधो र अनुदिशाको दिव्य-रूपहरू देख्ने समाधि भाविता गरेको हुन्न। उसले दक्षिण दिशा...अनुदिशाको दिव्य शब्दहरू सुन्ने एकाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा...अनुदिशाको दिव्य-शब्दहरू सुन्छ तर दक्षिण दिशा...अनुदिशाको दिव्य-रूपहरू देख्न सक्दैन। सो किन भने? — महालि! त्यो त्यस्तै हुन्छ। सो भिक्षुले दक्षिण दिशा... अनुदिशाको दिव्य-शब्दहरू मात्र सुन्ने एकाङ्गी समाधि भाविता गरेको हुँदा, उसले दक्षिण दिशा...अनुदिशाको दिव्य-शब्दहरू मात्र सुन्न सक्छ तर दक्षिण दिशा...अनुदिशाको दिव्य रूपहरू हेर्न सक्दैन।

c (क) "महालि! यहाँ कुनै भिक्षुले पूर्व दिशाको दिव्य-रूहपरू हेर्ने र दिव्य शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता

गरेको हुन्छ उसले पूर्व दिशाको दिव्य-रूपहरू हेर्ने र दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधिको भाविता गरी पूर्व दिशाको दिव्य-रूपहरू हेर्छ, दिव्य-शब्दहरू पनि सुन्छ। सो किन भने ?—महालि त्यो त्यस्तै हुन्छ। सो भिक्षुले पूर्व दिशाको दिव्य रूपहरू हेर्ने र दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुँदा, उसले पूर्व दिशको दिव्य रूप-हरू हेर्न सक्छ, दिव्य शब्दहरू पनि सुन्न सक्छ।

C (ख) "महालि ! "फेरि, कुनै भिक्षुले दक्षिण दिशा··· पश्चिम दिशा···उत्तर दिशा···उर्ध दिशा ···अधो दिशा···र अनुदिशाको दिव्य-रूपहरू हेर्ने दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुन्छ। उसले दक्षिण दिशा···अनुदिशाको दिव्य-रूपहरू हेर्ने, दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधिको भाविता गरी दक्षिण दिशा···अनुदिशाको दिव्य-रूपहरू हेर्छ, दिव्य-शब्दहरू पनि सुन्छ। सो किन भने ?—महालि ! त्यो त्यस्तै हुन्छ। सो भिक्षुले दक्षिण दिशा···अनुदिशाको दिव्य-रूपहरू हेर्ने, दिव्य-शब्दहरू सुन्ने उभयाङ्गी समाधि भाविता गरेको हुँदा, उसले दक्षिण दिशा···अनुदिशाको दिव्य-रूपहरू हेर्न सक्छ, दिव्य-शब्दहरू पनि सुन्न सक्छ।

"महालि ! यही नै हेतु हो, यही नै प्रत्यय हो जसले गर्दा सुनक्खत्त लिच्छवीले भएकै दिव्य शब्दहरूलाई सुन्न सकेन, न भएकोले होइन।"

उत्तरोत्तर-धर्महरू

"भन्ते ! के यिनै समाधिहरूलाई साक्षात्कार गर्न भिक्षुहरू भगवान्‌कहाँ ब्रह्मचर्य पालन गर्छन् ?"

"महालि ! मकहाँ भिक्षुहरू यिनै समाधिहरूलाई साक्षात्कार गर्न ब्रह्मचर्य पालन गर्दैनन् बलिक यी भन्दा उत्तरोत्तर, प्रणीततर-धर्म-हरूछन् जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।"

"भन्ते ! ती उत्तरोत्तर, प्रणीततर-धर्महरू कुन् हुन् त ? जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू भगवान्‌कहाँ ब्रह्मचर्य पालन गर्छन् ?"

(१) "महालि ! यहाँ, भिक्षुहरू तीनै संयोजनहरू[1] परिक्षीण गरी स्रोतापन्न भई अविनिपाती र निश्चित सम्बोधिपरायण हुन्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

(२) "महालि ! यहाँ भिक्षुहरू, तीनै संयोजनहरू परिक्षीण गरी राग, द्वेष, मोहलाई निर्बल पारी सकृदागामी हुन्छन्, एकपल्ट मात्र यसलोकमा आई दुःखान्तगर्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

(३) "महालि ! "फेरि, यहाँ भिक्षुहरू, पाँचै अधोभागीय[2]

---

१. सत्कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्श-संयोजन ।

२. सत्काय दृष्टि, वीचिकित्सा, शिलव्रतपरामर्श, कामच्छन्द र व्यापाद-संयोजन ।

संयोजनहरू परिक्षीण गरी औपपातिक[1] हुन्छन्, त्यहीं नै परिनिर्वाणगामी हुन्छन्, त्यसलोकबाट पुनः यसलोकमा आउन्नन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

(४) "महालि ! "फेरि, यहाँ भिक्षुहरू, आस्रवक्षय गरी अनास्रव भई, चित्तविमुक्ति, प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं अभिज्ञान साक्षात्कार गरी बस्छन् । महालि ! यो पनि उत्तरोत्तर, प्रणीततर-धर्म हो, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।

"महालि ! यिनै ती उत्तरोत्तर, प्रणीततर-धर्महरू हुन्, जसको साक्षात्कार गर्ने हेतुले भिक्षुहरू मकहाँ ब्रह्मचर्य पालन गर्छन् ।"

उही जीव-उही शरीर

"महालि ! एक समय, म कौशम्बीको घोषितारामभा बसेको थिएँ । त्यहाँ दारुपत्तिक (दारु पत्रिक) परिव्राजकको अन्तेवासी— मुण्डिय र जालिय भन्ने दुइजना परिव्राजकहरू—मकहाँ आई, मलाई सम्मोदन गरे । सम्मोदनीय कुराकानी गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिइएका ती परिव्राजकहरूले मसँग यस्तो सोधे —

"आवुसो गौतम ! उही जीव, उही शरीर हो कि; अर्कै जीव, अर्कै शरीर हो ?"

---

१. ब्रह्मलोकगामी ।

"आवुसो ! त्यसो भए सुन, राम्ररी मन लगाऊ, म भन्दछु ।"

"हवस्" भनी ती परिव्राजकहरूले प्रत्युत्तरदिएपछि मैले यसो भने—

"आवुसो ! यहाँ, तथागत अरहत् सम्यक् सम्बुद्ध लोकमा उत्पन्न हुन्छ । तथागतले देवसहित मनुष्यलाई…धर्मोपदेश गर्छ[1] । बुद्धको धर्मोपदेश सुनी…गृहपति वा गृहपति पुत्र प्रव्रजित हुन्छ । प्रव्रजित भई शीलसम्पन्न भई…प्रथम ध्यान प्राप्त गरी बस्छ । जो भिक्षुले यो प्रथम ध्यान जान्दछ, देख्दछ; के उसले —'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य (= शिक्षाप्रद) हुन्छ ?"

"आवुसो गौतम ! जो भिक्षुले यो प्रथम ध्यान जान्दछ, देख्दछ, उसले—'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य (=शिक्षाप्रद) हुन्छ ।"

"आवुसो ! मैले पनि यो प्रथम ध्यान जान्दछु, देख्दछु तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्दिन । फेरि सो भिक्षुले द्वितीय ध्यान…तृतीय ध्यान…तथा चतुर्थ ध्यान प्राप्त गरी बस्छ । जो भिक्षुले यो चतुर्थ ध्यान जान्दछ, देख्दछ;

---

१. यस ठाउँका जम्मै कुराहरू 'बुद्धकालीन ब्राह्मण' पृ २५६ देखि २७६ सम्म उल्लेख भएको हुँदा त्यहीं हेर्नू र अरू कुराहरू सामञ्ञफल सूत्रमा उल्लेख भएको जस्तै यहाँ पनि बुझ्नुपर्छ ।

के उसले—'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य (= शिक्षाप्रद) हुन्छ ?"

"आवुसो गौतम ! जो भिक्षुले यो द्वितीय···तृतीय···तथा चतुर्थ ध्यान जान्दछ, देख्दछ; उसले—'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ।"

"आवुसो ! मैले पनि यो द्वितीय···तृतीय···तथा चतुर्थ ध्यान जान्दछु, देख्दछु तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्दिन। फेरि सो भिक्षुले, चित्त परिशुद्धभए पछि···ज्ञानदर्शनार्थ चित्त लगाउँछ,···आस्रवक्षय-ज्ञानमा चित्त लगाउँछ···'यो आस्रव हो, यो आस्रव समुदय हो, यो आस्रव निरोध हो, यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थत अवबोधगर्छ। अनि···कामास्रव, भवास्रव, अविद्यास्रवबाट उसको चित्त विमुक्त हुन्छ। विमुक्त भएपछि उसले 'जाति (जन्म) क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नु पर्ने गरिसकें, अब उप्रान्त पुनः यहाँ आउनुपर्ने हेतु छैन' भनी ज्ञान अवबोध गरी निर्वाण साक्षात्कार गर्छ। जो भिक्षुले निर्वाण जान्दछ, देख्दछ; के उसले—'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ ?"

"आवुसो गौतम ! जो भिक्षुले ··· निर्वाण जान्दछ, देख्दछ; उसले—'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भनी भन्नु कल्य हुन्छ।"

"आवुसो ! मैले पनि ··· निर्वाण जान्दछु, देख्दछु तर म, 'उही जीव हो, उही शरीर हो अथवा जीव भिन्नै, शरीर भिन्नै हो' भन्दिन !"

भगवान्‌को यति कुरा सुनी सन्तुष्ट भएका ओट्ठद्ध[1] लिच्छवीले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

—✶—

१. ओट्ठद्ध लिच्छवी आत्मदृष्टिक थिए । उनले भगवान्‌द्वारा माथि सुनाइएका मध्यममार्गको उपदेशलाई राम्ररी बुझ्न सकेनन् । अनि भगवान्‌ले ओट्ठद्धको मनोभाव बुझ्नुभई दृष्टि सम्बन्धी कुरा सुनाउनकोलागि प्रस्तुत उदाहरण दिनु भएको हो । यी उदाहरणात्मक उपदेश सुनी ओट्ठद्ध लिच्छवी प्रसन्न भएर गए । अ. क. पृ. २२३

७. राजा उदेन

परिचय

पालि बौद्ध साहित्यमा पाइने राजाहरूमध्ये, कोशल राज्यको दक्षिणपट्टि, यमुना नदीको किनारमा वंश वा वत्स राज्यको[1] राजधानी कौशम्बी[2] थियो। त्यहाँ परन्तप भन्ने राजाले राज्य गर्दथे। यिनकै छोराको नाम राजा उदेन (उदयन) हो। यिनैको नाम पालि सूत्र तथा अर्थकथाहरूमा सम्मुल्लेख भएको पाइन्छ।

कौशम्बी नगर

कौशम्बी नगरको जताततै कोसम्ब वृक्षहरू (Margossa Trees) ले सुशोभित भएको हुनाले कौशम्बी भन्ने नामकरण भएको हो अथवा कुसम्ब भन्ने तापस बस्ने आश्रमको आसपासको नगर भएकोले

---

१. D. P. P. II. पृ.७९८

२. प्राचीन कौशम्बीलाई वर्तमान भारतको इलाहाबादबाट करीब ३० माइल पश्चिम यमुना नदीको किनारस्थित 'कोसम' भन्ने गाउँ निर्धारण गरिएको छ। G. D. पृ ९६

पनि कौशम्बी भनिएको हो[१]।

कौशम्बी नगरको महत्व सम्वन्धी सविस्तर कुराहरू पालि साहित्यमा उपलब्ध नभएता पनि जे जति उपलब्ध भएका छन् त्यतिले पनि हामी कौशम्बी नगरको महत्व बुझ्न सक्छौं।

भगवान्‌को परिनिर्वाण हुने समय नजिक आउन थालेपछि भगवान्‌का परमभक्त आयुष्मान् आनन्दले भगवान्‌लाई कौशम्बीमा परिनिर्वाण हुनु भए पनि बेश हुन्थ्यो भनी वहाँको ध्यानाकर्षण गर्नु भएको कुराबाट पनि कौशम्बीको महत्ता बुझ्न सकिन्छ[२]।

कौशम्बीमा, कौशम्बीका घोषक सेठले बनाएको घोषकाराम, कुक्कुट सेठले बनाएको कुक्कुटाराम तथा पावारिय सेठले बनाएको पावारिकाराम सहित तीन आरामहरू थिए[३]। घोषितारामबाट करीब १ गाउत जति पर बदरिकाराम[४] भन्ने विहार पनि थियो। यसै स्थानमा भगवान्‌ले राहुल (भगवान्‌को पुत्र, श्रमण) लाई अनेक उप-

---

१. म. नि. अ. क. II. पृ. ३२४ : कोसम्बकसुत्तं।

२. दी. नि. II. पृ. ११३ : महापरिनिब्बानसुत्तं।

३. धम्म. अ. क. पृ. १०३ : मरणपरिदीपन, उदेनवत्थु; पपञ्च-सूदनी II. पृ. ३२७ : कोसम्बकसुत्तं।

४. सं. नि. II. पृ. ३४६ : खेमकसुत्तं; अ. क. II. पृ. २३०

देशहरू दिनु भएको थियो[1]। कौशम्बीबाट वाराणशीलाई ३० योजन पर्दछ[2]। श्रावस्ती नगर, राजगृह तथा उज्जैनको बीच बाटोमा पर्ने भएकोले[3] आवतजावत गर्ने मानिसहरू सबैजसो कौशम्बीमा वास बस्दथे। राजगृहबाट कौशम्बी जाने थलमार्ग भए जस्तै[4] जलमार्ग पनि भएको कुरा बुद्ध परिनिर्वाण पछि आयुष्मान् आनन्द राजगृहबाट डुँगामा बसी कौशम्बी जानु भएको[5] कुराबाट पनि प्रष्ट हुन्छ।

कौशम्बीमा नै बुद्ध भगवान्ने आफ्नो जीवनकालमा, आफ्ना शिष्य भिक्षुहरूबाट तीतो कुरा सुन्नु परेको थियो। कौशम्बीस्थित घोषिता-रामका केही भिक्षुहरूका बीच एक साधारण नियमको विषयमा मतभेद भएको थियो। यो कुरा चर्कंदा चर्कंदै भिक्षुहरूको परस्परमा बेमेल भयो। यसै बेलामा भगवान् बुद्ध स्वयंले भिक्षुहरूलाई मेलमिलाप भई बस्ने उपदेश दिनु हुँदा, केही भिक्षुहरूले बुद्ध भगवान्लाई "भन्ते! तपाइ आफ्नो विमुक्तिसुख अनुभव गरी चुप लागेर बस्नुहोस्। यसबारे जे गर्नु पर्ने हो सो हामी नै गर्नेछौं" भन्ने समेत कुरा सुनाएका थिए।

---

१. तिपल्लत्थमिगजातकं, जा. अ. क. I. पृ. १२४, नं. १६ र, तित्तिरजातकं, जा. अ. क. III. पृ ४५, नं. ३१९

२. अं. अ. क. I. पृ. १७० : वक्कुलकथा।

३. महा. व. पृ. २९५ : पज्जोतराजवत्थु; हेर. बु. गृ. पृ. ३८२

४. चुल्ल. व. पृ. २८३ : देवदत्तावत्थु।

५. चुल्ल. व. पृ. ४१२ : ब्रह्मदण्डकथा।

यसै घटनाले गर्दा बुद्ध भगवान् एक दिन, सुटुक्क निस्कनु भई पारिलेय्य वनमा जानु भएको थियो[1]। यही कौशम्बीमा बसिरहँदा देवदत्त भिक्षुले अजातशत्रु राजकुमारलाई आफ्नो हातमा लिई सङ्घभेद गर्ने जस्तो कुभावना सर्वप्रथम यहीं नै चिताएका थिए[2]।

तीन अग्रमहिषीहरू

एक दिन, रातो कम्बल ओढेकी गर्भिणी महारानीका साथ घाम तापी कौशम्बीका परन्तप राजा कौसीमा बसिरहेको बेलामा हस्तिलिङ्ग (पक्षि विशेष) भन्ने सकुणले गर्भिणी महारानीलाई, मासुको डल्लो सम्झी टिपेर हिमालयतिर लगी एक रुखको कापमा राख्यो । अनि गर्भिणी महारानीले हस्तिलिङ्ग सकुणलाई भगाइन् । सोही रुखको कापमा बसी सूर्योदयको समयमा महारानीले छोरा जन्माइन् । यस समयमा जन्मेको हुनाले राजकुमारको नाम 'उदेन' (उदयन) भन्ने रहन गएको हो । अल्लकप्प भन्ने तापसले महारानीलाई देखेर उनीद्वारा उनको बारेमा सबै वृतान्त कुरा थाहा पाए पछि आफ्नै आश्रममा लगी उनीहरूको भरण-पोषण गरे । पछि यी रानीले तापसको ब्रह्मचर्य व्रत पनि भङ्ग गरिदिइन् ।

१. महा. व. पृ. ३६८–३८३ : कोसम्बकक्खन्धकं; धम्म. अ. क. पृ. २६ : कोसम्बकवत्थु; जा. अ क. IV. पृ. ४ : कोसम्बिजातक, नं. ४२८; सं नि. II. पृ. ३१९ : पालिलेय्यसुत्तं, अ. क. II. पृ. २२२; उदा पृ. ११० : नागसुत्तं, अ. क. पृ. १७४

२. चुल्ल. व. पृ. २८३ : देवदत्तवत्थु ।

एक दिन अल्लकप्प तापसले कौशम्बीका राजा परन्तपको देहान्त भएको खबर सुनाए पछि रानीले सो राजा आफ्नो पति हुन् भन्ने कुरा बताइन् । अनि तापसकै सहायता प्राप्त गरी उदेन राजकुमारले हस्तिलिङ्ग वीणा र हस्तिकन्त मन्त्रको बलले हात्तीहरूका बथान लिई कौशम्बीमा गई आफ्नो पैतृक राज्य प्राप्त गरे । राजदरवारका मन्त्री भारदारहरूले, राजकुमारद्वारा प्रस्तुत गरेको परन्तप राजाको औंठी र रातो कम्बल देखेपछि 'परन्तप राजाका छोरा हुन्' भन्ने निश्चय गरी, राजकुमारलाई राज्याभिषेक दिए । यस प्रकार उदेन राजकुमार आफ्नो पैतृक राज्य प्राप्त गरी राजा भए[1]।

१—वासुलदत्ता

उदेन राजाले हस्तिकन्त मन्त्रद्वारा हात्तीहरूलाई दमन गर्न सक्छन् भन्ने कुरा अवन्ती देशका उज्जैन राजा चन्द्रप्रद्योतले सुने । अनि उनले सो मन्त्र सिक्नको लागि उदेन राजालाई समात्ने विचार गरे । यसै विचारलाई साकार तुल्याउन राजाले एक काष्ठमय यान्त्रिक हात्ती बनाई त्यसैको प्रलोभन देखाई उदेन राजालाई समात्ने षडयन्त्र रचे । अनि राजाले सेतो रंग लगाएको विशाल काष्ठमय यान्त्रिक हात्ती बनाउन लगाई त्यस भित्र ६० जवान मानिसहरू राखी, जङ्गलमा पठाए । यो कृत्रिम हात्तीलाई देख्ने जति सबैले साँच्चैको हात्ती ठान्दथे ।

---

१. यसबारेको सविस्तर कुरा धम्म. अ. क. पृ ८२ मा उदेनवत्थुमा समुल्लेख भएको छ ।

एक दिन, एक वनचरले सो हात्तीलाई देखेपछि तुरुन्तै उदेन राजालाई बिन्ति गर्न गयो। उसको कुरा सुनी हात्ती समात्नकोनिमित्त राजा जङ्गलमा गए। हस्तिकन्त वीणा र हस्तिकन्त मन्त्रद्वारा हात्तीलाई बोलाउँदा कृत्रिम हात्ती उल्टो जङ्गल भित्र पसेको देखी राजा विष्मित भई सेनाका साथ हात्तीलाई लखेट्दै जङ्गल भित्र पस्दा सेनाहरू जम्मै पछाडि परी आफू एक्लै जङ्गल भित्र पर्न गए। यही मौका छोपी चन्द्रप्रद्योत राजाका सेनाले घेरा भित्र पारी उदेन राजालाई समाती प्रद्योत राजाकहाँ लगेर थुने। यसको खुशियालीमा मदिरा पान गरी प्रद्योत राजाले दिन बिताउन थाले।

अनि उदेन राजाले "वीर राजाहरूले कुनै राजालाई समाती कुनै कार्यवाही नगरी, त्यसै थुनामा राखी मद्यपान गरी बस्दैनन्। समातेको राजालाई यात मार्नुपर्छ, यात छाडि दिनुपर्छ" भनी भनेको सुनी प्रद्योत राजाले 'हस्तिकन्त मन्त्र सिकाइ दिएमा छाडि दिनेछु" भन्ने कुरा सुनाए। उदेन राजाले पनि "मलाई ढोगेमा मात्र मन्त्र सिकाइ दिनेछु" भन्ने जवाफ दिए। यो कुरा सुनी आफूले ढोग्दा इज्जतै जाने हुनाले "जसले ढोग्दछ उसलाई सिकाइ दिन सक्छौ कि सक्दैनौ?" भनी प्रद्योत राजाले सोध्दा, उदेन राजाले 'सक्छु' भने। त्यसपछि प्रद्योत राजाले आफ्नी छोरी वासुलदत्तालाई मन्त्र सिक्न लगाई पछि उनीसंग आफूले सिक्ने विचार गरी "त्यसो भए पर्दा भित्र बसी एउटी लंगडीले ढोग्ने छ, उसैलाई मन्त्र सिकाइ देऊ" भन्दा उदेन राजाले "हुन्छ" भने। यसपछि आफ्नी छोरी वासुलदत्ताकहाँ गई राजाले भने —

"प्रिय छोरी ! एक श्वेतकुष्टी पुरुष छ । उ हस्तिकन्त मन्त्र जान्दछ । पर्दा भित्र बसी तिमीले उसँग मन्त्र सिक । पछि म तिमीसँग सिक्नेछु[१]।"

त्यसै अनुसार वासुलदत्ता राजकुमारीले पर्दा भित्र बसी पर्दा बाहिर बसेका उदेन राजासँग मन्त्र सिकिरहेको वेलामा, जति पढाए पनि वासुलदत्ताले कण्ठपार्न नसकेको कारणले गर्दा, पर्दा बाहिर बसेका उदेन राजाले एक दिन, "अरे लंगडी ! कति बाक्लो ओठ भएकी रहिछस् तँ त" भनी गालि गरे । अनि वासुलदत्ता रिसाउँदै भन्छिन्—"अरे दुष्ट कुष्टी ! म जस्ती सुन्दरीलाई पनि तँ लंगडी भन्छस् ।" यो सुन्ने बित्तिकै पर्दा हटाई हेर्दा उदेनले अत्यन्त सुन्दरी कुमारी पो देखे । अनि दुवैको परस्परमा प्रेम भयो र वहीं नै गान्धर्व विवाह पनि गरे ।

यस घटना पछि राज्यबाट दुवै भागेर जाने सल्लाह गरे । त्यसै अनुसार उदेन राजाले वासुलदत्तालाई कुरा सिकाए । अनि वासुलदत्ता प्रद्योत राजाकहाँ गई "महाराज ! मन्त्रको अन्तिम चरण पुग्दछ । मन्त्र सिद्धिकोलागि, नक्षत्र योग पर्ने वेलामा कुन बखत बाहिर जानुपर्ने हो सो कुरा भन्न सकिन्न । अतएव सरकारबाट हामीहरूलाई जुनसुकै वेलामा पनि जुनसुकै ढोकाबाट, जुनसुकै वाहन लैजाने आज्ञा दिइराख्नु भए वेश हुने थियो" भनी विन्ति गर्दा राजाले सोही अनुसार आज्ञा दिए ।

१. धम्म. अ. क. पृ. ९८ : वासुलदत्तायवत्थु ।

त्यस बखत चन्द्रप्रद्योत राजाको दरवारमा— दिनको ५० योजन हिड्न सक्ने भद्रवती भन्ने ढोई, दिनको ६० योजन हिड्न सक्ने काल भन्ने नोकर[1], दिनको १०० योजन दगुर्नसक्ने वेलकण्ठी र मुञ्जकेसी भन्ने घोडाहरू तथा दिनको १२० योजनसम्म हिड्न सक्ने नालागिरी भन्ने हात्ती समेत पाँच वाहनहरू थिए[2]।

एक दिन, चन्द्रप्रद्योत राजा क्रीडाकोलागि उद्यानमा गइरहेको मौका पारी उदेन राजा र वासुलदत्ता दुवै भद्रावती भन्ने ढोईमा चढी भागेर गए। यो कुरा सुनी चन्द्रप्रद्योतले उनीहरूलाई समात्न मानिसहरू पठाए। समात्न आएका मानिसहरूलाई उदेन राजाले प्रद्योत राजाको दरवारबाट ल्याएको सुन चाँदीहरू छरिदिए। मानिसहरू सुन चाँदी टिप्नपट्टि लागे। अन्तमा आफ्ना सेना भेट्टाई सुरक्षित रूपले उदेन राजा कौशाम्बी पुगे। त्यसपछि वासुलदत्तालाई ५०० स्त्री परिचारिका-हरू दिई अग्रमहिषी बनाए[3]।

२–श्यामावती

उदेन राजाको राज्यकालमा कौशाम्बी नगरमा घोषक, कुक्कुट र पावारिय भन्ने तीन जना महाधनीहरू थिए। यिनीहरूमध्ये घोषक

१. हेर बु. गृ. पृ. ३८२

२. धम्म. अ. क. पृ. ९९ : वासुलदत्तायवत्थु।

३. धम्म. अ. क. पृ. १०१

सेठको जन्म धम्मपदार्थकथानुसार कौशम्बीको एक गणिकाको कोखमा[1] भएको हो भन्ने उल्लेख छ तापनि पपञ्चसूदनी[2] अनुसार यिनको जन्म एक कुल घरानामा भएको कुरा उल्लेख भएको पाइन्छ ।

श्यामावती कुमारी अङ्ग राज्यको भद्रावती नगरको भद्रवतीय सेठकी छोरी थिई । उसको आमा बाबुहरूको देहान्त भएपछि उसलाई उसको मितबाबु हुने घोषक सेठले पुत्रीको रूपमा पालिराखेको थियो । पछि श्यामावतीको रूप सौन्दर्यता देखी उदेन राजाले उसलाई अग्रमहिषी बनाए[3]।

३–मागन्दिय

एक दिन बुद्ध भगवान् कुरु देशको कम्मासदम्म भन्ने निगममा भिक्षाटन गरी निगमको बाहिर पट्टि बस्नु भएको थियो[4] । त्यस बेला त्यसै निगमवासी मागन्दी भन्ने ब्राह्मणले भगवान्लाई देखी, वहाँको शारीरिक सौन्दर्यताद्वारा प्रभावित भई "आफ्नी छोरी मागन्दियलाई यिनै पुरुष सुहाउँछन्" भन्ने विचार गरे । त्यसै अनुसार हतार हतार गर्दै घरपुगी आफ्नी छोरीलाई वस्त्राभूषणहरू लगाउन लगाई, आफ्नी पत्नीलाई समेत लिई उनी बुद्धकहाँ गए । तर मागन्दीकी पत्नीले भगवान्

१. धम्म. अ. क. पृ. ८७ : उदेनवत्थु ।

२. II. पृ. ३२४ : कोसम्बकसुत्तं ।

३. धम्म. अ. क. पृ. ९७ : सामावतीवत्थु ।

४. अं. नि. अ. क. I. पृ. २३५: खुज्जुत्तरा ।

बुद्धको पैतालाको चिह्न भुइमा देखेर भनिन् – "भो स्वामी ! यी पुरुष भोगविलाषी होइनन्, यिनी त निक्लेशी हुन्, छोरी मागन्दियलाई यिनले स्वीकार पनि गर्ने छैनन् ।" अनि बुद्धका समक्ष पुगेपछि बुद्धको उपदेश सुनी दुवै स्त्री पुरुष भिक्षु भिक्षुणी भए[१] । छोरी मागन्दियलाई आफ्नै भाइ मागन्दिलाई सुम्पिदिए[२] । यस बेला जुन उपदेशहरू बुद्ध भगवान्ले मागन्दी ब्राह्मणहरूलाई दिनु भएको थियो, सो उपदेशद्वारा छोरी हुने मागन्दिय रिसाएकी थिई । बुद्धप्रति वैरभाव राखेकी थिई[३] । काका मागन्दीले भतिजी मागन्दियलाई पछि कौशम्बीमा लगी उदेन राजालाई अर्पित गरे[४] । मागन्दियको सुन्दरतामा मुग्ध भई राजाले स्वीकार गरी उसलाई पनि ५०० स्त्री परिचारिकाहरू दिई अग्रमहिषी नै बनाए ।

बुद्ध भगवान् कौशम्बीमा

कौशम्बीवासी घोषक, कुक्कुट र पावारिय भन्ने सेठहरू

---

१. सु. नि. अ. क. पृ. ४३६: मागन्दियसुत्तं ।

२. मागन्दीहरूको बारेमा दिव्यावदानमा 'मागन्दी' लाई 'माकन्दिका' परिव्राजक र उसकी छोरीलाई 'अनुपमा' तथा स्त्रीलाई 'साकली' भन्ने उल्लेख D. P. P. II. पृ. ५९४ को पाद टिप्पणीमा उल्लेख भएको छ ।

३ अं. अ. क. I. पृ. २३५; धम्म. अ. क. पृ. १०२: मागन्दियवत्थु ।

४. धम्म. अ. क. पृ. १०३

स्वभावत धर्मात्मा थिए। बुद्धलाई भेट्नु भन्दा अगाडि यिनीहरू जुनसुकै तापस सन्यासीहरूको पनि सेवा टहल गर्दथे। एक दिन यी सेठहरूद्वारा उपस्थान पाई बसिरहेका तापसहरूले "बुद्ध भगवान् श्रावस्तीमा बस्नु भएको छ" भन्ने खबर सुने। अनि तिनीहरू ती सेठहरूकहाँ गई "बुद्ध भगवान्को दर्शन गर्न श्रावस्ती जान्छौं" भनी खबर दिई सबै श्रावस्तीमा गए। "बुद्ध भगवान्" भन्ने नाम सुन्ने बित्तिकै घोषकादि सेठहरू पनि अति प्रसन्न भई भगवान्को दर्शन गर्न श्रावस्तीमा गए। श्रावस्तीमा यिनीहरूले बुद्ध सहित भिक्षुसङ्घलाई एक सातासम्म भोजन दान दिई, अनेक पुण्यकार्य गरी भगवान् बुद्धलाई कौशम्बीमा पाल्नुहुन निम्तो समेत दिई फर्केर आए।

कौशम्बी फर्किसके पछि यिनीहरूले बुद्ध भगवान्कोबारेमा धेरै मानिसहरूलाई कुरा सुनाई आ-आफ्ना उद्यानमा विहारहरू पनि बनाए[१]। भगवान् बुद्ध कौशम्बीमा पाल्नु भई यिनै तीनजना सेठहरूका घोषितादि विहारमा बस्नु भयो। घोषकादि तीनै सेठहरूले पनि बुद्धको उपस्थान गरे।

श्यामावती प्रति मागन्दियको ईर्ष्या

एक दिन यी सेठहरूका माली सुमन भन्नेले बुद्ध सहित भिक्षु-सङ्घलाई निम्त्याएको थियो। श्यामावती महारानीकी दाशी खुज्जु-

१. पपञ्चसूदनी II. पृ ३२६: कोसम्बकसुत्तं; धम्म. अ. क. पृ. १०३: उदेनवत्थु, मरणपरिदीपनी।

त्तराले यसैकहाँबाट दिनहुँ फूल किनी लैजान्थी। त्यस दिन सुमन मालाकारले खुज्जुत्तरालाई "आज मेरो घरमा बुद्ध भगवान् सहित भिक्षुसङ्घ पाल्नु हुनेछ, अतएव पछि मात्र फूल दिनेछु। तिमी पनि बुद्धको उपदेश सुनी जाऊ" भनी भन्दा, "हुन्छ' भनी खुज्जुत्तराले पनि बुद्धको उपदेश सुनी। भगवान्को उपदेश सुने पछि खुज्जुत्तरालाई धर्मावबोध भयो। यस भन्दा अघि उसले श्यामावती महारानीद्वारा पाइने आठ कार्षापणमध्ये केवल चार कार्षापणको मात्र फूल किनेर लैजाने गर्थी। किन्तु त्यस दिन उसले आठै कार्षापणको फूल किनेर लगी। श्यामावती महारानीले "आज किन फूल धेरै ल्याएको ? के मालाकार खुशी भई धेरै दियो कि क्या हो ?" भनी सोध्दा उसले "अरू दिन आठ कार्षापण मध्ये चारै कार्षापणको मात्र फूल किनेर ल्याउने गर्दथें, किन्तु आज बुद्ध भगवान्को उपदेश सुनी आठै कार्षापणको फूल किनेर ल्याएकी हुँ" भनी सत्य कुरा बताई। "बुद्ध" भन्ने नाम सुन्ने वित्तिकै महारानी सारै प्रसन्न तथा प्रफुल्लित भई, खुज्जुत्तरालाई आमाको स्थानमा राखी, गुरुमालाई झैं सम्मान समेत गरी रानीले खुज्जुत्तराद्वारा भगवान्को उपदेश सुनिन्। यसै गरी खुज्जुत्तरा उपासिकाले प्रतिदिन भगवान्कहाँ उपदेश सुनी महारानीलाई सो उपदेश सुनाउने गर्दथी[१]।

मागन्दिय महारानीले श्यामावतीको यस्तो प्रकृया देखी बुद्ध-प्रतिको रोस श्यामावतीमाथि पोख्दै, राजा उदेनलाई श्यामावतीको विरोधमा अनेक चुक्ली लगाइन्। मागन्दिय महारानीको कुरा सुनी

१. उदा. अ. क. पृ. २६८: उदेनसुत्तं; धम्म. अ. क. पृ. १०६

राजाले श्यामावतीमाथि अनेक शंका उपशंका गर्न थालेता पनि अन्तमा मागन्दियको कुराहरूमा कुनै तथ्य न देखी उल्टै उनको कुरा पत्याउन छाडे। तैं पनि सौतेनी स्त्रीको लीला चल्दै थियो। मागन्दियले आफूले गरेको काम एउटा पनि सफल पार्न नसकी उल्टो श्यामावतीकै काम र कुरामा राजाको विश्वास बढदै गएको देखी उनको मन झन् डाहले छट्पटिन थाल्यो। एक दिन मागन्दियले राजाको ज्यानमै खतरा आउने जस्तै रचना गरी देखाएको जालले गर्दा, राजा श्यामावतीमाथि अत्यन्त रिसाए। अनि क्रोधले श्यामावती सहित उनका सबै स्त्रीहरूलाई बाँणले हान्न लाग्दा, निर्जीव बाँणले पनि श्यामावती महारानीको गुण देखाएको घटना देखी, भयभीत भएका राजाले श्यामावतीकै पाउमा परी क्षमा मागे। यस बेला श्यामावती महारानीले राजालाई भगवान्को शरणमा गई भगवान्सँग क्षमा माग्ने सल्लाह दिइन्। राजा बुद्धको शरणमा गइसके पछि उनले बुद्ध सहित भिक्षुसङ्घलाई एक हप्तासम्म निस्तो गरी भोजन प्रदान गरे। त्यहाँदेखि राजाले श्यामावतीलाई दिनहुँ आफ्नो दरबारमा भिक्षु बोलाई उपदेश सुन्ने प्रवन्ध पनि मिलाई दिए[1]।

एक दिन, दरबारमा दिनहुँ उपदेश गर्न आउनु हुने आनन्द महास्थविरलाई श्यामावती महारानीले ५०० चीवरहरू प्रदान गरेको कुरा सुनी सो चीवरहरू सम्बन्धी उदेन राजाले सोधेको प्रश्नको उत्तर आनन्द

---

१. श्यामावती सम्बन्धी सविस्तरकथा धम्म. अ. क. पृ. १०९ मा समुल्लेख भएको छ।

महास्थविरबाट सुनी प्रसन्न भई राजाले पुनः वहाँलाई अरू ५०० चीवरहरू प्रदान गरे[१]।

आफूले रचेको षड्यन्त्रमा जति जति मागन्दिय रानी असफल भइन् उति उति नै उनको मुटु पोल्न थाल्यो। तै पनि उनले श्यामावती प्रतिको द्वेषभाव छाड्न सकिनन्। झन उत्तरोत्तर अनर्थ गर्न थालिन्।

एक दिन उदेन राजा क्रीडार्थ उद्यानमा गइरहेको मौका पारी आफ्नो काका मागन्दीलाई अह्राई श्यामावती महारानी बस्ने घरमा आगो लगाउन लगाई श्यामावती सहित उनका ५०० स्त्री परिचारिकाहरूलाई समेत भष्म पार्न लगाइन्[१]। यस कुराको समुल्लेख तल मूल सूत्रमा 'अनिष्फल मरण' भन्ने शीर्षकले दर्शाएको छ।

उद्यान-क्रीडा

एक दिन आयुष्मान् पिण्डोल भारद्वाज; गर्मीको याममा शीतल छाँयामा दिवा विहार गर्न उदेन राजाको रमणीय उदकपान[२] भन्ने उद्यानमा आई बस्नु भएको थियो। त्यस बखत उदेन राजा उद्यानमा साप्ताहिक मदिरापानका साथ अनेक रसरंग गरी बसेका थिए। अनि

१. धम्म अ. क. पृ. १११

२. सं. नि. अ क. III. पृ. २७; सुत्त. नि. अ. क. पृ. ४१५ मा 'उदकवन' भन्ने उल्लेख छ।

राजा एक स्त्रीको काखको सिरान गरी निदाए । राजा निदाएको देखी स्त्रीहरू उद्यानतिर डुल्न थाले ।

त्यस समयमा उनीहरूले आयुष्मान् पिण्डोल भारद्वाजलाई एक रुखमनी बसेको देखी त्यहाँ गई वहाँको उपदेश सुने । उता दाशीको काखको सिरान गरी सुती रहेका राजालाई दाशीले बिउँझाई । राजाले आफू एक्लै देखी "अरू स्त्रीहरू कहाँ गए ?" भनी सोध्दा, सो दाशीले "अमुक रुखमनी अमुक भिक्षु बसेको ठाउँमा गएका छन्" भनी भनी । राजा दाशीहरूप्रति मात्र न भई आयुष्मान् पिण्डोल भारद्वाज प्रति पनि रुष्ठ भए । अनि रीसको झोकमा आखाँले केही न देखी, एक रुखमा भएको धमिराको गोलो आयुष्मान् पिण्डोल भारद्वाजमाथि फाल्न जाँदा उल्टै आफ्नै आँङ्भरी सो गोलो पऱ्यो । आयुष्मान् पिण्डोल भारद्वाज आकाशमार्गद्वारा जानु भयो ।

यस्तो कार्य देखी राजालाई सबै स्त्रीहरूले निन्दा गरे । अनि राजाले उद्यानपालसँग सोध्दा उद्यानपालद्वारा—"पहिले पहिले पनि आयुष्मान् पिण्डोल भारद्वाज त्यहाँ आई बस्नुहुन्थ्यो" भन्ने कुरा सुनी राजाले आफ्नो भूल स्वीकार गर्दै, उद्यानपाललाई "फेरि वहाँ उद्यानमा आउनु भएमा मलाई खबर देऊ" भनी आज्ञा दिए । अनि एक दिन आयुष्मान् पिण्डोल भारद्वाज सोही स्थानमा आउनु भएको बेलामा उद्यानपालले राजालाई खबर पठाए पछि राजा उदेन आयुष्मान् पिण्डोल भारद्वाजकहाँ गई "भन्ते ! कसरी युवकहरू भिक्षु भएर बस्न सकेका ?" भन्ने इत्यादि प्रश्नहरूको उत्तर वहाँबाट सुनी राजा प्रसन्न भई बुद्धको शरणमा गएको

कुरा[1] तल सूत्रमा पनि समुल्लेख भएको छ। अर्को एक दिन, भगवान् परिनिर्वाण भइसके पछि, उदेन राजा त्यस्तै उद्यान क्रीडा गरिरहेको बेलामा आफ्ना साथमा भएका रनिवास-स्त्रीहरूले आयुष्मान् आनन्दलाई ५०० चीवरहरू प्रदान गरेको देखी, आफूले पनि ५०० चीवरहरू प्रदान गरेको कुरा तल "चीवरदान" भन्ने शीर्षकको मूल पालिले नै प्रष्ट देखाएको छ।

परिवारहरू

उदेन राजाको बोधिराजकुमार भन्ने एक छोरा भएको कुरा वेनसाख जातकमा[2] समुल्लेख भएको पाइन्छ। अरू कुनै पनि परिवारहरूकोबारेमा पालि साहित्यमा समुल्लेख भएको कुरा भेट्टिएको छैन। पेतवत्थु अर्थकथामा[3] उदेन राजाले आफ्नो महामात्य मरे पछि उनकै छोरालाई महामात्य पदमा राखिदिएको कुरा उल्लेख भएको पाइन्छ।

एक दिन भगवान्ले बुढी भएकी भद्रावती भन्ने ढोईलाई पालन नगरी छाडी दिएको प्रसंगमा उदेन राजालाई भगवान् बुद्धले "काम

१. सु नि. अ. क. पृ. ४१५: गुहट्ठकसुत्तं; सं. नि. अ. क. III. पृ. २७: भारद्वाजसुत्तं; जा. अ. क-V. पृ. ७५: मातङ्गजातकं, नं. ४९७

२. जा. अ. क. III. पृ. १०९, नं. ३५३

३. पृ. १०२: उत्तरमातु पेतवत्थु।

दिन सकुञ्जेल काम लिई, काम दिन नसक्ने अवस्थामा बेवास्ता गर्नु उचित छैन, बल्कि उसले अघि गरेको गुणलाई ध्यानमा राखी पालन नै गर्नु योग्य हुन्छ" भनी भन्नु भई पुनः भद्रावती ढोईलाई पालन गर्न लगाउनु भएको कुरा दल्हधम्म जातकबाट[1] प्रष्ट भएको छ ।

उदेन राजालाई वज्जी राजा पनि भनिन्छ भनी उदान अर्थकथामा[2] समुल्लेख भएको छ । उदेन राजाको अरू कुराहरू तलका सूत्रहरूबाट प्रष्ट हुने नै छ । सूत्रहरू तथा अर्थकथाहरूको अध्ययनबाट उदेन[3] (उदयन) राजा बुद्धको शरणमा गएका भएता पनि उनी दृढ श्रद्धालु उपासक जस्तै थिएनन् भन्ने कुराको अवबोध हुन आउँछ ।

× × ×

---

१. जा. अ. क. III. पृ. २७१, नं. ४०९

२ पृ. २६८: उदेनसुत्तं ।

३. उदेन राजा र वासुलदत्ता महारानीकोबारेमा बृहत्कथा, कथासरित्सागर, रत्नावली र श्रीहर्षको प्रियदर्शीका भन्ने ग्रन्थहरूमा समुल्लेख भएको छ भन्ने कुरा भौगोलिक शब्दकोषमा उल्लेख भएको छ । यसै शब्दकोषमा उदेन राजाले सर्वप्रथम ५ फीट अग्लो श्रीखण्डको बुद्धमूर्ति बनाएका र दोश्रो मूर्ति प्रसेनजित कोशल राजाले सूनको बनाएका थिए भन्ने पनि उल्लेख भएको छ । यी दुवै बुद्धकालीन राजाहरू हुन् । फाहियानले प्रसेनजित कोशल राजाले गोशीर्ष चन्दनको पनि बुद्धरूप बनाएका थिए भन्ने कुरा पनि यसै शब्दकोषमा उल्लेख भएको छ । G. D. पृ. ९७

मूल सूत्र :—

१–तरुण भिक्षुहरू

एक समय आयुष्मान् पिण्डोल भारद्वाज कौशम्बीस्थित घोषितारामका बस्नु भएको थियो[१]।

एक दिन उदेन (उदयन) राजा जहाँ आयुष्मान् पिण्डोल भारद्वाज हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् पिण्डोल भारद्वाजसँग सम्मोदन गरे। सम्मोदनीय कुराकानी सिद्धिए पछि एक छेउमा बसे। एक छेउमा बसेका उदेन राजाले आयुष्मान् पिण्डोल भारद्वाजसँग प्रश्नहरू सोधे —

१–"भो भारद्वाज! के हेतु, के प्रत्यय रहेछ जसले गर्दा यहाँ तरुण भिक्षुहरू कालोकेश छँदै, भद्र यौवनमै, वंशको प्रथम चरणमै तथा कामसुखको रतिक्रीडा नगरिकनै जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सकेका ?"

"महाराज! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेर, देखेर यसो भन्नु भएको छ—'भिक्षुहो! सुन; तिमीहरूले मातृ-समानका स्त्रीहरूलाई मातृ-चित्त, भगिनी-समानका स्त्रीहरूलाई भगिनी-चित्त तथा पुत्री-समानका स्त्रीहरूलाई पुत्री-चित्त राख।'

१. सं. नि. III. पृ. १०२: भारद्वाजसुत्तं।

"महाराज! यही हेतु, यही प्रत्यय हो जसले गर्दा यहाँ तरुण भिक्षुहरू कालोकेश छँदै, भद्र यौवनमै, बँशको प्रथम चरणमै तथा काम-सुखको रतिक्रीडा नगरिकनै जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सकेका।"

२–'भो भारद्वाज! चित्त भनेको बडो लोभी (लोल) स्वभावको छ। शायद कहिलेकाँहि मातृ समानकी स्त्री प्रति पनि लोभ धर्म (राग चित्त) उत्पन्न हुनसक्छ; भगिनी-समानकी स्त्री प्रति पनि लोभ धर्म उत्पन्न हुनसक्छ र पुत्री-समानकी स्त्री प्रति पनि लोभ धर्म उत्पन्न हुनसक्छ। भो भारद्वाज! अरू पनि कुनै हेतु वा प्रत्यय छ कि जसले गर्दा यहाँ तरुण भिक्षुहरू...जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्म-चर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सक्ने?"

"महाराज! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरँ, देखेरँ यसो भन्नु भएको छ—'भिक्षुहो! सुन; तिमीहरूले यसै शरीरको पैतलादेखि माथिसम्म र केशदेखि कपालमनीको छालापर्यन्त नाना प्रका-रले भरिपूर्ण भएको असुचिलाई मनन गर। जस्तै —

द्वात्तिसाकार—'यो शरीरमा केश (केसा) छ, रौं (लोमा) छ, नङ् (नखा) छ, दाँत (दन्ता) छ, छाला (तचो) छ, मासु (मंसं) छ, नसा (न्हारु) छ, हाड (अट्ठि) छ, मासी (अट्ठि मिञ्जं) छ, मृगौला (वक्कं) छ, मुटु (हदयं) छ, कलेजो (यकनं)

छ, क्लोम[1] (किलोमकं) छ, फियो (पिहकं) छ, फोक्सो (पप्फासं) छ, मोटो आन्द्रा (अन्तं) छ, स्यानो आन्द्रा (अन्तगुणं) छ, उदर (उदरियं) छ, मल (करीसं) छ, पित्त (पित्तं) छ, कफ (सेह्मं) छ, पीप (पुब्बो) छ, रगत (लोहितं) छ, पसिना (सेदो) छ, बोसो (मेदो) छ, आँसू (अस्सु) छ, चिल्लोपन तेल (वसा, greace) छ, थुक (खेलो) छ, सिंगान (सिङ्घाणिका) छ, न्याल (लसिका) छ, तथा पिसाव (मुत्तं) छ भनी मनन गर।'

"महाराज ! यो पनि हेतु हो, यो पनि प्रत्यय हो जसले गर्दा यहाँ तरुण भिक्षुहरू कालोकेश छँदै, ··· तथा कामसुखको रतिक्रीडा नगरिकनै जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सकेका।"

३ —"भो भारद्वाज ! जो भिक्षुहरू भावित-काय, भावित-शील, भावित-चित्त तथा भावित प्रज्ञा हुन्छन्, उनीहरूकानिमित्त यो कुरा सुगम हुन सक्छ। तर जो भिक्षुहरू भावित-काय, भावित-शील, भावित-चित्त तथा भावित-प्रज्ञा हुँदैनन्, उनीहरूकानिमित्त यो कुरा दुर्गम हुन सक्छ। किन कि कहिलेकाँहि अशुभ निमित्तको[2] भावना

---

१. 'अधस्तु दक्षिणे भागे हृदयात् क्लोम तिष्ठति'—क्लोम भन्ने पदार्थ हृदयको दक्षिण भागको तल्लोपट्टि रहन्छ। अमरकोष, पृ. १३८

२. शरीरमा भएका माथि उल्लिखित केशादि बत्तीस अपवित्र●

(ध्यान) गर्दा गर्दै शुभ-निमित्तको[१] भावना हुन सक्छ। भो भारद्वाज ! त्यसैले अरू पनि कुनै हेतु वा प्रत्यय छ कि जसले गर्दा यहाँ तरुण भिक्षुहरू…जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सक्ने ?"

"महाराज ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरै, देखेरै यसो भन्नु भएको छ—'भिक्षुहो ! आऊ; तिमीहरू इन्द्रिय संयम गरी बस। चक्षुले रूप हेरी निमित्त-ग्राही[२] न होऊ, व्यञ्जन-ग्राही[३] पनि न होऊ। चक्षुरिन्द्रिय असंयमी हुँदा जुन अभिध्या, (राग, लोभ) दौर्मनस्य, (चित्त मलिनता) पापक अकुशल-चित्तहरू उत्पन्न हुनसक्छन्,

---

● पदार्थहरू तथा शरीरबाट हुने अरू विकारतालाई मनन गरी, शरीरप्रति विरक्त-चित्त (अनासक्त) उत्पन्न हुने गरी ध्यान भावना गर्नेलाई 'अशुभ-निमित्त' वा 'अशुभ-भावना' भन्दछन्।

१. अशुभ-भावनाको विपरीत, शरीरप्रति मोहित (आसक्त) भई शरीरको कारणद्वारा राग-चित्त उत्पन्न हुने गरी विचार गर्नेलाई 'शुभ-निमित्त' वा 'शुभ-भावना' भन्दछन्।

२. कुनै स्त्रीको रूप हेर्दा आसक्त चित्त लिई 'अहा ! कति राम्री, कति सुन्दरी' इत्यादि भनी हेर्ने स्वभावलाई 'निमित्त-ग्राही' भन्दछन्।

३. कुनै स्त्रीको रूप हेर्दा उसको हाउ-भाउ, अङ्ग-प्रत्यङ्ग इत्यादि 'कति राम्रो, कति सुन्दर' भनी आसक्त चित्तले हेर्नेलाई 'व्यञ्जन-ग्राही' भनी भन्दछन्।

तिनीहरूको निवारणार्थ चक्षुरिन्द्रिय संयम गरी बस। चक्षुरिन्द्रियको रक्षा गर, चक्षुरिन्द्रियलाई संयमित गर्नतिर लाग। श्रोतले शब्द सुन्दा,... घ्राणले गन्ध सुँघ्दा,...जिह्वाले रसास्वाद लिदा,...कायले स्पर्श अनुभव गर्दा र मनले मनको विषय मनन गर्दा निमित्त-ग्राही न होऊ, व्यञ्जन-ग्राही न होऊ। मनेन्द्रिय असंयमी हुँदा जुन अभिध्या, दौर्मनस्य, पापक अकुशल-चित्तहरू उत्पन्न हुन सक्छन्, तिनीहरूको निवारणार्थ मनेन्द्रिय संयम गरी बस। मनेन्द्रियको रक्षा गर, मनेन्द्रियलाई संयमित गर्नतिर लाग।'

"महाराज! यो पनि हेतु हो, यो पनि प्रत्यय हो जसले गर्दा यहाँ तरुण भिक्षुहरू कालोकेश छँदै,—भद्र यौवनमै, बैँशको प्रथम चरणमै तथा कामसुखको रतिक्रीडा न गरिकनै जीवरभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गन सकेका।"

"भो भारद्वाज! आश्चर्य हो! अद्‌भुत हो!! जुन कुरा वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरै, देखेरै भन्नु भएको छ त्यो कुरा कति सुभाषित छ! भो भारद्वाज! यही नै हेतु हो, यही नै प्रत्यय हो जसले गर्दा यहाँ तरुण भिक्षुहरू कालोकेश छँदै, भद्र यौवनमै, बैँशको प्रथम चरणमै तथा कामसुखको रतिक्रीडा न गरिकनै जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्ने जस्तो दीर्घकालको यात्रामा पदार्पण गर्न सकेका।

"भो भारद्वाज! जुन बेला म असंयत-कायले, असंयत-वचनले

तथा असंयत-चित्तले विस्मृत भई, असंयत-इन्द्रिय लिई अन्तःपुरमा जान्छु, त्यस बेला मलाई रागचित्तले सताउँछ, रागचित्तहरूले छोप्छन् । भो भारद्वाज ! जुनबेला म संयत-कायले, संयत-वचनले तथा संयत-चित्तले स्मृति सम्पन्न भई, संयत-इन्द्रिय लिई अन्तःपुरमा जान्छु, त्यस बेला मलाई रागचित्तले सताउँदैन, रागचित्तहरूले छोप्दैनन् ।

शरणागमन

"धन्य हो भो भारद्वाज ! धन्य हो !! जस्तो घोप्टेकोलाई उत्तानो पारिदिंदा, ढाकेकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाइदिंदा र अन्धकारमा तेलको बत्ती राखिदिंदा आँखा हुनेहरूले रूप देख्छन्, त्यस्तै गरी तपाइ भारद्वाजले पनि मलाई अनेक प्रकारद्वारा धर्म प्रकाश पारिदिनु भयो । भो भारद्वाज ! अब म वहाँ भगवान्‌को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि आजीवनसम्म शरणमा आएको उपासक हो भनी तपाइ भारद्वाजले विश्वास गर्नुहोस् ।"

× × ×

मूल सूत्र :—

२—अनिष्फल-मरण

यस्तो मैले सुने[1] ।

एक समय भगवान् कौशम्बीस्थित घोषितारामममा बसिरहनु

१. उदा. पृ. १६०: उदेनसुत्तं, बर्मीमा 'उतेनसुत्तं' ।

भएको थियो ।

त्यस समय, उदेन राजा उद्यानमा गइरहेको बेलामा अन्तःपुरमा आगो लाग्यो । त्यसमा परी श्यामावती सहित पाँचशय स्त्रीहरू मरे ।

केही भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी कौशम्बीमा पिण्डार्थ पसे । कौशम्बीमा पिण्ड-चारिका गरी, भिक्षाटनबाट फर्की, भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई निम्न कुरा सुनाए —

"भन्ते ! यहाँ उदेन राजा उद्यानमा गइरहेको बेलामा अन्तः-पुरमा आगो लाग्यो । सो आगोमा परी श्यामावती सहित पाँचशय स्त्रीहरूको मृत्यु भयो । भन्ते ! अब ती उपासिकाहरूको कुन गति वा के अभिसम्पराय भयो होला ?"

"भिक्षुहो ! त्यसमा स्रोतापन्न[1] भएका, सकृदागामी[2] भएका तथा अनागामी[3] भएका उपासिकाहरू छन् । भिक्षुहो ! ती सबै उपासिकाहरूको मरण अनिष्फल नै छ ।"

---

१. धेरैमा सात पटकसम्म यस लोकमा जन्म लिई परिनिर्वाण हुने सत्वलाई 'स्रोतापन्न' भन्दछन् ।

२. यस लोकमा केवल एक पटक मात्र जन्म लिई परिनिर्वाण हुने सत्वलाई 'सकृदागामी' भन्दछन् ।

३. यस लोकमा जन्म नलिई ब्रह्मलोकबाटै परिनिर्वाण हुने प्राणीलाई 'अनागामी' भन्दछन् ।

यस पछि भगवान्ले यो कारणलाई मनन गर्नु भई त्यस बेला निम्न उदान प्रकट गर्नु भयो—

"मोह सम्बन्धनो लोको, भब्बरूपो व दिस्सति।
उपधि बन्धनो बालो, तमसा परिवारितो।
सस्सतोरिव[1] खायति, पस्सतो नत्थि किञ्चनं ति ॥"

अर्थ :—

"मोह-परिवेष्टित यो लोक भव्यरूप जस्तै देखिन्छ। यो लोकमा बस्ने बाल-मूर्खहरू आशा तृष्णाले बाँधिएर अन्धकारले घेरिएका छन्। शाश्वत जस्तै देखिने यस लोकमा, राम्ररी हेर्ने हो भने, कुनै सार पाइँदैन।"

× × ×

मूल सूत्र :—

३—चीवर-दान

त्यस बखत उदेन राजा रनिवास-स्त्रीहरूका साथ उद्यानमा बसिरहेका थिए[2]। त्यहाँ रनिवास-स्त्रीहरूले "हाम्रा आचार्य आर्य

---

१ रोमनमा 'सस्सरिव'; सिंहलमा 'सस्सतोविय'।

२. चुल्ल. व. पृ. ४१२: उदेनराजवत्थु, पञ्चसतिकक्खन्धकं।

आनन्द उद्यानको अविदूरमा एक रुखमनी बस्नु भएको छ" भन्ने सुने।
अनि उदेन राजाका रनिवास-स्त्रीहरूले राजा उदेनसँग बिन्ति गरे —

"देव ! हाम्रा आचार्य आर्य आनन्द उद्यानको अविदूरमा एक रुखमनी बस्नु भएको छ। देव ! हामी आचार्य आनन्दको दर्शनार्थ जान चाहन्छौं।"

"त्यसो भए तिमीहरू श्रमण आनन्दको दर्शनार्थ जाऊ।"

अनि उदेन राजाका रनिवास-स्त्रीहरू जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका उदेन राजाका रनिवास-स्त्रीहरूलाई आयुष्मान् आनन्दले धार्मिक कुराद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पार्नु भयो। अनि उदेन राजाका रनिवास-स्त्रीहरूले आयुष्मान् आनन्दको धार्मिक कुराद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित भई आयुष्मान् आनन्दलाई पाँचशय उत्तरासङ्गहरू प्रदान गरे। त्यस पछि आयुष्मान् आनन्दको कुरालाई अभिनन्दन गरी, अनुमोदन गरी आसनबाट उठी आयुष्मान् आनन्दलाई अभिवादन तथा प्रदक्षिणा गरी जहाँ उदेन राजा थिए त्यहाँ उदेन राजाका रनिवास-स्त्रीहरू गए। उदेन राजाले रनिवास-स्त्रीहरू आइरहेका टाढैबाट देखे। अनि राजाले उनीहरूसँग सोधे —

"तिमीहरूले श्रमण आनन्दलाई देख्यौ त ?"

"देव ! हो, हामीले आर्य आनन्दलाई देख्यौं।"

"तिमीहरूले श्रमण आनन्दलाई केही दियौ त ?"

"देव ! हामीले आर्य आनन्दलाई पाँचशय उत्तरासङ्गहरू दियौं ।"

यी कुरा सुनी उदेन राजा कराउन थाले, खिन्न हुन थाले र धिक्कार्न थाले – "कसरी यी श्रमण आनन्दले त्यत्तिका चीवरहरू ग्रहण गर्छन् ! अब श्रमण आनन्दले कपडाको ब्यापार गर्ने छन् होलान् अथवा कपडाको पसल थाप्ने छन् होलान् !"

त्यस पछि उदेन राजा जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग सम्मोदन गरे । सम्मोदनीय कुराकानी गरिसके पछि एक छेउमा वसे । एक छेउमा वसेका उदेन राजाले आयुष्मान् आनन्दसँग निम्न प्रश्नहरू सोधे –

"भो आनन्द ! यहाँ हाम्रा रनिवास-स्त्रीहरू आए होइन ?"

"महाराज ! हो, यहाँ तपाइका रनिवास-स्त्रीहरू आए ।"

"भो आनन्द ! तपाइलाई केही दिए त ?"

"महाराज ! दिए, पाँचशय उत्तरासङ्गहरू दिए ।"

"भो आनन्द ! तपाइले त्यत्तिका चीवरहरू अब के गर्नु हुने छ त ?"

"महाराज ! जो ती कमजोर चीवर भएका भिक्षुहरू हुन्, तिनीहरूलाई दिनेछु ।"

"भो आनन्द ! जो ती पुराना कमजोर चीवरहरू हुन्, तिनीहरूलाई के गर्नु हुने छ नि ?"

"महाराज ! ती चीवरहरूलाई उत्तरास्तरण बनाउने छु ।"

"भो आनन्द ! जो ती पुराना उत्तरास्तरणहरू हुन् तिनीहरू-लाई के गर्नु हुने छ नि ?"

"महाराज ! तिनीहरूलाई तकियाको खोल बनाउने छु ।"

"भो आनन्द ! जो ती पुराना तकियाका खोलहरू हुन् तिनी-हरूलाई के गर्नु हुने छ नि ?"

"महाराज ! तिनीहरूलाई भुइँमा वछ्याउने छु ।"

"भो आनन्द ! जो ती पुराना भुइँमा वछ्याइराखेका हुन्, तिनीहरूलाई के गर्नु हुने छ नि ?"

"महाराज ! तिनीहरूलाई खुट्टा पुछ्ने काममा लगाउने छु ।"

"भो आनन्द ! जो ती पुराना खुट्टा पुछ्ने काममा लगाइएका हुन्, तिनीहरूलाई के गर्नु हुने छ नि ?"

"महाराज ! तिनीहरूलाई पुछ्ने काममा लगाउने छु ।"

"भो आनन्द ! जो ती पुराना पुछ्ने काममा लगाइएका हुन्, तिनीहरूलाई के गर्नु हुने छ नि ?"

"महाराज ! तिनीहरूलाई टुक्रै टुक्रा पारी भाँडा माझ्ने लुँडो र लिप्ने काममा लगाउने छु ।"

अनि राजा उदेनले—"यी श्रमण शाक्य पुत्रहरूले राम्ररी विचार पुऱ्याई सदुपयोग गर्दा रहेछन्, खेर फाल्दा रहेनछन्" भनी आयुष्मान् आनन्दलाई अरू पनि पाँचशय कपडाहरू (चीवरहरू) प्रदान गर्न लगाए ।

आयुष्मान् आनन्दलाई १००० थान चीवरहरू भिक्षा प्राप्त भएको यो पहिलो पटक हो[१]।

---

१. भगवान् परिनिर्वाण भएपछिको पहिलो पटक।

८. राजा कौरव्य

परिचय

कुरु देशका राजा भएका हुनाले यिनलाई कौरव्य राजा भनिएको हो । यो व्यक्ति वाचक नाम न भई विशेषण वाचक नाम हो । कुरु देश पनि बुद्धकालीन भारतमा भएका १६ महाजनपदहरू[1] मध्ये एक हो ।

पालि बौद्ध साहित्यमा कुरु देशको अरु किसिमको महत्व न देखिएता पनि धर्मोपदेशको क्षेत्रमा कुरु देशले विशेष महत्व स्थान लिएको देखिन्छ । कुरु देशको कम्मासदम्म[2] भन्ने निगममा बस्नु भएको बेलामा बुद्ध भगवान्‌ले विशेष महत्वपूर्ण तथा गम्भीर उपदेशहरू दिनु भएको थियो । जस्तै —

---

१. हेर माथि पृ. ९५ को पादटिप्पणीमा ।

२. 'कम्मासधम्म' भन्ने पनि मूल पालि र अर्थकथाहरूमा समुल्लेख भएको पाइन्छ । दी. नि. अ. क. I. पृ ३२९; म. नि. अ. क. I. पृ. २०५

महासतिपट्ठागसुत्तं[१], महानिदानसुत्तं[२], मागन्दियसुत्तं[३], आनेञ्जसप्पायसुत्त[४], दुतियअरियवाससुत्त[५], निदानसुत्त[६], सतिपट्ठानसुत्तं[७], आदि ।

कुरु देशको जल वायु समशीतोष्ण र खानपानको सुलभ भएको हुँदा त्यहाँका मानिसहरूले स्वभावतः गम्भीर दार्शनिक कुराहरू बुझ्न सक्दथे भनी अर्थकथामा उल्लेख भएको छ[८] ।

आयुष्मान् राष्ट्रपाल पनि कुरु देशकै हुनुहुन्थ्यो । कुरु देशको थुल्लकोट्ठिक[९] नगरमा भगवान् बुद्धको उपदेश सुनी वहाँ भिक्षु हुनु भएको थियो[१०] । आयुष्मान् राष्ट्रपालले गृहत्याग गर्नु भएको कुरा सुनी कौरव्य राजाले निक्कै आश्चर्य मानी समय समयमा राष्ट्रपालको

---

१. दी. नि. II पृ. २१७

२. दी. नि. II. पृ. ४४

३ म. नि. II. पृ. १९८

४. म. नि. III. पृ. ५६

५. अं. नि-१०. पृ. १२२

६. सं. नि. II. पृ. ७९

७. म. नि. I. पृ. ७६

८. दी. नि. अ. क. II. पृ. ५३२: महासतिपट्ठानसुत्तं ।

९. 'थुल्लकोट्ठित' पनि भन्दछन् ।

१०. म. नि. II. पृ. २८१: रट्ठपालसुत्तं ।

बयान गर्दथे । त्यसैले, एक दिन, आयुष्मान् राष्ट्रपाल, थुल्लकोट्ठिक नगरको आफ्नै उद्यानमा आउनु भएको खबर सुनी, खानपान तयार पार्न लगाई उद्यान हेर्न जाने बन्दोवस्त गरिसकेका राजा कौरव्यले सो जम्मै छाडी आफू आयुष्मान् राष्ट्रपालको सत्संगत गर्न गए । त्यहाँ पुगेपछि राजाले आफ्नो मनमा कुतकुती लागि रहेको कुरालाई लिएर आयुष्मान् राष्ट्रपालसँग प्रश्नहरू सोधे । जुन कुरा तल मूल सूत्रले नै प्रष्ट गरिदिएको छ[१] ।

× × ×

मूल सूत्र :—

१—आयुष्मान् राष्ट्रपालसँग

एक दिन कौरव्य (कोरव्य) राजाले मृगव (मिगव) भन्ने उद्यानपाललाई आमन्त्रण गरे[२] —

"हे मृगव ! उत्तम मृगचीर उद्यान भूमि सफा गर, हेर्न जाने छु ।"

---

१. तलको सूत्रमा कौरव्य राजा सम्बन्धी भएको कुरा मात्र रट्ठपाल सूत्रबाट उद्धृत गरिएको छ ।

२. म. नि. II. पृ २८९: रट्ठपालसुत्तं ।

"हवस्, देव !" भनी सो मृगवले राजा कौरव्यको आज्ञा सुनी मृगचीर उद्यान सफा गरिरहेको बेलामा दिवा विहारकोनिम्ति एक रुखमनी बसिरहनु भएको आयुष्मान् राष्ट्रपाललाई देख्यो । अनि जहाँ कौरव्य राजा थिए त्यहाँ गई मृगव उद्यानपालले राजा कौरव्यलाई बिन्ति गऱ्यो—

'देव ! 'उत्तम मृगचीर उद्यान' सफा गरिसकें । त्यहाँ राष्ट्रपाल भन्ने एक कुलपुत्र एक रुखमनी बसनु भएको छ । वहाँ, यही थुल्लकोट्ठिक[1] नगरको एक महानकुलोत्पन्न पुत्र हुनुहुन्छ । जसकोबारेमा तपाइ बराबर गुणगान गर्नु हुन्थ्यो ।"

"सौम्य मृगव ! त्यसो भए आज उद्यान भूमि जान्न र वहाँ राष्ट्रपालकै सत्संगत गर्ने छु ।"

त्यस पछि "उद्यान जानकानिमित्त जुन खादनीय भोजनीय वस्तुहरू प्रतिपादन गरिएका थिए, ती जम्मै छोडीद्यौ" भनी राम्रा राम्रा यानहरू सजाउन लगाई, राम्रो यानमा बसी, राम्रा राम्रा यानहरू सहित महान राजसी ठाँटबाटले राजा कौरव्य थुल्लकोट्ठिकबाट निस्की आयुष्मान् राष्ट्रपालको दर्शनार्थ गए । जहाँसम्म यानभूमि थियो त्यहाँ-सम्म यानमा गई, त्यस पछि यानबाट ओर्ह्ली पैदल नै विशिष्ट व्यक्ति-हरूको मण्डलसँग जहाँ आयुष्मान् राष्ट्रपाल हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् राष्ट्रपालसँग सम्मोदन गरे । सम्मोदनीय कुशलक्षेम

---

१. कुरु देशको एक निगम ।

कुराकानी गरिसके पछि एक छेउमा उभिए। एक छेउमा उभिएका कौरव्य राजाले आयुष्मान् राष्ट्रपालसंग निवेदन गरे —

"भो राष्ट्रपाल ! यहाँ गलैंचामा बस्नु होस्।"

"महाराज ! भइहाल्यो; तपाइ बस्नु होस्। म आफ्नो आसनमा बसेकै छु।"

अनि कौरव्य राजा बिच्छ्याइ राखेको आसनमा बसे। त्यस पछि राजा कौरव्यले आयुष्मान् राष्ट्रपालसँग प्रश्नहरू सोधे —

चार हानी

"भो राष्ट्रपाल ! यी चार हानीहरू (पारिजुञ्ञं) हुन्। जुन हानीले युक्त भई यहाँ केही पुरुषहरू केश दाह्री छ्यौर गरी, काषाय वस्त्र पहिरी घरबार छाडी, अनगारिक भई, प्रव्रजित हुन्छन्। कुन चार हानीहरू भने ?—(१) जरा-हानी, (२) व्याधि हानी, (३) भोग-हानी र (४) ज्ञाति-हानी।

a १—"भो राष्ट्रपाल ! 'जरा हानी' भनेको के हो भने ? भो राष्ट्रपाल ! यहाँ कुनै पुरुष जीर्ण हुन्छ, बुढो हुन्छ, बैंश बितिसकेको हुन्छ र उमेर पुगिसकेको हुन्छ। अनि उसले यस्तो विचार गर्छ— 'आजकल म जीर्ण छु, बुढो छु, बैंश बितिसकेको छु र उमेर पुगिसकेको छु। अब मेरोनिम्ति अप्राप्त भोग प्राप्त गर्न र प्राप्त भोग बढाउन सजिलो हुने छैन। अतएव, अब किन म केश दाह्री छ्यौर गरी, काषाय वस्त्र पहिरी, घरबार छाडी, अनगारिक भई प्रव्रजित नहूँ ?'

अनि उ जरा-हानीले युक्त भई केश दाह्री छ्यौर गरी, काषाय वस्त्र पहिरी, घरबार छाडी, अनगारिक भई प्रव्रजित हुन्छ । भो राष्ट्रपाल ! यसैलाई 'जरा हानी' भन्दछन् ।

"भो राष्ट्रपाल ! अहिले तपाइ तन्नेरी, युवा, कालोकेश भएको, भद्र यौवनले युक्त तथा प्रथम वँशले सम्पन्न हुनुहुन्छ । तपाइ राष्ट्रपाल-लाई अहिले त्यस्तो जरात्व छैन । त्यसो हुनाले तपाइ राष्ट्रपाल के जानी, के देखी तथा के सुनी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनु भएको हो ?

ब २—"भो राष्ट्रपाल ! 'व्याधि-हानी' भनेको के हो भने ? — भो राष्ट्रपाल ! यहाँ कुनै पुरुष रोगी हुन्छ, अत्यन्त रोगी भई दुःखो हुन्छ । अनि उसले यस्तो विचार गर्छ—'आजकल म रोगी छु, अत्यन्त रोगी भई दुःखी छु अब मेरोनिम्ति अप्राप्त भोग प्राप्त गर्न र प्राप्त भोग बढाउन सजिलो हुने छैन । अतएव, अब किन म केश दाह्री छ्यौर गरी, काषाय वस्त्र पहिरी, घरबार छाडी, अनगारिक भई प्रव्रजित नहूँ ?' अनि उ व्याधि हानीले युक्त भई केश दाह्री छ्यौर गरी, काषाय वस्त्र पहिरी, घरबार छाडी, अनगारिक भई प्रव्रजित हुन्छ । भो राष्ट्रपाल ! यसैलाई 'व्याधि-हानी' भन्दछन् ।

"भो राष्ट्रपाल ! अहिले तपाइ तन्नेरी, युवा, कालोकेश भएको, भद्र यौवनले युक्त तथा प्रथम वँशले सम्पन्न हुनुहुन्छ । तपाइ राष्ट्रपाल-लाई अहिले त्यस्तो व्याधित्व छैन । त्यसो हुनाले तपाइ राष्ट्रपाल के

ज्ञानी, के देखी तथा के सुनी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनु भएको हो ?

a ३ – "भो राष्ट्रपाल ! 'भोग-हानी' भनेको के हो भने ? — भो राष्ट्रपाल ! यहाँ कुनै पुरुष धनी, महाधनी र महाभोगी हुन्छ । उसका ती भोग सम्पत्तिहरू क्रमैसँग ह्रास हुन्छन् । अनि उसले यस्तो विचार गर्छ— 'अघि म धनी, महाधनी र महाभोगी थिएँ । ती मेरा भोग सम्पत्तिहरू क्रमैसँग ह्रास भए । अब मेरोनिम्ति अप्राप्त भोग प्राप्त गर्न र प्राप्त भोग बढाउन सजिलो हुने छैन । अतएव, अब किन म केश दाह्री छचौर गरी…प्रव्रजित नहूँ ?' अनि उ भोग-हानीले युक्त भई केश दाह्री छचौर गरी…प्रव्रजित हुन्छ । भो राष्ट्रपाल ! यसैलाई 'भोग-हानी' भन्दछन् ।

"भो राष्ट्रपाल ! तपाइ यसै थुल्लकोट्ठिकको एक अग्रकुलको पुत्र हुनुहुन्छ । अहिले तपाइ राष्ट्रपालको त्यस्तो भोग हानी पनि भएका छैन । त्यसो हुनाले तपाइ राष्ट्रपाल के जानी, के देखी तथा के सुनी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनु भएको हो ?

a ४— "भो राष्ट्रपाल! 'ज्ञाति-हानी' भनेको के हो भने ?— भो राष्ट्रपाल ! यहाँ कुनै पुरुषको धेरै मित्रहरू तथा ज्ञाति बन्धुहरू हुन्छन् । उसका ती मित्रहरू तथा ज्ञाति बन्धुहरू क्रमैसँग ह्रास हुन्छन् । अनि उसले यस्तो विचार गर्छ –'अघि मेरा धेरै मित्रहरू तथा ज्ञाति बन्धुहरू थिए । अब ती मित्रहरू तथा ज्ञाति बन्धुहरू ह्रास भइसके ।

अब मेरोनिम्ति अप्राप्त भोग प्राप्त गर्न र प्राप्त भोग बढाउन सजिलो हुने छैन। अतएव, अब किन म केश दाह्री छ्यौर गरी,···प्रव्रजित नहूँ ?' अनि उ ज्ञाति-हानीले युक्त भई केश दाह्री छ्यौर गरी···प्रव्र-जित हुन्छ। भो राष्ट्रपाल ! यसैलाई 'ज्ञाति-हानी' भन्दछन्।

"भो राष्ट्रपाल ! तपाइको यस थुल्लकोट्ठिक नगरमा धेरै मित्र-हरू तथा ज्ञाति बन्धुहरू छन्। तपाइ राष्ट्रपालको अहिले त्यस्तो ज्ञाति-हानी पनि भएको छैन। त्यसो हुनाले तपाइ राष्ट्रपाल के जानी, के देखी तथा के सुनी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनु भएको हो ?"

"महाराज ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेर देखेर चार कुरा (धर्मोद्देश) को उपदेश दिनु भएको छ। जुन कुरा जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्रजित भएको हुँ। कुन चार भने ? –

b १—"महाराज ! 'यो लोक अध्रुव छ, यहाँ बस्ने प्राणी-हरूलाई जराले लैजाने छ' भन्ने कुरा वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेर, देखेर पहिलो धर्मको कुरा बताउनु भएको छ। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्र-जित भएको हुँ।

b २—"महाराज ! 'यो लोकमा कुनै त्राण छैन, कुनै आश्वासन छैन' भन्ने कुरा वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले

जानेरँ, देखेरँ दोश्रो धर्मको कुरा बताउनु भएको छ। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्रजित भएको हुँ।

b ३—"महाराज! 'आफ्नो भन्ने केही छैन, सबै छाडेर जानुपर्छ' भन्ने कुरा वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरँ देखेरँ तेश्रो धर्मको कुरा बताउनु भएको छ। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्रजित भएको हुँ।

b ४—"महाराज! 'यो लोक अपरिपूर्ण छ, अतृप्त छ, यसमा बस्ने मानिसहरू तृष्णाका दास हुन्' भन्ने कुरा वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरँ, वेखेरँ चौथो धर्मको कुरा बताउनु भएको छ। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्रजित भएको हुँ।"

c १—"भो राष्ट्रपाल! तपाइले जुन कुरा 'यो लोक अध्रुव छ, यहाँ बस्ने प्राणीहरूलाई जराले लैजाने छ' भनी भन्नु भयो, त्यसको अर्थ कसरी बुझ्ने?"

"महाराज! के तपाइले बीसवर्ष र पच्चीसवर्षको उमेर वितानु भएन? के तपाइ हात्तीमा, घोडामा तथा रथमा चढन सिपालु हुनुहुन्छ? के तपाइ धनुष चलाउन र तरवार चलाउनमा सिपालु हुनुहुन्छ? के तपाइ ऊरुबल, बाहुबलले सम्पन्न भई संग्राममा जान समर्थ हुनु हुन्छ? यसबारेमा तपाइ के भन्नुहुन्छ?"

"भो राष्ट्रपाल ! मैले बीसवर्ष र पच्चीसवर्षको उमेर पनि विताइ सकेको छु, हात्ती चढन, घोडा चढन, रथमा चढन पनि सिपालु छु, धनुष चलाउन र तरवार चलाउनमा पनि सिपालु छु, ऊरुबल, बाहु-बलले सम्पन्न भई संग्राममा जान पनि समर्थ भएको थिएँ। अरू त्यस बखत मलाई कहिलेकाँहि 'म जस्तो ऋद्धिवान (पराक्रमी) कोही छैन, म समान बलवान् पनि कोही देख्दिन' भन्ने जस्तो लाग्थ्यो।"

"महाराज ! के अहिले पनि तपाइ त्यत्तिकै ऊरुबल, बाहुबलले सम्पन्न भई संग्राममा जान समर्थ हुनुहुन्छ ?"

"भो राष्ट्रपाल ! अहिले म जराजीर्ण, बुढो बैंश वितिसकेको र उमेर पनि पुगी अस्सीवर्षको भइसकेको छु। अबत म कहिले कहिले जति पैदल हिड्ने छु भनी विचार गर्छु त्यो भन्दा कमै पैदल हिड्न सक्छु।"

"महाराज ! यसै कारणलाई जानेरै, देखेरै वहाँ भगवान् अर-हत् सम्यक् सम्बुद्धले 'यो लोक अध्रुव छ, यहाँ बस्ने प्राणीहरूलाई जराले लैजाने छ' भनी भन्नु भएको हो। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी अनगारिक भई प्रव्रजित भएको हुँ।"

"आश्चर्य हो, राष्ट्रपाल ! अद्भुत हो, राष्ट्रपाल ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरै, देखेरै जुन कुरा 'यो लोक अध्रुव छ, यहाँ बस्ने प्राणीहरूलाई जराले लैजाने छ' भनी भन्नु भयो, यो कुरा कति सुभाषित छन् ! भो राष्ट्रपाल ! साँच्चै नै जराले लैजाँदो रहेछ, यो लोक पनि अध्रुव नै रहेछ।

c २—'भो राष्ट्रपाल ! यस राजकुलमा हस्ति-वथान (हस्ति-काय), अश्व-वथान, रथ वथान र पैदल सेना पनि छ। जसले आपद् पर्दा हामीलाई मद्दत पुऱ्याउँछन्। भो राष्ट्रपाल ! तपाइले जुन कुरा 'यो लोकमा कुनै त्राण छैन, कुनै आश्वासन छैन' भनी भन्नु भयो, त्यसको अर्थ कसरी बुझ्ने ?"

"महाराज ! के तपाइलाई कुनै पुरानो (Chronic) रोग छ ? यसबारेमा तपाइ के भन्नु हुन्छ ?"

"भो राष्ट्रपाल ! छ, मलाई पुरानो (Chronic) रोग छ। त्यसैको कारणले गर्दा कहोलेर्काहि मेरा मित्रहरू, ज्ञाति बन्धुहरू 'अब राजा कौरव्य मर्न लाग्यो, अब राजा कौरव्य मर्न लाग्यो' भन्दै मलाई घेरी बस्छन्।"

"महाराज ! के त त्यत्तिका मित्रहरू, त्यत्तिका ज्ञाति बन्धुहरू हुने तपाइले 'भो मित्रहरू ! भो ज्ञाति बन्धुहरू ! यो मेरो रोग (वेदना) लाई तपाइहरू सबैले बाँडी लिनुहोस्, ताकि मलाई कम वेदना हुन सकोस्' भनी सबैलाई बाँडी दिन सक्नु हुन्छ कि अथवा ती वेदना तपाइले नै सहेर बस्नु हुन्छ ? यसबारेमा तपाइ के भन्नु हुन्छ ?"

"भो राष्ट्रपाल ! त्यसो गर्न सकिन्न। मेरा मित्रहरू, ज्ञाति बन्धुहरूलाई 'भो मित्रहरू ! भो ज्ञाति बन्धुहरू ! यो मेरो रोग (वेदना) लाई तपाइहरू सबैले बाँडी लिनुहोस् ताकि मलाई कम वेदना हुन सकोस्' भनी भनेर मैले पाउन सक्दिन; बल्कि मैले नै सो वेदनालाई सहेर बस्नु पर्छ।"

"महाराज ! यसै कारणलाई जानेरै, देखेरै वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले 'यो लोकमा कुनै त्राण छैन, कुनै आश्वासन छैन' भनी भन्नु भएको हो । जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी अनगारिक भई प्रव्रजित भएको हुँ ।"

"आश्चर्य हो, राष्ट्रपाल ! अद्भुत हो, राष्ट्रपाल ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरै, देखेरै जुन कुरा 'यो लोकमा कुनै त्राण छैन, कुनै आश्वासन छैन' भनी भन्नु भयो, यी कुरा कति सुभाषित छन् ! भो राष्ट्रपाल ! साँच्चै नै यो लोकमा कुनै त्राण छैन, कुनै आश्वासन पनि रहेन छ ।

C ३—"भो राष्ट्रपाल ! यस राजकुलमा प्रसस्तमात्रामा हिरण्य-सुवर्णहरू भूमिमा र आकाशमा छन् । भो राष्ट्रपाल ! तपाइले जुन कुरा 'आफ्नो भन्ने केही छैन, सबै छाडेर जानुपर्छ' भनी भन्नु भयो त्यसको अर्थ कसरी बुझ्ने ?"

"महाराज ! जो अहिले तपाइ यहाँ पञ्चकामगुणहरूले समर्पित भई, समंगी भई बस्नु भएको छ; के परलोकमा पनि तपाइले उही नै 'पञ्चकामगुणहरूले समर्पित भई, समंगी भई बस्न पाउनु हुनेछ कि अथवा ती पञ्चकामगुणहरू अरूले परिभोग गर्ने छन् र तपाइ आफ्नो कर्मानुसार जानु हुनेछ ?' यसबारेमा तपाइ के भन्नु हुन्छ ?"

"भो राष्ट्रपाल ! जस्तो अहिले म पञ्चकामगुणहरूले समर्पित भई, समंगी भई बसेको छु; परलोकमा पनि मैले उही नै 'पञ्चकामगुण-

हरूले समर्पित भई, समंगी भई न बस्न पाउने छु, बल्कि सो पञ्चकाम-गुणहरू अरूले नै परिभोग गर्नेछन् र म आफ्नो कर्मानुसार नै जाने छु।"

"महाराज! यसै कारणलाई जानेर, देखेर वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले 'आफ्नो भन्ने केही छैन, सबै छाडेर जानुपर्छ' भनी भन्नु भएको हो। जुन कुरालाई जानी, देखी तथा सुनी म घरबार छाडी अनगारिक भई प्रव्रजित भएको हुँ।"

"आश्चर्य हो, राष्ट्रपाल! अद्भुत हो, राष्ट्रपाल! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेर, देखेर जुन कुरा 'आफ्नो भन्ने केही छैन, सबै छाडेर जानुपर्छ' भनी भन्नु भयो, यी कुरा कति सुभाषित छन्! भो राष्ट्रपाल! साँच्चै नै आफ्नो भन्ने केही रहेन छ, सबै छाडेर नै जानु पर्ने रहेछ।

C ४—"भो राष्ट्रपाल! तपाइले जुन कुरा 'यो लोक अपरिपूर्ण छ, अतृप्त छ, यसमा बस्ने मानिसहरू तृष्णाका दास हुन्' भनी भन्नु भयो, त्यसको अर्थ कसरी बुझ्ने?"

"महाराज! के तपाइ समृद्धशाली कुरु देशमा बस्नु भएको छ? यसबारेमा तपाइ के भन्नु हुन्छ?"

"भो राष्ट्रपाल! हो, म समृद्धशाली कुरु देशमा बसेको छु।"

"महाराज! यहाँ तपाइको कुनै श्रद्धेय, बिश्वासपात्र पुरुष आउँछ। उ तपाइकहाँ आई यसो भन्छ—'महाराज! जान्नुहोस् कि म पूर्व दिशाबाट आएको छु। त्यहाँ मैले महान समृद्धशाली तथा बहुजनाकीर्ण जनपद देखें। त्यहाँ धेरै हस्ति-बथान (हत्थि-काय), अश्व-

बथान, रथ-बथान र पैदल सेना पनि छन् । धेरै धनधान्य तथा बनाएका र न बनाएका हिरण्य-सुवर्णहरू पनि छन्; धेरै स्त्रीहरू पनि छन् । यत्तिकै सैन्यले (तपाइकहाँ भएभरका सैन्यले) त्यो जनपद जित्न सक्नु हुन्छ । महाराज ! जित्नुहोस् !' यसो भन्दा तपाइ के गर्नु हुन्छ ? यसबारेमा तपाइ के भन्नु हुन्छ ?"

"भो राष्ट्रपाल ! त्यो जनपद पनि जिती हामीले राज्य गर्नेछौं ।"

"महाराज ! यहाँ तपाइको कुनै श्रद्धेय, विश्वासपात्र पुरुष पश्चिम दिशाबाट आउँछ,...उत्तर दिशाबाट आउँछ,...दक्षिण दिशाबाट आउँछ,...समुद्र पारबाट आउँछ । अनि उ तपाइकहाँ आई यसो भन्छ—'महाराज ! जान्नुहोस् कि म समुद्र पारबाट आएको छु । त्यहाँ मैले महान समृद्धशाली तथा बहुजनाकीर्ण जनपद देखें । त्यहाँ धेरै हस्ति-बथान, अश्व-बथान, रथ-बथान र पैदल सेना पनि छन् । धेरै धनधान्य तथा बनाएका र न बनाएका हिरण्य-सुवर्णहरू पनि छन्; धेरै स्त्रीहरू पनि छन् । यत्तिकै सैन्यले (तपाइकहाँ भएभरका सैन्यले) त्यो जनपद जित्न सक्नु हुन्छ । महाराज ! जित्नुहोस् !' यसो भन्दा तपाइ के गर्नु हुन्छ ? यसबारेमा तपाइ के भन्नु हुन्छ ?"

"भो राष्ट्रपाल ! त्यो जनपद पनि जिती हामीले राज्य गर्नेछौं ।"

"महाराज ! यसै कारणलाई जानेरै, देखेरै वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले 'यो लोक अपरिपूर्ण छ, अतृप्त छ, यसमा बस्ने मानिसहरू तृष्णाका दास हुन्' भनी भन्नु भएको हो । जुन कुरा-लाई जानी, देखी तथा सुनी म घरबार छाडी, अनगारिक भई प्रव्रजित भएको हुँ ।"

"आश्चर्य हो, राष्ट्रपाल ! अद्भुत हो, राष्ट्रपाल ! वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धले जानेरैं, देखेरैं जुन कुरा 'यो लोक अपरिपूर्ण छ, अतृप्त छ, यसमा बस्ने मानिसहरू तृष्णाका दास हुन्' भनी भन्नु भयो, यी कुरा कति सुभाषित छन् ! भो राष्ट्रपाल ! साँच्चै नै यो लोक अपरिपूर्ण तथा अतृप्त नै रहेछ, यसमा बस्ने मानिसहरू पनि तृष्णाकै दास रहेछन् ।"

उपरोक्त कुरा भन्नुभए पछि आयुष्मान् राष्ट्रपालले पुनः निम्न गाथाहरू सुनाउनु भयो—

(१) —"पस्सामि लोके सधने मनुस्से,
लद्धान वित्तं न ददन्ति मोहा ।
लुद्धा धनं सन्निचयं करोन्ति,
भिय्यो व कामे अभिपत्थयन्ति ॥

(२) —"राजा पसय्हा[1] पठविं[2] विजित्वा[3],
ससागरन्तं महिमावसन्तो[4] ।
ओरं समुद्दस्स अतित्त रूपो,
पारं समुद्दस्स पि पत्थयेथ ॥

---

१. स्याममा 'पसह्य' ।

२. बर्मीमा 'पथविं' ।

३. सिंहलमा 'जिनित्वा' ।

४. सिंहलमा 'महिपा वसन्तो' ।

(३)—"राजा च अञ्ञे च बहू मनुस्सा,
अतित्ततण्हा[१] मरणं उपेन्ति ।
ऊना व हुत्वान[२] जहन्ति[३] देहं,
कामेहि लोकह्मि न हत्थि तित्ति ॥

(४)—"कन्दन्ति नं[४] ञाती[५] पकिरिय[६] केसे,
अहोवता नो[७] अमरा ति चाहु ।
वत्थेन नं पारुतं नीहरित्वा,
चितं समादाय[८] ततो डहन्ति ॥

(५)—"सो डय्हति सूलेहि तुज्जमानो,
एकेन वत्थेन पहाय भोगे ।
न मीयमानस्स भवन्ति ताणा,
ञातीध मित्ता अथ वा सहाया ॥

---

१. सिंहल, स्याम, र रोमनमा 'अवीततण्हा' ।

२. सिंहल स्याममा 'हुत्वा ।

३. सिंहल स्याममा 'नजहन्ति' ।

४. सिंहलमा 'तं' ।

५. सिंहल स्याममा 'ञाति' ।

६. स्याममा 'पकीरिय', सिंहलमा 'परिकिरिय' ।

७. रोमनमा 'ने' ।

८. सिंहलमा 'समाधाय' ।

(६)—"दायादका तस्स धनं हरन्ति,
सत्तो पन गच्छति येन कम्मं ।
न मीयमानं धनमन्वेति किञ्चि[1],
पुत्ता च दारा च धनं च रट्ठं ॥

(७)—"न दीघमायुं लभते धनेन,
न चा पि वित्तेन जरं विहन्ति ।
अप्पं हिदं जीवितमाहु धीरा,
असस्सतं विप्परिणामधम्मं ॥

(८)—"अड्ढा दलिद्दा च फुसन्ति फस्सं[2],
बालो च धीरो च तथेव फुट्ठो ।
बालो च[3] बाल्या वधितो व सेति,
धीरो च न[3] वेधति[4] फस्सफुट्ठो ॥

(९) —"तस्मा हि पञ्ञा व धनेन सेय्यो,
याय वोसानमिधाधिगच्छति[5] ।

---

१. सिंहलमा 'कञ्चि' ।

२. सिंहलमा 'फस्सा' ।

३. सिंहल स्याम र रोमनमा 'हि' ।

४. सिंहलमा 'नावेधति' ।

५. रोमनमा 'वासानं इन्दाधिगच्छति' ।

अञ्ञोसितत्ता[1] हि भवाभवेसु,
पापानि कम्मानि करोन्ति मोहा ॥

(१०)–"उपेति गब्भं च परं च लोकं,
संसारमापज्ज परम्पराय ।
तस्सप्पपञ्ञो अभिसद्दहन्तो,
उपेति गब्भं च परं च लोकं ॥

(११)–"चोरो यथा सन्धिमुखे गहीतो[2],
सकम्मुना[3] हञ्ञति पापधम्मो ।
एवं पजा पेच्च परह्मि लोके,
सकम्मुना हञ्ञति पापधम्मो ॥

(१२)–"कामा हि चित्रा मधुरा मनोरमा,
विरूपरूपेन मथेन्ति चित्तं ।
आदीनवं कामगुणेसु दिस्वा,
तस्मा अहं पब्बजितोह्मि राजा ॥

(१३)–"दुमप्फलानेव[4] पतन्ति माणवा[5],
दहरा च वुड्ढा[6] च सरीरभेदा ।

---

१. सिंहल रोमनमा 'असोसितत्ता' । २. स्याममा बर्मीमा 'गहितो' ।
३. रोमनमा सिंहलमा 'सकम्मना' । ४. रोमनमा 'दुम्मफलानीव' ।
५. सिंहलमा रोमनमा 'मानवा' । ६. सिंहल रोमनमा 'बुद्धा' ।

एतं[1] पि[2] दिस्वा[2] पब्बजितोह्मि राज,
अपण्णकं सामञ्ञमेव सेय्यो'ति[3] ॥"

अर्थ :—

१—"यो लोकमा धनवान् पुरुषहरू देख्दछु, धन भएर पनि मोहित भई उनीहरुले दान दिन्नन् । लोभी भई धनको मात्र संग्रह गर्छन्, धेरै जसो कामसुखकै मात्र आशा गर्छन् ।

२—"वलपूर्वक पृथ्वी जितेर सागर सहित पृथ्वीमा राज्य गर्छन् । समुद्रको ओल्लो पट्टिले मात्र सन्तुष्ट न भई समुद्र पारी पट्टिको पनि कामना गर्छन् ।

३—"राजा तथा अरू धेरै मानिसहरू तृष्णाबाट तृप्त न हुँदै मृत्युलोकमा पुग्दछन् । अपूर्ण भइकनै प्राणीहरूको देह त्याग हुन्छ, यो लोकमा कामनाको तृप्ति कहिले पनि हुन्न ।

४—"उनका ज्ञातिहरू 'हरे ! न मरेको भए हुन्थ्यो' भन्दै कोकोफिजारी रुन्छन् तर मृतकलाई कपडाले लपेटी चितामा लैजान्छन् र दाह संस्कार पनि गर्छन् ।

५—"उ सबै भोगसम्पत्ति छाडी, एउटै कपडा लिएर जान्छ,

---

१. सिंहलमा 'एवं' ।

२. स्याममा 'विदित्वा' ।

३. यी गाथाहरू थे.गा.पृ. ३४६: रट्ठपालत्थेरमा पनि उल्लेख छ ।

चितामा दाह गर्दा उसलाई अंकूशले पनि घोच्छन् । यस लोकमा मर्ने प्राणीको कुनै पनि ज्ञाति वा मित्रहरू सहायक हुन सक्दैनन् ।

६ – "अंश्याहारीहरूले उसको धन लुटेर लिन्छन्, मर्ने सत्व आफ्नो कर्मानुसार जान्छ । मर्ने सत्वको पछिलागेर न धन नै जान्छ, न त पुत्र-दार, न त राष्ट्र नै ।

७ – "धनले न दीर्घायु बनाउन सक्छ, न त जरतालाई नै हरण गर्न सक्छ । अतएव धीर पुरुषले यस जीवनलाई अल्पकालीन, अ-शाश्वत तथा भंगुर ठान्दछ ।

८– "धनी र गरीब दुवैले स्पर्श अनुभव गर्छन्, त्यस्तै मूर्ख र पण्डितले पनि । मूर्ख, आफ्नो मूर्खताले गर्दा स्पर्शद्वारा विचलित हुन्छ किन्तु धीर पुरुष स्पर्श अनुभवबाट विचलित हुँदैन ।

९ – "त्यसैले धनभन्दा पनि प्रज्ञा नै श्रेष्ठछ, जसद्वारा जीवनको अन्तिम लक्ष (निर्वाण) प्राप्त गर्न सकिन्छ । मुक्त नहुने प्राणीले आवागमनमा शोषित भई, मोहद्वारा पापकर्महरू गर्छ ।

१० —"उ लगातार भवचक्रमा परी गर्भवासमा र परलोकमा पनि पुग्छ । अल्पज्ञानी, अल्पज्ञानीकै कुरामा विश्वास गरी बारबार गर्भमा र परलोकमा पुग्छ ।

११ – "जस्तै घर फोर्ने चोर आफ्नै कर्तुले गर्दा आफै मारिन्छ, उस्तै पापी प्राणीहरू मृत्युपछि परलोकमा आफ्नो कर्तुले गर्दा आफै मारिन्छन् ।

१२ – "हे राजन् ! विचित्र-मधुर-मनोरम कामनाले गर्दा यो चित्तलाई अनेकप्रकारले मथन गर्छ । त्यसैले कामभोगको दुष्परिणामलाई देखी (जानी) म प्रव्रजित भएको हुँ ।

१३—"वृक्षको फल खस्ने जस्तै सबै युवक तथा वृद्धहरू शरीर छाडी खस्छन् । यसलाई देखेर पनि म प्रव्रजित भएको हुँ–किन कि अनिष्फलदायी (नखस्ने) भिक्षुत्व (श्रामण्यत्व) नै श्रेष्ठ छ ।"

-●-

९. राजा दण्डपाणि

परिचय

दण्डपाणि राजाको जन्म शाक्य जनपदको देवदह नगरमा भएको थियो। उनी भगवान् बुद्धका मामा थिए। राजा दण्डपाणिकी महामाया देवी र प्रजापति गौतमी दुवै बहिनीहरू राजा शुद्धोदनकी अग्रमहिषीहरू थिए। सुप्रबुद्ध शाक्य दण्डपाणि राजाका भाइ हुन्। सुप्रबुद्धका छोरा र छोरी क्रमशः देवदत्त र यशोधरा देवी हुन्[१]।

एक दिन, दण्डपाणि राजाले कपिलवस्तुको महावनमा बुद्ध भगवान्‌सँग भेट्दा वहाँसँग प्रश्न सोधेका थिए र भगवान्‌ले दिनु भएको उत्तर बुझ्नै नसकी टाउको हल्लाउँदै उनी फर्केर गए।

मज्झिमनिकायार्थकथानुसार, देवदत्त भिक्षुले चुक्ली लगाई दण्डपाणि राजाको चित्त बुद्धबाट फटाइ दिएका थिए। त्यसै हुनाले यिनी देवदत्तकै पक्षपाती भएका हुन्।

बुढो भएकोले होइन अपितु सधैं हातमा लौरो लिइराख्ने भएको हुँदा यिनलाई 'दण्डपाणि' भनिएको हो[२]।

× × ×

---

१. हेर बु. गृ. पृ. २१६

२. पपञ्चसूदनी II. पृ. ६०: मधुपिण्डिकसुत्तं।

१–दण्डपाणिको प्रश्न

यस्तो मैले सुने[१] ।

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधाराममा बस्नु भएको थियो । एक दिन भगवान् पुर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी कपिलवस्तुमा भिक्षार्थ पस्नु भयो । कपिलवस्तुमा भिक्षाटन गरी सक्नु भएपछि, भोजनोपरान्त दिवाविहारकोनिम्ति जहाँ महावन हो त्यहाँ जानुभयो । दिवाविहारकोनिम्ति महावन भित्र पस्नु भई वेलुवयष्टिको घारी मनी बस्नु भयो ।

त्यस बखत दण्डपाणि शाक्य पनि टहलिँदै टहलिँदै जहाँ महावन हो त्यहाँ गए । महावनमा पुगेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ वेलुवयष्टिको घारीमनी गएर भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलक्षेम कुराकानी गरिसकेपछि, लौरोमा अडेस लिई (दुवै हातले) एक छेउमा उभिइरहे । एक छेउमा उभिएका दण्डपाणि शाक्यले भगवान्सँग सोधे –

"श्रमण ! तपाइ के वादी र कुन सिद्धान्त मान्ने हुनुहुन्छ ?"

"आवुसो ! जुन वादी हुँदा देव-मार-ब्रह्मा; श्रमण सहित ब्राह्मण; देव सहित मनुष्य प्रजाहरूसँग–लोकमा कुनैसँग–विग्रह न गरी बसिन्छ वा जुन कामविषयले विसंयुक्त भई, शंका रहित भई, चञ्चलपन

१. म. नि I पृ. १४६: मधुपिण्डिकसुत्तं ।

छिन्न गरी, भवाभव तृष्णा रहित भई बस्ने ब्राह्मण (=अरहन्त) को क्लेश-संज्ञा हुँदैन—आवुसो ! यस्तै वादी हुँ म; यस्तै सिद्धान्त मान्ने हुँ म।"

यस्तो भन्दा, दण्डपाणि शाक्य टाउको हल्लाउँदै, जिब्रो निकाली चलाउँदै, तीन धर्सो परेको ललाट खुम्च्याउँदै, लौरो टेक्दै गए।

त्यस पछि भगवान् संध्यासमयमा ध्यानबाट उठनु भई जहाँ न्यग्रोधाराम हो त्यहाँ जानु भयो। त्यहाँ पुगेपछि बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। आसनमा बस्नु भएपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो —

"भिक्षुहो ! आज म पुर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी कपिलवस्तुमा पिण्डार्थ गएँ। कपिलवस्तुमा पिण्डार्थ गई, भिक्षाचारबाट फर्की भोजनोपरान्त म दिवाविहारकोनिम्ति जहाँ महावन हो त्यहाँ गएँ। त्यहाँ पुगी दिवाविहारकोनिम्ति वेलुवयष्टिको घारीमनी बसें। त्यस समय दण्डपाणि शाक्य टहलिंदा टहलिंदै महावनमा आए। महावनमा आएपछि जुन वेलुवयष्टिको घारीमनी बसेको थिएँ त्यहाँ आए। अनि मसँग सम्मोदन गरे। सम्मोदनीय कुशलक्षेम कुराकानी गरिसकेपछि लौरोटेकी एक छेउमा उभिइरहे। एक छेउमा उभिइरहेका दण्डपाणि शाक्यले मसंग सोधे—'श्रमण ! तपाइ के वादी र कुन सिद्धान्त मान्ने हुनुहुन्छ ?' भिक्षुहो ! यस्तो सोध्दा दण्डपाणि शाक्यलाई मैले यस्तो भने—'आवुसो ! जुन वादी हुँदा देव-मार-ब्रह्मा; श्रमण सहित ब्राह्मण; देव सहित मनुष्य प्रजाहरूसँग—लोकमा कुनैसँग—विग्रह

न गरी बसिन्छ वा जुन कामविषयले विसंयुक्त भई, शंका रहित भई, चञ्चलपन छिन्न गरी, भवाभव-तृष्णा रहित भई बस्ने ब्राह्मण (=अरहन्त) को क्लेश-संज्ञा हुँदैन—आवुसो ! यस्तै वादी हुँ म; यस्तै सिद्धान्त मान्ने हुँ म।' यस्तो भन्दा, दण्डपाणि शाक्य टाउको हल्लाउँदै, जिब्रो निकाली चलाउँदै, तीन धर्सोपरेको ललाट खुम्च्याउँदै, लौरो टेक्दै गए।"

भगवान्को संक्षिप्त देशना

यस्तो भन्नुभए पछि, एक भिक्षुले भगवान्सँग प्रार्थना गरे—

"भन्ते, भगवान् ! देव-मार-ब्रह्मा; श्रमण सहित ब्राह्मण; देव सहित मनुष्य प्रजाहरूसँग—लोकमा कुनैसँग—विग्रह न गरी कसरी बस्दछ? भन्ते, भगवान् ! कसरी बस्नेको कामविषय विसंयुक्त, शंका रहित, चञ्चलपन छिन्न तथा भवाभव-तृष्णा रहित हुन्छ र कस्ता ब्राह्मण (अरहन्त) को क्लेश-सञ्ज्ञा हुँदैन ?"

अनुशय—"भिक्षुहो ! जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ, जुन कारणले गर्दा त्यसलाई (उक्तसंज्ञालाई) अभिनन्दन गर्नु पर्ने हुन्न, जुन कारणले गर्दा 'म मेरो' भन्ने हुन्न तथा ग्रहण गर्नु पर्ने पनि हुन्न; यही नै—(१) रागानुशय[1], (२) प्रति-

---

१. हृदयको अन्तस्करणमा सुषुप्ति अवस्थामा रहेको क्लेशलाई 'अनुशय' भन्दछन्। अतएव सुषुप्ति अवस्थामा रहेको 'राग'—'राग+अनुशय=रागानुशय' हो।

घानुशय, (३) दृष्टयानुशय, (४) विचिकित्सानुशय, (५) मानानुशय, (६) भवरागानुशय र (७) अविद्यानुशयको अन्त हो; यही नै— दण्ड, शस्त्र, कलह, विग्रह, विवाद, तँतँ र मम, चुक्ली, तथा मृषावादको पनि अन्त हो। यहीं नै, पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ।"

यति भन्नु भई भगवान् बुद्ध आसनबाट उठी विहार (कोठा) भित्र पस्नु भयो।

भगवान् भित्र जानु भएको केहीछिन पछि ती भिक्षुहरूलाई यस्तो लाग्यो —

"आवुसो ! भगवान्‌ले हामीहरूलाई संक्षिप्त रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन न गरी, आसनबाट उठी विहार भित्र पस्नु भयो—'भिक्षुहो ! जुन कारणले गर्दा पुरुषको प्रपञ्च संज्ञा-संख्या प्रवर्तित हुन्छ, जुन कारणले गर्दा त्यसलाई (उक्त संज्ञालाई) अभिनन्दन गर्नु पर्ने हुन्न, जुन कारणले गर्दा 'म मेरो' भन्ने हुन्न, तथा ग्रहण गर्नु पर्ने पनि हुन्न; यही नै – (१) रागानुशय…र (७) अविद्यानुशयको अन्त हो; यही नै – द‍ण्ड, शस्त्र,…तँतँ र मम, चुक्ली, मृषावादको पनि अन्त हो। यहीं नै, पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ।' भगवान्‌ले संक्षिप्त रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन गर्नु न भएका यी (उपरोक्त) कुराहरूको विस्तारपूर्वक अर्थ कसले विभाजन गर्न सक्ला ?"

अनि ती भिक्षुहरूलाई यस्तो लाग्यो —

"आयुष्मान् महाकात्यायन, शास्ताद्वारा पनि प्रशंसित हुनुहुन्छ तथा विज्ञ सब्रह्मचारीहरूद्वारा पनि संमानित हुनुहुन्छ। भगवान्‌द्वारा संक्षिप्त रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन गर्नु न भएका कुराहरूको विस्तारपूर्वक अर्थ विभाजन गर्न आयुष्मान् महाकात्यायन समर्थवान हुनुहुन्छ। अतएव किन आयुष्मान् महाकात्यायनकहाँ गई हामीरूहले यी कुराहरूको अर्थ न सोधौं ?"

त्यस पछि ती भिक्षुहरू, जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगी आयुष्मान् महाकात्यायनसँग सम्मोदन गरे। सम्मोदनीय कुशलक्षेम कुराकानी गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले आयुष्मान् महाकात्यायनसँग यस्तो निवेदन गरे —

"आवुसो, कात्यायन ! भगवान्‌ले हामीहरूलाई संक्षिप्त रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन न गरी, आसनबाट उठी विहार भित्र पस्नु भयो —'भिक्षुहो ! जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ, तथा ग्रहण गर्नु पर्ने पनि हुन्न; यही नै—(१) रागानुशय,··· (७) अविद्यानुशयको अन्त हो; यही नै – दण्ड, शस्त्र, ···तर्त र मम, चुक्ली तथा मृषावादको पनि अन्त हो। यहीं नै, पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ।' आवुसो, कात्यायन ! भगवान्···विहार भित्र जानु भएको केहीछिन पछि हामीहरूलाई यस्तो लाग्यो – 'आवुसो ! भगवान्‌ले हामीहरूलाई संक्षिप्त रूपले उद्देश गरी,··· 'भिक्षुहो ! जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ,···तथा ग्रहण गर्नु पर्ने पनि हुन्न; यही नै—(१) रागानुशय,···

(७) अविद्यानुशयको अन्त हो; यही नै - दण्ड, शस्त्र:···तँतँ र मम, चुक्ली तथा मृषावादको पनि अन्त हो। यहीं नै पापक अकुशल-धर्महरूको पनि 'निरवशेष निरोध हुन्छ' भन्ने···कुराहरूको विस्तारपूर्वक अर्थ कसले विभाजन गर्न सक्ला ?' आवुसो कात्यायन ! अनि हामीहरूलाई यस्तो लाग्यो—'आयुष्मान् महाकात्यायन, शास्ताद्वारा पनि प्रशंसित हुनुहुन्छ··· । अतएव किन आयुष्मान् महाकात्यायनकहाँ गई हामीहरूले यी कुराहरूको अर्थ न सोधौं ?' अतएव आयुष्मान् महाकात्यायनले सो कुराको अर्थ विभाजन गरिदिनु होस् ।"

"आवुसो ! जस्तै कुनै सार चाहने सारको खोजी गर्ने पुरुषले सारको खोजी गर्दै, सार भएको महान रुखको मूल छाडी, स्कन्ध छाडी, शाखा-पत्रहरूमा सार खोज्दछ, त्यस्तै तपाइ आयुष्मान्हरूले पनि शास्ताकै सम्मुख भएर पनि शास्तालाई छाडी, हामी जस्ता सँग यसको अर्थ सोध्नु चाहनु हुन्छ। आवुसो ! वहाँ भगवान्ले जान्नु पर्ने जान्नु भएको छ, हेर्नु पर्ने हेर्नु भएको छ; वहाँ भगवान् चक्षु समान (चक्खुभूतो), ज्ञान समान, धर्म समान, ब्रह्म समान[1] (ब्रह्मभूतो) हुनुहुन्छ; वहाँ भगवान् वक्ता, प्रवक्ता, अर्थ व्यक्त गर्नसक्ने, अमृतदाता, धर्मस्वामी तथागत हुनुहुन्छ। उसैबेला भगवान्सँग यसको अर्थ सोध्ने मौका थियो र जस्तो भगवान्ले व्याख्यान गर्नु हुने थियो त्यस्तै धारण गर्न पर्थ्यो ।"

"आवुसो कात्यायन ! साँच्चै नै भगवान्ले जान्नु पर्ने जान्नु

१. यहाँ श्रेष्ठार्थले मात्र ब्रह्म भनिएको हो ?

भएको छ, हेर्नु पर्ने हेर्नु भएको छ; वहाँ भगवान् चक्षुसमान, ज्ञानसमान धर्मसमान, ब्रह्मसमान हुनुहुन्छ; वहाँ भगवान् वक्ता, प्रवक्ता, अर्थ व्यक्त गर्न सक्ने, अमृतदाता, धर्मस्वामी तथागत हुनुहुन्छ। उसबेला भगवान्-सँग यसको अर्थ सोध्ने मौका थियो र जस्तो भगवान्ले व्याख्यान गर्नु हुने थियो त्यस्तै धारण गर्न पर्थ्यो। किन्तु आयुष्मान् महाकात्यायन शास्ताद्वारा पनि प्रशंसित हुनु हुन्छ तथा विज्ञ सब्रह्मचारीहरूद्वारा पनि सम्मानित हुनुहुन्छ। भगवान्द्वारा संक्षिप्त रूपले उद्देश गरी, विस्तार-पूर्वक अर्थ विभाजन गर्नु न भएको कुराहरूको विस्तारपूर्वक अर्थ पनि विभाजन गर्न समर्थवान हुनुहुन्छ। अतएव आयुष्मान् महाकात्यायनले सरलतापूर्वक त्यसको अर्थ विभाजन गरिदिनु होस्।"

"आवुसो! त्यसोभए सुन्नुहोस्, राम्ररी मनन गर्नु होस्! म बताउने छु।"

"ठीक छ, आवुसो!" भनी ती भिक्षुहरूले आयुष्मान् महाकात्यायनलाई प्रत्युत्तर दिए।

महाकात्यायनको व्याख्यान

"आवुसो! भगवान्ले जुन कुरा संक्षिप्तरूपले उद्देश गरी, विस्तार पूर्वक अर्थ विभाजन न गरी आसनबाट उठी विहार भित्र पस्तु भयो— 'भिक्षुहो! जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ, जुन कारणले गर्दा त्यसलाई (उक्त संज्ञालाई) अभिनन्दन गर्नु पर्ने हुन्न, जुन कारणले गर्दा 'म मेरो' भन्ने हुन्न तथा ग्रहण गर्नु पर्ने पनि।

यहि नै – (१) रागानुशय,…र (७) अविद्यानुशयको अन्त हो; यहि नै – दण्ड, शस्त्र,…चुक्ली तथा मृषावादको पनि अन्त हो । यहीं नै पापक अकुशल धर्महरूको पनि निरवशेष निरोध हुन्छ' भनी संक्षेपरूपले भन्नु भएको छ, यसको विस्तारपूर्वक अर्थ म यस प्रकार जान्दछु –

a १– "आवुसो ! चक्षु र रूपको कारणले रूपमा चक्षुविज्ञान उत्पन्न हुन्छ । यी तीनै (= चक्षुरिन्द्रिय, रूप विषय तथा चक्षुविज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन् संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन् वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ; जुन् प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको चक्षुद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी रूपहरूमा प्रपञ्च-संज्ञा-संख्या (= सञ्ज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

a २ 'आवुसो ! श्रोत र शब्दको कारणले शब्दमा श्रोत-विज्ञान उत्पन्न हुन्छ । यी तीनै (= श्रोतेन्द्रिय, शब्द विषय तथा श्रोत-विज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन् वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ जुन प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको श्रोतद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी शब्दहरूमा प्रपञ्च-संज्ञा-संख्या (= संज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

a ३–"आवुसो ! घ्राण र गन्धको कारणले गन्धमा घ्राण—

विज्ञान उत्पन्न हुन्छ । यी तीनै (=घ्राणेन्द्रिय, गन्ध विषय, तथा घ्राण-विज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ; जुन प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको घ्राणद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी गन्धहरूमा प्रपञ्च संज्ञा-संख्या (संज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

a -४"आवुसो ! जिह्वा र रसको कारणले रसमा जिह्वाविज्ञान उत्पन्न हुन्छ । यी तीनै (जिह्वेन्द्रिय, रसविषय, तथा जिह्वाविज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन् वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ; जुन प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको जिह्वाद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी रसहरूमा प्रपञ्चन-संज्ञा-संख्या (संज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

a ५—"आवुसो ! काय र स्पर्शको कारणले स्पर्शमा कायविज्ञान उत्पन्न हुन्छ । यी तीनै (कायेन्द्रिय, स्पर्श विषय तथा कायविज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ; जुन प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको कायद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी स्पर्शहरूमा प्रपञ्चन-संज्ञा-संख्या (संज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

a ६—"आवुसो ! मन र धर्म (=मनविषय) को कारणले मनविषमा मनोविज्ञान उत्पन्न हुन्छ । यी तीनै (मनेन्द्रिय, मनविषय तथा मनोविज्ञान) को समागमद्वारा स्पर्श उत्पन्न हुन्छ; स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ; जो विदित गर्छ त्यसैको संज्ञान (ज्ञान) हुन्छ; जुन संज्ञान गर्छ उसैको वितर्कना हुन्छ; जुन वितर्कना हुन्छ उसैले प्रपञ्चन गर्छ; जुन प्रपञ्चन हुन्छ उसैको कारणले पुरुषको मनद्वारा विज्ञेय—भूत, भविष्य तथा वर्तमान सम्बन्धी मनविषयहरूमा प्रपञ्च-संज्ञा-संख्या (संज्ञास्कन्ध) प्रवर्तित हुन्छ ।

b १—"आवुसो ! चक्षु, रूप तथा चक्षुविज्ञान भएमा मात्र स्पर्श हुन्छ भनी देखाउन (फस्सपञ्ञत्ति पञ्ञापेस्सतीति) सम्भव हुन्छ । स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ । वेदना भएमा मात्र संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ । संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ । वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ ।

b २—"आवुसो ! श्रोत, शब्द तथा श्रोतविज्ञान भएमा मात्र स्पर्श हुन्छ भनी देखाउन सम्भव हुन्छ । स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ । वेदना भएमा मात्र संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ । संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ । वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ ।

b ३—"आवुसो ! घ्राण, गन्ध तथा घ्राणविज्ञान भएमा मात्र

स्पर्श हुन्छ भनी देखाउन सम्भव हुन्छ। स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वेदना भएमा मात्र संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ। संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ।

b ४--"आवुसो ! जिह्वा, रस तथा जिह्वाविज्ञान भएमा मात्र स्पर्श हुन्छ भनी देखाउन सम्भव हुन्छ। स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वेदना भएमा मात्र संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ। संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ।

b ५--"आवुसो ! काय, स्पर्श तथा कायविज्ञान भएमा मात्र स्पर्श हुन्छ भनी देखाउन सम्भव हुन्छ। स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वेदना भएमा मात्र संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ। संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ।

b ६—"आवुसो ! मन, धर्म (=मन विषय) तथा मनोविज्ञान भएमा मात्र स्पर्श हुन्छ भनी देखाउन सम्भव हुन्छ। स्पर्श भएमा मात्र वेदना हुन्छ भनी देखाउन सम्भव हुन्छ। वेदना भएमा मात्र

संज्ञा हुन्छ भनी देखाउन सम्भव हुन्छ । संज्ञा भएमा मात्र वितर्कना हुन्छ भनी देखाउन सम्भव हुन्छ । वितर्कना भएमा मात्र प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ भनी देखाउन सम्भव हुन्छ ।

C १ – "आवुसो ! यदि चक्षु, रूप तथा चक्षुविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन । स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वेदना न भएको भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन । संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुने थियो भनी भन्न सम्भव हुने थिएन ।

C २—"आवुसो ! यदि श्रोत, शब्द तथा श्रोतविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन । स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वेदना न भएको भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन । संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुने थियो भनी भन्न सम्भव हुने थिएन ।

C ३—"आवुसो ! यदि घ्राण, गन्ध तथा घ्राणविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन । स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वेदना न भएको

भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन। संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन। वितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या देखिने थियो भनी भन्न सम्भव हुने थिएन।

C ४—"आवुसो! यदि जिह्वा, रस तथा जिह्वाविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन। स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने थिएन। वेदना न भएको भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन। संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन। वितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या देखिने थियो भनी भन्न सम्भव हुने थिएन।

C ५—"आवुसो! यदि काय, स्पर्श तथा कायविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन। स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने थिएन। वेदना न भएको भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन। संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन। जितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या देखिने थियो भनी भन्न सम्भव हुने थिएन।

C ६—"आवुसो! यदि मन, धर्म (= मनविषय) तथा मनोविज्ञान न भएको भए स्पर्श देखिने थियो भनी भन्न सम्भव हुने थिएन। स्पर्श न भएको भए वेदना देखिने थियो भनी भन्न सम्भव हुने

थिएन । वेदना न भएको भए संज्ञा देखिने थियो भनी भन्न सम्भव हुने थिएन । संज्ञा न भएको भए वितर्कना देखिने थियो भनी भन्न सम्भव हुने थिएन । वितर्कना न भएको भए प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित देखिने थियो भनी भन्न सम्भव हुने थिएन ।

"आवुसो ! भगवान्‌ले जुन कुरा संक्षिप्त रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन न गरी आसनबाट उठी विहारभित्र पस्नु भयो—'भिक्षुहो ! जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ, जुन कारणले गर्दा त्यसलाई अभिनन्दन गर्नु पर्ने हुन्न,··· तथा ग्रहण गर्नु पर्ने पनि; यही नै—(१) रागानुशय, (२) प्रतिघानुशय, (३) दृष्टयानुशय, (४) विचिकित्सानुशय, (५) मानानुशय, (६) भवरागानुशय र (७) अविद्यानुशयको अन्त हो; यही नै—दण्ड, शस्त्र, कलह, विग्रह, विवाद, तँतँ र मम, चुक्ली तथा मृषावादको पनि अन्त हो । यहीं नै पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ' भनी संक्षेप रूपले भन्नु भयो, त्यसको विस्तारपूर्वक मैले जानेको अर्थ यही नै हो । यदि चाहनु हुन्छ भने आयुष्मान्‌हरूले यसको अर्थ भगवान्‌कहाँ गई सोध्नु होस् । जस्तो वहाँ भगवान्‌ले व्याख्यान गर्नु हुनेछ उस्तै धारण गर्नु होस् ।"

भगवान्‌को अनुमोदना

अनि त्यसपछि ती भिक्षुहरू आयुष्मान् महाकात्यायनको कुरालाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी जहाँ भगवान्

हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्सँग विन्ति गरे—

"भन्ते ! भगवान्ले जुन उपदेश हामीहरूलाई संक्षेप रूपले उद्देश गरी, विस्तारपूर्वक अर्थ विभाजन न गरी, आसनबाट उठी विहार भित्र पस्नु भयो—'जुन कारणले गर्दा पुरुषको प्रपञ्च-संज्ञा-संख्या प्रवर्तित हुन्छ; ...यही नै—(१) रागानुशय,...को अन्त हो; ...यहीं नै पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ ।' भन्ते ! अनि भगवान् पाल्नु भएको केहीछिन पछि हामीलाई यस्तो लाग्यो—'आवुसो ! हामीहरूलाई भगवान्ले संक्षेप रूपले उद्देश गरी,...यहीं नै पापक अकुशल-धर्महरूको पनि निरवशेष निरोध हुन्छ' भनी संक्षेप रूपले उद्देशित...कुराको विस्तारपूर्वक अर्थ विभाजन कसले गर्न सक्ला ? अनि भन्ते ! हामीहरूलाई यस्तो लाग्यो—'आयुष्मान् महाकात्यायन, शास्ताद्वारा पनि प्रशंसित...हुनुहुन्छ । अतएव आयुष्मान् महाकात्यायन-सँग सोधौं ।' भन्ते ! अनि हामीहरू जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गयौं । त्यहाँ पुगी आयुष्मान् महाकात्यायनसँग त्यसको अर्थ सोध्यौं । भन्ते ! अनि आयुष्मान महाकात्यायनले हामीहरूलाई यस आकारले, यस पदहरूले, यस व्यञ्जनहरूले अर्थ विभाजन गरी सुनाउनु भयो ।"

"भिक्षुहो ! महाकात्यायन पण्डित हुन्, भिक्षुहो ! महाकात्यायन महाप्राज्ञ हुन् । यदि तिमीहरूले त्यसको अर्थ मसँग सोधेको भए पनि मैले पनि त्यस्तै भन्ने थिएँ जस्तो कि महाकात्यायनले तिमीहरूलाई

व्याख्यान गरे। यही नै उसको अर्थ हो। यसै प्रकार त्यसलाई धारण गर।"

यस्तो भन्नुहुँदा, आयुष्मान् आनन्दले भगवान्सँग सोध्नु भयो—

"भन्ते ! जस्तै कुनै भोकले कमजोर भएको पुरुषले मधुपिण्डक हस्तगत गरी त्यसलाई जतातिरबाट चाटेता पनि तृप्तिकर स्वादिष्ट रस नै पाउँछ; उस्तै, भन्ते ! चिन्तक पण्डित स्वभावका भिक्षुले यस धर्म-पर्यायलाई प्रज्ञाद्वारा जुन तरिकाले अर्थ परीक्षण गरेता पनि उसलाई सन्तोष नै हुने छ र उसको चित्त प्रसन्न नै हुने छ। भन्ते ! के नाम हो यो धर्म-पर्याय को ?"

"आनन्द ! त्यसोभए तिमीले यो धर्म-पर्यायलाई 'मधुपिण्डक-धर्म-पर्याय' भनी धारण गर।"

यति भन्नु भएपछि आयुष्मान् आनन्दले सन्तुष्ट भई भगवान्को भाषणलाई अभिनन्दन गर्नु भयो।

१०. राजा माधुर

परिचय

अवन्ती राज्यको राजधानी उज्जैनका राजाको पुरोहितका सुपुत्र महाकात्यायन महास्थविर शारिरीक सुन्दरता र मधुर तथा व्यक्त धर्मकथिकताको कारणले प्रख्यात हुनुहुन्थ्यो । भगवान्को महापरिनिर्वाण भइसके पछि वहाँ एक दिन मधुरा अर्थात् मथुरा[1] पुग्नु भयो ।

त्यस समय मथुराकै राजा माधुर महाकात्यायन महास्थविरको यशकीर्तिको कुरा सुनी वहाँको दर्शनार्थ मथुराको विहारमा गए ।

---

१. पालि अर्थकथाहरूमा उत्तर-मधुरा र दणिक्ष-मधुरा भन्ने दुइ नाम उल्लेख भएको पाइन्छ। कृष्णको मधुरा (मथुरा) लाई उत्तर-मधुरा भन्दछन् जो वर्तमान मथुराको ५ माइल दक्षिण-पश्चिमस्थित 'महोलि' भन्ने स्थानलाई मानिएको छ । दक्षिण-मधुरालाई वर्तमान मद्रास प्रान्तको 'मदुरा' शहरलाई मानिएको छ । D. P P. II, पृ ४३९

माधुर राजा कट्टर ब्राह्मणवादी थिए र उनी जातीले शुद्धि हुन्छ भन्ने कुरामा विश्वस्त थिए। अतएव यिनले महाकात्यायन महास्थविर-सँग ब्राह्मणहरूकैबारे प्रश्न प्रस्तुत गरे। जसको उत्तरको रूपमा महाकात्यायन महास्थविरले दिनु भएको उपदेशद्वारा प्रभावित भई माधुर राजा ब्राह्मणदृष्टि छोडी त्यहीं नै बुद्ध-भक्त भई बुद्धको शरणमा गए। विशेष कुराहरू तलको सूत्रले नै प्रष्ट गराएका छन्।

× × ×

मूल सूत्र : –

१–वर्णव्यवस्था केवल घोषमात्र हो

यस्तो मैले सुने[१]।

एक समय आयुष्मान् महाकात्यायन[२] मधुरा (मथुरा) को गुन्दावन[३] (वृन्दावन) मा बस्नु भएको थियो।

त्यस समयमा अवन्तीपुत्र[४] राजा माधुर[५]ले, "श्रमण कात्या-

१. म. नि. II. पृ. ३१०: मधुरसुत्तं।

२. सिहलमा: 'महाकात्यायण'।

३ स्याममा: 'गुन्धावन'; सिहलमा 'गुन्दवन'। अर्थकथामा 'कृष्णवृन्दावन'।

४. अवन्तीराष्ट्रको राजाकी छोरीको पुत्र। अ क. III. पृ. २२०

५. रोमन र स्याममा: 'मधुर'।

-यन, मधुराको गुन्दावनमा वस्नु भएको छ" भन्ने खबर सुने। वहाँ कात्यायनको यस्तो कल्याणकीर्ति शब्द (यश) फैलिएको छ—"वहाँ कात्यायन पण्डित, व्यक्त, मेधावी, वहुश्रुत, चित्रकथिक, कल्याणप्रतिभाणी, वयोवृद्ध तथा अरहत् पनि हुनुहुन्छ। त्यस्ता अरहत्को दर्शन गर्नु मङ्गलमय हुन्छ" भन्ने कुरा पनि सुने।

अनि राजा माधुर अवन्तीपुत्र, राम्रा राम्रा यानहरू सजाउन लगाई, राम्रो यानमा बसी, राम्रा राम्रा यानहरूका साथ, आयुष्मान् महाकात्यायनको दर्शनार्थ, महान राजकीयलीलाले मधुराबाट निस्के। जहाँसम्म यानको भूमि (बाटो) थियो त्यहाँसम्म यानमा गई, त्यस पछि यानबाट ओर्ली पैदल नै जहाँ आयुष्मान् महाकात्यायन हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँपुगे पछि आयुष्मान् महाकात्यायनसँग सम्मोदनीय कुराकानी गरे। सम्मोदनीय कुराकानी गरिसके पछि एक छेउमा बसे। एक छेउमा बसेका अवन्तीपुत्र राजा माधुरले आयुष्मान महाकात्यायनसँग यस्तो सोधे —

"भो कात्यायन! ब्राह्मणहरू यसो भन्दछन्—'ब्राह्मणहरू मात्रै श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्। ब्राह्मणहरू मात्रै शुक्लवर्ण हुन्, अरूवर्ण कृष्ण (=काला) हुन्। ब्राह्मणहरू मात्रै शुद्ध हुन सक्छन्, अब्राह्मणहरू शुद्ध हुन सक्दैनन्। ब्राह्मणहरू मात्र ब्रह्माका औरसपुत्र, मुखबाट निस्केका, ब्रह्मज, ब्रह्मनिर्मित तथा ब्रह्मदायाद हुन्।' तपाइ कात्यायन यसबारे के भन्नु हुन्छ?"

"महाराज! ब्राह्मणहरू मात्र श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन

हुन्...ब्राह्मणहरू मात्र ब्रह्मका औरसपुत्र,...तथा ब्रह्मदायाद हुन्" भन्ने कुरा केवल घोषमात्र (= होहल्ला मात्र) हो । यसलाई निम्न उदाहरणबाट पनि बुझ्न सक्नुपर्छ —

धनद्वारा ब्राह्मण पनि दाश हुन्छ

(१) "महाराज ! यहाँ, कुनै क्षत्रीले कुनै क्षत्रीलाई, ब्राह्मणलाई, वैश्यलाई तथा शूद्रलाई धन-धान्य, चाँदी-रुपैयाँद्वारा पूर्वोत्थायी (=मालिकभन्दा अघि उठने), पश्चात्‌निपाती (=मालिकभन्दा पछि सुत्ने), के काम गर्नुपर्छ भनी सोध्ने, मनापचारी (=मनमुताविक काम गर्ने) तथा प्रियवादी बनाउन सक्छ कि सक्दैन ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! सक्छ... ।"

(२) "महाराज ! यहाँ, कुनै ब्राह्मणले ब्राह्मणलाई,... वैश्यलाई..., शूद्रलाई...तथा क्षत्रीलाई धन-धान्य, चाँदी-रुपैयाँद्वारा पूर्वोत्थायी,...तथा प्रियवादी बनाउन सक्छ कि सक्दैन ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! सक्छ... ।'

(३) "महाराज ! यहाँ, कुनै वैश्यले वैश्यलाई,...शूद्रलाई..., क्षत्रीलाई..., तथा ब्राह्मणलाई धन-धान्य; चाँदी-रुपैयाँद्वारा पूर्वोत्थायी,...तथा प्रियवादी बनाउन सक्छ कि सक्दैन ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! सक्छ··· ।"

(४) "महाराज ! यहाँ, कुनै शूद्रले शूद्रलाई···, क्षत्रीलाई···, ब्राह्मणलाई···तथा वैश्यलाई धन-धान्य, चाँदी-रुपैयाँद्वारा पूर्वोत्थायी··· तथा प्रियवादी बनाउन सक्छ कि सक्दैन ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! सक्छ··· ।"

"महाराज ! यदि यसो हो भने, ती चारैवर्णहरू समसम (=बराबर) हुन्छन् कि हुन्नन् त ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! अवश्य पनि···बराबर (समसम) नै हुन्छन् । यिनीहरूमा कुनै असमानताको कारण देख्दिन ।"

"महाराज ! अतएव, यस कारणले पनि बुझ्नुपर्छ कि—'ब्राह्मणहरू मात्र श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्···' भन्ने कुरा केवल घोष (=हो हल्ला) मात्रै हो ।"

जातिले पाप-पुण्य छेक्न सक्दैन

(क) "महाराज ! यदि यहाँ, कुनै क्षत्री—प्राणीहिंसक, अदिन्नादायी, कामर्मिथ्याचारी, मृषावादी, पैशून्यवादी, पौरुषभाषी, सम्प्रलापी, लोभी, द्वेषी तथा मिथ्यादृष्टिक हुन्छ भने उ शरीर छाडी

मरणोपरान्त अपाय, दुर्गति, विनिपात अथवा नर्कमा उत्पन्न हुन सक्छ कि सक्दैन ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! क्षत्री भए पनि यदि उ प्राणीहिंसक, अदिन्नादायी,...तथा मिथ्यादृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त अपाय,...अथवा नर्कमा उत्पन्न हुन सक्छ भन्ने मलाई लाग्छ । जुन कुरा मैले (तपाइबाट) सुन्नपाएँ त्यो सांच्चै राम्रै कुरा सुन्नपाएँ ।"

"साधु ! साधु[1] महाराज ! ठिकैहो महाराज ! जो कि तपाइ-लाई त्यस्तो लाग्यो । 'राम्रै कुरा सुन्नपाएँ' भन्नु भएको पनि ठिकैहो । महाराज ! यदि यहाँ, कुनै ब्राह्मण—प्राणीहिंसक, अदिन्नादायी,...तथा मिथ्यादृष्टिक हुन्छ भने..., यदि यहाँ, कुनै वैश्य—प्राणीहिंसक, अदि-न्नादायी...तथा मिथ्यादृष्टिक हुन्छ भने...; यदि यहाँ, कुनै शूद्र—प्राणीहिंसक, अदिन्नादायी...तथा मिथ्यादृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त अपाय,...अथवा नर्कमा उत्पन्न हुन सक्छ कि सक्दैन ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

---

१. पालिसाहित्यमा 'साधु, साधु' भन्ने शव्दको अर्थ–ठिक हो, साँचो हो, राम्रो हो, असल हो, धन्य हो भन्ने इत्यादिमा प्रयोग हुन्छ ।

"भो कात्यायन ! ब्राह्मण भए पनि…; वैश्य भए पनि…; शूद्र भए पनि यदि उ प्राणीहिंसक … मृषावादी … लोभी … तथा मिथ्यादृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त अपाय,… अथवा नर्कमा उत्पन्न हुन सक्छ भन्ने मलाई लाग्छ। जुन कुरा मैले (तपाइबाट) सुन्नपाएँ त्यो साँच्चै राम्रो कुरा सुन्नपाएँ।"

"साधु ! साधु महाराज ! ठिकै हो महाराज ! जो कि तपाइलाई त्यस्तो लाग्यो। 'राम्रै कुरा सुन्नपाएँ' भन्नु भएको पनि ठिकै हो। महाराज ! यदि यसो हो भने, तो चारैवर्णहरू बराबर हुन्छन् कि हुन्नन् त ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! अवश्य पनि…बराबर नै हुन्छन्। यिनीहरूमा कुनै असमानताको कारण देख्दिन।"

"महाराज ! अतएव, यस कारणले पनि बुझ्नुपर्छ कि—'ब्राह्मणहरू मात्र श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्…' भन्ने कुरा केवल घोष (= हो हल्ला) मात्रै हो।"

(ख) "महाराज ! यदि यहाँ, कुनै क्षत्री—प्राणीहिंसाबाट, अदिन्नादानबाट, काममिथ्याचारबाट, मृषावादबाट, पैशून्यवादबाट, पौरुषवादबाट, सम्प्रलापबाट अलग हुन्छ; अलोभी, अद्वेषी, तथा सम्यक्दृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ कि सक्दैन ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! क्षत्री भए पनि यदि उ प्राणीहिंसाबाट,... सम्प्रलापबाट अलग हुन्छ; अलोभी, अद्वेषी तथा सम्यक्‌दृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ भन्ने मलाई लाग्छ। जुन कुरा मैले (तपाइबाट) सुन्नपाएँ त्यो साँच्चै राम्रै कुरा सुन्नपाएँ।"

"साधु ! साधु महाराज ! ठिकै हो महाराज ! जो कि तपाइलाई त्यस्तो लाग्यो। 'राम्रै कुरा सुन्नपाएँ' भन्नु भएको पनि ठिकै हो। महाराज ! यदि यहाँ, कुनै ब्राह्मण--प्राणीहिंसाबाट,... सम्प्रलापबाट अलग हुन्छ; कुनै वैश्य--प्राणीहिंसाबाट,... सम्प्रलापबाट अलग हुन्छ; कुनै शूद्र—प्राणीहिंसाबाट,... सम्प्रलापबाट अलग हुन्छ; अलोभी, अद्वेषी तथा सम्यक्‌दृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ कि सक्दैन ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! ब्राह्मण भए पनि,... वैश्य भए पनि..., शूद्र भए पनि यदि उ प्राणीहिंसाबाट,... मृषावादबाट,... सम्प्रलापबाट अलग हुन्छ; अलोभी, अद्वेषी तथा सम्यक्‌दृष्टिक हुन्छ भने उ शरीर छाडी मरणोपरान्त सुगति, स्वर्गलोकमा उत्पन्न हुन सक्छ भन्ने मलाई लाग्छ। जुन कुरा मैले (तपाइबाट) सुन्नपाएँ त्यो साँच्चै राम्रै कुरा सुन्नपाएँ।"

"साधु ! साधु महाराज ! ठिकै हो महाराज ! जो कि तपाइलाई त्यस्तो लाग्यो। 'राम्रै कुरा सुन्नपाएँ' भन्नु भएको पनि ठिकै हो।"

महाराज ! यदि यसो हो भने, तो चारैवर्णहरू बराबर हुन्छन् कि हुन्नन् त ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! अवश्य पनि…बराबर नै हुन्छन्। यिनीहरूमा कुनै असमानताको कारण देख्दिन ।"

"महाराज ! अतएव, यस कारणले पनि बुझ्नुपर्छ कि—'ब्राह्मणहरू मात्र श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्' भन्ने कुरा केवल घोष (=हो हल्ला) मात्रै हो ।"

(ग) "महाराज ! यहाँ, कुनै क्षत्रीले घरफोर्छ, गाउँ लुट्छ, घरमा घेरा लगाउँछ, बाटोमा बस्छ, परदारगमन गर्छ । अनि चरपुरुषहरूले उसलाई समाती 'देव ! यही त्यो अपराधी चोर हो । यसलाई जस्तो इच्छा हुन्छ त्यस्तो दण्ड दिनुहोस्' भनी तपाइकहाँ ल्याएमा तपाइले उसलाई के गर्नु हुन्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! प्राण-दण्ड पनि दिन सक्छु, जेलमा पनि राख्न सक्छु, निर्वासित पनि गर्न सक्छु अथवा जस्तो चाह्यो त्यस्तै गर्न सक्छु । कारण के त भने ?—जुन उसको अघि 'क्षत्री' भन्ने संज्ञा हो सो लुप्त हुन्छ र उ चोर कै संख्यामा गनिन्छ ।"

"महाराज ! यहाँ, कुनै ब्राह्मणले घरफोर्छ,…परदारगमन गर्छ…, कुनै वैश्यले घरफोर्छ,…परदारगमन गर्छ…; कुनै शूद्रले घरफोर्छ,…परदारगमन गर्छ । अनि चरपुरुषहरूले उसलाई समाती,…

तपाइकहाँ ल्याएमा तपाइले उसलाई के गर्नु हुन्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! प्राण-दण्ड पनि दिन सक्छु,…अथवा जस्तो चाह्यो त्यस्तै गर्न सक्छु । कारण के त भने ? —जुन उसको अघि 'ब्राह्मण' भन्ने संज्ञा हो…, 'वैश्य' भन्ने संज्ञा हो…, 'शूद्र' भन्ने संज्ञा हो सो लुप्त हुन्छ र उ चोरकै संख्यामा गनिन्छ ।"

"महाराज ! यदि यसो हो भने, ती चारैवर्णहरू बराबर हुन्छन् कि हुन्नन् त ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! अवश्य पनि…बराबर न हुन्छन् । यिनीहरूमा कुनै असमानताको कारण देखिदन ।"

"महाराज ! अतएव, यस कारणले पनि बुझ्नुपर्छ कि—'ब्राह्मणहरू मात्र श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्' भन्ने कुरा केवल घोष मात्रै हो ।"

(घ) "महाराज ! यहाँ, कुन क्षत्री केशदाह्री काटी, काषायवस्त्र धारण गरी, घरवार छाडी, अनगारिक प्रव्रजित भई; प्राणीहिंसाबाट, अदिन्नादानबाट, मृषावादबाट विरत भई; एकाहारी, ब्रह्मचारी, शीलवान्, कल्याणधर्मी भयो भने उसलाई के गर्नु हुन्छ ?"

"भो कात्यायन ! अभिवादन, प्रत्युत्थान गर्नेछु, आसन दिई निम्त्याउने छु, अथवा चीवर, पिण्डपात्र (=भोजन), गिलानप्रत्यय

भैषज्यं परिष्कार दिई निम्त्याउने छु; धर्मतापूर्वक उसको रक्षावरण गुप्तिकोनिम्ति व्यवस्था गर्नेछु। कारण के त भने ?—भो कात्यायन ! जुन उसको अघि 'क्षत्री' भन्ने संज्ञा हो सो लुप्त हुन्छ र उ 'श्रमण' कै संख्यामा गनिन्छ।"

"महाराज ! यहाँ, कुनै ब्राह्मण केशदाह्री काटी,…कल्याणधर्मी भयो भने; कुनै वैश्य केशदाह्री काटी,…कल्याणधर्मी भयो भने; कुनै शूद्र केशदाह्री काटी, काषायवस्त्र धारण गरी…; प्राणीहिंसाबाट…मृषावादबाट विरत भई; एकाहारी,…कल्याणधर्मी भयो भने उसलाई के गर्नु हुन्छ ?"

"भो कात्यायन ! अभिवादन, प्रत्युत्थान गर्नेछु,…भैषज्यं परिष्कार दिई निम्त्याउने छु; धर्मतापूर्वक उसको रक्षावरण गुप्तिकोनिम्ति व्यवस्था गर्नेछु। कारण के त भने ?—भो कात्यायन ! जुन उसको अघि 'ब्राह्मण' भन्ने…'वैश्य' भन्ने…'शूद्र' भन्ने संज्ञा हो सो लुप्त हुन्छ र उ 'श्रमण' कै संख्यामा गनिन्छ।"

"महाराज ! यदि यसो हो भने, ती चारवर्णहरू बराबर हुन्छन् कि हुन्नन् त ? यसमा तपाइलाई कस्तो लाग्छ ? यसबारे तपाइ के भन्नु हुन्छ ?"

"भो कात्यायन ! अवश्य पनि … बराबर नै हुन्छन्। यिनीहरूमा कुनै असमानताको कारण देख्दिन।"

"महाराज ! अतएव, यस कारणले पनि बुझ्नुपर्छ कि—'ब्राह्मणहरू मात्रै श्रेष्ठवर्ण हुन्, अरूवर्ण हीन हुन्। ब्राह्मणहरू मात्र शुक्लवर्ण

हुन्, अरूवर्ण कृष्ण (= काला) हुन्। ब्राह्मणहरू मात्रै शुद्ध हुन सक्छन्, अब्राह्मणहरू शुद्ध हुन सक्दैनन्। ब्राह्मणहरू मात्रै ब्रह्माका औरसपुत्र, मुखबाट निस्केका, ब्रह्मज, ब्रह्मनिर्मित तथा ब्रह्मदायाद हुन्' भन्ने कुरा केवल घोष (=हो हल्ला) मात्रै हो।"

शरणागमन

यो कुरा सुनी, राजा माधुर अवन्तीपुत्रले आयुष्मान् महाकात्यायनसँग यस्तो प्रार्थना गरे —

"धन्य हो कात्यायन ! धन्य हो !! जस्तो कि घोप्टेकोलाई उत्तानो पारिदिँदा, ढाकेकोलाई उघारिदिँदा, बाटो भुलेकोलाई बाटो देखाइदिँदा, अन्धकारमा तेलको बत्ती राखिदिँदा आँखा हुने मानिसले रूप देखेझैं तपाइ कात्यायनले मलाई अनेक प्रकारले धर्मप्रकाश गरिदिनु भयो। अब म तपाइ कात्यायनको शरण जान्छु, धर्म र भिक्षु सङ्घको पनि। तपाइ कात्यायनले मलाई आजदेखि आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नु होस्।"

"महाराज ! मेरो शरणमा न जानु होस्। वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको शरणमा जानु होस्। जसको शरणमा स्वयं म पनि गएको छु।"

"भो कात्यायन ! अहिले वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध कहाँ हुनुहुन्छ नि ?"

"महाराज ! अहिले, वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्ध परिनिर्वाण भइसक्नु भयो।"

"भो कात्यायन ! यदि १० योजन गई वहाँ भगवान्को दर्शनपाउन सकिन्छ भन्ने सुन्नपाएको भए, हामीहरू दशौं योजन गई वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शनार्थ जाने थियौं । यदि २० योजन गई वहाँ भगवान्को दर्शनपाउन सकिन्छ भन्ने सुन्नपाएको भए, हामीहरू बीसौं योजन गई वहाँ भगवान्···को दर्शनार्थ जाने थियौं । यदि १०० योजन गई वहाँ भगवान्को दर्शनपाउन सकिन्छ भन्ने सुन्न पाएको भए, हामीहरू शयौं योजन गई वहाँ भगवान्···को दर्शनार्थ जाने थियौं । भो कात्यायन ! अब वहाँ भगवान् परिनिर्वाण भइसक्नु भयो । तथापि हामी परिनिर्वाण भइसक्नु भएका वहाँ भगवान्को शरणमा जान्छौं; धर्म र सङ्घको पनि । तपाइ कात्यायनले मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नु होस् ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित
"बुद्धकालीन राजपरिवार" भाग-१, संग्रह-३

नामावली

के, को, कौ

स

शब्दावली

ओ, औ

ऋ

छ

प्र

फ

ब

क्ष

ज्ञ

गाथा (श्लोक) सूची

लेखकका पुस्तकहरू :–